# नेपाली

## खुला विद्यालय कक्षा ९ र १० सरह

### स्वाध्याय सामग्री

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

# नेपाली

(खुला विद्यालय कक्षा ९ र १० सरह)

*स्वाध्याय सामग्री*

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

सानोठिमी, भक्तपुर

सर्वाधिकार प्रकाशकमा

पहिलो संस्करण : वि.सं. २०८०

# भूमिका

खुला विद्यालय शिक्षा कार्यक्रमले शिक्षाको पहुँच विस्तारका लागि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । खुला शिक्षा पद्धतिको मुख्य उद्देश्य आर्थिक, सामाजिक, भौगोलिक तथा अन्य कारणबाट विद्यालय शिक्षा पूरा गर्न नसकेका बालबालिका तथा विद्यालय उमेर कटिसकेका व्यक्तिहरूलाई शिक्षाको मूल धारमा ल्याउने रहेको छ । विद्यालय शिक्षाको पाठ्यक्रममा आधारित भएर विभिन्न विषयका सामग्रीहरू विकास गरी सार्वजनिकीकरण गरिएको छ । परिवर्तित पाठ्यक्रमानुसार माध्यमिक तह (कक्षा ९ र १० सरह) को समकक्षता हुने गरी पाँचओटा अनिवार्य विषयका स्वाध्याय सामग्रीहरू विकास गरिएको छ ।

औपचारिक शिक्षा कक्षा ९ र १० का अनिवार्य विषयहरूमध्ये 'अनिवार्य नेपाली' विषयको पाठ्यक्रमको आधारमा खुला विद्यालयतर्फको एक बर्से माध्यमिक शिक्षाका लागि यो स्वाध्याय सामग्री विकास गरिएको छ । कक्षा ८ पास गरेका व्यक्तिहरूले दुई वर्षसम्मको स्वाध्यायनपछि कक्षा १० को परीक्षामा सहभागी हुन सक्ने प्रावधान भएकाले सामग्रीमा कक्षा ९ र १० का सक्षमतालाई समेट्ने गरी विषयवस्तुहरूलाई समेत समावेश गरिएको छ । सामग्रीमा विद्यार्थीहरूले आफैँले पढेर सिक्नका लागि सरल र व्यावहारिक विषयवस्तु तथा सिकारुमैत्री क्रियाकलापहरू यथासम्भव समावेश गरिएका छन् । यो सामग्री पाठ्यपुस्तकको सट्टामा नभई परिपूरक पाठ्यसामग्रीका रूपमा रहेको छ ।

यस स्वाध्याय सामग्रीको लेखन सचितानन्द घिमिरे र देवीदत्त पौडेलबाट भएको हो । सामग्री विकास कार्यको संयोजन केन्द्रका उपमहानिर्देशक रुद्रप्रसाद अधिकारी, निर्देशक सविता दङ्गाल र शाखा अधिकृत भीमादेवी कोइरालाबाट भएको हो भने भाषा तथा विषयवस्तु सम्पादन पुरुषोत्तम घिमिरे तथा चित्र र लेआउट डिजाइन जयराम कुइँकेलबाट भएको हो । सामग्रीको विकास कार्यमा संलग्न सबैलाई शिक्षा तथा मानव स्रोत विकास केन्द्र धन्यवाद प्रकट गर्दछ । सामग्रीलाई अझै परिष्कृत पार्नका लागि प्राप्त हुने रचनात्मक सुझाव तथा प्रतिक्रियाका लागि केन्द्र सदैव स्वागत गर्दछ ।

महानिर्देशक

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# विषयसूची


| क्र.सं. | शीर्षक | पृष्ठसङ्ख्या |
|---|---|---|
| पाठ १ | उज्यालो यात्रा (कविता) | १ - १५ |
| पाठ २ | घरझगडा (कथा) | १६ - ३३ |
| पाठ ३ | चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा (निबन्ध) | ३४ - ५४ |
| पाठ ४ | यस्तो कहिल्यै नहोस् (मनोवाद) | ५५ - ६८ |
| पाठ ५ | लक्ष्मीप्रसाद देवकोटा (जीवनी) | ६९ - ८७ |
| पाठ ६ | अधिकार ठुलो कि कर्तव्य ठुलो (वादविवाद) | ८८ - १०८ |
| पाठ ७ | शत्रु (कथा) | १०९ -१२५ |
| पाठ ८ | नेपाली हाम्रो श्रम र सिप (कविता) | १२६ - १३६ |
| पाठ ९ | मेरो देशको शिक्षा (निबन्ध) | १३७ - १६० |
| पाठ १० | व्यावसायिक चिठी (व्यावहारिक लेखन) | १६१ - १८१ |
| पाठ ११ | कर्तव्य (कथा) | १८२ - २०४ |
| पाठ १२ | पाब्लो पिकासो (जीवनी) | २०५ - २२६ |
| पाठ १३ | पख्नोस् (निबन्ध) | २२७ - २४६ |
| पाठ १४ | घरको माया (एकाङ्की) | २४७ -२६९ |
| पाठ १५ | गाउँमाथि एउटा कविता (कविता) | २७० - २८५ |
| पाठ १६ | आयाम (कथा) | २८६ - ३१० |
| परिशिष्ट (सुनाइ पाठ) | | ३११ - ३२२ |

पाठ १ : कविता

# उज्यालो यात्रा

*- रामप्रसाद ज्ञवाली*

परिचय

'उज्यालो यात्रा' कविताका रचनाकार कवि रामप्रसाद ज्ञवाली (वि.सं. २०२४) हुन् । उनले नेपाली साहित्यमा थुप्रै छन्दोबद्ध कविताहरू रचना गरेका छन् । उनका कविताबाट मानिसलाई सत्कर्ममा लाग्ने, नैतिकवान् बन्ने, परोपकारी बन्ने, राष्ट्रसेवा गर्ने जस्ता सन्देश प्राप्त हुन्छ । पुतली र झुसिल्किरा, शब्दको सौन्दर्य, अश्रुग्यास, इन्द्रधनुष आदि उनका प्रकाशित कविता सङ्ग्रह हुन् ।

'उज्यालो यात्रा' कवितामा मानिसले उच्च सङ्कल्प लिएर आदर्श यात्रामा हिँड्नुपर्ने आशय अभिव्यक्त भएको छ । जीवनलाई सत्कर्म गरेर सिँगार्नुपर्छ । अरूबाट केही पाउने आशा गर्नुभन्दा अरूलाई सेवा गर्ने लक्ष्य लिनुपर्छ । मानव जीवनलाई विश्व हितमा लगाउनुपर्छ । ज्ञान आर्जन गरी यो धर्तीलाई मनोहर बनाउनुपर्छ । हामीले कहिल्यै पनि अन्याय गर्नुहुँदैन । न्यायको बाटामा मात्र विजयीको शिर उच्च हुन सक्छ । हामी कुनै किसिमका लोभलालचमा नपरी सधैँ त्यागका निम्ति समर्पित हुनुपर्छ । सत्कर्मको महान् यात्राबाट मात्र नमुनायोग्य मानव बन्न सम्भव छ । हामीले सादा जीवन उच्च विचार बोकेर निरन्तर उज्यालो यात्रा तय गर्नुपर्छ । 'उज्यालो यात्रा' कविताले यस्ता जीवनोपयोगी सन्देशहरू अभिव्यक्त गरेको छ ।

*सिकाइ उपलब्धि*

१. निर्दिष्ट कविताको लयबद्ध पठनका आधारमा विषयवस्तु बोध गर्न
२. पाठगत शब्दको उच्चारण, अर्थबोध र प्रयोग गर्न
३. पर्यायवाची र विपरीतार्थी शब्दको पहिचान तथा प्रयोग गर्न
४. पद्य कविताको संरचनाबोध गर्न
५. कवितालाई व्याकरणिक पदक्रममा रूपान्तरण गर्न
६. विषयवस्तुको क्रम पहिचान गर्न
७. विषयवस्तुबोध र धारणा निर्माण गर्न
८. अनुप्रयासयुक्त शब्द तथा उच्चार्य र लेख्य वर्ण पहिचान गर्न
९. छन्दबोध गर्न
१०. सन्दर्भ, भाव र सन्देशबोध गर्न
११. प्रश्नोत्तर र भाव विस्तार गर्न
१२. सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना र प्रस्तुति गर्न
१३. पदवर्गको पहिचान र प्रयोग गर्न
१४. शब्दको सुरु, बिच र अन्त्यमा प्रयोग हुने ह्रस्व इकारको पहिचान र प्रयोग गर्न

## मूल पाठ

कर्ममा छ भने शक्ति जङ्गलै बन्छ नन्दन
घोटिएर सयौँपल्ट दाउरो बन्छ चन्दन ।




भएमा उच्च सङ्कल्प छैन केही असम्भव
सङ्कल्पैले बनेका हुन् महान् मान्छेहरू सब ।

जसका कर्मले बन्छन् जिन्दगी हँसिला सुखी
अरूको लिनुमा भन्दा दिनुमा बन्छ जो खुसी ।

ईर्ष्याद्वेष हटाएर जो छर्छन् प्रेम सौरभ
तिनै मान्छेहरू बन्छन् विश्वका निम्ति गौरव ।



जसका भावना हाँस्छन् मनमा रागिनी भरी
जसका जिन्दगी बाँच्छन् रातमा चाँदनी छरी ।

जसका कर्मले लिन्छन् उच्च जीवनका पथ
तिनैका पथमा हिँड्छन् मान्छेहरू सगौरव ।

जुटेका ज्ञानले जो छन् पार्दै धर्ती मनोहर
उठेका कर्मले जो छन् गर्दै निर्माण सुन्दर ।

## शब्दार्थ

*कर्म : काम*

*नन्दन : स्वर्गको बगैँचा*

*सङ्कल्प : कुनै काम, इच्छा आदि पूरा गर्ने अठोट, दृढ निश्चय*

*द्वेष : डाह, शत्रुता*

*सौरभ : सुगन्ध, सुवास वा बास्ना*

*रागिनी : सङ्गीत शास्त्रअनुसार स्वर र गायन प्रक्रियाद्वारा सुन्दर र आकर्षक ध्वनिको विशेष संयोजन*

*चाँदनी : जुनेली रात*

*मनोहर : मनलाई लोभ्याउने खालको, आकर्षक*

समर्पित भएका छन् जो सदा न्यायखातिर
संसारमा उठेका छन् तिनैका विजयी शिर ।

लोभलालचमा छैनन् जसका मनमस्तक
जो सदैव हुने गर्छन् त्यागका निम्ति उद्यत ।

उदात्त कर्मको यात्रा गर्दछन् जो सधैँ सधैँ
आदर्श नमुना मान्छे बन्दछन् विश्वमा तिनै ।

यस्तो आदर्श यात्रामा कहिले चलुँला नि म ?
चन्द्रसूर्य बनी आफैँ कहिले बलुँला नि म ?

आफ्नै पौरखले बाटो कहिले खनुँला नि म ?
सर्वोच्च कविता आफैँ कहिले बनुँला नि म ?

*मस्तक* : *माथ, शिर*
*उद्यत* : *तयार भएको, तत्पर*
*उदात्त* : *महान्, उदार*
*पौरख* : *कमाइ, आर्जन*
*सर्वोच्च* : *सबैभन्दा उच्च*

## पाठसार

'उज्यालो यात्रा' कवितामा कविले असल काम गरेर जीवनलाई उज्यालो मार्गमा हिँडाउनुपर्ने भाव व्यक्त गरेका छन् । सयौँपल्ट घोटिएर दाउरो चन्दन बन्छ । हामीले कर्ममा विश्वास राख्नुपर्छ । सधैँ उच्च सङ्कल्प लिएर जोसजाँगरका साथ निरन्तर श्रम गर्नुपर्छ । पौरखी मानिसका लागि कुनै पनि कुरा असम्भव हुँदैन । पौरखी मानिसको जीवन सुखी हुन्छ । उनीहरू अरूबाट लिन खोज्दैनन् । बरु अरूको सेवा गरेर जीवनलाई उपकारी बनाउन चाहन्छन् । हामीले कहिल्यै पनि अरूको डाह गर्नुहुँदैन । अरूसँग शत्रुता राख्नुहुँदैन । मानवले मानवलाई कुनै पनि विभेद नगरी प्रेमको सुवास छर्नुपर्छ । सुविचार लिएर सत्कर्ममा रमाउने मानिसहरू विश्वकै निम्ति गौरव हुन् । यस्ता मानिसहरू सदैव शान्ति, सद्भाव र मानवतामा समर्पित हुन्छन् ।

असल मानिसहरूको सोचविचार पनि पवित्र हुन्छन् । उनीहरूको भावना सङ्गीतको राग झैँ आकर्षक हुन्छ । उनीहरूको जीवन अँधेरी रातको जून झैँ अर्थपूर्ण हुन्छ । ती मानिसलाई मात्र सफलताको हक हुन्छ जो निरन्तर कर्मशील बन्ने साहस राख्छन् । उनीहरूको जीवन मार्ग उच्च लक्ष्यमा केन्द्रित हुन्छ । तिनै सफल मानिसका मार्गलाई अरू व्यक्तिहरूले सगौरव पछ्याउँदै हिँड्छन् । कुनै पनि व्यक्तिले रातारात प्रगति गर्न सक्दैन । एकै दिनमा सफलताको शिखर प्राप्त गर्न सक्दैन । हरेक व्यक्तिलाई सफलता प्राप्त गर्न निरन्तरको प्रयास जरुरत हुन्छ । व्यक्तिले सङ्घर्षका क्रममा ज्ञान हासिल गर्छ । उक्त ज्ञानलाई निर्माण कार्यमा लगाएर धर्तीलाई सुन्दर बनाउनुपर्छ । मानिस हुनुको अर्थ बाँच्नुमा मात्र सीमित हुनुहुँदैन । हामीले सत्य असत्य, असल खराब, सुमार्ग कुमार्ग आदिलाई ख्याल गर्नुपर्छ । हामीले कहिल्यै पनि अरूलाई अन्याय गर्नुहुँदैन । जो अरूलाई अन्याय गर्छ उसले शिर झुकाउनुपर्छ । जो न्यायमा समर्पित छ उसले गौरवका साथ शिर उठाउन पाउँछ ।

हामीले कहिल्यै पनि अरूको प्रगतिमा लोभ गर्नुहुँदैन । बरु अरूको भलाइका लागि त्याग गर्नुपर्छ । उदार कर्मले मात्र मानिसलाई महान् बनाउन सक्छ । उदार मानिसहरू विश्वमा आदर्श पात्रका रूपमा अमर बनेका हुन्छन् । हामीले पनि आफूलाई यस्तै आदर्शको मार्गमा यात्रा गराउनुपर्छ । चन्द्रसूर्य बनेर धर्तीको अन्धकार हटाउन सक्नुपर्छ । हामीले मानव हुनाको नाताले जीवनलाई सार्थक बनाउन सक्नुपर्छ । आफ्नो जीवनको लक्ष्य आफैँले निर्धारण गर्नुपर्छ । उक्त लक्ष्यमा पुग्न आफ्नै लक्ष्य पूरा गर्ने बाटो तयार पार्नुपर्छ । हामी अथक साधनाबाट सफलता हासिल गरी विजयको कविता बन्न सक्नुपर्छ । यसरी 'उज्यालो यात्रा' कवितामार्फत कविले आफ्नो सङ्कल्पमा प्रतिबद्ध हुनुपर्ने कुरामा जोड दिएका शान्ति, सद्भाव र मानवतामा सपर्पित भएर जीवनलाई सार्थक बनाउन आग्रह गरेको छन् । अथक साधनाबाट आफ्नो लक्ष्य पूरा गरी धर्तीको अन्धकार हटाउन प्रेरित गरेका छन् । जीवनलाई आदर्शको यात्रामा हिँडाएर जन्मको सार पूरा गर्नुपर्ने सन्देश दिएका छन् ।

## शब्दभण्डार

१. दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| शब्द | अर्थ |
|---|---|
| ईर्ष्या | कमाइ, आर्जन |
| गौरव | सबैभन्दा उच्च |
| निर्माण | रूप, गुण र विचारको नक्कल गर्ने सुहाउँदो |
| आदर्श | अर्काको प्रगति देखेर मनमा उब्जने डाह |
| सर्वोच्च | घर, मन्दिर, सडक आदि बनाउने काम |
| | महत्त्व, महिमा |

२. उदाहरण हेरी दिइएका अर्थसँग मिल्दो शब्द पाठबाट खोजेर लेख्नुहोस् :

(क) संसार, जगत् : विश्व

(ख) गौरवका साथ : ............................

(ग) मनमा उत्पन्न हुने कल्पना, भाव वा विचार : ................................

(घ) समर्पण गरिएको, सुम्पिएको : ................................

(ङ) कुनै व्यक्ति, वस्तु आदिबाट आफ्नो अधिकार छोड्ने काम : ............................

(च) कुनै व्यक्ति वा कुनै कुरालाई सम्झाउनका लागि दिइने उदाहरण : ........................

३. उदाहरण हेरी दिइएका शब्दका पर्यायवाची शब्द 'उज्यालो यात्रा' कविताबाट खोजेर लेखी वाक्यमा प्रयोग गर्नुहोस् :

उदाहरण : काम - कर्म

हामीले असल कर्म मात्र गर्नुपर्छ ।

काम, मानिस, संसार, बाटो, भ्रमण, जून

४. उदाहरण हेरी दिइएका शब्दका विपरीतार्थी शब्द 'उज्यालो यात्रा' कविताबाट खोजेर लेखी वाक्यमा प्रयोग गर्नुहोस् :

उदाहरण : सम्भव - असम्भव

परिश्रमीका लागि कुनै पनि कुरा असम्भव हुँदैन ।

सम्भव, घृणा, अज्ञान, कुरूप, अन्याय, पाउ, आफ्नो

५. उदाहरण हेरी पाँचओटा अनुप्रासयुक्त शब्द 'उज्यालो यात्रा' कविताबाट खोजेर लेख्नुहोस् :

उदाहरण : नन्दन - चन्दन

सौरभ - गौरव

६. दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

सङ्कल्प, गौरव, भावना, निर्माण, त्याग, आदर्श, पौरख

## बोध र अभिव्यक्ति

१. दिइएका शब्दलाई शुद्धसँग उच्चारण गर्नुहोस् :

| | |
|---|---|
| शक्ति /सक्.ति/ | सङ्कल्प/सङ्.कल्.प/ |
| चाँदनी / चाँ.द.नि/ | धर्ती/धर्.ति/ |
| निर्माण/निर्.मान्./ | सुन्दर/सुन्.दर्/ |
| संसार/सन्.सार्/ | चन्द्रसूर्य/चन्.द्र.सुर्.य/ |
| सर्वोच्च/सर्.बोच्.च/ | सगौरव/स.गौ.रब्/ |

२. दिइएको सङ्केतका आधारमा 'उज्यालो यात्रा' कविता गति, यति र हाउभाउसहित सस्वरवाचनत गर्नुहोस् :

| | |
|---|---|
| ८ अक्षर | ८ अक्षर |
| कर्ममा छ भने शक्ति | जङ्गलमै बन्छ नन्दन |
| घोटिएर सयौँ पल्ट | दाउरो बन्छ चन्दन । |
| भएमा उच्च सङ्कल्प | छैन केही असम्भव |
| सङ्कल्पैले बनेका हुन् | महान् मान्छेहरू सब । |

'उज्यालो यात्रा' कविता अनुष्टुप् छन्दमा रचना गरिएको छ । अनुष्टुप् छन्दका प्रत्येक श्लोकमा चार पाउ हुन्छन् । प्रत्येक पाउमा आठ अक्षर हुन्छन् । यस छन्दमा हरेक श्लोकको प्रत्येक पाउको पाँचौँ अक्षर लघु (ह्रस्व) र छैटौँ अक्षर गुरु (दीर्घ) हुन्छ । पहिलो र दोस्रो पाउको सातौँ अक्षर गुरु हुन्छ । दोस्रो र चौथो पाउको सातौँ अक्षर लघु (ह्रस्व) हुन्छ । यसरी अनुष्टुप् छन्दको प्रत्येक पाउमा सातौँ अक्षर क्रमशः गुरु लघु, तेस्रो पाउमा गुरु र चौँथो पाउमा लघु हुन्छ । प्रत्येक पाउको आठौँ विश्राम वा यति हुन्छ ।

३. दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) दाउरो कसरी चन्दन बन्छ ?

(ख) के भएमा असम्भव हुँदैन ?

(ग) विश्वका निम्ति को गौरव हुन् ?

(घ) विजयी मानिसका शिर कहाँ उठेका छन् ?

(ङ) हामीले कसको पौरखले बाटो खन्नुपर्छ ।

४. दिइएको कवितांश पढी प्रश्नको उत्तर दिनुहोस् :

भएमा उच्च सङ्कल्प छैन केही असम्भव
सङ्कल्पैले बनेका हुन् महान् मान्छेहरू सब ।

प्रश्नहरू :

(क) माथिको कवितांशलाई चार पाउ छुट्याएर लेख्नुहोस् ।

(ख) कवितांशका चारओटै पाउको पाँचौँ ह्रस्व वर्ण लेख्नुहोस् ।

(ग) कवितांशका चारओटै पाउको छैटौँ दीर्घ वर्ण लेख्नुहोस् ।

(घ) कवितांशका चारओटै पाउका सातौँ वर्ण क्रमशः लेख्नुहोस् ।

५. उदाहरण हेरी दिइएको कवितांशलाई व्याकरणिक पदक्रम मिलाई गद्यमा रूपान्तरण गर्नुहोस् :

उदाहरण : कर्ममा छ भने शक्ति जङ्गलै बन्छ नन्दन
शक्ति कर्ममा छ भने जङ्गलै नन्दन बन्छ ।

समर्पित भएका छन् जो सदा न्यायखातिर
संसारमा उठेका छन् तिनैका विजयी शिर ।
लोभलालचमा छैनन् जसका मनमस्तक
जो सदैव हुने गर्छन् त्यागका निम्ति उद्यत ।

६. दिइएको कवितांश पढी सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

जसका कर्मले बन्छन् जिन्दगी हँसिला सुखी
अरूको लिनुमा भन्दा दिनुमा बन्छ जो खुसी ।
ईर्ष्याद्वेष हटाएर जो छर्छन् प्रेम सौरभ
तिनै मान्छेहरू बन्छन् विश्वका निम्ति गौरव ।

प्रश्नहरू :

(क) जीवनलाई कसरी सुखी बनाउन सकिन्छ ।

| |
|---|
| जीवन कर्मको अर्को नाम हो । मिहिनेती मानिसहरू पौरख गरी जीवनलाई सिँगार्छन् । अरूको लोभलालच गर्दैनन् । दृढ सङ्कल्प लिएर सधैँ असल काममा व्यस्त रहन्छन् । मन, वचन र कर्मले अरूको सेवामा रमाउँछन् । अरूबाट कुनै पनि कुरा लिन चाहँदैनन् । बरु अरूलाई मदत गर्दा खुसी हुन्छन् । अतः जीवनलाई अरूको सेवामा समर्पित गरेर सुखी बनाउन सकिन्छ । |

(ख) जीवनलाई हँसिलो बनाउन कस्तो कर्म गर्नुपर्छ ?

(ग) हामीले प्रेमको सुवास कसरी छर्नुपर्छ ?

(घ) मानिस विश्वका निम्ति किन गौरव बन्नुपर्छ ?

७. दिइएका प्रश्नका सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

(क) मानिसहरू कसरी महान् बनेका हुन् ?

(ख) मानिसहरू कसका पथमा सगौरव हिँड्छन् ?

(ग) हामी त्यागका निम्ति किन उद्यत हुनुपर्छ ?

(घ) हामी कस्तो आदर्शमा हिँड्नुपर्छ ?

८. 'उज्यालो यात्रा' कविताबाट दिइएको कवितांशको आशय वर्णन गर्नुहोस् :

(क) भएमा उच्च सङ्कल्प छैन केही असम्भव
सङ्कल्पैले बनेका हुन् महान् मान्छेहरू सब ।

(ख) समर्पित भएका छन् जो सदा न्यायखातिर

संसारमा उठेका छन् तिनैका विजयी शिर ।

आशय वर्णनको नमुना

(क) भएमा उच्च सङ्कल्प छैन केही असम्भव

सङ्कल्पैले बनेका हुन् महान् मान्छेहरू सब ।

मानिसले जीवनमा महान् उद्देश्य लिएर अघि बढ्नुपर्छ । आफ्नो लक्ष्यमा पुग्नका लागि अनेकौँ सङ्घर्ष गर्नुपर्छ । दृढ सङ्कल्प लिएर निरन्तर लक्ष्यको मार्गमा यात्रा गरिरहनुपर्छ । कर्ममा विश्वास गर्नेहरूका लागि कुनै पनि कुरा असम्भव हुँदैन । आफ्नो सङ्कल्पमा प्रतिबद्ध हुनेहरू आकाशमा चरा झैँ उड्न सकेका छन् । समुद्रमा माछा झैँ पौडिन सकेका छन् । उनीहरूले पृथ्वीमा मात्र होइन अन्तरिक्षमा समेत आफ्नो अस्तित्व देखाइसकेका छन् । उनीहरू महापुरुषका नामले विश्वविख्यात भएका छन् । अतः माथिको कवितांशबाट हामीले जीवनमा उच्च सङ्कल्प लिएर असम्भव कामलाई सम्भव बनाएर महान् मानिस बन्नुपर्ने आशय अभिव्यक्त भएको छ ।

९. भाव विस्तार गर्नुहोस् :

(क) कर्ममा छ भने शक्ति जङ्गलै बन्छ नन्दन

घोटिएर सयौँपल्ट दाउरो बन्छ चन्दन ।

(ख) उदात्त कर्मको यात्रा गर्दछन् जो सधैँ सधैँ

आदर्श नमुना मान्छे बन्दछन् विश्वमा तिनै ।

## भाव विस्तारको नमुना

(क) कर्ममा छ भने शक्ति जङ्गलै बन्छ नन्दन

घोटिएर सयौँपल्ट दाउरो बन्छ चन्दन ।

सामान्य अर्थमा कर्म भन्नाले काम बुझिन्छ । मानव जातिको इतिहास हेर्ने हो भने कल्पना नै गर्न नसकिने कैयौँ परिवर्तनहरू देखिन्छन् । ढुङ्गे युगबाट सुरु भएको मानव सभ्यता आज आधुनिक ढङ्गमा सञ्चालित छ । मानिसले अवस्थाअनुरूप जीवनशैली, मूल्यमान्यता, दृष्टिकोण आदिलाई परिवर्तन गरिरहेको हुन्छ । आदिम युगमा जङ्गल डुलेर खानेकुरा खोज्ने मानिस विभिन्न पेसाव्यवसायमा आबद्ध छ । विज्ञान तथा प्रविधिका क्षेत्रमा कयौँ आविष्कार भएका छन् । सञ्चार, यातायात, शिक्षा, स्वास्थ्यलगायत विभिन्न क्षेत्रमा सकारात्मक परिवर्तन भएका छन् । यस्ता परिवर्तनहरू मानिसका कर्मका उपज हुन् । मानिसले सत्कर्म गरी संसारलाई सुन्दर बनाएको छ । मानिसले सङ्कल्प बोकेर असम्भव कुरालाई यथार्थमा रूपान्तरण गरिदिएको छ । मानिसले अशिक्षा, अन्धविश्वास, भेदभाव जस्ता समस्यालाई जरैबाट उखेल्न खोजिरहेको छ । हामी शान्ति, सद्भाव र एकतामा विश्वास गर्छौं । गौतम बुद्ध, महात्मा गान्धी जस्ता महापुरुषले देखाएको आदर्श मार्गमा हिँड्न चाहन्छौँ । असल काम गरी धर्तीलाई सुन्दर बनाउन चाहन्छौँ । हामी व्यक्तिगत स्वार्थमा नलागी अरूको सेवामा समर्पित छौँ । हामी आफ्नो श्रममा विश्वास गर्छौं । कर्म गरी भविष्य सुन्दर बनाउने

अभियानमा प्रतिबद्ध छौँ । मानिसले कर्म गरेर आफूलाई आजको अत्याधुनिक परिवेशमा उभ्याएको छ । संसारलाई जङ्गली युगबाट आएको वैज्ञानिक युगमा ल्याएको छ । निरन्तरको प्रयासबाट मानव जातिले उपलब्धि हासिल गर्न सम्भव भएको हो ।

जीवनमा समृद्धि ल्याउनका लागि कर्म गर्नुपर्छ । मानव कर्मले निर्जन जङ्गल सुन्दर बगैँचामा परिवर्तन हुन सक्छ । श्रीखण्डको काठलाई पटक पटक घोटेर चन्दन बनाए झैँ हामीले निरन्तरको प्रयासबाट जीवनलाई सार्थक बनाउनुपर्छ । आफूलाई सफलताको शिखरमा पुऱ्याउनुपर्छ ।

१०. 'उज्यालो यात्रा' कविताको मूलभाव लेख्नुहोस् ।

११. कविले भविष्यमा आफू के बन्ने कल्पना गरेका छन् ? 'उज्यालो यात्रा' कविताको अन्तिम श्लोकलाई आधार मानी उत्तर लेख्नुहोस् ।

१२. दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

नेपाल जैविक विविधताका दृष्टिले धनी मुलुक हो । संसारमा पाइने करिब नौ हजार प्रजातिका पन्छीहरूमध्ये नेपालमा आठ सय साठ्ठीभन्दा धेरै प्रजातिका चरा पाइन्छन् । विश्वमा पहिचान गरिएका पन्ध्र हजार पुतलीका प्रजातिमध्ये सबैभन्दा उच्च क्षेत्रमा पाइने पुतली पनि नेपालमा नै पाइन्छ । यो पुतली डोल्पा जिल्लाको पाँच हजार मिटरको उचाइमा भेटिएको छ । विश्वमा लगभग दुई लाख बिस हजार प्रजातिका बोटबिरुवामा फूल फुल्छन् । तीमध्ये सबैभन्दा अग्लो भूभागमा फूल फुल्ने वनस्पतिसमेत नेपालमा पाइन्छ । यो हिमाली फूल मकालु हिमालको छ हजार एक सय पैँतिस मिटरको सेरोफेरोमा पाइन्छ । सानो पोथ्राका रूपमा रहने यो वनस्पतिको फूल सेतो, पहेँलो रङमा साउन भदौतिर फुल्छ । पन्छी, पुतली, वनस्पति जस्तै नेपालमा ४.५२% स्तनधारी जनावरका प्रजाति पाइन्छन् । समुद्र नभएको मुलुकमा २.१६% माछाका प्रजाति पाइन्छन् । नेपालको भौगोलिक विविधता नै जैविक विविधताको आधार हो । अध्ययन अनुसन्धान गरी नेपालको जैविक विविधतालाई विश्वसामु पुऱ्याउनु अपरिहार्य छ ।

(क) उत्तर लेख्नुहोस् :

(अ) नेपालमा कति प्रजातिका चरा पाइन्छन् ?

(आ) विश्वका उच्च स्थानमा पाइने पुतली नेपालको कहाँ पाइन्छ ?

(इ) हिमाली फूल कहिले फुल्छ ?

(ई) नेपाल किन जैविक विविधताले सम्पन्न मुलुक हो ?

(ख) भाषिक संरचना र वर्णविन्यास पहिचान गर्नुहोस् :

(अ) अनुच्छेदको पहिलो वाक्यबाट एक एकओटा नाम, विशेषण र क्रियापद लेख्नुहोस् ।

(आ) अनुच्छेदबाट दुई दुईओटा नामयोगी र क्रियायोगीपदहरू लेख्नुहोस् ।

(इ) अनुच्छेदबाट सुरु, बिच र अन्त्यमा ह्रस्व इकार हुने दुई दुईओटा शब्द टिपोट गर्नुहोस् ।

१३. दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :

(ग्राहक र भाँडा पसलेबिचको कुराकानी)

ग्राहक : नमस्ते हजुर । हजुरकहाँ कुन कुन भाँडा पाइन्छन् ?

पसले : नमस्ते ! हेर्नुहोस् न । हजुरलाई के के चाहिने हो ? मेरो पसलमा फलाम, तामा र ढलोटका भाँडा पाइन्छन् ।

ग्राहक : मलाई फलामको कराही, तामाको गाग्री र ढलोटको अम्खोरा चाहिएको थियो हजुर ।

पसले : हजुरले खोज्नुभएका सामान (औँलाले देखाउँदै) उ ... त्यतातिर छन् । हेर्नुहोस् त ।

ग्राहक : (टेबुलमा सामान राख्दै) ल हजुर, यी तीनओटा सामानको मोल कति पर्छ ? मिलाएर हिसाब गरिदिनुहोस् है ।

पसले : धन्दै मान्नुपर्दैन हजुर । म मिलाएर हिसाब गर्छु । अन्तभन्दा दशबिस रुपियाँ सस्तो हुने छ ।

ग्राहक : त्यही भएर त हजुरको पसलमा आएको नि ! (ग्राहकले पसलेलाई रुपियाँ तिरेर सामान लिएर घरतिर लाग्छन् ।)

*माथिको कुराकानीमा जस्तै तपाईं पनि विनयशील भएर परिवारका सदस्य, साथी वा अन्य व्यक्तिसँग कुराकानी गर्ने गर्नुहोस् ।*

## सुनाइ र बोलाइ

१. सुनाइ पाठ १ सुन्नुहोस् र दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

(क) कविले यो संसारलाई के मानेकी छन् ?

(ख) हामीले ककसको सेवा गर्नुपर्छ ?

(ग) कविलाई जीवन कसरी बिताउने चाहना छ ?

(घ) हामीले कस्तो मर्यादा राख्नुपर्छ ?

२. सुनाइ पाठ १ को मूलभाव बताउनुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

१. उदाहरण हेरी दिइएका वाक्यमा रेखाङ्कित पदको पदवर्ग पहिचान गरी लेख्नुहोस् :

उदाहरण :

(क) स्याबास ! तिमीले धेरै राम्रो काम गऱ्यौ । जीवनमा अझै असल काम गर्नू है ।

| | |
|---|---|
| स्याबास | - विस्मयादिबोधक |
| तिमी | - सर्वनाम |
| धेरै | - क्रियाविशेषण |
| गऱ्यौ | - क्रियापद |
| जीवन | - नामपद |
| असल | - विशेषण |
| है | - निपात |

(क) नामपद

कुनै व्यक्ति, वस्तु, पदार्थ, स्थान, समूह तथा भाव विशेष जनाउने शब्द नाम हो । सामान्यत : को र के प्रश्नको जबाफमा आउने शब्द नाम हुन्, जस्तै :

के ? - आँप, किताब, मोबाइल, माया आदि ।

को ? - डाक्टर, भाइ, भिनाजु, शिक्षक आदि ।

कसले ? - राम, बुबा, भतिज आदि ।

कसलाई ? - हरि, बहिनी आदि ।

(ख) सर्वनाम

सर्वनाम शब्द नाम, पदावली र वाक्यको सट्टामा पनि प्रयोग हुन सक्छ । मूलत: वाक्यमा सर्वनाम शब्द कर्ता वा कर्मका रूपमा प्रयोग हुन्छन्, जस्तै :

(क) सपना मेरी छोरी हुन् । उनी मिहिनेती छिन् ।

(ख) मोबाइलमा घन्टी बज्यो । त्यो यता देऊ ।

(ग) विशेषण

(क) भाइ बाठो छ । (ख) ऊ असल छ । (ग) आँप मिठो छ ।

माथिको वाक्यमा आएका बाठो, असल र मिठोले क्रमश: भाइ, ऊ र आँपका विशेषता बताएका हुनाले ती विशेषण शब्द हुन् । विशेषण कस्तो, कत्रो, कति जस्ता प्रश्नको उत्तरसँग सम्बन्धित हुन्छ । यसलाई नामिक पदको विशेषता वा स्वरूप जनाउने शब्दका रूपमा पनि चिनाउन सकिन्छ । विशेषणले नामिक पदका बारेमा केही न केही बताएको हुन्छ ।

(घ) क्रियापद

कर्ताले गरेको काम, घटना, अवस्था आदि बुझाउने शब्द क्रियापद हो । क्रियापदले वाक्य टुङ्ग्याउने काम गर्छ, जस्तै :

(क) रोहनले सुन्तला खायो ।

(ख) आमा आउनुभयो ।

(ग) त्यहाँ ज्यादै चिसो हुन्छ ।

(ङ) क्रियाविशेषण/क्रियायोगी

क्रियाका बारेमा केही कुरा बताउने वा क्रियाको विशेषता बताउने अविकारी शब्द नै क्रियायोगी हो । क्रियायोगीलाई क्रियाविशेषण पनि भनिन्छ, जस्तै :

(क) भाइ फटाफट हिँड्यो ।

(ख) आमा मुसुक्क हाँस्नुभयो ।

(ग) तिमी बिस्तारै लेख्छौ ।

(च) नामयोगी

नाम, सर्वनाम, विशेषण (नामिक पद) सँग गाँसिएर आउने अविकारी वर्गको शब्द नामयोगी हो । नामयोगीले नामिक पद र क्रियाबिचको समय, स्थान, रीति, हेतु आदिको सम्बन्ध जनाउँछ । अघि, पछि, पर्यन्त, बित्तिकै, पटक, पारि, वर, पर, माथि, मुनि, भित्र, बाहिर, तिर, नजिक, बिच, तर्फ, सम्म, सामु, समान, अनुसार, बाहेक, विना, मध्ये आदि नामयोगी हुन्, जस्तै :

(क) खोलामाथि पुल बन्यो ।

(ख) दुईओटा गाउँको बिचमा ठुलो चउर छ ।

(छ) संयोजक

शब्द, पदावली र वाक्यहरूलाई संयोजन गर्ने र, तर, कि, वा, किनभने जस्ता अविकारी वर्गका शब्द संयोजक हुन् । संयोजक शब्द संयोजन पदावली संयोजन र वाक्य संयाजनमा हुन्छ, जस्तै :

(क) हार्दिक र मुना खेल्छन् ।

(ख) प्रवेशको व्यवहार राम्रो छ तर पढाइ राम्रो छैन ।

(ज) विस्मयादिबोधक

मनको भाव (आश्चर्य, दुःख, घृणा, प्रशंसा) प्रकट गर्ने अविकारी वर्गका शब्द विस्मयादिबोधक शब्द हुन् । विस्मयादिबोधक धेरैजसो अवस्थामा वाक्यको अगाडि आउँछ तर वाक्यको अनिवार्य अङ्ग नबनी स्वतन्त्र रूपमा प्रयोग हुन्छ । कतिपय अवस्थामा विस्मयादिबोधक स्वयम् वाक्यकै रूपमा प्रयोग हुन्छ, जस्तै : स्याबास, धन्यवाद, ऐया, आत्था, ओहो, ज्या आदि ।

(क) आहा ! कति राम्रो घर रहेछ ।

(ख) धत् ! त्यस्तो बदमास पनि गर्छन् त ?

(झ) निपात

आफ्नो छुट्टै शाब्दिक वा कोशीय अर्थ नभएका तर वाक्यमा प्रयोग हुँदा शब्दको अर्थ वा सिङ्गै वाक्यको अर्थलाई थप पुष्टि गर्न आउने शब्द निपात हुन् । जस्तै : खै, नि, त, ल, पो, रे, नै, र, चाहिँ, ब्यारे, क्यारे, हगि, केवल, पनि, लौ, है, क्या आदि ।

(क) ब्यारे म त सरासर घर हिँडें ।

(ख) तिमी कथाको किताब पढ है ।

(ग) विनिताले भाइलाई सानो कचौरामा खाजा दिइन् र आफू कपडा उठाउन सरासर कौसीतिरगइन् ।

(घ) हामी छिमेकीसँग मिलेर बस्नुपर्छ । कसैलाई पनि भेदभाव गर्नुहुँदैन किनभने सबै मानिस समान हुन्छन्, होइन र ?

(ङ) प्राणीहरूलाई बाँच्नका लागि अन्न, पानी र हावा चाहिन्छ । हाम्रो प्राण यी वस्तुले बचाएका छन् । सबैभन्दा पहिला हामीले वातावरणको सुरक्षामा ध्यान दिनुपर्छ ।

(च) हत्तेरी ! हिजोआज कुलामा पानी आउनै छोड्यो । समयमा पानी नपरेकाले असाध्यै कष्ट भएको छ । यो वर्ष पोहोरभन्दा कम वर्षा हुने सङ्केत छ ।

२. ‘उज्यालो यात्रा’ कविताबाट एक एकओटा नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियायोगी र नामयोगी वर्गका शब्द टिपोट गरी वाक्यमा प्रयोग गर्नुहोस् ।

३. दिइएका शब्दलाई कोष्ठकमा दिइएको सङ्केतअनुसार वाक्यमा प्रयोग गर्नुहोस् :

र (संयोजक, निपात), अगाडि (नामयोगी, क्रियायोगी), त्यो (सर्वनाम, विशेषण), तर (क्रिया, संयोजक), गरिब (नाम, विशेषण)

४. दिइएको अनुच्छेद पढी शब्दको सुरु, बिच र अन्त्यमा ह्रस्व इकार लागेका शब्द टिपोट गर्नुहोस् :

विजय, सरिता, प्रगति विद्यालय गए । पहिलो घन्टीमा नेपाली शिक्षक आउनुभयो । उहाँले ‘हाम्रो संस्कृति’ पाठ पढ्न सिकाउनुभयो । उहाँले एउटा कविता सुनाउनुभयो । त्यति मात्र हो र ! रमाइलो चुट्किला पनि सुनाउनुभयो । गुरुको प्रस्तुति देखेर साथीहरू छक्क परे ।

५. ‘उज्यालो यात्रा’ शब्दको सुरु, बिच र अन्तिममा ह्रस्व इकार लागेका दुई दुईओटा शब्द टिपोट गरी छोटो अनुच्छेद तयार पार्नुहोस् ।

६. दिइएको अनुच्छेदलाई शुद्ध बनाई पुनर्लेखन गर्नुहोस् :

नेपाल हीमाल, पहाड र तराईको भौगोलीक बनावट भएको मुलुक हो । नेपालको प्राकृतीक सुन्दरता वीश्वमा उदाहरणीय छ । बर्सेनी कैयौँ पर्यटकहरू नेपाल भित्रीने गरेका छन् । पर्यटनबाट नै हामीले समृद्धी ल्याउन सक्छौँ ।

## सिर्जना र परियोजना कार्य

१. दिइएको शीर्षकमा कविता रचना गर्नुहोस् :

(क) फूलबारी (ख) हामी नेपाली

२.  पुस्तकालयबाट तपाइँलाई मन पर्ने कविता सङ्कलन गरी वाचन गर्नुहोस् ।

**थप स्वाध्याय सामग्री**

छन्द बोध

परिचय

## छन्द परिचय

छन्द कविता रचना गर्ने नियम हो । यो अक्षरहरूको सङ्ख्याका आधारमा बनेको हुन्छ । यसले कविताका पङ्क्तिहरूलाई निश्चित नियममा बाँध्छ । छन्दमा कविताको रचना गर्दा अक्षर वा मात्राहरूको सङ्ख्या तथा तिनीहरूको क्रमसम्बन्धी नियम पालना गर्नुपर्छ । कविताको प्राण लयबद्ध अभिव्यक्ति भएकाले  छन्दमा कविता लेख्दा यति र गतिमा पनि ध्यान दिनुपर्छ । छन्दका कविता वाचन गर्दा पङ्क्तिका निश्चित अक्षरमा विश्राम गर्नु यति हो । विश्राम नगरी वाचन गर्नु गति हो । गति र यतिले कविता वाचनमा लयको सिर्जना गर्छन् । वार्णिक छन्दमा गणको महत्वपूर्ण स्थान हुन्छ । गण भनेको समूह हो । छन्दशास्त्रमा गणले तीन अक्षरको समूह जनाउँछ । यस्ता गणहरू आठओटा छन् । यमाताराजभानसलगा भन्ने सूत्रका अनुसार ती आठओटा गणहरूलाई प्रस्तुत गर्न सकिन्छ । यस सूत्रको प्रारम्भबाट एकपछि अर्को अक्षर गरी तीन तीन अक्षर क्रमश: लिएमा सबै गणहरू बन्छन् । जस्तै :

१.  यगण - यमाता (ISS)

२.  मगण - मातारा (SSS)

३.  तगण - ताराज (SSI)

४.  रगण - राजभा (SIS)

५.  जगण - जभान (ISI)

६.  भगण - भानस(SII)

७.  नगण - नसल (III)

८.  सगण - सलगा (IIS)

बाँकी 'ल' र 'गा' मध्ये 'ल' ले लघु र 'गा' ले गुरुलाई  जनाउँछ । यस रूपमा गणहरू आठओटा हुन्छन् । यी गणहरू र तिनका उदाहरणलाई तल तालिकामा प्रस्तुत गरिएको छ :

सूत्र : य- मा- ता- रा- ज- भा -न -स- ल- गा

| गण | गणस्वरूप | गणसङ्केत | उदाहरण |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| यगण | आदिलघु | ISS | विदेशी |
| मगण | त्रिगुरु | SSS | पाल्पाली |
| तगण | अन्तलघु | SSI | वैशाख |
| रगण | मध्यलघु | SIS | वेदना |
| जगण | मध्यगुरु | ISI | किताब |
| भगण | आदिगुरु | SII | बालक |
| नगण | त्रिलघु | III | कलम |
| सगण | अन्तगुरु | IIS | सपना |

पाठ २ : कथा

# घरझगडा

*बदरीनाथ भट्टराई*

परिचय

बदरीनाथ भट्टराई (वि.सं. १९६५-२०५२) ऐतिहासिक तथा पौराणिक कथाकार हुन् । उनले इतिहास तथा पुराणमा आधारित भएर थुप्रै कथा रचना गरेका छन् । उनका कथामा मानिस आदर्शवान् भएर बाँच्नुपर्ने सन्देश पाइन्छ । उनका कथामा मानिसमा नैतिकता, सत्चरित्रता र आदर्श हरायो भने जीवन समस्याको भूमरीमा फस्छ भन्ने भाव पाइन्छ । उनका कथा नीतिचेतना र उपदेशले भरिपूर्ण हुन्छन् । उनका कथाले आदर्शवान् व्यक्ति र स्वस्थ समाज निर्माणप्रति आग्रह गरेका हुन्छन् । उनका कथामा पात्रहरूबिचको द्वन्द्व निकै सशक्त हुन्छ । उनले कथामा खराब चरित्रका पात्रको पतन र असल चरित्रका पात्रको उत्थान गराएका हुन्छन् । सरल भाषाशैलीमा घटना तथा चरित्रप्रधान कथा रचना गर्नु उनको विशेष पहिचान हो ।

प्रस्तुत 'घरझगडा' कथा ऐतिहासिक विषयवस्तुमा संरचित कथा हो । यस कथामा नेपाल एकीकरणका नायक पृथ्वीनारायण शाहकी जेठी बुहारी राजेन्द्रलक्ष्मी र कान्छा छोरा बहादुर शाहबिचको मनमुटावले निम्त्याएको समस्या चित्रण भएको छ । परिवारका सदस्यबिचको खिचातानीले गर्दा बाहिरी शत्रु बलिया भएका छन् । आफ्नो स्वार्थ पूरा गर्न दुईतिर नै चोचोमोचो मिलाउने भारदारहरू डरलाग्दा देखिएका छन् । राजेन्द्रलक्ष्मी र बहादुर शाहबिच विश्वासमा अभाव हुँदा एकीकरण अभियानमा अवरोध आएको छ । समग्रमा 'घरझगडा' कथाले परिवारका सदस्यहरू मिलेर विश्वासपूर्ण वातावरण नपाए पारी आफ्नो अभियानमा लाग्नुपर्ने सन्देश अभिव्यक्त गरेको छ ।

## सिकाइ उपलब्धि

१. सस्वर र मौन पठन गर्न

२. पाठगत शब्दको उच्चारण, अर्थबोध र प्रयोग गर्न

३. उखान र टुक्काको पहिचान र प्रयोग गर्न

४. संरचना, घटना, संवाद, परिवेश र पात्र पहिचान गर्न

५. घटनाक्रम टिपोट र मिलान गर्न

६. पाठगत प्रश्नोत्तर, व्याख्या र सार लेखन गर्न

७. तार्किक तथा समीक्षात्मक उत्तर दिन

८. धातुको पहिचान र प्रयोग गर्न

९. धातुको कृदन्त रूपको पहिचान गर्न

१०. सकर्मक र अकर्मक क्रियाको पहिचान र प्रयोग गर्न

११. शब्दको सुरु, बिच र अन्त्यमा दीर्घ इकार प्रयोग भएका शब्दको पहिचान र प्रयोग गर्न

## मूल पाठ



बडो मुस्किलसँग नजरबन्दबाट छुटेपछि लामो सास फेरेर राजेन्द्रलक्ष्मीले भनिन्, “दयाको फल मैले पाएँ । कुपात्रमा परेको अमृत पनि विष बन्दो रहेछ । देवर भनेर यी बहादुर शाहलाई मैले हुनेसम्म गरेकी हुँ । घरमा पनि यी बाघ बने, अस्मानमा पुऱ्याउँदा पनि बाजको रूप लिए । अब पातालमा पुऱ्याउँदा के हुने हुन्, हेरौँ । नाग बनेर आए पनि यिनीसँग म डराउन्नँ । यिनको विष शमन गर्ने वैद्यहरूको सहायता नपाएकी भए अहिले पनि म उम्कन सक्ने थिइनँ । मेरो व्यक्तित्वको प्रभावमा आकर्षित भएका र न्यायको बाटामा हिँड्ने भारदारहरू जति भने पनि छन् । यस्तोमा हरेस खानु कमजोरी हो । शङ्काको डोरीमा पिब खेल्नु नादानी हो, जुम्सो बन्नु बेकुफी हो ।”

**शब्दार्थ**

*कुपात्र* : *खराब पात्र*

*अस्मान* : *धेरै माथिको ठाउँ, आकाश*

*शमन* : *शान्त पार्ने काम, शान्ति*

*नादानी* : *हिम्मत नभएको*

खास आफ्नो बच्चामाथि अरूले जाइलाग्न लागेको देखेपछि कुन चाहिँ सिंहिनी कानमा तेल हालेर बस्ली ? यदि बसी भने पनि साराले उसलाई थुकिदिनेछन् । मेरो उही हालत हो । अरू त के,

समभ्कदार भएपछि यही छोरो रणबहादुर शाहले पनि के भन्ला ! उसैले यसको बचाउका निमित्त आगामा कुद्नु र पानीमा हामफाल्नु परे पनि तयार छु। मेरो धन, जन, तन, मन अर्थात् जे भने पनि सर्वस्व नै यही एउटा छोरो हो । यदि पुत्रस्नेहलाई सजीव तुल्याउन सकिनँ भने मातृत्वलाई पनि तिलाञ्जलि दिए हुन्छ। हुन त तीन वर्षअगाडि नै मुर्कट्टा बनिसकेकी छु। त्यस बखतमा सती गइनँ भनेर कतिले कुरा काटे, कतिले थुरे, कतिले षड्यन्त्रमा फसाउनसमेत खोजे तर सन्तान र देशका लागि पृथ्वी भैँ क्षमा र स्थिरताको अवतार बनेर आफ्नो आदर्शलाई कार्यरूपमा ढालेँ । हो, त्यस वेलामा बेतियाबाट आएर यिनले मदत दिएका हुन् तर यसरी शासन नै हत्याउन आँट गर्ने यिनको कालो मनलाई आँसुको पर्दाले छोपिएको हुँदा मैले देख्न सकिनँ । खास दाजुमाथि समेत दलजित शाहसँग मिलेर जाल बुन्न सक्ने यिनले नाबालक भतिजमाथि पुत्रस्नेह राख्लान् भनी आशाको पासामा फस्ने म कस्ती ग्वाँग्री ! त्यही अपराधमा न हो यिनलाई मातृभूमिले गलहत्ती दिएको। हुन त विष संशोधन गरेपछि रसायन बन्छ भन्ने प्रयत्न गरेकी हुँ । त्यो माटामा मिल्यो, अनि केही सिप नलागेर यिनलाई नजरबन्द गराइदिएँ।

बाहिरी शत्रुलाई उठ्न दिनाको मूल कारण घरभ्कगडा हो भन्ने वाक्यको ठुलो टीकाटिप्पणीसमेत गुरु गजराज मिश्रले गर्नुभएपछि मेरो मनले पनि त्यसमा पुस्ट्याइँ गऱ्यो । यता चौबिसीहरूले सङ्गठन गर्न थालेको गुप्ती खबर सुनियो। हुँदाहुँदै पाल्पा, पर्वत र तनहुँको सङ्गठनको बल्दो अग्निमा हाम्रा सरदार बलि बानियाँ र केही फौजले समेत देशका निमित्त बलिदान दिएको कुरा हुरी बनेर आयो । चितवनको रक्षाका निम्ति बसेका रामकृष्ण कुँवर केही फौज लिई तनहुँतिर गएको खबरले केही आश्वासन दियो । त्यसपछि मानवता र परिस्थितिको समेत ख्याल राखी यी देवरलाई नुवाकोटबाट छुटाई यहाँ ल्याएर भनेँ, "राजकुमार, यसरी हामीले आगो पानी बन्नु ठिक होइन। आपसी फुट नै जातिको पतनको चिह्न हो। यसले गर्दा व्यक्ति र समाजलाई मात्र होइन किन्तु देशलाई पनि गहिरो चोट लाग्ला जस्तो देखिन्छ । यदि ससुराज्यूबाट उठाइबक्सेको एकताको र राष्ट्रियताको जगमा मन्दिर खडा गर्न सकेनौँ भने हामीले बाँच्नु मर्नु हो । उसैले अब अतीतका सारा विरोधी विचारलाई बिर्सेर खालि देशभक्तिको सोभ्को बाटो लागौँ।"

*तिलाञ्जलि* : *त्याग गर्नु*

*मुर्कट्टा* : *शिर नभएको*

*स्थिरता* : *हलचल नहुने अवस्था*

*संशोधन* : *फेरबल*

*रसायन* : *एक धातुलाई गालेर अर्को वस्तुमा बदल्ने विज्ञान*

*नजरबन्द* : *कुनै निश्चित ठाउँबाट बाहिर निस्कन नपाउने गरी नियन्त्रणमा राखिएको अवस्था*

*टीकाटिप्पणी* : *फरक विचार*

*गुप्ती* : *गोप्य रूपमा जानकारी पत्ता लगाउने व्यक्ति, गुप्तचर*

*आश्वासन* : *सान्त्वना*

*पतन* : *उन्नति, वैभव, पद, मर्यादा आदिबाट तल भरेको अवस्था,*

त्यो वेला एकछिन वाल्ल परेर बहादुर शाहले भने, "मेरो पनि त्यही विचार हो । आमा समानकी हजुरलाई पूजा गरेर जन्मभूमिलाई शिरमा राखी सिँगार्दै उन्नत शिखरमा पुऱ्याउने नै मेरो मनसाय

हो । यदि योबाहेक कुनै कुभावना लिएको मात्र रहेछु भने पनि हजुरको हत्या गरेको पाप मलाई लागोस्, तर के गरूँ ? कनसुत्ला जस्ता कुरौटेले नै हाम्रो वैमनस्य बढाइदिएका हुन् । उनीहरू तिललाई पहाड बनाइदिन्छन् त्यसैले थिचिएका हुँदा घाममा बसेर धोइफोई हामी गर्दैनौं अनि त्यही नै विस्फोट बनेर निस्कन्छ ।"

काँडा झरेको गुलाफको बोट भए होलान् भन्ने आशा गरेकी थिएँ तर झन् फूल झरेर काँडा मात्र बाँकी रहेका बनेर आएछन् । बालुवाले तिललाई पनि बालुवा नै सम्झन्छ भने झैं उनका आँखामा म बिझाउन थालें । मैले बर्साएका अमृतका कण कणमा उनले विष देख्न थाले, दिएको चिनीलाई गेगर सम्झे, पथ्य वचनले पनि तिखो बाणको रूप लियो । उसैले घात प्रतिघात चल्दै गयो । अन्त्यमा उनले बुनेको जालमा म पो परें । थुनुवा कैदी जस्तो भएर बस्नुपर्दा खसमले त्यागेकालाई घरभित्र हुलेको पापको फल हो भनी चित्त बुझाएँ ।

भोजमाथि काका मुञ्जले गरेको दानवी व्यवहारको कथा सम्झँदा मेरो मनमा झन् झन् औडाहा छुट्यो । अनि छोराको रक्षाका लागि गहन किल्ला फोरेर मैदानमा उत्रिरहेकी छु । हुन त तरबारको धारमा हिँड्दा मलाई निकै कष्ट होला तर व्याधाले खेदिएकी बघिनी झैं जस्तोसुकै दु:साहसमा पनि पछि हट्दिनँ तर बाहिरी शत्रुलाई नदबाई घरमा रडाको मच्चाउनु ठिक होइन । उसैले घनघोर जङ्गलमा एक्लै छोडिदिने लक्ष्मणसँग पछि सीताले गरेको व्यवहारलाई फेरि दोहऱ्याऊँ कि अथवा अर्कै बाटो लिऊँ !

राजेन्द्रलक्ष्मीले बहादुर शाहलाई डाकेर भनिन्, "क्या हो राजकुमार, मिलेर काम गर्छु भनी शपथ गरेको कहाँ गयो ? नायबीमा राल काढेर सोझी भाउज्यूलाई छक्याउनु के राजनीति हो ? शाही कुलमा ऐरेलु बन्नुहुन्छ भने तितो अनुभव आफैं भोग्नुहोला । सुतेकी सिंहको टाउकामा टेक्नु के बुद्धिमानी हो ? कमलपित्त भएको दृष्टिले आइमाई भनेर तपाईंले हेप्नुभएको होला तर यो तपाईंको भुल हो । डोरीले हात्तीलाई हलचल गर्न दिँदैन भन्ने तपाईंलाई थाहा छैन ? कम्मर कस्यौं भने छहरा, पहरा, ढाल, तरबार अनि हिउँ र ज्वाला पनि बन्न सक्छौं । आँधी भएर उडाउन सक्छौं अनि व्याधि भएर पछार्न पनि, नागिनी बनेर पातालमा पस्न सक्छौं अनि गरुडनी भएर आकाशमा उड्न पनि । शक्ति नभएका भए महाकाली, महालक्ष्मी र महासरस्वतीलाई कसैले पुज्ने थिएनन् । खेलौना सम्झी आगो खेलाउनेको कुन गति हुन्छ आफैं विचार गर्नुहोस् ।"

*मनसाय : अभिप्राय*

*वैमनस्य : शत्रुता, दुस्मनी*

*गेगर : मसिना ढुङ्गा वा खस्रा बालुवाका कण*

*पथ्य : खानयोग्य हलुका किसिमको खाना*

*खसम : पति, श्रीमान्*

*औडाहा : चिन्ता, व्यथा आदिबाट मनमा हुने जलन, छटपटी*

*व्याधा : सिकारी*

*ऐरेलु : जङ्गलमा पाइने तितो स्वाद भएको काँक्रो आकारको फल*

*कमलपित्त : कलेजोमा हुने एक प्रकारको घातक रोग, पहेँले*

एकछिन वाल्ल परेर बहादुर शाहले भने, "खुब विचार गरिरहेको छु । खास जननीकै रूपमा नारी जातिलाई पाएको हुँ । नारी सिर्जना र शक्तिको अवतार हो भन्ने खुद मलाई थाहा छ । के गरूँ

उज्यालाका निम्ति बालेको बत्तीले आगलागी हुने सम्भावना देखिएपछि देश बचाउनका लागि उपचार गर्नैपर्ने रहेछ । व्यक्तिगत विरोधलाई अँगालेर यसो गरेको होइन । मुमाको मूर्ति सम्झेर हजुरमाथि मेरो पूरा श्रद्धा छ । हाम्रो आपसी घात प्रतिघातले मातृभूमिको अँध्यारो भविष्य देखापर्दा बाध्य भएर नै यो काम मैले गरेको हुँ । वास्तवमा नायबी सेनाको निम्ति मरिमेट्ने गिद्ध म होइन । यदि छोड्दे भन्ने हुकुम हुन्छ भने अहिले नै तयार छु ।"

बहादुर शाह बेतिया पुगेको खबर राजेन्द्रलक्ष्मीको कानमा कनसुत्लो पसे जस्तै भयो । एकछिन अत्तालिएर उनले विचार गरिन्, "अब तेल हालेर बस्ने वेला छैन । बरु कसरी कुन चाहिँ ओखतीको प्रयोग गर्ने हो ? कुन जाल रच्नलाई उनी गएका हुन् त्यो पनि त पत्तो छैन । यदि हुरी भएर आए भने धेरै भारदार पत्कर बनेर उनलाई पछ्याउने छन् । यदि आएनन् भने पनि आफ्नो हातको ढाल तरबार मैले गुमाएँ । कदरका साथ राख्नुपर्ने हिरालाई हुत्याउनेको चहक बढ्न सक्दैन । सदुपयोग गर्न नजान्नु ठुलो भूल हो । अहिले ठिक ठाउँमा राखेर तेल बेसार घसिएका वचनले लडाइँमा खटाइदिएको भए धेरै बेस हुन्थ्यो । उनी बाहिर सभा समाल्थे, म भित्र मिलाउँथे । वास्तवमा देवर खराब होइनन् । यदि यिनले मानवताको साँध नाघेको भए उहिले नै सती जानुपर्ने भासमा फसाइदिन्थे । त्यो वेला यिनले सहायता नदिएको भए मेरो के दैया चल्थ्यो ? अर्कै पासामा पार्न पनि सक्थे, सधैँ गुन लाउन कल्ले सक्छ र ? तर जताको जित होला जस्तो देखिन्छ उतैतिर गएर चोचोमोचो मिलाउने यी चमेराले नै भँड्खारो पारेका हुन् । स्वार्थसिद्धिका लागि उनीहरूले रचेको षड्यन्त्रको भेउ पाउन सकेको भए यसरी नि:सहाय हुनुपर्ने थिएन । अब झन् फुकी फुकी मैले पाइला चलाउनुपर्छ । घरझगडाको बिउ निभाउन खोज्ने मैले झन् राँको सल्काएँ, मनमा पाकेको जौ तिललाई डढेलो बनाइदिएँ, वेदनाको एक धारालाई समुद्र तुल्याइदिएँ ।

उता पर्वत, लमजुङ तथा तनहुँ मिलेर गोरखामा हमला गर्न लागेको खबर आइरहेछ । पाल्पा पनि आफ्नो हात नपारिभएको छैन । पूर्वतिर पनि उस्तै हालत छ । अब गर्ने के ?

*खुद* : *वास्तविक, खास*

*श्रद्धा* : *मान्यजनप्रतिको आस्था, विश्वास, भक्तिभाव*

*पत्कर* : *भुइँमा झरेका पात*

*चहक* : *प्रकाश, कान्ति*

*साँध* : *सिमाना, सीमा*

*भास* : *भासिने वा गाडिने खालको हिलो वा फुको ठाउँ*

*दैया* : *पैतृक सम्पत्ति आदिका निमित्त सम्बन्धित व्यक्तिमा रहेको हक वा अधिकार, दाबी*

*भँड्खारो* : *गहिरो खाडल*

*हमला* : *आक्रमण, युद्ध*

## कथासार

'घरझगडा' कथा राजेन्द्रलक्ष्मी नजरबन्दबाट छुटेपछिको एकल संवादबाट प्रारम्भ भएको छ । उनी देवर बहादुर शाहसँग प्रतिशोधका लागि तयार छिन् । उनी आफ्नो व्यक्तित्वको प्रभावका कारण उनलाई सहयोग गर्ने भारदारहरूप्रति गौरव गर्छिन् । राजेन्द्रलक्ष्मी आफूसँग सम्भावित विपत्तिलाई टार्न सक्ने शक्ति सञ्चय भएको ठान्छिन् । राजेन्द्रलक्ष्मी जसरी पनि आफ्नो छोरा रणबहादुरको राजकीय सत्ता जोगाउनुपर्ने ठान्छिन् । रणबहादुर नाबालक भएका बखत राजा प्रताप सिंहको मृत्यु भएको थियो । त्यस अवस्थामा राजेन्द्रलक्ष्मी सन्तान र देशका लागि सती नगएको सोच्छिन् । राजेन्द्रलक्ष्मीमा एकाएक विगतका दिन स्मृति बनेर आइरहेका छन् । उनी आफ्ना कुरा काट्ने, थर्काउने र षड्यन्त्रमा फसाउने विरोधीहरूलाई सम्झिरहेकी हुन्छिन् । आफ्ना पतिको मृत्युमा बहादुर शाहले बेतियाबाट आएर मदत गरेको कुरा पनि उनका लागि स्मरणीय छ । अर्कातिर दलजित शाहसँग मिलेर आफ्नै दाजुका विरुद्ध जालो बुन्ने बहादुर शाहलाई विश्वास गरेकामा उनलाई हीनताबोध हुन्छ । राजेन्द्रलक्ष्मीले बहादुर शाहबाट हुन सक्ने खतरालाई निवारण गर्न उनलाई नजरबन्द गरिदिन्छिन् । यसरी परिवारमा आपसी मनमुटाव र अविश्वासका कारण बाहिरी शत्रुले टाउको उठाउन थालेका छन् । चौबिसी राज्यहरू एकआपसमा एकता गर्न थालेको खबर आयो । पाल्पा, पर्वत र तनहुँको युद्धमा सरदार बलि बानियाँ र केही फौजले साहदत प्राप्त गरे । यस्तो विषम परिस्थितिमा राजेन्द्रलक्ष्मीले बहादुर शाहलाई नजरबन्दबाट छुटाइन् । एकआपसमा आगो र पानी नबनी नेपाल एकीकरण अभियानमा समर्पित हुन अनुरोध गरिन् । आपसका विरोधी विचारलाई बिर्सेर देशभक्तिको बाटामा हिँड्न आग्रह गरिन् । बहादुर शाहले पनि भाउजूलाई विश्वस्त तुल्याउँदै आफूमा कुनै कुभावना नभएको स्पष्ट पारे । कुरौटेहरूले आफूहरूबिच दुरी बढाइदिएको बताए । 'घरझगडा' कथाको यो प्रसङ्गले राजेन्द्रलक्ष्मी र बहादुर शाहबिचको तिक्तता हराउने सङ्केत देखिए पनि वास्तविकता त्यस्तो हुन सक्दैन । राजेन्द्रलक्ष्मी शङ्का उपशङ्काकै घेरामा रहन्छिन् । बहादुर शाहलाई बोलाएर धम्कीपूर्ण शैलीमा खबरदारी गर्छिन् । बहादुर शाह भाउजूको भनाइ खण्डन गर्दै नारीलाई सिर्जना र शक्तिको अवतार भएको तर्क गर्छन् । भाउजूलाई आमा जत्तिकै श्रद्धा गरेको विश्वास दिलाउँछन् । आफू नायबी सिनोका निम्ति मरिमेट्ने गिद्ध नभएको बताउँछन् । राजेन्द्रलक्ष्मी र बहादुर शाहको यो खटपटपछि अवस्था झनै जटिल बन्न पुग्छ । राजेन्द्रलक्ष्मीले बहादुर शाह बेतिया पुगेको खबर पाउँछिन् ।

राजेन्द्रलक्ष्मी देवरबाट अझै खतरा बढेको महसुस गर्छिन् । देवरलाई विश्वास दिलाएर राख्न नसकेकामा राजेन्द्रलक्ष्मीलाई हीनताबोध हुन्छ । उनी अत्यन्त सङ्कटपूर्ण अवस्थामा देवर बहादुर शाहका सारा अवगुण बिर्सेर सत्गुण मात्र सोचिरहेकी छिन् । देवर भाउजूबिचको सम्बन्ध सदाका लागि बिग्रिइसकेको छ । छिमेकी रजौटाहरू गोरखामाथि हमला गर्न तम्तयार भएको खबर आइरहेको छ । पूर्वतिरका राज्यहरूबाट पनि सङ्कटको समाचार आएको छ । यस्तो विषम परिस्थितिमा राजेन्द्रलक्ष्मी के गर्ने ? भन्ने द्विविधामा परेकी छिन् ।

## शब्दभण्डार

१. दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| शब्द | अर्थ |
|---|---|
| अतीत | जालझेल |
| मातृत्व | त्याग |
| दानवी | शान्त पार्ने काम |
| षड्यन्त्र | आमा, माता |
| जननी | राक्षसी |
| तिलाञ्जलि | पुरानो, बितेको |
| | आमाको ममता |

२. उदाहरण हेरी दिइएको अर्थसँग मिल्दो शब्द पाठबाट खोजेर लेख्नुहोस् :

(क) सारा सम्पत्ति : सर्वस्व

(ख) शत्रुता, दुस्मनी : .....................

(ग) प्रतिज्ञा, वाचा : .....................

(घ) उचित प्रयोग : .....................

(ङ) पीडा, दुःख आदिको अनुभूति : ...................

३. उदाहरण हेरी 'घरझगडा' कथाबाट पाँचओटा टुक्का टिपोट गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :

*उदाहरण :*

कानमा तेल हाल्नु : छिमेकी काका व्यापार गर्न छोडेर कानमा तेल हालेर बसिरहनुभएको छ ।

४. दिइएका उखान र तिनको अर्थबिच जोडा मिलाई कुनै पाँचओटा उखानलाई वाक्यमा प्रयोग गर्नुहोस् :

| उखान | अर्थ |
|---|---|
| अगुल्टाले हानेको कुकुर बिजुली चम्कँदा तर्सन्छ | एक्लैले गर्न नसकिने काम समूहमा गर्न सकिने |
| आफू भलो त जगत् भलो | एक पटक चोट पाएको मान्छे त्यस्ता समस्यासँग डराउनु |
| एकले थुकी सुकी सयले थुकी नदी | असलसँग सबैले असल व्यवहार गर्नु |
| कालो अक्षर भैँसी बराबर | असाध्यै जिद्धी गर्नु |

| | |
|---|---|
| जसले मह काढ्छु उसले हात चाट्छ | नजान्ने व्यक्तिले अरूलाई दोष दिने |
| बाँदरको पुच्छर लौरो न हतियार | जति प्रयास गर्दा पनि सफल नहुनु |
| रातभरि करायो दक्षिणा हरायो | असल मानिसको लक्षण पहिले नै राम्रो देखिनु |
| नाँच्न नजान्ने आँगन टेढो | परिश्रमको फल नपाउनु |
| मेरो गोरुको बाह्रै टक्का | लेखपढ गर्न नजान्नु |
| | काम नलाग्ने वस्तु |

५. शब्दकोश प्रयोग गरी दिइएका शब्दका अर्थ लेख्नुहोस् :

बलिदान, परिस्थिति, अमृत, व्यवहार, उपचार, चोचोमोचो, वेदना, विरोध, तिल, समुद्र

६. दिइएका अनुकरणात्मक शब्दसँग मिल्ने क्रियाबिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| घटघटी | हेर्नु |
| लुरुलुरु | बढ्नु |
| दनदनी | हाँस्नु |
| पुलुक्क | पिउनु |
| झलझली | हिँड्नु |
| हलक्क | रोकिनु |
| | याद आउनु |

## बोध र अभिव्यक्ति

१. दिइएका शब्दलाई शुद्धसँग उच्चारण गर्नुहोस् :

| | |
|---|---|
| नजरबन्द /न.जर्.बन्.द/ | व्यक्तित्व /बेक्.तित्.त्व/ |
| आदर्श /आ.दर्.स/ | रसायन /र.सा.यन्/ |
| जन्मभूमि /जन्.म.भु.मि/ | राष्ट्रियता /रास्.ट्रि.य.ता/ |
| बिस्फोट /बिस्.फोट्/ | विरोध /बि.रोध्/ |
| झगडा /झ.ग.डा/ | षड्यन्त्र /सड्.यन्.त्र / |
| अवतार /अ.ब.तार्/ | पत्कर /पत्.कर्/ |

२. 'घरझगडा' कथा हाउभाउसहित सस्वरवाचन गर्नुहोस् ।

३. तलका प्रश्नको उत्तर भन्नुहोस् :

(क) 'घरझगडा' कथामा कतिओटा अनुच्छेद छन् ?

(ख) 'घरझगडा' कथा कुन घटनाबाट प्रारम्भ भएको छ ?

(ग) कथामा कुन कुन पात्रबिच संवाद भएको छ ?

(घ) कथा कसरी समापन भएको छ ?

४. दिइएको कथांशको मौनपठन गरी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

बाहिरी शत्रुलाई उठ्न दिनाको मूल कारण घरझगडा हो भन्ने वाक्यको ठुलो टीका टिप्पणीसमेत गुरु गजराज मिश्रले गर्नुभएपछि मेरो मनले पनि त्यसमा पुस्ट्याइँ गऱ्यो । यता चौबिसीहरूले सङ्गठन गर्न थालेको गुप्ती खबर सुनियो । हुँदाहुँदै पाल्पा, पर्वत र तनहुँको सङ्गठनको बल्दो अग्निमा हाम्रा सरदार बलि बानियाँ र केही फौजले समेत देशका निमित्त बलिदान दिएको कुरा हुरी बनेर आयो । चितवनको रक्षाका निम्ति बसेका रामकृष्ण कुँवर केही फौज लिई तनहुँतिर गएको खबरले केही आश्वासन दियो । त्यसपछि मानवता र परिस्थितिको समेत ख्याल राखी यी देवरलाई नुवाकोटबाट छुटाई यहाँ ल्याएर भनें, "राजकुमार, यसरी हामीले आगो पानी बन्नु ठिक होइन । आपसी फुट नै जातिको पतनको चिह्न हो । यसले गर्दा व्यक्ति र समाजलाई मात्र होइन किन्तु देशलाई पनि गहिरो चोट लाग्ला जस्तो देखिन्छ । यदि ससुराज्यूबाट उठाइबक्सेको एकताको र राष्ट्रियताको जगमा मन्दिर खडा गर्न सकेनौं भने हामीले बाँच्नु मर्नु हो । उसैले अब अतीतका सारा विरोधी विचारलाई बिर्सेर खालि देशभक्तिको सोझो बाटो लागौँ ।"

प्रश्नहरू

(क) 'म' पात्रको मनले के पुष्ट्याइँ गऱ्यो ?

(ख) कसले सङ्गठन गर्न थालेको गुप्ती खबर सुनियो ?

(ग) कुन खबरले आश्वासन दियो ?

(घ) राजेन्द्रलक्ष्मीले बहादुर शाहलाई किन नजरबन्दबाट छुटाइन् ?

५. दिइएका संवाद कसले कसलाई भनेका हुन् ? पहिचान गर्नुहोस् :

(क) दयाको फल मैले पाएँ ।

(ख) बाहिरी शत्रुलाई उठ्न दिनाको मूल कारण घरझगडा हो ।

(ग) यसरी हामीले आगो र पानी बन्नु ठिक होइन ।

(घ) कनसुत्लो जस्ता कुरौटेहरूले नै हाम्रो वैमनस्य बढाइदिएका हुन् ।

(ङ) डोरीले हात्तीलाई हलचल गर्न दिँदैन भन्ने तपाईंलाई थाहा छैन ?

६. 'घरझगडा' कथा पढी दिइएका घटनाहरूलाई क्रम मिलाएर लेख्नुहोस् :

(....) बहादुर शाहले भाउजूको मिलमिलापको प्रस्तावलाई स्वीकार गर्नु

(....) आफूलाई अप्ठेरो पर्ने स्थिति पहिचान गरी राजेन्द्रलक्ष्मीले बहादुर शाहलाई नजरबन्दबाट मुक्त गरी मेलमिलाप गर्न चाहना राख्नु

(.....) राजेन्द्रलक्ष्मी र बहादुर शाहबिचको मनमुटाव पुनः बढ्न थाल्नु

(.....) राजेन्द्रलक्ष्मीले बहादुर शाहलाई नजरबन्द गर्नु

(.....) मुस्किलसँग नजरबन्दबाट छुटेपछि राजेन्द्रलक्ष्मीले देवर बहादुर शाहलाई नकारात्मक रूपमा सोच्नु

(.....) समस्याको भुमरीमा फसेपछि राजेन्द्रलक्ष्मी कुनै पनि निकास नदेखेर छटपटीमा पर्न थाल्नु

(.....) बहादुर शाह देश छोडेर बेनिया पुगेको खबर थाहा पाउनु

(.....) बहादुर शाहले भाउजूलाई आमासरहको श्रद्धा भएको बताउनु

(.....) बहादुर शाहसँग सुमधुर सम्बन्ध कायम गर्न नसकेकामा राजेन्द्रलक्ष्मी पछुतो लाग्नु

(.....) बहादुर शाहलाई नजरबन्दमुक्त गरेकामा राजेन्द्रलक्ष्मीलाई पछुतो लाग्नु

७. दिइएको कथांश पढी चारओटा प्रश्न निर्माण गरी तिनका उत्तर पनि लेख्नुहोस् :

एकछिन वाल्ल परेर बहादुर शाहले भने, "खुब विचार गरिरहेको छु । खास जननीकै रूपमा नारी जातिलाई पाएको हुँ । नारी सिर्जना र शक्तिको अवतार हो भन्ने खुद मलाई थाहा छ । के गरूँ उज्यालाका निम्ति बालेको बत्तीले आगलागी हुने सम्भावना देखिएपछि देश बचाउनका लागि उपचार गर्नैपर्ने रहेछ । व्यक्तिगत विरोधलाई अँगालेर यसो गरेको होइन । मुमाको मूर्ति सम्झेर हजुरमाथि मेरो पूरा श्रद्धा छ । हाम्रो आपसी घात प्रतिघातले मातृभूमिको अँध्यारो भविष्य देखापर्दा बाध्य भएर नै यो काम मैले गरेको हुँ । वास्तवमा नायबी सेनाको निम्ति मरिमेट्ने गिद्ध म होइन । यदि छोड्दे भन्ने हुकुम हुन्छ भने अहिले नै तयार छु ।"

८. दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

(क) राजेन्द्रलक्ष्मीले बहादुर शाहलाई किन नजरबन्द गरिन् ?

(ख) राजेन्द्रलक्ष्मीले आफूलाई किन ग्वाँग्री ठानेकी हुन् ?

(ग) 'घरझगडा' कथामा कस्तो परिवेश चित्रण भएको छ ?

(घ) 'घरझगडा' कथाको सन्देश लेख्नुहोस् ।

९. दिइएको उदाहरण पढी 'घरझगडा' कथाकी पात्र राजेन्द्रलक्ष्मीको चारित्रिक विशेषता लेख्नुहोस् :

### बहादुर शाहका चारित्रिक विशेषता

बहादुर शाह 'घरझगडा' कथाका प्रमुख पुरुष पात्र हुन् । उनी नेपालको एकीकरण अभियानका प्रारम्भकर्ता पृथ्वीनारायण शाहका कान्छा छोरा हुन् । राजेन्द्रलक्ष्मीका देवर तथा रणबहादुर शाहका काका हुन् । राजा प्रतापसिंह शाहको अकालमा मृत्यु भयो । राजकुमार रणबहादुर नाबालक भएकाले बहादुर शाहले नायबी बनेर राजकीय परम्परालाई निरन्तरता दिए । अर्कातिर आफ्ना पिता पृथ्वीनारायण शाहद्वारा प्रारम्भ गरिएको नेपाल एकीकरण अभियानलाई निरन्तरता दिइरहे । भाउजू राजेन्द्रलक्ष्मीसँग सत्ताको विषयलाई लिएर मनमुटाव भयो । बहादुर शाहले घरझगडाको मुख्य कारण कनसुत्ला जस्ता कुरौटेहरू भएको बुझेका थिए । भाउजूले घरझगडाको कारण पहिचान नगरी उल्टै बहादुर शाहलाई नजरबन्द गरिदिँदा उनीसँग सहनुबाहेक कुनै विकल्प देखिँदैन । राष्ट्र निर्माण कार्यलाई निरन्तरता दिन खोज्ने बहादुर शाह नजरबन्दमा पर्न विवश भए । कालान्तरमा भाउजूसँगको सम्बन्ध सुमधुर हुन नसकेपछि उनी

भारतको बेतियतिर पुग्छन् । अत: 'घरझगडा' कथामा बहादुर शाह देशभक्त, निष्ठावान्, पराक्रमी जस्ता असल चरित्र हुँदाहुँदै पनि नजरबन्दमा पर्ने तथा देश छोडेर हिँड्नुपर्ने अभागी पात्रका भूमिकामा देखिन्छन् ।

१०. 'घरझगडा' कथाको सार लेख्नुहोस् ।

११. दिइएको उदाहरण हेरी तार्किक उत्तर लेख्नुहोस् :

(क) राजेन्द्रलक्ष्मीले आफ्ना देवर बहादुर शाहलाई नजरबन्द गर्नु उपयुक्त थियो वा थिएन ? तर्क दिनुहोस् :

बहादुर शाह नेपाल राज्यको एकीकरणका महानायक पृथ्वीनारायण शाहका कान्छा सुपुत्र हुन् । बहादुर शाहले आफ्ना पिताबाट नेपाल एकीकरणको आवश्यकता बुझेका थिए । पृथ्वीनारायण शाहको निधनपश्चात् शासनसत्ता उनका दाजु प्रताप सिंह शाहको हातमा पुग्यो । उनको अल्पायुमा निधन भएकाले केही समय बहादुर शाहले भतिजो रणबहादुरको नायबी बनेर शासन चलाए । त्यसैगरी नेपालको एकीकरण अभियानलाई निरन्तरता पनि दिइरहे । बहादुर शाहको राष्ट्र र राष्ट्रियता प्रतिको समर्पणको भावनालाई उनकी भाउजू राजेन्द्रलक्ष्मीले बुझ्न सकिनन् । उनले बहादुर शाहलाई शङ्का उपशङ्काको दृष्टिले हेरिन् । शासनसत्ता बहादुर शाहले हत्याउन लागेको ठानिन् । फलस्वरूप बहादुर शाहलाई नजरबन्द गरिदिइन् । राजेन्द्रलक्ष्मीले आफ्नो परिस्थिति प्रतिकूल हुँदा बहादुर शाहलाई नजरबन्द मुक्त गरिदिने र अनुकूल हुँदा पुन: नजरबन्द गरिदिने हुनाले बहादुर शाह आजित भएका थिए । बहादुर शाहको भित्री मनसाय शासनसत्ता आफ्नो हातमा लिनु पनि थिएन । उनले चाहेका भए भाउजूसँग विद्रोह गरेर भए पनि आफू सत्तामा पुग्न सक्थे । बहादुर शाहलाई राष्ट्र र राष्ट्रियता बचाउनु थियो । आफ्ना पिताको विशाल नेपालको सपना साकार पार्नुथियो । आफ्नो नि:स्वार्थ भावनालाई भाउजूले नबुझेपछि बहादुर शाह भारतको बेतिया गए ।

नि:स्वार्थ भावनाले परिवारको राजकीय परम्परालाई निरन्तरता दिँदै नेपालको एकीकरण अभियानमा सक्रिय बहादुर शाहलाई राजेन्द्रलक्ष्मीले बुझ्न सकिनन् । बहादुर शाह पटक पटकको नजरबन्दबाट विचलित भएका थिए । उनले आफ्नो स्वाभिमानसँग सम्झौता गरेर बस्नुभन्दा विदेशको भूमिमा शरणार्थी बन्नु उपयुक्त ठाने । तत्कालीन राजनीतिक अवस्थामा उनको ज्यानसमेत जोखिममा थियो । 'मर्नुभन्दा बौलाउनु जाति' भने झैँ बहादुर शाह भारतको बेतिया जानु उपयुक्त थियो ।

(ख) राजेन्द्रलक्ष्मी र बहादुर शाहबिच मेलमिलाप भएको भए राष्ट्रलाई के फाइदा हुन्थ्यो होला ? तर्क दिनुहोस् :

१२. दिइएका बुँदाका आधारमा दिइएको उद्धरणको व्याख्या गर्नुहोस् :

बाहिरी शत्रुलाई उठ्न दिनाको मूल कारण घरझगडा हो ।

मुख्य मुख्य बुँदाहरू

(क) एकआपसमा विचार नमिल्नाले तथा स्पष्टसँग आफ्ना कुरा नराख्नाले झगडा हुने

(ख) झगडाले शान्ति, सद्भाव र सहकार्यमा खलबल ल्याउने

(ग) शङ्का, उपशङ्का र घात प्रतिघातले एकअर्कामा विश्वासको वातावरण बन्न कठिनाइ हुने

(घ) पारिवारिक सम्बन्ध विकास र समृद्धिका लागि एकता अपरिहार्य हुने

(ङ) घरझगडाले पारिवारिक सम्बन्धका साथै उन्नति तथा प्रगतिमा अवरोध ल्याउने

(च) पारिवारिक एकता टुटेको थाहा पाएपश्चात् शत्रुहरूले शिर उठाउने मौका पाउने

(छ) बाहिरी शत्रुलाई कमजोर बनाउनु पर्नेमा घरभित्रै कमजोर बन्नुपर्ने

(ज) अन्ततः घरझगडाका कारण पारिवारिक पहिचान र व्यक्तिगत अस्तित्व नै समाप्त हुने

१३. दिइएको नमुना उत्तर हेरी समीक्षात्मक उत्तर लेख्नुहोस् :

(क) 'घरझगडा' कथाले तत्कालीन नेपालको राजनीतिक अवस्थालाई कसरी चित्रण गरेको छ ?

'घरझगडा' कथाका रचनाकार बदरीनाथ भट्टराई हुन् । यस कथाले नेपालको शाहवंशीय शासन परम्पराको वास्तविकतालाई उजागर गरेको छ । आधुनिक नेपालका निर्माता पृथ्वीनारायण शाहले गोरखा राज्यबाट एकीकरण अभियान आरम्भ गरेका थिए । उनको महान् अभियानका कारण ससाना रजौटामा विभाजित राज्य गाभिएर नेपाल राष्ट्र बन्ने सौभाग्य प्राप्त गर्‍यो । तिनै व्यक्तिको उत्तराधिकारीहरूले आफ्ना पिता तथा ससुराको मर्म र भावनालाई आत्मसात् गर्न नसक्दा आइपरेका सङ्कटहरू कहालीलाग्दा छन् । पारिवारिक एकताबाट मात्र आर्थिक तथा भावनात्मक सम्बन्ध सञ्चय गर्न सम्भव छ । त्यसमाथि पनि मुलुकको राजकीय अभिभारा बोकेको परिवारले एवम् राष्ट्रिय जिम्मेवारी बोध गर्नु अपरिहार्य हुन्छ । यसका विपरीत प्रतापसिंह शाहको निधनपश्चात् रणबहादुर शाह नाबालक थिए । उनी नाबालक भएको अवस्थामा नायबीबाट शासनसत्ता सञ्चालन गरिन्थ्यो । रणबहादुरकी आमा राजेन्द्रलक्ष्मी र काका बहादुर शाह नायबीका लागि हकदार थिए । यद्यपि भाउजू राजेन्द्रलक्ष्मी र देवर बहादुर शाहबिचको घरझगडाले उग्र रूप लिन पुग्यो ।

राजेन्द्रलक्ष्मीले आफू नजरबन्दबाट छुटेपछि विगतलाई समीक्षा गर्न थाल्छिन् । आफ्ना देवर बहादुर शाहलाई अति विश्वास गरी राजकीय जिम्मेवारी सुम्पिनु नै गल्ती भएको उनको ठहर थियो । आफ्ना विश्वासी भारदारहरूसँग सहकार्य गरी अघि बढ्ने उनको चाहना देखिन्छ । राजेन्द्रलक्ष्मीले बहादुर शाहसँग प्रतिरोधको भावना लिएकी हुन्छिन् । देश र सन्तानका लागि आफू पृथ्वी झैँ क्षमा र स्थिरताको अवतार बनेर आफ्नो आदर्शलाई कार्यरूपमा ढालेको उनको ठहर देखिन्छ । आफ्ना श्रीमान्को निधन पश्चात् बेतियाबाट आएर बहादुर शाहले सहयोग गर्नु शासन हत्याउने प्रयास भएको उनको जिकिर छ । दलजित शाहसँग मिलेर दाजुका विरुद्धमा जालो बुनेको बहादुर शाहले भतिजामाथि पुत्रस्नेह राख्लान् भन्ने भरोसा गर्नुका कारण राजेन्द्रलक्ष्मीलाई हीनताबोध भएको छ । देवरसँग अविश्वास बढेपछि उनले बहादुर शाहलाई नजरबन्द गरिदिन्छिन् ।

राजेन्द्रलक्ष्मी र बहादुर शाहबिचको सम्बन्धमा खटपट आएको खबर छिमेकी रजौटाहरूसम्म पुग्छ । उनीहरू मौकाको फाइदा उठाउन सङ्गठित हुन थाल्छन् । पाल्पा, पर्वत र तनहुँसँगको युद्धमा बली बानियाँलगायत केही वीरहरू साहदत भएको खबर दरबारमा आइपुग्छ । राजेन्द्रलक्ष्मीलाई आफ्ना ससुरा पृथ्वीनारायण शाहद्वारा थालनी भएको एकीकरण अभियानलाई निरन्तरता दिन हम्मे हम्मे पर्छ । यस्तो जटिल अवस्थालाई निकास दिन सक्ने व्यक्ति बहादुर शाहमात्र भएकाले राजेन्द्रलक्ष्मीले उनलाई नजरबन्द मुक्त गरिदिन्छिन् । विगतका मनमुटावलाई बिर्सिएर राष्ट्र निर्माणको अभियानमा लाग्न आग्रह गर्छिन् । भाउजूको निर्णयमा बहादुर शाहले पनि समर्थन जनाउँछन् । कुरौटे भारदारहरूका कारण आपसमा फाटो आएको गुनासो गर्छन् । राजेन्द्रलक्ष्मी र बहादुर शाहबिचको सम्बन्ध लामो समयसम्म टिक्न सकेन । राजकीय सत्तामा घात प्रतिघातका खेलहरू चल्न थाले । विश्वासको वातावरण बन्न सकेन । राजेन्द्रलक्ष्मीले बहादुर शाहलाई नायबीमा राल काढेको आरोप लगाइन् । सावधानीपूर्वक आफ्ना गतिविधि सञ्चालन गर्न खबरदारी गरिन् । प्रत्युत्तरमा बहादुर शाहले भाउजूलाई आमासरह श्रद्धा गरेको बताए । नारी सिर्जना र शक्तिको अवतार भएको तर्क गरे । आफूले नायबीका लागि लोभ नगरेको स्पष्टीकरण दिए ।

राजेन्द्रलक्ष्मी र बहादुर शाहबिचको सम्बन्ध चर्किएको माटाको भाँडो जस्तो भयो । भाउजूको पटक पटकको अविश्वास र कारबाहीका कारण बहादुर शाहको स्वाभिमानमा चोट लाग्यो । उनी आफ्नो सुरक्षाका लागि 'मर्नुभन्दा बौलाउनु निको' ठान्दै बेतिया गए । राजेन्द्रलक्ष्मीलाई नजिकबाट सहयोग गर्ने कोही भएनन् । उनी पुन: सङ्कटको अवस्थामा पुगिन् । उनी बहादुर शाहका सकारात्मक भूमिका स्मरण गर्न थालिन् । राजेन्द्रलक्ष्मीलाई आफैँप्रति पश्चात्ताप लाग्यो । छिमेकी रजौटाहरू मिलेर गोरखामा हमला गर्न लागेको खबर आयो । उनी के गर्ने के नगर्ने भनी द्विविधामा परिन् ।

यसप्रकार 'घरझगडा' कथाले राजकीय सत्ताका लागि अनेकौँ दाउपेच हुने गरेको विषयवस्तु प्रस्तुत गरेको छ । घात प्रतिघात र शङ्का उपशङ्काले परिवारमा विद्रोह निम्तिएको देखाइएको छ । तत्कालीन नेपालको राज्य सञ्चालन नीतिनियमबाट नभई व्यक्तिवादी तवरबाट हुने गरेको कमजोरी औँल्याइएको छ ।

(ख) राजेन्द्रलक्ष्मी घरझगडाका कारण कसरी समस्यामा परिन् ? समीक्षात्मक उत्तर लेख्नुहोस् ।

१४. दिइएका बुँदाहरूका आधारमा छोटो कथा लेख्नुहोस् :

कुनै गाउँमा एक जना स्वार्थी मानिस बस्नु ............ ऊ असाध्यै घमन्डी हुनु .................. गाउँलेका सुखदुःखमा सहभागी नहुनु .......................... गाउँलेलाई सित्तैँमा काममा लगाउनु .................... उसको व्यवहारले गाउँलेहरू रिसाउनु .................. एक दिन सबै गाउँलेहरू चौतारामा भेला हुनु ............ अबदेखि स्वार्थी मानिसलाई सहयोग नगर्ने निर्णय गर्नु .......... एक पटक स्वार्थी मानिसका घरमा चोर आउनु ........... उसले गाउँमा गुहार माग्नु ................ कसैले पनि सहयोग नगर्नु .................... स्वार्थी मानिसले कुरा बुझेर माफी माग्नु ...................... एक हातले मात्र ताली नबज्ने ............................... एकआपसमा सहयोग गर्दा सबैको कल्याण हुने ।

१५. दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

सीता, नवीन र लक्ष्मी सँगसँगै बसेर परीक्षाको तयारी गर्न थाले । उनीहरू अलमलमा परेका विषयवस्तुमा छलफल गर्थे । कतिपय प्रश्नका उत्तरहरू लेखेर कापी साटासाट गरी परीक्षण गर्थे । पढाइलेखाइका सन्दर्भमा समीक्षा गर्थे । शनिबारका दिन उनीहरू अध्ययनसम्बन्धी छलफल सकेर बजार गए । सीताले जुत्ता किनिन् । नवीनले कमिज किने । लक्ष्मीले चाहिँ घडी किनिन् । किनमेल गरिसकेपछि सबै जना मेला हेर्न गए । लाइनमा बसे, टिकट लिए । मेलाको आकर्षण नाचगान, खेलकुद र प्रहसनमा थियो । महिला तथा पुरुषको समूहमा विभाजन भएर कलाकारहरू लोक दोहोरी गाइरहेका थिए । दर्शकहरू पनि कलाकारसँगै गीत गाएर साथ दिइरहेका थिए । कोही कोही नाच्दै पनि थिए । मेलाको अर्कोतिर खेलकुद सञ्चालित थियो । दर्शकहरू खेलाडीलाई ताली बजाएर हौसला दिइरहेका थिए । खेलकुदका कार्यक्रम हेर्दै नवीनले भने, "अचेल त महिलाहरू पनि खेलकुदका कार्यक्रममा सहभागी हुन थालेछन् । यो गौरवको कुरा हो ।" अरू साथीहरूले पनि नवीनको विचारमा सहमति जनाए । उनीहरू मेला घुम्दै प्रहसन भएको ठाउँमा पुगे । कलाकारहरू सामाजिक विकृति र विसङ्गतिप्रति तिखो घोचपेच गर्दै थिए । वास्तवमा हामीले पनि हाम्रा चालचलन रीतिरिवाज र संस्कृतिलाई भुल्न हुँदैन । यी कुराहरू भुल्यौँ भने हाम्रो पहिचान नै समाप्त हुन्छ । उनीहरूले करिब दुई घण्टा मेलामा समय बिताए । त्यसपछि सरासर घर फर्किए ।

प्रश्नहरू

(क) उत्तर लेख्नुहोस् :

(अ) सीता, नवीन र लक्ष्मी कसरी अध्ययन गर्थे ?

(आ) सीता, नवीन र लक्ष्मी छलफल सकिएपछि कहाँ गए ?

(इ) मेलालाई के केले आकर्षित बनाएको थियो ?

(ई) हामीले चालचलन, रीतिरिवाज र संस्कृति किन भुल्नुहुँदैन ?

(ख) भाषा संरचना पहिचान गर्नुहोस् :

(अ) 'अध्ययन' र 'दर्शक' शब्दको अर्थ लेख्नुहोस् ।

(आ) 'लिए' र 'थालेछन्' क्रियापदको धातु पहिचान गर्नुहोस् ।

(इ) अनुच्छेदबाट एक एकओटा सकर्मक र अकर्मक वाक्य पहिचान गरी लेख्नुहोस् ।

(ई) अनुच्छेदबाट सुरु, बिच र अन्त्यमा दीर्घ ईकार प्रयोग भएका दुई दुईओटा शब्द पहिचान गरी लेख्नुहोस् ।

१६. दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :

सुमित्राले ६ महिने सिलाइसम्बन्धी तालिम लिइन् । यति छोटो समयमा नै कपडा काट्न र सिलाउन सिपालु भइन् । उनको सिपका सन्दर्भमा टोलछिमेकमा पनि चर्चा हुन थाल्यो । स्थानीय सिलाइ केन्द्रबाट उनलाई जागिरका लागि अनुरोध आउन थाले । सुमित्रा आफैँ सिलाइ

केन्द्र सुरुआत गरी स्वरोजगार बन्न चाहन्थिन् । उनीसँग सिलाइ केन्द्र सञ्चालनका लागि आवश्यक रकम थिएन । बुबाआमाको आर्थिक अवस्था पनि सन्तोषजनक थिएन तापनि सुमित्राले परिवारमा सरसल्लाह गरिन् । बुबाआमाले सुमित्राको विचारमा सहमति जनाउनुभयो । सिलाइ केन्द्र सञ्चालनका लागि अपुग रकमका लागि सहकारीबाट ऋण लिने सल्लाह भयो । सुमित्रा बुबाआमाको आज्ञाअनुसार सिलाइ केन्द्र सञ्चालनको तयारीमा लागिन् ।

> सुमित्राले जस्तै तपाईंले पनि आफ्ना अभिभावकको सल्लाह लिएर के के काम गर्नुभएको छ ? स्मरण गरी आफ्ना भाइबहिनीलाई सुनाउनुहोस् ।

## सुनाइ र बोलाइ

१. सुनाइ पाठ २ सुन्नुहोस् र दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

(क) नारी चेतनामूलक गोष्ठी कहाँ चलेको थियो ?

(ख) कसले कार्यक्रमको अध्यक्षता गरेकी थिइन् ?

(ग) गोष्ठी कति बजे समाप्त भयो ?

(घ) उर्मिलाले बन्द ढोकालाई किन हेरिरहिन् ?

२. सुनाइ पाठ २ 'आडम्बर' कथाको सन्देश के हो ?

## भाषिक संरचना र वर्णविन्यास

१. दिइएको अनुच्छेद पढ्नुहोस् र उदाहरण हेरी क्रियापदका धातु लेख्नुहोस् :

धारामा पानी आयो । मैले सिरकका खोल र केही मैला कपडा भिजाएँ । भाइले कपडामा साबुन लगायो । मैले कपडा पखालेर सुकाएँ । घाम चर्किएको थियो । केही बेरमा कपडा सुके । भाइ र म करेसाबारीमा गयौँ । बुबाले सुकेका कपडा झिक्नुभएछ । आमाले खाजा बनाउनुभएछ । सबै जना जम्मा भएर खाजा खायौँ ।

*उदाहरण :*

| क्रियापद | धातु |
|---|---|
| आयो | आउ |
| भिजाए | |

२. दिइएको उदाहरण हेरी 'भन', 'जा', 'पढ्', 'खेल्' धातुबाट क्रियापद बनाउनुहोस् :

हिँड्: हिँड्यो, हिँड्छ, हिँड्ला, हिँड्दै छ, हिँड्ने छ, हिँडेको छ, हिँडिन्छ, हिँडेछ, हिँड्थ्यो, हिँडुन्, हिँडेस्

३. 'घरझगडा' कथाको पहिलो अनुच्छेदबाट क्रियापद टिपोट गरी वाक्यमा प्रयोग गर्नुहोस् ।

४. तलको अनुच्छेद पढी रेखाङ्कन गरिएका शब्द बुझ्नुहोस् :

हामीले बचत गर्ने बानी गर्नुपर्छ । आफूसँग भएको थोरै थोरै रुपियाँ जम्मा गरेर रकम बढाउन सकिन्छ । आवश्यक पर्दा त्यही बचत लेख्ने, पढ्ने जस्ता महत्त्वपूर्ण सामग्रीमा खर्च गर्न सकिन्छ ।

| |
|---|
| माथिको अनुच्छेदमा रेखाङ्कन गरिएका पद कृदन्त हुन् । धातुमा जोडिने प्रत्ययलाई 'कृत' प्रत्यय भनिन्छ । 'कृत' प्रत्ययबाट निर्माण भएका शब्द नै कृदन्त शब्द हुन् । जस्तै : बच् + अत = बचत, हु + एको = भएको, गर + एर = गरेर, लेख् + ने = लेख्ने, पढ् + ने = पढ्ने |

५. 'घरझगडा' कथाको दोस्रो अनुच्छेदबाट चारओटा कृदन्त पद पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

६. तालिकामा दिइएका वाक्य पढ्नुहोस् र सकर्मक र अकर्मक क्रियापद बुझ्नुहोस् ।

| सकर्मक क्रिया | अकर्मक क्रिया |
|---|---|
| (क) भाइले पत्रिका किन्यो । | (क) सबै जना भोजमा गए । |
| (ख) तिमीले मामालाई चिठी लेखेछौ । | (ख) आज त रातभरि निदाएँ । |
| (ग) अस्मिता गीत गाउँछिन् । | (ग) आमा जुरुक्क उठ्नुभयो । |
| (घ) काका राम्रो कथा लेख्नुहुन्छ । | (घ) रमेश सरासर यहाँ आयो । |

वाक्यमा प्रयोग हुँदा कर्मको अपेक्षा गर्ने क्रियालाई सकर्मक क्रिया भनिन्छ । वाक्यमा प्रयोग हुँदा कर्मको अपेक्षा नगर्ने क्रियालाई अकर्मक क्रिया भनिन्छ । समामान्यतया सकर्मक क्रियासँग 'के' वा 'कसलाई' भनेर वाक्यमा प्रश्न गर्दा उत्तर आउँछ तर अकर्मक क्रियामा चाहिँ उत्तर आउँदैन ।

७. दिइएको अनुच्छेद पढी सकर्मक र अकर्मक क्रिया टिपोट गर्नुहोस् :

सविना गाउँमा बस्छिन् । सविनाले बगैँचामा फूका बिरुवा रोप्छिन् । उनलाई फुर्सदमा कुनै न कुनै काम गर्न मन लाग्छ । उनी नाचगानमा पनि सिपालु छिन् । उनको बानीव्यहोरा पनि असल छ । उनी कसैलाई पनि भेदभाव गर्दिनन् । उनी सधैँ बिहान सबेरै उठ्छिन् । घरको सरसफाइ गर्छिन् । पसलमा गएर पत्रिका किनेर ल्याउँछिन् । समाचार पढ्छिन् । उनी दुःखीहरूको सेवा गर्छिन् । मानिसहरू उनको प्रसंसा गर्छन् ।

८. उदाहरण हेरी दिइएका शब्दलाई तालिकामा लेख्नुहोस् :

दीप, साथी, सीमा, जरुरी, जीवन, परीक्षा, ईश्वर, खेतबारी, प्राचीन, स्वीकार, कैलाली, सीता, साठी, भवदीय, कानुनी, शीर्षक, नेपाली, यी, अतीत, एकीकरण

| शब्दको सुरुमा दीर्घ ईकार | शब्दको बिचमा दीर्घ ईकार | शब्दको अन्त्यमा दीर्घ ईकार |
|---|---|---|
| दीप | परीक्षा | जरुरी |

९. 'घरझगडा' कथाबाट शब्दको सुरु, बिच र अन्त्यमा दीर्घ ईकार प्रयोग भएका दुई दुईओटा शब्द टिपोट गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

१०. दिइएको अनुच्छेदलाई शुद्धपारी पुनर्लेखन गर्नुहोस् :

तिं केटाकेटीहरू आध्यै ज्ञानि छन् । आफूसँग सिमित साधनस्रोत भए पनि तीनको उपयोग गर्छन् । बीहानबेलुकी घरको काम गर्छन् । हामिले अतित होइन भविष्य हेरेर काम गर्नुपर्छ । शितल छहारिमा बसेर आरामपूर्वक लक्ष्यमा पुग्न सकींदैन ।

## सिर्जना र परियोजना कार्य

१. दिइएका बुँदाका आधारमा कथा रचना गर्नुहोस् :

(क) कुनै परिवारका दाजुबहिनी मामाघर हिँड्नु

(ख) मामाघर टाढा भएकाले टिकट काटेर बस चढ्नु

(ग) यात्रामा रोकिएर खाजा खानु

(घ) खाजाको पैसा तिरेर दुवै जना बस चढ्नु

(ङ) बसमा दाजु केहीबेर निदाउनु

(च) बसपार्क पुगेपछि होहल्लाले ब्युँझिनु

(छ) खल्तीमा पैसा छाम्दा नभेटिनु

(ज) पकेटमारले पैसा चोर्नु

(झ) दाजुबहिनी समस्यामा पर्नु

(ञ) मामालाई फोन गरेर बसपार्क बोलाउनु

२. कुनै ऐतिहासिक सन्दर्भमा आधारित भई मुख्य मुख्य बुँदा टिपोट गरी कथा तयार पार्नुहोस् ।

## थप स्वाध्याय सामग्री

### कथा रचना

### परिचय

घटनाहरूलाई सिलसिला मिलाएर लेखिने साहित्यिक रचना नै कथा हो । कथाकारको उद्देश्य र पाठकको स्तरअनुसार कथा लामो वा छोटो संरचनामा संरचित हुन सक्छ । कथा सामान्यतया आदि, मध्य र अन्त्यको क्रमबद्ध शृङ्खलामा रचना गरिएको हुन्छ । कथा रचनाका लागि विषयवस्तु, पात्र, परिवेश, भाषाशैली आदि अपरिहार्य हुन्छ । कथा निर्देशित वा स्वतन्त्र ढङ्गमा रचना गर्न सकिन्छ । निर्देशित कथामा चाहिँ शीर्षक मात्र तोकिएको हुन्छ । लेखक स्वयम्ले विषयवस्तु छनोट गरेर पनि स्वतन्त्र कथा रचना गर्न सक्छन् ।

कथा रचना गर्ने तरिका

१. कथाको रूपरेखा कल्पना गरी विषयवस्तुलाई आदि, मध्य र अन्त्यको ढाँचामा विभाजन गर्नुपर्छ ।

२. कथाको घटना र पात्रअनुसारको परिवेश तयार पार्नुपर्छ ।

३. कथालाई रोचक र यथार्थपूर्ण बनाउन संवाद वा कुराकानी प्रयोग गर्नुपर्छ ।

४. कथामा रचनाकारको विचार, भनाइ आदिलाई पात्रकै माध्यमबाट अभिव्यक्त गर्नुपर्छ ।

५. कथामा द्वन्द्व अनिवार्य हुन्छ । सामान्यतया पात्रका माध्यमबाट द्वन्द्व सिर्जना गर्नुपर्छ ।

६. प्रस्तुतिलाई सरल र शृङ्खलाबद्ध बनाउनुपर्छ ।

७. शीर्षक र विषयवस्तुबिच सन्तुलन मिल्नुपर्छ ।

८. अभ्यास चरणमा बुँदा बनाएर कथा लेखन गर्नु उपयुक्त हुन्छ ।

९. समाज, इतिहास, पुराण आदि क्षेत्रबाट कथावस्तु लिन सकिन्छ ।

१०. अरू कथाकारका कथा पढी आफ्नो मौलिक शैलीलाई परिष्कार बनाउनुपर्छ ।

## पाठ ३ : निबन्ध

# चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा

परिचय

कुनै विषयवस्तुमा आधारित भएर त्यससम्बन्धी सत्यतथ्य, लेखकको कल्पना र विचारसमेत थपी क्रमबद्ध रूपमा गरिएको अभिव्यक्ति निबन्ध हो । विषयवस्तुको सूचना प्रवाह, सत्यतथ्यको पुष्टि र विश्लेषण गरिएको निबन्ध वस्तुपरक हो । यस्ता निबन्धमा तृतीय पुरुषको कर्ता प्रगोग गरिएको हुन्छ । यस प्रकारका निबन्धलाई प्रबन्ध पनि भनिन्छ । निबन्धकारले आफ्ना मनका अनुभूति, भावना, कल्पनालाई महत्त्व दिएर लेखिएको निबन्ध आत्मपरक हुन्छ । यस्तो निबन्धमा प्रथम पुरुष बुझाउने 'म, हामी' जस्ता सर्वनामको प्रयोग गरिएको हुन्छ । यस प्रकारका निबन्धमा वस्तुको परिचयभन्दा व्यक्तिको अनुभव पोखिएको हुन्छ । आत्मपरक निबन्धलाई निजात्मक वा भावपरक पनि भन्ने गरिन्छ ।

प्रस्तुत 'चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा' वस्तुपरक निबन्ध हो । यस निबन्धमा चिकित्सा विज्ञानका आाधुनिक तथा प्राचीन उपचार पद्धति, तिनीहरूको महत्त्व र प्रभावकारिताका बारेमा चर्चा गरिएको छ । यस्तै प्राचीन चिकित्सा पद्धतिअन्तर्गत आयुर्वेदिक उपचार पद्धति, यसका विविध पक्ष तथा वर्तमान परिप्रेक्ष्यमा नेपालमा यसको अवस्था, आवश्यकता र लोकप्रियताका विषयमा चर्चा गरिएको छ ।

*सिकाइ उपलब्धि*

१. सस्वर र मौन पठन गरी विषयवस्तु बोध गर्न

२. पाठगत शब्दको उच्चारण, अर्थबोध र प्रयोग गर्न

३. पाठमा प्रयुक्त प्राविधिक/पारिभाषिक शब्दको पहिचान र प्रयोग गर्न

४. निबन्धको संरचना, ढाँचा र शैली पहिचान गर्न

५. प्रश्नोत्तर, व्याख्या र समीक्षात्मक लेखन गर्न

६. निजात्मक अनुच्छेद रचना गर्न

७. बुँदा टिपोट र सारांश लेख्न

८. सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना गर्न

९. उपसर्ग र प्रत्यय लागेका शब्द पहिचान गर्न तथा उपसर्ग र प्रत्यय लगाई शब्द निर्माण गर्न

१०. शब्दको आदि, मध्य र अन्त्यमा ह्रस्व उकार लागेका शब्द पहिचान र प्रयोग गर्न

## मूल पाठ

स्वस्थ तनलाई खुसी मनको आधार मानिन्छ । मानिसका आफ्नै असावधानीका कारण रोगव्याधिले शरीरमा अनधिकृत रूपमा प्रवेश पाउँछन् र तिनले शारीरिक शक्ति र मनका खुसी लुट्न पुग्छन् । मान्छेले त्यसबाट मुक्ति पाउन प्रयत्न गर्छ । मानव शरीर एवम् मनमाथि आक्रमण गर्ने ती रोगव्याधि विरुद्ध प्रत्याक्रमण गरी त्यसलाई दमन तथा शमन गर्न चिकित्सा विज्ञानको प्रादुर्भाव भएको मानिन्छ । यस विज्ञानले मानिसको तन र मनलाई रोगमुक्त पार्ने प्रयत्न गर्छ । चिकित्सा विज्ञानका एलोप्याथिक चिकित्सा र आयुर्वेद चिकित्सा दुई किसिमका उपचार पद्धति सबैभन्दा बढी प्रयोगमा छन् । पाश्चात्य विज्ञानले दिएको अद्वितीय वरदान एलोप्याथिक चिकित्सा पद्धति हो भने पूर्वीय वैदिक एवम् प्राच्य सभ्यताले दिएको अभूतपूर्व उपहार हो ।

आधुनिक चिकित्सा र आयुर्वेद चिकित्साका अनेकौँ अर्थ छन् । चिकित्सा शब्दको व्युत्पत्तिमूलक अर्थ 'रोग हटाउने इच्छा' हो । यसै अर्थभित्र औषधोपचार, इलाज, ओखती गर्ने काम, रोगको पहिचान, रोग निरूपण, र रोग निदान  जस्ता उस्तै उस्तै अनेक अर्थहरू समाविष्ट हुन्छन् ।



*चित्र १ : अकुपन्चर पद्धतिबाट उपचार*



*चित्र २ :  आधुनिक पद्धतिबाट उपचार*

### शब्दार्थ

*असावधानी* : *बेहोसीपन*

*व्याधि* : *शारीरिक रोग, व्यथा, वेदना*

*अनधिकृत* : *अधिकारपूर्वक नगरिएको, आधिकारिक नभएको*

*शमन* : *कुनै बाधा, विकार आदिलाई शान्त पार्ने काम*

*प्रादुर्भाव* : *उत्पत्ति, प्रकट, नयाँ वस्तुको आविष्कार,*

*प्राच्य* : *प्राचीन, पहिलेको, पुरानो, पुरातन*

*अद्वितीय* : *अर्को दोस्रो नभएको*

*अभूतपूर्व* : *पहिले कहिल्यै नभएको*

*समाविष्ट* : *समावेश भएको*

यसरी सामान्य अर्थमा रोगले सताउँदा रोगबाट मुक्ति पाउनका लागि गरिने उपचारलाई चिकित्सा भनिन्छ । व्यापक अर्थमा भने रोग लाग्नु अगावै स्वास्थ्यलाई जोगाउन र रोग लाग्न नदिनका लागि गरिने विविध खालका उपायहरूसमेत चिकित्सा शब्दभित्रै समेटिन्छन् । चिकित्सा विज्ञानका लागि आयुर्विज्ञान शब्दको पनि प्रयोग हुन्छ । चिकित्सा शब्दले रोगको मूल जरो पत्ता लगाएर विविध प्रकारका परीक्षण गरी उपचारबाट निर्मूल गर्ने विधिलाई जनाउँछ । आयुर्वेद शब्द 'आयुष' र 'वेद' मिलेर बनेको हो । यसको शाब्दिक अर्थ 'जीवनको ज्ञान' भन्ने हुन्छ । यसलाई 'आयुर्वेदको सार' का रूपमा लिइन्छ । जीवनको मर्म बुझेर मानव शरीरमा रोग लाग्नै नदिन वा रोग लाग्नुपूर्व अपनाउनुपर्ने खानपान र रहनसहनगत सावधानीमा रहन मदत गर्ने विज्ञानका रूपमा पनि आयुर्वेद चिकित्सा पद्धतिलाई अर्थ्याउन सकिन्छ ।

चिकित्साका निरोधात्मक, प्रवर्धनात्मक र उपचारात्मक पद्धति छन् । रोग नियन्त्रणका लागि रोग लाग्नुपूर्व नै प्रदान गरिने स्वास्थ्य सेवा निरोधात्मक चिकित्सा हो । स्वास्थ्य स्थिति सुधार गर्न प्रदान गरिने पोषण कार्यक्रम, स्वास्थ्य शिक्षा, वातावरणीय सरसफाइ कार्यक्रम जस्ता सेवा प्रवर्धनात्मक स्वास्थ्य सेवा हुन् । रोग लागेपछि निको पार्नका लागि प्रदान गरिने स्वास्थ्य सेवालाई उपचारात्मक स्वास्थ्य सेवा भनिन्छ । उपचारात्मक स्वास्थ्य सेवाका पनि आधुनिक चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा पद्धतिबाहेकका होमियोप्याथी, प्राकृतिक चिकित्सा, योग चिकित्सा, मनो चिकित्सा, अकुप्रेसर, युनानी चिकित्सा जस्ता अनेकौँ उपचार पद्धतिहरू पनि रहेका छन् । तीमध्ये युनानी, एलोप्याथिक, होमियोप्याथिक, आयुर्वेदिक गरी चार चिकित्सा पद्धति प्रचलित छन् । युनानी चिकित्सा पद्धति अरबमा प्रचलित प्राचीन चिकित्सा पद्धति हो । अरब मूलका मानिस र इरानीहरूद्वारा एघारौँ शताब्दीतिर यो पद्धति भारतमा प्रचलनमा ल्याइएको थियो । भारतमा ब्रिटिस शासनका समयमा एलोप्याथिक प्रणाली सुरु भएपछि युनानी प्रणालीको औषधीय शिक्षा, अनुसन्धान र अभ्यास प्रक्रियामा कमी आयो । होमियोप्याथिक शब्दको अर्थ सदृश रोग चिकित्सा भन्ने हुन्छ । यसअनुसार रोगका सदृश वा समान लक्षण उब्जाउने औषधीय पदार्थद्वारा नै कुनै रोगको निदान गर्नु भन्ने बुझिन्छ । काँडालाई काँडाले झिक्नुपर्छ भने झैँ विषको औषधी विष नै हो भन्ने यसको मान्यता हो । यो सिद्धान्त 'समानताले समानताको उपचार' को मान्यतामा आधारित छ ।

एलोप्याथिक उपचार पद्धति हाल सर्वाधिक र लोकप्रिय चिकित्सा पद्धति मानिन्छ । यसलाई आधुनिक चिकित्सा विज्ञानको पर्यायका रूपमा समेत हेरिएको छ । होमियोप्याथी चाहिँ वैकल्पिक चिकित्सा पद्धतिका रूपमा प्रचलित छ । होमियोप्याथीमा रोग निको पार्नका लागि सुरुमा रोग बढाउने खुराक दिइन्छ र क्रमश: निको पारिन्छ भने एलोप्याथीमा रोग निको पार्नका लागि सुरुमै रोग घटाउने औषधी दिइन्छ ।

*आयुर्विज्ञान : आयुसम्बन्धी वस्तुगत ज्ञान*
*सदृश : उस्तै देखिने, एकनासे*
*मर्म : भित्री आशय*
*निरोधात्मक : रोकथाम गर्ने उद्देश्यमा आधारित*
*प्रवर्धनात्मक : वृद्धि गर्ने कार्य*
*आरोग्य : रोग नलागेको अवस्था, स्वस्थता*
*वैकल्पिक : विकल्प भएको*

एलोप्याथी र आयुर्वेद दुवै चिकित्सा शास्त्र हुन् तर व्यावहारिक रूपमा चिकित्साको पूर्वीय वैदिक र प्राचीन चिकित्सा पद्धतिलाई आयुर्वेद चिकित्सा भनिन्छ । एलोप्याथिक प्रणाली वा पाश्चात्य आधुनिक चिकित्सा प्रणालीलाई चिकित्सा पद्धति भन्ने बुझिन्छ । आम रूपमा र प्रचलित धारणाअनुसार डाक्टरी उपचारका नामले चिनिने चिकित्सा पद्धति आधुनिक चिकित्सा पद्धति आधुनिक चिकित्सा पद्धति वा एलोप्याथिक पद्धति हो ।

आयुर्वेद चिकित्सा शास्त्रमा उपचारका आठओटा शाखा छन् जसलाई अष्टाङ्ग आयुर्वेदका नामले चिनिन्छ । यसमा मानव शरीरमा रोग लाग्ने मुख्य आठ अङ्गको उपचारबारे वर्णन पाइन्छ । आयुर्वेदका ती अष्टाङ्ग हुन्, काय चिकित्सा, शल्य चिकित्सा, शालाक्य चिकित्सा, कौमारभृत्य चिकित्सा, अगदतन्त्र चिकित्सा, रसायन चिकित्सा, वाजीकरण चिकित्सा र भूतविद्या चिकित्सा । श्वासप्रश्वास, हाडजोर्नी तथा पाचन प्रणालीसम्बन्धी उपचार एवम् पञ्च कर्म जस्ता विशिष्ट उपचार पद्धति काय चिकित्साअन्तर्गत पर्छन् । त्यस्तै चिरफार गरेर उपचार गरिने फिस्टुला पायल्स आदि उपचार पद्धति शल्यचिकित्साअन्तर्गत पर्छन् । आँखा, नाक, कान, मुख र घाटीको रोगसँग सम्बन्धित चिकित्सालाई शालाक्य चिकित्सा तथा प्रसव र बालरोगसँग सम्बन्धित उपचार पद्धतिलाई कौमारभृत्य चिकित्सा भनिन्छ । सबै प्रकारका विष सर्पको टोकाइ आदिमा उपचार हुने पद्धतिलाई अगदतन्त्र भनिन्छ । मानिसलाई निरोगी राख्ने वा रोगसँग लड्ने क्षमता बढाउने आयुर्वेदिक पद्धति रसायन चिकित्सा हो । त्यसै गरी स्वस्थ सन्तान प्राप्तिका लागि एवम् शारीरिक शक्ति वा तागत वृद्धिका लागि अपनाइने उपचार विधि वाजीकरण हो । यस्तै मनोरोगसँग सम्बन्धित उपचारका लागि भूतविद्या आयुर्वेद चिकित्सामा प्रचलित छन् ।

आयुर्वेदिक उपचारका अनेकौँ विशिष्ट पक्ष छन् । यसमा बिरामीको आत्मा, मन, शारीरिक प्रकृति एवम् दोष, मल र आयुर्वेदिक उपचारका अनेकौँ विशिष्ट पक्ष हुन् । यसमा बिरामीको आत्मा, मन, शारीरिक प्रकृति र दोष, मल र धातुको अवस्थालाई पनि ध्यानमा राखेर मानिसका समग्र पक्षको उपचार गरिन्छ । रोगको उपचार गर्दा मन र शरीरलाई पूर्ण रूपमा छुट्याउन सकिँदैन भन्ने मान्यताअनुसार रोगीको मन र शारीरिक शक्ति वा तागत वृद्धिका लागि अपनाइने उपचार विधि बाजीकरण हो । यस्तै मनोरोगसँग सम्बन्धित उपचारका लागि भूतविद्या आयुर्वेद चिकित्सामा प्रचलित छन् ।

आयुर्वेदिक उपचारका अनेकौँ विशिष्ट पक्ष छन् । यसमा बिरामीको आत्मा, मन, शारीरिक प्रकृति र दोष, मल र धातुको अवस्थालाई ध्यानमा राखेर मानिसका समग्र पक्षको उपचार गरिन्छ । रोगको उपचार गर्दा मन र शरीरलाई पूर्ण रूपमा छुट्याउन सकिँदैन भन्ने मान्यताअनुसार रोगीको मन र शारीरिक प्रकृतिअनुरूप उपचार गरिनु पनि यसको विशेषता हो । आयुर्वेदिक औषधीले आफैँमा तागत वा रसायनको पोषण प्रदान गर्ने, बिरामी तथा स्वस्थ व्यक्तिले पनि प्रयोग गर्न सक्ने, स्वस्थ व्यक्तिको पोषण र रोग प्रतिरोधात्मक क्षमताको विकास गर्ने यसको अर्को महत्त्वपूर्ण पक्ष हो । आहार, विहार र आचार संहितामार्फत रोगले आक्रमण नगरोस् भनी रोग प्रतिरोधी औषधी र आहारमा जोड दिनु पनि यसको विशेषता हो । रोगको प्रकृतिविरुद्ध आहारहरूमा पथ्यपथ्यको निर्देश गरी स्वसथ व्यक्तिलाई रोगको आक्रमणबाट जोगाउनु र रोगीको रोग चाँडै हटाउने काम यसमा

*संहिता : आचरण, नियम, विधि आदिको सङ्कलन*

*पथ्यापथ्य : सजिलैसँग पच्ने र नपच्ने*

हुन्छ । यसमा दक्ष चिकित्सकले रोगीको नाडी, मलमूत्र आदि अष्टविध अर्थात् दश प्रकारका परीक्षाबाट रोगको निदान गर्छन् । आधुनिक प्रक्रियाबाट आयुर्वेदिक औषधीलाई परीक्षण गरेर मात्र उपचारमा प्रयोग गर्न सकिने हुँदा निदान गर्न सरल र सस्तो तरिका हुनु यसको सबल पक्ष हो । रोग नियन्त्रणका साथसाथै रोगलाई पूर्ण रूपमा निर्मूल पार्ने अनि कुनै पनि किसिमको पार्श्वप्रभावबाट बचाउने प्रयास गर्नु पनि यसको विशिष्ट पक्ष हो ।

आयुर्वेद चिकित्साका थुप्रै सकारात्मक पक्ष हुनाका साथै यसको लोकप्रियता दिनानुदिन बढ्दै गएको हुँदा यसको वर्तमान सुन्दर र भविष्य उज्यालो देखिन्छ । यसमा पञ्चकर्म आयुर्वेदको महत्त्वपूर्ण उपचार प्रक्रिया हो । शरीरको शुद्धीकरण एवम् रोग प्रतिरोधात्मक क्षमता बढाउनका लागि यसको उपयोग गरिन्छ । यसमा विभिन्न पाँच चिकित्सा विधिको सम्मिश्रण हुन्छ । यसअन्तर्गत वमन अर्थात् उपचारात्मक उल्टी, विरेचन अर्थात् परिष्करण चिकित्सा, वस्ति अर्थात् पेटसम्बन्धी चिकित्सा पर्छन् । त्यस्तै नश्य अर्थात् नाकबाट औषधी राखेर गरिने उपचार, रक्तमोक्षण अर्थात् रगत बग्ने दिने उपचारसमेत यस पञ्च कर्ममा पर्दछन् । त्यस्तै आयुर्वेदका अनुसार शरीरका शारीरिक एवम् मानसिक क्रियाकलाप त्रिदोषमा निर्भर हुन्छन् । वात, पित्त र कफ तीनैओटामा सन्तुलन भयो भने मानिस स्वस्थ रहन्छ । यसमा असन्तुलन हुँदा मानिस बिरामी पर्छ । यी त्रिदोषका प्रभावक तत्व मौसम, जलवायु, स्थान, आयु र मानसिक अवस्था हुन् । यसको उपचार पद्धतिमा प्रयोग हुने जडीबुटी नेपालमै पाइनु, रोगको लक्षणका आधारमा उपचार गरिनु, चिरफार कम हुनु यसका विशेषता हुन् । त्यस्तै रोगको नियन्त्रण मात्र नभई निर्मूल गरिनु, उपचारका विभिन्न उपकरणको आवश्यकता नपर्नु, औषधीको नकारात्मक प्रभाव कम हुनु र कम खर्चिलो हुनु यस्तो उपचार पद्धतिका विशेषता हुन् ।

नेपाल आयुर्वेदिक औषधीका लागि भूस्वर्ग मानिन्छ । नेपालका आयुर्वेदिक महत्त्वका जडीबुटी नेपालको समृद्धिको ढोका खोल्न सक्छन् । नेपाल बहुमूल्य र घातक रोग निको पार्ने जडीबुटीको अजस्र भण्डार हो । रामायणमा वर्णन भएअनुसार युद्धमा लक्ष्मण घाइते हुँदा सञ्जीवनी बुटी लिन नेपालको हिमालय क्षेत्रमा पठाइएको प्रसङ्ग पनि स्मरणीय छ । हनुमान्ले अनेकौं जडीबुटीबिच सञ्जीवनी बुटी चिन्न नसकेर सिङ्गै पहाड उठाएर लगेका र त्यो जडीबुटी खुवाएपछि लक्ष्मणलाई सन्चो भएको थियो । यसबाट परापूर्व कालदेखि नै नेपाल आयुर्वेदिक जडीबुटीका भूस्वर्ग रहेको पुष्टि हुन्छ ।

*परीक्षण* : *जाँच गर्ने काम*

*निदान* : *रोग पहिचान गर्ने काम*

*पार्श्वप्रभाव* : *सँगसँगै आउने असर*

*परिष्करण* : *परिष्कारका लागि*

*भूस्वर्ग* : *पृथ्वीमा रहेको सुन्दर ठाउँ*

*समृद्धि* : *उन्नति वा सम्पन्न हुनाको भाव*

*अजस्र* : *निरन्तर*

आयुर्वेद चिकित्सासम्बन्धी अध्ययन, अध्यापन र अनुसन्धान प्रविधिलाई व्यापक र व्यावहारिक बनाउने उद्देश्यका साथ विभिन्न शैक्षिक संस्थाहरू स्थापना भएका छन् । हाल कीर्तिपुरस्थित राष्ट्रिय आयुर्वेद अनुसन्धान केन्द्रसँगको समन्वयमा विभिन्न जडीबुटीका लागि औषधीय अनुसन्धान कार्यक्रमहरू अगाडि बढिरहेको पाइन्छ । त्रिभुवन विश्वविद्यालयअन्तर्गत आयुर्वेद क्याम्पस र नेपाल संस्कृत विश्वविद्यालयमा पनि आयुर्वेदको अध्ययन भइरहेको छ । आयुर्वेद चिकित्सक एवम् स्वास्थ्यकर्मीले दर्ता नेपाल आयुर्वेद चिकित्सक परिषद्मा हुन्छ । आयुर्वेदिक चिकित्सकसम्बन्धी अनुगमन, गुणस्तर नियन्त्रण आयुर्वेद चिकित्सा परिषद्ले गर्छ ।

यति हुँदाहुँदै पनि आयुर्वेदिक उपचार पद्धतिमा व्यवस्थापन, सङ्गठन र निदानमा समेत केही सीमा रहेकै छन् । दुर्घटनामा परी अङ्गभङ्ग भएको साथै एपेन्डिसाइटिस, हृदयाघात, पक्षाघात आदि रोगबाट पीडित बिरामी, शल्यक्रियाबाट गरिने उपचार, सघन उपचार आदिमा राखेर गरिने उपचारमा एलोप्याथीको सहयोग लिनुपर्ने अवस्था छ । साथै आयुर्वेद उपचारका नाममा जसले पनि औषधी बेच्नु, भिडभाड हुने ठाउँमा हकरले पनि औषधी बेच्नु र त्यसलाई रोक्ने कुनै संयन्त्र नहुनु र यसरी जो पायो त्यसैले घरघरै स्वघोषित आयुर्वेदिक वैद्य बनेर उपचार गर्नु जस्ता यसका सीमा हुन् । आयुर्वेदिक औषधीले पार्श्वप्रभाव न्यून हुन्छ । धेरै खायो भने चिनी पनि तितो हुन्छ भने झैं नजानी नजानी त्यस्ता औषधी खाँदा जनस्वास्थ्यमा गम्भीर असर पर्न सक्छ ।



आधुनिक चिकित्सा पद्धतिका पनि विशेषता र सीमा छन् । छिटो सन्चो हुनु, विशेषज्ञ अर्थात् डाक्टर र औषधी सजिलै उपलब्ध हुनु, मेडिकल काउन्सिल र औषधी व्यवस्था विभागबाट स्वीकृति लिएर मात्र उपचार गर्न पाइनु यसको विशेषता हुन् । साथै स्वास्थ्य सङ्गठनको स्वीकृति चाहिनु अर्थात्

*हकर* : *पत्रिका बेच्ने मानिस*

*वैद्य* : *आयुर्वेद चिकित्सा विधिको ज्ञाता, कविराज*

यसको सङ्गठन बलियो हुनु, आपत्कालीन अवस्थामा धेरै प्रभावकारी साबित हुनु, शल्यक्रिया हुनु र शल्यक्रियाबाट गम्भीर रोग निको हुनु पनि यसका विशेषता मानिन्छन् । यसका साथै प्रविधि र उपकरण समय समयमा अद्यावधिक गरिनु, सानादेखि ठुला सबै रोग निको पार्न प्रभावकारी हुनु, ठुलो रोग लाग्नुअगि नै त्यसलाई रोक्न खोपको व्यवस्था हुनु आदि एलोप्याथी पद्धतिका थप विशेषता हुन् । यो उपचारमा दक्ष जनशक्तिको अभाव हुनु, औषधीका नकारात्मक असर देखिन सक्नु, औषधीहरू महँगो पर्ने हुँदा गरिबको पहुँचभन्दा बाहिर हुनु र यी औषधीको दुरूपयोग हुन जाँदा घातक हुनु जस्ता कुरा एलोप्याथी औषधीका सीमा हुन् । यति हुँदाहुँदै पनि गम्भीर प्रकृति र आकस्मिक उपचार गर्नुपर्ने बिरामीहरू एलोप्याथी अर्थात् आधुनिक चिकित्सा पद्धतिको भर नपरी सुखै छैन ।

समग्रमा रोग लाग्नुभन्दा रोग लाग्न नदिनु सर्वोत्तम उपाय हो । रोग लागेपछि मानिसले रोगको प्रकृतिअनुसार विभिन्न उपचार पद्धति चयनको विकल्प छँदै छ । आधुनिक चिकित्सा विज्ञानको पर्यायका रूपमा मान्ने गरिएको एलोप्याथिक औषधीको जस्तो पार्श्वप्रभाव नहुने र शरीरबाट रोगलाई पूर्णत: निर्मूलीकरण गरिने आयुर्वेदिक चिकित्सा पद्धतितर्फ मानिसहरू आकर्षित हुन थालेका छ । आफ्नो शरीरलाई स्वस्थ राख्न शरीरमा रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गर्न र 'निरोगी जीवन सुखी जीवन' को सपना साकार पार्न आयुर्वेदिक चिकित्साको प्रयोग आजको आवश्यकता र समयको माग बनेको छ ।

*सर्वोत्तम : सबैभन्दा उत्तम, ज्यादै राम्रो*

## पाठसार

स्वस्थ तन र मन सुखको आधार भए पनि असावधानीका कारण रोगव्याधि लागेर दु:खी हुन्छौँ र त्यसबाट मुक्ति पाउन चिकित्सा विज्ञानको सहायता लिन्छौँ । चिकित्सा विज्ञानका मुख्यत: एलोप्याथिक र आयुर्वेद गरी दुई किसिमका उपचार पद्धति चर्चित छन् ।

रोगले सताउँदा रोगबाट मुक्ति पाउनका लागि गरिने उपचारलाई चिकित्सा वा थेरापी भनिन्छ । यसले रोगको जरो पत्ता लगाएर उपचारबाट निर्मूल गर्ने विधिलाई जनाउँछ । चिकित्साका निरोधात्मक, प्रवर्धनात्मक र उपचारात्मक पद्धति छन् ।

आधुनिक चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा पद्धतिबाहेकका होमियोप्याथी, प्राकृतिक चिकित्सा, योग चिकित्सा, मनोचिकित्सा, एकुप्रेसर, युनानी चिकित्सा जस्ता उपचार पद्धति पनि छन् । एलोप्याथी र आयुर्वेद दुवै चिकित्सा शास्त्र हुन् तर व्यावहारिक रूपमा चिकित्साको पूर्वीय वैदिक र प्राचीन चिकित्सा पद्धतिलाई आयुर्वेद चिकित्सा भनिन्छ भने एलोप्याथिक प्रणाली वा पाश्चात्त्य आधुनिक चिकित्सा प्रणालीलाई चिकित्सा पद्धति भन्ने बुझिन्छ ।

आयुर्वेद चिकित्सा शास्त्रमा उपचारका काय, शल्य, सालाक्य, कौमारभृत्य, अगदतन्त्र, रसायन, वाजीकरण र भूतविद्या चिकित्सा गरी आठओटा छन् । यसलाई अष्टाङ्ग आयुर्वेदका नामले

चिनिन्छ ।

आयुर्वेदिक उपचारमा बिरामीको आत्मा, मन, शारीरिक प्रकृति एवम् दोष, मल र धातुको अवस्थालाई ध्यानमा राखेर मानिसका समग्र पक्षको उपचार गरिन्छ । आयुर्वेदिक औषधीले पोषण प्रदान गर्ने, बिरामी र स्वस्थ व्यक्तिले पनि प्रयोग गर्न सक्ने तथा रोग प्रतिरोधात्मक क्षमताको विकास गर्दछ । यसमा रोग प्रतिरोधी औषधी र आहारमा जोड दिइन्छ । दक्ष चिकित्सकले रोगीको नाडी आदि जाँचबाट रोगको निदान गर्ने अनि आयुर्वेदिक औषधीलाई परीक्षण गरेर उपचार गरिन्छ । त्यसैले यो रोग निदान गर्न सरल र सस्तो हुन्छ । यस विधिममा रोग नियन्त्रण मात्र नभई पूर्णतः निर्मूल पारिन्छ । आयुर्वेद चिकित्साका थुप्रै सकारात्मक पक्ष भएकाले यसको लोकप्रियता दिनानुदिन बढ्दै गएको छ ।

उल्टी, विरेचन, वस्ति, नास्य र रक्तमोक्षण गरी पाँच कर्म आयुर्वेदका महत्त्वपूर्ण उपचार प्रक्रिया हुन् । यसको उपयोग शरीरको शुद्धीकरण एवम् रोग प्रतिरोधात्मक क्षमता बढाउनका लागि गरिन्छ । मौसम, जलवायु, स्थान, आयु र मानसिक अवस्थाले त्रिदोष(वात, पित्त र कफ)लाई प्रभावित पार्दछन् । त्यसैले यसमा शारीरिक एवम् मानसिक क्रियाकलापका त्रिदोषको सन्तुलन मिलाइन्छ ।

आयुर्वेदको उपचार पद्धतिमा प्रयोग हुने जडीबुटी नेपालमै पाइन्छन् । रोगको लक्षणका आधारमा उपचार गरिनु, चिरफार कम हुनु, रोगको नियन्त्रण मात्र नभई निर्मूल गरिनु, उपचारका विभिन्न उपकरणको आवश्यकता नपर्नु, औषधीको नकारात्मक प्रभाव कम हुनु र कम खर्चिलो हुनु यस उपचार पद्धतिका विशेषता हुन् । नेपाल सञ्जीवनी बुटीलगायत रोग निरोधक जडीबुटीको अजस्र भण्डार हो । त्यसैले हाल शैक्षिक संस्थाहरूमार्फत आयुर्वेद चिकित्सासम्बन्धी अध्ययन, अध्यापन र अनुसन्धानलाई व्यापक बनाउन थालिएको छ । कीर्तिपुरस्थित राष्ट्रिय आयुर्वेद अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालयअन्तर्गत आयुर्वेद क्याम्पस र नेपाल संस्कृत विश्वविद्यालयमा पनि आयुर्वेदसम्बन्धी अध्ययन भइरहेको छ ।

आयुर्वेदिक उपचार पद्धतिका केही सीमा छन् । दुर्घटनामा परी अङ्गभङ्ग भएको, एपेन्डिसाइटिस, हृदयाघात, पक्षाघात आदि रोगबाट पीडित बिरामी, शल्यक्रियाबाट गरिने उपचारमा एलोप्याथीको सहयोग लिनुपर्ने अवस्था छ । आयुर्वेद उपचारमा मेडिकल काउन्सिल जस्तो संस्था नहुनु, जसले पनि औषधी बेच्नु, जो पायो त्यसैले घरघरै स्वघोषित आयुर्वेदिक वैद्य बनेर उपचार गर्नु जस्ता यसका कमजोर पक्ष हुन् । आधुनिक चिकित्सा पद्धति सेवा, सुविधा र सङ्गठनात्मक हिसाबमा अगाडि छ । विभिन्न आधुनिक औषधी र उपकरणले यसलाई अझै प्रभावकारी बनाएका छन् । प्रविधि र उपकरणहरू अद्यावधिक गरिनु, सबै किसिमका रोग निको पार्न र महामारीको नियन्त्रण गर्न खोपको व्यवस्था हुनुलाई यसका विशेषताका रूपमा लिन सकिन्छ ।

रोग लाग्नुभन्दा रोग लाग्न नदिनु सर्वोत्तम उपाय हो । रोग लागेपछि मानिसले रोगको प्रकृतिअनुसार विभिन्न उपचार पद्धतिको प्रयोग गरी उपचार गर्नुपर्छ । आनुषङ्गिक प्रभाव नहुने र शरीरबाट रोगलाई पूर्णतः निर्मूलीकरण गरिने भएकाले आयुर्वेदिक चिकित्सा पद्धतितर्फ हिजोआज मानिसहरू आकर्षित हुन थालेका छन् । वास्तवमा शरीर स्वस्थ राख्न तथा रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गर्न आयुर्वेदिक चिकित्सा पद्धति आजको आवश्यकता र समयको माग बनेको छ ।

## शब्दभण्डार

१. दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| शब्द | अर्थ |
| --- | --- |
| उपकरण | एक वस्तु अर्को वस्तुमा मिसिने काम |
| सम्मिश्रण | शरीरमा हुने वात, पित्त र कफको प्रकोपबाट हुने रोग |
| त्रिदोष | नियमित रूपले रक्त सञ्चालन हुने तथा गतिको घटबढ नाप गरिने हातको नसा |
| घात | मालसामान |
| नाडीबिगार गर्ने वा हानी गर्ने | कुनै व्यक्ति वा वस्तुका बारेमा बढाइचढाइ गरिने वर्णन |
| | कामकाजका निम्ति प्रयोग गरिने सामान |
| | मिसावट |

२. उदाहरण हेरी दिइएका अर्थसँग मिल्दो शब्द पाठबाट खोजेर लेख्नुहोस् :

(क) चिरफार गरेर उपचार गर्ने काम :शल्यचिकित्सा

(ख) आयुर्वेदिक उपचार गर्ने व्यक्ति :.............

(ग) कीटाणुहरू हटाई पूर्णत: शुद्ध बनाउने काम :.............

(घ) रोगसँग प्रतिरोध गर्न सक्ने :.............

(ङ) शरीरको दायाँ वा बायाँ अङ्ग चेतनाहीन हुने एक किसिमको रोग : .............

३. उदाहरणमा दिइए जस्तै चिकित्सा क्षेत्रमा प्रयोग हुने तलका शब्दको अर्थ पाठबाट खोजेर लेख्नुहोस् :

आयुर्वेद : रोगको पहिचानपछि जडीबुटी आदि औषधीको प्रयोग गरेर उपचार गर्ने पद्धति

एलोप्याथिक :.....................................

वैकल्पिक चिकित्सा :.....................................

होमियोप्याथिक :.....................................

चिकित्सा :.....................................

रसायन चिकित्सा :.....................................

४. पाठमा प्रयोग भएका कुनै पाँचओटा पारिभाषिक र प्राविधिक शब्द टिपी वाक्यमा प्रयोग गर्नुहोस् ।

जस्तै : उपचार = अर्बुद रोगको <u>उपचार</u> अब नेपालमा नै सहज भएको छ ।

५. शब्दकोशको सहयोग लिई दिइएका शब्दको अर्थ लेख्नुहोस् :

| जस्तै : | |
|---|---|
| शब्द | अर्थ |
| अनुसन्धान | कुनै कुरा खोज्ने वा पत्ता लगाउने काम, छानबिन |

अनुसन्धान, निदान, पद्धति, प्रभाव, रक्तमोक्षण, परिष्करण, पञ्चकर्म, सम्मिश्रण

## बोध र अभिव्यक्ति

१. दिइएका शब्दलाई शुद्धसँग उच्चारण गर्नुहोस् :

व्याधि /ब्या.धि/

आयुर्विज्ञान/आ.युर्.बि.ग्यान्/

पद्धति/पद्.ध.ति/

अष्टाङ्ग/अस्.टाङ्.ग/

आनुषङ्गिक/आ.नु.सङ्.गिक्/

अद्यावधिक/अद्. द्या.ब.धिक्/

आक्रमण/आक्.क्र.मन्/

पूर्वीय/पुर्.बि.य/

अद्वितीय/अ.द्वि.ति.य/

सम्बन्धित/सम्.बन्.धित्/

सञ्जीवनी/सन्.जि.ब.नि/

निर्मूलीकरण/निर्.मु.लि.क.रडँ/

२. चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा' निबन्धका अनुच्छेद पालैपालो हाउभाउसहित सस्वरवाचन गर्नुहोस् ।

३. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) 'चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा' निबन्धमा कतिओटा अनुच्छेद रहेका छन् ?

(ख) वाक्य संरचनाका दृष्टिले छोटो र लामो अनुच्छेद कुन हो ?

(ग) चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा' आत्मपरक वा वस्तुपरक कुन शैलीमा रचना गरिएको निबन्ध हो ?

(घ) 'कच्चा वैद्यको मात्रा यमपुरीको यात्रा' भन्ने उखान कुन अनुच्छेदमा छ ?

४. दिइएको निबन्धांश मौनपठन गरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

चिकित्साका निरोधात्मक, प्रवर्धनात्मक र उपचारात्मक पद्धति छन् । रोग नियन्त्रणका लागि रोग लाग्नुपूर्व नै प्रदान गरिने स्वास्थ्य सेवा निरोधात्मक चिकित्सा हो । स्वास्थ्य स्थिति सुधार गर्न प्रदान गरिने पोषण कार्यक्रम, स्वास्थ्य शिक्षा, वातावरणीय सरसफाइ कार्यक्रम जस्ता सेवा प्रवर्धनात्मक स्वास्थ्य सेवा हुन् । रोग लागेपछि निको पार्नका लागि प्रदान गरिने स्वास्थ्य सेवालाई उपचारात्मक स्वास्थ्य सेवा भनिन्छ । उपचारात्मक स्वास्थ्य सेवाका पनि आधुनिक चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा पद्धतिबाहेकका होमियोप्याथी, प्राकृतिक चिकित्सा, योग चिकित्सा, मनोचिकित्सा, एकुप्रेसर, युनानी चिकित्सा जस्ता अनेकौँ उपचार पद्धतिहरू पनि रहेकै छन् । तीमध्ये एलोप्याथिक, आयुर्वेदिक, होमियोप्याथिक र युनानी गरी चार चिकित्सा पद्धति बढी मात्रामा प्रचलित छन् । युनानी चिकित्सा पद्धति अरबमा प्रचलित प्राचीन चिकित्सा पद्धति हो । अरब मूलका मान्छेहरू र इरानीहरूद्वारा एघारौँ शताब्दीतिर यो पद्धति भारतमा

प्रचलनमा ल्याइएको थियो । भारतमा ब्रिटिस शासनका समयमा एलोप्याथिक प्रणाली सुरु भएपछि युनानी प्रणालीको औषधीय शिक्षा, अनुसन्धान र अभ्यास प्रक्रियामा कमी आयो । होमियोप्याथिक शब्दको अर्थ सदृशरोग चिकित्सा भन्ने बुझिन्छ । यसअनुसार जुन औषधीय पदार्थ एउटा स्वस्थ मानिसमा प्रयोग गर्नाले जुन प्रकारको रोगको लक्षण उत्पन्न हुन्छ त्यस्तै प्रकारका लक्षण भएका रोगीलाई सूक्ष्म रूपमा त्यही औषधी सेवन गराउनाले आरोग्य प्रदान गर्छ भन्ने मान्यता छ । काँडालाई काँडाले झिक्नुपर्छ भने झैँ विषको औषधी विष नै हो भन्ने यसको मान्यता हो । यो सिद्धान्त 'समानताले समानताको उपचार'मा आधारित छ ।

प्रश्नहरू

(क) शरीर स्वस्थ राख्न चिकित्साका कुन कुन पद्धति छन् ?

> शरीर स्वस्थ राख्न चिकित्साका निरोधात्मक, प्रवर्धनात्मक र उपचारात्मक पद्धति छन् ।

(ख) प्रवर्धनात्मक स्वास्थ्य सेवा भनेको के हो ?

(ग) होमियोप्याथिक पद्धतिमा कसरी उपचार गरिन्छ ?

(घ) युनानी चिकित्सा पद्धति कहाँ प्रचलित थियो ?

५. दिइएको निबन्धांश र प्रश्न सम्बद्ध बुँदा पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

आयुर्वेदिक उपचार पद्धतिमा व्यवस्थापन, सङ्गठन र निदानमा समेत केही सीमा रहेकै छन् । दुर्घटनामा परी अङ्गभङ्ग भएको साथै एपेन्डिसाइटिस, हृदयाघात, पक्षाघात आदि रोगबाट पीडित बिरामी, शल्यक्रियाबाट गरिने उपचार, सघन उपचार आदिमा राखेर गरिने उपचारमा एलोप्याथीको सहयोग लिनुपर्ने अवस्था छ । साथै आयुर्वेद उपचारमा मेडिकल काउन्सिल जस्तो संस्था नहुनु, जसले पनि औषधी बेच्नु, भिडभाड हुने ठाउँमा हकरले पनि दबाइ बेच्नु र त्यसलाई रोक्ने कुनै संयन्त्र नहुनु र यसरी जो पायो त्यसैले घरघरै स्वघोषित आयुर्वेदिक वैद्य बनेर उपचार गर्नु जस्ता यसका व्यवस्थापनगत सीमा हुन् । आयुर्वेदिक औषधीले आनुषङ्गिक प्रभाव गर्दैन भन्ने भनाइ जुन निर्माण गरिएको छ त्यो पनि शतप्रतिशत ठिक होइन । धेरै खायो भने चिनी पनि तितो हुन्छ भने झै नजानी नजानी त्यस्ता औषधी खाँदा जनस्वास्थ्यमा गम्भीर असर पर्न सक्छ भन्नेतर्फ आयुर्वेदिक विभाग र सम्बन्धित निकायको ध्यान जान जरुरी छ, नत्र यस्ता कच्चा वैद्यहरूको बिगबिगी भयो भने कच्चा वैद्यको मात्रा यमपुरीको यात्रा भन्ने उखान चरितार्थ हुन बेर हुँदैन ।

प्रश्नहरू

(क) आयुर्वेदिक उपचार पद्धतिका सीमाहरू के के हुन् ?

बुँदाहरू

- व्यवस्थापन, सङ्गठन र निदानमा समेत केही सीमा रहनु
- दुर्घटना, एपेन्डिसाइटिस, हृदयाघात, पक्षाघात आदि रोगका बिरामीको उपचारमा कठिनाइ हुनु

– शल्यक्रियाबाट गरिने उपचार, सघन उपचारमा एलोप्याथीको सहयोग लिनुपर्ने अवस्था रहनु

– आयुर्वेद उपचारमा मेडिकल काउन्सिल जस्तो संस्था नहुनु

– जो पायो त्यसैले औषधी बेच्न नदिन नियामक निकाय नहुनु

(ख) आयुर्वेदिक उपचार पद्धति प्रभावकारी नहुनुका कारणहरू के के हुन् ?

बुँदाहरू

– आयुर्वेदिक औषधीले आनुषङ्गिक प्रभाव गर्दैन भन्ने प्रमाणको अभाव

– नजानी नजानी औषधी खाँदा जनस्वास्थ्यमा गम्भीर असर पर्न सक्ने सम्भावना

– जसले पनि औषधी बेच्नु र प्रमाणित गर्ने संयन्त्र नहुनु

– आयुर्वेद उपचारमा मेडिकल काउन्सिल जस्तो संस्था नहुनु

– आयुर्वेदको पद्धतिलाई समयानुकूल बनाउन नसकिनु

६. दिइएको निबन्धांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

एलोप्याथिक उपचार पद्धति हाल सर्वाधिक र लोकप्रिय चिकित्सा पद्धति मानिन्छ । यसलाई आधुनिक चिकित्सा विज्ञानको पर्यायका रूपमा समेत हेरिएको छ । होमियोप्याथी चाहिँ वैकल्पिक चिकित्सा पद्धतिका रूपमा प्रचलित छ । होमियोप्याथीमा रोग निको पार्नका लागि सुरुमा रोग बढाउने खुराक दिइन्छ र क्रमशः निको पारिन्छ भने एलोप्याथीमा रोग निको पार्नका लागि सुरुमै रोग घटाउने औषधी दिइन्छ । एलोप्याथी र आयुर्वेद दुवै चिकित्सा शास्त्र हुन् तर व्यावहारिक रूपमा चिकित्साको पूर्वीय वैदिक र प्राचीन चिकित्सा पद्धतिलाई आयुर्वेद चिकित्सा भनिन्छ । एलोप्याथिक प्रणाली वा पाश्चात्य आधुनिक चिकित्सा प्रणालीलाई चिकित्सा पद्धति भन्ने बुझिन्छ । आम रूपमा र प्रचलित धारणाअनुसार डाक्टरी उपचारका नामले चिनिने चिकित्सा पद्धति आधुनिक चिकित्सा पद्धति आधुनिक चिकित्सा पद्धति वा एलोप्याथिक पद्धति हो ।

आयुर्वेद चिकित्सा शास्त्रमा उपचारका आठओटा शाखा छन् जसलाई अष्टाङ्ग आयुर्वेदका नामले चिनिन्छ । यसमा मानव शरीरमा रोग लाग्ने मुख्य आठ अङ्गको उपचारबारे वर्णन पाइन्छ । आयुर्वेदका ती अष्टाङ्ग हुन्, काय चिकित्सा, शल्य चिकित्सा, शालाक्य चिकित्सा, कौमारभृत्य चिकित्सा, अगदतन्त्र चिकित्सा, रसायन चिकित्सा, वाजीकरण चिकित्सा र भूतविद्या चिकित्सा । श्वासप्रश्वास, हाडजोर्नी तथा पाचन प्रणालीसम्बन्धी उपचार एवम् पञ्च कर्म जस्ता विशिष्ट उपचार पद्धति काय चिकित्साअन्तर्गत पर्छन् । त्यस्तै चिरफार गरेर उपचार गरिने फिस्टुला पायल्स आदि उपचार पद्धति शल्यचिकित्साअन्तर्गत पर्छन् । आँखा, नाक, कान, मुख र घाटीको रोगसँग सम्बन्धित चिकित्सालाई शालाक्य चिकित्सा तथा प्रसव र बालरोगसँग सम्बन्धित उपचार पद्धतिलाई कौमारभृत्य चिकित्सा भनिन्छ । सबै प्रकारका विष सर्पको टोकाइ आदिमा उपचार हुने पद्धतिलाई अगदतन्त्र भनिन्छ । मानिसलाई निरोगी राख्ने वा रोगसँग लड्ने क्षमता बढाउने आयुर्वेदिक पद्धति रसायन चिकित्सा हो । त्यसै गरी स्वस्थ सन्तान प्राप्तिका लागि एवम् शारीरिक शक्ति वा तागत वृद्धिका लागि अपनाइने उपचार विधि वाजीकरण हो । यस्तै मनोरोगसँग सम्बन्धित उपचारका लागि भूतविद्या आयुर्वेद चिकित्सामा प्रचलित छन् ।

प्रश्नहरू

(क) आयुर्वेदमा अष्टाङ्ग पद्धतिअनुसार कस्ता रोगको उपचार हुन्छ ?

काय चिकित्सा, शल्य चिकित्सा, सालाक्य चिकित्सा, कौमारभृत्य चिकित्सा, अगदतन्त्र चिकित्सा, रसायन चिकित्सा, वाजीकरण चिकित्सा र भूतविद्या चिकित्सा गरी आयुर्वेदमा आठ चिकित्सा पद्धति रहेका छन् । सामान्य दबाइले सन्चो हुने काय चिकित्सा हो । चिरफार गरेर उपचार गरिने शल्य चिकित्सा, आँखा, नाक, कान, मुख र घाटीको रोगसँग सम्बन्धित चिकित्सालाई सालाक्य चिकित्सा भनिन्छ । प्रसव र बालरोगसँग सम्बन्धित उपचार पद्धति कौमारभृत्य चिकित्सा हो । विषसँग सम्बन्धित उपचार हुने पद्धतिलाई अगदतन्त्र चिकित्सा भनिन्छ । रोगसँग लड्ने क्षमता बढाउने पद्धति रसायन चिकित्सा हो भने शारीरिक शक्ति वा तागत वृद्धिका लागि वाजीकरण र मनोरोगसँग सम्बन्धित उपचारका लागि भूतविद्या पद्धति प्रयोग गरिन्छ ।

(ख) एलोप्याथी र आयुर्वेद चिकित्सा पद्धतिमा के फरक छ ?

७. दिइएका बुँदामा समेत आधारित भई आधुनिक चिकित्सा विज्ञान र आयुर्वेद चिकित्साको महत्त्व तथा उपयोगिताबारे चर्चा गर्नुहोस् :

(क) तन र मन स्वस्थ राख्न खोज्दाखोज्दै पनि असावधानीका कारण रोगव्याधि लागेपछि चिकित्सा विज्ञानको सहायता लिनुपर्ने अवस्थामा रहेको

(ख) चिकित्सा विज्ञानका मुख्यतः एलोप्याथिक र आयुर्वेद गरी दुई किसिमका उपचार पद्धति रहेका

(ग) होमियोप्याथी, प्राकृतिक चिकित्सा, योग चिकित्सा, मनोचिकित्सा, एकुप्रेसर, युनानी चिकित्सा जस्ता उपचार पद्धति पनि रहेका

(घ) आयुर्वेदमा अष्टाङ्ग पद्धति रहेका

(ङ) रोग नियन्त्रण मात्र नभई पूर्णतः निर्मूल पारिने भएकाले लोकप्रियता दिनानुदिन बढेको

(च) उल्टी, विरेचन, वस्ति, नास्य र रक्तमोक्षण गरी पाँच कर्म आयुर्वेदका महत्त्वपूर्ण उपचार प्रक्रिया

(छ) जडीबुटी नेपालमै पाइने, रोगको लक्षणका आधारमा उपचार गरिने र चिरफार कम हुने

(ज) उपकरणको आवश्यकता नपर्नु, औषधीको नकारात्मक प्रभाव कम हुनु र कम खर्चिलो हुनु

(झ) दुर्घटनामा परी अङ्गभङ्ग भएको, एपेन्डिसाइटिस, हृदयाघात, पक्षाघात आदि रोगबाट पीडित बिरामी, शल्यक्रियाबाट गरिने उपचारमा एलोप्याथीको सहयोग लिनुपर्ने अवस्था रहेको

(ञ) आयुर्वेद उपचारमा मेडिकल काउन्सिल जस्तो संस्था नहुनु, जसले पनि औषधी बेच्नु जस्ता कमजोर पक्ष रहेका

(ट) आधुनिक चिकित्सापद्धति सेवा, सुविधा र सङ्गठनात्मक हिसाबमा अगाडि हुनु

(ठ) आधुनिक चिकित्सामा औषधी र उपकरणले प्रभावकारी बनाएको, प्रविधि र उपकरणहरू अद्यावधिक गरिनु, सबै किसिमका रोग निको पार्न तथा महामारीको नियन्त्रण गर्न खोपको व्यवस्था हुनु

८. व्याख्या गर्नुहोस् :

(क) रोग लाग्नुभन्दा रोग लाग्न नदिनु सर्वोत्तम उपाय हो ।

(ख) स्वस्थ तन नै खुसी मनको आधार हो ।

९. आयुर्वेदिक उपचार पद्धतिको आवश्यकता र प्रभावकारिता कस्तो छ ? तलका बुँदालाई आधार बनाएर समीक्षात्मक उत्तर लेख्नुहोस् :

(क) जीवनको ज्ञान र मर्म बुझेर रोग लाग्नुपूर्व अपनाउनुपर्ने खानपानगत सावधानीमा रहन मदत गर्ने आयुर्वेद चिकित्सा

(ख) चिकित्साका निरोधात्मक, प्रवर्धनात्मक र उपचारात्मक पद्धति समावेश हुने

(ग) काय, शल्य, सालाक्य, कौमारभृत्य, अगदतन्त्र, रसायन, वाजीकरण र भूतविद्या चिकित्सा गरी आयुर्वेदमा अष्टाङ्ग पद्धति रहेका

(घ) रोग नियन्त्रण मात्र नभई पूर्णत: निर्मूल पारिने भएकाले लोकप्रियता दिनानुदिन बढेको

(च) उल्टी, विरेचन, वस्ति, नास्य र रक्तमोक्षण गरी पाँच कर्म आयुर्वेदका महत्त्वपूर्ण उपचार प्रक्रिया

(छ) त्रिदोषलाई प्रभावित पार्ने मौसम, जलवायु, स्थान, आयु र मानसिक अवस्थाअनुसार उपचार गरिने

(ज) उपकरणको आवश्यकता नपर्नु, औषधीको नकारात्मक प्रभाव कम हुनु र कम खर्चिलो हुनु

(झ) आयुर्वेदको उपचार पद्धतिमा प्रयोग हुने जडीबुटी नेपालमै पाइने, रोगको लक्षणका आधारमा उपचार गरिने, चिरफार कम हुने

(ञ) हाल शैक्षिक संस्थाहरूमार्फत आयुर्वेद चिकित्सासम्बन्धी अध्ययन, अध्यापन र अनुसन्धानलाई व्यापक बनाउन थालिएको

१०. आयुर्वेदिक उपचार पद्धतिलाई व्यवस्थित र प्रभावकारी बनाउन के गर्नुपर्ला ? तर्क दिनुहोस् ।

११. दिइएको चित्र वर्णन गरी लेख्नुहोस् :



१२. दिइएको अनुच्छेदबाट चारओटा बुँदा टिपोट गर्नुहोस् र एक तृतीयांशमा सारांश लेख्नुहोस् :

आयुर्वेदिक उपचारका अनेकौँ विशिष्ट पक्ष छन् । यसमा बिरामीको आत्मा, मन, शारीरिक प्रकृति र दोष, मल र धातुको अवस्थालाई पनि ध्यानमा राखेर मानिसका समग्र पक्षको उपचार गरिन्छ । रोगको उपचार गर्दा मन र शरीरलाई पूर्ण रूपमा छुट्याउन सकिँदैन भन्ने मान्यताअनुसार रोगहरूको मन र शारीरिक प्रकृतिअनुरूप उपचार गरिनु पनि यसको विशेषता हो । आयुर्वेदिक औषधीले आफैँमा तागत वा रसायनको पोषण प्रदान गर्ने, बिरामी र स्वस्थ व्यक्तिले पनि प्रयोग गर्न सक्ने, स्वस्थ व्यक्तिको पोषण र रोग प्रतिरोधात्मक क्षमताको विकास गर्ने विशेषता यसको अर्को महत्त्वपूर्ण पक्ष हो । आहार संहिता र आचार संहितामार्फत रोगले आक्रमण नगरोस् भनी रोग प्रतिरोधी औषधी र आहारमा जोड दिनु पनि यसको विशेषता हो । रोगको प्रकृतिविरुद्ध आहारहरूमा निषेधमार्फत स्वस्थ व्यक्तिलाई रोगको आक्रमणबाट जोगाउनु र रोगीको रोग चाँडै हटाउने काम यसमा हुन्छ । यसमा दक्ष चिकित्सकले रोगीको नाडी आदि जाँचबाट मात्र रोगको निदान गर्ने अनि आधुनिक प्रक्रियाबाट आयुर्वेदिक औषधीलाई परीक्षण गरेर मात्र उपचारमा प्रयोग गर्न सकिने हुँदा निदान गर्न सरल र सस्तो तरिका हुनु यसको सबल पक्ष हो । रोग नियन्त्रणका साथसाथै रोगलाई पूर्ण रूपमा निर्मूल पार्ने अनि कुनै पनि किसिमको आनुषङ्गिक प्रभावबाट बचाउने प्रयास पनि गर्नु यसको विशिष्ट पक्ष हो ।

१३. दिइएको आत्मपरक अनुच्छेदको नमुना पढी ‘पानीको महत्व’ शीर्षकमा आत्मपरक अनुच्छेद तयार पार्नुहोस् :

मेरो देश

तराईका सुन्दर फाँटदेखि अग्लिँदै विश्वको सर्वोच्च शिखर सगरमाथासम्म चुलिएको देश मेरो जन्मभूमि हो । पूर्वमा मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको मेरो देश मेरो प्राण हो, मेरो गौरव हो । यही माटामा विश्वमा शान्तिको सन्देश छर्ने गौतम बुद्ध जन्मिएका थिए, भृकुटी र सीता मेरै गौरव हुन् । उत्तरतिर लहरै शृङ्खलाबद्ध रूपमा ठडिएका हिमालहरू मुसुक्क हाँस्दा विश्व जगमगाउँछ, तिनै हिमालको पवित्र जलले सिँचित मेरो देश प्राकृतिक सौन्दर्यको खानी हो ।

१४. तलको अनुच्छेदबाट के, किन र कसरी शब्द राखेर एक एकओटा प्रश्न निर्माण गर्नुहोस् :

समग्रमा रोग लाग्नुभन्दा रोग लाग्न नदिनु सर्वोत्तम उपाय हो । रोग लागेपछि मानिसले रोगको प्रकृतिअनुसार विभिन्न उपचार पद्धति चयनको विकल्प छँदै छ । आधुनिक चिकित्सा विज्ञानको पर्यायका रूपमा मान्ने गरिएको एलोप्याथिक औषधीको जस्तो पार्श्वप्रभाव नहुने र शरीरबाट रोगलाई पूर्णतः निर्मूलीकरण गरिने आयुर्वेदिक चिकित्सा पद्धतितर्फ मानिसहरू आकर्षित हुन थालेका छ । आफ्नो शरीरलाई स्वस्थ राख्न शरीरमा रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गर्न र 'निरोगी जीवन सुखी जीवन' को सपना साकार पार्न आयुर्वेदिक चिकित्साको प्रयोग आजको आवश्यकता र समयको माग बनेको छ ।

१५. दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

व्यक्ति व्यक्ति मिलेर परिवार बन्छ अनि परिवार परिवार मिलेर समाज बन्छ । समाजमा सबैले एक अर्कोसँग सहकार्य गरेका हुन्छन् र आपसी सहयोग कायम रहेको हुन्छ । समाजका सबै मानिसको भलाइ हुने काम गर्नु नै समाज सेवा हो । समाजमा कोही धनी हुन्छन्, कोही गरिब हुन्छन्, कोही शिक्षित तथा अशिक्षित हुन्छन् । कोही जन्मदै आँखा देख्दैनन्, कसैका हात खुट्टाले काम नगर्ने हुन्छ । कोही बोल्न सक्दैनन् । कोही गरिबीका कारण दुःखकष्टपूर्ण जीवन जिउन बाध्य हुन्छन् । कोही वृद्ध र अशक्त हुन्छन् । निःस्वार्थ भएर यिनीहरूको सेवा गर्नु नै समाजसेवा हो । प्रकृतिले हामीलाई अरूको सेवा गर्न सिकाएको छ । प्राकृतिक वस्तु सधैँ अरूको हितमा समर्पित छन् । पानीले खेतीपाती सपार्छ, वातावरण हराभरा राख्न सम्पूर्ण जीवलाई बचाउन सहायता गर्छ । पानीबाटै बिजुली निस्कन्छ । बिजुलीबाट हामीले धेरै लाभ लिएका छौँ । यसरी पानीले सबैको सेवा गरेको छ । रुखले फल दिएको छ, सूर्यले ताप दिएर अरूकोसेवा गरेको छ । हामीले प्राकृतिक वस्तुबाट समाज सेवाको पाठ सिक्नुपर्छ । आफ्नै लागि मात्रै काम गर्ने मानिस स्वार्थी हुन्छ । यस्ता मानिसको समाजमा इज्जत रहन्न । खान नपाएकालाई खान दिनु, लगाउन नपाएकालाई कपडा दिनु, अलपत्र परेकालाई सहारा दिनु, पढ्न नपाएकालाई पढ्ने वातावरण मिलाइदिनु, अशक्तको सेवा गर्नु, रोगीको उपचारको व्यवस्था मिलाइदिनु, बाटोघाटो, पुलपुलेसा, पाटीपौवा, चौतारो आदि बनाउनु समाज सेवा हो ।

(क) उत्तर दिनुहोस् :

(अ) समाजको निर्माण कसरी भएको हुन्छ ?

(आ) सूर्यले कसरी सेवा गरेको छ ?

(इ) कस्ता मानिस स्वार्थी हुन् ?

(ई) के के गर्दा समाजसेवा हुन्छ ?

(ख) भाषिक संरचना र वर्णविन्यास पहिचान गर्नुहोस् :

(अ) तलका शब्दको बनोट देखाउनुहोस् :

परिरवार, शिक्षित, आपसी, अशक्त

(आ) माथिको अनुच्छेदबाट शब्दको बिचमा ह्रस्व र दीर्घ मात्रा प्रयोग भएका दुई दुईओटा शब्द टिपोट गर्नुहोस् ।

(इ) अनुच्छेदबाट धातुमा प्रत्यय लागेर बनेका कुनै दुईओटा शब्द टिपोट गर्नुहोस् ।

१६. दिइएको सन्दर्भ पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :

> माघ महिनामा पानी सिमसिम परिरहेको थियो । पहाडका टुप्पामा हिउँ परेको प्रस्टै देखिन्थ्यो । रमेश, रेसम, फुर्वा, घुरहु र धानचरीले हिउँ परेको ठाउँमा जाने सल्लाह गरे । उनीहरू बिहानै फुलचोकी डाँडातिर हिँडे । उनीहरूले दिनभर हिउँ खेले । एकले अर्कोलाई हिउँ हान्दै रमाइलो गरे । चिसो डाँडामा परेको हिउँमा खेल्न पाउँदा उनीहरू निकै रमाए । उनीहरूका लुगा हिउँले निथ्रुक्कै भिजे । बेलुकी घर आउँदा रमेश र फुर्बालाई रुघाखोकी लाग्यो । उनीहरू भोलिपल्टदेखि निकै दिनसम्म ज्वरोले थलिए ।
>
> विचार नगरी हिउँमा लामो समयसम्म खेल्दा रमेश र फुर्बा घुरहु र धानचरी रुघाखोकी र ज्वरोले थला परे । तपाईंले पनि अनजानमा वा जानी जानी कुनै कारणवश यस्तो समस्या भोग्नु परेको छ होला । यस्तै आफूले गरेका कुनै कमी कमजोरी वा भुलका कारण उत्पन्न समस्या सुनाउनुहोस् ।

## सुनाइ र बोलाइ

१. सुनाइ पाठ ३ सुन्नुहोस् र दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) वातावरण कुन कुन तत्त्व मिली बनेको हुन्छ ?

(ख) वातावरणमा सजीव र निर्जीव तत्त्वबिच कस्तो सम्बन्ध रहेको हुन्छ ?

(ग) संरचनाका आधारमा पृथ्वीको वातावरणलाई कति भागमा वर्गीकरण गरिएको छ ?

(घ) कृत्रिम पारिस्थितिक प्रणालीको विकास गरेर मानिसले कुन व्यवसाय सञ्चालन गरेको छ ?

२. सुनाइ पाठ ३ का आधारमा ठिक बेठिक छुट्याउनुहोस् :

(क) घाम वा ऊर्जा, हावा, पानी, माटो जस्ता जीवनलाई आवश्यक पर्ने तत्त्वहरू निर्जीव तत्त्व हुन् ।

(ख) बोटबिरुवा जस्ता पृथ्वीका सम्पूर्ण प्राणी तथा वनस्पतिहरू निर्जीवअन्तर्गत पर्दछन् ।

(ग) सजीव र निर्जीव तत्त्वहरूबिचको घनिष्ट अन्तरसम्बन्धलाई पारिस्थितिक प्रणाली भनिन्छ ।

(घ) मौसमी तत्त्व भन्नाले प्रकाश, तापक्रम, आद्रता, वर्षा, हावाको चाप आदि बुझिन्छ ।

## भाषिक संरचना र वर्णविन्यास

१. उदाहरणमा दिइए जस्तै दिइएका उपसर्ग लगाई एक एकओटा शब्द निर्माण गर्नुहोस् :

| | |
|---|---|
| अ + ज्ञान = अज्ञान | अन + मोल = अनमोल |
| कु + कार्य = ................ | बि + जोड = ................ |
| गैर + कानुनी = ................ | बद + मास =................ |
| ना + समझ = ................ | अधि + कार =................ |
| अनु + मान = ................ | अभि + योग =................ |
| अति + अन्त = ................ | अव + काश =................ |
| अप + मान = ................ | आ + देश =................ |
| उप + चार = ................ | उत् + लेख =................ |
| दुर् + गम = ................ | दुस् + चेष्टा =................ |
| नि + यम = ................ | निर् + मान =................ |
| परा + जय = ................ | परि + पूर्ण =................ |
| प्र + कृति = ................ | प्रति + निधि = ................ |
| वि + ज्ञान = ................ | सम् + देश = ................ |
| सु + पुत्र = ................ | निस् + कर्ष =................ |

२. दिइएको अनुच्छेदबाट उपसर्ग र प्रत्यय लागेका पाँच पाँचओटा शब्द पहिचान गरी तिनको बनोट देखाउनुहोस् :

स्वस्थ तन नै खुसी मनको आधार हो । मानिसका आफ्नै असावधानीका कारण रोगव्याधिले शरीरमा अनधिकृत रूपमा प्रवेश पाउँछन् र शारीरिक अङ्ग र मनका खुसी लुट्न पुग्छन् । मान्छेले त्यसबाट मुक्ति पाउन प्रयत्न गर्छ । मानव शरीर र मनमाथि आक्रमण गर्ने ती रोगव्याधि विरुद्ध प्रत्याक्रमण गरी त्यसलाई दमन र शमन गर्दै मानिसको तन र मनलाई रोगमुक्त पार्ने प्रयत्नबाट नै चिकित्सा विज्ञानको प्रादुर्भाव भएको मानिन्छ । चिकित्सा विज्ञानका एलोप्याथिक चिकित्सा र आयुर्वेद चिकित्सा दुई किसिमका उपचार पद्धति सबैभन्दा बढी प्रयोगमा छन् । पाश्चात्य विज्ञानले दिएको अद्वितीय वरदान एलोप्याथिक चिकित्सा पद्धति हो भने पूर्वीय वैदिक एवम् प्राच्य सभ्यताले दिएको अभूतपूर्व उपहार आयुर्वेद चिकित्सा हो ।

३. दिइएका प्रत्यय लगाई एक एकओटा शब्द निर्माण गर्नुहोस् :

| | |
|---|---|
| भुल् + अक्कड = भुलक्कड | बोल् + अक्कड = ................ |
| बच् +अत = ................ | रट् + अन्त = ................ |
| पढ् + आइ = ................ | बास + आइँ = ................ |

| | | | |
|---|---|---|---|
| पक्व +आउ = | ……………. | लेक + आली = | ……………. |
| दया +आलु = | ……………. | सज् + आवट = | ……………. |
| फाटो + आहा = | ……………. | साँध + इयार = | ……………. |
| सहर + इया = | ……………. | मल + इलो = | ……………. |
| जीवन + ई = | ……………. | बढ् + उवा = | ……………. |
| ढोका +ए = | ……………. | जून + एली = | ……………. |
| गन् +.ती = | ……………. | घोच् + ओ = | ……………. |
| छान् + ओट = | ……………. | पाल्पा + ली = | ……………. |
| गाउँ + ले = | ……………. | कृ + अक = | ……………. |
| पठ् + अन = | ……………. | पठ् + अनीय = | ……………. |
| समाज + इक = | ……………. | पीडा + इत = | ……………. |
| कुल + ईन = | ……………. | कवि + ता = | ……………. |
| कृ + तव्य = | ……………. | गम् + ति = | ……………. |
| व्यक्ति + त्व = | ……………. | जल + मय = | ……………. |
| गुण + वान् = | ……………. | बुद्धि + मान् = | ……………. |
| कृ + य = | ……………. | माझ + औलो = | ……………. |

५. दिइएको अनुच्छेदमा रेखाङ्कित शब्दलाई उदाहरणमा दिइए जस्तै कृदन्त (धातुमा प्रत्यय जोडिएर बनेका) र तद्धितान्त शब्दमा प्रत्यय जोडिएर बनेका) शब्दमा छुट्याई निर्माण प्रकिया देखाउनुहोस् :

आयुर्वेदिक औषधीका लागि भूस्वर्ग मनिने नेपालको समृद्धिको ढोका खोल्न नेपालका आयुर्वेदिकमहत्त्वका जडीबुटी अधीरतासाथ पर्खेर बसिरहेका छन् कि झैँ लाग्छ । नेपाल बहुमूल्य र घातक रोग निको पार्ने जडीबुटीको कहिल्यै नरित्तिने र कहिल्यै नसिद्धिने अजस्र भण्डार हो । रामायणमा वर्णन भएअनुसार युद्धमा लक्ष्मण घाइते हुँदा सञ्जीवनी बुटी लिन नेपालको हिमालय क्षेत्रमा पठाइएको प्रसङ्ग पनि स्मरणीय छ । हनुमान्ले अनेक जडीबुटीबिच सञ्जीवनी बुटी चिन्न नसकेर सिङ्गै पहाड उठाएर लगेका र त्यो जडीबुटी खुवाएपछि लक्ष्मणलाई सन्चो भएको थियो ।

६. दिइएको अनुच्छेद पढी शब्दको सुरु, बिच र अन्त्यमा ह्रस्व उकार ( ु) लागेका शब्दको पहिचान गर्नुहोस् :

सुकुमान सानुबुबा आफ्ना सुकुमार हातहरूले कुखुरालाई चारो दिँदै हुनुहुन्छ । उहाँ मुसुमुसु हाँस्दै छेउमा कुइँकुइँ गरिरहेका कुकुरका छाउराहरूलाई बिस्कुट दिनुहुन्छ । बिहानै उठ्नु, गाईभैँसी दुहुनु, दुध तताउनु, कुँडो पकाउनु र वस्तुलाई खुवाउनु उहाँको दैनिकी हो । उहाँले

बारीमा गहुँ, उखु, केराउ, जुनेलो र कागुनो लगाउनुभएको छ । छेउको जङ्गलबाट ढुकुर, मुजुर, च्याखुरा, जुरेली आदि चराचुरुङ्गी भुर्र उडेर आउँछन् र खुसुखुसु अन्नबाली खान सुरु गर्छन् ।

७. पाठबाट खोजेर सुरु, बिच र अन्त्यमा ह्रस्व उकार ( ु ) लागेका पाँच पाँचओटा शब्द लेख्नुहोस् ।

## सिर्जना र परियोजना कार्य

१. दिइएको उदाहरण पढी 'नेपालको जलस्रोत' शीर्षकमा वस्तुपरक निबन्ध तयार गर्नुहोस् ।

वस्तुपरक निबन्धको नमुना

### जलवायु परिवर्तन

जलवायु शब्द जल र वायु शब्दको संयोजनबाट निर्माण भएको हो । यसले कुनै पनि स्थान वा ठाउँको प्राकृतिक वा वातावरणीय स्थितिलाई बुझाउँछ । त्यस्तै परिवर्तन शब्दले अदलबदल वा हेरफेर भन्ने बुझाउँछ । तसर्थ जलवायु परिवर्तन भन्नाले कुनै निश्चित भूगोलको हावापानीमा देखिने परिवर्तनलाई बुझ्नुपर्छ । हाल नेपालको मात्र नभई विश्वकै जलवायु परिवर्तन भइरहेको छ । यसले सबैभन्दा बढी जीवजन्तु र प्राणीलाई असर पुऱ्याएको छ भने पृथ्वीको आयुसमेत घटाउँदै लगेको छ ।

जलवायु परिवर्तनको प्रमुख कारकका रूपमा मानवीय क्रियाकलाप रहेको छ । विश्व विज्ञान र प्राविधिक दास बनेका वेला धमाधम उद्योगहरू सञ्चालन हुन थालेका छन् अव्यवस्थित रूपमा खोलिएका उद्योगबाट निस्कने धुवाँ र फोहोर सामग्रीले वातावरण र वायुमण्डल प्रदूषित भएको छ । यसका साथसाथै आणविक हातहतियार निर्माण गर्ने होडका कारण विश्वका शक्तिशाली राष्ट्रहरूले आणविक अस्त्र निर्माण गर्ने भट्टीहरू सञ्चालन गरेका छन् । आणविक हतियार निर्माणका क्रममा प्रयोग हुने विषालु ग्यासका कारण जलवायुमा असर पुगेको छ । विकासको नाममा जथाभावी सडक विस्तार, खानी उत्खनन र कच्चा सामग्री प्रशोधन गर्नाले समेत जलवायुमा नकारात्मक असर पुगेको छ । मानिसमा रहेको स्वार्थीपनका कारण मिलेमतो वा गुप्त रूपमा वन फँडानी गर्ने क्रम तीव्र रूपमा चलको, जताततै हरियाली हुनुपर्ने ठाउँमा यत्रतत्र नाङ्गा पहाड तथा डाँडा मात्र देखिन्छन् बढ्दो सहरीकरणका कारण खेतीयोग्य जमिन मासिएका छन् । आकाशबाट परेको पानी जमिनभित्र नपुगी सिधै खोलानाला वा नदीमा पुग्छ त्यसैले उपत्यकाका ढुङ्गे धारा र इनार वर्षामा समेत सुक्दै गएको छ । अव्यवस्थित मानवीय व्यवहारका कारण जलवायु परिवर्तन भएको हो । यसका कारण सिधै मानव स्वास्थ्यमा असर परेको छ । दिनानुदिन पृथ्वीको तापक्रम बढ्दो अवस्थामा छ । यसका कारण खाद्यन्न छिट्टै कुहिने, टाउको दुख्ने, ज्वरो आउने, पानीको मुहान सुक्ने जस्तो समस्या देखिन थालेको छ । तापव्रवम वृद्धिका कारण मानिसले बढी मात्रामा पेय पदार्थ सेवन गरेका कारणसमेत उसको स्वास्थ्यमा प्रतिकूल असर परेको छ ।

जताततै अतिवृष्टि, अनावृष्टि र अल्पवृष्टिको समस्या सामना गर्नुपरेको छ । अनावृष्टिका कारण कैयौँ हेक्टर जमिन बाँझै छ । मानिसहरू उत्पादन र संरक्षणमा असर पुऱ्याई प्रत्यक्ष रूपमा मानव स्वास्थ्यमा असर पुऱ्याएको छ । यसका साथसाथै वायुमण्डल विभिन्न विषालु ग्यासले भरिएको छ । जसका कारण वर्षामा हिलो आउने, ठुल्ठुला असिना पर्ने, खटिरा आउने जस्ता समस्या देखिएको छ । जलवायु परिवर्तन जीवनजन्तुसमेत नकारात्मक असर पुऱ्याएको छ ।

उनीहरूको खाद्यस्रोत पर्याप्त छैन, वासस्थान लोप भएको छ । केही प्रजातिका जीवनजन्तुको त अस्तित्व नै लोप भइसकेको छ । यसरी जलवायु परिवर्तनका कारण जीवजन्तु, मानिस र पृथ्वीमा गम्भीर समस्या देखिएको छ ।

जलवायु परिवर्तन प्राकृतिक प्रक्रिया भए पनि अस्वाभाविक जलवायु परिवर्तन चाहिँ मानवीय गतिविधिबाट भएको हो । यति बेलादेखि हामीले आफ्ना गतिविधको फाइदा र बेफाइदाबारे विचार गर्नुपर्छ । वृक्षरोपणलाई अभियानका रूपमा सञ्चालन गर्नुपर्छ बाँभ्कै खेतमा मौसमअनुसारका अन्नबाली लगाउनुपर्छ । आकाशबाट परेको पानी हाम्रै वरपरको जमिनको भित्री तहसम्म पुग्ने व्यवस्था मिलाई सडक तथा घर निर्माण गर्नुपर्छ, आणविक भट्टीहरू बन्द गरिनुपर्छ । त्यस्तै कलकारखाना व्यवस्थित फोहोरमैलाको उचित व्यवस्थापन गर्नुपर्छ । हामीले वातावरण मैत्री गतिविधि गर्दै प्रकृतिसँग मिलेर काम गर्छौं भने जलवायु हाम्रै हितमा देखिने छ । हामीलाई जीवन निर्वाहका लागि सहज हुने छ ।

## थप स्वाध्याय सामग्री

## निबन्ध लेखन

१. निबन्धको परिचय

कुनै विषयमा केन्द्रित रहेर त्यससम्बन्धी विषयवस्तुलाई तथ्य तथा अनुभवका आधारमा रहेर गरिने क्रमबद्ध अभिव्यक्ति नै निबन्ध हो । यसमा निश्चित विचारलाई प्रकट गरिन्छ । यसको शैली आफ्नै प्रकारको हुन्छ जसमा तर्क, विश्लेषण तथा कलात्मकता रहन्छन् । भनिएका कुरालाई एकीकृत गरेर बाँध्नुलाई नै निबन्धको कला मानिन्छ । निबन्धको निश्चित उद्देश्य हुन्छ जसलाई पूरा गर्न सङ्क्षिप्तता र स्पष्टता आवश्यक पर्दछन् । निबन्धमा नै गद्यभाषाको सर्वोत्तम अभिव्यक्ति हुन्छ भन्ने मानिन्छ ।

निबन्ध लेख्दा ध्यान दिनुपर्ने कुराहरू

१. निबन्धको शीर्षक/विषयवस्तुसँग धारणा स्पष्ट हुँदै आदि, मध्य र अन्त्यको संरचनामा प्रस्तुतीकरण गर्नुपर्छ ।

२. प्रत्येक खण्डमा मुख्य मुख्य विचार वा तर्क लेखी त्यसको व्याख्या/विश्लेषण गर्नुपर्छ ।

३. बिच बिचमा प्रस्तुत गरिने उदाहरणहरू विषयवस्तु सुहाउँदो र सान्दर्भिक बनाउनुपर्छ ।

४. स्तरअनुसारको सरल भाषाशैली प्रयोग गर्नुपर्छ ।

५. संरचनायुक्त र विषयवस्तु केन्द्रित बनाउनुपर्छ ।

पाठ ४ : मनोवाद

# यस्तो कहिल्यै नहोस्

परिचय

कुनै निश्चित घटना, विषय वा प्रसङ्गमा आधारित भएर आफैँसँग गरिने कुराकानी नै मनोवाद हो । मनोवादलाई एकालाप वा स्वगतकथन पनि भन्ने गरिन्छ । मनोवादमा विचारको तरङ्गलाई प्रस्तुत गरिन्छ । यसमा व्यक्ति एक्लै गुनगुनाउँछ । व्यक्तिका तर्कवितर्कहरू क्रमिक रूपमा नभई विशृङ्खलित रूपमा रहन्छन् । व्यक्तिको मानसिक द्वन्द्वले विषयवस्तु विकसित हुन्छ ।

'यस्तो कहिल्यै नहोस्' मनोवाद शुकमान पात्रको मानसिक उतारचढावमा केन्द्रित छ । शुकमान सामाजिक सञ्जालमा २५ लाख रुपियाँको पुरस्कार परेको म्यासेज आएपछि खुसी भए । उनले पुरस्कारको लोभमा बैङ्क खातालगायत व्यक्तिगत विवरण पनि दिए । 'लोभले लाभ, लाभले विलाप' भने झैँ शुकमानको बैङ्क खाताबाट मिहिनेत गरेर कमाएको पाँच लाख गायब भयो । सामाजिक सञ्जाललाई सचेत भएर चलाइएन भने चरित्र हत्या गर्ने, जथाभावी गालीगलौज गर्ने, आफ्नो व्यक्तिगत विवरण अरूको हातमा पुग्ने जस्ता समस्या पर्न सक्छन् । प्रहरीले विद्यालय तथा टोलमा पुगेर सामाजिक सञ्जाल प्रयोग र साइबर सचेतनासम्बन्धी कार्यक्रम सञ्चालन गर्छन् । हामी पनि यस्ता कार्यक्रममा सहभागी हुनुपर्छ । 'फोहोर गरिसकेपछि दैलो देख्नु' भन्दा समयमै सचेत हुनुपर्छ । सामाजिक सञ्जालमा अपरिचित व्यक्तिसँगको सम्पर्कबाट टाढा रहनुपर्छ । सही उपयोग गर्न सके मोबाइलमा सारा संसार अटाएको हुन्छ । त्यसलाई उपयोग गरी ज्ञानको दायरा फराकिलो बनाउन सकिन्छ । पेसागत तथा व्यावसायिक लाभ लिन सकिन्छ ।

*सिकाइ उपलब्धि*

१. सस्वर पठन र संवेगात्मक प्रस्तुति गर्न
२. पाठगत शब्दको उच्चारण, अर्थबोध र प्रयोग गर्न
३. लघुतावाची र समूहवाचक शब्दको पहिचान र प्रयोग गर्न
४. मनोवादको संरचना र शैली पहिचान गर्न
५. घटना पहिचान र प्रयोग गर्न
६. पाठको विषयवस्तु बोध गर्न
७. लेखन ढाँचा र शैली अनुकरण गर्न
८. विज्ञापनको ढाँचाबोध गर्न
९. विभिन्न प्रकारका फारमको ढाँचा पहिचान गर्न
१०. विभिन्न प्रकारको फारम लेखन गर्न
११. विज्ञापन लेखन गर्न
१२. सम्बन्धित विधा वा विषयवस्तुमा आभारित स्वतन्त्र लेखन गर्न
१३. समास विग्रह र द्वित्व शब्दको पहिचान र प्रयोग गर्न
१४. शब्दको सुरु, बिच र अन्त्यमा दीर्घ ऊकार प्रयोग भएका शब्दको पहिचान र प्रयोग गर्न


## मूल पाठ

पात्र : शुकमान

स्थान : बोहोराटार, काठमाडौँ

समय : राति १० बजे

(शुकमान बत्ती बन्द गरेर सुतेको आधा घण्टा भइसक्यो । उनलाई पटक्कै निद्रा परेको छैन । साइबर अपराध बढेका कारण आफू र थुप्रै मानिसले पाउनुसम्म दुःख पाएको सम्झेर उनी खिन्न छन् । सामाजिक सञ्जालमा छाएका विकृतिले गर्दा आज उनको मन अमिलो भएको छ । बिस्तरामा सुतेको एक घण्टा हुँदा पनि उनलाई निद्रा लागेकोछैन । वेला वेला साइबर अपराधबारे आफूले पढेका, सुनेका र थाहा पाएका कुरा पनि मनमा झल्यास्स आइरहन्छन् ।)



हरे ! के जमाना आयो यस्तो । सामाजिक सञ्जालले गर्दा जीवन सहज र सजिलो भयो भनेको त झनै जटिल र समस्याग्रस्त पो बन्न थाल्यो ! सामाजिक सञ्जालबारे थाहा भएको म जस्तो त आज फसेँ भने अरू कति मान्छेलाई यो सञ्जालले पीडा दिएको होला ! खाएको विष पो लाग्नुपर्ने । (कोल्टो फर्कंदै) नखाएको विष पनि लाग्दो रहेछ । मोबाइलभित्रको साइबर संसारमा पस्दा त खुबै विचार पुऱ्याउनु पो पर्दोरहेछ नि । हैट ! मोबाइललाई पनि के दोष दिनु र खै ! मैले नै होस गुमाएपछि मोबाइललाई केको दोष ? यो मोबाइल भन्ने चिज पनि विचित्रकै छ । (घोरिँदै) पोहोर साल त सामाजिक सञ्जाल प्रयोग र साइबर सचेतनासम्बन्धी कक्षामा म स्वयम् सहभागी भएको थिएँ नि तर खै के गर्नु ? पढेको कुरालाई व्यवहारमा उतार्न नसकेपछि त्यो पढाइको के पो अर्थ हुँदोरहेछ र ! वेलामा बुद्धिमा बिर्को लागेपछि (उति वेला कक्षामा सहभागी हुँदाका कुरा सम्झन्छ) त्यो वेला साइबर अपराधबारे गज्जबसँग भन्नुभएको थियो नि साइबर क्राइम शाखाका सब इन्सपेक्टरले । वास्तवमा यी सारा कुरा मैले त्यति वेला सुनेर उति बेलै अर्को कानले नउडाएको भए ... (उठ्छन्, बत्ती बाल्छन् र पानी पिउँछन्) त्यस दिन आएको त्यो सन्देशलाई मैले तुरुन्तै हटाइदिनु पर्नेरहेछ, के गर्नु, के रहेछ भनेर हेरि त हालेँ । हरे शिव ! यस्तो नचिनेको नम्बर र व्यक्तिबाट आएको सन्देश त शत्रुले पनि नहेरोस् ।

### शब्दार्थ

*विचित्र* : *अनौठो, विलक्षण*

"तपाईंलाई २५ लाख रुपियाँको पुरस्कार परेको छ बधाई" भन्ने आशयको सन्देश मोबाइलमा पठाएको पो रहेछ । त्यो सन्देश देख्नासाथ म त खुसीले उम्लेछु । अब सित्तैको धन पाइने भो भनेर म मक्ख परेँ । आज मैले यो गति भोग्नु पर्‍यो । (खुइय सुस्केरा हाल्दै) अझ मैले घर परिवारलाई भनेकै छैन । सबैले थाहा पाए भने ? कसरी मुख देखाउने हो ला ! यो सङ्कटको भुमरीबाट कसरी उम्कने होला ?

हरे ! जतातत्तै साइबर अपराधको बाढी पो आए जस्तो छ त ! सामाजिक सञ्जालमा अन्य व्यक्तिको नाम तथा तस्बिर प्रयोग गरेर नक्कली प्रोफाइल खोल्ने र गैरकानुनी हर्कत गरेर बेइज्जत गर्ने तथा दुःख दिने गर्दा रहेछन् ! (गम्भीर हुँदै) धन्य, अहिलेसम्म आफू त्यस्तोमा परिएको छैन र पो ! विभिन्न किसिमका तस्बिरमा अरूको टाउको जोड्ने तथा आफन्तलाई पठाउने, सामाजिक सञ्जालमा राख्ने कार्य पनि गर्दा रहेछन् ! के गर्नु, साइबर सचेतना कक्षा लिइएकै हो क्यारे ! (आफूले आफैँलाई धिक्कार्दै) शिक्षकले बिहान पढाएका र पाठ्यपुस्तकमा लेखेका कुरा मात्र पढ्ने बानी परेको म बाहिरी प्रविधिमय संसारसँग अपरिचित पो रहेछु । जीवनमा आफैँलाई दुःख पर्दा पढेका र जानेका कुरा पनि व्यवहारमा प्रयोग गर्नै नसकिने रहेछ । (मोबाइललाई ओल्टाइपल्टाइ हेर्न थाल्छन्, मोबाइलभित्रको संसारको कल्पनामा डुब्छन् ।)

साँच्चै यो मोबाइलभित्र त सारा संसार पो अटाएको रहेछ । यसमा के छैन ? नाच यहीँ रहेछ, गाना यहीँ रहेछ, धर्म यहीँ रहेछ, अधर्म पनि यहीँ नै रहेछ, स्वर्ग नर्क जे भनौँ सबै यसैमा रहेछ । ज्ञानको भण्डार पनि यहीँ रहेछ । सुख पनि यहीँ रहेछ । सुकर्म देखाउने बाटो पनि यहीँ रहेछ । कुकर्मतिर लाग्ने कुबाटो पनि यहीँ रहेछ । (टाउकामा हात राख्दै) जब मान्छेका हातका औँला मोबाइलभित्रका खराब कुरा खोज्न तम्सिँदा रहेछन् नि त्यसपछि त मान्छेले यही धर्तीमा नै नर्क भोग्नुपर्दो रहेछ । मलाई धिक्कार छ मेरा यी औँला त्यो दिन किन त्यो सन्देश थिच्न पुगे होलान् । (खुइय सुस्केरा छाड्दै) लोहोराले थिचौँ जस्तो लाग्छ यी औँलालाई । २५ लाख पाउने लोभमा फसाएर त्यस दुष्टले मेरो सबै बैङ्क खातालगायत व्यक्तिगत विवरण माग्यो । एक मनले त शङ्का लागेको थियो । आ होस् ठग होला, विवरणसिवरण केही नदिऊँ कि भन्ने पनि नलागेको कहाँ हो र ? तर के गर्नु अर्को मनले भन्यो, "हेर् शुकु ! यो तेरो भाग्य चम्केको हो । तेरो तालुमा आलु फल्दैछ, ठालु पल्टेर यसलाई स्विकारिनस् भने तेरो बैङ्क खातामा आउने २५ लाख आउने छैन । (लामो सास फेर्दै) अनि त्यसपछि त मेरो मन २५ लाखको लोभको माकुरे जालामा फसी त हाल्यो । त्यस अपरिचित दुष्टले ककसका खातामा कति कति पैसा पठाइसकियो भन्ने कुराको विभिन्न बैङ्कमा जम्मा गरेका भौचरसमेतका फोटो खिचेर पनि सन्देशमा पठायो । मलाई यो त त्यस्तो अपराधी होइन होला कि भन्ने पनि लाग्यो । (कोल्टे फर्किन्छन्) उसले मागेजतिको मेरो नाम, विवरण, बैङ्क खाता सबै खुरुखुरु त्यही सन्देशमा लेखेर पठाएँ । हैन, सधैँ कुनै महत्त्वपूर्ण काम गर्दा त म कसै न कसैलाई सोध्ने गर्थें नि । कहिले साथीलाई सोध्थेँ, कहिले परिवारलाई सोध्ने गर्थें । के गर्नु मेरो दशा लागेको ! दुर्दशा भन्ने कुरा आउन थालेपछि त चुकुल लगाएर सुतेको कोठामा पनि लोककथामा वायुपङ्खी घोडा चढेर राक्षस आए झैँ सुरु सुरु आउने रहेछ क्यारे ! (दलिनतिर एकटकले हेर्छन्)

| | | |
|---|---|---|
| *भुमरी* | : | *हावा, पानी आदि घुमेर बनेको चक्राकार ठाउँ* |
| *गैरकानुनी* | : | *कानुनविरुद्ध, अवैधानिक* |
| *कुकर्म* | : | *खराब काम* |
| *दुष्ट* | : | *अर्कालाई दुःख दिने स्वभाव भएको* |
| *दुर्दशा* | : | *दुर्गति* |

"तपाईंलाई चिट्ठा परेको छ यो चिट्ठा तपाईंले लिनुभएन भने अर्कैलाई दिन्छौँ" भनेर फोन आएको थियो । (निधारमा दाहिने हात राख्दै) थुक्क तेरो बुद्धि पर्सिपल्ट बैङ्कको खातामा पैसा चेक गर्न जान्छुभन्दा त... मेरी आम्मै नि ! त्यस दुष्टले त उल्टै मेरो खाताको पाँच लाख पो गायब पारेछ । सित्तैमा धनको खोलो फर्काउँछु भन्दा पसिना बगाएर सँगालेको धन पो बगेर गयो बरै ! लोभले लाभ, लाभले विलाप भन्छन्' मेरो त लोभले लाभ नहुँदै एकैचोटि विलापै विलाप मात्र भयो । (फेरि कोल्टो फर्केर भित्तातिर एकटकले हेर्दै) बुद्धि नपुऱ्याउँदा मोबाइलभित्रको साइबर संसारबाट दुनियाँले कति दुःख पाएका होलान् । (पोहोरको एउटा घटना सम्झन्छ) पोहोर साल पनि एउटा अपरिचित व्यक्तिले फेक आइडी हो कि क्या हो त्यसबाट पठाएको सन्देश मेरा काकाकी छोरी पानमतीले स्वीकार गरिछन् । त्यसपछि त त्यसले उनीसँग तारन्तार सन्देश गर्न थालेछ । आफूलाई हबकबको लाहुरे हुँ, काठमाडौँमा बिहे गर्न आएको' भनी गुड्डी हाँकेछ । पढेर के गर्छ्यौ नानी, पढे पनि पैँसा चाहिन्छ क्यारे, आखिर पैसा कमाउने नै हो; देशविदेश घुम्न पनि पाइन्छ भनेर फकाएछ । त्यसको केही दिनपछि त्यसैसँग बिहे गरिछ । दिल्ली हुँदै हबकब लान्छु भनेर सुनौली पुऱ्याएछ । कति छिट्टै उसका कुरामा विश्वास गरेकी होली, अलिकति त विचार गर्नुपर्छ नि ! उसको ठाउँ ठेगाना त बुझ्नुपर्छ । त्यो पनि कुनै कागजात र पासपोर्टबिना नै हबकब लान्छु भन्दा कसरी पत्याएकी ? झुक्याउनसम्म झुक्याएछ बदमासले । धन्न संयोगले बचिछ । उसले सुनौलीको नाका पास गराउन खोजेको वेला एक सामाजिक संस्थाका कर्मचारीले देखेछन् र पानमतीलाई समातेछन् अनि "तिमी कहाँबाट आएकी हौ र कहाँ जान लागेकी ?" भनेर सोधपुछ गर्न थालेछन् । अब समातिने पो भइयो र पोल खुल्ने भो भनेर त्यो हबकबको लाहुरे हुँ भन्नेको त सातोपुत्लो उडेछ । यसरी जेलमा जाकिने भएँ भनेर सबैको आँखा छली त्यहाँबाट सुइँकुच्चा ठोकेछ । धन्न ! सामाजिक संस्थाका दिदीबहिनीले बचाएर घर फर्काएछन् र पो, नत्र ... (लामो सास फेर्छन्) ।

लौ हेर त, १२ पो बजिसकेछ (घडी हेर्दै) ! अब त निदाउनु पऱ्यो, हुने हार दैव नटार' भन्छन् । पाँच लाख डुब्यो भनेर अब मैले त्यसैमा चिन्ता लिएर मेरो ज्यान सुकाउनुभन्दा आत्मविश्वासका ऊर्जाले ज्यान बचाउनतिर लाग्नुपर्छ । दुई वर्ष अरबको खाडीमा बसेर कमाएको धन गोलखाडीमा गयो त के गर्ने ? आफ्नै बुद्धिले गयो । मरुभूमिमा पसिना बगाएर कमाएको त्यो मेरो धन झुक्याएर लाने त्यस्ता दुष्टलाई भगवान्ले पनि सजाय त देलान् नि ! हे भगवान् । (अलि ढुक्क हुँदै निदाउनका लागि आँखा चिम्म गर्छ) खै भगवान्ले पनि के गर्नु र आफ्नै बुद्धि बिग्रेपछि । (दाहिनेतिर कोल्टो फर्केर हातका पन्जालाई टाउकाको सिरानी बनाएर सुत्छ) । अँ अस्ति एउटा समाचार पढेको थिएँ । साइबर अपराधका बारेमा लेखेको थियो । कोही जानी नजानी यस्तो संसारमा पसेका छन्, फसेका छन् र त्यसबाट उम्किने उपाय खोज्छन् र त्यस्तामा अरू पनि कोही नफसोस् भन्ने चाहन्छन् भने नेपाल प्रहरीको साइबर अपराध शाखामा तुरुन्त सम्पर्क गर्नु' भनी त्यसमा पनि लेखे को थियो । (अलि आश्वस्त हुँदै) म त फसेँ फसेँ, मेरो पैसा त डुब्यो डुब्यो ! अब अरू कोही पनि नफसुन् र नडुबुन् भन्नका लागि अब साइबर अपराध शाखामा जान्छु ।

| | | |
|---|---|---|
| *गायब* | : | *बेपत्ता, हराउने काम* |
| *नाका* | : | *प्रवेशस्थान* |

(पढेका कुरा सम्झँदै) साइबर अपराधको सिकारबाट जोगिन, आफ्नो कम्प्युटर, ल्यापटप र मोबाइलमा चलाइने सामाजिक सञ्जाललगायतका पासवर्ड कसैलाई दिनुहुँदैन र समय समयमा पासवर्ड परिवर्तन गरिरहनुपर्छ । अपरिचित व्यक्ति वा संस्थाबाट आएका इमेल खोल्नुहुँदैन । इमेलमा काम गरिसकेपछि साइन आउट वा लग आउट गर्नुपर्छ । इमेल तथा सामाजिक सञ्जालमा आउन सक्ने आकर्षक उपहार वा चिट्ठाको भ्रममा पर्नुहुँदैन । यस्ता इमेल तथा म्यासेजमाथि शङ्का लागेमा नजिकको प्रहरी कार्यालयमा सम्पर्क गर्नुपर्छ । (आफू लुटिएको कुरा फेरि सम्झन्छन्) अँ साच्ची मैले पुलिसलाई फोन गरेको भए त म यसरी फस्ने नै थिइन नि ! के गर्नु ? कुनै पनि मेल वा मेसेन्जरमा लिङ्क आएमा पहिला लिङ्क सही हो वा होइन पत्ता लगाएर मात्र लिङ्कमा क्लिक गर्ने गर्नुपर्छ । त्यसै गरी गैरकानुनी रूपमा अरूको वाइफाइ प्रयोग गर्नुहुँदैन । यदि मोबाइल हराएमा नजिकको दूरसञ्चार सेवा प्रदायकलाई जानकारी गराई आफ्नो सिम ब्लक गराउन लगाउनुपर्छ ।

कस्तुरीले आफ्नो नाभिमा भएको गन्ध खोज्दै जाँदा सिकारीका फेला पर्छ रे ! (आफूलाई सराप्दै) म पनि फेला परेँ, पाँच लाख लुट्ने सिकारीका फेला । अब धेरै सुर्ता लिएर के गर्नु ! आ....जेसुकै होस् । साइबर अपराध शाखामा जान्छु । मलाई कुन नम्बरबाट त्यस्तो सन्देश आयो सबै बताउँछु, सके पैसा भेटाइदेला नत्र त्यो बदमासलाई पक्रन सक्यो भने पनि म जस्ता अरू त नफस्लान् नि ! (घडी हेर्छन्) ओहो ! एक पो बजिसके छ । अब बिहानै साइबर अपराध शाखामा फोन गर्छु । साइबर अपराधमा कसरी फसिँदो रहेछ, त्यसमा नफस्न के के गर्नुपर्दो रहेछ सबै सिक्छु र सामाजिक चेतना जगाउने काममा पनि लाग्छु । (फेरि पानी पिएर आफूले आफूलाई आश्वस्त पार्दै) मेरो जीवनमा र काकाकी छोरीका जीवनमा परे जस्तै घटना कति मान्छेले भोग्नुपरेको होला ! कति घटना गुपचुप होलान् । (अलिक विश्वस्त हुँदै) समाजमा यस्तो तनाव कसैले पनि बेहोर्नु नपरोस् र कोही पनि यसरी अनाहकमा फस्नु नपरोस् । अब साइबर अपराधीको सातो उडाउनुपर्छ, तिनलाई पक्राउनुपर्छ किनकि अब कसैको जीवनमा कहिल्यै यस्ता घटना नघटुन् । कसैलाई पनि कहिल्यै यस्तो नहोस् । (सोच्दै ओछ्यानमा पल्टन्छन् र भुसुक्क निदाउँछन् ।)

*आकर्षक : अति राम्रो*

*प्रदायक : प्रदान गर्ने*

*अनाहक : बिनसित्ति, बिनाकाममा*

## पाठसार

हामीले सामाजिक सञ्जालको उपयोग गर्दा सावधानी अपनाउनुपर्छ । अपरिचित व्यक्तिलाई सामाजिक सञ्जालमा साथी बनाउनुहुँदैन । कतिपय व्यक्तिले अरूका नाममा फेक आइडी बनाएका हुन सक्छन् । यो विषयमा पनि हामी सचेत हुनुपर्छ । पुरस्कारको लोभ देखाएर व्यक्तिलाई ठग्ने तथा व्यक्तिगत विवरण लिई समस्यामा पार्ने जस्ता अपराध हुन सक्छन् । व्यक्तिको चरित्र हत्या गर्ने, गालीगलौच गरी तनाव दिने जस्ता गतिविधि हुन सक्छन् । सामाजिक सञ्जाललाई नकारात्मक रूपमा मात्र लिइनुहुँदैन । आजको संसार सामाजिक सञ्जालका माध्यमबाट घेरिएको छ । टाढा रहेका आफन्तहरूसँग सम्पर्क गर्न तथा ज्ञानविज्ञानका आधुनिक पक्षसँग परिचित हुन सामाजिक सञ्जाल अपरिहार्य छ । सामाजिक सञ्जालका माध्यमबाट पेसागत तथा व्यावसायिक लाभ लिन सकिन्छ । हामी सामाजिक सञ्जालको प्रयोग तथा साइबर अपराधका बारेमा सचेत हुनुपर्छ । हामीले गैरकानुनी

गतिविधि गर्नुहुँदैन । अरूलाई पनि यसका बारेमा जानकारी गराउनुपर्छ । साइबर अपराधबाट आफू सचेत बनी अरूलाई पनि सचेत गराउनुपर्छ ।

## शब्दभण्डार

१. दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| विवरण | बिनाकाममा |
| सन्देश | अर्कालाई दुःख दिने स्वभाव भएको |
| दुष्ट | डर, त्रास, चिन्ता आदिबाट मुक्त |
| गैरकानुनी | नालीबेली, सबै कुरा समेटिएको वर्णन |
| आश्वस्त | कानुन विरुद्ध |
| | समाचार, खबर |

२. उदाहरण हेरी दिइएको अर्थसँग मिल्दो शब्द पाठबाट खोजेर लेख्नुहोस् :

(क) समस्या धेरै भएको अवस्था : समस्याग्रस्त

(ख) जोखिम, कठिनाइ : .....................

(ग) चिनजान नभएको : .....................

(घ) बिलौना : .....................

(ङ) कागजपत्र : ...................

३. उदाहरण हेरी दिइएको अनुच्छेद पढी तीनओटा लघुतावाची र समूहवाची शब्द टिपोट गर्नुहोस् :

केटाकेटीका हुल बगैँचामा गएछन् । कसैले अङ्गुरका भुप्पा टिपेछन् । कसैले उखुको लाँक्रो भाँचेछन् । कसैले केराको कोसो चुँडेछन् । कसैले रुखबाट सुन्तलाका दाना टिपेछन् । नवीनाले झोलीभरि फूलका थुङ्गा हालिछन् । पासाङले डालीमा सागको मुठा हालेछन् । त्यसै बेला बाँदरका बथान आएछन् । केटाकेटीले बाँदरलाई लौरीले हिर्काएछन् । केटाकेटीको होहल्ला सुनेर रुखमा बसेका चरीहरू पो भागेछन् ।

*उदाहरण :*

| लघुतावाची शब्द | समूहवाची शब्द |
|---|---|
| उखु - लाँक्रो | केटाकेटी - हुल |

४. दिइएका लघुतावाची र समूहवाची शब्द पर्ने गरी छोटो अनुच्छेद लेख्नुहोस् :

| लघुतावाची शब्द | समूहवाची शब्द |
|---|---|
| घैँटो, टीकी, चोइटो, थैली, | फौज, थुप्रो, गोलो, बथान |

५. दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

विचित्र, अपराध, भौचर, तारन्तार, मरुभूमि, समाचार, उपहार

## बोध र अभिव्यक्ति

१. दिइएका शब्दलाई शुद्धसँग उच्चारण गर्नुहोस् :

सञ्जाल/सन्.जाल्./ विचित्र /बि.चित्.त्र/

गैरकानुनी/गैर्.का.नु.नि/ जीवन/जि.बन्/

अधर्म/अ.धर्.म./ संसार/सन्.सार्/

पासपोर्ट/पास्.पोर्.ट/ कर्मचारी/कर्.म.चा.रि/

मरुभूमि/म.रु.भु.मि/

२. 'यस्तो कहिल्यै नहोस्' मनोवाद हाउभाउसहित सस्वरवाचन गर्नुहोस् ।

३. तलका प्रश्नको उत्तर भन्नुहोस् :

(क) शुकमान किन चिन्तित भएका छन् ?

(ख) शुकमानको बैङ्क खाताबाट कति रकम गायब भयो ?

(ग) पानमती कसरी फसिछन् ?

(घ) प्रहरी निकायको कुन शाखाले साइबर अपराध हेर्छ ?

(ङ) साइबर अपराधबाट जोगिन के के गर्नुपर्छ ?

४. दिइएको मनोवादको अंश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

साँच्चै यो मोबाइलभित्र त सारा संसार पो अटाएको रहेछ । यसमा के छैन ? नाच यहीँ रहेछ, गाना यहीँ रहेछ, धर्म यहीँ रहेछ, अधर्म पनि यहीँ नै रहेछ, स्वर्ग नर्क जे भनौँ सबै यसैमा रहेछ । ज्ञानको भण्डार पनि यहीँ रहेछ । सुख पनि यहीँ रहेछ । सुकर्म देखाउने बाटो पनि यहीँ रहेछ । कुकर्मतिर लाग्ने कुबाटो पनि यहीँ रहेछ । (टाउकामा हात राख्दै) जब मान्छेका हातका औँला मोबाइलभित्रका खराब कुरा खोज्न तम्सिँदा रहेछन् नि त्यसपछि त मान्छेले यही धर्तीमा नै नर्क भोग्नुपर्दो रहेछ । मलाई धिक्कार छ मेरा यी औँला त्यो दिन किन त्यो सन्देश थिच्न पुगे होलान् । (खुइय सुस्केरा छाड्दै) लोहोराले थिचौँ जस्तो लाग्छ यी औँलालाई । २५ लाख पाउने लोभमा फसाएर त्यस दुष्टले मेरो सबै बैङ्क खातालगायत व्यक्तिगत विवरण माग्यो । एक मनले त शङ्का लागेको थियो । आ होस् ठग होला, विवरणसिवरण केही नदिऊँ कि भन्ने पनि नलागेको कहाँ हो र ? तर के गर्नु अर्को मनले भन्यो, "हेर् शुकु ! यो तेरो भाग्य चम्केको हो । तेरो तालुमा आलु फल्दैछ, ठालु पल्टेर यसलाई स्विकारिनस् भने तेरो बैङ्क खातामा आउने २५ लाख आउने छैन । (लामो सास फेर्दै) अनि त्यसपछि त मेरो मन २५ लाखको लोभको माकुरे जालामा फसी त हाल्यो । त्यस अपरिचित दुष्टले ककसका खातामा कति कति पैसा पठाइसकियो भन्ने कुराको विभिन्न बैङ्कमा जम्मा गरेका भौचरसमेतका फोटो खिचेर पनि सन्देश पठायो । मलाई यो त त्यस्तो अपराधी होइन होला कि भन्ने पनि लाग्यो । (कोल्टे फर्किन्छ) उसले मागेजतिको मेरो नाम, विवरण, बैङ्क खाता सबै खुरुखुरु त्यही सन्देश लेखेर पठाएँ । हैन, सधैँ कुनै महत्त्वपूर्ण काम गर्दा त म कसै न कसैलाई सोध्ने गर्थें नि । कहिले

साथीलाई सोध्थेँ, कहिले परिवारलाई सोध्ने गर्थें । के गर्नु मेरो दशा लागेको ! दुर्दशा भन्ने कुरा आउन थालेपछि त चुकुल लगाएर सुतेको कोठामा पनि लोककथामा वायुपङ्खी घोडा चढेर राक्षस आए झैँ सुरु सुरु आउने रहेछ क्यारे ! (दलिनतिर एकटकले हेर्छन्)

प्रश्नहरू

(क) मोबाइलमा के के कुरा हेर्न पाइन्छ ?

(ख) मानिसले यही धर्तीमा कसरी नर्क भोग्नुपर्दो रहेछ ?

(ग) दुष्टले कति लाख चिट्ठाको लोभ देखायो ?

(घ) म पात्रलाई किन दुर्दशा भयो ?

५. दिइएका प्रश्नका सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

(क) शुकमान साइबर अपराधीको निसानामा कसरी परे ?

(ख) साइबर अपराधीले कस्ता काम गरेर दुःख दिँदा रहेछन् ?

(ग) शुकमानले मोबाइललाई किन ज्ञानको भण्डार भनेका हुन् ?

(घ) पानमतीलाई कसले घर पठाएछन् ?

६. उदाहरण हेरी 'यस्तो कहिल्यै नहोस्' मनोवादका पात्रले मनमा खेलाएका मुख्य मुख्य घटना टिपोट गर्नुहोस् ।

*उदाहरण :*

(क) सामाजिक सञ्जाललाई सही रूपमा उपयोग गर्न नसकेकामा पछुतो लाग्नु

७. तपाईँले 'यस्तो कहिल्यै नहोस्' मनोवाद पढेर कस्तो शिक्षा पाउनुभयो, लेख्नुहोस् ।

८. दिइएको विज्ञापन पढ्नुहोस् र स्थानीय पत्रिकाका लागि कम्प्युटर तालिम केन्द्रका तर्फबाट विज्ञापनको नमुना तयार पार्नुहोस् :

**सवारी चालक बन्नेहरूका लागि सुवर्ण अवसर**

विभिन्न किसिमका सवारी साधन चलाउन इच्छुक व्यक्तिहरूलाई विगत सात वर्षदेखि तालिम दिँदै आएको यस 'सुमार्ग ड्राइभिङ सेन्टर' मा नव वर्षको उपलक्ष्यमा विशेष छुटका साथ भर्नाका लागि आह्वान गरिन्छ ।

| क्र.सं. | तालिमको क्षेत्र | लाग्ने रकम | छुट रकम | तालिम अवधि |
|---|---|---|---|---|
| १ | मोटरसाइकल/स्कुटर | रु.७,०००।- | २,०००।- | एक महिना |
| २ | कार/ट्याक्सी/जिप | रु, १२,०००।- | ८,०००।- | एक महिना पन्ध्र दिन |
| ३ | मिनि टाटा | रु.१३,०००।- | १०,०००।- | दुई महिना |
| ४ | ट्रक/टिपर | रु. १५,०००।- | १२,०००।- | दुई महिना |

*पुनश्च : यो सुविधा वैशाख एक गतेदेखि वैशाख पन्ध्र गतेसम्म मात्र रहने छ ।*

स्थान : सुमार्ग ड्राइभिङ सेन्टर, वीरेन्द्रनगर, सुर्खेत

९. दिइएको बैङ्क भौचरको नमुना पढी बैङ्क भौचर भर्ने अभ्यास गर्नुहोस् :

नगद जम्मा भौचर
CASH DEPOSIT SLIP
eSewa खाता प्रयोजनको लागी मात्र (For Loading eSewa Wallet)

बैंक शाखा Bank Branch ______ मिति Date: गते __ - महिना __ - साल ____

खाता नं Account No. 1 8 2 9 1 6 1 5 0 8 1 3

खातावालाको नाम Account Holder Name: RASTRIYA BANIJYA BANK LTD. -eSewa Account

eSewa ID: ______

रकम अंकमा Amount in Figures ______

अक्षरेपी Total Amount in Words (NRs): ______ मात्र (Only).

रकमको स्रोत Source of Fund ______

रु ५००० भन्दा बढि रकम जम्मा गर्नु परेमा प्रयोजन खुलाउनु पर्नेछ ।
(Purpose of eSewa load should be revealed for amount greater than NRs 5,000/-)

☐ हवाई सेवा Airlines ☐ होटल Hotel Booking ☐ स्कूल/कलेज School/College ☐ क्रेडिट कार्ड/ई एम आई/प्रिमियम Credit Card/EMI/Premium ☐ अन्य महशुल भुक्तानी Other Utilities

जम्मा गर्नेको विवरण (Depositor's Detail)

पुरा नाम (Full Name) ______
मोबाईल (Mobile) ______

हस्ताक्षर (Signature)

| नगद जम्मा Cash Deposit | |
|---|---|
| नगद विवरण Denomination | रकम Amount |
| 1000x | |
| 500x | |
| 100x | |
| 50x | |
| 20x | |
| 10x | |
| 5x | |
| 2x | |
| 1x | |
| Coins x | |
| जम्मा (Total) | |
| फिर्ता (Less Return) | |
| कुल जम्मा (Grand Total) | |

Validation

Customer Copy

१०. दिइएको रजिस्ट्रेसन फारमको नमुना पढी फारम भर्ने अभ्यास गर्नुहोस् :

नेपाल सरकार
राष्ट्रिय परीक्षा बोर्ड
परीक्षा नियन्त्रण कार्यालय कक्षा १०
सानोठिमी, भक्तपुर
**रजिष्ट्रेशन फाराम (कक्षा ९)**
वि.सं. २०........ (इ.सं. २०........)
**अभिलेख प्रति**
रजिष्ट्रेशन नम्बर (१२ अङ्क)

| साल | | प्रदेश | जिल्ला कोड | | विद्यालय कोड | | | विद्यार्थी क्रम संख्या | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |

हालसालै खिचिएको पासपोर्ट साइजको फोटो

मुखाकृति नछेकिने गरी उ.अ. र विद्यार्थीको हस्ताक्षर

श्रीमान् परीक्षा नियन्त्रकज्यू
मार्फत
शिक्षा विकास तथा समन्वय इकाइ ..............................
महोदय
राष्ट्रिय परीक्षा बोर्डअन्तरगत सञ्चालन हुने माध्यमिक शिक्षा परीक्षामा सम्मिलित हुन नियमानुसार लाग्ने शुल्क रु. ............ यसैसाथ संलग्न गरी मेरो नाम रजिष्ट्रेशनका लागि निम्न विवरण पेश गरेको छु ।

१. विद्यार्थीको पुरा नाम, थर (देवनागरिमा) : ..............................

NAME OF THE STUDENT (IN BLOCK LETTERS) ______

२. जन्म मिति : Date of birth :

| | साल | | | | महिना | | गते | |
|---|---|---|---|---|---|---|---|---|
| वि. सं. | | | | | | | | |
| इ. सं. | | | | | | | | |

३. लिङ्ग : पुरुष ☐ महिला ☐ अन्य ☐ ४. राष्ट्रियता : नेपाली ☐ अन्य ☐

५. विद्यार्थीको बाबुको नाम, थर : .............................. आमाको नाम, थर : ..............................

६. विद्यालयको कोड नं., नाम र ठेगाना : ..............................
School's Code No., Name and Address : ..............................

७. विद्यार्थीको स्थायी ठेगाना : प्रदेश .................. जिल्ला .................. गा.पा./न.पा. .................. वडा नं. .....

८. विषय समूह : १. ☐ साधारण / ☐ संस्कृत ऐच्छिक प्रथम ..............................
ऐच्छिक द्वितीय ..............................
२. संस्कृत अनिवार्य विषय १. .................. २. .................. ३. ..................
३. प्राविधिक ☐ Computer Engineering ☐ Civil Engineering ☐ Electrical Engineering ☐ Animal Science ☐ Plant Science ☐ Music ☐ Extra Math

९. आधारभूत तह (कक्षा ८) पुरा गरेको विद्यालयको नाम, ठेगाना : ..............................
.............................. पुरा गरेको साल : .................. रोल/सिम्बोल नं. : ..................

नोट: *कक्षा ८ वा सो सरहको वार्षिक परीक्षा उत्तीर्ण वा अक्षराङ्कन पद्धतिमा अनिवार्य विषयहरूमा न्यूनतम D+ ग्रेड प्राप्त गरेका विद्यार्थीले मात्र यो रजिष्ट्रेशन फाराम भर्न पाउनेछन् । साथै कक्षा ८ पुरा गरेको प्रमाणपत्र ग्रेडसिटको प्रतिलिपि प्र.अ.बाट प्रमाणित गराई संलग्न गर्नुपर्नेछ ।*

माथि उल्लेख गरेका सम्पूर्ण विवरणहरू ठीक साँचो हो ।

विद्यार्थीको सही : .............................. अभिभावकको मोबाइल नं. : .............................. मिति : ..............................

आवेदकले प्रस्तुत गरेका सम्पूर्ण विवरण र कागजातहरू ठिक भएको व्यहोरा प्रमाणित गरिन्छ ।

विद्यालयको छाप
दस्तखत :
नाम थर :
पद : प्रधानाध्यापक
मिति :

शिक्षा विकास तथा समन्वय इकाइको छाप
दस्तखत :
नाम थर :
पद : शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख
मिति :

११. दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

अहिले विश्वको ध्यान वातावरण संरक्षणमा केन्द्रित भएको छ । आधुनिक युगसम्म आइपुग्दा मानवले ठुल्ठुला भवन निर्माण गऱ्यो । उसले फराकिला सडकहरू बनायो । अग्ला अग्ला पहाड तथा सुनसान मरुभूमिमा विकासको मूल फुटायो । सूचना तथा सञ्चारका क्षेत्रमा अकल्पनीय परिवर्तन भित्र्यायो । मानव जातिले प्रशस्तै भौतिक उन्नति गऱ्यो । यही भौतिक उन्ततिका कारण मानवको जीवनशैलीमा महत्त्वपूर्ण सुधार भएतापनि वातावरण चाहिँ प्रतिकूल बन्दै गएको छ । ध्वनि, जल, माटो, वायुमण्डल आदिको प्रदूषणले दिनदिनै मानवजीवनमा सङ्कट पैदा भइरहेको छ । मानिसले वातारण संरक्षणका लागि कलकारखानालाई व्यवस्थित गर्नुपर्छ । वन र वन्यजन्तुको सुरक्षा गर्नुपर्छ । प्लास्टिकको खपतलाई न्यूनीकरण गनुपर्छ । जथाभावी विषादी प्रयोग गर्नुहुँदैन । मानवबस्तीलाई व्यवस्थित गर्नुपर्छ । वातावरण संरक्षणका लागि आफू सचेत भएर अरूलाई पनि सहकार्य गर्न उत्प्रेरित गराउनुपर्छ ।

प्रश्नहरू

(क) अहिले विश्वको ध्यान कुन कुरामा केन्द्रित भएको छ ?

(ख) मानवले कहाँ विकासको मूल फुटाएको छ ?

(ग) वातावरण किन प्रतिकूल बन्दै गएको छ ?

(घ) वातावरण कसरी संरक्षण गर्न सकिन्छ ?

(ङ) भाषिक संरचना र वर्णविन्यास पहिचान गर्नुहोस् :

(अ) अनुच्छेदबाट दुईओटा समस्त शब्द टिपोट गरी तिनको विग्रह गर्नुहोस् ।

(आ) अनुच्छेदबाट दुईओटा द्वित्व शब्द टिपोट गरी निर्माण प्रक्रिया लेख्नुहोस् ।

(इ) शब्दको सुरु, बिच र अन्त्यमा दीर्घ ऊकार प्रयोग भएका एक एकओटा शब्द टिपोट गर्नुहोस् ।

१२. दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :

मनमायाले आठ कक्षा पढ्दापढ्दै पढाइ छोड्नुपऱ्यो । उनको अध्ययन बिचमै छुट्नाको कारण उनी स्वयम् नभई उनको दृढ सङ्कल्पका साथ सङ्घर्ष गरिरहिन् । आधुनिक तरिकाले तरकारी खेती गरिन् । बाख्रापालन व्यवसाय पनि सुरु गरिन् । केही वर्षको अन्तरालमा मनमायाले आर्थिक अवस्थामा सुधार गरिन् । उनमा अध्ययनप्रतिको मोह पनि जीवित नै थियो । उनी खुला विद्यालयमा भर्ना भइन् र माध्यमिक शिक्षा परीक्षा उत्तीर्ण गरिन् । सोही वर्ष प्रदेश सरकारले मनमायालाई सङ्घर्षशील नारीका रूपमा सम्मान गऱ्यो । उक्त सम्मान ग्रहण गरेपश्चात् मनमायालाई गौरवको अनुभूति भयो । उनी मन, वचन र कर्मले आफ्नो पेसा र अध्ययनलाई निरन्तरता दिन तल्लीन भएकी छन् ।

माथिको अनुच्छेदमा प्रदेश सरकारको सम्मानबाट मनमायालाई गौरवको अनुभूति भए जस्तै तपाइँको जीवनमा भएका स्मरणीय अनुभूति आफ्ना साथीलाई सुनाउनुहोस् ।

## सुनाइ र बोलाइ

१. सुलनाइ पाठ ४ सुन्नुहोस् र ठिक बेठिक छुट्याउनुहोस् :

(क) सबै व्यक्तिले रक्तदान गर्न सक्छन् ।

(ख) एक पटकमा एक प्रिन्ट रगत दिन मिल्छ ।

(ग) नेपालमा वि.सं. २०२३ देखि रक्तदान सेवा सुरु भएको हो ।

(घ) नेपालमा सबैभन्दा बढी रक्तदान गर्ने व्यक्ति दयावीर कंसाकार हुन् ।

२. सुनाइ पाठ ४ सुन्नुहोस् र दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

(क) रक्तदानलाई किन जीवनदन गर्नु हुँदैन ?

(ख) कस्ता व्यक्तिले रक्तदान गर्न हुँदैन ?

(ग) नेपालमा कहिलेदेखि रक्तदान सेवा सुरु भयो ?

(घ) नेपालमा सबैभन्दा बढी रक्तदान गर्ने व्यक्ति को हुन् ?

## भाषिक संरचना र वर्णविन्यास

१. उदाहरण हेरी दिइएको अनुच्छेदबाट तीनओटा समस्त शब्द र तीनओटा विग्रह पदावली पहिचान गरी लेख्नुहोस् :

चन्द्रकला भान्साकोठामा गइन् । दाल र चामल सकिएको रहेछ । उनले ठुलो दाजुलाई फोन गरिन् र घरमा सरसामान लिएर आउनुहोस् भनिन् । दाजुले आफू तलतिर भएकाले घरमा आउन ढिला हुने बताए । चन्द्रकलाले दाजुलाई दोबाटोसम्म सामान ल्याउन आग्रह गरिन् । दाजुले भने, "ठुली आमा वनभोजबाट फर्कँदै हुनुहुन्छ । उहाँलाई सामान पठाउँछु ।" त्यसपछि चन्द्रकला कुखुरालाई दाना पानी दिन गइन् ।

*उदाहरण :*

| समस्त शब्द | विग्रह पदावली |
|---|---|
| भान्साकोठा | ठुलो दाजु |

२. 'यस्तो कहिल्यै नहोस्' मनोवादबाट चारओटा समस्त शब्द पहिचान गरी तिनको विग्रह गर्नुहोस् ।

३. दिइएका समस्त शब्दको विग्रह गर्नुहोस् :

बाढीपीडित, मामाघर, पञ्चामृत, जेठोबाठो, हाडेओखर, हिजोआज, नुनतेल, सयपत्री, घामछाया, रातोपिरो

४. दिइएका समस्त शब्द र विग्रह पदावली प्रयोग गरी छोटो अनुच्छेद लेख्नुहोस् :

रोजले ग्रस्त, बुढाबुढी, समाजका निम्ति सेवा, दोधार, नौ तला भएको, अमूल्य, हात पनि खुट्टा पनि, निमुखा

५. उदाहरण हेरी दिइएको अनुच्छेदबाट पाँचओटा द्वित्व शब्द पहिचान गरी निर्माण प्रक्रिया देखाउनुहोस् :

हामीले कसैसँग पनि झैझगडा गर्नुहुँदैन । ससाना कुरामा इख लिनुहुँदैन । आलोपालो गरेर काम गर्नुपर्छ । छरछिमेकमा ऐँचोपैँचो गर्नुपर्छ । ठुला ठुला कुरा गरेर हिँड्दैमा असल मानिस बनिँदैन । जजसको व्यवहार राम्रो हुन्छ । तिमीहरूले मात्र अरूबाट सम्मान पाउँछन् ।

*उदाहरण :*

| द्वित्व शब्द | निर्माण प्रक्रिया |
|---|---|
| झैझगडा | झगडा + झगडा |

६. दिइएका द्वित्व शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

उल्टोपाल्टो, तात्तातो, आनीबानी, आफू आफू, भुटभा

७. दिइएको तालिका हेरी शब्दको सुरु, बिच र अन्त्यमा दीर्घ ऊकार प्रयोग भएका तीन तीनओटा शब्द लेख्नुहोस् :

| शब्दको सुरुमा दीर्घ ऊकार | शब्दको बिचमा दीर्घ ऊकार | शब्दको अन्त्यमा दीर्घ ऊकार |
|---|---|---|
| ऊर्जा<br>सूर्य | समूह<br>मयूर | सासू<br>जाऊ |

८. दिइएको अनुच्छेदबाट शब्दको सुरु, बिच र अन्तिममा दीर्घ ऊकार प्रयोग भएका शब्द टिपोट गर्नुहोस् :

पूर्णबहादुर र विभूति फुपूको घरमा गए । फुपूको घर टाढा थियो । उनीहरू त्यहाँ पुग्दा आकाशमा टहटह जून लागेको थियो । उनीहरूले घरभित्र प्रवेश गर्नुपूर्व जूनको उज्यालोमा फूलबारी हेरे । त्यसपछि सबैजनालाई नमस्कार गरे । आफूले लगेका कोसेली फुपू र फुपाजुका हातमा राखिदिए । उनीहरूले दाजु र भाउजूलाई पनि कोसेली दिए ।

९. दिइएको अनुच्छेदलाई शुद्ध पारी पुनर्लेखन गर्नुहोस् :

पुजा र नुतन पूर्वबाट घाम उदाउनु अघि नै फलफूल बेच्न बजार गए । मौसम अनुकूल थिएन । बिहानैदेखि पानी पर्न थाल्यो । उनीहरूले मोबाइलबाट मौसमबारे सूचनामूलक जानकारी लिन बिर्सिएछन् । लिम्बु दाजुले उनीहरू भिजेको देखेर छाता दिए । त्यही बेला माइजु पनि टुप्लुक्क आइपुग्नुभयो ।

## सिर्जना र परियोजना कार्य

१. दिइएको नमुना पढी दिइएका शीर्षकमा मनोवाद लेख्नुहोस् :

(क) कामको खोजी (ख) सफल हुँदाको क्षण

मनोवादको नमुना

### दिदीलाई अन्माउँदा

स्थान : शयनकक्ष

समय : रात १० बजे

पात्र : सन्देश

*(आज सन्देशकी दिदीको विवाह भयो । सन्देशले दिदीलाई बिदाइ गऱ्यो । दिदीलाई अन्माएपछि उसको अनुहारमा मायालु दिदीको बिदाइले निम्त्याएका स्वाभाविक उदासिनताहरू स्पष्ट देखिन्छन् । दिनभरिको कार्यव्यस्तताले थकित भएर ऊ आफ्नो शयनकक्षमा आराम गर्दै छ ।)*

*(पलङ्गमा पल्टिँदै)* सानैदेखि मलाई हुर्काइबढाई गरेकी दिदीको आज परम्परागत विधिले विवाह गर्न पाउँदा मन एकप्रकारको हर्षले विभोर भएको छ । भाइको एउटा कर्तव्य निर्वाह गर्न पाएँ भन्ने पनि लागेको छ । सारा गाउँले, आफन्तजन र इष्टमित्रहरूलाई बोलाएर धुमधामसँग दिदीको बिहे गर्न पाउनु पनि मेरा लागि सौभाग्य नै हो तर पनि मेरो मनको कुनामा बेचैनी किन छ ? सायद कन्याको बिदाइ गर्ने हरेक आमाबाबा र दाजुभाइहरूलाई यस्तै हुँदो हो । आमा सानैमा बित्नुभएपछि यही दिदीले मेरो लालनपालन मात्र गर्नुभएको थिएन, आमाले दिने सम्पूर्ण ममता पनि ममाथि खन्याउनुभएको हो । मेरा लागि उहाँले गरेको दुःख गनेर साध्य छैन । मलाई पढाउन उहाँले आफ्नो पढाइ छोड्नुभयो । मलाई एउटा आदर्श डाक्टर बनाउने उहाँको चाहना छ ताकि हाम्री आमाले जस्तो उपचार नपाएर अकालमा कुनै आमाहरू नमरुन् । यसका लागि दिदीले जेजति मेरा लागि गर्नुभयो, त्यो एउटी आमाबाट पनि हुन सक्दैन । त्यस्ती दिदीलाई मैले कति सताएँ, उहाँको मन पनि कति दुखाएँ । एउटा दिदीको भ्रातृप्रेम कति निर्मल र निःस्वार्थ हुँदोरहेछ, त्यसको अनुभव अहिले मलाई भइरहेको छ । भाइको रेखदेख गरी भाइसँगै बस्छु, बिहे गर्दिँन भन्ने दिदीलाई बाबाले जति सम्झाए पनि बिहे गर्न मान्नुभएको थिएन । अन्त्यमा मैले सम्झाएपछि मात्र उहाँ बिहेका लागि तयार हुनुभयो किनकी दिदी कहिल्यै मेरो कुरा काट्नुहुन्न । मप्रति कति विश्वास छ दिदीको । मैले कुनै दिन खाजा नखाँदा आफू पनि नखाने यस्ती दिदीलाई बिहे गरेर पठाउँदा मनमा उदासीनता र छट्पटाहट पैदा हुँदो रहेछ ।

*(उठेर पानी खान्छ र कुर्सीमा बस्छ)* दिदी नहुँदा घर पनि शून्यजस्तो लागिरहेको छ । दिदीको वैवाहिक जीवनका बारेमा मनले अनेक शङ्का गर्दोरहेछ । दिदी यहाँ जस्तै भिनाजुको घरमा पनि खुसी रहन सक्नुहोला । नन्दआमाजूहरू धेरै छन् रे । उनीहरूलाई पनि दिदीले आफ्नो व्यवहारबाट प्रसन्न राख्न सक्नुहोला । छिः मनले पनि के के सोचेको होला ! सानैदेखि हाम्रो घरपरिवार सम्हालेकी मेरी दिदीले भिनाजुको घर पनि अवश्य सम्हाल्नुहुन्छ । आफ्नो मधुर वचन र असल व्यवहारले त्यो घरलाई स्वर्ग जस्तै बनाउनुहने छ । भिनाजु पनि असल हुनुहुन्छ । उहाँ तयारी पोसाक व्यापारी हुनुहुन्छ । दिदी पनि सक्षम हुनुहुन्छ । त्यसैले दिदीको

भविष्यलाई लिएर मैले चिन्ता गर्नै पर्दैन । त्यसो हुँदा दिदीलाई झन् राम्रो र झन् सजिलो हुने भयो । (घडी हेर्छ) ११ बज्न लागेछ । बिहेमा आएका पाहुनाहरू सुतिसके होलान् । म पनि सुत्नुपर्छ । दिदी यतिखेर के गर्दै हुनुहोला । सायद मलाई र यही माइतीघरलाई सम्झिरहनुभएको होला । नयाँ घर, नयाँ मान्छे, नयाँ आफन्तजन अनि नयाँ परिवेशमा दिदीलाई असहज लागिरहेको होला । त्यो सबै बिस्तारै सहज लाग्न थालिहाल्छ । ३/४ दिन पछि त दिदीभिनाजु यही आइहाल्नुहुन्छ नि । भेट फेरि भइहाल्छ तर पनि मनले मान्दो रहेनछ । अन्माउने बेलामा दिदी रुनुभएको सम्झिँदा अहिले पनि मलाई रोऊँ रोऊँ लाग्छ तर यो त संसारको रीत नै हो, सम्हालिनुपर्छ । अहो ! रात धेरै बितिसक्यो । बिहान चाँडै उठ्नुपर्छ । अब सुत्छु । (ओड्ने ओडेर सुत्छ ।)

२. कुनै पत्रिकाबाट विज्ञापन सङ्कलन गर्नुहोस् र विज्ञापनमा प्रयोग गरिने भाषाशैली टिपोट गर्नुहोस् ।

**थप स्वाध्याय सामग्री**

## मनोवाद लेखन

### परिचय

कुनै विषय वा प्रसङ्लाई लिएर एक्लो अवस्थामा आफैँसँग गरिने एकोहोरो कुराकानीलाई मनोवाद भनिन्छ । मनोवादले पात्रको एक्लो गुनगुन वा मनमनै गरिएको कुरा भन्ने बुझाउँछ । यसलाई एकालाप वा स्वगतकथन पनि भनिन्छ । मनोवादले कुनै विषयप्रति मानिसका मनमा आउने विशृङ्खलित सोचाइलाई सङ्गठित रूपमा राख्ने काम गर्छ । आफैँभित्रका अनुभूति, सम्झना, प्रतिक्रिया आदिलाई समावेश गरिने हुनाले मनोवादमा काल्पनिक पात्र नै भए पनि वर्णन चाहिँ प्रथम पुरुषमै गरिन्छ ।

### मनोवाद लेख्ने तरिका

१. दिइएको विषयसँग सम्बन्धित बुँदाहरू सोच्ने र तिनीहरूले जन्माउने खालका अनुभव, स्मरण तथा तर्कवितर्कका कुराहरू खोजी टिप्नुपर्छ ।

२. स्थान र समयको जानकारी सुरुमा दिनुपर्छ ।

३. काल्पनिक पात्रको सिर्जना गर्नुपर्छ ।

४. प्रारम्भमा परिवेशलाई स्पष्ट पार्न कुनै कोठा वा अन्य स्थानतथा पात्रको अवस्था कोष्ठभित्र जनाउनुपर्छ ।

५. प्रथम पुरुष शैलीको प्रयोग गरी लेख्नुपर्छ ।

६. आफैँ प्रश्न उठाउने र त्यसको समाधान आफैँ दिनुपर्छ ।

७. मनोवादका बिच बिचमा पात्रका हाउभाउ र क्रियाकलापको निर्देशन कोष्ठकभित्र दिनुपर्छ ।

८. मनोवाद सोचाइको तरङ्गमा आधारित हुने हुँदा त्यसमा अपूर्ण वाक्य राख्नुपर्छ ।

९. पात्रको सोचाइलाई एउटा निश्चित निष्कर्षमा पुऱ्याई कार्यको निर्देशन गर्ने र मनोवादलाई टुङ्ग्याउनुपर्छ ।

**पाठ ५ : जीवनी**

# लक्ष्मीप्रसाद देवकोटा

परिचय

हरेक व्यक्तिमा जन्मजात रूपमा कुनै न कुनै प्रतिभा रहेको छ । आफ्नो रूचि र क्षमताअनुसार मानिसले साहित्य, सङ्गीत, चित्र, खेलकुद, आविष्कार, खोज तथा अनुसन्धान जस्ता विविध क्षेत्रमा योगदान दिएका हुन्छन् । व्यक्तिको योगदानलाई समाज, राष्ट्र तथा विश्वले स्मरण गरिरहेको हुन्छ । महान् व्यक्तिहरू आदर्शका धरोहर बनेका हुन्छन् ।

नेपाल आमाका कैयौँ सपुतहरूमध्येका एक व्यक्ति लक्ष्मीप्रसाद देवकोटा (वि.सं. १९६६-२०१६) हुन् । विशेषत: लक्ष्मीप्रसाद देवकोटाले नेपाली साहित्यमा कलम चलाए । उनी नेपाली साहित्यमा महाकविका रूपमा अमर छन् । लक्ष्मीप्रसादले नेपाली साहित्यको श्रीवृद्धि गरी अन्तर्राष्ट्रिय जगत्मा समेत पहिचान फैलाए । उनकै सक्रियतामा त्रिभुवन विश्वविद्यालय, तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान जस्ता महत्त्वपूर्ण संस्थाको स्थापना भयो । उनले शिक्षामन्त्री जस्तो गरिमामय जिम्मेवारी वहन गरी शिक्षा, साहित्य तथा संस्कृतिका क्षेत्रमा योगदान दिएका छन् । लक्ष्मीप्रसादले जीवनमा अनेकौँ सङ्कटहरू सामना गर्नुपर्‍यो । अभावहरूसँग पौँठोजोरी खेल्दै साहित्य, शिक्षा तथा संस्कृतिक क्षेत्रमा उनले दिएको अतुलनीय छ । लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यका युगपुरुष हुन् ।

*सिकाइ उपलब्धि*

१. सस्वर पठन गरी विषयवस्तु बोध गर्न

२. पाठगत शब्दको उच्चारण, अर्थबोध र प्रयोग गर्न

३. सिङ्गो र सङ्क्षिप्त शब्दको पहिचान र प्रयोग गर्न

४. जीवनीको संरचना पहिचान गरी अनुकरणात्मक जीवनी लेखन गर्न

५. घटनाक्रम पहिचान गर्न

६. प्रश्नोत्तर, व्याख्या र समीक्षात्मक लेखन गर्न

७. सन्देश ग्रहण र लक्ष्य निर्धारण गर्न

८. बुँदा टिपोट र सारांश लेख्न

९. व्यक्तिवृत्त लेखन गर्न

१०. पुस्तकालयीय सामग्रीबाट थप विषयवस्तु बोध गर्न

११. कारक र विभक्तिको पहिचान र प्रयोग गर्न

१२. 'छ्य' र 'क्ष' प्रयोग भएका शब्द पहिचान र प्रयोग गर्न

## मूल पाठ



विराट् प्रतिभाशाली र महान् कवि लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यमा अतुलनीय योगदान दिने चिरस्मरणीय स्रष्टा हुन् । नेपालको प्रकृति, नेपाली धर्ती, नेपाली संस्कृति र नेपाली भाषा साहित्यलाई मुटुदेखि नै माया गर्दै साहित्य सिर्जना गर्ने देवकोटा नेपाली साहित्यमा युगपुरुष हुन् । शिक्षित र पठित परिवारमा जन्मेका, जीवनमा दुःख र सुखका अनेकौँ उकाली र ओराली भोगेका देवकोटाले किशोरावस्थादेखि नै स्तरीय कृति रचना गरे । बिजुली वेगमा अनवरत साहित्य रचना गर्ने देवकोटाले सङ्ख्यात्मक र गुणात्मक रूपले सर्वाधिक कृति रचना गरेर नेपाली साहित्यलाई समृद्ध तुल्याएका छन् । नेपाली साहित्यका शिखर पुरुष लक्ष्मीप्रसाद देवकोटाको जन्म वि.सं. १९६६ कार्तिक २७ गते भएको हो । त्यस दिन लक्ष्मीपूजाको दिन परेकाले घर घरमा दीपावलीको उमङ्ग छाएको थियो । हरेक घरमा धनसम्पत्तिकी अधिष्ठात्री महालक्ष्मीको भव्य पूजा, आराधना भइरहेको हर्षद् अवसर थियो । डिल्लीबजार धोबीधाराको तिलमाधव देवकोटाकहाँ सबैका घरमा झैँ दीपावलीको उज्यालो मुस्कुराइरहेको थियो । त्यही घरभित्र तिलमाधवकी धर्मपत्नी अमरराज्यलक्ष्मी देवीको कोखबाट सन्तानको जन्म भएको थियो । नवजात शिशुको जन्म नक्षत्रअनुसारको नाम तीर्थमाधव भए तापनि महालक्ष्मीको पूजाका दिन लक्ष्मीको प्रसादस्वरूप प्राप्त भएको सुपुत्र ठानेर त्यस शिशुको नाम लक्ष्मीप्रसाद राखियो । लक्ष्मी पूजाका दिन जन्मेका देवकोटाको नाम लक्ष्मीप्रसाद राखिए पनि पछि उनी सरस्वतीका वरद पुत्र बने ।

शिक्षित परिवारमा जन्मेका र बाल्यकाल निकै स्नेहमय वातावरणमा बिताएका देवकोटा आमाबुबा, दाजु र दिदीहरू सबैका मुटुका धुकधुकी थिए । देवकोटा स्वयम्ले आफ्नो बाल्यकालको स्मरण गर्दै 'कवि हुने धुनमा' भन्ने निबन्धमा आफू शान्त, सुशील, आज्ञाकारी र सन्तोषी स्वभावको रहेको कुरा व्यक्त गरेका छन् । पठित र शिक्षित परिवार भएकाले उनले घरबाटै पठनपाठनको राम्रो वातावरण

### शब्दार्थ

| | | |
|---|---|---|
| *अतुलनीय* | : | *तुलना गर्न नसकिने* |
| *चिरस्मरणीय* | : | *पछिसम्म सम्झनयोग्य* |
| *युगपुरुष* | : | *युगनायक* |
| *अनवरत* | : | *निरन्तर, लगातार* |
| *समृद्ध* | : | *उन्नतिशील, उन्नत* |
| *अधिष्ठात्री* | : | *देवतामध्ये सबैभन्दा बढी मानिएकी देवी* |
| *हर्षद* | : | *खुसियालीको क्षण* |

पाए । संस्कृतका विद्वान् एवम् कवि बुबा तिलमाधव देवकोटासँग उनले घरमै संस्कृतको अध्ययन गरे । बुबाले कागज वा स्लेटमा लेखेर दिएका मन्त्र र श्लोकलाई एक पटक पढेपछि नहेरीकन दोहोऱ्याएर मुखाग्र सुनाउँथे । उनको यस्तो स्मरणशक्तिका प्रशंसक बुबा तिलमाधव उनलाई सरस्वतीका अवतार मान्थे । उनका बुबाको इच्छा उनलाई पण्डित बनाउने थियो तर आफ्ना दाजु र आमाको प्रेरणाबाट उनमा अङ्ग्रेजी पढ्ने रहर पलायो अनि ११ वर्षको उमेरमा वि.सं. १९७७ मा दरबार हाइस्कुलमा पञ्चम श्रेणी अर्थात् अहिलेको छैटौँ कक्षामा भर्ना भए । त्यही अङ्ग्रेजी भाषाप्रतिको चासो र व्यङ्ग्य समेटी पछि उनले 'हाइहाइ अङ्ग्रेजी' निबन्ध लेखेका छन् । युवा अवस्थामा देवकोटा बाल्यकालका झैँ दयालु, उदार र अति शिष्ट व्यक्तिका रूपमा चिनिन्थे । दीनदुःखी मानिसलाई भेटे भने सर्वस्व दिनसमेत पछि नपर्ने उनको हृदय अत्यन्तै कोमल थियो । मानिसले मानिसलाई दुःख दिएको देख्दा वा मानिसले दुःख पाएको देख्दा उनको हृदय छियाछिया हुन्थ्यो । जातपातका दृष्टिले होस् वा धनी गरिबका दृष्टिले होस् कसैलाई हेप्नुहुन्न भन्ने देवकोटा 'मानिसको सेवा नै ईश्वरको सच्चा सेवा र पावन पूजा हो' भन्ने ठान्थे ।

दरबार हाइस्कुल पढ्दादेखि नै कविता लेख्न सुरु गरेका देवकोटाले त्यसै वेला अङ्ग्रेजीमा कविता लेखेर समस्त शिक्षक र सहपाठी साथीलाई चकित पारिदिएका थिए । उनका कतिपय साथी देवकोटालाई आफ्ना दाजुलाई कविता लेख्न लगाएर आफैँले लेखे जसरी सुनाउने भनेर आरोप लगाउँथे । उनले साथीहरूकै सामुन्ने धडाधड कविता लेख्दै र सुनाउँदै आरोप लगाउनेलाई नाजबाफ पारिदिन्थे । हुन पनि हो, कसैले आलोचना गऱ्यो भने त्यसको जबाफ कुराले होइन कामले दिन सक्नुपर्छ । साथीहरूकै अगाडि १५ मिनेटमा 'दरबार स्कुल' शीर्षकको कविता रचना गरी सुनाएपछि त साथीहरू उनकै समर्थक पो बन्न पुगे । तिनै साथीहरूको अनुरोधमा शिक्षकले पनि त्यो कविता हेरे । कविता पढेर दङ्ग पर्दै शिक्षकले देवकोटालाई अङ्ग्रेजीमा बडेन पोइट अर्थात् 'कोपिला कवि' भनी टिप्पणी गरे । त्यसो त देवकोटाले १० वर्षको उमेरमा नै कविता यात्राको थालनी गरेका कुरा समालोचकहरूले स्विकारेका छन् । उनले नेपाली भाषामा रचना गरेको पहिलो दुईहरफ कविता यसप्रकार छ, "घनघोर दुःखसागर संसार जान भाइ; नगरे घमन्ड कहिले मर्नू छ हामीलाई ।"

देवकोटाले किशोर र पूर्वयुवावयको एउटै डुङ्गामा पारिवारिक जीवन, कलेज जीवन, अनुशिक्षण र साहित्यिक यात्रालाई निरन्तर खियाइरहे । वि.सं. १९८१ मा १५ वर्षको उमेरमा काठमाडौँको चालिसे परिवारकी मनदेवी चालिसेसँग यिनको विवाह भयो । वि.सं. १९८२ मा १६ वर्षको उमेरमा उनले म्याट्रिकुलेसन परीक्षा उत्तीर्ण गरे । जाँच दिएपछि फुर्सदका समयमा अङ्ग्रेजी स्वच्छन्दतावादी कवि वर्डस्वर्थ र सेलीका कविता रुचिपूर्वक पढ्न थाले । वि. सं. १९८३ मा उनी त्यति वेलाको त्रिचन्द्र क्याम्पसमा आइएस्सीमा भर्ना भए । पढ्दै पनि गर्नुपर्छ, कमाउँदै पनि गर्नुपर्छ भन्ने घरपरिवारको आग्रहअनुरूप उनले अनुशिक्षण सुरु गरे । यही पेसाका कारण उनी कक्षामा नियमित उपस्थित हुन पाएनन् । यस वेला उनलाई कलेज जीवन र विज्ञान शिक्षाले भन्दा सेली,

*मुखाग्र* : *कण्ठ भएको, कण्ठस्थ*

*पावन* : *पवित्र पार्ने, शुद्ध गर्ने*

*समालोचक* : *साहित्यिक कृति वा अन्य प्रकारका रचनाको समीक्षा गर्ने व्यक्ति, टिप्पणीकर्ता*

*घनघोर* : *भयङ्कर, ज्यादै घना, डरलाग्दो*

*अनुशिक्षण* : *अतिरिक्त अध्यापन*

वाइडन र म्याथ्यु आर्नोल्डका कविताले तान्यो । वि.सं. १९८५ मा उनले आइएस्सी परीक्षा उत्तीर्ण गरेपछि उनी त्यसभन्दा माथिल्लो कक्षामा विज्ञान नपढी अङ्ग्रेजी अर्थशास्त्र र गणित विषय लिएर त्रिचन्द्र कलेजमै मानविकीतर्फको स्नातक तहमा भर्ना भए । उनले वि.सं. १९८७ मा बी.ए. उत्तीर्ण गरे । त्यस वेलासम्म १२ घन्टे अनुशिक्षणसँग जुधेर भए पनि केही गीत र कविता रचना गरिसकेका थिए ।

देवकोटाले जीवनमा पारिवारिक वियोगका असह्य पीडा खप्नुपर्‍यो । उनी २५ वर्षको हुँदा वि.स. १९९१ असार २४ गते उनले आमा अमर राज्यलक्ष्मीदेवीलाई गुमाउनुपर्‍यो । त्यसको एक वर्षपछि वि.स. १९९२ जेठ २५ गते बुबा तिलमाधव देवकोटाको पनि देहावसान भयो । वि.स. १९९२ मै जन्मेकी लक्ष्मीप्रसाद देवकोटाकी माहिली छोरीको जन्मेको दुई महिनामै मृत्यु भयो । यसरी देवकोटाले २५/२६ वर्षको उमेरमा बुबा, आमा र छोरी गुमाउनुपर्दा उनको हृदय कति छिया छिया भयो होला । उनको जीवनमा आइपरेका यस्ता कहाली लाग्दा पीडाले उनलाई विह्वल बनायो तर पनि उनले साहित्य सिर्जना यात्रालाई अघि बढाइरहे । त्यस वेला उनले लेखेका रचनामा आफन्तको मृत्युबाट सिर्जित वेदनाका साथै प्रकृतिको स्वच्छन्द र भावमय वर्णन पाइन्छ ।

छाँगो छङ्छङाए झैँ बिजुली वेगमा कविता लेख्ने देवकोटा नेपाली भाषा साहित्यका स्वच्छन्दतावादी साहित्यकार हुन् । उनले विभिन्न साहित्यिक विधामा कलम चलाएका छन् । उनका 'शाकुन्तल', 'सुलोचना', 'महाराणा प्रताप' 'प्रमिथस' आदि प्रसिद्ध महाकाव्य हुन् । उनले 'मुनामदन', 'कुञ्जिनी' र 'लुनी' जस्ता दर्जनौँ खण्डकाव्य लेखे । उनले 'यात्री', 'पागल' र 'प्रभुजी मलाई भैँडो बनाऊ' जस्ता सयौँ कविता लेखे । उनले कविता विधामा मात्र आफ्नो कलमलाई सीमित गरेनन् । उनले लेखेका सारै गहकिला निबन्ध 'लक्ष्मी निबन्ध सङ्ग्रह' 'दाडिमको रुखनेर' मा सङ्कलित छन् । उनको एउटा 'सावित्री सत्यवान्' भन्ने नाटक र 'चम्पा' उपन्याससमेत प्रकाशित छ । वास्तवमा उनले लगातार चार दशकसम्म विभिन्न विधाका दर्जनौँ साहित्यिक कृति रचना गरी नेपाली साहित्यलाई समृद्ध तुल्याए । जति वेला ताते गर्दै नेपाली साहित्य क्रमशः किशोर वयतिर चढ्दै थियो, ठिक त्यति वेला नेपाली साहित्यले उनको कलमको जादुमय स्पर्श पायो । त्यसपछि नेपाली साहित्यले विश्व साहित्यकै हाराहारीको प्रौढताको शिखर छुन पुग्यो । उनी कुरा गर्दागर्दै कविता लेख्न सक्थे । अझ भनौँ, उनी कवितैकवितामा कुराकानी र गफ गर्न सक्थे । त्यसो नहुँदो हो त तीन महिनामा शाकुन्तल' महाकाव्य, १० दिनभित्रका ६० घण्टामा 'सुलोचना' महाकाव्य र एकै रातमा 'कुञ्जिनी' खण्डकाव्य लेखिसक्नु जोसुकैका लागि सम्भव हुने कुरा कहाँ थियो र ! साहित्यमा देवकोटाका लागि भने असम्भव केही थिएन । अरू कविको नजरबाट ओझेल परेको झ्याउरे छन्द अर्थात् लोकभाकालाई 'मुनामदन' मार्फत देवकोटाले नै शिखरमा पुर्‍याएका थिए । आफ्नो जीवन अवधिमा उनले कविताका क्षेत्रमा ७०० जति फुटकर कविताका साथै आधा दर्जन महाकाव्य रचना गरे । यिनै योगदानका कारण उनी नेपाली भाषा साहित्यमा सर्वोत्कृष्ट कविका रूपमा प्रख्यात छन् । प्रशस्त र गहकिला कविता, खण्डकाव्य, महाकाव्य जस्ता रचनाले गर्दा उनी महाकविका रूपमा सम्मानित

छन् ।

देवकोटाको जागिरे जीवनयात्रा पनि नदी झैँ एकनासले कहिल्यै बगेन । उनको जीवनमा कहिलेकाहीँ कहालीलाग्दा दुःखैदुख निम्तिए । देवकोटा ३४ वर्षको उमेरमै वि.सं. २००० भदौ ११ गते नेपाली भाषानुवाद परिषद्मा नेपाली पुस्तक लेखकका रूपमा जागिरे भए । यो जागिरे अवधि उनको लेखन यात्राको स्वर्णकाल रह्यो । यसै समयमा नै उनले उत्कृष्ट खालका महाकाव्य र

*समृद्ध : उन्नत, धनधान्य आदिले सम्पन्न*

खण्डकाव्यका साथै थुप्रै कविता, गीत, बालकविता, कथा र निबन्ध रचना गरेका छन् । देवकोटाको महासागर जस्तो प्रतिभा राणाहरूको निरङ्कुशताको साँघुरो सुरुङभित्र कसरी बग्न सक्थ्यो र ? मुलुकमा जति वेला प्रजातन्त्र प्राप्तिका लागि क्रान्तिको आगो सल्कँदै थियो, त्यति वेला उनले पनि विद्रोहको बाटो समाते । उनी वि.सं. २००४ मा प्रजातान्त्रिक आन्दोलनमा संलग्न भए । उनी घरपरिवार कसैलाई थाहा नदिई बनारसतर्फ प्रवासिए । त्यहाँबाट निस्कने 'युगवाणी' पत्रिकामार्फत निरङ्कुशता विरुद्ध युगले चाहेको विद्रोहको वाणी फुके । त्यहाँ उनी सिकिस्त बिरामी परे । शारीरिक अवस्था झन् झन् बिग्रँदा बोल्न पनि नसक्ने अवस्थामा पुगे । असक्त भई प्राणै जोगाउन मुस्किल परेपछि उनले विदेशमा बसेर मर्नुभन्दा आफ्नै देशमा बसेर सक्दो सेवा गर्ने विचार लिए र काठमाडौँ आए । उनी त्रिचन्द्र कलेजका प्राध्यापक पनि भए । उनी २०१३ सालमा डा. के.आई. सिंहको मन्त्रीमण्डलमा शिक्षामन्त्री बने । यसरी उनले नेपालको उच्चपदस्थ शिक्षामन्त्री जस्तो गहन जिम्मेवारी वहन गरेका थिए । उनी नेपाल एकेडेमीको प्राज्ञ र त्रिभुवन विश्वविद्यालयको कमिसन सदस्य पनि बने । पदको शिखरमा पुग्दा होस् वा पदमा नरहँदा होस् उनको साहित्यकार व्यक्तित्व कहिल्यै मुर्झाएन, जहिलेसुकै फक्रिरह्यो, फुलिरह्यो । कविता, गीत, निबन्ध, नाटक, उपन्यासलगायत थुप्रै रचनाका फूल उनको सिर्जनाको बारीमा निरन्तर फुलिरहे ।

देवकोटाको साहित्यिक यात्रा विचार र सिर्जनात्मक प्रवृत्तिका दृष्टिले पनि आरोह अवरोहपूर्ण रह्यो । सुरुमा संसारलाई घनघोर दुःखसागर ठान्ने देवकोटाले मानव सेवालाई धर्म र कर्मलाई ईश्वरको पूजा ठान्दै 'भिखारी' कवितामा मानवतावाद र कर्मवादको शङ्खनाद गरे । त्यस्तै 'जरुर साथी म पागल' भन्ने 'पागल' कविताका देवकोटा 'प्रभुजी मलाई भेडो बनाऊ' भन्ने कवितामा विद्रोही कविका रूपमा देखिन्छन् । खहरे झैँ गडगडाएर स्वच्छन्द बगेका 'शाकुन्तल' का देवकोटा; प्रेम, मानवता र उदारता प्रकट गर्ने 'मुनामदन' का देवकोटाको भव्य र उदात्त रूप नेपाली साहित्यमा परिचित छ । कुनै वेला उनले 'उद्देश्य के लिनु ? उडी छुनु चन्द्र एक' कविता लेख्दा धेरैले उनलाई तरङ्गी र लहडी भने तर त्यो लहड नभई दूरदर्शिता थियो । जुन कुरा उनी दिवङ्गत हुनुभन्दा केही समयअघि रुसको रकेट चन्द्रलोक पुगेपछि प्रमाणित भयो । देवकोटाले जीवन भोगाइका क्रममा जे देखे, जे भोगे र जे अनुभूत गरे त्यसलाई आफ्ना कृतिमा उतारेको देखिन्छ । जीवन भोगाइका क्रममा देखेभोगेका यावत् विषयवस्तुलाई विभिन्न सिर्जनामार्फत प्रस्तुत गर्नु नै उनको सिर्जना यात्रामा देखापरेको विविधता हो ।

देवकोटाले जे लेखे र जुन जुन जिम्मेवारी पाए, प्रायः ती सबैमा उनले राष्ट्रको हितमा काम गरेर आफ्नो अब्बलता प्रदर्शन गरे । देवकोटा आफूले हात हालेका हरेक क्षेत्रमा एक असल व्यक्तित्वका रूपमा चिनिए । उनका चेला आज पनि उनी जस्तो शिक्षक र प्राध्यापकसँग तुलनीय व्यक्ति भेट्न नसकेको कुरा गर्छन् । शिक्षामन्त्री हुँदा नेपाली भाषालाई पठनपाठनमा अनिवार्य विषयका रूपमा लागु गर्ने गराउने कार्यमा उनैले विशेष पहलकदमी रह्यो । तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको स्थापनामा सक्रिय संलग्न भएर संस्थागत रूपमा साहित्य र संस्कृतिको विकासको ढोका खोल्ने कार्यमा उनको योगदान चिरस्मरणीय रहेकै छ । त्रिभुवन विश्वविद्यालय कहाँ रहने

*शङ्खनाद : झङ्कारका साथ उच्चरित ध्वनि*

*उदात्त : उदार, महान, फुक्का मनको*

*पहलकदमी : अग्रसरता*

*चिरस्मरणीय : लामो समयसम्म सम्झन योग्य*

भन्ने स्थान चयन पनि उनीबाटै भयो । उनी एक यस्ता मोती हुन् जसले जुन क्षेत्रलाई स्पर्श गरे त्यस क्षेत्रलाई झन् झन् चम्काइदिए ।

देवकोटालाई विभिन्न समयमा देशविदेश घुम्ने अवसर मिल्यो । उनले पाएको त्यो अवसर सिङ्गो नेपाल, नेपाली जनता र नेपाली साहित्यको गौरववृद्धिको अवसर बन्यो । उनी जहाँ जहाँ पुग्थे त्यहाँ त्यहाँ ओजस्वी भाषणद्वारा सबैलाई मन्त्रमुग्ध पार्थे । आफ्नै रचना तत्काल अङ्ग्रेजीमा अनुवाद गरी सुनाएर सबैलाई मन्त्रमुग्ध पार्ने क्षमताको प्रयोग पनि उनी गर्थे । यसरी उनले विश्व समुदायमा नेपाली जाति र भाषाको शिर उच्च पारेका थिए । वि.सं. २०१५ मा तत्कालीन सोभियत सङ्घमा भएको 'अफ्रो एसियाली लेखक सम्मेलन' मा भाग लिन उनलाई निम्ता आयो । त्यस सम्मेलनमा उनले नेपाली भाषा साहित्यलाई विश्वसामु प्रभावकारी ढङ्गले चिनाए । भनिन्छ, शारीरिक अस्वस्थताका कारण त्यस समारोहमा भाषण गर्नुअघि देवकोटालाई चिकित्सकको सल्लाहले रगत पनि चढाइएको थियो । उनले त्यहाँ भाषणको अन्त्यमा नेपाली साहित्य विश्व साहित्यसँगै हातेमालो गरेर अघि बढ्ने छ भन्ने कुरा सहभागीको हृदय हल्लाउने गरी सारगर्भित पाराले यसरी व्यक्त गरेका छन्, "हिउँको माझमा जन्मेको हाम्रो साहित्य कहिल्यै पनि एउटै पर्वत शृङ्खलाको भुलभुलैयामा बिलाउने छैन । हाम्रो साहित्य पनि एउटै प्रवाहमा सम्मिलित भएर एसिया तथा अफ्रिकालाई परिवेष्टित गर्ने साहित्यको असीम महासागरमा मिल्न पुग्ने छ । यस महासागरद्वारा सिञ्चित त्यो साहित्य पहिलेभन्दा अझ बढी सुन्दर र सम्पन्न बनेर जलबिन्दुका रूपमा फेरि हाम्रा पहाडमा नै बर्सने छ ।"

करिब तीन दशकसम्म नेपाली भाषा र साहित्यको सेवा गरेका देवकोटालाई क्यान्सर रोगले अचानक हमला गऱ्यो । एकातिर क्यान्सरको सहनै नसकिने पीडा र अर्कातिर उपचारका लागि आर्थिक सङ्कटले देवकोटालाई प्रताडित गऱ्यो । उनी लक्ष्मीपूजाका दिन जन्मे पनि जीवनभर उनलाई लक्ष्मीले भन्दा सरस्वतीले धेरै माया गरिन् । केही पैसा सरसापट गरेर उनी २०१६ वैशाख २२ मा त्यति वेलाको शान्तभवन अस्पतालमा भर्ना भए । उनलाई थप उपचारका लागि कलकत्ता लानुपर्ने भयो । उनलाई २०१६ असार ६ गते कलकत्ता लगियो । कलकत्तामा २४ दिन बस्दा पनि उनलाई निको नहुने भएपछि काठमाडौँ फर्काइयो । समुद्रपारिका देशमा उपचार गर्ने खर्च उनीसँग थिएन । उनलाई असह्य पीडा भएपछि पुन २०१६ भदौ ५ गते शान्तभवन अस्पतालमा भर्ना गरियो । उनले पीडा नै पीडाका बिच त्यही अस्पतालमा भदौ ८ गते 'प्रलय वेदना' कविता रचे । सोही महिनाको १६ गते मोती जयन्तीका दिन 'सङ्कल्प हाम्रो फलोस्' कविता रचे । त्यही महिनाको भदौ १७ गते देवकोटालाई आफ्ना कृतिको मूल्यबारे सोध्दा अरू रचनाभन्दा 'मुनामदन' लाई सबैभन्दा उत्कृष्ट रचना माने । मृत्युशैयामा छटपटाउँदा पनि उनले साहित्य सिर्जना गर्न छोडेनन् । चिकित्सकले समेत उनको जीवनको आस मारेको थाहा पाएपछि देवकोटाकै इच्छाबमोजिम उनलाई आर्यघाट लगियो । उनी वि.स. २०१६ भदौ २९ गते यो संसारबाट सदाका लागि बिदा भए ।

*गौरववृद्धि* : *गौरव बढाउने काम*

*ओजस्वी* : *ओज भएको, प्रभावशाली*

*मन्त्रमुग्ध* : *मोहित पारिएको*

*परिवेष्टित* : *चारैतिरबाट घेरिएको*

*जलबिन्दु* : *पानीको थोपा*

देवकोटाको कवित्व प्रतिभा, कविताको गुणात्मक मूल्य र सङ्ख्यात्मक योगदान आज पनि अद्वितीय रहेको छ । नेपाली कविताको अहिलेसम्मको यात्रामा प्रतिभा, रचना परिमाण र उत्कृष्ट गुणस्तरका दृष्टिले देवकोटा सर्वोच्च कवि मानिएका छन् । देवकोटाको देहावसानपछि २०२३ सालमा नेपाल प्रज्ञा प्रतिष्ठानले देवकोटालाई मरणोपरान्त 'त्रिभुवन पुरस्कार' प्रदान गरी सम्मानित गर्‍यो । वि.स. २०६५/६६ मा त्रिमूर्ति निकेतनको संयोजनमा नेपाल सरकारले 'देवकोटा जन्म शताब्दी' भव्य रूपमा आयोजना गर्‍यो । काठमाडौँको मैतीदेवी स्थित देवकोटाको निवासलाई नेपाल सरकारले देवकोटा सङ्ग्रहालय बनाएर वि.स. २०७९ असोज १४ गतेदेखि कार्यान्वयनमा ल्याइसकेको छ । देवकोटाका कृति र उनको कृतित्व विषयमा दर्जनौँ विद्यावारिधि अनुसन्धान भइसकेका छन् । महान् कवि एवम् विलक्षण प्रतिभाशाली देवकोटाले जनस्तरबाटै महाकविको पदवी पाए । उनको पार्थिव शरीर यस धर्तीमा नरहे पनि उनी आफ्ना अमूल्य कृतिहरूमा अनवरत बाँचेका छन् र अमर बनेका छन् ।

*गुणात्मक : गुण पक्षमा आधारित*

*अनवरत : निरन्तर*

## पाठसार

लक्ष्मीप्रसाद देवकोटाको जन्म वि.सं. १९६६ कार्तिक २७ गते काठमाडौँको डिल्लीबजारमा भएको थियो । उनी पिता तिलमाधव र माता अमरराज्यलक्ष्मीको सुपुत्र हुन् । पठित तथा शिक्षित परिवारमा जन्म भएकाले देवकोटाको अक्षराम्भ घरबाट नै प्रारम्भ भयो । उनी वि.सं. १९७७ मा ११ वर्षको उमेरमा दरबार हाइस्कुलमा पञ्चम श्रेणी (हालको कक्षा ६) मा भर्ना भए । बाल्यकालदेखि नै कविता लेखन प्रारम्भ गरेका देवकोटाले हाइस्कुल पढ्दा अङ्ग्रेजी भाषामा कविता रचना गरेर आफ्ना गुरुहरू र सहपाठी साथीहरूलाई चकित पारेका थिए । लक्ष्मीप्रसादले वि.सं. १९८२ मा १६ वर्षको उमेरमा म्याट्रिकुलेसन (हालको माध्यमिक शिक्षा) परीक्षा उत्तीर्ण गरे । उनी उच्च शिक्षा अध्ययनका लागि वि.सं. १९८३ मा त्रिचन्द्र क्याम्पसमा आइएस्सीमा भर्ना भएर वि.सं. १९८५ मा उत्तीर्ण गरे । उनले वि.सं. १९८७ मा त्रिचन्द्र क्याम्पसबाट नै बिए उत्तीर्ण गरे ।

देवकोटाले वि.सं. १९९१ मा आमा अमरराज्यलक्ष्मी तथा वि.सं. १९९२ मा बाबु तिलमाधवलाई गुमाउनुपर्‍यो । वि.स. १९९२ मा माहिली छोरीको मृत्यु भयो । यस्ता वियोगपूर्ण क्षणमा पनि देवकोटाले कविता रचनालाई निरन्तरता दिइरहे । देवकोटाले नेपाली कविता साहित्यमा स्वच्छन्दतावादलाई भित्र्याए । उनले काव्य विधाअन्तर्गत फुटकर कविता, खण्डकाव्य र महाकाव्यमा कलम चलाए । 'भिखारी' यात्री, पागल आदि उनका प्रसिद्ध फुटकर कविता हुन् । उनले 'मुनामदन', 'कुञ्जिनी', 'लुनी', 'कृषिबाला' लगायतका दर्जनौँ खण्डकाव्य रचना गरेका छन् । उनले 'शाकुन्तल', 'सुलोचना', 'वनकुसुम','प्रमीथस' आदि महाकाव्य रचना गरेका छन् । दश दिनमा 'सुलोचना' महाकाव्य र एक रातमा 'कुञ्जिनी' खण्डकाव्य रचना गरेर देवकोटाले आफ्नो आशुकवित्वको अद्भुत प्रतिमा प्रदर्शन गरेका छन् । लक्ष्मीप्रसादले काव्य विद्याका अधिरिक्त निबन्ध, नाटक र उपन्यास विधामा समेत कलम चलाएका छन् ।

लक्ष्मीप्रसाद देवकोटा वि.सं. २००० मा भाषानुवाद परिषद्मा जागिरे भए । त्यहाँको जागिर यात्रा साहित्य सिर्जनाका दृष्टिले स्वर्णकाल रह्यो । उनले वि.सं. २००४ मा प्रजातान्त्रिक आन्दोलनमा संलग्न भएर प्रजातन्त्र प्राप्तिका लागि सङ्घर्ष गरे । वि.सं. २००७ को प्रजातन्त्रको उदयपश्चात् उनी त्रिचन्द्र कलेजका प्राध्यापक भए । त्यसपछि वि.सं. २०१३ मा शिक्षामन्त्री जस्तो विशिष्ट र जिम्मेवारी

वहन गर्ने अवसर पाए । उनी नेपाल एकेडेमीको प्राज्ञ र त्रिभुवन विश्वविद्यालयको कमिसन सदस्य भए ।

तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको स्थापना तथा त्रिभुवन विश्वविद्यालय रहने स्थान छनोटमा देवकोटाले सक्रिय भूमिका रहेको पाइन्छ । २०१५ सालमा सोभियत सङ्घमा आयोजित 'अफ्रो एसियाली लेखक सम्मेलन' सहभागी भएर देवकोटाले नेपाली साहित्यलाई विश्वसामु परिचित गराए ।

लक्ष्मीप्रसाद देवकोटा नेपाली कविता साहित्यमा स्वच्छन्दतावादी भाव धारा भित्र्याउने कवि हुन् । उनको युगलाई नेपाली काव्य परम्परामा स्वर्णगत मानिन्छ । उनको मानवतावादी व्यक्तित्वलाई आदर्शका रूपमा लिने गरिन्छ । उनले नेपाली भाषा, साहित्य तथा शिक्षाको क्षेत्रमा उल्लेख्य योगदान दिएका छन् । उनले मुलुकको प्रजातन्त्र स्थापनाका लागि योगदान दिएका छन् । शिक्षा, संस्कृति तथा भाषाको उन्नतिका लागि संस्थाको स्थापना तथा संवर्धनमा सक्रिय भूमिका निर्वाह गरेका छन् । उनलाई जनस्तरबाट महाकविको उपाधि प्राप्त भएको थियो । २०२३ सालमा नेपाल प्रज्ञा प्रतिष्ठानले मरणोपरान्त 'त्रिभुवन पुरस्कार' प्रदान गऱ्यो । वि.सं. २०६५/२०६६ मा नेपाल सरकारले 'देवकोटाको जन्म शताब्दी' मनायो । २०७९ सालमा नेपाल सरकारले देवकोटा सङ्ग्रहालय स्थापना गऱ्यो । वि.सं. २०१६ भदौ २९ गते यो संसारबाट सदाका लागि बिदा भएका देवकोटा नेपाल आमाका अमर पुत्र हुन् । उनको जीवनीबाट भाषा तथा साहित्यक क्षेत्रमा निःस्वार्थ भावनाले समर्पित हुने प्रेरणा पाइन्छ ।

## शब्दभण्डार

१. दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| शब्द | अर्थ |
|---|---|
| विराट् | दुःख, चिन्ता आदिका कारण शान्ति नभएको |
| सहपाठी | लगातार |
| विह्वल | अर्को व्यक्ति नभएको |
| सर्वोत्कृष्ट | एउटै कक्षामा साथसाथै पढ्ने |
| निरन्तर | ज्यादै ठुलो |
| अद्वितीय | अग्रसरता |
| | सबैभन्दा उत्कृष्ट |

२. उदाहरण हेरी दिइएको अर्थसँग मिल्दो शब्द पाठबाट खोजेर लेख्नुहोस् :

(क) ईश्वरलाई प्रसन्न पार्न गरिने उपासना, पूजा : आराधना

(ख) आश्चर्यमा परेको : ....................

(ग) कुनै काममा महत्त्वपूर्ण सहायता दिने काम : ....................

(घ) गुण पक्षलाई महत्त्व दिइएको : ....................

(ङ) सांस्कृतिक, भौतिक : ..................

३. दिइएको उदाहरण हेरी सङ्क्षिप्त रूप पहिचान गर्नुहोस् र रेखाङ्कन गरिएका शब्दका पूरा रूप लेखी अनुच्छेद पुनर्लेखन गर्नुहोस् :

| सङ्क्षिप्त शब्द | पूरा रूप |
|---|---|
| अदुअआ | अख्तियार दुरूपयोग अनुसन्धानआयोग |
| प्रजिअ | प्रमुख जिल्ला अधिकारी |
| लोसेआ | लोक सेवा आयोग |

पनिकाले यस वर्षको नतिजा सार्वजनिक गऱ्यो । पाविकेले अर्को वर्ष नयाँ पाठ्यक्रममा आधारित पाठ्यपुस्तक जशिसाकेलिबाट छापिने बताएको छ । सो समाचार राससबाट प्रकाशित भएको थियो । विद्यालय शिक्षामा गुणस्तर वृद्धि भएपश्चात् उच्च शिक्षामा पनि गुणस्तर वृद्धि हुने कुरा त्रिविका उपकुलपतिले बताएका छन् ।

४. दिइएको उदाहरण हेरी 'लक्ष्मीप्रसाद देवकोटा' जीवनीको पहिलो अनुच्छेदबाट पाँचओटा सिङ्गा शब्द टिपोट गर्नुहोस्

| सिङ्गो शब्द |
|---|
| प्रतिभाशाली, युगपुरुष |

५. दिइएको उदाहरण हेरी सिङ्गा शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

*उदाहरण :*

क्षितिज : (आकाश र पृथ्वी जोडिए जस्तो देखिने ठाउँ) पूर्वी क्षितिजबाट घाम उदाइसक्यो ।

अद्योपान्त : (सुरुदेखि अन्तिमसम्म) रमिलाले नेपाली पुस्तक आद्योपान्त पढिछन् ।

आशुकवि (तुरुन्तै कविता रचना गर्न सक्ने)

उपकारी (अर्काको उपकार गर्ने)

मृदुभाषी (मिठो बोल्ने)

चिरञ्जीवी (सधैँ बाँचिरहने)

दूरदर्शी (पछिको कुरा थाहा पाउन सक्ने)

समकालीन (उही समयको)

शताब्दी (सय वर्षको अवधि)

गृहस्थ (घरजम गरेर बस्ने व्यक्ति)

दीक्षा (गुरुबाट लिइने मन्त्र)

६. दिइएका शब्द प्रयोग गरी छोटो अनुच्छेद रचना गर्नुहोस् :

| |
|---|
| युगपुरुष, समृद्ध, पावन, पारिवारिक, सर्वोत्कृष्ट, गुणात्मक, सङ्ख्यात्मक, चिरस्मरणीय, सिर्जना, अमर |

## बोध र अभिव्यक्ति

१. दिइएका शब्दलाई शुद्धसँग उच्चारण गर्नुहोस् :

किशोरावस्था /कि.सो.रा.बस्, था/

अनुशिक्षण /अ.नु.सिच्. छ्यन्/

उपन्यास /उ.प.न्यास्/

सिर्जनात्मक /सिर्.ज.नात्.मक्/

मन्त्रमुग्ध /मन्.त्र.मुग्.ध/

मरणोपरान्त /म.र.डोँ.प.रान्.त/

कलकत्ता /कल्.कत्.ता/

पठनपाठन /प.ठन्.पा.ठन्/

निरन्तर /नि.रन्.तर्/

महाकाव्य /म.हा.काब्.ब्य/

शङ्खनाद /सङ्.ख.नाद्/

प्रतिभाशाली /प्र.ति.भा.सा.लि/

जयन्ती /ज.यन्.ति/

अस्पताल /अस्.प.ताल्/

२. 'लक्ष्मीप्रसाद देवकोटा' जीवनी सस्वरवाचन गर्नुहोस् ।

३. तलका प्रश्नको उत्तर भन्नुहोस् :

(क) 'लक्ष्मीप्रसाद देवकोटा' जीवनीमा कतिओटा अनुच्छेद रहेका छन् ?

(ख) जीवनीमा कुन अनुच्छेदमा बाल्यकालको वर्णन गरिएको छ ?

(ग) जीवनीको पहिलो अनुच्छेदको सार वाक्य कुन हो ?

(घ) जीवनीको अन्तिम अनुच्छेदमा कुन कुन सन्दर्भ समेटिएको छ ?

४. 'लक्ष्मीप्रसाद देवकोटा' जीवनीबाट सालका आधारमा घटनाक्रमहरूको क्रम मिलाउनुहोस् :

(क) नेपाल प्रज्ञा प्रतिष्ठानले देवकोटालाई मरणोपरन्त 'त्रिभुवन पुरस्कार' प्रदान गरी सम्मानित गऱ्यो ।

(ख) 'अफ्रो एसियाली लेखक सम्मेलन' मा भाग लिन उनलाई निम्ता आयो ।

(ग) देवकोटा त्रिचन्द्र क्याम्पसमा आइएस्सीमा भर्ना भए ।

(घ) देवकोटाको विवाह १५ वर्षको उमेरमा मनदेवी चालिसेसँग भयो ।

(ङ) उनी नेपाली भाषानुवाद परिषद्मा लेखकका रूपमा जागिरे भए ।

(च) उनी के.आई. सिंहको मन्त्रीमण्डलमा शिक्षामन्त्री बने ।

(छ) लक्ष्मीप्रसाद २५ वर्षको हुँदा आमा अमरराज्यलक्ष्मीलाई गुमाउनुपऱ्यो ।

(ज) उनी प्रजातान्त्रिक आन्दोलनमा संलग्न भए ।

(झ) नेपाल सरकारले देवकोटा सङ्ग्रहालय बनाएर कार्यान्वयनमा ल्याएको छ ।

(ञ) उनी यो संसारबाट सदाका लागि बिदा भए ।

५. दिइएका जीवनीको अंश मौनपठन गरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

देवकोटालाई विभिन्न समयमा देशविदेश घुम्ने अवसर मिल्यो । उनले पाएको त्यो अवसर सिङ्गो नेपाल, नेपाली जनता र नेपाली साहित्यको गौरववृद्धिको अवसर बन्यो । उनी जहाँ जहाँ पुग्थे त्यहाँ त्यहाँ ओजस्वी भाषणद्वारा सबैलाई मन्त्रमुग्ध पार्थे । आफ्नै रचना तत्काल अङ्ग्रेजीमा अनुवाद गरी सुनाएर सबैलाई मन्त्रमुग्ध पार्ने क्षमताको प्रयोग पनि उनी गर्थे । यसरी उनले विश्व समुदायमा नेपाली जाति र भाषाको शिर उच्च पारेका थिए । वि.सं. २०१५ मा तत्कालीन सोभियत सङ्घमा भएको 'अफ्रो एसियाली लेखक सम्मेलन' मा भाग लिन उनलाई निम्ता आयो । त्यस सम्मेलनमा उनले नेपाली भाषा साहित्यलाई विश्वसामु प्रभावकारी ढङ्गले चिनाए । भनिन्छ, शारीरिक अस्वस्थताका कारण त्यस समारोहमा भाषण गर्नुअघि देवकोटालाई चिकित्सकको सल्लाहले रगत पनि चढाइएको थियो । उनले त्यहाँ भाषणको अन्त्यमा नेपाली साहित्य विश्व साहित्यसँगै हातेमालो गरेर अघि बढ्ने छ भन्ने कुरा सहभागीको हृदय हल्लाउने गरी सारगर्भित पाराले यसरी व्यक्त गरेका छन्, "हिउँको माझमा जन्मेको हाम्रो साहित्य कहिल्यै पनि एउटै पर्वत शृङ्खलाको भुलभुलैयामा विलाउने छैन । हाम्रो साहित्य पनि एउटै प्रवाहमा सम्मिलित भएर एसिया तथा अफ्रिकालाई परिवेष्टित गर्ने साहित्यको असीम महासागरमा मिल्न पुग्ने छ । यस महासागरद्वारा सिञ्चित त्यो साहित्य पहिलेभन्दा अझ बढी सुन्दर र सम्पन्न बनेर जलविन्दुका रूपमा फेरि हाम्रा पहाडमा नै बर्सने छ ।"

प्रश्नहरू

(क) देवकोटाले नेपाली जाति र भाषाको शिर कसरी उच्च पारेका थिए ?

(ख) देवकोटालाई अफ्रो एसियाली लेखक सम्मेलनमा भाग लिन कहिले निम्ता आयो ?

(ग) देवकोटालाई कसको सल्लाहले रगत चढाइएको थियो ?

(घ) देवकोटाका विचारमा हाम्रो साहित्य कहाँ जन्मिएको हो ?

६. दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

(क) लक्ष्मीप्रसाद देवकोटाको बाल्यकाल कसरी बितेको थियो ?

उत्तरका लागि मुख्य मुख्य बुँदाहरू

(अ) देवकोटाको जन्म १९६६ सालमा काठमाडौँमा भएको

(आ) उनको जन्म पठित र शिक्षित परिवारमा भएकाले घरमा नै पठनपाठनको वातावरण रहेको

(इ) देवकोटाले संस्कृतका विद्वान् एवम् कवि बाबुबाट घरमै संस्कृत अध्ययन गर्न पाएका

(ई) देवकोटाले १० वर्षकै उमेरदेखि कविता लेख्न थालेका

(उ) ११ वर्षको उमेरमा दरबार हाइस्कुलको पञ्चम श्रेणीमा भर्ना भएका

(ऊ) आमाबुबा, दाजु र दिदीका काखमा देवकोटाको बाल्यकाल सुखद् रहेको

(ख) देवकोटाको जीवनमा कस्ता विपत्तिहरू आए ?

(ग) देवकोटा किन महाकविका रूपमा सम्मानित छन् ?

(घ) देवकोटा कुन कुन सङ्घसंस्थामा आबद्ध थिए ?

७. दिइएको जीवनीको अंश पढी उत्तर लेख्नुहोस् :

देवकोटाको जागिरे जीवनयात्रा पनि नदी झैँ एकनासले कहिल्यै बगेन । उनको जीवनमा कहिलेकाहीँ कहालीलाग्दा दुःखैदुख निम्तिए । देवकोटा ३४ वर्षको उमेरमै वि.सं. २००० भदौ ११ गते नेपाली भाषानुवाद परिषद्मा नेपाली पुस्तक लेखकका रूपमा जागिरे भए । यो जागिरे अवधि उनको लेखन यात्राको स्वर्णकाल रह्यो । यसै समयमा नै उनले उत्कृष्ट खालका महाकाव्य र खण्डकाव्यका साथै थुप्रै कविता, गीत, बालकविता, कथा र निबन्धहरू रचना गरेका छन् । देवकोटाको महासागर जस्तो प्रतिभा भाषानुवाद परिषद्को सानो खोल्सो र राणाहरूको निरङ्कुशताको साँघुरो सुरुङभित्र कसरी बग्न सक्थ्यो र ? मुलुकमा जति वेला प्रजातन्त्र प्राप्तिका लागि क्रान्तिको आगो सल्कँदै थियो, त्यति वेला उनले पनि विद्रोहको बाटो समाते । उनी वि.सं. २००४ मा प्रजातान्त्रिक आन्दोलनमा संलग्न भए । उनी घरपरिवार कसैलाई थाहा नदिई बनारसतर्फ प्रवासिए । त्यहाँबाट निस्कने ‘युगवाणी’ पत्रिकामार्फत निरङ्कुशता विरुद्ध युगले चाहेको विद्रोहको वाणी फुके । त्यहाँ उनी सिकिस्त बिरामी परे । शारीरिक अवस्था झन् झन् बिग्रँदा बोल्न पनि नसक्ने अवस्थामा पुगे । असक्त भई प्राणै जोगाउन मुस्किल परेपछि उनले विदेशमा बसेर मर्नुभन्दा आफ्नै देशमा बसेर सक्दो सेवा गर्ने विचार लिए र काठमाडौँ आए । उनी त्रिचन्द्र कलेजका प्राध्यापक पनि भए । उनी २०१३ सालमा डा. के.आई. सिंहको मन्त्रीमण्डलमा शिक्षामन्त्री बने । यसरी उनले नेपालको उच्चपदस्थ शिक्षामन्त्री जस्तो गहन जिम्मेवारी वहन गरेका थिए । उनी नेपाल एकेडेमीको प्राज्ञ र त्रिभुवन विश्वविद्यालयको कमिसन सदस्य पनि बने । पदको शिखरमा पुग्दा होस् वा पदमा नरहँदा होस् उनको साहित्यकार व्यक्तित्व कहिल्यै मुर्झाएन, जहिलेसुकै फक्रिरह्यो, फुलिरह्यो । कविता, गीत, निबन्ध, नाटक, उपन्यासलगायत थुप्रै रचनाका फूल उनको सिर्जनाको बारीमा निरन्तर फुलिरहे ।

प्रश्नहरू

(क) भाषानुवाद परिषद्को जागिर अवधिलाई किन देवकोटाको लेखन यात्राको स्वर्णकाल मानिन्छ ?

(ख) देवकोटाले कुन कुन क्षेत्रमा योगदान दिए ?

८. दिइएको अनुच्छेदबाट मुख्य मुख्य चारओटा बुँदा टिपी सारांश लेख्नुहोस् :

वर्तमान युग विज्ञान र प्रविधिको युग हो । विज्ञानले विविध क्षेत्रमा गरेको प्रगतिको वर्तमान युग सुविधायुक्त बन्न पुगेको छ । टेलिफोनको आविष्कारले गर्दा संसारको कुना कुनामा तुरुन्तै सम्पर्क गरी दोहोरो कुराकानी गर्न सम्भव भएको छ भने रेडियो र टेलिभिजनका माध्यमबाट विश्वमा घटेका विभिन्न घटनाहरूका बारेमा घरैमा बसी बसी समाचार सुन्न र हेर्न सक्ने

सुविधा सबैलाई उपलब्ध भएको छ । यसैगरी रेल, मोटर, पानीजहाज, हवाईजहाज जस्ता यातायातका साधनहरूले टाढा टाढाको गन्तव्यलाई पनि सुगम तुल्याइदिएका छन् । वैज्ञानिक क्षेत्रमा भएको आशातीत प्रगतिले गर्दा घरायसी कामदेखि दिएर कृषि, उद्योग, वाणिज्य आदि क्षेत्रमा मानवीय जीवनपद्धति सुखी, सम्पन्न र सुविधायुक्त बन्न पुगेको छ । मानिसले आर्जन गरेको अभूतपूर्व ज्ञान, निरन्तर कडा मिहिनेत र अनुसन्धानको परिणाम स्वरूप यन्त्रमानव आविष्कार गर्ने महत्त्वपूर्ण कार्यमा समेत सफलता प्राप्त भएको छ ।

९. व्याख्या गर्नुहोस् :

(क) मानिसले मानिसलाई दुःख दिएको देख्दा वा मानिसले दुःख पाएको देख्दा उनको हृदय छियाछिया हुन्थ्यो ।

व्याख्याका लागि मुख्य मुख्य बुँदाहरू

| |
|---|
| (क) मानिसबाट मानिसले दुःख पाउने अवस्था सिर्जना हुने नहुने |
| (ख) मानिसले सेवा नै धर्म हो भन्ने सोचेर परोपकार गर्नुपर्ने |
| (ग) सबैको आर्थिक अवस्था समान नहुने कारणले कतिपय मानिसलाई लगाउने कपडा र खाने अन्नको समेत अभाव हुने |
| (घ) कतिपय दुष्ट प्रवृत्तिका मानिसले अरूलाई दुःख दिने |
| (ङ) देवकोटा दयालु र उदार स्वभावका व्यक्ति हुनु |
| (च) देवकोटा जातपात र धनी गरिबका दृष्टिमा भेदभाव गर्नु हुँदैन भन्ने सोच हुनु |
| (छ) देवकोटा मानव सेवालाई ईश्वरको सेवा र पावन पूजा ठानने मानवतावादी व्यक्ति हुनु |
| (ज) देवकोटाका साहित्य रचनामा समेत मानवतावादी दृष्टिवाण पाइनु |
| (झ) हामी पनि मानवहितका लागि समर्पित हुनुपर्ने |

(ख) देवकोटाको साहित्य सिर्जना यात्रा विचार र सिर्जनात्मक प्रवृत्तिका दृष्टिले पनि आरोह अवरोहपूर्ण रह्यो ।

१०. दिइएका बुँदालाई आधार मानी समीक्षात्मक उत्तर लेख्नुहोस् :

(क) लक्ष्मीप्रसाद देवकोटाले नेपाली साहित्यमा पुऱ्याएको योगदानको समीक्षा गर्नुहोस् ।

समीक्षात्मक उत्तरका लागि मुख्य मुख्य बुँदाहरू

| |
|---|
| (क) देवकोटाले १० वर्षको उमेरमा नै कविता रचना गरेका |
| (ख) देवकोटाले नेपाली काव्य विधाअन्तर्गत फुटकर कविता, खण्डकाव्य र महाकाव्यमा कलम चलाएका |
| (ग) देवकोटाका कवितामा प्रकृतिको चित्रण हुने |
| (घ) देवकोटाको मानवतावादी चिन्तनको प्रभाव साहित्यिक कृतिमा समेत देखिने |
| (ङ) देवकोटा आशुकविसमेत रहेका |

(च) देवकोटाले काव्य विधाका अतिरिक्त निबन्ध, नाटक र उपन्यास विधामा पनि कलम चलाएका

(छ) सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले देवकोटा सशक्त साहित्यकार

(ज) देवकोटाले अन्तर्राष्ट्रिय साहित्य सम्मेलनमा सहभागिता जनाएर नेपाली साहित्यको चिनारी बढाएका

(झ) नेपाली साहित्य, सङ्गीत तथा संस्कृतिको विकासका लागि प्रज्ञा प्रतिष्ठानको स्थापनामा सक्रिय भूमिका खेलेका

(ञ) जीवनभर नेपाली साहित्यको सेवा गर्ने अमर पुत्र

११. लक्ष्मीप्रसाद देवकोटाको जीवनी पढेर तपाईँले के प्रेरणा पाउनुभयो, लेख्नुहोस् ।

१२. पुस्तकालयबाट तपाईँलाई मन परेको साहित्यिक पुस्तक लिएर अध्ययन गर्नुहोस् र उक्त पुस्तकका सन्दर्भमा आफ्ना विचार लेख्नुहोस् ।

१३. दिइएको नमुनाका आधारमा आफ्ना अभिभावकको व्यक्तिवृत्त विवरण तयार पार्नुहोस् :

| | | |
|---|---|---|
| नाम | : | जयन्ती महत |
| जन्मस्थान | : | पोखरा महानगरपालिका, वडा नं. २, कास्की |
| जन्ममिति | : | २०६०/०६/०५ |
| माता | : | देविका महत |
| पिता | : | दशरथ महत |
| राष्ट्रियता | : | नेपाली |
| धर्म | : | हिन्दु |
| वैवाहिक स्थिति | : | अविवाहित |
| स्थायी ठेगाना | : | पोखरा महानगरपालिका, वडा नं. २, कास्की |
| अस्थायी ठेगाना | : | ललितपुर महानगरपालिका, वडा नं. १०, ललितपुर |
| सम्पर्क नम्बर | : | ९८४१००००० |
| इमेल | : | jayanti@gmail.com |
| शैक्षिक योग्यता | : | २०७९ सालमा माध्यमिक शिक्षा उत्तीर्ण हाल कक्षा ११ मा अध्ययनरत |

१४. दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

झलकमान यस्ता विशेष प्रतिभा सम्पन्न कलाकार थिए कि उनले सङ्गीतको औपचारिक अध्ययनबिना नै आफूलाई चिनाए । यसका लागि उनले सङ्गीतको स्वयम् अध्ययन र साधना गरी दक्षता हासिल गरे । लोकगीतको सङ्कलन गरी मिठो स्वर भरे । झलकमानका गीतमा नेपाली जनजीवनको सुर र ताल भेटिन्छ । उकाली, ओराली, भन्ज्याङ र चौतारी भेटिन्छ ।

ढिकी, जाँतो, मेलापात र दुःखसुखको भाका भेटिन्छ । उनले नेपाली लोकगायनमा विशेष योगदान दिएका छन् । नेपाली लोकगीतमा पुऱ्याएको योगदानको कदर स्वरूप उनले विभिन्न सम्मान तथा पुरस्कार पाएका छन् । उनले स्वर सम्राट स्मृति पुरस्कार, इन्द्रराज्यलक्ष्मी पुरस्कार, गन्धर्व कुल गौरव पुरस्कार, गोरखा दक्षिण बाहु चौथो आदि प्राप्त गरेका छन् । पोखराको बाटुले चउरमा झलकमानको नाममा सङ्गीत पाठशाला स्थापना गरिएको छ । यसको नाम झलकमान गन्धर्व सारङ्गी पाठशाला हो । यहाँ लोकगीत र लोकबाजासम्बन्धी पठनपाठन हुन्छ । लोकगीतमा विशेष गरी गन्धर्व गीतलाई महत्त्व दिइन्छ । लोकबाजामा चाहिँ सारङ्गी र मादललाई प्राथमिकतामा राखिन्छ । झलकमान गन्धर्व सारङ्गी पाठशालामा इच्छुक व्यक्तिले निःशुल्क भर्ना पाउँछ । अहिले स्थानीय धनबहादुर गन्धर्वले यो पाठशालाको जिम्मेवारी पाएका छन् । यहाँ लोक सङ्गीत सिकेका विद्यार्थीहरू पोखरा काठमाडौँ आदि सहरका चोक चोकमा सारङ्गी रेटिरहेका छन् । उनीहरूले नेपाली लोकगीतलाई बचाइरहेका छन् । आम्दानी पनि गरिरहेका छन् ।

*प्रश्नहरू :*

(क) झलकमानले किन सम्मान तथा पुरस्कार पाएका हुन् ?

(ख) झलकमानको नाममा खुलेको पाठशालाको नाम के हो ?

(ग) सारङ्गी पाठशालामा के के सिकाइन्छ ?

(घ) विद्यार्थीहरूले कसरी आम्दानी गरेका हुन् ?

(ख) भाषिक संरचना र वर्णविन्यास पहिचान गर्नुहोस् :

(अ) अनुच्छेदको पहिलो वाक्यबाट फरक फरक विभक्ति लागेका दुईओटा शब्द लेख्नुहोस् ।

(आ) 'उनीहरूले नेपाली लोकगीतलाई बचाइ रहेका छन्' यस वाक्यमा रेखाङ्कित शब्दको कारक पहिचान गर्नुहोस् ।

(इ) माथिको अनुच्छेदबाट 'क्ष' वर्ण प्रयोग भएका दुईओटा शब्द टिपोट गर्नुहोस् ।

१५. दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :

कर्णले भगवान् श्रीकृष्णलाई सोधे, "मेरो आमाले मलाई जन्मदै त्यागिन् । क्षत्रीय नभएको हुँदा द्रोणाचार्यले मलाई शिक्षा दिन इन्कार गरे । मैले के अपराध गरेको थिए ? द्रौपदीको स्वयंवरमा मलाई अपमानित गरियो । मेरो के कसुर थियो ?" कृष्णले मुस्कुराउँदै भने, "कर्ण ! मेरो जन्म जेलमा भयो । आफ्नै मामाले मलाई सबैभन्दा ठुलो शत्रु ठानेँ र म नजन्मदै मलाई मार्ने षड्यन्त्र गरे । जन्मेकै रात मलाई आमाबुबासँग छुट्याइयो । न कुनै शिक्षा, न कुनै महल, गाई चराउँदै, गोबर फाल्दै म हुर्किएँ । कसलाई कति अन्याय भयो ? र कसको कति अपमान भयो ? भन्ने कुराले खासै अर्थ राख्दैन किनकि जीवनमा सबैले कुनै न कुनै रूपमा यो भोग्नुपर्छ । अर्थ केले राख्छ भने त्यो चुनौतीलाई हामी आफ्नो कर्म ज्ञानले कसरी सामना गर्छौं !"

माथिको अनुच्छेदमा भगवान् श्री कृष्णले कर्णलाई अभिप्रेरणा दिए जस्तै मलाई जीवनमा सहयोग गर्ने कोही भएनन् भनी निराश भएका साथीलाई अभिप्रेरणा दिनुहोस् ।

## सुनाइ र बोलाइ

१. सुनाइ पाठ ५ सुन्नुहोस् र दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

(क) जगदीश घिमिरेको जन्म कहिले भएको थियो ?

(ख) जगदीश घिमिरेले कहाँबाट उच्च शिक्षा हासिल गरेका थिए ?

(ग) 'सकस' लाई धेरै पाठकहरूले किन रुचाएका हुन् ?

(घ) तामाकोसी सहकारी अस्पतालले कसरी सेवा गरिरहेको छ ?

२. सुनाइ पाठ ५ 'जगदीश घिमिरे' को जीवनी सुनेर के प्रेरणा पाउनुभयो ?

## भाषिक संरचना र वर्णविन्यास

१. तलको तालिकामा दिइएका विषयवस्तु बुझ्नुहोस् :

| क्र.सं. | कारक | अर्थ वा कार्य | विभक्ति | विभक्ति चिह्न |
|---|---|---|---|---|
| १. | कर्ता | काम गर्ने वाला | प्रथमा | ले, बाट, द्वारा |
| २. | कर्म | गरिने कार्य फल भोग्ने | द्वितीया | लाई |
| ३. | करण | साधन | तृतीया | ले, बाट, द्वारा |
| ४. | सम्प्रदान | प्राप्त गर्ने, उद्देश्य भएको | चतुर्थी | लाई, लागि, निम्ति |
| ५. | अपादान | छुट्टिने बिन्दु | पञ्चमी | देखि, बाट |
| ६. | | | षष्ठी | को, का, की, रो, रा, री, नो, ना, नी |
| ७. | अधिकरण | आधार रहने स्थान | सप्तमी | मा |

२. उदाहरण हेरी दिइएको अनुच्छेद पढी रेखाङ्कित पदबाट विभक्ति पहिचान गर्नुहोस् :

उमाको घर गाउँमा छ । उनी बिहान सबेरै उठेर गोठमा जान्छिन् । उनी गाईभैँसीलाई कुँडो दिन्छिन् । त्यसपछि गाईभैँसी दुन्छिन् । घरबाट डेरी पुग्न आधा घण्टा हिँड्नुपर्छ । उनी प्रायः आफैँ दुध बोकेर डेरी जान्छिन् । घर फर्किएपछि कैँचीले भुसा काटेर गाईभैँसीलाई दिन्छिन् । उनी विगत पाँच वर्षदेखि पशुपालन गर्दै छिन् । उनी आफ्नो पेसाप्रति गर्व गर्छिन् । गाउँलेहरू उनको पौरख देखेर चकित परेका छन् ।

| |
|---|
| उदाहरण<br>उमाको - षष्ठी विभक्ति |

३. उदाहरण हेरी दिइएका वाक्यमा रेखाङ्कित पदको कारक लेख्नुहोस् :

(क) सन्दुक रुइतले सन् २०२३ मा इसा अवार्ड प्राप्त गरे ।

| उदाहरण |
|---|
| सन्दुक रुइतले - कर्ताकारक |

(ख) काकाले खल्तीबाट पैसा निकाल्नुभयो ।

(ग) पिपलको रुखमा चराहरूले गुँड लगाएछन् ।

(घ) हाम्रो घरदेखि बजारसम्म पुग्न एक घण्टा लाग्छ ।

(ङ) भाइले मलाई जन्मदिनमा उपहार दियो ।

(च) हामीले सफल हुनाका लागि सङ्घर्ष गर्नुपर्छ ।

४. दिइएको अनुच्छेदबाट सरल कारक र तिर्यक् कारकका चार चारओटा पद टिपोट गर्नुहोस् :

मदनले बहिनीलाई पाँचसय रुपैँया दिएछन् । बहिनी त्यो पैसा लिएर बजार गइछन् । उनले कापी, कलम र घरका लागि केही सामान किनिछन् । उनले फर्कने क्रममा साथीलाई भेटिछन् । उनी केही समय साथीसँग कुराकानी गरेर बसिछन् । उनको जता गयो उतै ढिला गर्ने बानी परिवारका सदस्यले थाहा पाएका थिए । घर आएपछि आमाले व्यङ्ग्य गर्दै भन्नुभयो, "कति चाँडै फर्किएकी त छोरी ।"

५. दिइएको विषयवस्तु पढ्नुहोस् :

फुपूकी छोरी शान्ता दिदीको विवाह आउँदै छ । उक्त विवाहमा हामी सबै जना जाने छौँ । शान्ता दिदी मिलनसार हुनुहुन्छ । उहाँले असल केटासँग विवाह गर्दै हुनुहुन्छ । केटाको पुर्ख्यौली घर तराईमा छ अरे । पढाइलेखाइ पनि राम्रो छ अरे ।

| माथिको वाक्यमा रेखाङ्कन गरिएका 'दिदीको', 'विवाहमा' पदमा विभक्ति चिह्न प्रयोग भएका छन् । त्यसैले यी पद तिर्यक कारक हुन् 'मिलनसार', 'पढाइलेखाइ' पदमा विभक्ति चिह्न प्रयोग भएका छैनन् । त्यसैले यी पद सरल कारक हुन् । |
|---|

६. ले, लाई, मा, बाट, रो, का, नो, देखि विभक्ति प्रयोग गरी 'परिश्रमको महत्त्व' शीर्षकमा अनुच्छेद लेख्नुहोस् ।

७. 'लक्ष्मीप्रसाद देवकोटा' जीवनीबाट सरल र तिर्यक् कारक जनाउने चार चारओटा पद पहिचान गरी लेख्नुहोस् ।

८. दिइएका 'क्ष' र 'छ्य' प्रयोग भएका शब्दलाई तालिकामा लेख्नुहोस् :

ओछ्यान, साक्षर, क्षमा, छ्यामा, उपलक्ष्य, छ्यास्स, लक्षण, छ्याकन, क्षेत्र, छ्याकटे, क्षितिज, छ्यालब्याल, क्षेप्यास्त्र

९. दिइएको अनुच्छेदलाई शुद्ध पारी पुनर्लेखन गर्नुहोस् :

आज आकाश क्षाङ्ग छ । हिजो रोपाइँमा हिलो क्ष्यापेर लुगा फोहोर भएका छन् । उमेशले त अति नै गरेको थियो । पछि काकासँग छ्यमा पनि माग्यो रे । महान् लछ्य बोक्नुपर्ने युवाहरूको हालत देख्दा दिक्क लाग्छ । यिनीहरूले कहिले शिछ्या पाउलाना खै !

## सिर्जना र परियोजना कार्य

१. दिइएका बुँदाका आधारमा छोटो जीवनी तयार पार्नुहोस् :

नाम : पासाङल्हामु शेर्पा

जन्म : वि.सं. २०१८ मङ्सिर २५ गते

स्थान : हालको १ नं. प्रदेशको सोलुखुम्बु जिल्लाअन्तर्गत चौरीखर्क

मातापिता : आङदाकी र फूर्बाकितार शेर्पा

श्रीमान् : लाक्पासोनाम शेर्पा

प्रयास/उपलब्धि : सानैदेखि पर्वतारोहणतर्फ इच्छुक

- २०४४ सालमा मनाङको पिसाङ र लाङटाङको याल्पिक हिमालको सफल आरोहण
- २०४७ सालमा फ्रान्सेली पर्वतारोहण दलसँग सगरमाथा आरोहणको प्रयास
- २०४७ सालमा आफ्नै नेतृत्वमा सगरमाथा शिखर आरोहणको दोस्रो प्रयास, ८ हजार ७ सय ५० मिटरको उचाइमा पुगेपछि मौसम प्रतिकूल
- २०४९ सालमा फ्रान्सेली दलसँग सगरमाथा आरोहणको तेस्रो प्रयास
- आफैँले स्थापना गरेको प्रथम नेपाली महिला सगरमाथा आरोहण दल नामक संस्थामार्फत वि.सं. २०५० वैशाख १० गते दिउँसो २:१५ बजे सगरमाथा शिखर चुम्न सफल
- अदम्य साहस र दृढ सङ्कल्प बोकेकी सगरमाथा आरोहण गर्ने प्रथम नेपाली महिला ।
- सगरमाथा आरोहण पश्चात् फर्कने क्रममा हिमपातमा परी निधन

  सम्मान र पुरस्कार : वि.सं. २०५९ वैशाख १० गते नेपाल सरकारद्वारा राष्ट्रिय विभूति घोषणा
- मरणोपरन्त सप्रदिप्त नेपाल तारा प्रदान
- हुलाक टिकट प्रकाशन
- ७ हजार ३ सय ५१ मिटर अग्लो जासम्बा हिमचुचुरोलाई पासाङल्हामु चुली नामकरण

२. सामाजिक रूपान्तरण भूमिका खेल्ने व्यक्तिलाई भेटेर कुराकानी गर्नुहोस् र उहाँको जीवनी तयार पार्नुहोस् ।

## थप स्वाध्याय सामग्री

## जीवनी लेखन

### परिचय

कुनै व्यक्तिको जीवनका महत्त्वपूर्ण पक्षको अध्ययन गरी लेखिने लेखलाई जीवनी भनिन्छ। जीवनीमा सम्बन्धित व्यक्तिको योगदानको विश्लेषण र मूल्याङ्कन गरिन्छ। जीवनीको अध्ययनबाट पाठकलाई उत्प्रेरणा प्राप्त हुन्छ। जवनीमा व्यक्तिको जन्म, मातापिता, शिक्षा, योगदान, सम्मान तथा पुरस्कार आदि विविध पक्षलाई उतार्ने काम गरिन्छ। समाज, देश र अन्तर्राष्ट्रिय जगत्मा योगदान दिने समाजसेवी, कलाकार, साहित्यकार, नेता, वैज्ञानिक आदि विशिष्ट व्यक्तित्वहरूको जीवनी लेख्ने गरिन्छ।

जीवनी लेख्दा ध्यान दिनुपर्ने पक्षहरू

१. जीवनी लेख्न दिइएको व्यक्ति र सम्बन्धित बुँदाहरूका बारेमा गहिरो मनन गर्नुपर्छ।
२. प्राप्त विवरणहरूलाई क्रमशः विस्तार गर्दै जानुपर्छ।
३. जीवनीमा वास्तविक र पत्याउन सकिने कुराको मात्र चर्चा गर्नुपर्छ। बढाइचढाइ गर्नुहुँदैन।
४. अतिकाल्पनिक प्रसङ्गहरूको उल्लेख जीवनीमा हुनुहुँदैन।
५. भाषा सरल, मिठासपूर्ण हुनुपर्छ।

जीवनी लेख्न निम्नलिखित संरचनालाई ध्यान दिनुपर्छ :

शीर्षक (व्यक्तिको नाम)

आदि भाग - जन्म, जन्मस्थान, मातापिता र बाल्यकाल
- पारिवारिक जीवन र शिक्षादीक्षा
- सम्बन्धित क्षेत्रमा लाग्ने सत्प्रेरणा

मध्य भाग - व्यक्तिगत स्वभाव र रूचिक्षेत्र
- विशिष्ट कार्य वा योगदानहरूको विस्तार र विश्लेषण
- मान, पदवी (भएमा) र मूल्याङ्कन

अन्त्य भाग - विचार र दीर्घकालीन प्रभाव पार्ने महत्त्वको चर्चा
- मृत्यु भएमा मृत्यु उल्लेख गर्ने र मुख्य प्रेरणासँगै समापन गर्ने

## पाठ ६ : वादविवाद

# अधिकार ठुलो कि कर्तव्य ठुलो ?

परिचय

वादविवाद मौखिक अभिव्यक्तिअन्तर्गत पर्छ । वादविवादमा तार्किक र आलोचनात्मक सोचसहितको अभिव्यक्ति दिइन्छ । यसमा एकआपसका विचारको खण्डन र मण्डन गर्ने गरिन्छ । प्रभावकारी ढङ्गमा आफ्ना तर्कपूर्ण विचारहरू सम्प्रेषण गर्ने सिप विकासका लागि वादविवाद उपयोगी मानिन्छ । अधिकार ठुलो कि कर्तव्य ठुलो ? भन्ने शीर्षकमा पक्ष र विपक्षका महत्त्वपूर्ण तर्कहरू प्रस्तुत भएका छन् ।


अधिकार विशेष गरी कानुनी, परम्परागत वा नैतिक रूपमा प्राप्त गर्न सकिने न्यायोचित दाबी वा हकमा आधारित हुन्छ । कर्तव्य भन्नाले गर्नुपर्ने काम गर्न लायक असल आचरण वा क्रियाकलाप आदिलाई बुझ्नुपर्छ । हाम्रा परम्परागत मूल्यमान्यता, पौराणिक ग्रन्थ तथा सामाजिक सन्दर्भलाई हेर्ने हो भने त्यहाँ कर्तव्यलाई उच्च मान्यता दिइएको पाइन्छ । त्यसैगरी अर्कातिर वर्तमान कानुन, नीतिनियम आदिले व्यक्तिलाई अधिकार सम्पन्न बनाएको छ । अधिकारलाई व्यक्तिको स्वतन्त्रता र न्यायसँग सम्बद्ध गराइएको छ । कर्तव्य व्यक्तिको चिन्तन, मनन, व्यवहार आदिको स्वअनुशासनसँग सम्बन्धित हुन्छ भने अधिकारचाहिँ कानुनी आधारसँग सम्बन्धित हुन्छ । व्यक्तिका लागि कर्तव्य जति महत्त्वपूर्ण छ, उसको सुरक्षा र स्वतन्त्रताको रक्षाका लागि अधिकार उति नै अपरिहार्य छ । त्यसैले अधिकार र कर्तव्यलाई एकै सिक्काका दुई पाटाका रूपमा हेर्नु उचित हुन्छ ।

*सिकाइ उपलब्धि*

१. सस्वर पठन गर्न
२. पाठगत शब्दको उच्चारण, अर्थबोध र प्रयोग गर्न
३. श्रुतिसमभिन्नार्थी शब्दको पहिचान र प्रयोग गर्न
४. तार्किक अभिव्यक्तिको बुँदा टिपोट गर्न
५. विषयवस्तुको खण्डनमण्डन र प्रश्नोत्तर गर्न
६. ढाँचा र शैली अनुकरण गरी वादविवाद लेखन
७. निर्धारित शीर्षकमा वादविवाद लेखन
८. उद्घोषणको ढाँचा पहिचान गरी लेखन
९. काल र कालका पक्षको पहिचान र प्रयोग गर्न
१०. पदयोगको पहिचान र प्रयोग गर्न

मूल पाठ

लुम्बिनी प्रदेशको कपिलवस्तु जिल्लास्थित श्री राष्ट्रिय मा.वि. बरकुलपुरमा जिल्ला स्तरीय वादविवाद प्रतियोगिता आयोजना गरिएको छ । कार्यक्रम विद्यालयका प्रधानाध्यापक रमेश कुर्मीको अध्यक्षतामा हुँदै छ । कार्यक्रमका प्रमुख अतिथिको भूमिकामा बुद्धभूमि नगरपालिका प्रमुख रहनुभएको छ भने अभिभावक सङ्घका अध्यक्ष केशरी खरेलले अतिथिको आसनग्रहण गर्नुभएको छ । विद्यालयका शिक्षक तथा कर्मचारी मञ्चमा बसिसक्नुभएको छ । विभिन्न विद्यालयबाट प्रतिस्पर्धाका लागि छनोट भई आएका विद्यार्थी पनि बसिसकेका छन् । शिक्षक रामअबोध राय, हरिकला खनाल र सुमन परियारले निर्णायक मण्डलका रूपमा आसन ग्रहण गरिसक्नुभएको छ । समयपालकको भूमिकामा १० कक्षाकी छात्रा सामना पन्थी र उद्घोषकको भूमिकामा सोही कक्षाकी छात्रा रमा पञ्जियार छन् ।) (उद्घोषक मञ्चतर्फ जान्छन् ।)



उद्घोषक

यस कार्यक्रमका सभाध्यक्ष्यज्यू, प्रमुख अतिथिज्यू, अन्य अतिथिज्यू, प्रतिस्पर्धी तथा अन्य सम्पूर्ण विद्यार्थी मित्रहरू ! आजको वादविवाद प्रतियोगिताको विषय रहेको छ । 'अधिकार ठुलो कि कर्तव्य ठुलो' । 'कर्तव्य ठुलो' भन्ने विषय वादविवादको पक्ष रहने छ भने 'अधिकार ठुलो' भन्ने विषय विपक्ष रहने छ । सहभागी वक्ताले आआफ्ना मन्तव्यका क्रममा पालना गर्नुपर्ने केही नियम छन् । सभाध्यक्ष्यको अनुमतिमा तिनलाई क्रमशः यहाँ प्रस्तुत गर्दछु ।

(क) प्रत्येक वक्ताका लागि पाँच मिनेटको समय निर्धारण गरिएको छ । चार मिनेटमा जनाउ घन्टी बज्ने छ र पाँच मिनेटमा अन्तिम घन्टी बज्ने छ । अन्तिम घन्टीपछि वक्ताको समय समाप्त हुने छ ।

(ख) कुनै जाति, वर्ग, धर्म, समुदाय, क्षेत्र, लिङ्ग, अपाङ्गताप्रति भेदभाव हुने र आक्षेप लगाउने खालका विचार व्यक्त गर्न पाइने छैन ।

(ग) विपक्षका भनाइ खण्डन गर्दा आआफ्ना तर्क संयमित र शिष्ट ढङ्गले राख्नुपर्ने छ ।

(घ) वक्ताले कुनै लिखित टिपोट हेरेर बोल्न पाइने छैन ।

(ङ) निर्णायक मण्डलको निर्णय नै अन्तिम हुने छ ।

अब म यस वादविवाद प्रतियोगिताको विषयको पक्षमा आफ्ना तर्क राख्नका लागि चिदानन्द चौधरीलाई आमन्त्रण गर्दछु ।

*(चिदानन्द चौधरी मञ्चतिर जान्छन् र माइक समातेर बोल्न थाल्छन् ।)*

आदरणीय सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, निर्णयको भूमिकामा रहनुभएका निर्णायक मण्डल, गुरु, गुरुमा तथा मेरा प्रतियोगी साथीहरू र उपस्थित सम्पूर्ण विद्यार्थी मित्रहरू ।

म जनज्योति माध्यमिक विद्यालय, चन्द्रौटाको १० कक्षाको विद्यार्थी चिदानन्द चौधरी विषयको पक्ष अर्थात् कर्तव्य ठुलो भन्ने विषयमा आफ्ना तर्क प्रस्तुत गर्दै छु ।

सभाध्यक्ष महोदय ! कर्तव्य शब्दले गर्नुपर्ने काम, गर्न लायक राम्रो आचरण वा क्रियाकलाप आदिलाई बुझाउँछ । कानुनी सन्दर्भमा कर्तव्य शब्दले विभिन्न प्रक्रिया वा कार्यलाई जनाउँछ त्यसैले व्यक्ति स्वयम्ले गर्नुपर्ने असल कार्य भन्ने अर्थमा प्रयुक्त हुने कर्तव्यलाई अधिकारभन्दा ठुलो र महान् ठानेको छु ।

कर्तव्य अधिकारभन्दा महान् छ । हाम्रा पूर्वीय ग्रन्थमा कर्तव्यका बारेमा व्यक्त भएका गहन विचारले समेत यस कुरालाई पुष्टि गर्छन् । नीतिश्लोकमा भनिएको छ, “न्यायगतेन द्रव्येण कर्तव्यम् पारलौलिकम्” अर्थात् न्यायपूर्ण रूपमा आर्जन गरेको धनबाट पारलौकिक कर्तव्य गर्नुपर्छ । हेर्नुहोस् त, कर्तव्यबारे कति सारगर्भित कुरा छ यस कथनमा ! द्रव्य वा धन न्यायिक तरिका वा कानुनी तरिकाले आर्जन गर्नुपर्छ र त्यसरी आर्जन गरेको धनले नै असल कर्म गर्नुपर्छ । गैरकानुनी क्रियाकलापबाट आर्जन गरेको सम्पत्ति खर्चेर आर्जन गरेको धर्मको त फल पनि प्राप्त नहुने रहेछ । यसबाट कर्तव्यको पवित्रता र पावनताको महानता प्रस्ट हुँदैन र ? सारा उपनिषद्को सार मानिने गीतामा भनिएको छ, “कर्मण्येवा धिकारास्ते...” अर्थात् आफ्ना हातमा कर्तव्य गर्ने जुन अधिकार छ त्यसलाई इमानदारीपूर्वक पूरा गर्नुपर्छ । कर्तव्यप्रतिको निष्ठा, भक्ति वा उपासनाको सर्वोच्च रूप हो भन्ने विवेकानन्द कर्तव्यलाई नै पूजा मान्छन् । त्यस्तै पाश्चात्य चिन्तकले पनि कर्तव्यको महानतालाई उद्घाटित गरेका छन् । एउटा कर्तव्यको इनामबाट अर्को कर्तव्य पूरा गर्ने शक्ति प्राप्त हुन्छ भन्ने जर्ज इलियटका कथनअनुसार कर्तव्यपालन गर्दै जाँदा अरू पनि कर्तव्य गर्ने ऊर्जाले

**शब्दार्थ**

*पारलौकिक : लोकभन्दा परको, परलोकसँग सम्बन्धित*

मानिसलाई थप उत्प्रेरित गर्छ र त्यसतर्फ दौडिन ऊर्जा भर्छ । साँचो अर्थमा भन्ने हो भने कर्तव्यले नै मानिसलाई जीवनवादी बन्न, मनमा सकारात्मक सोच पैदा गर्न उत्प्रेरित गर्छ । जब म सुतेँ अनि सपनामा जीवन सुन्दर छ भन्ने देखेँ, जब म ब्युँझेँ तब मैले जीवन कर्तव्य हो भनी बुझेँ भन्ने लर्ड

वायरनको कथन पनि यहाँ स्मरणीय छ । खुसी कर्तव्यको प्राकृतिक फूल हो भन्ने फिलिप्स रुब्सको कथनअनुसार कर्तव्य खुसीको फूल जस्तै हुँदोरहेछ भन्ने पुष्टि हुन्छ । कर्तव्य वेवास्ता गरे मा सधैँ असफल भइन्छ भन्ने रोवर्ट बाडेन र कर्तव्यपालन गर्दा सधैँ सफलताको अनुभूति हुन्छ भन्ने पावेलले समेत कर्तव्यको महानताको साक्ष्य प्रस्तुत गरेका छन् । यी महान् व्यक्तिका कथन आआफ्नो सङ्घर्षपूर्ण जीवन भोगाइका क्रममा अनुभव गरेका कुरा हुन् । यस्ता महान् कथनभित्र कर्तव्य के हो र त्यो कत्तिको गहन छ भन्ने स्वत: पुष्टि हुन्छ ।

अँ, अर्को कुरा कर्तव्यपालन गर्दा हरेक व्यक्ति जो जुन ठाउँमा छ त्यहीँ बिन्दुबाट गर्न सकिन्छ । कर्तव्यपालन पद वा ओहदामा रहेर वा नरहेर पनि गर्न सकिन्छ । राष्ट्रप्रतिको सम्मान, स्वतन्त्रता तथा साझा सांस्कृतिक सम्पदाको संरक्षण, धार्मिक सहिष्णुता र भाषिक विविधताको सम्मान जस्ता कतिपय मौलिक कर्तव्य हुन्छन् । संसारका कैयौँ आदर्श व्यक्ति आआफनो ठाउँमा रहेर नै कर्तव्य पालनको अग्निपरीक्षामा खारिएर खरो उत्रेका अनेकौँ दृष्टान्त पाइन्छन् । तपाईं हामी सबैलाई थाहा भएकै कुरो हो, पिताप्रतिको कर्तव्यपालनका सन्दर्भमा जब राम वनवास जान तयार भए र गए, उनी मर्यादापुरुषोत्तम बने र भगवान्का रूपमा पुजिए । सुकरातले पनि सत्यप्रतिको निष्ठा र कर्तव्यपरायणका लागि हेमलक जस्तो विष पिउनुपऱ्यो । संसारमा दु:ख के हो र यसबाट मानव जातिले कसरी मुक्ति पाउँछ भन्ने रहस्यको खोजसम्बन्धी कर्तव्य निर्वाह गर्दा गौतम बुद्ध पारिवारिक माया र मोहको घेरा नाघेर भिक्षु बने । यी सारा व्यक्तिको महानता कर्तव्यकै आलोकमा प्रज्वलित भएको तथ्य प्रस्ट हुन्छ ।

ससाना कार्यबाट प्राप्त हुने ठुलठुला परिणामले पनि कर्तव्यको महानता झल्काउँछ । हरेक नागरिकले गर्नुपर्ने आआफ्ना कर्तव्यका दायरा छन् । आआफ्ना ठाउँबाट सबैले आआफ्नो कर्तव्य निर्वाह गरेको समाज कति सभ्य हुन्छ र सुसंस्कृत हुन्छ । ससाना कुरा मात्र हेरौँ न ! नागरिकले आआफ्ना घर वरिपरि सफा गरे भने सिङ्गो गाउँ वा सहर सफा हुन्छ । कृषकले झरी, बादल नभनी गरेको मिहिनेतले सबैले खाने अन्न उत्पादन हुन्छ । समाजमा बस्ने नागरिकले एकअर्काको अस्तित्वको सम्मान र आदर गर्दै आफ्नो दायित्व निर्वाह गरेको समाज आदर्श समाज हुन्छ । शिक्षकले पेसाप्रतिको निष्ठा सम्झँदा र सोअनुसारको आचरण गर्दा शिक्षकको कर्तव्य पूरा हुन्छ । सरकारी कार्यालयबाट सेवाग्राहीले मुस्कानसहितको सेवा पाउँदा कर्मचारीको कर्तव्य पूरा भएको ठहर्छ । यसरी एकअर्काले आआफ्नो स्थानबाट कर्तव्य निर्वाह गर्दा समाज सभ्य र व्यवस्थित हुन्छ । त्यसैले कर्तव्यपालन अधिकार प्राप्तिको लक्ष्यभन्दा विशिष्ट छ ।

*(जनाउ घन्टी बज्छ ।)*

*दृष्टान्त : प्रस्तुत गरिने उदाहरण*

*निष्ठा : आस्था, भक्तिभाव, विश्वास*

अन्त्यमा म भन्छु, अधिकारभन्दा कर्तव्य नै ठुलो हो । कर्तव्यको कसीमा घोटिँदा मात्र हरेक व्यक्तिको व्यक्तित्वको सफल परीक्षण हुन्छ । अधिकारको कुराले मात्र चिउरा भिज्दैन, चिउरा भिजाउन कर्तव्यकै रस जरुरी हुन्छ । खुसीको अजस्र स्रोत कर्तव्य भएकाले अधिकार भन्दा कर्तव्य नै ठुलो हो भन्दै आफ्ना भनाइ यहीँ बिसाउँछु, धन्यवाद ।

उद्घोषक: अब म विषयको विपक्ष अर्थात् अधिकार ठुलो हो भन्ने विषयमा आफ्ना तर्क प्रस्तुत गर्न भरत भण्डारीलाई आमन्त्रण गर्दछु ।

*(भरत भण्डारी मञ्चमा जान्छन् ।)*

यस समारोहका श्रद्धेय सभाध्यक्षज्यू, कार्यक्रमका प्रमुख अतिथि एवम् नगर प्रमुखज्यू, अतिथिगण, निष्पक्ष निर्णायक मण्डल, सम्पूर्ण विद्यार्थी मित्रहरू !

गौतमबुद्ध मावि गोरुसिङ्गेको १० कक्षाको विद्यार्थी म भरत भण्डारी कर्तव्यभन्दा अधिकार ठुलो भन्ने विषयमा आफ्ना तर्क पेस गर्दछु ।

कर्तव्यभन्दा अधिकार नै ठुलो हो । सर्वप्रथम म अधिकार भनेको के हो ? भन्ने प्रश्नमा केन्द्रित हुँदै आफ्ना भनाइ प्रस्तुत गर्दछु । कानुनी, परम्परागत वा नैतिक रूपमा प्राप्य, न्यायोचित दावी, स्वत्व वा हकलाई अधिकार भनिन्छ । मानिसको अधिकारका बारेमा थुप्रै महान् व्यक्तिले आआफ्ना विचार अघि सारेका छन् । वास्तवमा मान्छेले प्राप्त गर्नुपर्ने नैसर्गिक हक नै मानव जातिले प्राप्त गर्नुपर्ने अधिकार हुन् । ती स्वाभाविक रूपमा कर्तव्यभन्दा महान् हुन्छन् ।

मानिसले पाउनुपर्ने मानवीय अधिकार नै सबैभन्दा ठुलो कुरा हो । यो अधिकार मान्छे को स्वतन्त्रता र न्यायसँग एउटै सिक्काको दुई पाटा झैँ गाँसिएर रहेको हुन्छ । समाजका सबै वर्ग र समुदायका मानिसले न्यायको अनुभव गर्नुपर्छ र समान अधिकार पाउनुपर्छ । विश्वेश्वरप्रसाद कोइराला भन्छन्, "राष्ट्र र राष्ट्रियताको मजबुत जग बसाल्न हरेक वर्गका मानिसले अन्यायको अनुभूति गर्ने अवस्था आउनुहुँदैन ।" यसबाट मानिसका लागि अधिकार नै ठुलो हो भन्ने पुष्टि हुन्छ । नेल्सन मन्डेला अधिकार र स्वतन्त्रताका लागि २७ वर्षसम्म कठोर काराबास किन बसे ? अधिकार प्राप्तिका लागि सफलता पैसाले होइन स्वतन्त्रताले मात्र मिल्छ भन्ने नेल्सन मन्डेलाको विचार छ । स्वतन्त्रतालाई आत्माको अक्सिजन मान्ने मोसे डायन होउन् वा मानिसका आवश्यकता पूरा गर्न चाहिने शक्तिलाई अधिकार मान्ने गार्नर होउन् यी सबैका भनाइले मानिसका न्यूनतम आवश्यकता पूरा गर्न अधिकार नै चाहिन्छ भन्ने पुष्टि गर्दछन् ।

अधिकार प्राप्तिका लागि हाम्रै देशमा जनताले पटक पटक आन्दोलन गरेका कुरा हाम्रासामु छर्लङ्गै छ । राणा शासनद्वारा कुण्ठित गरिएका जनताका हक र अधिकार पाउन नेपालमा दशरथ चन्द, धर्मभक्त माथेमा, गङ्गालाल श्रेष्ठ र शुक्रराज शास्त्रीले मृत्युदण्ड भोगे तर स्वतन्त्रता र अधिकारका विरुद्ध सम्झौता गरेनन् । वि.सं. २००७, २०४७, २०६२/६३ मा प्रजातन्त्र लोकतन्त्र प्राप्तिका लागि भएका सङ्घर्ष अधिकार प्राप्तिका लागि भएका होइनन् र ? के त्यो सङ्घर्ष

*अजस्र* : *धेरै, असङ्ख्य*

*न्यायोचित* : *न्याय सुहाउँदो, नीतिसम्मत*

*स्वत्व* : *स्वामित्व, कुनै पनि विषयवस्तुप्रतिको स्वामित्व वा अधिकार*

लहडमा गरिएको थियो त ? निजी लाभका लागि गरिएको थियो त ? त्यो त मुलुक र जनताको हक तथा अधिकार प्राप्तिका लागि गरिएको त्याग थिएन र ?

सभाध्यक्ष महोदय, हामी सबैलाई थाहा छ, अधिकारको क्षेत्र व्यापक छ । यसभित्र बालअधिकार, श्रमिक अधिकार, महिला अधिकार आदि थुप्रै अधिकारका कुरा पर्छन् । संयुक्त राष्ट्रसङ्घको मानव अधिकार र बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिले अधिकारका बारेमा प्रस्ट उल्लेख गरेकै छ । बालबालिकाले जन्मनासाथ शिक्षा र सुरक्षाका अधिकार पाउनुपर्छ, श्रमिकले न्यूनतम ज्याला र

सामाजिक सुरक्षाको अधिकार पाउनुपर्छ । आफ्ना अधिकार प्राप्तिका लागि श्रमिकले गरेको ऐतिहासिक विद्रोहको सम्झनामा संसारभरमे १ तारिखका दिन 'मजदुर दिवस' मनाइन्छ । किसानलाई पनि राज्यबाट बिउबिजन र मल जस्ता वस्तुमा सहुलियत पाउने अधिकार छ । अधिकार नै नभएमा मानिसले कसरी कर्तव्य पूरा गर्न सक्छन् । त्यसैले म भन्छु, कर्तव्यभन्दा अधिकार नै ठुलो हो । अधिकारबिनाको कर्तव्य नुनबिनाको तरकारी र अमिलोबिनाको अचार जस्तै हो ।

पूर्ववक्ता मित्रले अधिकारभन्दा कर्तव्य ठुलो भनेर आफ्ना तर्क राख्नुभयो । उहाँले भन्नुभयो "कर्मण्येवा˜ धिकारास्ते" अर्थात् काममा तिम्रो अधिकार छ । यहाँ कर्तव्यभन्दा अगाडि अधिकारको कुरा जोडिएर आएकाले कर्तव्यभन्दा अधिकार नै ठुलो भएन र ? तसर्थ मान्छेलाई अधिकार नदिई कर्तव्य मात्र पूरा गर भन्नु बिनाहतियार लडाइँमा पठाउनु जस्तै हो । खुट्टामा नेल लगाएर हिँड् भन्नु जस्तै हो । हातमा हत्कडी लगाएर काम गर् भन्नु जस्तै हो । तसर्थ अधिकारबिना कर्तव्य पूरा गर्न कदापि सकिँदैन ।

*(जनाउ घन्टी बज्छ)*

अन्त्यमा एउटा बालक जन्मनासाथ उसलाई कर्तव्यभन्दा अधिकारको हक हुन्छ । त्यसैले अधिकार जन्मसिद्ध हुन्छ भने कर्तव्य पछि मात्र जोडिने विषय भएकाले कर्तव्यभन्दा अधिकारको महत्ता स्वतः सिद्ध हुन्छ भन्दै आफ्नो अभिमत यहीँ टुङ्ग्याउँछु, धन्यवाद ।

उद्घोषक : अब विषयको पक्षका तर्फबाट आफ्ना तर्क प्रस्तुत गर्न पदम गुप्ताज्यूलाई आग्रह गर्दछु ।

*(पदम गुप्ता मञ्चतिर जान्छन् ।)*

यस कार्यक्रमका श्रद्धेय सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, निर्णायक मण्डल, शिक्षक वर्ग, मेरा प्रतिस्पर्धी साथी र अन्य विद्यार्थी मित्रहरू !

आजको वादविवाद प्रतियोगिताको पक्षमा म श्री बुद्धपद्म माध्यमिक विद्यालय, तौलिहवामा नौ कक्षामा अध्ययनरत विद्यार्थी पदम गुप्ता पक्षका तर्फबाट आफ्ना तर्क प्रस्तुत गर्दै छु ।

अधिकारभन्दा कर्तव्य महान् छ । कर्तव्यभन्दा ठुलो अर्को कुनै वस्तु हुन सक्दैन । त्यसैले त हाम्रा धर्मग्रन्थ र उपनिषद्मा कर्तव्यको महिमा र सर्वोच्चताको चर्चा छ । हाम्रा मात्र होइन संसारका सबै धर्मग्रन्थमा कर्तव्यलाई महान् ठानिएको पाइन्छ । आफ्ना माता, पिता र गुरूप्रतिको कर्तव्यलाई हाम्रा ग्रन्थले 'मातृदेवो भव, पितृदेवो भव, आचार्यदेवो भव' भनेर उल्लेख गरेका छन् । माता पिता र गुरुलाई देवता समान मान्ने कर्तव्यपालनाको गहन सन्देश प्रवाह गरेका छन् । अर्को कुरा संसारमा त्यही व्यक्ति आदर्श व्यक्तिका रूपमा चिनिन्छ जो कर्तव्य पालनाको कसीमा खारिएको

*महिमा : महत्त्व, गरिमा, प्रशंसा*

हुन्छ । सभाध्यक्ष महोदय, म कर्तव्यपरायणताका केही सन्दर्भसहित अधिकारभन्दा कर्तव्य महान् हो भन्ने आफ्ना विचार प्रस्तुत गर्दछु । आफ्ना दृष्टिविहीन मातापिताको तीर्थभ्रमण गर्ने चाहनालाई पूरा गर्न श्रवणकुमारले खर्पनमा एकातिर माता र अर्कातिर पितालाई राखेर तीर्थभ्रमण गराएको कर्तव्यपरायणताको त्यो वियोगान्त कथा नसुन्ने हामी को पो हौँला र ? त्यस्तै महाभारत युद्ध सुरु हुनुभन्दा अगाडि दुर्योधनले युद्धमा विजय प्राप्तिको आशीर्वाद माग्न आफ्नी आमा गान्धारीसँग गएछन् । गान्धारीले भनिछन् "तिमी मेरा पुत्र हौ त्यसैले तिमीलाई म स्नेह दिन्छु तर विजयको आशीर्वाद चाहिँ सत्य र न्यायको पक्षमा जो छ त्यसलाई मात्र दिन्छु ।" यसरी गान्धारीले सत्य र

न्यायका पक्षमा नउभिने आफ्नै छोरालाई समेत विजयको आशीर्वाद दिइनन् र सत्यप्रतिको आफ्नो कर्तव्य पूरा गरिन् । कर्तव्यबाट पलायन हुँदै गरेको हुँदा आफ्नै छोरालाई समेत समर्थन गरिनन् । भनिन्छ, जिउँदै स्वर्ग जाने वेला युधिष्ठिर र उनको साथमा गएको कुकुर मात्र अन्तिम बिन्दुमा पुगेछन् । स्वर्गबाट युधिष्ठिरलाई लिन विमान आएछ र युधिष्ठिरलाई मात्र लाने भनिएछ । उनले आफूलाई यात्रामा साथ दिने त्यस कुकुरको साथ नछोड्ने बरु स्वर्ग नजाने बताएछन् । आफूलाई साथ दिने कुकुरप्रतिको कर्तव्य पूरा गर्दा आफूले समेत स्वर्गको परित्याग गरेको कथा हामीले सुनेकै छौँ । यी सबै प्रसङ्गले कर्तव्य कति महान् छ भन्ने स्वत: पुष्टि हुन्छ ।

सभाध्यक्ष महोदय, कर्तव्यको दायरा पनि निकै फराकिलो छ र यसका अनेकौँ प्रकार छन् । कर्तव्यलाई व्यक्तिगत, पारिवारिक, सामाजिक, कानुनी गरी विविध रूपमा वर्गीकरण गर्न सकिन्छ । मूलत: कर्तव्य दुई प्रकारका हुन्छन् : नैतिक र वैधानिक कर्तव्य । नैतिक कर्तव्यको आधार व्यक्तिको नैतिक वा समाजसेवा वा मानव कल्याणका निम्ति उद्बुद्ध चेतना हो । परोपकार गर्नु नैतिक कर्तव्य हो । समाजसेवा गर्नु नैतिक कर्तव्य हो । कुनै व्यक्तिले पाटीपौवा, धारा र विद्यालय भवन बनाउँछ भने त्यो पनि नैतिक कर्तव्य हो । यी कर्तव्यपालन गर्न र गराउन कसैले बाध्य पार्दैन । यो त हृदयदेखि नै नि:स्वार्थ समाजसेवा जागृत भएर गरिने कर्म हो, आफैँले इमानदारितासाथ पालना गर्नुपर्ने कुरा हो । मदर टेरेसाको समाजसेवा नि:स्वार्थ कर्तव्यपरायणताको परिणाम थियो । महावीर पुनको 'आविष्कार केन्द्र' मात्र होइन हाम्रो समाजमा परापूर्वकालदेखि हालसम्म बनेका पाटीपौवा र धर्मशाला जजसले बनाएका छन् ती सबै कर्तव्यपालनाको अन्त:प्रेरणाकै प्रतिफल हुन् ।

मेरा पूर्ववक्ता मित्रले चर्को स्वरमा अधिकारको वकालत गर्नुभयो । अधिकारले मात्र मानव जीवन कस्तो होला ! सुनको थालीमा बिउ रोप्दैमा बिरुवा उम्रँदैन । वास्तवमा जीवनलाई अर्थपूर्ण बनाउन कर्तव्य अपरिहार्य हुन्छ । म उहाँलाई छातीमा हात राखेर मनन गर्न अपिल गर्दछु । राज्यले कानुन बनाएर बाध्य पार्न सक्ने वैधानिक कर्तव्यको महत्त्व झन् ठुलो छ । यस्ता वैधानिक कर्तव्य सबै नागरिकका लागि बाध्यकारी हुन्छन् । अधिकार प्राप्तिका नाममा आफ्नो कर्तव्य कदापि भुल्नुहुँदैन । त्यसैले त कतिपय सन्दर्भमा आन्दोलनका नाममा जथाभावी बन्द र हडताल गराउँदा राज्यले हस्तक्षेप गर्छ किनभने कसैको माग पूरा गर्ने हक प्राप्त गर्ने गराउने यस्ता आन्दोलनले धेरैको हक हनन भएको हुन्छ । यस्ता आन्दोलनमा कतिपय कलिला विद्यार्थी विद्यालय जान पाउँदैनन्, श्रमिकले श्रम गरेर बाँच्न पाउँदैनन्, देशको अर्थतन्त्रलाई टेवा पुऱ्याउने पर्यटक देशमा भ्रमण गर्न

*उद्बुद्ध* : *राम्ररी ज्ञान पाएको, बुझेको, जागेको*

*अन्त:प्रेरणा* : *मनमा आफैँ उब्जेको प्रेरक भावना वा विचार*

*बाध्यकारी* : *नगरी नहुने*

पाउँदैनन् । एउटाले अधिकार प्रयोग गर्दा अरू कति जनाको अधिकार हनन भयो ? यसरी अधिकारप्राप्त व्यक्तिले राम्ररी कर्तव्य पालना गरेका भए यी समस्या आउने थिएनन् । यसबाट पनि अधिकारभन्दा कर्तव्य नै ठुलो रहेछ भन्ने पुष्टि हुन्छ । वैधानिक कर्तव्य पालना नगर्ने यस्ता व्यक्ति र समुदायलाई सजाय गर्न राज्यले सुरक्षा संयन्त्र परिचालन गर्न पनि सक्छ र कर्तव्यपालन गर्न बाध्य पार्न सक्छ । यसै गरी सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने, राज्य सञ्चालनका लागि कर तिर्ने, वातावरण संरक्षण गर्ने आदि कुरा यसअन्तर्गत पर्छन् । सरकारी नियम कानुनको पालना गराउने, शान्ति र सुव्यवस्था कायम राख्ने जस्ता संविधान र कानुनले निर्दिष्ट गरेका कुरा यसमै समेटिन्छन् । तसर्थ यी सबै तथ्यले अधिकारभन्दा कर्तव्य नै ठुलो भन्ने साक्ष्य प्रस्तुत गर्छन् ।

सभाध्यक्ष महोदय, सम्पूर्ण प्रकृति र चराचर जगत्‌ले पनि कर्तव्यको उत्कृष्ट दृष्टान्त प्रस्तुत गरेका छन् । हामी बसोबास गर्दै आएको यस जगत्‌मा पनि नदी, वृक्ष, सूर्य, चन्द्र सबैले कसैलाई केही न केही दिएर र परोपकारी कार्य गरेर कर्तव्य पूरा गरेका छन् । नदीले जल दिएर, वृक्षले फलफूल दिएर, सूर्यले ताप दिएर र चन्द्रमाले शीतलता दिएर आफ्नो कर्तव्य पूरा गरेका छन् । यसबाट कर्तव्यपालन प्राकृतिक, नैसर्गिक र महान् कुरा हो भन्ने पुष्टि हुन्छ । अधिकारको मोलतोल त कमजोरको भ्रूण्डमा मात्र हुन्छ । कर्मशील समाजमा त कर्तव्यको तेलबिना त विकासको रेल चल्दैन; कर्तव्यको चक्काबिना अधिकार को गाडी गुड्दैन ।

*(जनाउ घन्टी बज्छ ।)*

अन्त्यमा एउटा पक्षले आफ्नो कर्तव्य पूरा गर्दा अर्को पक्षले खुसी र सन्तुष्टि प्राप्त गरेको हुन्छ । यसरी आफूले कर्तव्यपालन गर्दा अरूलाई खुसी मिल्ने कर्तव्य महान् छ । त्यसैले अधिकारभन्दा कर्तव्य नै ठुलो हो भन्दै म आफ्ना भनाइ यहीँ टुङ्ग्याउँछु, धन्यवाद ।

*(घन्टी बज्छ)*

उद्घोषक : अब म कर्तव्यभन्दा अधिकार ठुलो भन्ने विपक्षका तर्फबाट आफ्ना तर्क प्रस्तुत गर्न श्रुति साहलाई आमन्त्रण गर्दछु । (श्रुति साह मञ्चमा जान्छिन् ।)

समादरणीय सभाध्यक्षज्यू, प्रमुख अतिथिको आसनमा विराजमान नगर प्रमुखज्यू, उपस्थित अतिथिज्यूहरू, निर्णायक मण्डल र सम्पूर्ण विद्यार्थी मित्रहरू । म 'सिद्धार्थ मावि भेलाइ, कपिलवस्तु' मा कक्षा ९ मा अध्ययनरत छात्रा हुँ । म यस वादविवाद प्रतियोगिताको अधिकार ठुलो भन्ने विषयमा आफ्ना तर्क राख्दै छु ।

कर्तव्यभन्दा अधिकार नै महान् छ । व्यक्तिको व्यक्तित्व विकास र जीवनयापनका लागि अधिकार नितान्त अनिवार्य कुरा हो । हेक्का राखौँ, अधिकारले मात्र मानिसको स्वतन्त्रताको रक्षा गर्छ, कर्तव्यले होइन । अधिकारको बगैँचामा मात्र व्यक्तिको व्यक्तित्वको फूल फुल्छ । व्यक्तिले परिवार, समाज र राज्यबाट प्राप्त गर्ने अधिकार पाउनुपर्छ र मात्र त्यो व्यक्तिको समग्र व्यक्तित्व उज्यालो बन्छ । सानो छँदा राम्रो लालनपालन र पोषणयुक्त खाना पाउने अधिकार पाउनुपर्छ । अलिक हुर्कँदै जाँदा शिक्षा रस्वास्थ्यको अधिकार पाउनुपर्छ । पढिसकेपछि उसले व्यवसाय र रोजगारको स्वच्छ प्रतिस्पर्धामा सहभागी हुने अधिकार पाउनुपर्छ ।

*निर्दिष्ट : निर्देश गरिएको, तोकिएको*

*साक्ष्य : साक्षी बस्ने काम*

*हेक्का : सम्झना, याद*

यसो भयो भने मात्र व्यक्तिको व्यक्तित्वको विकास हुन सक्छ । हरेक व्यक्तिको विकास हुनु नै त्यो परिवार, समाज र राष्ट्रको समेत विकास हुनु हो ।

सभाध्यक्ष महोदय, अधिकार कर्तव्यभन्दा ठुलो कुरो हो । अधिकार पाउनका लागि गरिएका ठुला ठुला सङ्घर्ष र आन्दोलन यसका प्रमाण हुन् । जनताका अधिकार कुण्ठित गर्न खोज्दा हिटलरले हार बेहोर्नुपरेको दृष्टान्त पनि ज्वलन्त नै छ । नेपालमा पनि पटक पटक अधिकार प्राप्तिका लागि भएका आन्दोलन र क्रान्ति यसका साक्षी छन् । अधिकार आवश्यक नहुँदो हो त यी आन्दोलन किन जरुरी थिए अनि खुरुखुरु सबैले आआफ्नो कर्तव्यपालन गरेर बसेको भए हुँदैनथ्यो त ? अर्को कुरा

अधिकारको लडाइँले मुलुकलाई समृद्ध बनाउँछ । हामीलाई थाहा छ, दासत्व अन्त्य गर्ने र अधिकार प्राप्त गर्ने अमेरिकी स्वतन्त्रता सङ्ग्रामको लडाइँले अमेरिकालाई बलियो बनायो । त्यस्तै रङभेद विरुद्ध दशकौँ लामो सङ्घर्षले गर्दा दक्षिण अफ्रिका रङभेदमुक्त मुलुक बन्यो । मानवअधिकार, बालअधिकार, पशुअधिकार जस्ता अधिकार प्राप्तिका अनेक लडाइले देश र समाजमा परिवर्तन ल्यायो । यस्ता अधिकार र अधिकार प्राप्तिका लागि गरिने आन्दोलनले मलुकको कायापलट गरेको हुन्छ । तसर्थ अधिकार नै सबैभन्दा ठुलो कुरा हो ।

अधिकार अनिवार्य भएकै हुँदा त्यसलाई हरेक लोकतान्त्रिक देशका संविधानमा निकै महत्त्वका साथ राखिएको हो । नागरिकका अधिकारलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानमा मौलिक अधिकारका रूपमा विभिन्न हकको व्यवस्था गरिएको छ । नागरिक भएकै कारणबाट प्राप्त गर्ने अधिकार सम्पूर्ण नेपालीले बिनाभेदभाव प्रयोग गर्न पाएका छन् । राज्यका नागरिक भएर हरेक मानिसले प्राप्त गर्ने मौलिक मानव अधिकार का सम्बन्धमा मानव अधिकारको विश्वव्यापी घोषणापत्रले पनि परिभाषित गरेको छ । नेपालको संविधानको भाग ३ का धारा १६ देखि ४७ सम्म ३२ ओटा धारामा मौलिक हकको व्यवस्था गरिएको छ । यसरी प्रत्याभूत गरिएका ३२ ओटा मौलिक हकमध्ये चारओटा हक पहिलो पटक व्यवस्था गरिएको हो । यसरी थप गरिएका हकमा अपराध पीडितको हक (धारा २१), दलितको हक (धारा ४०), ज्येष्ठ नागरिकको हक (धारा ४१) र उपभोक्ताको हक (धारा ४४) रहेका छन् । खाद्यसम्बन्धी हकलाई पनि विशेष महत्त्व दिइएको छ । संविधानमा हक वा अधिकारका बारेमा ३२ ओटा धारामा उल्लेख गरिनुले पनि अधिकारको श्रेष्ठताको पुष्टि हुन्छ । म मेरा प्रतिस्पर्धी मित्रको भनाइ स्मरण गराउँछु । उहाँले प्रकृतिले आआफ्नो ठाउँबाट कर्तव्यपालन गरेको कुरो गर्नुभयो, प्रकृतिसँग त सम्पूर्ण अधिकार छ र त कर्तव्य पूरा गरिरहेको छ । प्रकृतिको अधिकार खोस्ने ताकत कसैसँग छैन, कसैले प्रकृतिको अधिकार खोसोस् त ? त्यसपछि प्रकृतिको ताण्डव थाहा हुने छ ।

*(जनाउ घन्टी बज्छ ।)*

अन्त्यमा मानिसले जन्मसिद्ध रूपमा प्राप्त, मानिसको समग्र व्यक्तित्व विकास तथा सम्मानपूर्ण र नैतिक जीवनयापनका लागि अपरिहार्य रूपमा रहेको अधिकार कर्तव्यभन्दा विशिष्ट छ भन्दै आफ्ना भनाइ यही समाप्त गर्छु, धन्यवाद ।

उद्घोषक : आजको वादविवाद प्रतियोगिता यहीँ सकिन्छ । निर्णायक मण्डलले निर्णय सुनाएपछि र सभाध्यक्षले सभा विसर्जन गरेपछि यो कार्यक्रम समाप्त हुने छ । पुरस्कार वितरण कार्यक्रम बालदिवसका दिन आयोजना गरिने छ । कार्यक्रमसम्बन्धी सूचना सम्बन्धित विद्यालयलाई जानकारी गराइने छ ।

*श्रेष्ठता : उच्चता, उत्कृष्टता, विशिष्टता*
*ताण्डव : उफ्राइ कुदाइ बेसी हुने शिवको नृत्य*

## पाठसार

'अधिकार ठुलो कि कर्तव्य ठुलो' शीर्षकको वादविवाद प्रतियोगितामा विद्यार्थीहरू सहभागी छन् । प्रतियोगितामा प्रतिस्पर्धा गर्ने विद्यार्थीहरूले वादविवादको पक्ष र विपक्षमा अभिव्यक्ति दिएका छन् । उक्त वादविवादको पक्षबाट बोल्नेहरूले कर्तव्यलाई महत्त्वपूर्ण बनाएर तर्क दिएका छन् । उनीहरूले पूर्वीय ग्रन्थ नीतिश्लोक, उपनिषद्, महाभारत आदिबाट उदाहरण र पात्रसमेत उल्लेख गरी तर्कलाई तथ्यपूर्ण बनाएर विषयवस्तुलाई पुष्टि गरेका छन् । वादविवादको विपक्षबाट बोल्ने वक्ताहरूले

अधिकारमा केन्द्रित भएर अभिव्यक्ति दिएका छन् । उनीहरूले संविधान, ऐन, कानुन आदिको पालनालाई जोड दिएका छन् । अधिकार प्राप्तिका लागि सङ्घर्ष गर्ने नेल्सन मन्डेला, विश्वेश्वरप्रसाद कोइराला आदि व्यक्तिको उदाहरण प्रस्तुत गरेका छन् । स्वतन्त्रता र अधिकारलाई एकअर्काको पुरकका रूपमा स्थापित गर्ने प्रयास गरेका छन् । मानिसको जन्मसिद्ध रूपमा प्राप्त अधिकारलाई व्यक्तित्व विकास, समानतता तथा नैतिक जीवनयापनका लागि अपरिहार्य भएको विचार अभिव्यक्त गरेका छन् ।

## शब्दभण्डार

१. दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| शब्द | अर्थ |
|---|---|
| गरिमामय | कहिल्यै |
| दृष्टान्त | विचार राय |
| सभ्य | साक्षी बस्ने काम |
| कदापि | महत्त्वले भरिपूर्ण |
| अभिमत | सञ्चालन गर्ने काम |
| परिचालन | शिष्ट व्यक्ति, भलाद्मी |
| | उदाहरण |

२. उदाहरण हेरी दिइएको अर्थसँग मिल्दो शब्द पाठबाट खोजेर लेख्नुहोस् :

(क) कुनै काम विशेषमा राखिने आस्था — निष्ठा

(ख) श्रम गर्ने व्यक्ति, मजदुर — .....................

(ग) ठुलो परिवर्तज — .....................

(घ) परिभाषा दिइएको — .....................

(ङ) कुनै काम, कुरा, सम्मेलन आदिको कार्यक्रम टुङ्ग्याउने काम — ..................

३. दिइएको शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

परोपकार, कल्याण, संविधान, तर्क, आन्दोलन, घोषणा, अधिकार, पीडित

४. उदाहरण हेरी दिइएको वाक्यबाट श्रुतिसमभिन्नार्थी शब्द टिपोट गर्नुहोस् :

(क) सीताले खाना खाइसकेपछि पोखिएका भातका सिता टिपेर थाल माझिन् ।

*उदाहरण :*

| श्रुतिसमभिन्नार्थी शब्द |
|---|
| सीता - सिता |

(ख) फुर्बाका लागि आजको दिन महत्त्वपूर्ण भयो । उनले आश्रममा गएर दीनदुःखीका लागि सहयोग गरे ।

(ग) सोनिकालाई आउँ परेछ । उनले अस्पताल आऊँ कि भनेर दाजुलाई फोन गरिछन् ।

(घ) 'मुनामदन' लक्ष्मीप्रसाद देवकोटाको प्रसिद्ध कृति हो । उनको यसै खण्डकाव्यले कीर्ति कायम गरेको छ ।

(ङ) अवतारलाई आर्थिक समस्या पऱ्यो । उनले यसपालि पनि घरमा पाली बनाउन सकेनन् ।

५. उदाहरण हेरी दिइएका श्रुतिसमभिन्नार्थी शब्दलाई अलग अलग अर्थ आउने गरी वाक्यमा प्रयोग गर्नुहोस् :

*उदाहरण :*

| |
|---|
| फुल : कुखुराले फुल पारेछ । |
| फूल : भाइले माला गाँस्न डालीमा फूल टिप्यो |

(क) पट्टि : पट्टी

(ख) बाजि : बाजी

(ग) यस : यश

(घ) जुन : जून

(ङ) जाति : जाती

## बोध र अभिव्यक्ति

१. दिइएका शब्दलाई शुद्धसँग उच्चारण गर्नुहोस् :

| | |
|---|---|
| भेदभाव /भेद्.भाब्/ | नीतिश्लोक /नि.ति.स्लोक्/ |
| सफलता /स.फल्.ता/ | सेवाग्राही /से.बा. ग्रा.हि/ |
| अक्सिजन /अक्.सि.जन्/ | हतियार /ह.ति.यार्/ |
| मण्डल /मन्.डल्/ | गान्धारी /गान्.धा.रि/ |
| आमन्त्रण /आ.मन्.त्रडँ/ | बाध्यकारी /बाध्.ध्य.का.रि/ |

२. 'अधिकार ठुलो कि कर्तव्य ठुलो ?' वादविवाद सस्वरवाचन गर्नुहोस् ।

३. तलका प्रश्नको उत्तर भन्नुहोस् :

(क) वादविवाद कार्यक्रम कसको अध्यक्षतामा सञ्चालन भएको छ ?

(ख) वादविवाद प्रतियोगिताका पहिलो प्रतिस्पर्धी को हुन् ?

(ग) वादविवाद प्रतियोगिताका वक्तहरूले ककसलाई सम्बोधन गरेका छन् ?

(घ) वादविवाद प्रतियोगिताका दोस्रो वक्ताले कुन विषयमा तर्क दिएका छन् ?

(ङ) वादविवाद प्रतियोगिता विजयी विद्यार्थीलाई कहिले पुरस्कार दिइने छ ?

४. दिइएको भनाइका वक्ता पहिचान गर्नुहोस् :

(क) एकअर्काले आआफ्नो स्थानबाट कर्तव्य निर्वाह गर्दा समाज सभ्य र व्यवस्थित हुन्छ ।

(ख) अधिकारको बगैँचामा मात्र व्यक्तिको व्यक्तित्वको फूल फुल्छ ।

(ग) कार्यक्रमसम्बन्धी सूचना सम्बन्धित विद्यालयलाई जानकारी गराइने छ ।

(घ) अधिकारबिनाको कर्तव्य नुनबिनाको तरकारी र अमिलोबिनाको अचार जस्तै हो ।

(ङ) एउटा पक्षले आफ्नो कर्तव्य पूरा गर्दा अर्को पक्षले खुसी र सन्तुष्टि प्राप्त गरेको हुन्छ ।

(च) राष्ट्र र राष्ट्रियताको मजबुत जग बसाल्न हरेक वर्गका मानिसले अन्यायको अनुभूति गर्ने अवस्था आउनुहुँदैन ।

५. दिइएका वादविवादको अंश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

ससाना कार्यबाट प्राप्त हुने ठुल्ठुला परिणामले पनि कर्तव्यको महानता झल्काउँछ । हरेक नागरिकले गर्नुपर्ने आआफ्ना कर्तव्यका दायरा छन् । आआफ्ना ठाउँबाट सबैले आआफ्नो कर्तव्य निर्वाह गरेको समाज कति सभ्य हुन्छ र सुसंस्कृत हुन्छ । ससाना कुरा मात्र हेरौँ न ! नागरिकले आआफ्ना घर वरिपरि सफा गरे भने सिङ्गो गाउँ वा सहर सफा हुन्छ । कृषकले झरी, बादल नभनी गरेको मिहिनेतले सबैले खाने अन्न उत्पादन हुन्छ । समाजमा बस्ने नागरिकले एकअर्काको अस्तित्वको सम्मान र आदर गर्दै आफ्नो दायित्व निर्वाह गरेको समाज आदर्श समाज हुन्छ । शिक्षकले पेसाप्रतिको निष्ठा सम्झँदा र सोअनुसारको आचरण गर्दा शिक्षकको कर्तव्य पूरा हुन्छ । सरकारी कार्यालयबाट सेवाग्राहीले मुस्कानसहितको सेवा पाउँदा कर्मचारीको कर्तव्य पूरा भएको ठहर्छ । यसरी एकअर्काले आआफ्नो स्थानबाट कर्तव्य निर्वाह गर्दा समाज सभ्य र व्यवस्थित हुन्छ । त्यसैले कर्तव्यपालन अधिकार प्राप्तिको लक्ष्यभन्दा विशिष्ट छ ।

प्रश्नहरू

(क) कस्तो परिणामले कर्तव्यको महानता झल्काउँछ ?

(ख) समाज कसरी सभ्य हुन्छ ?

(ग) समाजका नागरिकले कसको सम्मान गर्नुपर्छ ?

(घ) सेवाग्राहीले कहाँबाट मुस्कानसहितको सेवा पाउनुपर्छ ?

(ङ) 'परिणाम' र 'विशिष्ट' शब्दको अर्थ लेख्नुहोस् ।

६. दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

(क) वादविवाद प्रतियोगिताका वक्ता पदम गुप्ताको भनाइको सार लेख्नुहोस् ।

पदम गुप्ताले 'अधिकार ठुलो कि कर्तव्य ?' शीर्षकको वादविवाद प्रतियोगितामा पक्षबाट आफ्ना तर्क प्रस्तुत गरेका छन् । उनले हाम्रा धार्मिक ग्रन्थ र उपनिषद्मा

कर्तव्यलाई सर्वोच्च महत्त्व दिइएको चर्चा गरेका छन् । माता, पिता र गुरुलाई देवतासमान मान्न कर्तव्यपालनको परम्परालाई अधिकारसँग तुलना गर्न सकिँदैन । श्रवणकुमारले मातापितालाई तीर्थाटन गराउन तथा गान्धारीले दुर्योधनलाई विजयको आशीर्वाद नदिन कर्तव्यप्रतिको निष्ठा हो । त्यसैगरी युधिष्ठिरले आफूलाई साथ दिने कुकुरलाई नछोड्ने बरु जिउँदै स्वर्ग जाने अवसर परित्याग गर्नु आदर्शको अनुपम उदाहरण हो । मानिसले नैतिक र वैधानिक दुवै कर्तव्यलाई पालना गर्नुपर्छ । 'सुनको थालीमा बिउ रोप्दैमा बिरुवा उम्रँदैन' भन्ने तर्क दिँदै पदम गुप्ताले जीवनलाई अर्थपूर्ण बनाउन कर्तव्य अपरिहार्य हुने ठानेका छन् । पदम गुप्ताले अधिकारभन्दा कर्तव्य ठुलो रहेको उदाहरण पेस गरेका छन् । 'कर्मशील समाजमा कर्तव्यको तेलबिना विकासको रेल चल्न नसक्ने' जस्ता तर्क दिएर पदम गुप्ताले अधिकारभन्दा कर्तव्य ठुलो हुने धारणा राखेका छन् ।

(ख) वादविवाद प्रतियोगिता वक्ता श्रुतिसाहको भनाइको सार लेख्नुहोस् ।

(ग) हाम्रा पौराणिक ग्रन्थहरूका कर्तव्यपालनलाई कुन रूपमा प्रस्तुत गरिएको छ ?

(घ) नेपालको संविधानले अधिकारलाई कसरी महत्त्व दिएको छ ?

७. दिइएको अनुच्छेद पढी चारओटा मुख्य मुख्य बुँदा टिपोट गर्नुहोस्

अधिकार कर्तव्यभन्दा ठुलो कुरो हो । अधिकार पाउनका लागि गरि एका ठुला ठुला सङ्घर्ष र आन्दोलन यसका प्रमाण हुन् । जनताका अधिकार कुण्ठित गर्न खोज्दा हिटलरले हार बेहोर्नुपरेको दृष्टान्त पनि ज्वलन्त नै छ । नेपालमा पनि पटक पटक अधिकार प्राप्तिका लागि भएका आन्दोलन र क्रान्ति यसका साक्षी छन् । अधिकार आवश्यक नहुँदो हो त यी आन्दोलन किन जरुरी थिए अनि खुरुखुरु सबैले आआफ्नो कर्तव्यपालन गरेर बसेको भए हुँदैनथ्यो त ? अर्को कुरा अधिकारको लडाइँले मुलुकलाई समृद्ध बनाउँछ । हामीलाई थाहा छ, दासत्व अन्त्य गर्ने र अधिकार प्राप्त गर्ने अमेरिकी स्वतन्त्रता सङ्ग्रामको लडाइँले अमेरिकालाई बलियो बनायो । त्यस्तै रङभेदविरुद्ध दशकौँ लामो सङ्घर्षले गर्दा दक्षिण अफ्रिका रङभेदमुक्त मुलुक बन्यो । मानवअधिकार, बालअधिकार, पशुअधिकार जस्ता अधिकार प्राप्तिका अनेक लडाइले देश र समाजमा परिवर्तन ल्यायो । यस्ता अधिकार र अधिकार प्राप्तिका लागि गरिने आन्दोलनले मलुकको कायापलट गरेको हुन्छ । तसर्थ अधिकार नै सबैभन्दा ठुलो कुरा हो ।

८. दिइएको अनुच्छेद पढी चारओटा प्रश्न बनाउनुहोस् :

कृषिभन्दा उद्योग बेस भन्ने वादविवाद प्रतियोगितामा म विपक्ष अर्थात् कृषि बेसका पक्षमा आफ्ना तर्कहरू राख्ने अनुमति चाहान्छु । हिजोआज बेमौसमी तरकारीको उत्पादन बढिरहेको छ । बजारमा हरेक मौसमका फलफूल पाइन्छ । खेतबारी जोत्न ट्याक्टर प्रयोग गरिन्छ । आधुनिक कृषि औजारको प्रयोग गरी बाली लगाउने र भित्र्याउने गरिन्छ । आधुनिक भकारीमा सुरक्षित किसिमले अन्न भण्डार गरिन्छ । प्रविधिका कारण नै यो सम्भव भएको हो । कृषिका कारण नेपालको ग्रामीण अर्थतन्त्र मजबुत बनिरहेको छ । किसानहरूको आर्थिक अवस्था उद्योगीको भन्दा कम छैन । मेरो विचारमा बेरोजगारी अन्त्यका लागि समेत कृषि पेसा अपरिहार्य छ त्यसैले युवाहरूलाई कृषि पेसामा लाग्न प्रोत्साहन गर्नुपर्छ । नेपालका खाद्यान्न, जडीबुटी र नगदे बालीले विदेशी बजार पाएका छन् । नेपालका कृषिजन्य वस्तुबाट विदेशी मुद्रा आर्जन भएको छ ।

पूर्ववक्ता साथीले कृषिभन्दा उद्योग बेस भनेर घाँटी सुकाउनुभयो । म उहाँका तर्कसँग असहमत छु । मनगढन्ते कुरा गरेर अरूमा भ्रम पैदा गर्नु कदापि राम्रो होइन । नेपाल कृषिप्रधान देश हो । नेपालको अर्थतन्त्रको आधार भनेको कृषि हो । छिमेकी मुलुकले उद्योगबाट आर्थिक विकास गरे भनेर हामीले पनि उद्योगमा जोड दिनुपर्छ भन्नु अरूले घोडा र हात्ती चढे भनेर आफू धुरी चढ्नु जस्तै हो । खाद्यान्न उत्पादन भएन भने मानिसले के खालान् ? यो विषयमा सोच्नु आवश्यक छ । सहरमा बसेर उद्योगको क्षेत्रमा मात्र प्रविधिको उपयोग देख्नु र भ्यागुताले कुवाबाहिरको संसार नदेख्नुमा कुनै पृथक्ता छैन ।

९. व्याख्या गर्नुहोस् :

(क) कर्तव्यको कसीमा घोटिँदा मात्र हरेक व्यक्तिको व्यक्तित्वको सफल परीक्षण हुन्छ ।

व्याख्याका लागि मुख्य मुख्य बुँदाहरू

(क) कर्तव्य भन्नाले मानिसले गर्नुपर्ने काम, गर्न लायक असल आचरण वा क्रियाकलाप आदिलाई बुझिने

(ख) पूर्वीय ग्रन्थहरूले कर्तव्यलाई विशेष जोड दिएका

(ग) व्यक्तिले कर्तव्यलाई स्वस्फूर्तरूपमा प्रदर्शन गर्न सक्ने

(घ) व्यक्तिले नैतिक र वैधानिक कर्तव्य गरी दुवै प्रकारका कर्तव्यलाई आत्मसात् गर्नुपर्ने ्

(ङ) कर्तव्य केवल धर्म आर्जनमा मात्र सीमित नहुने

(च) श्रवणकुमारले आँखा नदेख्ने मातापितालाई तीर्थ गराएर कर्तव्य पूरा गरेका

(छ) युधिष्ठिरले सधैँ सत्य बोलेर कर्तव्य पूरा गरेका

१०. 'अधिकार ठुलो कि कर्तव्य ठुलो ?' वादविवादका वक्ताहरूमध्ये तपाईँलाई कसको भनाइ मन पऱ्यो ? मन पर्नाको कारणसमेत खुलासा लेख्नुहोस् ।

११. सभ्य समाज निर्माणका लागि अधिकार र कर्तव्यमध्ये कुन चाहिँ अपरिहार्य होला ? आफ्नो विचार लेख्नुहोस् ।

१२. दिइएको वादविवादको ढाँचा अनुकरण गरी भरत भण्डारीको भनाइको खण्डन गर्नुहोस् :

वादविवाद लेखनको ढाँचा

(क) शीर्षक : अधिकार ठुलो कि कर्तव्य ठुलो ?

(ख) सम्बोधन : (सभाध्यक्ष, प्रमुख अतिथि, निर्णायक मण्डल, गुरुवर्ग, प्रतियोगी साथी तथा उपस्थित साथीहरू)

(ग) पहिलो खण्ड : विषयको पक्ष वा विपक्षबाट बोल्न लागेको जानकारी गराई विषय प्रवेश गर्ने र विषयवस्तुका बारेमा आफ्नो तर्कपूर्ण धारणा राख्ने

(घ) मध्य खण्ड : विपक्षीका विचारको खण्डन गरी उदाहरणसहित आफ्ना तर्क एवम् विचारको प्रस्तुति

*(जनाउ घन्टी बजेको सङ्केत)*

(ङ) अन्तिम खण्ड : आफ्ना समग्र भनाइको प्रतिनिधित्व गर्ने उपयुक्त र सारपूर्ण निष्कर्ष दिएर धन्यवाद ज्ञापन गर्ने (अन्तिम घन्टीको सङ्केत)

१३. दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

पृथ्वीमा निरन्तर बढिरहेको तापमानले समग्र वायुमण्डलमा नकारात्मक प्रभाव परेको छ । यसको परिणामस्वरूप मौसमलगायत प्राकृतिक तालिका फेरबदल भएको छ । समग्रमा यसलाई नै जलवायु परिवर्तन भन्ने गरिन्छ । पृथ्वीमा तापक्रम बढ्नुको मुख्य कारण हरितगृह ग्यासको स्तरवृद्धि हो । पृथ्वीको सतहमा ठोक्किएर परिवर्तित भएको सूर्यको किरणलाई केही ग्यासहरूले सोस्ने गर्छन् । यसका कारण पृथ्वीको तापक्रम दिनानुदिन बढिरहेको छ । पृथ्वीको तापक्रममा भएको वृद्धिको असर जलवायु परिवर्तनका रूपमा देखा पर्छ । जलवायु परिवर्तनका कारण हिमालय पर्वत कालापत्थरमा परिवर्तित हुँदै छन् । निश्चित भूगोल र वातावरणमा बाँच्ने जीवप्राणीहरूको अस्तित्व सङ्कटमा परेको छ । त्यति मात्र होइन जलवायु परिवर्तनकै कारण गर्मी हावापानीमा बाँच्ने झिँगा, लामखुट्टे जस्ता किराहरू तथा बाघ, चितुवा जस्ता जनावरसमेत उच्च हिमाली भेगमा देखिन थालेका छन् । यस्तै अवस्थामा रहेका अबको केही दशकमा उच्च हिमाली क्षेत्रमा पाइने जीवहरू लोप हुने अवस्थामा पुग्ने छन् । त्यसैले जलवायु परिवर्तन र यसका असर न्यूनीकरणका लागि विश्वस्तरमै प्रयास थालिनु अपरिहार्य छ । पृथ्वीको सुरक्षा र जीवप्राणीको संरक्षणका लागि सारा मानवहरू एकजुट हुनुपर्छ ।

(क) उत्तर दिनुहोस् :

(अ) पृथ्वीको प्राकृतिक तालिका किन फेरबदल भएको छ ?

(आ) पृथ्वीको तापक्रम बढ्नुको मुख्य कारण के हो ?

(इ) कस्ता जीवप्राणीहरूको अस्तित्व सङ्कटमा परेको छ ?

(ई) जलवायु परिवर्तनको असरलाई कसरी न्यूनीकरण गर्न सकिन्छ ?

(ख) भाषिक संरचना र वर्णविन्यास पहिचान गर्नुहोस् :

(अ) माथिको अनुच्छेदबाट र वर्तमान काल, पूर्णपक्षको वाक्य टिपोट गर्नुहोस् ।

आ) माथिको अनुच्छेदबाट वर्तमान काल, पूर्णपक्षको वाक्य टिपोट गर्नुहोस् ।

(इ) माथिको अनुच्छेदबाट दुईओटा पदयोग भएका शब्द टिपोट गर्नुहोस् ।

१४. दिइएका सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :

उपस्थित शिक्षक साथीहरू तथा प्यारा विद्यार्थी भाइबहिनीहरू !

विद्यालयमा हरेक शुक्रबार अतिरिक्त क्रियाकलाप सञ्चालन गरिन्छ । आजचाहिँ वादविवाद प्रतियोगिता सम्पन्न भयो । कक्षा ६ का विद्यार्थीहरूद्वारा सञ्चालित यस प्रतियोगिताका प्रतियोगी विद्यार्थीहरूलाई धन्यवाद दिन चाहान्छु । कुनै पनि प्रतियोगितामा सहभागी हुन सर्वप्रथम तपाईँहरूले आफूभित्रको सङ्कोचलाई जित्न सक्नुपर्छ । आफूलाई जितेर अघि बढ्ने व्यक्ति कहिल्यै पराजित हुँदैन । अर्को कुरा प्रतियोगितामा पुरस्कृत हुनु र नहुनुले तपाईँहरूको प्रतिभालाई प्रभाव नपारोस् । प्रत्येक वक्ताका तर्क आफैँमा महत्त्वपूर्ण थिए । प्रत्येकका

अभिव्यक्ति सुन्दर थिए । विद्यार्थी भाइबहिनीहरू ! तपाईँहरूले यो कुरा पनि बुझ्नुपर्छ । पुरस्कृत हुनु आवश्यक स्थान प्रथम, द्वितीय र तृतीयमा सीमित थिए त्यसैले सबै प्रतियोगीलाई पुरस्कार प्रदान गर्न सकिएन । यसबाट तपाईँहरू निराश नभई आफूलाई अझै सक्रिय बनाउनुहोस् । प्रविधिले गर्दा ज्ञान विज्ञानको क्षेत्रमा थुप्रै प्रगति भएका छन् । हामीलाई अध्ययन गर्न सजिलो भएको छ । इन्टरनेटको सहयोगले गुगल, युट्युब आदिबाट सामग्री छनोट गरी हेर्ने र पढ्ने बानी बसाल्नुहोस् । आफ्नो ज्ञानको दायरा फराकिलो पार्नुहोस् । अन्त्यमा यस कार्यक्रमलाई सफल बनाउन भूमिका खेल्नुहुने शिक्षक मित्र र विद्यार्थी भाइबहिनीहरूलाई धन्यवाद दिन चाहान्छु । आजको वादविवाद कार्यक्रम यही समापन भएको घोषणा गर्दछु । धन्यवाद ।

| |
|---|
| तपाईँले कुनै कार्यक्रममा सहभागी भएर भाषिक सम्प्रेषण गर्नुभएको नमुना कल्पना गरी साथीलाई सुनाउनुहोस् । |

## सुनाइ र बोलाइ

१. सुनाइ पाठ ६ सुन्नुहोस् र दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) गौतम बुद्धको मामाघर कति क्षेत्रफलमा फैलिएको छ ?

(ख) देवदहको संरक्षणमा जुटेको संस्थाको नाम के हो ?

(ग) पूर्वी कुनामा कसको मन्दिर छ ?

(घ) देवदह पुग्दा मन किन दुख्छ ?

२. पुरातात्त्विक सम्पदाको संरक्षण कसरी गर्न सकिएला ? आफ्नो तर्क दिनुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

१. दिइएको अनुच्छेद पढ्नुहोस् र उदाहरण हेरी भूत, वर्तमान र भविष्यत् कालका वाक्यको अलग अलग सूची बनाउनुहोस् :

रामलखनले वैशाखमा भित्तेपात्रो किने । उनले भित्तेपात्रोलाई भित्तामा किला ठोकेर झुन्ड्याए । समय बित्दै गयो । उनलाई कुन कुन चाडपर्व कहिले पर्दा रहेछन् भनी हेर्न मन लाग्यो । रामलखनले भित्ताबाट भित्तेपात्रो निकाले । त्यसै बखत आमा भन्नुहुन्छ, "ओहो ! तीन बजिसक्यो । अब खाजा बनाउनुपर्छ । तिमी मकै छोडाऊ । म मकैभटमास भुट्छु । गुन्द्रुकको अचार बनाउँछु । त्यसपछि चिया पकाउँछु । परिवारका सबै जना पिँढीमा बसेर खाजा खानुपर्छ ।" रामलखनले आमालाई भने, "एकै छिन पर्खनुहोस् है आमा । म भित्तेपात्रो हेर्दै छु । वैशाख २२ गते आमाको मुख हेर्ने औँसी पर्ने छ । जेठ महिनामा कुनै पनि चाड पर्ने छैन । असार १५ गते दहीचिउरा खाइने छ । साउन १ गते शनिबारका दिन साउने सङ्क्रान्तिछ मनाइने छ । भदौ महिनामा चाहिँ तीनको रमझम हुने छ ।"

*उदाहरण :*

| |
|---|
| भूत कालको वाक्य : रामलखनले वैशाखमा भित्तेपात्रो किने । |
| वर्तमान कालको वाक्य : त्यसै बखत आमा भन्नुहुन्छ । |
| भविष्यत् कालको वाक्य : वैशाख २२ गते आमाको मुख हेर्ने औँसी पर्ने छ । |

२. ‘अधिकार ठुलो कि कर्तव्य ठुलो ?’ वादविवादबाट भूत र वर्तमान कालका तीन तीनओटा क्रियापद खोजी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

३. उदाहरण हेरी दिइएको अनुच्छेदलाई भूत, वर्तमान र भविष्यत् कालका अपूर्ण पक्षमा परिवर्तन गर्नुहोस् :

भूत काल अपूर्ण पक्षको उदाहरण

भाइहरू घुमफिरका लागि सहर जाँदै थिए । उनीहरूले बाटामा मामालाई भेट्दै थिए ।

मणिकला जिरी जान्छिन् । उनले जेटिए बन्ने सोच गरेकी छन् । त्यसैले उनी जिरी प्राविधिक शिक्षालयमा भर्ना हुन्छिन् । बुबा आमाले पनि मणिकलालाई सहयोग गर्नुहुन्छ ।

वर्तमान काल, अपूर्ण पक्षको उदाहरण

बुबा आँगनमा बिस्कुन सुकाउँदै हुनुहुन्छ । मचाहिँ रेडियो सुन्दै छु । भाइ परेवा धपाउँदै छ

४. उदाहरण हेरी दिइएको अनुच्छेदलाई भूत, वर्तमान, र भविष्यत् कालको पूर्ण पक्षमा परिवर्तन गर्नुहोस् :

आकाशमा बादल लाग्छ । सिमसिम पानी पर्छ । किसानहरू खुसी हुन्छन् । सिँचाइको व्यवस्था नभएकाले किसानहरू आकासे खेती गर्न बाध्य छन् । सरकारले यो कुरामा ध्यान दिनुपर्छ ।

भविष्यत् काल, अपूर्ण पक्षको उदाहरण

भोलि हामी कक्षामा पढ्दै हुने छौं । लामो समयपछि साथीहरू भेट्दा म पनि रमाउँदै हुने छु । शिक्षकहरू पनि हामीलाई भेटेर खुसी हुँदै हुनुहुने छ ।

भूत काल पूर्ण पक्षको उदाहरण

बुबाआमा जनकपुरधाम जानुभएको थियो । उहाँहरूसँग सानो भाइ पनि गएको थियो । म त पोहोर साल नै गएकी थिएँ ।

वर्तमान काल पूर्ण पक्षको उदाहरण

मैले कथाको किताब किनेको छु । मैले फुर्सदको समयमा साथीहरूलाई पनि कथा सुनाउने गरेको छु । साथीहरूले पनि आआफ्ना रूचिअनुसार काम गरेका छन् ।

भविष्यत् काल पूर्ण पक्षको उदाहरण

असोज महिनामा दसैँ सुरु भएको हुने छ । परिवारमा सबै जना जम्मा भएका हुने छन् । दसैँ धुमधामसँग मनाइएको हुने छ । हामीले हजुरआमाबाट आशीर्वाद लिएका हुने छौं ।

५. दिइएको अनुच्छेद पढ्नुहोस् र उदाहरण हेरी अज्ञात पक्षका क्रियापद टिपोट गर्नुहोस् :

हजुरबुबाले पत्रिका किन्नुभएछ । बहिनीलाई उक्त पत्रिका पढ्न दिनुभएछ । बहिनीले नअक्मकाईकन समाचार पढिछ । बहिनीले समाचार पढेको देखेर भाइलाई पनि पढ्न मन लागेछ । उसले पनि राम्रोसँग पढेछ । त्यहीबेला एउटा बाँदर आएछ । बाँदरले केराको बगैँचामा गएर केरा टिपेछ । अरूणले त्यो देखेपछि कराएछन् । केटाकेटीहरू जम्मा भएर बाँदर लखेट्न थालेछन् ।

*उदाहरण :*

| अज्ञात पक्षको क्रियापद |
|---|
| किन्नुभएछ |

६. उदाहरण हेरी दिइएका अनुच्छेदलाई अज्ञात पक्षमा परिवर्तन गर्नुहोस् :

भाइले आफ्ना मैला कपडा धोयो । उसले धोएका कपडालाई घाममा सुकायो । त्यसपछि भाइ खेल्न चउरतिर गयो । एक्कासि हुरीबतास चल्यो । आमाले भाइका कपडा झिकेर राख्नुभयो ।

> अज्ञात पक्षको उदाहरण
> बगैँचामा फूल ढकमक्क फुलेछ । सौगातले फूल टपटप टिपेर डालो भरेछ । त्यसपछि बजारमा लगेर फूल बेचेर कमाएको पैसा आमालाई दिएछ । आमाले उक्त पैसा थैलीमा राख्नुभएछ ।

७. दिइएको अनुच्छेद पढ्नुहोस् र उदाहरण हेरी अज्ञात पक्षका क्रियापद टिपोट गर्नुहोस् :

हजुरआमाले हामीलाई वरिपरि राखेर कथा सुनाउनुहुन्थ्यो । हामी उहाँबाट रमाइला कथा सुन्थ्यौँ । भूतका डरलाग्दा कथा सुनेर भाइ डराउँथ्यो । बहिनी त कहिलेकाहीँ डराएर रुन्थी पनि । बाल्यकालका दिनहरू रमाइलो हुन्थे । हामी वनजङ्गल जान्थ्यौँ । डाँडाकाँडा कुद्थ्यौँ ।

*उदाहरण :*

| अभ्यस्त पक्षको क्रियापद |
|---|
| सुनाउनुहुन्थ्यो |

८. उदाहरण हेरी दिइएको अनुच्छेदलाई अभ्यस्त पक्षमा परिवर्तन गर्नुहोस् :

बलरामले गाउँमा कुखुरापालन गरेछन् । कुखुराले हुर्किएपछि अन्डा दिन थालेछन् । बलरामकी छोरीले कुखुराका अन्डा टिपिछन् । बलरामका छोराले कुखुरालाई दानापानी दिएछन् । उनीहरूले कुखुरापालन गरेर मनग्गे आम्दानी गरेछन् ।

> अभ्यस्त पक्षको उदाहरण
> पहिला पहिला लामो झरी लाग्थ्यो । हामी पानीमा भिजेर हिँड्थ्यौँ । बुबाआमा हामीलाई भिज्नुहुँदैन भनेर सम्झाउनुहुन्थ्यो ।

९. दिइएको अनुच्छेद पढ्नुहोस् र रेखाङ्कित पदयोग शब्द बुझ्नुहोस् :

अचेल देशका सबै ठाउँमा रेडियो नेपाल सुन्न सकिन्छ । रेडियोलाई घरभित्र मात्र होइन घरबाहिर पनि सुन्न सकिन्छ । खेतबारीमा रेडियो सुन्दै काम गर्नुको आनन्द नै बेग्लै हुन्छ । रेडियो सुन्दै हिँड्दा बाटोसमेत छोटिए झैँ लाग्छ । रेडियोबाट विशेष गरी समाचार, मनोरञ्जन तथा सचेतनासम्बन्धी कार्यक्रम प्रसारण हुन्छ । त्यसैले नियमित रेडियो सुन्ने बानी बसाल्नुपर्छ ।

| |
|---|
| एउटै डिकामा लेखिने शब्दलाई पदयोग भनिन्छ । माथिको अनुच्छेदमा देशका, ठाउँमा आदि विभक्ति लागेका, घरभित्र, घरबाहिर, बाटोसमेत, सचेतनासम्बन्धी नामयोगी पद हुन् । खेतबारी समासबाट निर्मित शब्द हो । बसाल्नुपर्छ चाहिँ संयुक्त क्रिया क्रिया हो । |

१०. दिइएको अनुच्छेदलाई पढ्नुहोस् र पदयोग मिलाई पुनर्लेखन गर्नुहोस् :

रमेश बिरामी परेछ । भाइ बिरामी भएको सुनेर कमलालाई न रमाइलो लागे छ । काका ले भाइलाई अस्पताल लैजानु भएछ । डाक्टरको सल्लाह अनुसार पाँच दिन अस्पतालमा भर्ना बस्नुपर्छ रे । स्वस्थ्यमा सानो तिनो समस्या देखिए पनि अस्पताल जानु राम्रो कुरा हो ।

## सिर्जना र परियोजना कार्य

१. दिइएको नमुना पढी दिइएको शीर्षकको पक्षबाट वादविवाद लेख्नुहोस् :

(क) छोरीलाई सम्पत्ति होइन शिक्षा दिनुपर्छ

(ख) विज्ञान अभिशाप नभई वरदान हो

वादविवाद लेखनको नमुना

### भौतिक सम्पत्तिभन्दा चारित्रिक सम्पत्ति ठुलो

श्रीमान् सभाध्यक्ष,

प्रमुख अतिथि,

निष्पक्ष निर्णायक मण्डल,

गुरुवर्ग तथा उपस्थित साथीहरू !

आज भइरहेको वादविवाद प्रतियोगितामा मलाई पनि आफ्ना विचार राख्ने अवसर प्रदान गर्नुभएकामा सर्वप्रथम त आयोजकप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । 'भौतिक सम्पत्तिभन्दा चारित्रिक सम्पत्ति ठुलो' भन्ने शीर्षकको पक्षबाट आफ्ना तर्कहरू राखदछु ।

भौतिक सम्पत्ति भन्नाले रुपियाँ, पैसा, घर, जग्गा र मोटरगाडीहरूमा आधारित सम्पत्तिलाई बुझिन्छ । चारित्रिक सम्पत्ति भन्नाले अनुशासन, सदाचार, सेवाभावजस्ता सम्पत्तिलाई बुझिन्छ । भौतिक सम्पत्ति कमाइबाट आर्जन गर्न सकिन्छ भने चारित्रिक सम्पत्ति आचरणबाट आर्जन गर्न सकिन्छ । भौतिक सम्पत्तिले मानिसलाई सुख दिन सक्छ । तर जीवनको अर्थ सुखमा मात्र केन्द्रित छैन । संसारका महापुरुषले भौतिक सुखलाई त्यागी परोकारमा तल्लीन भएता पनि खुसीको स्रोत चाहिँ आत्मिक शान्ति नै हो । आत्मिक शान्तिको प्राप्तिका खातिर राम्रा वस्तु मेरो मात्र बस्दैनन् । गरिबहरू पनि छन् । तिनीहरूको उत्थानका लागि भूमिका खेल्न सक्नुपर्छ ।

समाजका साङ्गहरू मात्र छैनन् अपाङ्गहरू पनि छन् । तिनीहरूका लागि सेवा गर्न सफल गर्न सक्नुपर्छ । यस्ता थुप्रै उदाहरणहरू छन्, जो मानिसले सेवा भावले गर्न सक्छ । हो, यही सेवा र समर्पणको भाव नै चारित्रिक सम्पत्ति हो ।

मेरा पूर्ववक्ता साथीले भन्नुभयो कि - आजको युग आधुनिक युग हो । आधुनिक युगमा चरित्रभन्दा सम्पत्तिकै धेरै भूमिका रहन्छ । तर मलाइ लाग्छ, आधुनिक युग भन्दैमा डोकामा दुध दोहेर त अडिँदैन नि । भौतिक सम्पत्ति पनि सत् चरित्रको हातमा पर्दा आधुनिक भएको र असत् चरित्रको हातमा पर्दा निरर्थक भएको त हामीले देखेकै छौँ । महामानव गौतमबुद्ध दार्शनिक सुकरात, अहिंसावादी महात्माका गान्धी, त्यागी फ्लोरेन्स नाइटिङ्गेल जस्ता महापुरुषहरू चरित्रकै कारण अमर बनेका हुन् । (जनाउ घन्टी बज्छ)

अन्त्यमा चारित्रिक सम्पत्तिको तुलना भौतिक सम्पत्तिसँग गर्नु भनेको सूर्यको तुलना बत्तीसँग गर्नु जस्तै लज्जास्पद विषय हो । मानव जीवनलाई सार्थक तुल्याउनुछ भने चरित्र निर्माणमा अग्रसर बनौँ भन्दै आफ्ना भनाइ टुङ्ग्याउँछु । धन्यवाद !

२. दिइएको उद्घोषणको नमुना पढ्नुहोस् र कुनै कार्यक्रम सञ्चालनका लागि उद्घोषण तयार पार्नुहोस् :

उद्घोषण

प्रज्ञा : 'भोलिको नेपाल' नामक बाल कार्यक्रम हेर्नका लागि टेलिभिजन सेट अगाडि बस्नुभएका साथीहरूलाई हार्दिक स्वागत छ ।

सरोज : यो चिसो मौसममा सम्पूर्ण दर्शकलाई न्यानो अभिवादन व्यक्त गर्दछौँ ।

प्रज्ञा : शरद ! आजको कार्यक्रमबारे हाम्रा दर्शक साथीलाई केही जानकारी दिने हो कि ?

सरोज : हुन्छ । म दर्शकहरूलाई आजको कार्यक्रमबारे जानकारी गराउँछु । सदा झैँ 'भोलिको नेपाल' कार्यक्रम तीन खण्डमा विभाजित छ । पहिलो खण्डमा शैक्षिक गतिविधि सुनाउने छौँ ।

प्रज्ञा : कार्यक्रमको तेस्रो खण्डमा मनोरञ्जनात्मक प्रस्तुतिहरू रहने छन् । आजको कार्यक्रममा हामीले हास्य कलाकार धुर्मुस र सुन्तलीलाई निम्त्याएका छौँ । उहाँहरूका प्रहसन हेरेर पेट मिचीमिची हाँस्न पाइने छ ।

*(विज्ञापन बज्न थाल्छ ।)*

## थप स्वाध्याय सामग्री

### वादविवाद लेखन

#### परिचय

वादविवाद रूपक विधाअन्तर्गत पर्ने उपविधा हो । वादविवादमा तर्कपूर्ण अभिव्यक्ति आवश्यक हुन्छ । वक्ताले आफ्नो मन्तव्यका क्रममा हाउभाउ, अभिनय र मुखमुद्रालाई सान्दर्भिक बनाउनुपर्छ । वक्ताले निश्चित समयभित्र प्रभावकारी रूपमा मौखिक अभिव्यक्ति दिने सम्प्रेषणात्मक सिपको विकास हुन्छ ।

#### वादविवाद लेख्दा ध्यान दिनुपर्ने पक्षहरू

१. आफूले वादविवाद लेख्नुपर्ने पक्ष/विपक्षका बारेमा स्पष्ट हुने र संरचनात्मक पक्षमा ध्यान दिने

२. विद्वानहरूको भनाइलाई उल्लेख गर्दा आधिकारिकतामा ख्याल गर्ने

३. आदरपूर्ण तरिकाले विपक्षी मतको खण्डन गर्ने

४. समाप्तिको सङ्केतलाई उल्लेख गरी धन्यवाद ज्ञापनसहित समापन गर्ने ।

## पाठ ७ : कथा

# शत्रु

*विश्वेश्वरप्रसाद कोइराला*

#### परिचय

विश्वेश्वरप्रसाद कोइराला (वि.सं. १९७१ - २०३९) प्रसिद्ध मनोवैज्ञानिक कथाकार हुन् । उनले उपन्यास, कथा, कविता, निबन्ध र आत्मजीवनी लेखेका छन् । दोषी चस्मा र श्वेतभैरवी गरी दुईओटा कथासङ्ग्रह प्रकाशित भएका छन् । तीनघुम्ती, नरेन्द्र दाइ, सुम्निमा, मोदिआइन, हिटलर र यहुदी र बाबु, आमा र छोरा उनका उपन्यासहरू हुन् । कथाकार कोइरालाले आधुनिक मनोवैज्ञानिक सिग्मन्ड फ्रायडको मनोविश्लेषण सिद्धान्तको अनुसरण गरेर कथा लेखेका छन् । त्यसैले उनलाई फ्रायडवादी कथाकार भनिन्छ । मानव मनको चेतन र अवचेतन अवस्थाको चित्रण उनका कथामा पाइन्छ । विशेषत: युगीन सामाजिक पृष्ठभूमिमा मान्छेका थरी थरीका मनोदशाको चिरफार गरी मानवीय व्यवहारको उद्घाटन गर्नु नै उनका कथाको खास विशेषता हो ।

प्रस्तुत 'शत्रु' कथा मनोवैज्ञानिक कथा हो । व्यक्ति मनको चिरफार गर्दै मानवीय स्वभाव, कमजोरी, संवेग आदिको खोजी र तिनको विश्लेषण गर्नु यस कथाको उद्देश्य हो । यस कथामा कथाका मुख्य पात्र कृष्ण रायका माध्यमबाट मानवीय मनका विभिन्न पक्षहरूको उद्घाटन गरिएको छ । कथामा प्रयोग गरिएको सरल, सहज र स्वाभाविकभाषाले कथा उत्कृष्ट बन्न पुगेको छ ।

### *सिकाइ उपलब्धि*

१. सस्वर र मौन पठन गर्न

२. पाठगत शब्दको उच्चारण, अर्थबोध र प्रयोग गर्न

३. अनेकार्थी शब्दको पहिचान र प्रयोग गर्न

४. कथाको संरचना, घटना, परिवेश पहिचान र वर्णन गर्न

५. घटनाक्रम टिपोट गर्न

६. चरित्र वर्णन तथा तुलना गर्न

७. पाठगतबोध प्रश्नोत्तर, व्याख्या र सार लेखन गर्न

८. तार्किक र समीक्षात्मक उत्तर दिन

९. अनुकरणात्मक तथा स्वतन्त्र कथा रचना गर्न

१०. क्रियाको भावको पहिचान गरी वाक्यान्तरण गर्न

११. पदयोग र वियोगकोपहिचान गरी प्रयोग गर्न

## मूल पाठ

'आँखामा राखे पनि नबिझाउने' भन्ने उखान कसैको निमित्त उपयुक्त हुन्थ्यो भने कृष्ण रायको निमित्त हुन्थ्यो । ४५ वर्षका कृष्ण राय गाउँका सबैभन्दा भद्र मानिस थिए । तिनले यता १०/१२ वर्षदेखि गाउँभन्दा बाहिर पाइलो राखेका थिएनन् । यसैबाट तिनको शान्त स्वभावको परिचय

हुन्छ । कसैलाई कर्जा दिनु तिनी आफ्नो सिद्धान्तको विरुद्ध ठान्थे । तिनका मतअनुसार कर्जामा गएको रुपियाँ आफू आउँदा झगडा बोकी ल्याउँछ । तर दुःख परेको बखतमा 'राजद्वारे श्मशाने च' तिनी गाउँलेको सहायतामा प्रस्तुत रहन्थे । जनक कुमारीको एक्लो छोरो मर्दा जनक कुमारीको पिरभन्दा तिनको सान्त्वनाले त्यहाँ भएका मान्छेको आँखामा आँसु ल्यायो । गाउँलेमा झगडा पऱ्यो भने तिनी नै मध्यस्थ हुन्थे । तिनले गरेको फैसलाले कोही पनि असन्तुष्ट भएको देखिँदैनथ्यो । आफ्नो घरबाट तिनी कम निस्कन्थे र निस्केको दिन कि त कसैकहाँ मृत्यु भएछ कि झगडा भएछ भनी ठान्नु पर्थ्यो; सडकमा सब जना अदबसँग तिनको अभिवादन गर्थे ।

कृष्ण रायलाई सब प्रकारको सुख थियो, धनको, यशको र सम्मानको । तिनका सन्तान थिएनन्, तर यस अभावलाई तिनले आफ्नो एउटा टाढाको भतिजोलाई पाली पूर्ति गरेका थिए ।

एक रात तिनी खाइपिई सुत्ने यत्न गरिरहेका थिए । तिनका मनमा धेरै प्रकारका विचार आउन थाले । तिनको जीवन कसैले असफल भन्न सक्दैन । सानोतिनो पुँजी पनि कमाइ हालेका थिए रुपियाँ जम्मा गर्दा अरू कसैलाई पिर पनि पारेनन् । तिनको कोही बैरी थिएन, यही तिनको सन्तोषको ठुलो कारण थियो । ४५ वर्षको यत्रो लामो जीवनमा तिनले कसैलाई आफ्नो शत्रु बनाएनन् । यस कल्पनाले तिनको तन्द्राको सुख बढाइरहेको वेलामा तिनीमाथि लट्ठीको प्रहार पऱ्यो । संयोगवश लट्ठीको मुख्य चोट तिनीमाथि परेन । प्रहार कर्ताले तिनीमाथि प्रहार गरेको हो कि भित्तामाथि, यो छुट्याउन गाह्रो थियो ।



**शब्दार्थ**

| | | |
|---|---|---|
| *निमित्त* | : | *लागि, निम्ति* |
| *भद्र* | : | *सभ्य, शिष्ट, राम्रो, असल* |
| *सिद्धान्त* | : | *विचार, तर्क र अनुभवद्वारा स्थापित मत* |
| *राजद्वारे श्मशाने च* | : | *दरबारको ढोकामा पनि मसानघाटमा पनि* |
| *अदब* | : | *आफूभन्दा ठुलाबडा वा मान्यजनप्रतिको आदर भाव* |
| *यश* | : | *प्रशंसा, तारिफ* |
| *पूर्ति* | : | *सुरु गरिएको कामको समाप्ति* |
| *पुँजी* | : | *रुपियाँ पैसा, बचत धन* |
| *तन्द्रा* | : | *निदाउनुभन्दा पहिलेको अवस्था* |

कृष्ण राय जुरमुरिँदै उठे; तबसम्म आक्रमणकारी भागिसकेको थियो । 'मलाई कसले यसरी आक्रमण गऱ्यो होला ?' तिनी विचार गर्न थाले । 'यस जीवनमा मैले कसैलाई आफ्नो शत्रु बनाइनँ, झगडा फसादमा रहिनँ रहिनँ ।' कृष्ण रायलाई पहिले त कसैले आक्रमण गरेको हो भन्ने कुरामा विश्वास भएन । सबै तन्द्रा अवस्थामा भ्रम जस्तो लाग्यो तर भित्तामा लागेर भाँचिएको लट्ठीको टुक्रा त भ्रम

हुन सक्दैन । कृष्ण रायले बिछ्यौनाबाट निहुरीकन त्यस टुक्रालाई टिपे, हेरेर गम्न थाले 'को मेरो शत्रु हुन सक्छ ?'

धेरै घोरिँदा तिनलाई यस रहस्यको सुइँको पाएको जस्तो लाग्यो । आजै बिहान एउटा काम बिगार्दा रामे भन्ने नोकरमाथि तिनी रिसाएका थिए । नोकरको के ठेगान, झोँक उठ्यो र मालिकलाई हान्न हिँड्यो होला । नोकरसित झकँदा तिनले उसको मुख रातो भएको देखेका थिए । उनलाई के थाहा; रिसले रातो भएको रहेछ । तर ऊ केही अचाक्ली गरी रिसाएको थिएन । यत्रो पुरानो नोकरले त्यति हप्की पाउँदा मालिकलाई मार्न नहिँड्नुपर्ने । रामले योभन्दा ठुलो ठुलो गाली सहेको थियो र आजको झटनीले त्यसको धैर्यको अन्त नगर्नुपर्ने । तर मनुष्यको स्वभाव कसले जान्न सक्छ र ? ऊ नभए अरू को मेरो शत्रु होला ? हो न हो, यो रामको काम हैन, बलभद्रको काम हो । कारण, अस्ति हिसाब गोलमाल गरेर ठग्न खोज्दा कृष्ण रायले तिनलाई फेला पारी लज्जित पारेका थिए । आखिर बलभद्रको समाजमा आदर थियो, गाउँलेहरूले तिनलाई इज्जत गर्थे । कृष्ण रायले तिनलाई बेइज्जती गरेको तिनले सहन सकेनन् होला र आज राति बदला लिन आएका होलान् । कृष्ण रायले विचार गर्दैथिए । अस्तिको नोकरी खोज्दै आएको युवकको ध्यान तिनलाई आउन थाल्यो । बिचरा खान नपाएर तिनकहाँ आएको थियो, काममा लाउन छोडेर तिनले उसलाई उपदेश दिन थाले । कुरामा कुरा चल्दा कृष्ण रायले उसलाई अप्रिय शब्द भने; त्यस युवकले यो निश्चय नै मन पराएन होला । त्यो बडो स्वाभिमानी होला जस्तो थियो, त्यस्तालाई कठोर शब्द असाध्यै बिझ्छ र धेरै दिनसम्म इख लिइरहन्छन् । कृष्ण रायको एउटा अत्यन्त नराम्रो बानी छ । आफूलाई अकलुषित र दुर्गुणरहित भनी ठान्ने कृष्ण रायलाई आफ्नो एउटा ठुलो दोषको सम्झना भयो । समय असमयमा तिनी अर्कालाई आदेश सल्लाह दिइरहन्छन् । नाहक कृष्ण राय यस दुर्गुणलाई गुण ठानेर अङ्कमाल गरिरहेका थिए ।

*फसाद* : *असजिलो अवस्था*
*भ्रम* : *शङ्का, भुल*
*झोक* : *कडा रिस, आवेग*
*अचाक्ली* : *हुनुपर्नेभन्दा ज्यादै बढी*
*झटनी* : *हप्काउने वा झाट्ने काम*
*गोलमाल* : *जथाभावी, भद्रगोल*
*असाध्य* : *ज्यादा, धेरै*
*अकलुषित* : *कुनै प्रकारको खराब भावना नभएको*
*दुर्गुणरहित* : *खराब स्वभाव नभएको*
*नाहक* : *कुनै मतलवबिना, बिनासित्ति*

कृष्ण राय धेरै झगडामा मध्यस्थ भएका थिए । यो बडो गर्वको कुरा हो; गाउँले तिनीमाथि नै विश्वास गरी तिनलाई झगडामा मध्यस्थ तुल्याउँथे । यसैले पनि तिनको गाउँमा धेरै सम्मान थियो । तर निश्चय नै यो कामले तिनलाई धेरैको मन नपरेको बनायो होला । एक दिनको घटना

उदाहरणस्वरूप तिनको सामुन्ने आउन थाल्यो । गोविन्द पण्डित र गोरे जमदारको खेतको झगडा धेरै दिनदेखि चलिआएको थियो, तर त्यस दिनको जस्तो कुटामारी कहिल्यै भएको थिएन । कृष्ण राय सदाको जस्तै मध्यस्थ भए र बानीले प्रेरित भए झैँ ती झगडीयालाई झगडाको दुष्परिणाम बुझाउन थाले । हेर गोविन्द पण्डित, हेर गोरे जमदार, झगडा गरेर के लाभ, आपस्तमा मिल, खाऊ, पिऊ र ईश्वरको भजन गर । यति उपदेशमै तिनीहरू झगडा गर्न छोड्ने भए तिनीहरू कहिल्यै पनि झगडा गर्ने थिएनन् । तिनीहरू मिल्न मानेनन् र बिचरा मध्यस्थलाई कर लागेर गोरे जमदारको पक्षमा न्याय दिनुपर्‍यो । यस झगडामा मध्यस्थ भएर तिनले निश्चय नै गोविन्द पण्डितलाई आफ्नो शत्रु बनाए होलान् । फेरि एउटा मास्टर र कैयाँको झगडामा न्याय कैयाँको पक्षमा हुँदा मास्टरले रिसाएर भनेको थियो, "हेर्नुहोस् कृष्ण रायजी, फैसलालाई त म आफ्नो शिरमा राख्छु तर कैयाँ कैयाँ नै हुन्, काम लाग्ने छैनन् ।" एउटा झगडामा सबैभन्दा निर्दोष काम हो, त्यो झगडाको मध्यस्थ हुनु तर कुनै पनि मध्यस्थ दुवै पक्षको समर्थक हुन सक्दैन । मध्यस्थले एउटा न एउटाको शत्रु हुनैपर्छ, कृष्ण रायले बिउँझे झैँ यो ज्ञान आर्जन गरे ।

विचार गर्दागर्दै कृष्ण रायले रेलको डब्बामा भएको झगडा सम्झे; हाटमा तिनीद्वारा धक्का खाई लडेको एउटा मान्छेलाई सम्झे; तिनले निकालिदिएका नोकरहरूलाई सम्झे, गरिब तर इर्ष्यालु दाजुभाइलाई सम्झे; जो तिनको उन्नति देखिसहँदैनथे । अरूको त के कुरा, आफ्नै पोष्य पुत्रमाथि पनि उनलाई भरोसा थिएन ।

घटनालाई बिर्सन प्रयत्न गर्दै कृष्ण राय निदाउने निहुँले बिछ्यौनामा बङ्ङ लडे । शत्रुताको पनि कस्तो व्यापक सम्बन्ध रहेछ ? दुनियाँमा कोही पनि मित्र हुँदैनन् सबै शत्रु, सबै बैरी नै हुन्छन् । कसले भन्छ अकारण नै कोही शत्रु हुँदैन ? मानौँ अकारण कोही कसैको शत्रु हुँदैन तर झगडाको निहुँ कति सजिलै पाइन्छ ? कृष्ण रायले धेरैसँग सङ्गत गरेनन् तर जतिसँग गरे सबैलाई तिनीसँग 'बापवैर साध्ने' कुनै न कुनै निहुँ दिए । कस्तो अचम्म, निर्दोष कुरामा पनि विषालु साँप जस्तो बैरी बनाउने साधन लुकिरहेको देखिन्छ । भोलिपल्ट यो घटनाले जाँच हुँदा पुलिसको इन्स्पेक्टरले तिनलाई सोध्यो, "तपाईंलाई कसैमाथि शङ्का छ ?"

कृष्ण रायले गम्भीर भएर उत्तर दिए, "रामे, केदार, युवक, गोविन्द पण्डित, कन्हैया, मास्टर, बुधे, लीला, पुष्पराज, रामचन्द्र पराजुली...।"

*दुष्परिणाम* : *खराब नतिजा*

*आपस्त* : *आफन्त*

*कैयाँ* : *प्राय: व्यापारको काम गर्ने एक वर्ग*

*पोष्य पुत्र* : *छोरासमान गरी पालनपोषण गरिएको व्यक्ति, धर्मपुत्र*

## पाठसार

उमेरले पैँतालिस वर्ष पुगेका कृष्ण राय भद्र व्यक्ति थिए । उनी कसैलाई कर्जा दिनु झगडा

निम्त्याउनु हो ठान्थे । आपत् परेका बेलामा भने गाउँलेलाई सहयोग गर्न पछि पर्दैनथे । दुःखमा सान्त्वना दिने र झगडामा मध्यस्थता गरी सबैलाई सन्तुष्ट पार्ने खुबी भएका कृष्ण राय घरबाट कमै बाहिर निस्कन्थे । धन, यश, सम्मान सबै किसिमको सुख भए पनि सन्तान नभएका कारण उनले टाढाको भतिजोलाई धर्मपुत्र बनाएर राखेका थिए । एक रात खाइपिई सुत्न लाग्दा उनका मनमा धेरै प्रकारका विचार आउन थाले । उनले आफूले पाएको ख्याति एवम् आफू शत्रुविहीन रहेको सम्झेर खुसी हुँदा एक्कासि उनीमाथि लट्ठी प्रहार भयो । संयोगवश लट्ठीको प्रहार भित्तामा परेकाले उनी सकुशल भए । आफूमाथिको यस्तो अकल्पनीय आक्रमण उनलाई भ्रम जस्तो लाग्यो । जब उनले बिछ्यौनाबाट लट्ठीको टुक्रो टिपे, तब उनी विश्वस्त भए । धेरैबेर घोरिएपछि उनलाई आफूमाथिको आक्रमणकारी पत्ता लागे जस्तो लाग्यो । रामे, बलभद्र, नोकरी खोज्दै आएको युवक आदि उनको शङ्काको घेरामा आए । उनलाई त्यतिखेर झगडाको मध्यस्थता गर्दा कैयौँ घटनामा एउटाको पक्षमा निर्णय गर्दा अर्को पक्ष चिढिएको घटनाको बोध भयो । हुँदाहुँदा आफ्ना सम्पर्कमा आएका सबैलाई उनी शत्रु देख्न पुगे र पोष्यपुत्रसमेतले सम्पत्ति हत्याउने उद्देश्यले आफूमाथि आक्रमण गरेको हुन सक्ने शङ्का उनले गरे । घटनालाई बिर्सने प्रयत्न गर्दै कृष्ण राय बङ्ङ बिछ्यौनामा लडे । भोलिपल्ट जाँचका क्रममा पुलिसको इन्स्पेक्टरले शङ्कास्पद व्यक्तिका बारेमा सोध्दा उनले गम्भीर भएर रामे, केदार, युवक, गोविन्द, कन्हैया, मास्टर, बुधे, लीला, पुष्पराज रामचन्द्र पराजुली भनी आफ्ना सम्पर्कमा आएका सबैको नाम लिए ।

## *शब्दभण्डार*

१. दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| शब्द | अर्थ |
|---|---|
| बखत | प्रयास |
| मध्यस्थ | इच्छा भएको |
| यत्न | समय, बेला |
| सुइँको | कसैको पक्षमा नलाग्ने, तटस्थ |
| इख | रिस, इबी |

२. उदाहरण हेरी दिइएको अर्थसँग मिल्दो शब्द पाठबाट खोजेर लेख्नुहोस् :

(क) अँगालो हाल्ने काम — अङ्कमाल

(ख) कुभलो चिताउने व्यक्ति, शत्रु — ..............

(ग) आफ्नो प्रतिष्ठामाथि गौरव गर्ने — ..............

(घ) सम्झाउने बुझाउने काम, ढाढस — ..............

(ङ) कुनै काम गर्ने इच्छा जागेको — ..............

३. उदाहरण हेरी दिइएका शब्दको एकभन्दा बढी अर्थ लेख्नुहोस् :

(क) ताल — १. काम गराइको चोटि

२. दह

३. चाल वा ढङ्ग

४. मादल आदि बाजाको मात्रा

साल, काल, माल, हाल, नाल

४. उदाहरण हेरी तलका अनेकार्थी शब्दलाई भिन्न भिन्न अर्थ आउने गरी वाक्यमा प्रयोग गर्नुहोस् :

(क) गोल : उसले राम्रो गोल गर्‍यो ।

गोल : गोल जम्मा गर

दर, तर, खोटो, रहर, सुर, हुस्सु, कछाड, जाली, साँचो, पुतली, मास, फल

५. उपयुक्त शब्द छानी खाली ठाउँ भर्नुहोस् :

(क) 'उत्तर'को अर्थ जबाफ र ................ हो । (अत्तर, दिशा, बास्ना)

(ख) 'अर्थ'को अर्थ माने र ................ हो । (धन, पृथ्वी, आकाश)

(ग) 'कर'को अर्थ शुल्क र ................ हो । (ढिपी, खर, अनुरोध)

(घ) 'कल'को अर्थ झगडा र ................ हो । (बल,धारा, भोलि)

(ङ) 'हार'को अर्थ माने र ................ हो । (माला, बाला, चेला)

६. पद र पदावलीबिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| अकमक्क | गनाउनु |
| कुरुमकुरुम | भन्नु |
| खुसुक्क | रिसाउनु |
| चिटचिट | पर्नु |
| डुङडुङ्ती | चपाउनु |
| | पसिना आउनु |

७. दिइएको अनुच्छेदबाट कुनै पाँचओटा अनुकरणात्मक शब्द पहिचान गरी वाक्यमा प्रयोग गर्नुहोस् :

चन्दुराम गजक्क परेर बसेका वेला कुन्नी कसले प्याट्ट हिर्काएछ । चन्दुराम धुरुधुरु रुन थालेछन् । उनी रोएको उनका छोराले टुलुटुल हेरेछन् । ठुलो छोरो हर्कबहादुर फटाफट पुलिस चौकी गएछन् । स्याँस्याँ गर्दै हर्कबहादुर आएको देखेर हर्कबहादुरसँग पुलिस गुरुरु दौडिँदै चन्दुरामकहाँ पुगेछन् ।

*उदाहरण*

गजक्क : रमेश ससुराली गएपछि खाटमा गजक्क परेर बस्छन् ।

## बोध र अभिव्यक्ति

१. दिइएका शब्दलाई शुद्धसँग उच्चारण गर्नुहोस् :

| | | |
|---|---|---|
| अकुलषित /अ.कु.ल.सित्/ | अप्रिय /अ.प्रि.य/ | तन्द्रा /तन्.द्रा/ |
| इन्स्पेक्टर /इन्स्.पेक्.टर्/ | कृष्ण /क्रिस्.डँ/ | विषालु /बि.सा.लु/ |
| निर्दोष /निर्.दोस्/ | मध्यस्थ /मध्.ध्यस्.थ/ | सिद्धान्त /सिद्.धान्.त/ |

२. 'शत्रु' कथा हाउभाउसहितसस्वरवाचन गर्नुहोस् ।

३. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) 'शत्रु' कथामा कतिओटा अनुच्छेद रहेका छन् ?

(ख) 'शत्रु' कथाको मुख्य पात्रको नाम के हो?

(ग) कृष्ण रायलाई कुन अनुच्छेदमा लट्ठी प्रहार गरिएको छ?

(घ) 'शत्रु' कथाको अन्तिम अनुच्छेदमा कतिओटा वाक्य रहेका छन् ?

४. दिइएको कथांश मौनपठन गरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

घटनालाई बिर्सने प्रयत्न गर्दै कृष्ण राय निदाउने निहुँले बिछ्यौनामा बङ्ङ लडे । शत्रुताको पनि कस्तो व्यापक सम्बन्ध रहेछ ? दुनियाँमा कोही पनि मित्र हुँदैनन् सबै शत्रु, सबै वैरी नै हुन्छन् । कसले भन्छ अकारण नै कोही शत्रु हुँदैन ? मानेँ, अकारण कोही कसैको शत्रु हुँदैन, तर झगडाको निहुँ कति सजिलै पाइन्छ ? कृष्ण रायले धेरैसँग सङ्गत गरेनन्, तर जतिसँग गरे सबैलाई तिनीसँग 'बाप वैर साध्ने' कुनै न कुनै निहुँ दिए । कस्तो अचम्म निर्दोष कुरामा पनि विषालु साँपजस्तो वैरी बनाउने साधन लुकिरहेको देखिन्छ !

*प्रश्नहरू*

(क) कृष्ण रायलाई सबै शत्रु हुन्छन् भन्ने किन लागेको छ ?

> निर्दोष कुरामा पनि शत्रु बनाउने कुरा लुकेको हुनाले कृष्ण रायलाई सबै शत्रु हुन्छन् भन्ने लागेको छ ।

(ख) 'शत्रुताको सम्बन्ध व्यापक छ' भन्ने भनाइप्रति तपाइँ सहमत हुनुहुन्छ ?

(ग) निर्दोष कुरामा पनि विशालु साँप जस्तो बैरी बनाउने साधन लुकिरहेको देखिन्छ' भन्नाको तात्पर्य के हो ?

(घ) माथिको अनुच्छेदमा कृष्ण रायको कस्तो मानसिकताको चित्रण गरिएको छ ?

(ङ) शत्रु नै नहुन मानिसले के गर्नु पर्ला ?

५. दिइएको अनुच्छेद पढी मुख्य मुख्य बुँदा टिप्नुहोस् :

'आँखामा राखे पनि नबिझ्झाउने' भन्ने उखान कसैको निमित्त उपयुक्त हुन्थ्यो भने कृष्ण रायको निमित्त हुन्थ्यो । ४५ वर्षका कृष्ण राय गाउँका सबैभन्दा भद्र मानिस थिए । तिनले यता

१०/१२ वर्षदेखि गाउँभन्दा बाहिर पाइलो राखेका थिएनन् । यसैबाट तिनको शान्त स्वभावको परिचय हुन्छ । कसैलाई कर्जा दिनु तिनी आफ्नो सिद्धान्तको विरुद्ध ठान्थे । तिनका मतअनुसार कर्जामा गएको रुपियाँ आफू आउँदा झगडा बोकी ल्याउँछ । तर दुःख परेको बखतमा 'राजद्वारे श्मशाने च' तिनी गाउँलेको सहायतामा प्रस्तुत रहन्थे । जनककुमारीको एक्लो छोरो मर्दा उनको पिरभन्दा तिनको सान्त्वनाले त्यहाँ भएका मान्छेको आँखामा आँसु ल्यायो । गाउँलेमा झगडा पऱ्यो भने तिनी नै मध्यस्थ हुन्थे । तिनले गरेको फैसलाले कोही पनि असन्तुष्ट भएको देखिँदैनथ्यो । आफ्नो घरबाट तिनी कम निस्कन्थे र निस्केको दिन कि त कसैकहाँ मृत्यु भएछ कि झगडा भएछ भनी ठान्नु पर्थ्यो; सडकमा सब जना अदबसँग तिनको अभिवादन गर्थे ।

*उदाहरण*

(क) भद्र स्वभावका कृष्ण रायका लागि 'आँखामा राखे पनि नबिझाउने' भन्ने उखान उपयुक्त हुनु

६. दिइएको कथांशपढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

एक रात तिनी खाइपिई सुत्ने यत्न गरिरहेका थिए । तिनका मनमा धेरै प्रकारका विचार आउन थाले । तिनको जीवन कसैले असफल भन्न सक्दैन । सानोतिनो पुँजी पनि कमाइ हालेका थिए रुपियाँ जम्मा गर्दा अरू कसैलाई पिर पनि पारेनन् । तिनको कोही बैरी थिएन, यही तिनको सन्तोषको ठुलो कारण थियो । ४५ वर्षको यत्रो लामो जीवनमा तिनले कसैलाई आफ्नो शत्रु बनाएनन् । यस कल्पनाले तिनको तन्द्राको सुख बढाइरहेको वेलामा तिनीमाथि लट्ठीको प्रहार पऱ्यो । संयोगवश लट्ठीको मुख्य चोट तिनीमाथि परेन । प्रहारकर्ताले तिनीमाथि प्रहार गरेको हो कि भित्तामाथि, यो छुट्याउन गाह्रो थियो ।

प्रश्नहरू

(क) कृष्ण रायको सन्तोषको कारण के थियो ?

बुँदा

(अ) जीवनमा असफल नभएका

(आ) रुपियाँका लागि कसैलाई कुनै पिर नपारेका

(इ) कोही बैरी वा शत्रु छैनन् भन्ने कुरा मनमा भएको

(ख) कस्तो अवस्थामा कृष्ण रायमाथि लट्ठी प्रहार भएको थियो ?

बुँदा

(अ) कृष्ण राय रातको समयमा खाइपिई सुत्ने तरखर गरिरहेका

(आ) जीवनमा कसैलाई शत्रु नबनाएको कल्पना गर्दै सन्तोषको सास फेरिरहेका

(इ) तन्द्राको सुख बढाइरहेको वेलामा तिनीमाथि लट्ठीको प्रहार

६. दिइएका भनाइ कसले, कुन सन्दर्भमा भनेका हुन् ? कथाको सन्दर्भ उल्लेख गर्नुहोस् :

(क) हेर्नुहोस् कृष्ण रायजी, फैसलालाई त म आफ्नो शिरमा राख्छु तर कैयाँ कैयाँ नै हुन्, काम लाग्ने छैनन् ।

(ख) को मेरो शत्रु हुन सक्छ?

(ग) चाँडै नै सम्पत्तिको मालिक हुन उसले जे पनि गर्न सक्छ, आखिर आफैँले जन्माएको छोरो त...!

७. 'शत्रु' कथा पढी दिइएका घटनाहरूलाई क्रम मिलाएर लेख्नुहोस् :

(क) नोकरी खोज्न आएको युवकलाई कृष्ण रायले उपदेश दिनु

(ख) कन्हैयाको पक्षमा न्याय हुँदा मास्टर रिसाउनु

(ग) इन्स्पेक्टरले सोध्दा रामे, केदार आदिको नाम लिनु

(घ) कृष्ण रायमाथि लट्ठी प्रहार हुनु

(ङ) कृष्ण रायले रेलको डब्बामा भएको झगडा सम्झनु

(च) कृष्ण रायले को मेरो शत्रु हुन सक्छ भन्दै सोच्न थाल्नु

(छ) गोविन्द पण्डित र गोरे जमदारको झगडा मिलाइदिनु

(ज) हिसाब गोलमाल गरेर ठग्न खोज्ने बलभद्रमाथि शङ्का गर्नु

(झ) आफ्नै पोष्यपुत्रमाथि भरोसा नगर्नु

८. दिइएका अनुच्छेद पढ्नुहोस् र कथाबाट के सन्देश पाइन्छ, लेख्नुहोस् :

'शत्रु' मनोवैज्ञानिक कथा हो । व्यक्ति मनको चिरफार गर्दै मानवीय स्वभाव, कमजोरी, संवेग आदिको खोजी र तिनको विश्लेषण गर्नु यस कथाको उद्देश्य हो । यसमा कथाका मुख्य पात्र कृष्ण रायका माध्यमबाट मानवीय मनका विभिन्न पक्षहरूको उद्घाटन गरिएको छ । मानिसमा थुप्रै कमजोरीहरूकै कारण व्यक्ति मानसिकता बिथोलिएर असामान्य अवस्थामा पुगी मनरोगी हुन सक्छ भन्ने कुरालाई कृष्ण रायको चरित्रले राम्ररी चरितार्थ गरेको छ । शत्रुरहित ठान्ने कृष्ण राय मानवीय गम्भीर भुलका कारण आफूमाथि लट्ठी प्रहार हुँदा अत्तालिन्छन् । उनको मानसिकता बिथोलिएर आफ्नो सम्पर्कमा आएका सबैलाई शत्रु ठान्न पुग्छन् । यस कथामा अजात शत्रु कोही हुँदैन भन्दै निर्दोष कुरामा पनि विषालु साँप जस्तै बैरी बनाउने साधन लुकिरहेको हुन्छ भन्ने विचार व्यक्त गरिएको छ । ससाना कुरामा पनि मानिस मानिसका बिच शत्रुता पैदा हुने कुराको सङ्केत गर्दै यस कथाले सबैलाई विश्वास गरेर आफू शत्रुमुक्त छु भन्ने ठान्नु मानिसको भ्रम हो भन्ने कुरालाई स्पष्ट पारेको छ । यसका साथै मानिसको अचेतन मनमा थुप्रै संवेग एवम् कुण्ठाहरू दबिएर रहेका हुन्छन् । तिनले उपयुक्त अवसर पाउने बित्तिकै बाह्य रूपमा प्रकट भएर मानिसलाई असामान्य व्यवहार गर्न उद्यत गराउँछन् भन्ने कुरालाई पनि यस कथामा कृष्ण रायको चरित्रका माध्यमबाट प्रस्ट पारिएको छ ।

यस कथाले कथाका पात्र कृष्ण रायको असामान्य मनमा सिर्जना भएका संवेगमार्फत व्यक्तिको मानवीय स्वभाव र कमजोरीको खोजी र विश्लेषण गरेको छ । समाजमा राम्रा र

नराम्रा सबैखाले मानिस हुन्छन् । सज्जनले दुर्जनलाई, ज्ञानीले मूर्खलाई, साधुले चोरलाई राम्रो नमान्नु स्वाभाविक हो तैपनि असल मानिसलाई परिस्थितिले अरूको अप्रिय बनाउन सक्छ । कहिलेकाहीँ परिवेश, वातावरण र घटना सामान्य भए पनि असामान्य र रहस्यमय बन्न सक्छ भन्ने सन्देश दिएको छ ।

९. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) कृष्ण रायको चरित्र चित्रण गर्नुहोस् ।

नेपाली साहित्यका सुप्रसिद्ध मनोवैज्ञानिक कथाकार विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित 'शत्रु' कथाका मुख्य पात्र कृष्ण राय हुन् । उमेरले पैँतालिस वर्षका कृष्ण राय 'शत्रु' कथामा प्रमुख भूमिकामा देखापरेका छन् । गाउँमा आफ्नो विशिष्ट पहिचान बनाउन सफल उनी सम्पन्न र सुखी व्यक्तिका रूपमा चिनिन्छन् । धन, यश, इज्जत, प्रतिष्ठा, मानसम्मान आदि सबै कुराले सम्पन्न कृष्ण रायका सन्तान भने थिएनन् । सन्तानको अभावलाई पूर्ति गर्न उनले टाढाको भतिजोलाई पालेका थिए । समाजसेवाका क्षेत्रमा पनि ठुलो ख्याति कमाएका कृष्ण राय हत्तपत्त कसैलाई ऋण भने दिदैनथे तर आपत्विपत्मा परेकालाई सहयोग गर्थे । उनमा थुप्रै कमजोरीहरू देखिन्छन् । आफूलाई अजात शत्रु ठान्नु उनको ठुलो भुल हो । उनी शङ्कालु स्वभावका पनि देखिन्छन् । एक दिन उनीमाथि लट्ठी प्रहार भएपछि आफूलाई शत्रुरहित ठान्ने कृष्ण राय असामान्य अवस्थामा पुगी सम्पर्कमा आएका सबैलाई शत्रु देख्न पुग्छन् । झैझगडा मुद्दा मामिला आदिमा सहभागी भई एउटाका पक्षमा फैसला गर्दा अर्को पक्ष असन्तुष्ट भई आफ्ना विरुद्धमा जान सक्छ भन्ने बुझ्न नसक्नु उनको ठुलै कमजोरी हो । शत्रुताका वैरभावका निम्ति ठुलो कारण चाहिँदैन, सानातिना मनमुटाव र तिक्ततामा नै यसको बीज लुकेको हुन्छ भने शाश्वत पक्षलाई कृष्ण रायले बुझ्न सकेका छैनन् । उनी शङ्कालु मनोवृत्ति भएका पात्र हुन् । कृष्ण रायका चेतन अवचेतन मनका बिच द्वन्द्व पाइन्छ । उनमा थुप्रै मानसिक संवेगहरू पनि उत्पन्न भएका छन् । मानसिक कमजोरीका कारण मनरोगी बनेका कृष्ण रायको चरित्रले मानवीय स्वभाव र व्यक्तिगत कमजोरीहरूलाई उद्घाटन गर्ने हुनाले उनी वैयक्तिक चरित्र हुन् । समग्रमा कृष्ण रायलाई गतिशील, उच्च वर्गीय र मानसिक कमजोरीयुक्त पात्रका रूपमा लिन सकिन्छ ।

(ख) कृष्ण रायले किन आफूलाई शत्रुविहीन ठान्थे, वर्णन गर्नुहोस् ।

(ग) प्रत्येक व्यक्तिका कृष्ण रायका जस्तै नदेखिने शत्रु होलान् त, कथाको आधारमा अनुमान गर्नुहोस् ।

१०. दिइएका बुँदाहरूका आधारमा 'शत्रु' कथाको परिवेश लेख्नुहोस् :

(क) ग्रामीण परिवेशमा लेखिएको कथा

(ख) दशबाह्र वर्षदेखि गाउँबाट बाहिर नगएको

(ग) स्थानगत परिवेशका रूपमा ग्रामीण नेपाली समाज आएको

११. व्याख्या गर्नुहोस् :

(क) एउटा झगडामा सबभन्दा निर्दोष काम हो त्यो झगडाको मध्यस्थ हुनु तर कुनै पनि मध्यस्थ दुवै पक्षको समर्थक हुन सक्दैन ।

(ख) कस्तो अचम्म, निर्दोष कुरामा पनि विषालु साँप जस्तो बैरी बनाउने साधन लुकिरहेको देखिन्छ ।

१२. दिइएका प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस् :

(क) 'शत्रु हुँदै नभएको मान्छे हुन्छ कि हुँदैन ?' कथाका आधारमा आफ्नो प्रतिक्रिया लेख्नुहोस् ।

> 'शत्रु' विश्वेश्वरप्रसाद कोइरालाद्वारा लेखिएको मनोवैज्ञानिक कथा हो । यस कथामा शत्रुतासम्बन्धी विषयलाई मनोवैज्ञानिक ढङ्गले प्रस्तुत गरिएको छ । जसले आफूसँग वैरभाव वा वैमनस्यता राख्छ त्यही शत्रु हो । संसारमा अजात शत्रु कोही हुन्छ भन्ने लाग्दैन । झन् व्यावहारिक जीवनमा त कोही न कोही, कसै न कसैको शत्रु बनेकै हुन्छ ।
>
> सन्दर्भ ठुलो र सानोको मात्र हो । शत्रुता कमाउन कुनै ठुलै झगडा गर्नै पर्दैन । सानातिना घटना तथा सन्दर्भले पनि कसै कसैलाई चिढ्याएको हुन सक्छ । अन्जानमै कोही कसैको शत्रु बनेको हुन सक्छ । महाभारतका नायक युधिष्ठिर जसको नाम नै अजात शत्रु थियो । उनले पनि भयङ्कर युद्ध लड्नु पऱ्यो ।भारतका महात्मा गान्धी अहिंसावादी थिए उनलाई पनि गोड्सेले माऱ्यो । अतः शत्रु हुँदै नभएको मान्छे नै हुँदैन । 'शत्रु' कथाका नायक कृष्ण राय पनि आफूलाई आजात शत्रु सम्झन्थे । उनले जानेर कसैसँग शत्रुता राखेका थिएनन् । उल्टो टोलसमाजमा वैरभाव राख्ने दुवै पक्षलाई मान्य हुने गरी फैसला गरेर सबैलाई मिलाउँथे । त्यसैले गाउँमा उनी पूज्य थिए, आदरणीय थिए । एक दिन तिनै कृष्ण रायलाई कसैले झट्टी हान्यो । उनले आफ्नो शत्रुको कल्पना गर्न थाले । आफ्नै नोकर रामे, आफैँले पालेको भतिजो, नोकरी खोज्दै आएको युवक, बलभद्र, गोविन्द पण्डित, मास्टर, केदार, कन्हैया, बुधे, लीला, पुष्पराज, रामचन्द्र आदि अनेकौँलाई आफ्ना शत्रु देख्न थाले । यथार्थ के थियो भने यिनैमध्ये वा अर्को कोहीले कृष्ण रायलाई लट्ठी हानेका थिए । यस घटनाबाट पनि शत्रु नभएको व्यक्ति हुँदैन भन्ने पुष्टि हुन्छ ।
>
> मेरा विचारमा संसारमा शत्रु हुँदै नभएको व्यक्ति हुँदैहुँदैन । कसैले आफूलाई अजात शत्रु ठान्छ भने त्यो उसको गम्भीर भूल हो । उसको आत्मरति मात्र हो ।

(ख) 'शत्रु' कथाका कृष्ण रायमाथि लट्ठी प्रहार भएपछि पनि उनले किन शत्रु किटान गर्न सकेनन्, तर्क दिएर पुष्टि गर्नुहोस् ।

(ग) कृष्ण रायका मनमा उब्जिएका मानसिक उतारचढावलाई कसरी प्रस्तुत गरिएको छ ? कथाका आधारमा समीक्षा गर्नुहोस् ।

१३. 'शत्रु' कथाका मुख्य मुख्य घटना नछुट्ने गरी कथासार लेख्नुहोस् ।

१४. दिइएको कथांशबाट चारओटा बोध प्रश्न बनाई उत्तरसमेत लेख्नुहोस् :

घटनालाई बिर्सन प्रयत्न गर्दै कृष्ण राय निदाउने निहुँले बिछ्यौनामा बङ्ङ लडे । शत्रुताको पनि कस्तो व्यापक सम्बन्ध रहेछ ? दुनियाँमा कोही पनि मित्र हुँदैनन् सबै शत्रु, सबै बैरी नै हुन्छन् । कसले भन्छ अकारण नै कोही शत्रु हुँदैन ? मानैं अकारण कोही कसैको शत्रु हुँदैन तर झगडाको निहुँ कति सजिलै पाइन्छ ? कृष्ण रायले धेरैसँग सङ्गत गरेनन् तर जतिसँग गरे सबैलाई तिनीसँग 'बापवैर साध्ने' कुनै न कुनै निहुँ दिए । कस्तो अचम्म, निर्दोष कुरामा पनि विषालु साँप जस्तो बैरी बनाउने साधन लुकिरहेको देखिन्छ । भो लिपल्ट यो घटनाले जाँच हुँदा पुलिसको इन्स्पेक्टरले तिनलाई सोध्यो, "तपाईंलाई कसैमाथि शङ्का छ ?"

उदाहरण

(क) कृष्ण राय किन बिछ्यौनामा बङ्ङ लडे ?

उत्तर : लट्ठी प्रहारको घटनालाई बिर्सन प्रयत्न गर्दै निदाउँने निहुँले कृष्ण राय बिछ्यौनामा बङ्ङ लडे ।

१५. दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

हरेक धर्मले शुद्ध आचार वा सदाचारलाई परम धर्म मानेको पाइन्छ । सदाचारले मानिसलाई नैतिकताको मार्गमा अग्रसर गराउँछ । यसको अभावमा मानिस भौतिक सम्पन्नताले भरिपूर्ण भए पनि मनुष्यत्वका दृष्टिले जीर्ण वा कमजोर हुन्छ । हरेक मानिसभित्र सत् र असत् विचार हुन्छन् । सदाचारले नै मानिसका असत वा खराब विचारलाई नियन्त्रण गर्न सक्छ । सदाचारका लागि शरीर र मन दुवै पवित्र हुनुपर्छ । सदाचारका पनि आफ्नै नियम छन् । सदाचारी बन्नका लागि सत्य अनि मधुर वचन बोल्नुपर्छ । आफूभन्दा उमेरले ठुलालाई आदर र सम्मान एवम् सानालाई स्नेह र सम्मान गर्न जान्नुपर्छ । सकेसम्म अरूको भलाइमा मन लगाउनुपर्छ, नसके कसैको पनि कुभलो सोच्न पटक्कै हुँदैन । सबैले आआफ्ना कर्म र पेसाप्रति निष्ठावान् हुनुपर्छ । उदाहरणका लागि विद्यार्थीले पढाइमा एकाग्र र लगनशील बन्नु, कसैसँग शत्रुता नराख्नु, माता, पिता र गुरुको आज्ञाकारी बन्नु, असल मित्रको सङ्गत गर्नु, शाकाहारी र सन्तुलित भोजनमा जोड दिनु जस्ता कुरा नै सदाचारका आचरण हुन सक्छन् । यिनै सदाचार नै हाम्रा सत्कर्म हुन् । सत्कर्मको पालनाबाट मात्र जीवन सार्थक पार्न सकिन्छ । संस्कृतमा भनाइ छ, 'काकचेष्टा बको ध्यानं स्वाननिद्रा तथैव च, अल्पहारी गृहत्यागी विद्यार्थी पञ्चलक्षणम् अर्थात् कागको जस्तो चनाखोपन, बकुल्लाको जस्तो ध्यान वा एकाग्रता, कुकुरको जस्तो तुरुन्तै जाग्न सक्ने सचेत निद्रा, थोरै भोजन गर्ने र पढ्नका लागि घरभन्दा टाढा रहने जस्ता विद्यार्थीले पालना गर्नुपर्ने पाँच लक्षण मानिएको छ । यसको आशय विद्यार्थीले पढाइमा एकचित्त भएर पढ्नु नै उसको असल लक्षण हो ।

(क) उत्तर दिनुहोस् :

(अ) सदाचारलाई किन परम धर्म भनिएको हो ?

(आ) सदाचारका नियमको सूची बनाउनुहोस् ।

(इ) सदाचारका लागि शरीर र कस्तो हुनुपर्छ ?

(ई) विद्यार्थीका पञ्च लक्षण के के हुन् ?

(ख) भाषिक संरचना र वर्णविन्यास पहिचान गर्नुहोस् :

(अ) 'हरेक धर्मले शुद्ध आचार वा सदाचारलाई परम धर्म मानेको पाइन्छ ।' यस वाक्यलाई सम्भावनार्थक बनाउनुहोस् ।

(आ) 'सकेसम्म अरूको भलाइमा मन लगाउनुहोस् ।' यस वाक्यलाई सामान्यार्थक बनाउनुहोस् ।

(इ) 'हरेक मानिसभित्र सत् र असत् विचार हुन्छन् ।' यस वाक्यलाई इच्छार्थक बनाउनुहोस् ।

(ई) 'सदाचारले मानिसलाई नैतिकताकोमार्गमा अग्रसर गराउँछ ।' यस वाक्य शुद्ध गरी पुनर्लेखन गर्नुहोस् ।

१६. दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :

| |
|---|
| मादेन, जानुका, नोर्बु र सबिना घुमफिरका लागि सहर गए । जानुकाले साथीहरूसँग सिनेमा हलमा गएर चलचित्र हेर्ने प्रस्ताव राखिन् । अरु साथीहरूले पनि सिनेमा हलमा चलचित्र हेरेका रहेनछन् । त्यसै कारण जानुकाको कुरामा सबैको सहमती जुट्यो । उनीहरू दिवा सोमा सिनेमा हेर्न हलमा पुगे । लाइनमा बसेर टिकट किने । त्यसपछि सिनेमा हलभित्र प्रवेश गरे । "ओहो ! कति धेरै कुर्सीहरू । कति राम्रोसँग मिलाएर राखिएको ।" मादेनले छक्क पर्दै भने । सविनाले भनिन्, "आधाभन्दा बढी कुर्सी त खाली नै छन् ।" "दर्शकहरू आउँदै छन् । बाहिर लाइनमा टिकट काट्दै गरेका देखिनौ र ?" नोर्बु विस्तारै बोले । स्क्रिनमा विज्ञापन प्रदर्शन भयो । साँच्चै आफैँ अगाडि कलाकार बोले जस्तो भान भयो । केही बेरपछि हलभित्रका सबै बत्ती निभे । चलचित्र प्रदर्शन सुरु भयो । चारै जना साथीहरू दङ्ग परेर चलचित्र हेर्न थाले । |

| |
|---|
| माथिको अनुच्छेदमा मादेन, जानुका, नोर्बु र सविनाले उत्सुकतासम्बन्धी आफ्नो अनुभव साथी वा भाइबहिनीलाई सुनाउनुहोस् । |

## सुनाइ र बोलाइ

१. सुनाइ पाठ ७ सुन्नुहोस् र दिइएका वाक्य ठिक भए ठिक र बेठिक भए बेठिक भन्नुहोस् :

(क) सुनाइ पाठ ७ सुन्नुहोस् र दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

(अ) हर्केको परिवार किन प्रसन्न थियो ?

(आ) हर्केको कान्छो छोरो के देखेर आनन्दित हुन्थ्यो ?

(इ) हर्केले कसलाई ब्याज तिर्नुपर्ने छ ?

(ई) हर्के बिहान सखारै कहाँ गयो ?

(ख) सुनाइ पाठ ७ 'बैंसीतिर' कथा छोटकरीमा सुनाउनुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

१. दिइएका उदाहरण पढ्नुहोस् र बुझ्नुहोस् :

(क) सामान्यार्थक

(क) रमेश पढ्दै छ ।

(ख) उमा घर गइन् ।

(ग) हामी कथा सुन्थ्यौँ ।

(घ) तिमी दाल, भात र तरकारी खाने छौ ।

माथिका वाक्यहरूमा 'पढ्दै छ, गइन्, सुन्थ्यौ, खाने छौ' जस्ता क्रियापद प्रयोग भएका छन् । यी क्रियापदले काल र पक्ष जनाउँछन् । अत: काल र पक्षको नियमभित्रका क्रियापदले सामान्यार्थक भाव व्यक्त गरेका छन् ।

(ख) आज्ञार्थक

(क) तँ चिठी लेख् ।

(ख) तिमी घर जाऊ ।

(ग) तिमीहरू खाजा आओ ।

(घ) तपाइँ गरिबलाई मदत गर्नुहोस् ।

माथिका वाक्यहरूमा 'लेख्, जाऊ, खाओ, गर्नुहोस्'जस्ता क्रियापद प्रयोग भएका छन् । यी क्रियापदले आज्ञार्थकको भाव व्यक्त गरेका छन् ।

(ग) इच्छार्थक

(क) म किताब पढूँ ।

(ख) हामी लोकगीत गाऔँ ।

(ग) तँ पसलमा बसेस् ।

(घ) तिमी घर गए ।

(ङ) तपाइँ चिठी लेख्नुहोओस् ।

(च) ऊ हवाईजहाजमा चढोस् ।

(छ) उनीहरू गृहकार्य गरुन् ।

माथिका वाक्यहरूमा 'पढूँ, गाऔँ, बसेस्, गए, लेख्नुहोओस्, चढोस्, गरुन्' जस्ता क्रियापद प्रयोग भएका छन् । यी क्रियापदले इच्छार्थकको भाव व्यक्त गरेका छन् ।

(घ) सम्भावनार्थक

(क) म घरमा बसुँला ।

(ख) हामी गृहकार्य गरौँला ।

(ग) तँ मिठो सपना देख्लास् ।

(घ) तिमी मामाघर जाऔला ।

(ङ) तपाईँ गीत गाउनुहोला ।

(च) ऊ किताब पढ्ली ।

(छ) उनी सिनेमा हेर्लिन् ।

(ज) उनीहरू पैसा कमाउलान् ।

माथिका वाक्यहरूमा 'बसुँला, गरौँला, देख्ला, जाऔला, गाउनुहोला, पढ्ली, हेर्लिन्, कमाउलान्' जस्ता क्रियापद प्रयोग भएका छन् । यी क्रियापदले सम्भावनार्थकको भाव व्यक्त गरेका छन् ।

(ङ) सङ्केतार्थक

(क) हिमाल छिटो आए हुन्थ्यो ।

(ख) तिमी ज्ञानी भयौ भने म घुमाउन लाने छु ।

(ग) ढोकाखुले नलगाउनू ।

माथिका वाक्यहरूमा 'आए हुन्थ्यो, भयौ भने, खुले नलगाउनू' जस्ता कार्य र कारणबोधक क्रियापद प्रयोग भएका छन् । यी क्रियापदले सङ्केतार्थकको भाव व्यक्त गरेका छन् ।

२. दिइएको अनुच्छेद पढी क्रियापदको भाव पहिचान गर्नुहोस् :

(क) अञ्जनादेवी घर जान्छिन् । घर पुग्नासाथ आमाले नानी पढ र खाना खाऊ भन्नुहुन्छ । उनी खाना खान्छिन् र पढ्न थाल्छिन् । उनी मिहिनेती छिन् । उनको परीक्षा चल्दै छ । उनको परीक्षा राम्रो होओस् । उनी परीक्षामा सफल होउन् । परीक्षामा सफल भएपछि उनले जागिर पाउलिन् । उनले जागिरमा राम्रो गर्लिन् । उनको बढुवा होला । उनको बढुवा भए राम्रो हुन्थ्यो ।उनी जस्ता इमानदारलाई जागिर दिए जनताले सेवा पाउँथे ।

| सामान्यार्थक | आज्ञार्थक | इच्छार्थक | सम्भावनार्थक | सङ्केतार्थक |
|---|---|---|---|---|
| जान्छिन् भन्नुहुन्छ<br>खान्छिन् थाल्छिन्<br>छिन् चल्दै छ | पढ<br>खाऊ | होओस्<br>होउन् | पाउलिन्<br>गर्लिन्<br>होला | भए .... हुन्थ्यो<br>दिए .... पाउँथे |

(ख) हिमालले बयर टिपेर ल्याउँला र खाउँला भनेर हिमांश कुर्दै थियो । हिमाल छिटो आए हुन्थ्यो अनि धेरै बयर टिपेर ल्याए हुन्थ्यो भन्ने उसको आशा थियो । हिमालले बयर टिपेर ल्यायो भने धनपति बाका नातिलाई पनि दिउँला भनेर मनमनै सोचेको थियो । त्यति वेला विदुषा आइन् र भनिन्, "हिमाल फुटबल खेल्दै होला ।" तिमीले जाति मान्छौ भने म बयर दिउँला क्यारे !

३. दिइएका वाक्यलाई सङ्केतका आधारमा परिवर्तन गर्नुहोस् :

(क) अञ्जना भात .......... । (खा : सम्भावनार्थ)

*उदाहरण :* अञ्जना भात खालिन् ।

(ख) तिमीहरू रसुवा .......... । (जा : आज्ञार्थ)

(ग) ऊ मुस्ताङ भ्रमणबाट........। (फर्क : इच्छार्थ)

(घ) रमेश राम्ररी .......... सफल हुन्छ । (पढ् : सङ्केतार्थ)

(ङ) दाइ, एक किलो चिउरा......... । (दि : आज्ञार्थ)

(च) हामी सबै फुटबल ........... । (खेल् : इच्छार्थ)

(छ) उनीहरू कक्षाभित्र.......... । (आउ : सम्भावनार्थ)

४. दिइएको निर्देशनअनुसार वाक्यपरिवर्तन गर्नुहोस् :

(क) तपाईं काम गर्नुहुन्छ । (आज्ञार्थक)

*उदाहरण :* तपाईं काम गर्नुहोस् ।

(ख) ऊ यता आउला । (सामान्यार्थक)

(ग) स्वप्निल र सामना चित्र कोर्छन् । (सम्भावनार्थक)

(घ) तँ ज्ञानी भएर सुत् । (सामान्यार्थक)

(ङ) हामी फटाफट हिँड्छौँ । (सम्भावनार्थक)

५. दिइएको अनुच्छेदलाई इच्छार्थकमा परिवर्तन गर्नुहोस् :

म हिउँदे बिदामा इलाम घुम्न जान्छु । म कन्यामको चियाबारी घुम्छु । स्वदेशमा प्रख्यात र विदेशमा निर्यात हुने नेपाली चियाका बारेमा जानकारी लिन्छु । त्यहाँका मानिससँग चिया खेती गर्ने तरिका सिक्छु । म पनि कृषि विषय पढेर गाउँमा चियाखेती गर्छु ।

६. दिइएको अनुच्छेद पढ्नुहोस् र सामान्यार्थक, आज्ञार्थ, इच्छार्थ र सम्भावनार्थ जनाउने दुई दुईओटा क्रियापद पर्ने गरी एउटा अनुच्छेद लेख्नुहोस् ।

मैले झोलामा किताब राखेँ । उसले पनि राख्ला । दुवै जना पढ्न बस्छौँ । तिमी पनि पढ्न आऊ । गीता र गौरव पनि पक्कै आउलान् । शिक्षकले भन्नुहुन्थ्यो, “सँगै बसेर पढ ।” केही समयपछि शिक्षक पनि आउनुहोला । एकछिन रमाइलो गरौँला । म साथीहरूलाई भन्छु, “मोनिका गीत गाऊ । म मादल बजाउँला । भाइ नाच् ।”

७. दिइएका उदाहरण पढ्नुहोस् र बुझ्नुहोस् :

(क) चरिकोटबाट सुनखानी पुगेको थिएँ । त्यसपछि सिँगटी भएर भोटेकोसी तरेपछि सिमीगाउँ पुगेँ । त्यो गाउँ नाघेपछि जङ्गल, पहाड मेरा साथी भए । दोलखाको उत्तरी क्षेत्रमा रहेको प्रख्यात हिमाल गौरीशङ्करसँग सिमीगाउँको पूर्वी कुनामा देखादेख भयो । बाटोमा पर्ने उकाली र ओरालीसँग पटक पटक भेट भइरहन्थ्यो । उत्तरतिर लामबगर कोल्टो पर्दै गयो । हामी पूर्व उत्तर हुँदै भिर, चेप, खोँचको बाटो छिचोल्दै गयौँ ।

माथि प्रयोग भएका 'चरिकोटबाट, तरेपछि, सिमीगाउँ, नाघेपछि, दोलखाको, गौरीशङ्करसँग, बाटोमा, ओरालीसँग, भइरहन्थ्यो' जस्ता शब्द पदयोग भएका छन् । नामयोगी, विभक्ति, समस्त शब्द, संयुक्त क्रिया आदि पदयोग गरेर लेखिन्छन् । त्यसैगरी सार्थक द्वित्व, पूर्ण र अपूर्ण पक्षका क्रियापद, निपात, संयोजक, विभक्तिपछिको नामयोगी आदि पदवियोग गरेर लेखिन्छन् ।

८. दिइएको अनुच्छेदबाट पदयोग र पदवियोगसम्बन्धी त्रुटि पहिचान गरी सच्याएर लेख्नुहोस् :

(क) कृष्णराय ले गम्भीर भएर उत्तर दिए, "रामेकेदारयुवकगोविन्द पण्डितकन्हैया, मास्टर बुधे, लीलापुष्पराज, राम, चन्द्रपराजुली...।"

(ख) नेपाल जलस्रोतका दृष्टिले विश्व मा ब्राजिलपछि दोस्रोधनी देश हो भने एसिया को सबै भन्दा सम्पन्न देश हो । यहाँअसङ्ख्य नदीनाला हरू छन् । तिन मा ८३ हजार मेगावाटभन्दा बढी बिजुली उत्पादन गर्ने सामर्थ्य छ ।

## सिर्जना र परियोजना कार्य

१. दिइएको सन्दर्भलाई मुख्य आधार मानी एउटा कथा तयार गर्नुहोस् :

साथीहरूको लहैलहैमा लागेर विज्ञानले पढाइमा कम ध्यान दिनु .......... साथीहरूसँग डुलिरहन खोज्नु .......... आमाबुबाले सम्झाउने प्रयत्न गर्नु .......... छोराको भविष्यका बारेमा आमाबुबा चिन्तित हुनु .......... उनीहरूले शिक्षकसँग छोरालाई सम्झाइदिन अनुरोध गर्नु .......... शिक्षकले उसलाई असल साथीको सङ्गत गर्ने सल्लाह दिनु र पढाइको महत्त्व बुझाउनु .......... विज्ञानले शिक्षकले भनेको मान्नु र पढाइमा ध्यान दिनु .......... उसले पढाइमा प्रगति गर्दै जानु .......... आमाबुबा छोराको प्रगतिमा खुसीले गद्गद हुनु ।

२. पत्रपत्रिकाबाट एउटा कथा खोजी त्यस कथाको मुख्य पात्रको स्वभाव तयार पार्नुहोस् ।

## थप स्वाध्याय सामग्री

समीक्षात्मक प्रतिक्रिया लेखन

(क) समीक्षात्मक प्रतिक्रिया लेखनका विधि र प्रक्रिया

१. पाठलाई दोहोऱ्याई तेहेऱ्याई पढ्ने र मनन गर्ने

२. मनमा तरङ्गित विचारलाई शृङ्खलित पार्ने

३. आफूलाई प्रभाव पारेको पङ्क्ति वा वाक्य वाक्यांश रेखाङ्कन गर्ने

४. रेखाङ्कित अंश र आफ्ना मनमा आएका विचार तरङ्गलाई मिलाएर बुँदाका रूपमा टिप्ने

५. आफूले टिपेका बुँदाका आधारमा भाषिक शुद्धता, अभिव्यक्तिगत स्पष्टता, प्रस्तुतीकरणमा रोचकता र विषयमा प्रभावकारिता सिर्जना गर्ने गरी अनुच्छेदहरू तयार गर्ने

## पाठ ८ : कविता

# नेपाली हाम्रो श्रम र सिप

*मुकुन्दशरण उपाध्याय*

परिचय

मुकुन्दशरण उपाध्याय (वि.सं. १९९७) नेपाली कविता विधामा स्थापित स्रष्टा हुन् । उनका धर्ती र आकाश, शैल सरिता, प्राकृत पोखरा आदि काव्य कृतिहरू प्रकाशित छन् । उनी नेपाल र नेपालीलाई असाध्यै सम्मान गर्छन् । इतिहासका गौरवगाथा, नेपाली संस्कृति, नेपाली जनजीवन, नेपालको प्राकृतिक परिवेश उनका कविताका मूल विषयवस्तु हुन् । मुकुन्दशरण शास्त्रीय छन्द र लोक लयमा गहन कविता रचना गर्छन् ।

प्रस्तुत 'नेपाली हाम्रो श्रम र सिप' कवितामा नेपाली श्रम र सिपको मूल्य प्रस्तुत गरिएको छ । श्रम र सिपलाई स्वदेशमा खपत गरेर राष्ट्र निर्माण गर्नुपर्ने भाव अभिव्यक्त भएको छ । हामीले प्राचीन ऋषिमुनिहरूले वेदका श्लोक वाचन गरेको पुण्यभूमिको गौरवलाई स्मरण गरी नेपाललाई विश्वको महान् देशका रूपमा चिनाउनुपर्छ । अब आलस्य फालेर नेपाल आमासँग आशीर्वाद लिनुपर्छ । सारा नेपालीहरू एकताबद्ध भएर श्रम र सिपलाई यही माटामा पोखेर धर्ती सिँगार्नुपर्छ ।

*सिकाइ उपलब्धि*

१. लयबद्ध पठन गरी विषयवस्तु बोध गर्न
२. पाठगत शब्दको उच्चारण, अर्थबोध र प्रयोग गर्न
३. समान ध्वनि र समान संरचनायुक्त शब्दको पहिचान र प्रयोग गर्न
४. गीति कविताको संरचनाबोध गर्न
५. प्रश्न निर्माण र उत्तर पहिचान गर्न
६. व्याकरणिक पदक्रममा रूपान्तरण गर्न
७. भाव तथा सन्दर्भ र सन्देश बोध गर्न
८. तार्किक तथा समीक्षात्मक लेखन गर्न
९. संरचना अनुकरण गरी कविता रचना गर्न
१०. गीत र गजलको संरचना बोध गर्न
११. उद्देश्य र विदेहको पहिचान तथा विस्तार गर्न
१२. सरल र जटिल वाक्यको पहिचान र वाक्यान्तरण गर्न
१३. 'श', 'ष' र 'स' को प्रयोग भएका शब्दको पहिचान र प्रयोग गर्न

## मूल पाठ

नेपाल बाँचे नेपाली हाम्रो गौरव बाँच्ने छ
नेपाली भाषा संस्कृति कला साहित्य साँच्ने छ

यसैले आऊ नेपाललाई बलियो बनाऊँ
नेपाली हाम्रो श्रम र सिप स्वदेश मै लगाऊँ ।

नेपाल भोको रहन्छ सितो एउटैले नखाए
नेपाल नाङ्गो रहन्छ टालो एउटैले नलाए
यसैले आऊ खाना र नाना सबैलाई पुऱ्याऊँ
नेपाली हाम्रो श्रम र सिप स्वदेशमै लगाऊँ ।




पहाड भन्छ पसिना पाए म स्वर्ग भुलाउँथेँ
तराई भन्छ सिँचाइ पाए म सुन झुलाउँथेँ
के छ र गाह्रो होस्टेमा हैँसे सबैले मिलाए
सबैले चोखो श्रम र सिप स्वदेशमै लगाए ।



यो कस्तो देश सृष्टिकै वेला विज्ञान पाएको
देवता ऋषि मनुष्य मिली वेदान्त गाएको
मुन्धुम महान् धम्मपद महान् सम्पदा महान
विश्वमै छैन धरती महान् यो देश समान ।

पूर्वले दियो विश्वकै लागि रहस्य विशाल
अपूर्व शिरोमुकुट हाम्रो सर्वोच्च हिमाल
ऋषिले सुने रहस्य यहीँ ब्युँझेर सखार
हे धन्य पुर्खा प्रकाशपुञ्ज वन्दना हजार ।



नेपाल आमा यो दिव्य आभा जगाऊँ कसरी
आलस्य निद्रा हीनता सारा भगाऊँ कसरी
आशिष देऊ एकै र फेरि पसिना बगाऊँ
नेपाली हाम्रो श्रम र सिप स्वदेशमै लगाऊँ ।

**शब्दार्थ**

*गौरव : गुरु अर्थात् महान् हुनाको भाव, इज्जत*
*टालो : कपडाको सानो टुक्रा, वस्त्र*

*सिँचाइ : जमिनमा कुलो वा अन्य कृतिम तरिकाले पानी लगाउने काम*

*सृष्टि : बनाउने वा पैदा गर्ने काम, सिर्जना*

*वेदान्त : वेदमा वर्णित सिद्धान्तहरूको विवेचना गर्ने सिद्धान्त वा दर्शन*

*धम्मपद : बुद्धका उपदेश भएको ग्रन्थ*

*अपूर्व : अद्वितीय, अनुपम*

*सखार : बिहान सबेरै, झिसमिसेमा*

*प्रकाशपुञ्ज : एकै ठाउँमा जम्मा भएको प्रकाश*

*आभा : कुनै वस्तु आदिमा देखा पर्ने चमक, झलक*

## पाठसार

प्रस्तुत 'नेपाली हाम्रो श्रम र सिप' गीति लयमा संरचित कविता हो । कवितामा राष्ट्र र राष्ट्रियतालाई नेपाली गौरव ठानिएको छ । नेपाली कला, संस्कृति, साहित्य र भाषालाई नेपाली पहिचानका रूपमा स्वीकार गरिएको छ । नेपाली श्रम र सिप लगाएर नेपाललाई समृद्ध बनाउन सारा नेपालीलाई आग्रह गरिएको छ । नेपाल हाम्रो घर हो भने नेपालीहरू यस घरका सदस्य हुन् । त्यसैले एक जनाले खान नपाउँदा नेपाल भोको रहन्छ र एक जनाले लगाउन नपाउँदा नेपाल नाङ्गो रहन्छ । सबै नेपालीलाई खाना र नाना पुऱ्याउन सक्नुपर्छ ।

हामी नेपालीले आफ्नै नेपाली माटामा पसिना पोख्नुपर्छ । हिमाल, पहाड र तराईको नेपाली भूमि नेपाली श्रमको पर्खाइमा छ । पहाडले पसिना पाएमा यहीँ स्वर्ग बनाउँछु भन्छ । तराईले सिँचाइ पाएमा यहीँ सुन फलाउँछु भन्छ । सबै नेपाली एकताबद्ध भएर होस्टेमा हैँसै मिलाउँदै राष्ट्र निर्माणमा लाग्नुपर्छ । नेपाल विश्वकै महान् देश हो । यहाँ सृष्टिदेखि नै ज्ञान र विज्ञानको चमत्कार रहेको छ । प्राचीन ऋषिमुनिहरूले यही माटामा बसी वेदका ऋचा गाएका थिए । किराँत र बुद्ध वाणी हाम्रा राष्ट्रिय सम्पदा हुन् । नेपालमा परापूर्वकालदेखि कैयौँ रहस्यहरू खोतल्न सकिएका छैनन् । सर्वोच्च शिखर सगरमाथा हाम्रो अनुपम पहिचान हो । आदिमकालमा ऋषिमुनिहरूले र प्राचीनकालमा पूर्खाहरूले नेपालको सुन्दरताको वन्दना गाएका छन् । हामीले यो गरिमालाई मनन गरी निरन्तरता कायम गर्नुपर्छ । आजको युगमा सम्पूर्ण नेपालीहरू जागृत हुनुपर्छ । निद्रा र आलस्य हटाएर काममा जाँगर चलाउनुपर्छ । नेपाल आमासँग आशिष लिएर नेपाली माटामा पसिना बगाउनुपर्छ । हाम्रो श्रम र सिपलाई स्वदेशमै खपत गर्नुपर्छ ।

यसप्रकार 'नेपाली हाम्रो श्रम र सिप' कविताले नेपालको वैदिक परम्परालाई स्मरण गरेको छ । हाम्रो इतिहासलाई हाम्रो गौरवको मुहान मानेको छ । सारा नेपालीहरूलाई एकताबद्ध भई राष्ट्र निर्माणको महान् कार्यमा समाहित हुन आग्रह गरिएको छ ।

## शब्दभण्डार

१. दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

शब्द अर्थ

| | |
|---|---|
| गौरव | मानिस |
| मनुष्य | प्राकृतिक सम्पत्ति |
| मुन्धुम | निर्माण गर्ने कार्य |
| सम्पदा | आशीर्वाद |
| आशिष | महान् हुनाको भाव, इज्जत |
| | लिम्बू जातिको धर्मशास्त्र |

२. उदाहरण हेरी दिइएको अर्थसँग मिल्दो शब्द पाठबाट खोजेर लेख्नुहोस् :

(क) कुनै राष्ट्र वा जातिको सामाजिक जीवन : सर्वस्व

(ख) भौतिक विषयको तत्त्व, सिद्धान्त आदिसँग सम्बन्धित शास्त्र : ....................

(ग) श्रीपेच, ताज : ....................

(घ) हात जोडेर गरिने स्तुति वा प्रार्थना : ....................

(ङ) पीडा, दुःख आदिको अनुभूति : ..................

३. उदाहरण हेरी 'नेपाली हाम्रो श्रम र सिप' कविताबाट लय मिल्ने पाँचओटा जोडी शब्द लेख्नुहोस् :

*उदाहरण :*

बाँच्ने छ - साँच्ने छ

बनाऊँ - लगाऊँ

४. दिइएको अनुच्छेदमा रेखाङ्कन गरिएका समान संरचनायुक्त शब्दको अर्थ लेख्नुहोस् :

आमा आँगनमा गुन्द्री बुन्न तान लगाउँदै हुनुहुन्थ्यो । उहाँले भाइलाई साँचो माग्नुभएछ । उसले साँचोको झुप्पो ल्याएर आमालाई दिएछ । आमाले भाइलाई भन्नुभएछ, "त्यो साँचो होइन क्या, गुन्द्री बुन्ने साँचो । पर सुरमा छ, हेर त ।"त्यसपछि पो भाइले बल्ल कुरा बुझेछ । आमाचाहिँ भाइको ताल देखेर हाँस्नुभएछ । म आफ्नै सुरमा घरमा आइपुगेको थिएँ । आमाले मलाई डोरी तान भन्नुभयो । भाइले लजाउँदै भन्यो, "अर्को ताल झुकिन्न नि ।"

५. दिइएको जोडी शब्दलाई फरक फरक वाक्यमा प्रयोग गर्नुहोस् :

(क) कल (मेसिन) - कल (धारो)

(ख) रहर (इच्छा) - रहर (दालजातको गेडागुडी)

(ग) कलम (लेख्ने साधन) - कलम (हाँगालाई बिरुवाका रूपमा परिणत गर्ने विधि)

(घ) दाना (फलफूलको गेडो) - दाना (गाईवस्तु तथा पन्छीका आहार)

६. दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

कला, स्वदेश, विज्ञान, समान, सखार, आशिष, रहस्य

## बोध र अभिव्यक्ति

१. दिइएका शब्दलाई शुद्धसँग उच्चारण गर्नुहोस् :

साहित्य /सा.हित्.त्य/ स्वदेश /स्व.देस्/

विज्ञान /बिग्.ग्यान्/ सम्पदा /सम्.प.दा/

मुन्धुम /मुन्.धुम्/ सर्वोच्च /सर्.बोच्.च्च/

वन्दना /बन्.द.ना/ आलस्य /आ.लस्.स्य/

आशिष /आ.सिस्/ पसिना /प.सि.ना/

२. 'नेपाली हाम्रो श्रम र सिप' कविता लय मिलाई वाचन गर्नुहोस् ।

३. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) 'नेपाली हामी श्रम र सिप' कविताको पहिलो श्लोकका हरेक पङ्क्तिमा कति कतिओटा शब्द छन् ?

(ख) नेपालले के के कुरा सोच्ने छ ?

(ग) कवितामा कुन पदावली धेरै पटक दोहोरिएको छ ?

(घ) हामीले नेपालको दिव्य चमक कसरी जगाउनुपर्छ ?

४. उदाहरण हेरी दिइएको श्लोकलाई व्याकरणिक पदक्रममा लेख्नुहोस् :

पहाड भन्छ पसिना पाए म स्वर्ग भुलाउँथेँ
तराई भन्छ सिँचाइ पाए म सुन झुलाउँथेँ
के छ र गाह्रो होस्टेमा हैँसे सबैले मिलाए
सबैले चोखो श्रम र सिप स्वदेशमै लगाए ।

५. दिइएका कवितांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

यो कस्तो देश सृष्टिकै बेला विज्ञान पाएको
देवता ऋषि मनुष्य मिली वेदान्त गाएको
मुन्धुम महान् धम्मपद महान् सम्पदा महान
विश्वमै छैन धरती महान् यो देश समान ।

प्रश्नहरू :

(क) नेपालले विज्ञान कहिले पाएको थियो ?

(ख) यहाँ कसले वेदान्त गाएका थिए ?

(ग) हाम्रा अमूल्य सम्पत्ति के के हुन् ?

(घ) नेपाल कस्तो देश हो ?

६. दिइएका प्रश्नका सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

(क) हामीले श्रम र सिपलाई किन स्वदेशमै लगाउनुपर्छ ?

सङ्क्षिप्त उत्तरका लागि मुख्य मुख्य बुँदाहरू

(क) नेपाल रहे मात्र नेपाली गौरव रहन सक्ने
(ख) हामीले भाषा, साहित्य, कला, संस्कृतिलाई जीवन्त राख्नुपर्ने
(ग) नेपालीले यही माटामा पसिना पोखे देश स्वर्ग बन्न सक्ने
(घ) हामीले पौरख गरेर यही माटामा सुन फलाउन सक्ने
(ङ) आफ्नो राष्ट्र बलियो भए मात्र हाम्रो अस्तित्व रहने
(च) हामीले श्रम र सिपलाई स्वदेशमै लगाउनुपर्ने

(ख) हामीले कसलाई खाना र नाना पुऱ्याउनुपर्छ ?

(ग) हामीले पुर्खाको वन्दना गाउनुपर्छ ?

(घ) हामीले कसरी दिव्य आमा जगाउन सक्छौँ ?

७. 'नेपाली हाम्रो श्रम र सिप' कविताको अन्तिम श्लोकबाट तीनओटा प्रश्न बनाई उत्तरसमेत लेख्नुहोस् ।

८. भाव विस्तार गर्नुहोस् :

(क) यो कस्तो देश सृष्टिकै वेला विज्ञान पाएको देवता ऋषि मनुष्य मिली वेदान्त गाएको ?

भाव विस्तारका लागि मुख्य मुख्य बुँदाहरू

(क) नेपालको पहिचान प्राचीनकालदेखि नै रहेको
(ख) पूर्वीय ग्रन्थहरूमा नेपालको हिमाल पहाड आदिको वर्णन पाइने
(ग) नेपालमा वैदिक युगदेखि नै ज्ञान विज्ञानको केन्द्र रहेको
(घ) ऋषिमुनिहरूले यही पुण्यभूमिमा वेद रचना गरी वेदका सारका सन्दर्भमा विचार विमर्श गरेका
(ङ) वेदलाई विश्वको सबैभन्दा पुरानो ग्रन्थ मानिने
(च) वेदको तथ्य आधुनिक विज्ञानसँग आधारित देखिएको
(छ) हामीले वेदान्त देर्शनलाई आत्मसात् गरी विश्वमा पहिचान बनाउनुपर्ने
(ज) हामी ऋषिमुनिहरूले देखाएको सत्य र निष्ठाको मार्गमा हिँड्नुपर्ने
(झ) हामीले ज्ञानविज्ञाको संयोजनलाई निरन्तरता दिनुपर्ने
(ञ) नेपाल सृष्टिदेखि नै महान् राष्ट्रका रूपमा रहेकाले हामीले यसको निरन्तरताका लागि काम गर्नुपर्ने

(ख) पहाड भन्छ पसिना पाए म स्वर्ग भुलाउँथेँ

तराई भन्छ सिँचाइ पाए म सुन फुलाउँथेँ

९. 'नेपाली हाम्रो श्रम र सिप' कविताको मूल भाव लेख्नुहोस् ।

१०. हामीले श्रम र सिपलाई नेपालमै कसरी उपयोग गर्न सक्छौँ, समीक्षा गर्नुहोस् ।

| |
|---|
| समीक्षात्मक उत्तरका लागि मुख्य मुख्य बुँदाहरू |
| (क) विश्वमा नेपालको आफ्नै छवि कायम रहेको |
| (ख) नेपालको अस्तित्व वैदिक कालदेखि नै कायम रहेको |
| (ग) हाम्रा वीर पुर्खाहरूले नेपालको गौरवपूर्ण इतिहास बनाएका |
| (घ) हामीले भाषा, संस्कृति, कला र साहित्यका क्षेत्रमा काम गर्नुपर्ने |
| (ङ) कुनै पनि नेपाली कपडा र अन्न जस्ता आधारभूत आवश्यकताबाट वञ्चित हुन नहुने |
| (च) हामीले यही माटामा सिँचाइ गरेर सुन फलाउनुपर्ने |
| (छ) हामीले यही माटामा पसिना पोखेर स्वर्ग बनाउनुपर्ने |
| (ज) नेपाल विश्वको सर्वोच्च शिखरको पहिचान भएको राष्ट्र |
| (झ) नेपाल ऋषिमुनिहरूले जीवन र जगत्का रहस्य पहिल्याएको राष्ट्र |
| (ञ) हामीले आलस्य फालेर यही मुलुकमा बसी आफ्नो श्रम र सिपलाई नेपालमै उपयोग गर्नुपर्ने |

११. दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

विश्वलाई उत्तरी र दक्षिणी गोलार्द्ध गरी दुई भागमा बाँड्न सकिन्छ । यी दुवै गोलार्धमा पर्ने देशहरूको विकासमा समानता पाइँदैन । त्यस्तै ८०% प्रतिशत जनसङ्ख्या ओगटेका विकासशील राष्ट्रले विश्वको कुल धनको करिब २०% मात्र उपभोग गरेका छन् । संसारको कुल ग्रार्हस्थ उत्पादनमध्ये विकसित मुलुकको योगदान ६१% छ । जबकि विकासशील मुलुकले यसमा ३९% मात्र योगदान पुऱ्याएका छन् । विश्वका अति गरिब २० % राष्ट्रले विश्वको १.४ % धन उपभोग गरेका छन् जबकि विश्वका सबैभन्दा धनी तीन व्यक्तिको कुल सम्पत्ति ४८ ओटा अति गरिब मुलुकको कुन ग्राहस्थ उत्पादनभन्दा बढी छ । विश्वका कुल ३५.८ जना अर्बपत्ति कुल सम्पत्ति गरिब राष्ट्रका दुई अर्ब मानिसको सम्पत्तिभन्दा बढी छ ।

विश्वका विकासशील १४० राष्ट्रका चार अर्बभन्दा बढी मान्छे चरम गरिबीमा छन् । यस्ता देशका करिब एक अर्ब मानिसको कुनै स्थायी रोजगार छैन । या पेटभरि खान नपाई भोकभोकै बाँच्छन् । त्यस्तै विकासशील मुलुकमा ३% ले मात्र इन्टरनेट प्रयोग गर्न पाएका छन् । विज्ञहरूका अनुसार विकसित र विकासशील राष्ट्रबिचको आर्थिक समृद्धि र वितरणमा ठुलो दुरी देखिएको छ । विश्वका अधिकांश वैज्ञानिक मुलुकमा हुन्छन् । विश्वका कुल अनुसन्धानकर्तामध्ये ७२% विकसित मुलुकमा कार्यरत छन् । त्यस्तै विश्वको कुल अनुसन्धान र विकासमा गरिने खर्चको ८४% खर्च यिनै मुलुकमा कार्यरत छन् । त्यस्तै विश्वको कुल अनुसन्धान र विकासमा विकासशील मुलुकले भन्दा १८ गुणा बढी खर्च गर्दछन् ।

(क) उत्तर दिनुहोस् :

(अ) धनी मुलुकले विश्वका कति प्रतिशत जनसङ्ख्या ओगटेका छन् ?

(आ) कस्ता राष्ट्रमा चरम गरिबी छ ?

(इ) अधिकांश वैज्ञानिक गतिविधि कहाँ हुने गर्छन् ?

(ई) विकासशील राष्ट्रहरूमा आर्थिक समृद्धि कसरी ल्याउन सकिन्छ ?

(ख) भाषिक संरचना र वर्णविन्यास पहिचान गर्नुहोस् :

(अ) माथिको अनुच्छेदबाट एउटा सरल र एउटा जटिल वाक्य टिपोट गर्नुहोस् ।

(आ) पहिलो वाक्यबाट उद्देश्य र विस्तार पहिचान गरी लेख्नुहोस् ।

(इ) माथिको अनुच्छेदबाट 'श', 'ष', 'स' प्रयोग भएका एक एकओटा शब्द टिपोट गर्नुहोस् ।

१२. दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :

मुना र मदन बस चढेर सहर जाँदै थिए । बसमा यात्रुहरूको घुइँचो थियो । वृद्ध दम्पती असाध्यै कष्टपूर्वक बसमा चढे । बसको सिट खालि थिएन । ओर्लन सजिलो हुन्छ भनेर मुना र मदन अगाडि सिटमा बसेका थिए । उनीहरूले वृद्ध दम्पतीलाई सम्मान गर्दै भने, "हजुरहरू यहाँ सिटमा बस्नुहोस् । हामी उभिन्छौँ ।" बसको घुइँचोमा ससम्मान सिट पाएकामा वृद्ध दम्पती खुसी भए ।

| |
|---|
| तपाईँले कसैलाई गर्नुभएको सम्मानको अभिनयसहित भाइबहिनीलाई देखाउनुहोस् । |

## सुनाइ र बोलाइ

१. सुनाइ पाठ ८ सुनी दिइएका प्रश्नको मौखिक उत्तर भन्नुहोस् :

(क) बिहान उठ्नेबित्तिकै कवि के देख्न चाहन्छन् ?

(ख) देश कसरी माथि चढोस् भन्ने कविको चाहाना छ ?

(ग) कवि के कामना गर्छन् ?

(घ) हामीले कसको निम्ति शिर चढाउनुपर्छ ?

२. सुनाइ पाठ ८ 'बिहान उठ्नेबित्तिकै' कवितामा अभिव्यक्त भएका मुख्य मुख्य भाव सुनाउनुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

१. दिइएको विषयवस्तु पढ्नुहोस् र बुझ्नुहोस् :

(अ) (क) कविता नाच्छे ।

(ख) पासाङ गयो ।

माथिका वाक्यमा 'कविता' र 'पासाङ' कर्ताले क्रियापदको कामको अभिव्यक्ति दिएकाले उद्देश्य हुन् । 'नाच्छे' र 'गयो' समापक क्रियापद भएकाले विधेय हुन् ।

(आ) (क) <u>सुमनकी बहिनी</u> कविता <u>छमछमी</u> नाच्छे ।

(ख) <u>आज</u> पासाङ <u>छिट्टै घर</u> गयो ।

माथिका वाक्यमा रेखाङ्कित 'सुमनकी बहिनी' र 'आज' पदले उद्देश्यभन्दा अगाडि आएर उद्देश्यको विस्तार गरेका छन् । त्यसैगरी 'छमछमी' र 'छिटै घर' पदले उद्देश्यभन्दा पछाडि आएर विधेयको विस्तार गरेका छन् ।

२. दिइएको वाक्यबाट उद्देश्य र विधेय छुट्याउनुहोस् ।

(क) हरिको जेठो छोरो विकासले तरकारी पसल राख्यो ।

(ख) विराटनगरको साथी अमिरा हेटौँडामा बस्छिन् ।

(ग) उनीहरू घर आउँदा मामा हिँडिसक्नुभएको रहेछ ।

(घ) रमिला दाङबाट काठमाडौँ आएर बसेकी छिन् ।

३. दिइएका अनुच्छेद पढी विषयवस्तु बुझ्नुहोस् :

(क) जाडो बिदा भयो । निहारिका पोखरा गइन् । उनले फेवा तालमा ढुङ्गा चढिन् । उनले त्यहाँ बाराहीको दर्शन गरिन् । त्यसपछि उनी महेन्द्र गुफा गइन् । महेन्द्र गुफा हेर्न लायक ठाउँ हो ।

(ख) जब जाडो बिदा भयो तब निहारिका पोखरा गइन् । जुन बेला उनले फेवा तालमा डुङ्गा चढिन् त्यही बेला बाराहीको दर्शन गरिन् । त्यसपछि भने उनी हेर्न लायक ठाउँ महेन्द्र गुफा गइन् किनभने त्यो हेर्न लायक ठाउँ हो ।

माथिको 'क' अनुच्छेदका वाक्यमा एउटा उद्देश्य र एउटा विधेय भएकाले ती सरल वाक्य हुन् । अनुच्छेद 'ख' का वाक्यमा मुख्य उपवाक्यलाई सापेक्ष संयोजकले अधिन वाक्यसँग जोडेकाले ती मिश्र वाक्य हुन् । अनुच्छेद 'ग' मा मुख्य उपवाक्यलाई निरपेक्ष संयोजकले जोडेकाले ती संयुक्त वाक्य छन् । संयोजक प्रयोग नभएका वाक्य सरल वाक्य र संयोजक प्रयोग भएका वाक्य जटिल वाक्य छन् ।

४. सरल वाक्यमा छोटो अनुच्छेद लेख्नुहोस् ।

५. भने, जो, जहाँ, जसरी, जुन संयोजक प्रयोग गरी मिश्र वाक्य लेख्नुहोस् ।

६. र, तर, अनि, पनि, अथवा संयोजक प्रयोग गरी अनुच्छेद लेख्नुहोस् ।

७. कोष्ठकमा दिइएको सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :

(क) उसले मकै र भटमास ल्यायो । (मिश्र वाक्य)

(ख) मेघ गर्जिएर पानी पऱ्यो । (संयुक्त वाक्य)

(ग) जसरी हुरी आयो त्यसरी छानो उडायो । (सरल वाक्य)

(घ) मह काढ्नेले हात चाट्छ । (संयुक्त वाक्य)

(ङ) टिभी खोलेर समाचार हेर्नुपर्छ । (मिश्र वाक्य)

(च) तिमी गीत गाउँछौ भने म नाँचिदिन्छु । (सरल वाक्य)

८. दिइएको अनुच्छेद पढी 'श', 'ष', 'स' प्रयोग भएका शब्दलाई अलग अलग तालिकामा लेख्नुहोस् :

आषाढको महिना थियो । षड्नाथ र शान्ति खेतमा गए । सविन र स्मारिका दगुर्दै आए । घरमा बुबा बिरामी पर्नुभएछ । एक्कासि यस्तो खबर सुनेपछि उनीहरू छिटो छिटो घर फर्किए । बुबाको शरीर शिथिल भइरहेको रहेछ । उनीहरूले ट्याक्सीमा राखेर बुबालाई अस्पताल पुऱ्याए । डाक्टरले तुरुन्तै शल्यक्रिया गरे ।

९. दिइएको अनुच्छेदलाई शुद्ध पारी पुनर्लेखन गर्नुहोस् ।

उसालाई वर्शा ऋतु मन पर्छ । सिशिरलाई वशन्त ऋतु मन पर्छ । गणेशलाई सरद् ऋतु मन पर्छ । शासद उनीहरूका रूचि शुनेर होला शाकार चाहिँ म शबै ऋतुसँग शन्तुष्ट छु भन्दै आयो ।

## सिर्जना र परियोजना कार्य

१. 'मेरो देश' शीर्षकमा गीति कविता रचना गर्नुहोस् ।

२. पुस्तकालयबाट आफूलाई मन परेको कविता सङ्ग्रह छान्नुहोस् र कविता वाचन गर्नुहोस् ।

## थप स्वाध्याय सामग्री

### लोकछन्द

परिचय

सवाई, असारे, तिज, भैली, मारुनी, झ्याउरे, सेलो आदि लोकछन्दका उदाहरण हुन् । संस्कृति, परम्परा, भाषा, भूगोल, जातजाति, जीवनशैलीलगायतका पक्षलाई लोकलयको आधार मानिन्छ । लोकलयले नेपाली जनजीवनलाई जीवन्त बनाएको छ । नेपाली परम्परालाई चिनाएको छ । लोकलयको आफ्नै मौलिक संरचना हुन्छ । यही संरचनाले लय वा भाका निर्धारण गरेको हुन्छ ।

उदाहरण : झ्याउरे

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | २ | ३ | २ | ३ | ३ = १६ |
| हातमा | मैला | सुनका थैला | के गर्नु | धनले | |
| साग र | सिस्नु | खाएको बेस | आनन्दी | मनले | |

गजल

परिचय

गजल अन्य कवितात्मक विधाभन्दा फरक हुन्छ । यो दुई दुई पङ्क्तिमा संरचित हुन्छ । गजलमा भावको पूर्णता, कोमलता, हार्दिकता जस्ता आन्तरिक संरचना रहन्छ । संरचना, लय र सङ्गीत गजलको प्राण हो । काफिया, रदिफ, मतला, मकता, सेर, बहर आदि गजलको बाह्य संरचना हो । आन्तरिक र बाह्य संरचनाको कसिलो संयोजनबाट सशक्त गजल तयार हुन्छ ।

*उदाहरण :*

## म मोतीराम सम्झन्छु

*बूँद राना*

हजारौँ नाममा यौटा छ प्यारो नाम सम्झन्छु
गजलको वन्दना गर्दै म मोतीराम सम्झन्छु

कतै एकान्तमा पर्दा मलाई पीर लाग्दैन
मसङ्गै साथमा हिँड्ने युवाको लाम सम्झन्छु ।

कहाँ भौतारिँदै जानु र गोता के भनी खानु ?
म मेरै उर्वरा माटो धराकै धाम सम्झन्छु

हमेसा मात दी ठग्ने मदिरा भो परै राखौँ
नसा हो सिर्जना मेरो गजल हो जाम सम्झन्छु

तुवाँलोले अँध्यारोले कहाँ छेकेर छेकिन्थ्यो
म तिम्रो सम्झनालाई नडुब्ने घाम सम्झन्छु ।

पाठ ९ : निबन्ध

# मेरो देशको शिक्षा

परिचय

कुनै विषयमा केन्द्रित रहेर त्यससम्बन्धी विषयवस्तुलाई तथ्य र अनुमानका आधारमा रहेर गरिने क्रमबद्ध अभिव्यक्ति निबन्ध हो । विषयको सूचनाको विश्लेषणमा केन्द्रित रही तृतीय पुरुष कर्ता प्रयोग गरिएको निबन्ध वस्तुपरक निबन्ध हुन्छ । यस प्रकारका निबन्धलाई प्रबन्ध पनि भनिन्छ । आफ्ना मनका निजी भावनालाई महत्त्व दिएर लेखिएको निबन्ध आत्मपरक हुन्छ । यस्तो निबन्धमा 'म, हामी' जस्ता सर्वनामको व्यापक प्रयोग गरिन्छ । यस प्रकारका निबन्धमा वस्तुको परिचयभन्दा व्यक्तिको अनुभव पोखिएको हुन्छ । आत्मपरक निबन्धलाई निजात्मक वा भावपरक पनि भन्ने गरिन्छ ।


प्रस्तुत 'मेरो देशको शिक्षा' आत्मपरक निबन्ध हो । यस निबन्धमा 'म, मेरो, हामी, हाम्रा' जस्ता पदको अधिक प्रयोग गरिएको छ । यस निबन्धले 'शिक्षा' हाम्रा बाहिरी आँखा अथवा चर्मचक्षुभन्दा पृथक्, महान् र तेजवान् रहने विचार अघि सारेको छ । मेरो देशको शिक्षाले संस्कृति र मूल्य मान्यतालाई समयसापेक्ष परिवर्तनमा अहम् भूमिका खेल्दै पूर्वीय ज्ञान र चेतना विश्वमा फिँजाएको दाबी पनि गरिएको छ । शिक्षाले मानिसलाई कर्तव्य, दायित्व, सद्गुणको पाठ सिकाउने, नैतिकवान्, सहिष्णु, दक्ष र विवेकशील बनाउने तथा प्राचीन ज्ञान र आधुनिक विज्ञानलाई जोडेर भविष्यका करोडौँ उज्ज्वल नक्षत्र उत्पादन गर्ने सन्देश प्रवाह गरेको छ ।

### *सिकाइ उपलब्धि*

१. सस्वर र मौन पठन गरी विषयवस्तु बोध गर्न
२. पाठगत शब्दको उच्चारण, अर्थबोध र प्रयोग गर्न
३. पाठमा प्रयुक्त प्राविधिक/पारिभाषिक शब्दको पहिचान र प्रयोग गर्न
४. निबन्धको संरचना, ढाँचा र शैली पहिचान गर्न
५. प्रश्नोत्तर, व्याख्या र समीक्षात्मक लेखन गर्न
६. निजात्मक अनुच्छेद रचना गर्न
७. बुँदा टिपोट र सारांश लेखन
८. सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना गर्न
९. कर्तृ, कर्म र भाव वाच्यको पहिचान र वाक्यान्तरण गर्न
१०. 'य' र 'ए' प्रयोग भएका शब्द पहिचान गरी प्रयोग गर्न

## मूल पाठ

शिक्षालाई मानव जातिको तेस्रो आँखा मानिन्छ । यसलाई हाम्रो भित्री हृदयको नयन पनि भनिन्छ । यो हाम्रा बाहिरी आँखा अथवा चर्मचक्षुभन्दा पृथक्, महान् र तेजवान् छ । हामीसँग भएको यहीँ ज्ञानचक्षुबाट हामीले शिक्षा आर्जन गर्छौं अर्थात् कुनै कुरा सुन्छौं र सिक्छौं, समाज र प्रकृतिमार्फत सैद्धान्तिक र व्यावहारिक ज्ञान निरन्तर आर्जन गरिरहन्छौं । प्रकृति, संस्कृति र सभ्यताका दृष्टिले सृष्टिको उषाकालदेखि सुसम्पन्न मेरो देश आज शिक्षाका दृष्टिले समेत प्रगतिपथतर्फ लम्कँदो छ । शिक्षाले नै मानवलाई सम्मान, खुसी र सुखपूर्वक जिउने ज्ञान र सिप प्रदान गर्छ । यसले समाज र राष्ट्रमा प्रचलित मान्यता र विश्वासलाई मानवताका आँखाले हेर्ने र तिनका बारे समालोचनात्मक चिन्तन गर्ने सोच प्रदान गर्छ । यसले सकारात्मक र मूल्यवान् विषयलाई ग्रहण गर्ने र कतिपय असान्दर्भिक कुराबारे आलोचनात्मक दृष्टि राख्ने चेत प्रदान गर्छ । विज्ञान र सूचना प्रविधिलगायत युग सुहाउँदा जेजति नवीन प्रयोग र मान्यता स्थापित भएका छन्, तिनलाई आत्मसात् गर्दै समयानुकूल परिष्कृत गर्दै लैजाने काम शिक्षाले गर्छ । अनादिकालदेखि शिक्षाको उर्वरभूमि रहेको मेरो देशको शिक्षाले युगानुकूलका विशेषता ग्रहण गर्दै यो देशलाई समृद्ध बनाउने दिशामा प्रवृत्त छ ।



**शब्दार्थ**

*चर्मचक्षु* : *बाहिरी आँखा, सतही दृष्टि*

*सैद्धान्तिक* : *निश्चित विचारका आधारमा चल्ने*

*समालोचनात्मक* : *कुनै विषयवस्तुको गुणदोषको विवेचना वा समीक्षा गर्ने*

*अनादि* : *आदि वा सुरु थाहा नभएको*

*उर्वरभूमि* : *धेरै कुरा वा वस्तु निस्कने ठाउँ*

*प्रवृत्त* : *कुनै कार्य सुरु गरिएको*

प्राचीन ऋषिमुनिले अनेकौँ सभ्यता, संस्कृति, पूर्वीय दर्शन र ज्ञानको ज्योति संसारभर फिँजाए र मेरो देशको शिक्षालाई आलोकित गरे । वेदव्यासलाई ज्ञानको स्फुरण यहीँ भयो र उनले अठार पुराणको रचना गरे । राजा जनकको दरबारमा याज्ञवल्क्य, गार्गी, मैत्रेयी जस्ता विद्वान् विदुषीले शास्त्रार्थ गरेर

जीवन र जगत्का यथार्थ र रहस्यका पाटा उजागर गरे । ज्ञानको तिर्खाले आकुलव्याकुल भएर घरपरिवार त्यागेका सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गरे । फाल्गुनन्दले किराँत समुदायमा आफ्नो संस्कृतिको उत्थान र संवर्धन गर्न प्रेरणा दिने अनि समाजमा चेतना र जागरण फैलाउने 'मुन्धुम' जस्तो ग्रन्थ रचना गरे । यसरी मेरो देशको शिक्षाको प्रवर्धनमा परापूर्वकालदेखि विभिन्न ऋषिमहर्षि र विद्वान्ले विशिष्ट योगदान दिएका छन् । ज्ञानको मूलस्रोतका रूपमा रहेको र श्रुति परम्परामा आधारित अपौरुषेय रचना मानिने चार वेदको शिक्षासमेत मेरो देशको शिक्षाको गौरवमय मुहान हो । वेदमा निहित ज्ञान र शिक्षालाई विभिन्न ऋषिमुनिद्वारा कैयौँ उपनिषद् र सयौँ ग्रन्थमा व्याख्या गरिएको मेरो देशको शिक्षाले विश्वलाई नै प्रज्वलित पारेको छ ।

मेरो देशको शिक्षाले अनेकौँ संस्कृति र तिनका मूल्य मान्यता ढकमक्क फुलाउन, समयसापेक्ष रूपमा बदल्न अहम् भूमिका खेलेको छ । यसले पूर्वीय ज्ञान र चेतनाको किरण विश्वमा फिँजाएको छ । मेरो देशको शिक्षा आज आफ्नो वास्तविक पहिचान जीवन्त राखेर युगअनुकूलको विज्ञान र प्रविधियुक्त शिक्षालाई आत्मसात् गर्दै अघि बढ्न आतुर छ । बौद्धिक विकास, सभ्यताको परिष्करण र स्तरीय जीविकोपार्जनका लागि शिक्षा नितान्त आवश्यक छ । त्यसैले सनातन पूर्वीय सभ्यता र अनेकौँ मौलिक संस्कृति भएको मेरो देशलाई पूर्वीय ज्ञान तथा पाश्चात्य विज्ञान र प्रविधिसँग हातेमालो गर्दै अझै अघि बढाउनु जरुरी छ । मेरो देशको शिक्षालाई सिपले सुसम्पन्न बनाउने अहिलेको चुनौतीलाई अवसरका रूपमा बदल्नु छ । आज हामीले विभिन्न माध्यमबाट समयसापेक्ष

*दर्शन : प्रकृति, ईश्वर, ज्ञान आदिको विवेचना गर्ने विद्या*

*आलोकित : उज्यालो पारिएको, चम्किलो*

*स्फुरण : स्पष्ट हुने काम*

*गार्गी : प्राचीनकालकी विद्वान् स्त्री*

*मैत्रयी : प्राचीनकालका दार्शनिक*

*शास्त्रार्थ : शास्त्रसम्बन्धी विषयमा गरिने छलफल वा तर्क वितर्क*

*श्रुति : सुन्ने काम, श्रवण*

*अपौरुषेय : कुनै खास व्यक्तिले नबनाएको, अलौकिक*

*उपनिषद् : आर्यहरूको दार्शनिक विचारले भरिएको आत्मा परात्माको निरूपण गर्ने शास्त्र*

*प्रज्वलित : एकदम बलेको, दन्केको*

*परिष्करण : कुनै वस्तु वा कुरालाई राम्ररी खार्ने, दोष वा त्रुटि हटाउने काम*

सिप प्राप्त गर्नु छ । पुस्तक, सूचना र प्रविधि, इतिहास, प्रयोग र व्यवहारका माध्यमबाट जीवनोपयोगी सिपयुक्त थप शिक्षा प्राप्त गर्नु छ । म बदलिँदो युगसँगसँगै आफूलाई समायोजन गर्न सक्ने शिक्षा चाहन्छु । शिक्षालाई सिपसँग, सिपलाई श्रमसँग अनि श्रमलाई आधुनिक प्रविधिसँग जोड्ने शिक्षा आजको आवश्यकता हो भन्ने मैले अनुभूत गरिरहेछु ।

शिक्षालाई भूगोल र पर्यावरण अनुकूल व्यवसायमूलक शिक्षाका रूपमा विकास गर्नुपर्ने आवश्यकता मैले देखेको छु । यसो गर्दा देशमा रोजगारी सिर्जनामा थप बल पुग्थ्यो भन्ने मलाई लाग्छ । कफी र चिया खेती हुने ठाउँका विद्यालयमा तिनको उत्पादन र प्रशोधनसम्बन्धी तालिम दिनु वाञ्छनीय हुन्छ । त्यसै गरी स्याउ खेती हुने ठाउँका विद्यालयमा स्याउ खेतीलगायत स्याउबाट जुस, जाम र जेली उत्पादन गर्ने व्यावसायिक ज्ञान र सिपयुक्त शिक्षा आवश्यक हुन्छ । कर्णालीका किसानलाई जडीबुटी पहिचान र प्रशोधनको शिक्षा दिनु सान्दर्भिक हुन्छ । ढोरपाटन, खप्तड र लुम्बिनीका विद्यार्थीलाई पर्यटकीय ज्ञान, सिपका साथै होटल व्यवस्थापनको शिक्षा दिएर स्वरोजगारका अनन्त सम्भावना खोज्न सकिन्छ । जुम्ला, डोल्पा, मुस्ताङ जस्ता जिल्लामा स्याउ खेती, धनकुटा, सिन्धुली, गोरखा जस्ता जिल्लामा जुनार तथा सुन्तला खेतीको प्राविधिक र व्यावसायिक शिक्षा विद्यालय तहमै समावेश गर्न उपयुक्त देख्छु । त्यस्तै झापा, सुनसरी, सिराहा, चितवन, रूपन्देही, बाँके, कैलाली जस्ता समथर जिल्लामा अन्नबाली र तरकारी उत्पादनको प्राविधिक शिक्षा दिन सान्दर्भिक ठान्छु । यसो गरेर सिपयुक्त शिक्षालाई प्राथमिकतासाथ अघि बढाउनैपर्छ भन्ने मलाई लाग्छ । यसो भयो भने मात्र आफ्नो सिपअनुकूलको व्यवसाय गरेर आफ्नै देशमा स्वरोजगारका अवसरको सदुपयोग गर्दै विद्यार्थीले यो देशमा पसिना बगाउने अवसर पाउने छन् ।

व्यवसायमूलक शिक्षाका लागि हाम्रो परम्परागत र आधुनिक प्रविधिलाई सँगसँगै अगाडि लैजानु बढी सान्दर्भिक देख्छु । कृषिमा आधुनिक प्रविधि तथा अत्याधुनिक औजारको प्रयोग गर्ने व्यावसायिक शिक्षा विद्यालय तहमा नै प्रदान गर्न आवश्यक छ । यसका साथै परम्परागत कृषि औजारका बारेमा पनि ज्ञान र सिप उत्तिकै आवश्यक हुन्छ । यस्ता प्राविधिक ज्ञान र सिप प्राप्त गरेका विद्यार्थी व्यवसाय सञ्चालन गर्न सक्ने गरी आत्मनिर्भर हुन उत्प्रेरित हुन्छन् भन्ने मलाई लाग्छ । शिक्षाको मूल उद्देश्य आत्मनिर्भर शिक्षामा जोड दिनु हो भने आत्मनिर्भरताको लक्ष्य स्वरोजगार बन्नु हो ।

*प्रशोधन : कच्चा पदार्थलाई खारेर, पेलेर वा पखालेर शुद्ध पार्ने काम*

*वाञ्छनीय : चाहिने खालको, जरुरी*

*जेली : फलफूलको रसबाट बनाइएको मिठाई*

*सान्दर्भिक : प्रसङ्ग मिलेको*

*अनन्त : कहिल्यै नाश नहुने, अनगिन्ती*

*उत्प्रेरित : हौसला प्राप्त, उत्साहित*



मलाई मेरो देशको शिक्षामा सर्वसुलभ रूपमा सूचना प्रविधिको पहुँच पुगोस् भन्ने लाग्छ । मेरो देशमा विज्ञान र प्रविधियुक्त शिक्षाको थप खाँचो छ । विज्ञान र प्रविधियुक्त शिक्षा नपुगेका गाउँठाउँमा त्यसको पहुँच सर्वसुलभ हुनु जरुरी छ । आजको युग सूचना र प्रविधिको युग हो । शिक्षामा सूचना र प्रविधिले युगान्तकारी परिवर्तन ल्याइदिएको छ । ती परिवर्तनलाई आत्मसात् गर्न सक्ने नागरिक उत्पादनमा जोड दिने शिक्षाको खाँचो छ । आज हामी मोबाइल एप्सबाट गाडी रोक्न, चढ्न र भाडा तिर्न सक्छौँ । जहाजको टिकट काट्न र तीर्थाटन गर्न, रेलको टिकट काट्न सक्छौँ । अनलाइन कारोबार गर्न सक्छौँ, अनलाइनबाटै बैङ्क खाता खोल्न र घरमै सामान मगाउन सक्छौँ । आज जागिरका विज्ञापन अनलाइनबाटै खुल्छन् । व्यापार व्यवसाय अनलाइनबाटै गरिन्छन् । घरमा उत्पादन गरेका कृषिजन्य वस्तु अनलाइनबाटै बजारीकरण गरी आय वृद्धिमा सघाउ पुऱ्याउन सकिन्छ । चिठीपत्र विद्युतीय माध्यमबाट प्रेषण गरिन्छ । विश्वभरिको सूचना र जानकारीको अजस्र स्रोत इन्टनेटभित्रै छ ।

*तीर्थाटन : तीर्थयात्रा*

*विज्ञापन : बताउने काम*

*प्रेषक : कुनै वस्तु वा विषयलाई एक ठाउँबाट अर्को ठाउँमा पठाउने*

*अजस्र : निरन्तर, सधैँ*

मेरो देशको शिक्षाले हाम्रा विद्यार्थीलाई यी र यस्ता कुरामा दक्ष बनाउँदै युगीन आवश्यकता र आविष्कारसँग अझै जोड्न सक्नुपर्छ । यति हुँदाहुँदै पनि प्रविधिले हामीलाई दिएका सूचना सबै आधिकारिक, तथ्यपूर्ण र स्वस्थकर नहुन सक्छन् । त्यतातिर सचेत हुन र प्रविधिको दुरूपयोग हुन नदिन सचेतनासमेत आधुनिक शिक्षाले दिन आवश्यक छ । अत: आजका शिक्षित विद्यार्थी सूचना प्रविधिसँग पूर्ण रूपमा परिचित, पोख्त र दक्ष हुनुपर्छ ।

मेरो देशको शिक्षा ज्ञान र विज्ञानको सङ्गम बन्नुपर्छ । यस्तो शिक्षाबाट पाइने ज्ञान वा चेतनाले मानिसलाई कर्तव्य, दायित्व, सद्‍गुण आदि सिकाउँछ । मानवीय स्वभाव र कर्मलाई सही मार्गमा लाग्न प्रेरित गर्दै कुनै कुराका फाइदा र बेफाइदाको व्याख्या गर्न सिकाउँछ । यसले मानिसलाई नैतिकवान्, सहिष्णु, दक्ष र विवेकशील बनाउन आवश्यक पर्ने नैतिक, सांस्कृतिक एवम् वैज्ञानिक शिक्षाको सन्तुलनमा जोड दिन्छ । ज्ञान र विज्ञानले युक्त शिक्षाआर्जन गर्ने आजका विद्यार्थीमा व्यक्तिगत जीवन र सामाजिक जीवनका बारेमा गहिरो ज्ञान हुने छ । यस्ता विद्यार्थीको व्यक्तित्व विकासमा समेत यसले टेवा पुऱ्याउँछ । मेरो देशको शिक्षाले उत्पादन गरेका व्यक्तिमा सकारात्मक गुण भरिपूर्ण हुनुपर्छ । त्यसैले शिक्षित व्यक्तिमा शिष्टाचार, प्रतिबद्धता, सांस्कृतिक सद्‍भाव तथा सामाजिक सद्‍व्यवहारका क्षमता हुनु जरुरी छ भन्ने मलाई लाग्छ । त्यस्ता व्यक्तिमा प्रतिकूल परिस्थितिमा शान्त रहने, संवेग र भावनाका विभिन्न अवस्थालाई आफैँ व्यवस्थापन गर्ने र परिस्थितिलाई धैर्यपूर्वक सामना गर्ने विशेषता हुनु जरुरी छ । साथै नेतृत्व गर्ने क्षमता, अनुशासन, सत्य र त्रुटि बुझ्ने क्षमता, निरन्तर सुधार गर्ने क्षमता शिक्षित व्यक्तिमा देखिनु जरुरी छ ।

मेरो देशको शिक्षाबाट दीक्षित व्यक्ति समालोचनात्मक सोचयुक्त नयाँ नयाँ ज्ञान निर्माण गर्न सक्ने हुनुपर्छ भन्ने मलाई लाग्छ । वास्तवमा समालोचनात्मक चिन्तनले कुनै पनि विचार, घटना वा परिवेशलाई आँखा चिम्लेर समर्थन गर्ने कुरालाई सही ठान्दैन । यो हरेक कुरालाई पूर्वाग्रह नराखेर अरूका भरमा मात्र नपरी आफ्नै विवेकका आँखाले हेर्नुपर्ने स्वस्थ चिन्तन हो । आजका समग्र वैज्ञानिक आविष्कार पनि यस्तै समालोचनात्मक चिन्तनकै उपज हुन् । यस्तो चिन्तन नहुँदो हो त न राइट दाजुभाइले हवाईजहाज आविष्कार गर्थे, न त न्युटनको गुरुत्वाकर्षणको शक्ति नै पत्ता लाग्थ्यो । समालोचनात्मक चेत भएको विद्यार्थीले शिक्षकको मतमा पनि प्राज्ञिक बहस गरेको हुन्छ । गुरुका मतमा फरक मत पनि राखेको हुन्छ । यसरी आफ्ना विद्यार्थीले आफैँसँग तर्क गर्दा गुरु

*पोख्त* : *कुनै काम गर्न दक्ष, सिपालु*

*सहिष्णु* : *पीडा सहन सक्ने, सहनशील*

*प्रतिबद्धता* : *वचनबद्ध भएको अवस्था, कुनै विचार, सिद्धान्त वा वाचा बन्धनबाट बाँधिएको अवस्था*

*गुरुत्वाकर्षण* : *पृथ्वी आदि ग्रहमा रहेको आकर्षण शक्ति वा गति*

*प्राज्ञिक* : *प्राज्ञद्वारा सम्पन्न गरिने, दक्षतासम्बन्धी*

गौरवान्वित भएका हुन्छन् । त्यतिमात्रै होइन यस मान्यताअनुसार ससाना बालबालिकाले संस्कृतिका नाममा जरो गाडेर बसेका अन्धविश्वासमाथि वैज्ञानिक प्रश्न गर्न सक्छन् । ती प्रश्न युग सुहाउँदा छन् कि छैनन् भनेर तर्क गर्न पाउने समालोचनात्मक चिन्तन पनि शिक्षाकै एउटा पाटो हो । यस्ता कतिपय विश्वास अन्धविश्वास रहेछन् भन्ने आलोचनात्मक चेतनाको बोध गर्ने शिक्षा मेरो देशको शिक्षाको मूल मर्म हो भन्ने मेरो धारणा छ ।

शिक्षाका क्षेत्रमा हिजोभन्दा आज कैयौँ सकारात्मक कार्य भएका छन् । माध्यमिक शिक्षासम्म नि:शुल्क शिक्षाको व्यवस्था हुनु, थुप्रै विश्वविद्यालय खोलिनु चानचुने कुरा होइन । उच्च शिक्षा अध्ययन गर्न खर्च बोकेर सहर पस्ने वातावरणको अन्त्य हुनु अर्थात् गाउँ गाउँमा क्याम्पस खोलिनु र उच्च शिक्षा सुलभ हुनु मेरो देशको शिक्षाका लागि गर्व गर्न लायक कुरा हुन् । क्याम्पस र विद्यालयमा इन्टरनेट सेवा जोडिनु, सूचना र प्रविधिमा विद्यालयका विद्यार्थीको समेत पहुँच हुनुले मेरो देशका विद्यार्थीको ज्ञान प्राप्त गर्ने सूचनाको क्षितिज फराकिलो भएको छ । आज देशभरिका विद्यार्थीले सूचना प्रविधिलाई एउटा विषयका रूपमा पढ्न पाएका छन् । विद्यालय तहदेखि कम्प्युटर पाठ्यक्रम र तदनुरूप पाठ्यपुस्तकको व्यवस्था हुनुलाई मैले यो देशको विद्यालयीय शिक्षामा आएको युगीन फड्को ठानेको छु ।

यसरी प्राचीनकालदेखि ज्ञानको खानी रहेको मेरो देशको शिक्षाका जगमा राज्यको आर्थिक , भौतिक, प्राविधिक लगानी र दक्ष जनशक्तिका खम्बा ठडिएका छन् । मेरो देशको शिक्षा समृद्धपथतर्फ यात्रारत छ । मेरो देशको शिक्षा व्यावसायिक सिप र समालोचनात्मक चिन्तनले युक्त जनशक्ति तयार पार्न तल्लीन छ । परापूर्वकालदेखि यस पवित्र भूमिमा रहेको ज्ञानलाई आधुनिक विज्ञानसँग हातेमालो गर्दै मेरो देशको शिक्षाले सुन्दर यात्रा गरेकै छ । नेपाली माटामा सुन फलाउन यसरी प्राचीनकालदेखि ज्ञानको खानी रहेको मेरो देशको शिक्षा आज आधुनिक वैज्ञानिक शिक्षा प्रदान गर्न आतुर छ । त्यसो त मेरो देशले आफूमा परापूर्व कालदेखि रहेको ज्ञानलाई आधुनिक विज्ञानसँग एकैसाथ सहयात्रा गरेकै छ । नेपाली माटामा सुन फलाउने गरी व्यावसायिक र आधुनिक कृषि शिक्षा दिन मेरो देशको शिक्षामा अझैँ लगानी र पहुँच विस्तारमा जोड दिनुपर्छ । मुलुकका उत्पादनलाई विश्वबजारमा पस्कने गरी हाम्रा विद्यार्थी उत्पादनलाई संसारमा चिनाउन सक्षम हुने परिस्थिति पैदा गर्नु जरुरी छ । सुदूर विगतदेखि भोजपत्र, धुलौटे पाटी, खरी, चक, डस्टर र मार्कर युगबाट गुज्रेको मेरो देशको शिक्षामा सूचना र प्रविधिको सहज पहुँच पुग्दै छ । यसो भएमा मेरो देशको शिक्षाले आफ्नो मौलिकतासहितको युग सुहाउँदो वैज्ञानिक युगमा थप फड्को मार्ने छ । यसरी मेरो देशमा प्राचीन ज्ञान र आधुनिक विज्ञानसहितको शिक्षा र ज्ञानको नयाँ सगरमाथा खडा हुने छ ।

*(मूल पाठ पाठ्यक्रम विकास केन्द्र, कक्षा १०, नेपालीबाट साभार)*

*भोजपत्र : प्राचीनकालमा लेखनका निम्ति प्रयोग गरिने पातलो कागज जस्तो पत्रैपत्र भएको एक जातको रुखको बोक्रा*

## पाठसार

शिक्षा मानव जातिको तेस्रो आँखा र भित्री हृदयको नयन हो । यो हाम्रा बाहिरी आँखा अथवा चर्मचक्षुभन्दा पृथक्, महान् र तेजवान् छ । शिक्षाले नै मानवलाई सम्मान, खुसी र सुखपूर्वक जिउने ज्ञान र सिप प्रदान गर्छ । यसले मानवताका आँखाले हेर्ने र समालोचनात्मक चिन्तन गर्ने सोच प्रदान गर्छ । विज्ञान र सूचना प्रविधिका क्षेत्रको नवीन प्रयोग र मान्यतालाई समयानुकूल परिष्कृत गर्दै लैजाने काम गर्छ । अनादिकालदेखि मेरो देशको शिक्षा देशलाई समृद्ध बनाउने दिशामा प्रवृत्त छ । मेरो देशको शिक्षाले संस्कृति र मूल्यमान्यतालाई समयसापेक्ष परिवर्तनमा अहम् भूमिका खेल्दै पूर्वीय ज्ञान र चेतना विश्वमा फिँजाएको छ ।

ऋषिमुनिले सभ्यता, संस्कृति, पूर्वीय दर्शन र ज्ञानको ज्योति संसारभर फिँजाए । वेदव्यासले अठार पुराणको रचना गरे । राजा जनकको दरबारमा विद्वान् तथा विदुषीले शास्त्रार्थमार्फत जीवन र जगत्का रहस्योद्घाटन गरे । ज्ञानको तिर्खाले सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गरे । आफ्नो संस्कृतिको उत्थान र जगेर्नाका क्रममा 'मुन्धुम' जन्मियो । यसरी मेरो देशको शिक्षाको संवर्धनमा परापूर्वकालदेखि विभिन्न ऋषिमहर्षि र विद्वान्ले विशिष्ट योगदान दिएका छन् ।

मेरो देशको शिक्षालाई सिपले सुसम्पन्न बनाउने चुनौतीलाई अवसरमा बदल्नु छ । पुस्तक, सूचना र प्रविधि, इतिहास, प्रयोग र व्यवहारका माध्यमबाट जीवनोपयोगी सिपयुक्त थप शिक्षा प्राप्त गर्नु छ । शिक्षालाई सिपसँग, सिपलाई श्रमसँग अनि श्रमलाई आधुनिक प्रविधिसँग जोड्नु छ । व्यवसायमूलक शिक्षामार्फत मुलुकको बेरोजगारीको समस्या हटाउनु छ । कफी र चिया खेती हुने ठाउँका विद्यालयमा तिनको उत्पादन र प्रशोधनसम्बन्धी तालिम दिनु छ । स्याउ खेती हुने ठाउँका विद्यालयमा स्याउ खेतीलगायत स्याउबाट जुस, जाम र जेली उत्पादन गर्ने सिपयुक्त शिक्षा दिनु छ । कर्णालीका किसानलाई जडीबुटी पहिचान र प्रशोधनको शिक्षा दिनु छ । ढोरपाटन, खप्तड र लुम्बिनीका विद्यार्थीलाई पर्यटकीय ज्ञान, सिपका साथै होटल व्यवस्थापनको शिक्षा दिएर स्वरोजगारका अनन्त सम्भावनाको ढोका खोल्नु छ । कृषिमा आधुनिक प्रविधि तथा अत्याधुनिक औजारको प्रयोग गर्नु छ । यस्ता प्राविधिक ज्ञान र सिपले हामीलाई आत्मनिर्भर हुन उत्प्रेरित गर्छन् । शिक्षाको मूल उद्देश्य आत्मनिर्भर शिक्षामा जोड दिनु हो भने आत्मनिर्भरताको लक्ष्य स्वरोजगार बन्नु हो ।

शिक्षामा पनि सूचना र प्रविधिले युगान्तकारी परिवर्तन ल्याइदिएको छ । आज हामी मोबाइल एप्सबाट गाडी रोक्न, चढ्न र भाडा तिर्न सक्छौँ । जहाजको टिकट काट्न र तीर्थाटन गर्न, रेलको टिकट काट्न सक्छौँ । अनलाइनबाटै बैङ्क खाता खोल्न सक्छौँ । व्यापार व्यवसाय अनलाइनबाटै गरिन्छन् । घरमा उत्पादन गरेका कृषिजन्य वस्तु अनलाइनबाटै बजारीकरण गरी आय वृद्धिमा सघाउ पुऱ्याउन सकिन्छ । चिठीपत्र विद्युतीय माध्यमबाट प्रेषण गरिन्छ । यसका लागि आजका शिक्षित विद्यार्थी सूचना प्रविधिसँग पूर्ण रूपमा परिचित, पोख्त र दक्ष हुनुपर्छ ।

शिक्षाले मानिसलाई कर्तव्य, दायित्व तथा सद्गुणको पाठ सिकाउँछ । यसले मानिसलाई नैतिकवान्, सहिष्णु, दक्ष र विवेकशील बनाउँछ । नैतिक, सांस्कृतिक र वैज्ञानिक शिक्षाको सन्तुलनमा जोड दिन्छ । मेरो देशको शिक्षाबाट दीक्षित व्यक्ति समालोचनात्मक सोचयुक्त नयाँ नयाँ ज्ञान निर्माण गर्न सक्ने हुनुपर्छ । संस्कृतिका नाममा जरो गाडेर बसेका अन्धविश्वासमाथि वैज्ञानिक प्रश्न गर्न सक्नुपर्छ । सुदूर विगतदेखि भोजपत्र, धुलौटे पाटी, खरी, चक, डस्टर र मार्कर युगबाट गुज्रेको मेरो देशको शिक्षामा सूचना र प्रविधिको सहज पहुँच पुग्दै छ । यसरी मेरो देशको

| |
|---|
| शिक्षाले प्राचीन ज्ञान र आधुनिक विज्ञानलाई जोडेर भविष्यका करोडौँ उज्ज्वल नक्षत्र उत्पादन गर्ने छ । |

## शब्दभण्डार

१. दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| शब्द | अर्थ |
|---|---|
| परिष्कृत | जिउँदो वा जीवित |
| याज्ञवल्क्य | एउटा युगको अन्त्य गरी अर्को युग ल्याउने |
| संवर्द्धन | सुधारिएको, संशोधित |
| जीवन्त | शुक्लयजुर्वेदको एउटा शाखाका प्रवर्तक, महर्षि |
| युगान्तकारी | युगले चिनेको |
| | राम्ररी बढाउने काम |

२. उदाहरण हेरी दिइएको अर्थसँग मिल्दो शब्द पाठबाट खोजेर लेख्नुहोस् :

(क) धेरै पहिलेदेखि चलिआएको — सनातन

(ख) विद्वान् महिला — ..............

(ग) किराँतहरूको धर्मशास्त्र — ..............

(घ) काम गर्ने साधन, हतियार — ..............

(ङ) दीक्षा वा मन्त्र प्राप्त गरेको — ..............

३. दिइएका विभिन्न क्षेत्र र त्यहाँ प्रयोग हुने प्राविधिक तथा पारिभाषिक शब्दबिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| कानुन | तापक्रम, यौगिक, विकिरण, जीवाणु |
| वाणिज्य | अलङ्कार, विधा, वाद, दृष्टिबिन्दु |
| शिक्षा | टिप्पणी, सरुवा, बढुवा, परिपत्र |
| सञ्चार | वारेस, तारिख, बिगो, जमानत |
| वन | इमेल, सम्पादकीय, दूरसञ्चार, समाचार पत्र |
| साहित्य | भौचर, बेरुजु, निकासी, फर्स्योट |
| प्रशासन | मूल्याङ्कन, छात्रवृत्ति, पाठ्यक्रम, पृष्ठपोषण |
| विज्ञान र प्रविधि | वृक्षरोपण, निकुञ्ज, आरक्ष, टाँचा |

४. दिइएको अनुच्छेद पढ्नुहोस् र प्राविधिक/पारिभाषिक शब्द पहिचान गरी लेख्नुहोस् :

किसानले करेसाबारीमा तरकारी खेती गर्छन् । यसरी खेती गर्दा खाली जमिनको सदुपयोग हुन्छ । यस्तो खेती गर्दा घरबाट निस्कने फोहोर पानी र प्राङ्गारिक वस्तुको पुनः प्रयोग हुन गई वातावरणीय सन्तुलनमा सहयोग पुग्छ । करेसाबारीको रेखाङ्कन र व्यवस्थापन गर्दा किसान खुसी पनि हुन्छन् ।

*जस्तै : करेसाबारी, ..........*

५. शब्दकोशको सहयोग लिई दिइएका शब्दको अर्थ लेख्नुहोस् :

| शब्द | अर्थ |
|---|---|
| संवहन | दायित्व लिने काम, अभिभारा बोक्ने काम |
| मुचुल्का कागज | सरजमिन हुँदा त्यहाँ उपस्थित भएका मानिसले लेखिदिएको बयानको |
| परिसंवाद | कुनै विषयमा केन्द्रित रहेर दुई वा दुईभन्दा बढी व्यक्तिबिच हुने संवाद वा कुराकानी |

अधिवक्ता, दर्ता, चलानी, आयव्यय, राजस्व, ऊर्जा, कटानी, फँडानी, परीक्षा, प्रसारण, रस, छन्द,

६. 'मेरो देशको शिक्षा' निबन्धबाट कुनै सातओटा पारिभाषिक शब्द खोजी वाक्यमा प्रयोग गर्नुहोस् ।

## बोध र अभिव्यक्ति

१. दिइएका शब्दलाई शुद्धसँग उच्चारण गर्नुहोस् :

सैद्धान्तिक /सइद्.धान्.तिक्/ — ज्ञानचक्षु /ग्यान्.चच्.छु/

परिष्कृत /प.रिस्.क्रित्/ — याज्ञवल्क्य /याग्.ग्य.बल्.क्य/

सृष्टि /स्रिस्.टि/ — संवर्धन /सम्.बर्.धन्/

ओतप्रोत /ओत्.प्रोत्/ — सहिष्णु /स.हिस्.डुँ/

वाञ्छनीय /बान्.छ.नि.य/

२. 'मेरो देशको शिक्षा' निबन्ध हाउभाउसहित सस्वरवाचन गर्नुहोस् ।

३. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) 'मेरो देशको शिक्षा' निबन्धमा कतिओटा अनुच्छेद रहेका छन् ?

(ख) वाक्य संरचनाका दृष्टिले छोटो र लामो अनुच्छेद कुन हो ?

(ग) 'मेरो देशको शिक्षा' निबन्धको पहिलो अनुच्छेदको शीर्ष वाक्य कुन हो ?

(घ) 'शिक्षालाई मानव जातिको तेस्रो आँखा र भित्री हृदयको नयन' भनेर कुन अनुच्छेदमा भनिएको छ ?

४. दिइएको निबन्धांश मौनपठन गरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

प्राचीन ऋषिमुनिले अनेकौँ सभ्यता, संस्कृति, पूर्वीय दर्शन र ज्ञानको ज्योति संसारभर फिँजाए र मेरो देशको शिक्षालाई आलोकित गरे । वेदव्यासलाई ज्ञानको स्फुरण यहीँ भयो र उनले अठार पुराणको रचना गरे । राजा जनकको दरबारमा याज्ञवल्क्य, गार्गी, मैत्रेयी जस्ता विद्वान् विदुषीले शास्त्रार्थ गरेर जीवन र जगत्का यथार्थ र रहस्यका पाटा उजागर गरे । ज्ञानको तिर्खाले आकुलव्याकुल भएर घरपरिवार त्यागेका सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गरे । फाल्गुनन्दले किराँत समुदायमा आफ्नो संस्कृतिको उत्थान र संवर्धन गर्न प्रेरणा दिने अनि समाजमा चेतना र जागरण फैलाउने 'मुन्धुम' जस्तो ग्रन्थ रचना गरे । यसरी मेरो देशको शिक्षाको प्रवर्धनमा परापूर्वकालदेखि विभिन्न ऋषिमहर्षि र विद्वान्ले विशिष्ट योगदान दिएका छन् । ज्ञानको मूलस्रोतका रूपमा रहेको र श्रुति परम्परामा आधारित अपौरुषेय रचना मानिने चार वेदको शिक्षासमेत मेरो देशको शिक्षाको गौरवमय मुहान हो । वेदमा निहित ज्ञान र शिक्षालाई विभिन्न ऋषिमुनिद्वारा कैयौँ उपनिषद् र सयौँ ग्रन्थमा व्याख्या गरिएको मेरो देशको शिक्षाले विश्वलाई नै प्रज्वलित पारेको छ ।

*प्रश्नहरू*

(क) प्राचीन ऋषिमुनिले कुन कुन क्षेत्रमा योगदान गरेका छन् ?

| |
|---|
| प्राचीन ऋषिमुनिले सभ्यता, संस्कृति र पूर्वीय दर्शनका क्षेत्रमा योगदान गरेका छन् । |

(ख) वेदव्यासले रचना गरेको कृतिको नाम के हो ?

(ग) किराँत-संस्कृतिको उत्थान र जगेर्ना कसले गरे ?

(घ) ज्ञानको मूल स्रोत के हो ?

५. दिइएको निबन्धांश र प्रश्न सम्बद्ध बुँदा पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

मेरो देशको शिक्षाले अनेकौँ संस्कृति र तिनका मूल्यमान्यता ढकमक्क फुलाउन समयसापेक्ष रूपमा बदल्न अहम् भूमिका खेलेको छ । यसले पूर्वीय ज्ञान र चेतनाको किरण विश्वमा फिँजाएको छ । मेरो देशको शिक्षा आज आफ्नो वास्तविक पहिचान जीवन्त राखेर युगअनुकूलको विज्ञान र प्रविधियुक्त शिक्षालाई आत्मसात् गर्दै अघि बढ्न आतुर छ । बौद्धिक विकास, सभ्यताको परिष्करण र स्तरीय जीविकोपार्जनका लागि शिक्षा नितान्त आवश्यक छ । त्यसैले सनातन पूर्वीय सभ्यता र अनेकौँ मौलिक संस्कृति भएको मेरो देशलाई पूर्वीय ज्ञान तथा पाश्चात्य विज्ञान र प्रविधिसँग हातेमालो गर्दै अझै अघि बढाउनु जरुरी छ । मेरो देशको शिक्षालाई सिपले सुसम्पन्न बनाउने अहिलेको चुनौतीलाई अवसरका रूपमा बदल्नु छ । आज हामीले विभिन्न माध्यमबाट समयसापेक्ष सिप प्राप्त गर्नु छ । पुस्तक, सूचना र प्रविधि, इतिहास, प्रयोग र व्यवहारका माध्यमबाट जीवनोपयोगी सिपयुक्त थप शिक्षा प्राप्त गर्नु छ । म बदलिँदो युगसँगसँगै आफूलाई समायोजन गर्न सक्ने शिक्षा चाहन्छु । शिक्षालाई सिपसँग, सिपलाई श्रमसँग अनि श्रमलाई आधुनिक प्रविधिसँग जोड्ने शिक्षा आजको आवश्यकता भन्ने मैले अनुभूत गरिरहेछु ।

*प्रश्नहरू*

(क) मेरो देशको शिक्षाका विशेषता के के हुन् ?

बुँदाहरू

(अ) अनेकौँ संस्कृति र तिनका मूल्य मान्यता भएको

(आ) पूर्वीय ज्ञान र चेतनाको किरण विश्वभरि फिँजाएका

(इ) विज्ञान र प्रविधियुक्त शिक्षालाई आत्मसात् गरेको

(ख) माथिको निबन्धांशमा कस्तो शिक्षाको अपेक्षा गरिएको छ ।

बुँदा

(अ) पूर्वीय ज्ञान तथा पाश्चात्य विज्ञान र प्रविधिसँग हातेमालो गर्ने

(आ) सिपले सुसम्पन्न बनाउने

(इ) शिक्षालाई सिपसँग, सिपलाई श्रमसँग अनि श्रमलाई आधुनिक प्रविधिसँग जोड्ने

६. दिइएको निबन्धांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

मेरो देशको शिक्षाबाट दीक्षित व्यक्ति समालोचनात्मक सोचयुक्त नयाँ नयाँ ज्ञान निर्माण गर्न सक्ने हुनुपर्छ भन्ने मलाई लाग्छ । वास्तवमा समालोचनात्मक चिन्तनले कुनै पनि विचार, घटना वा परिवेशलाई आँखा चिम्लेर समर्थन गर्ने कुरालाई सही ठान्दैन । यो हरेक कुरालाई पूर्वाग्रह नराखेर अरूका भरमा मात्र नपरी आफ्नै विवेकका आँखाले हेर्नुपर्ने स्वस्थ चिन्तन हो । आजका समग्र वैज्ञानिक आविष्कार पनि यस्तै समालोचनात्मक चिन्तनकै उपज हुन् । यस्तो चिन्तन नहुँदो हो त न राइट दाजुभाइले हवाईजहाज आविष्कार गर्थे, न त न्युटनको गुरुत्वाकर्षणको शक्ति नै पत्ता लाग्थ्यो । समालोचनात्मक चेत भएको विद्यार्थीले शिक्षकको मतमा पनि प्राज्ञिक बहस गरेको हुन्छ । गुरुका मतमा फरक मत पनि राखेको हुन्छ । यसरी आफ्ना विद्यार्थीले आफैँसँग तर्क गर्दा गुरु गौरवान्वित भएका हुन्छन् । त्यतिमात्रै होइन यस मान्यताअनुसार ससाना बालबालिकाले संस्कृतिका नाममा जरो गाडेर बसेका अन्धविश्वासमाथि वैज्ञानिक प्रश्न गर्न सक्छन् । ती प्रश्न युग सुहाउँदा छन् कि छैनन् भनेर तर्क गर्न पाउने समालोचनात्मक चिन्तन पनि शिक्षाकै एउटा पाटो हो । यस्ता कतिपय विश्वास अन्धविश्वास रहेछन् भन्ने आलोचनात्मक चेतनाको बोध गर्ने शिक्षा मेरो देशको शिक्षाको मूल मर्म हो भन्ने मेरो धारणा छ ।

प्रश्नहरू

(क) स्वस्थ चिन्तनमा कुन कुरा पर्छ ?

> स्वस्थ चिन्तन आफ्नै विवेकका आँखाले हेर्ने चिन्तन हो । यस प्रकारको चिन्तनले कुनै पनि विचार, घटना वा परिवेशलाई आफ्नै आँखाले हेर्छ । विवेकको प्रयोग गरी ठिक र बेठिक छुट्याउँछ । गुरुका मतमा पनि फरक मत राख्न सक्छ । अत: स्वस्थ चिन्तनमा वैज्ञानिक आविष्कार, प्राज्ञिक बहस, अन्धविश्वासमाथि वैज्ञानिक प्रश्न र समालोचनात्मक चिन्तन पर्छ ।

(ख) 'समालोचनात्मक चिन्तन शिक्षाकै एउटा पाटो हो' भन्नुको आशय के हो ?

७. दिइएका बुँदामा समेत आधारित भई 'मेरो देशको शिक्षा' निबन्धको मुख्य सन्देश लेख्नुहोस् :

(क) शिक्षाले नै मानवलाई सम्मान, खुसी र सुखपूर्वक जिउने ज्ञान र सिप प्रदान गर्नु

(ख) मानवताका आँखाले हेर्ने र समालोचनात्मक चिन्तन गर्ने सोच प्रदान गर्नु

(ग) प्राविधिक ज्ञान र सिपले आत्मनिर्भर हुन उत्प्रेरित गर्नु

(घ) आत्मनिर्भर शिक्षामा जोड दिनु

(ङ) मानिसलाई कर्तव्य, दायित्व, सद्गुणको पाठ सिकाउनु

(च) मानिसलाई नैतिकवान्, सहिष्णु, दक्ष र विवेकशील बनाउनु

(छ) नैतिक, सांस्कृतिक र वैज्ञानिक शिक्षाको सन्तुलनमा जोड दिनु

८. व्याख्या गर्नुहोस् :

(क) आत्मनिर्भरताको लक्ष्य स्वरोजगार बन्नु हो ।

आत्मनिर्भरताको अर्थ आफूमै निर्भर हुने वा आफ्नै भरोसामा रहने काम हो । आत्मनिर्भर भएको व्यक्ति, समाज वा राष्ट्र आफ्नो खुट्टामा आफैं उभिन सक्छ । स्वरोजगारमा जोड दिएर गरिबी हटाउन सक्छ । आयातभन्दा निर्यात बढी गरेर आर्थिक रूपमा सबल बन्न सक्छ । यस निबन्धमा पनि व्यवसायमूलक शिक्षा र आधुनिक कृषि प्रणालीमा जोड दिइएको छ । वास्तवमा भूगोल र पर्यावरण अनुकूल व्यवसायमूलक शिक्षा आत्मनिर्भरताको अनिवार्य सर्त हो । कफी र चिया खेती हुने ठाउँमा उत्पादन र प्रशोधनसम्बन्धी तालिम दिएर स्वरोजगारी बन्न प्रेरित गर्न सकिन्छ । स्याउ खेतीलगायत स्याउबाट जुस, जाम र जेली उत्पादन गर्ने व्यावसायिक ज्ञान र सिपयुक्त शिक्षा दिएर सम्बन्धित क्षेत्रका किसानलाई आत्मनिर्भर बनाउन सकिन्छ । कर्णालीका किसानलाई जडीबुटी पहिचान र प्रशोधनको शिक्षा दिएर आत्मनिर्भर बनाउन सकिन्छ । ढोरपाटन, खप्तड र लुम्बिनी क्षेत्रमा पर्यटकीय ज्ञान, सिपका साथै होटल व्यवस्थापनको शिक्षा दिएर स्वरोजगारका अनन्त सम्भावना खोज्न सकिन्छ । जुनार तथा सुन्तला खेती, अन्नबाली र तरकारी खेती, पशुपालन जस्ता व्यवसाय गरेर आफ्नै देशमा स्वरोजगारका अवसर सिर्जना गर्न सके आत्मनिर्भरता बढ्दै जान्छ । सबै जना प्राविधिक ज्ञान र सिप प्राप्त गरेर व्यवसाय सञ्चालन गर्न सक्ने गरी आत्मनिर्भर हुन उत्प्रेरित हुन्छन् । यी सबै विषयवस्तुलाई सिपमूलक र व्यावसायिक शिक्षामार्फत जोड दिन सके स्वरोजगार सिर्जना गर्ने उत्प्रेरणा बढ्दै जान्छ ।

शिक्षाको मूल उद्देश्य आत्मनिर्भर शिक्षामा जोड दिनु हो । आत्मनिर्भरताको लक्ष्य स्वरोजगार बन्नु हो । त्यसैले हामीले पनि शिक्षाका माध्यमबाट रोजगारी सिर्जना गरी आत्मनिर्भर बन्ने लक्ष्य लिनु आवश्यक छ ।

(ख) शिक्षालाई सिपसँग, सिपलाई श्रमसँग अनि श्रमलाई आधुनिक प्रविधिसँग जोड्ने शिक्षा आजको आवश्यकता हो ।

९. दिइएका बुँदामा समेत आधारित भई 'मेरो देशको शिक्षा' निबन्धमा नेपालको भावी शिक्षाको परिकल्पना कसरी गरिएको छ, समीक्षात्मक उत्तर लेख्नुहोस् :

(क) शिक्षालाई भूगोल र पर्यावरण अनुकूल व्यवसायमूलक शिक्षाका रूपमा विकास गर्ने

(ख) शिक्षालाई सिपले सुसम्पन्न बनाउने

(ग) सूचना र प्रविधि, इतिहास, प्रयोग र व्यवहारका माध्यमबाट जीवनोपयोगी सिपयुक्त थप शिक्षा प्राप्त गर्ने

(घ) शिक्षालाई सिपसँग, सिपलाई श्रमसँग अनि श्रमलाई आधुनिक प्रविधिसँग जोड्ने

(ङ) व्यवसायमूलक शिक्षामार्फत मुलुकको बेरोजगारीको समस्या हटाउने

(च) प्राविधिक ज्ञान र सिपमार्फत आत्मनिर्भर हुन उत्प्रेरित गर्ने

(छ) प्राचीन ज्ञान र आधुनिक विज्ञानलाई जोडेर भविष्यका करोडौँ उज्ज्वल नक्षत्र उत्पादन गर्ने

१०. दिइएको चित्र वर्णन गरी लेख्नुहोस् :



११. उदाहरणमा जस्तै गरी दिइएको अनुच्छेदबाट चारओटा बुँदा टिपोट गर्नुहोस् र एक तृतीयांशमा सारांश लेख्नुहोस् :

वर्तमान युग विज्ञान र प्रविधिको युग हो । विज्ञानले विविध क्षेत्रमा गरेको प्रगतिले वर्तमान युग सुविधायुक्त बन्न पुगेको छ । टेलिफोनको आविष्कारले संसारभरि तुरुन्तै सम्पर्क गरी दोहोरो कुराकानी गर्न सम्भव भएको छ भने रेडियो र टेलिभिजनका माध्यमबाट विश्वमा

घटेका विभिन्न घटनाहरूका बारेमा घरमै बसी समाचार सुन्न र हेर्न सक्ने सुविधा सबैलाई उपलब्ध भएको छ । यसैगरी रेल, मोटर, पानीजहाज, हवाईजहाज जस्ता यातायातका साधनहरूले टाढा टाढाको गन्तव्यलाई पनि सुगम बनाइदिएका छन् । वैज्ञानिक क्षेत्रमा भएको आशातीत प्रगतिले गर्दा घरायसी कामदेखि लिएर कृषि, उद्योग, वाणिज्य आदि क्षेत्रमा मानवीय जीवनपद्धति सुखी, सम्पन्न र सुविधायुक्त बन्न पुगेको छ । मानिसले आर्जन गरेको अभूतपूर्व ज्ञान, निरन्तर कडा मिहिनेत र अनुसन्धानको परिमाणस्वरूप यन्त्रमानव आविष्कार गर्ने महत्त्वपूर्ण कार्यमा समेत सफलता प्राप्त भएको छ ।

बुँदा टिपोट

१. वर्तमान विज्ञान र प्रविधिको युग सुविधायुक्त बन्न पुगेको

२. टेलिफोन, रेडियो, टेलिभिजनले जन सम्पर्क र सूचनामा सहयोग पुगेको

३. यातायातका साधनले गन्तव्यलाई सुगम बनाउनुका साथै कृषि, उद्योग, वाणिज्य क्षेत्रमा मानवीय जीवनपद्धति सुखी, सम्पन्न बन्न पुगेको

४. मान्छेको ज्ञान, मिहिनेत र अनुसन्धानले यन्त्रमानव आविष्कारमा सफलता मिलेको

नयाँ आविष्कार

वर्तमान सुविधायुक्त विज्ञान प्रविधिको युग हो । यातायातले गन्तव्यलाई सुगम बनाएको छ भने टेलिफोन, रेडियो, टेलिभिजनले सूचनामा सहयोग पुऱ्याएका छन् । मान्छेको ज्ञान, मिहिनेत र अनुसन्धानले यन्त्रमानव आविष्कारमा सफलतासँगै कृषि, उद्योग, वाणिज्य र मानवीय जीवन पद्धति सम्पन्न बनेको छ ।

*अनुच्छेदको शब्दसङ्ख्या : १११*

*एक तृतीयांश शब्दसङ्ख्या : ३७*

चैत्र पूर्णिमा तामाङ जातिका लागि विशेष दिन हो । चैत्र पूर्णिमाको अगिल्लो दिनदेखि नै बौद्धमा जात्रालुको आगमन हुन्छ । चैत्र पूर्णिमाका दिन काठमाडौँका बौद्ध र स्वयम्भूमा ठुलो मेला लाग्छ । यस दिन बौद्धमा पितृहरूका नाममा बत्ती बालिन्छ । तामाङहरू चैत्र पूर्णिमाका दिन मुलुकका विभिन्न ठाउँबाट काठमाडौँ आउँछन् । यस दिन स्वयम्भूमा पितृको सम्झनामा विशेष पूजाआजा गर्छन् । मृतकको नाममा लगातार तीन वर्षसम्म बत्ती बाल्ने परम्परा छ । चैत्र पूर्णिमाको अघिल्लो दिनदेखि नै बौद्ध स्तूपमा बत्ती बाल्नेहरूको भिड लाग्छ । चैत्र पूर्णिमाका दिन परिवारका मृतकका नाममा बत्ती बालिन्छ । घिउमा बालिने यस्तो बत्तीले मृतकलाई स्वर्गको बाटोमा उज्यालो दिने विश्वास गरिन्छ । मृतात्माले मुक्ति पाउँछ भन्ने जनविश्वास छ । बौद्धमा लामा पुरोहितहरूले मन्त्र पाठ गर्दै पूजा गरेपछि बत्ती बालिन्छ । बत्तीको उज्यालोसँगै सुख र समृद्धिको कामना गरिन्छ । ॐ मणिपद्मे हुम् र बुद्धम् शरणम् गच्छामिको ध्वनिले त्यहाँको वातावरण गुन्जायमान हुन्छ ।

१२. दिइएको आत्मपरक अनुच्छेदको नमुना पढी 'मेरो सोच : मेरो भविष्य' शीर्षकमा आत्मपरक अनुच्छेद तयार पार्नुहोस् :

## मेरो देश

मेरो देशमा त्यो प्रकृति छ, जहाँ विश्व रमाउन सक्छ । मेरो देशमा त्यो संस्कृति छ जहाँ विश्व अटाउन सक्छ । मेरो देशमा त्यो जादु छ जसले सबैलाई मोहनी लगाउन सक्छ । यही हो मेरो देश जसले विश्वलाई शान्तिको मार्गमा बामे सर्न सिकायो । यही हो मेरो देश जसले सबैमा मानवताको पाठ सिकायो । यही हो मेरो देश जसले शोषण र हिंसाबाट उन्मुक्ति खोज्ने मार्ग देखायो । मलाई थाहा छ- मेरो देशमा स्वर्गको बगैँचा छ, तपस्वीको पावन भूमि छ, वीरताको गाथा छ अनि विश्वलाई अटल हुन सिकाउने मेरो सगरमाथा छ । यहाँ ईश्वरको वास छ । जहाँ पवित्र पाशुपत् क्षेत्र छ, मुक्ति क्षेत्र, वराह क्षेत्र, लुम्बिनी र मिथिला क्षेत्र छ, जसले विश्वका संस्कृतिका पारखीहरूलाई लोभ्याइरहेछन् ।

१३. दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

हामी खप्तड क्षेत्रमा प्रवेश गऱ्यौँ । खप्तड क्षेत्रका देवदारु वृक्ष आफ्नो छातीमा सङ्केत पाटी टाँगेर उभिएका देखिन्छन् । समुद्री सतहबाट १२ हजार फिटको उचाइमा अवस्थित खप्तड क्षेत्रमा रहेका त्रिवेणी तथा चर्चित भगवती कालिकाको स्थानबाट वरिपरि पर्ने देवस्थल खप्तडका प्रख्यात देवपीठ हुन् । त्रिवेणीबाट सिधैँ पूर्वतिर विस्तारित निकुञ्ज र सैनिक गुल्मको कार्यालय, त्यसबाट थोरै पूर्वतिर अवस्थित खप्तड दह, दक्षिणतिरको शिखरमा अवस्थित सहस्रेश्वर शिवालय र उत्तरतिरको शिखरमा अवस्थित खप्तडबाबाको आश्रम छ । खुला आकाशमा उत्तरपूर्वतिर हेर्दा देखिने मानसरोवर क्षेत्रसम्मको रमाइलो हिमाली दृश्य त्यसमाथि प्राकृतिक शैली ! लामा लामा नाङ्गा फाँटलाई स्थानीय भाषामा पाटन भनिँदोरहेछ । हरियो भुइँमा राता र पहेँला बुट्टा भरिएका गलैँचाको आकारमा अर्द्धनिद्रित प्रकृति, अलिकति रमणीय, अलिकति अत्यास, अलिकति शान्ति, अलिकति एकान्त सबैको सम्मिश्रण खप्तड । आहा ! सैनिक संरक्षण र मृग बँदेलका सिकार तथा सिंहको अभिवृद्धि एउटा रमाइलो समागम । यी सबैको समीकरणमा निरापद अवस्थित खप्तड छ । मान्छेले निगालाको एउटा लौरो मात्र टेके पनि निकुञ्जको नियम उल्लङ्घन भएको ठान्छ खप्तड । निकुञ्ज वास्तवमा वन्य सम्पदाको भण्डार हो । त्यसको सुरक्षाका निमित्त छओटा चौकी र एउटा सैनिक गुल्मसमेतको व्यवस्था गरिएको छ ।

(क) उत्तर दिनुहोस् :

(क) खप्तडका वृक्षले छातीमा के टाँगेका छन् ?

(ख) खप्तड किन प्रसिद्ध छ ?

(ग) कस्तो कार्यबाट निकुञ्जको नियम उल्लङ्घन हुन्छ ?

(घ तपाईँलाई खप्तडको प्राकृतिक सौन्दर्य मन पर्नाका कारण के के हुन् ?

(ख) भाषिक संरचना र वर्णविन्यास पहिचान गर्नुहोस् :

(अ) 'एउटा सैनिक गुल्मसमेतको व्यवस्था गरिएको छ ।' यस वाक्यलाई कर्तृवाच्यमा परिवर्तन गर्नुहोस् ।

(आ) 'हाम्रो यात्रा खप्तड क्षेत्रमा प्रवेश गर्छ । ' यस वाक्यलाई कर्मवाच्यमा परिवर्तन गर्नुहोस् ।

(इ) अनुच्छेदबाट 'ए' र 'य' प्रयोग भई बनेका तीन तीनओटा शब्द टिपोट गर्नुहोस् ।

१४. दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :

| |
|---|
| टेलिभिजनमा बहस कार्यक्रम चल्दै थियो । बहसको शीर्षक नेपाली नारीहरूको अवस्था थियो । एक जना वक्ताले यस विषयमा बोले, "नारी पुरुष कानुनी रूपमा समान छन् । संविधानले महिलाका लागि विशेष हक सुरक्षित गरेको छ । ३३% आरक्षणको व्यवस्था गरेको छ ।" अर्को वक्ताले यस भनाइलाई खण्डन गर्दै बोले, "तपाईंले कानुनी कुरा गर्नुभयो । कानुन र व्यवहार फरक कुरा हुन् । नेपाली नारीहरूले अझै पनि शोषण, दमन, अन्याय र अत्याचारको सिकार बन्नु परेको छ । नारीहरूले संविधानमा उल्लेख भएका हक पाउनु कानुनी कुरा हो । हामी छातीमा हात राखेर सोचौँ त । पारिवारिक तथा सामाजिक रूपमा नारीहरू पूर्ण स्वतन्त्र छन् ? यो गम्भीर विषय हो । यस विषयमा प्रत्येक व्यक्ति सचेत हुनु आवश्यक छ । पुरुष प्रधान मानसिकता र दृष्टिकोण बदल्नु अपरिहार्य छ ।" बहस कार्यक्रममा अन्य वक्ताहरूले पनि आआफ्ना दृष्टिकोण प्रस्तुत गरेका थिए । |
| महिला समानताका लागि पारिवारिक रूपमा कस्तो व्यवहार आवश्यक छ भन्ने सन्दर्भमा परिवारका सदस्यबिच छलफल गरी आफ्नो दृष्टिकोण सुनाउनुहोस् । |

## सुनाइ र बोलाइ

१. सुनाइ पाठ ९ सुनी दिइएका वाक्य ठिक भए ठिक र बेठिक भए बेठिक भन्नुहोस् :

(क) यो चिठी विद्यालयका व्यवस्थापन समितिका अध्यक्षलाई लेखिएको हो ।

(ख) समाजमा सज्जन मानिस मात्र हुन्छन् ।

(ग) राजनीतिज्ञ निष्ठावान् र स्वार्थी दुवै प्रकारका हुन्छन् ।

(घ) सित्तैमा कमाएको डलर मूल्यवान् हुँदैन ।

२. सुनाइ पाठ ९ का आधारमा दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) मानिसलाई परिश्रमको फल कस्तो लाग्छ ?

(ख) मानिसले केका लागि सङ्घर्ष गर्नुपर्छ ?

(ग) हुल भएतिर किन जानुहुँदैन ?

(घ) यस चिठीको मुख्य सन्देश के हो?

## भाषिक संरचना र वर्णविन्यास

१. दिइएका उदाहरण पढ्नुहोस् र बुझ्नुहोस् :

| | |
|---|---|
| कर्तृवाच्य | मैले किताब पढेँ । (सकर्मक क्रियापद)<br>सामना घर जान्छिन् । (अकर्मक क्रियापद) |
| कर्मवाच्य | मद्वारा किताब पढियो । (सकर्मक क्रियापद) |
| भाववाच्य | सामनाद्वारा घर गइन्छ । (अकर्मक क्रियापद) |

तालिकामा दिइएका कर्तृवाच्यका उदाहरणमा 'मैले' कर्तासँग 'पढेँ' क्रियापदको र 'सामना' कर्तासँग 'जान्छिन्' क्रियापदको घनिष्ठ सम्बन्ध रहेको छ । कर्मवाच्यका उदाहरणमा 'किताब' कर्म र 'पढियो' क्रियाबिच घनिष्ठ सम्बन्ध रहेको छ । त्यसैगरी भाववाच्यका उदाहरणमा कर्ता र कर्म मुख्य नभएर 'गइन्छ' क्रियापदको अर्थ नै प्रमुख भएर आएको छ । त्यसैले माथिका उदाहरणहरू नै वाच्य हुन् ।

(क) कर्तृवाच्य

बहिनी कविता सुनाउँछिन् । (स्त्रीलिङ्ग कर्ता र क्रियापद)

तिमी कविता सुनाउँछौ । (द्वितीय पुरुष कर्ता र क्रियापद)

तपाईं कविता सुनाउनुहुन्छ । (उच्च आदर कर्ता र क्रियापद)

उनीहरू कविता पढ्छन् । (बहुवचन कर्ता र क्रियापद)

माथिका वाक्यमा कर्ता परिवर्तन गर्नासाथ क्रियापदको रूप परिवर्तन भएका छन् । त्यसैले माथिका सबै वाक्य कर्तृवाच्यका हुन् ।

(ख) कर्मवाच्य

कृष्णद्वारा म बोलाइन्छु । (प्रथम पुरुष कर्म र क्रियापद)

कृष्णद्वारा कथाहरू पढिन्छन् । (बहुवचन कर्म र क्रियापद)

कृष्णद्वारा तपाईं बोलाइनुहुन्छ । (उच्च आदर कर्म र क्रियापद)

कृष्णद्वारा भाइ बोलाइन्छ । (पुलिङ्ग कर्म र क्रियापद)

माथिका वाक्यमा कर्ममा परिवर्तन गर्नासाथ क्रियापदको रूप परिवर्तन भएका छन् । त्यसैले माथिका सबै वाक्य कर्मवाच्यका हुन् ।

(ग) भाववाच्य

बहिनीद्वारा मज्जाले हाँसिन्छ । ('हाँसिन्छे' हुँदैन)

बुबाद्वारा मज्जाले हाँसिन्छ । ('हाँसिनुहुन्छ' हुँदैन)

हामीद्वारा मज्जाले हाँसिन्छ । ('हाँसिन्छौँ' हुँदैन)

माथिका वाक्यमा हाँस्ने कुरा मात्र मुख्य भएको छ । सबै उदाहरणका क्रियापद एकवचन, अनादर, पुलिङ्ग र तृतीय पुरुष नै बनेका छन् । त्यसैले माथिका सबै वाक्य भाववाच्यका हुन् ।

२. दिइएका अनुच्छेदबाट कर्तृवाच्य, कर्मवाच्य र भाववाच्यका क्रियापद टिप्नुहोस् :

हामी पाथीभरा गयौँ । एक रात ठुलोफेदीमा बास बस्यौँ । भोलिपल्ट पाथीभरा मन्दिरतिर गयौँ । मन्दिरमा बिहानको ६ बजे पुगियो । मन्दिरमा पुगेर पूजाआजा गरियो । भऱ्याङ ओर्लिँदै तल झरियो । भोक लागेको थियो । पसलमा पसेर खाजा खाइयो । यस वर्षको पाथीभरा यात्रा खुबै रमाइलो भयो ।

३. उदाहरणसहित दिइएका वाच्य परिवर्तन गर्ने तरिका पढ्नुहोस् :

(क) कर्तृवाच्यबाट कर्मवाच्यमा परिवर्तन

*उदाहरण :*

| कर्तृवाच्य | कर्मवाच्य |
|---|---|
| (क) तिमी चिठी लेख्छौ । | (क) तिमीद्वारा चिठी लेखिन्छ । |
| (ख) म तिमीलाई बोलाउँछु । | (ख) मद्वारा तिमी बोलाइन्छौँ । |
| (ग) भाइ पुस्तक पढोस् । | (ग) पुस्तक पढियोस् । |
| (घ) तपाईँ पत्रिकाहरू किन्नुहोस् । | (घ) पत्रिकाहरू किनियून् । |

(अ) माथिका उदाहरणमा दिइए जस्तै कर्तामा 'द्वारा/बाट' विभक्ति जोड्न पनि सकिन्छ, कर्ता हटाउन पनि सकिन्छ ।

(आ) माथिको उदाहरण 'क' र 'ख'मा दिइए जस्तै धातुमा 'इ' प्रत्यय थपेर कर्मअनुसारको लिङ्ग, वचन, पुरुष, आदर मिल्ने रूपायक प्रत्यय लगाई क्रियापद बनाउनुपर्छ ।

(इ) माथिको उदाहरण 'ख' मा दिइए जस्तै कर्ममा 'लाई' विभक्ति लागेको छ भने त्यसलाई हटाउनुपर्छ ।

(ई) माथिको उदाहरण 'ग' र 'घ' मा दिइए जस्तै आज्ञार्थ वा इच्छार्थ क्रियापद छ भने धातुमा कर्म एकवचन भए 'इयोस्' र कर्म बहुवचन भए 'इयून्' प्रत्यय जोडेर क्रियापद बनाउनुपर्छ ।

(उ) क्रियाको काल, पक्ष, भाव, करण, अकरण आदि परिवर्तन गर्नुहुँदैन ।

(ख) कर्तृवाच्यबाट भाववाच्यमा परिवर्तन

*उदाहरण :*

| कर्तृवाच्य | भाववाच्य |
|---|---|
| (क) भाइ धेरै हिँड्यो । | (क) भाइद्वारा धेरै हिँडियो । |

| | |
|---|---|
| (ख) म राजविराजमा बस्छु । | (ख) राजविराजमा बसिन्छ । |
| (ग) तिमी घर जाऊ । | (ग) घर गइयोस् । |
| (घ) बहिनी बिहानै उठोस् । | (घ) बिहानै उठियोस् । |

(अ) माथिका उदाहरणमा दिइए जस्तै कर्तामा 'द्वारा/बाट' विभक्ति जोड्न पनि सकिन्छ, कर्ता हटाउन पनि सकिन्छ ।

(आ) माथिको उदाहरण 'क' र 'ख'मा दिइए जस्तै धातुमा 'इ' प्रत्यय थपेर पुलिङ्ग, एकवचन, तृतीय पुरुष, अनादरको रूपायक प्रत्यय लगाई क्रियापद बनाउनुपर्छ ।

(इ) माथिको उदाहरण 'ग' र 'घ'मा दिइए जस्तै आज्ञार्थ वा इच्छार्थ क्रियापद छ भने धातुमा 'इयोस्' प्रत्यय जोडेर क्रियापद बनाउनुपर्छ ।

(ई) क्रियाको काल, पक्ष, भाव, करण, अकरण आदि परिवर्तन गर्नुहुँदैन ।

(ग) कर्मबाट कर्तृवाच्यमा परिवर्तन

*उदाहरण :*

| कर्मवाच्य | कर्तृवाच्य |
|---|---|
| (क) दिदीद्वारा कविता लेखिन्छ । | (क) दिदी कविता लेख्नुहुन्छ । |
| (ख) साथीहरू बोलाइए । | (ख) तिमीले साथीहरूलाई बोलायौ । |
| (ग) चिठी लेखियोस् । | (ग) ऊ चिठी लेखोस् । |
| (घ) कथाहरू पढियून् । | (घ) तँ कथाहरू पढ् । |

(अ) माथिका उदाहरणमा दिइए जस्तै कर्तामा लगाइएको 'द्वारा/बाट' विभक्ति हटाएर आवश्यक भएमा 'ले' विभक्ति थप्नुपर्छ, यदि कर्ता छैन भने इच्छाअनुसारको कर्ता थप्नुपर्छ ।

(आ) माथिको उदाहरण 'क' र 'ख' मा दिइए जस्तै धातुमा लागेको 'इ' प्रत्यय हटाएर कर्ताअनुसारको लिङ्ग, वचन, पुरुष, आदर मिल्ने क्रियापद लेख्नुपर्छ ।

(इ) माथिको उदाहरण 'ख'मा दिइए जस्तै आवश्यकताअनुसार कर्ममा 'लाई' विभक्ति थप्नुपर्छ ।

(ई) माथिको उदाहरण 'ग' र 'घ' मा दिइए जस्तै 'इयोस्' र 'इयून्' प्रत्यय लागेर बनेका क्रियापद छन् भने आज्ञार्थ वा इच्छार्थ क्रियापद बनाउनुपर्छ ।

(उ) क्रियाको काल, पक्ष, भाव, करण, अकरण आदि परिवर्तन गर्नुहुँदैन ।

(घ) भावबाट कर्तृवाच्यमा परिवर्तन

*उदाहरण :*

| भाववाच्य | कर्तृवाच्य |
|---|---|
| (क) मद्वारा पढ्दापढ्दै निदाइयो । | (क) म पढ्दापढ्दै निदाएँ । |
| (ख) आज खुब हाँसिन्छ । | (ख) ऊ आज खुब हाँस्छ । |
| (ग) विद्यालय गइयोस् । | (ग) म विद्यालय जाऊँ । |
| (घ) इलामको चियाबगान घुमियोस् । | (घ) तिमी इलामको चियाबगान घुम । |

(अ) माथिका उदाहरणमा दिइए जस्तै कर्तामा लगाइएको 'द्वारा/बाट' विभक्ति हटाउनुपर्छ, यदि कर्ता छैन भने इच्छाअनुसारको कर्ता थप्नुपर्छ ।

(आ) माथिको उदाहरण 'क' र 'ख'मा दिइए जस्तै धातुमा लागेको 'इ' प्रत्यय हटाएर कर्ताअनुसारको लिङ्ग, वचन, पुरुष, आदर मिल्ने क्रियापद लेख्नुपर्छ ।

(इ) माथिको उदाहरण 'ग' र 'घ'मा दिइए जस्तै 'इयोस्' प्रत्यय लागेर बनेका क्रियापद छन् भने आज्ञार्थ वा इच्छार्थ क्रियापद बनाउनुपर्छ ।

(ई) क्रियाको काल, पक्ष, भाव, करण, अकरण आदि परिवर्तन गर्नुहुँदैन ।

४. उदाहरण हेरी दिइएको अनुच्छेदलाई कर्मवाच्यमा परिवर्तन गर्नुहोस् :

*उदाहरण*

(क) हरि कथा लेख्छ । उसले कथा छपाएको छ । ऊ साथीभाइलाई कथाको किताब दिन्छ । साथीहरू उसको किताब पढ्दै छन् । हीरा हरिको किताबको समीक्षा गर्छिन् ।

*उत्तर :* हरिद्वारा कथा लेखिन्छ । कथा छपाइएको छ । साथीभाइहरूलाई कथाको किताब दिइन्छ । उसको किताब पढिँदै छ । हरिद्वारा हरिको किताबको समीक्षा गरिन्छ ।

(ख) मैले कक्षा पूरा गरेँ । मानिसका दुःखसुख नजिकबाट देखेँ । संसार के रहेछ भन्ने बुझेँ । संसारका बारेमा थाहा पाएँ ।

५. दिइएको अनुच्छेदलाई कर्म वा भाववाच्यमा परिवर्तन गर्नुहोस् :

छिरिङ र पासाङ पुस्तकालय गए । छिरिङले कथाका किताब छानिन् । पासाङले कविताका किताब छाने । उनीहरू पुस्तकालयबाट बाहिर आए । उनीहरू चउरमा बसेर पढ्न थाले ।

६. उदाहरण हेरी दिइएका अनुच्छेदलाई कर्तृवाच्यमा परिवर्तन गर्नुहोस् :

*उदाहरण*

(क) मद्वारा आँप ल्याइयो । परिवारका सदस्यलाई आँप बाँडियो । धन्यवाद पाइयो । मिलेर आँप खाइयो ।

उत्तर : मैले आँप ल्याएँ । मैले परिवारका सदस्यलाई आँप बाँडें । मैले धन्यवाद पाएँ । हामीले मिलेर आँप खायौँ ।

(ख) पढ्ने बेला पढियो । खेल्ने बेला खेलियो । अरूलाई घोचपेच गरिएन । कसैलाई दुर्वचन बोलिएन । कसैको कुभलो चिताइएन ।

७. कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाच्य परिवर्तन गर्नुहोस् :

*उदाहरण*

(क) तिमी भ्रमणमा गएका थियौ । (भाववाच्य)

उत्तर : भ्रमणमा गइएको थियो ।

(ख) आटबाट लडिएछ । (कर्तृवाच्य)

(ग) बेलैमा वासस्थान पुगियोस् । (कर्तृवाच्य)

(घ) म १० बजे विद्यालय हिँड्थें । (भाववाच्य)

(ङ) उनीहरू कक्षामा ध्यानपूर्वक बस्दै हुने छन् । (भाववाच्य)

(च) किताब किन्न पसल हिँडियो । (कर्तृवाच्य)

(छ) समीक्षाले उपन्यास लेखिन् । (कर्मवाच्य)

(ज) प्रमोद विज्ञान पढ्दै छन् । (कर्मवाच्य)

(झ) सुम्निमाबाट गीतहरू गाइए । (कर्तृवाच्य)

(ञ) कमला छमछम नाचिन् । (भाववाच्य)

८. पाठबाट पाँचओटा कर्तृवाच्य टिपी कर्मवाच्य वा भाववाच्यमा परिवर्तन गर्नुहोस् ।

९. उदाहरण पढेर दिइएका अनुच्छेदमा 'य' र 'ए' प्रयोग भएका शब्द पहिचान गरी कापीमा टिपोट गर्नुहोस् :

| 'य' प्रयोग भएका शब्द | 'ए' प्रयोग भएका शब्द |
|---|---|
| यति, राष्ट्रिय, प्रयोग, डायरी, ध्यान, कर्तव्य, श्रव्य, अन्याय, योगी, योजना | एघार, एकीकरण, एक्लै, एकसरो, एक्सरे, एकाङ्की, एकाग्र, एकतारे, खाएको, लेखाए |

(क) बयर खान खोलाछेउ गएको यमबहादुर एक्कासि चिप्लियो । उसले यताउता हेऱ्यो । एकराजलाई देखेर उसले भन्यो, "ए ! एकराज यता आऊ । म त डङ्ग्रङ्गै पछारिएँ । मेरो हात समाएर बिस्तारै उठाएर डोऱ्याउँदै अस्पताल लैजाऊ है ।"

(ख) एक दिन यज्ञ यातायातमा चढेर एकान्त ठाउँ गए । उनले त्यहाँ एघार जना युवायुवतीलाई भेटे । युवतीले फलामबाट बनाइएको यन्त्र देखाइन् । युवक योग्य

थिए । उनले त्यस यन्त्रलाई एक्कासि यन्त्रमानव भनिहाले । युवकका कुरा सुनेर यादवले एकनासले ती युवकलाई हेरे । यज्ञले एकतारे बजाउने योजना बनाएका थिए । त्यस कुरामा यज्ञ एक्ला थिएनन् । उनीसँग यमदूत आए पनि एकसाथ लड्न सक्ने साथीहरूको एकता थियो ।

१०. पाठका पहिलो, दोस्रो र तेस्रो अनुच्छेदबाट 'य' र 'ए' प्रयोग भएका शब्दको अलग अलग सूची बनाउनुहोस् ।

११. दिइएका अनुच्छेद शुद्ध बनाई वाक्य पुनर्लेखन गर्नुहोस् :

यकान्त स्थलमा बसेको यउटा मान्छेले यकातिर बोलाय पनि म एसै दगुर्न सकिनँ । यक पटक चियायर हेर्नुपऱ्यो भनी अलि पर गयको त ऊ पनि गीत गायर बसेको रहेछ ।

## सिर्जना र परियोजना कार्य

१. दिइएका बुँदालाई समेत समेटी 'मेरो देश : मेरो गौरव' शीर्षकमा आत्मपरक निबन्ध लेख्नुहोस् :

(क) म सम्पूर्ण नेपालीको प्रतीक वा साझा रूप

(ख) आफ्नो देश नै स्वाभिमानको सर्वोच्च शिर

(ग) तराई, पहाड र हिमालको भौगोलिक विविधतामय सन्दर्भ

(घ) असङ्ख्य नदीनाला, ताल तथा झरनाहरू

(ङ) कला र संस्कृतिमा धनी

(च) बुद्धको जन्मस्थल

(छ) अनेक जातजाति, वर्ग र समुदायको साझा स्थल

(ज) प्राकृतिक सौन्दर्यको खानी, आँखाको नानी

(झ) आफ्नो मन, आफ्नो तन, हृदय, चिन्तन र आत्मगौरवको प्रतीक नै आफ्नो देश

२. पुस्तकालय वा विद्युतीय माध्यमबाट कानुन वा विज्ञान विषयसँग सम्बन्धित कुनै लेख सङ्कलन गर्नुहोस् ।

## थप स्वाध्याय सामग्री

### भाव विस्तार / व्याख्या

#### परिचय

दिइएको गद्य वा पद्य अंशमा प्रयुक्त पदावली वा वाक्यांशको आशय विस्तार गर्नु भाव विस्तार हो । यसमा सम्बन्धित उद्धरणकै केन्द्रीयतामा रहेर त्यसको मूलभाव वा विचारलाई विस्तार गरिन्छ । भाव विस्तार गर्न दिइएको उद्धरण कुनै पाठको सूक्तिपूर्ण भनाइ वा गहिरो भाव र विभिन्न अर्थ बोकेको सारगर्भित कथन हुने गर्छ । त्यसैले यसको भाव विस्तार गर्दा पाठको सन्दर्भभित्र मात्र नभएर बाहिर आएर पनि विशिष्ट उदाहरण बन्न सक्ने क्षमता बोकेको हुन्छ ।

भाव विस्तार गर्ने तरिका

१. सर्वप्रथम सम्बन्धित अंशले दिन सक्ने अर्थ र भावको व्यापकता मनन गर्नुहोस् ।

२. सम्बन्धित अंशले दिने अर्थको विविधता खोज्नुहोस् ।

३. विभिन्न तर्क र उदाहरण प्रस्तुत गर्दै उक्त अंशको व्याख्या र विश्लेषण गर्नुहोस् ।

४. अन्तिममा सारतत्त्वको पहिचान गरी मूल भावलाई पुष्टि गर्नुहोस् ।

५. भाव विस्तार एक वा दुई अनुच्छेदमा लेख्नुहोस् ।

## पाठ १० : व्यावहारिक लेखन

# व्यावसायिक चिठी

परिचय

**व्यावसायिक चिठी**

एउटा व्यावसायिक संस्थाले अर्को व्यावसायिक संस्थालाई सामग्री खरिद बिक्रीका विषयमा केन्द्रित भएर लेखिने पत्र व्यावसायिक पत्र हो । व्यावसायिक पत्र संस्थाको लेटरप्याडमा लेखिन्छ । मिति, पत्र सङ्ख्या, चलानी नं, सम्बोधन, संस्थाको ठेगाना, विषय, विषयसँग सम्बन्धित भूमिका, सामानको विवरण, बिल र भुक्तानीको सङ्केत, पत्राचार गर्ने संस्थाको प्रतिनिधिको नाम जस्ता संरचना पक्षलाई ख्याल गरेर व्यावसायिक पत्र तयार पारिन्छ । यसको भाषा अत्यन्तै औपचारिक हुन्छ ।

**सम्पादकलाई चिठी**

समसामयिक विषयवस्तुमा समाजको ध्यानाकर्षण गराउने गरी प्रकाशन वा प्रशारणका लागि लेखिने चिठी सम्पादकलाई चिठी हो । पत्रपत्रिकामा छापिएका समाचारका विषयमा आफ्नो सहमति वा असहमति व्यक्त गर्ने प्रयोजनका निम्ति पनि सम्पादकलाई पत्र लेखिन्छ । समाजसँग सम्बन्धित कुनै पनि समस्यालाई पाठकसम्म पुगोस् भन्ने मनसायले पनि सम्पादकलाई पत्र लेखिन्छ । मिति, सम्बोधन, पत्रिकाको नाम र ठेगाना, विषयवस्तुको प्रस्तुति, पत्र लेख्नेको नाम र ठेगानासहित सम्पादकलाई पत्र तयार पारिन्छ । यस प्रकारको चिठीमा लेखिने विषयवस्तु सत्यतथ्यमा आधारित र भाषा अत्यन्तै औपचारिक हुनुपर्छ ।

**इमेल**

इमेल इन्टरनेटमार्फत कम्प्युटर अन्य डिभाइसबाट पत्र पठाउने माध्यम हो । इमेल पठाउँदा प्रेषकको इमेल, प्रापकको इमेल, कार्बन प्रतिलिपि, विषय, सम्बोधन र अभिवादन, मुख्य विषयवस्तुसँग सम्बन्धित सन्देश, समापन आदि विषयवस्तुमा ध्यान दिनुपर्छ ।

*सिकाइ उपलब्धि*

१. सस्वर पठन गरी विषयवस्तु बोध गर्न
२. पाठगत शब्दको उच्चारण, अर्थबोध र प्रयोग गर्न
३. मौलिक शब्दको पहिचान र प्रयोग गर्न
४. व्यावसायिक पत्रको ढाँचा र शैली अनुकरण गरी प्रत्युत्तर दिन
५. विद्युतीय पत्रमार्फत सन्देश प्रवाह गर्न
६. निर्देशित पत्र रचना गर्न
७. सम्पादकलाई चिठी रचना गर्न
८. समाचार ढाँचाबोध गरी लेखन र प्रस्तुति दिन
९. घटना टिपोट र रिपोटिङ गर्न

१०. करण - अकरण क्रियापदको पहिचान र प्रयोग गर्न

११. 'ब' र 'व' प्रयोग भएका शब्द पहिचान गरी प्रयोग गर्न

## मूल पाठ

### शीतोष्ण बागवानी केन्द्र

थाहा नगरपालिका २

मकवानपुर, बाग्मती प्रदेश

मिति : २०८०।०५।२०

प.स. ..........

च. न. ........

श्री शीतोष्ण बागवानी केन्द्र,

घरपझोँङ गाउँपालिका ४,

मुस्ताङ, गण्डकी प्रदेश ।

विषय : बिउबिजन उपलब्ध गराइदिने सम्बन्धमा ।

महोदय,

उपर्युक्त सम्बन्धमा त्यस शीतोष्ण बागवानी केन्द्रबाट हिमाली क्षेत्रका लागि उपयुक्त बिउबिजन तयार गरी बिक्री वितरण हुँदै आएको कुरा जानकारी भयो । शीतोष्ण बागवानी केन्द्रबाट उपलब्ध हुने फलफूल तथा सागपातका बिउबिजनको मूल्यसूची केन्द्रको वेबसाइटबाट प्राप्त भयो । दामन, टिस्टुङ र पालुङ क्षेत्रका उच्च पहाडी भेकका किसानले मार्फा बागवानी केन्द्रमा उत्पादन हुने त्यहाँको मार्फा रायोको सागको बिउ र अन्य बिउबिजनको माग गरिरहेका छन् । यहाँका किसानले तरकारी र फलफूल खेतीलाई नगदेबालीका रूपमा खेतीपाती गर्दै आएका छन् । नेपालको सङ्घीय राजधानी काठमाडौँ उपत्यकामा यस क्षेत्रको उत्पादन अत्यधिक मात्रामा खपत हुने गरेको छ । यस शीतोष्ण बागवानी केन्द्रले पनि विगत लामो समयदेखि यस क्षेत्रका कृषक दाजुभाइ तथा दिदीबहिनीका लागि कृषिजन्य सामग्रीको बिक्री वितरण गर्दै आइरहेको छ । त्यसैले त्यस केन्द्रबाट

**शब्दार्थ**

| | | |
|---|---|---|
| *शीतोष्ण* | : | *ठन्डा र गर्मी दुवै मिश्रित* |
| *बिउबिजन* | : | *रोप्न वा छर्न राखिएको अन्न* |
| *नगदेबाली* | : | *नगद आम्दानी गर्ने उद्देश्यले उब्जाइने कृषिबाली* |
| *सङ्घीय* | : | *सङ्घ भएको, सङ्घसम्बन्धी* |
| *खपत* | : | *सबै वस्तुको बिक्री, व्यय* |
| *कृषिजन्य* | : | *खेतीकिसानीसँग सम्बन्धित* |

बिक्री वितरणमा राखिएका तपसिलबमोजिमका बिउबिजन यस केन्द्रमा उपलब्ध गराइदिनुहुन अनुरोध छ :

तपसिल

| | | |
|---|---|---|
| १. | मार्फा रायोको बिउ | १ केजी |
| २. | स्थानीय लसुनको बिउ | १० केजी |
| ३. | स्थानीय धनियाँको बिउ | ३ केजी |
| ४. | बन्दाको बिउ | ७ केजी |
| ५. | काउलीको बिउ | ५ केजी |
| ६. | ब्रोकाउलीको बिउ | ६ केजी |
| ७. | सिमीको बिउ | ८ केजी |

पुनश्चः उल्लिखित बिउबिजन मुस्ताङ ट्रान्सपोर्टबाट उपलब्ध गराइदिनुहुन र सोको बिल भुक्तानीका लागि त्यस केन्द्रको नाममा रहेको बैङ्क खाता नम्बरसहितको विवरण उपलब्ध गराइदिनुहुन अनुरोध छ ।

भवदीय

निर्देशक

उमाकान्त ठाकुर

*(मूल पाठ पाठ्यक्रम विकास केन्द्र, कक्षा १०, नेपालीबाट साभार)*

*तपसिल : विस्तृत वर्णन*

*पुनश्च: : फेरि पनि*

*भुक्तानी : वस्तुको मूल्य चुक्ता गर्ने काम*

## पाठसार

यो शीतोष्ण बागवानी केन्द्र, थाहा नगरपालिका २, मकवानपुर, बाग्मती प्रदेशले घरपझोँङ गाउँपालिका ४, मुस्ताङ, गण्डकी प्रदेशमा रहेको शीतोष्ण बागवानी केन्द्रलाई बिउबिजन उपलब्ध गराइदिन अनुरोध गर्दै लेखिएको व्यावसायिक पत्र हो । पत्रमा फलफूल तथा सागपातका बिउबिजनको मूल्यसूची केन्द्रको वेबसाइटबाट प्राप्त भएको र दामन, टिस्टुङ तथा पालुङ क्षेत्रका उच्च पहाडी भेकका किसानले मार्फा रायोको सागको बिउ र अन्य बिउबिजनको मागबारे उल्लेख गरिएको छ । रायो, लसुन, धनियाँ, बन्दा, काउली, ब्रोकाउली र सिमीका बिउ मुस्ताङ ट्रान्सपोर्टबाट उपलब्ध गराइदिनुहुन तथा सोको बिल भुक्तानीका लागि त्यस केन्द्रको नाममा रहेको बैङ्क खातानम्बरसहितको विवरण उपलब्ध गराइदिनुहुन अनुरोध गरिएको छ ।

## शब्दभण्डार

१. दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| शब्द | अर्थ |
|---|---|
| अत्यधिक | बन्दाकोपी |
| उपत्यका | चारैतिर हरिया पात हुने र बिचमा हरियो फूल फुल्ने तरकारी |
| ब्रोकाउली | किसान, खेतीवाल |
| कृषक | एकदमै धेरै |
| | पहाडका फेदीको समथर जमिन |

२. उदाहरण हेरी दिइएको अर्थसँग मिल्दो शब्द पाठबाट खोजेर लेख्नुहोस् :

(क) फुलफूल खेती, बगैँचासम्बन्धी बागबानी

(ख) कुनै वस्तु तोकिएअनुसार बाड्ने काम ..............

(ग) परस्पर हात समात्ने काम, अङ्कमाल ..............

(घ) मोल वा दामको विवरण ..............

(ङ) हरिया वा सेता कोसाभित्र दाना हुने तरकारी ..............

३. दिइएका विषयवस्तु पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

| मौलिक शब्द | |
|---|---|
| तत्सम शब्द | तद्भव शब्द |
| अश्रु | आँसु |
| रक्त | रगत |
| पत्र | पत |
| आश्विन | असोज |
| पौष | पुस |
| दीप | दियो |

नेपाली भाषाको जननी संस्कृत भाषा हो । माथिको उदाहरणमा दिइएका संस्कृत भाषाका 'अश्रु, रक्त, पत्र, आश्विन, पौष, दीप' जस्ता शब्द नेपाली भाषामा जस्ताको तस्तै प्रयोग गरिन्छ । यी शब्दहरू तत्सम शब्द हुन् । तत्सम शब्दलाई मौलिक शब्द पनि भनिन्छ ।

संस्कृत भाषाबाट केही रूप परिवर्तन भएर नेपाली भाषामा शब्दहरू आएका छन् । माथिको उदाहरणमा आँसु(अश्रु), रगत (रक्त), पात (पत्र), आश्विन (असोज), पुस (पौष), दियो (दीप) आदि शब्द रूप परिवर्तन भएर आएका छन् । यी शब्दहरू तद्भव शब्द हुन् । तद्भव शब्दलाई पनि मौलिक शब्द भनिन्छ ।

तत्सम शब्द पहिचान गर्ने आधार

(क) श, ष, क्ष, त्र, ज्ञ, ञ, ण, ऋ जस्ता वर्ण प्रयोग भएका शब्द, जस्तै : शिक्षा, कण्ठ, ऋषि आदि ।

(ख) शिरबिन्दु ( ं ) लागेर बनेका शब्द, जस्तै : संवाद, संहार, संज्ञा आदि ।

(ग) शब्दको सुरु र मध्यमा दीर्घ (ई/ऊ) प्रयोग भएका शब्द, जस्तै : ईश्वर, पूजा, शरीर आदि । (तीन, फूल, पूरा जस्ता शब्दबाहेक)

तद्भव शब्द पहिचान गर्ने आधार

(क) सङ्ख्या, क्रम र आवृत्ति बुझाउने शब्द, जस्तै : तिस, पहिलो, दोब्बर आदि ।

(ख) स्वाद, रङ, आकार बुझाउने शब्द, जस्तै : अमिलो, कालो, ठुलो आदि ।

(ग) शरीरका विभिन्न अङ्ग बुझाउने शब्द, जस्तै : हात, ओठ, नाक आदि ।

(घ) सर्वनाम शब्दहरू, जस्तै : हामी, यो, जुन आदि ।

(ङ) महिनाका नामहरू, जस्तै : जेठ, असार, चैत आदि ।

प्रश्नहरू

(अ) दिइएका शब्दबाट तत्सम शब्द पहिचान गरी लेख्नुहोस् :

अक्षर, बाकस, केन्द्रीय, मुलुक, कोष, शत्रु, झ्याल, शान्ति, पटुका, अंश

(आ) दिइएका शब्दबाट तद्भव शब्द पहिचान गरी लेख्नुहोस् :

फोटो, दोस्रो, कालो, भदौ, हाकिम, तिमी, आगो, पसल, दुध, खुट्टा

४. दिइएको अनुच्छेदबाट दशओटा मौलिक शब्द पहिचान गरी लेख्नुहोस् :

कालोनिलो आकाशमा उत्तरतिर ध्रुवतारा, त्यसको दाहिनेतिर सातातारा र देब्रेतिर पाँचताराका उज्याला तारामण्डलले तिनलाई मोहित तुल्यायो । त्यसै वेला हामी चोर, डाँका, भूत, प्रेत र जङ्गली जनावरका आक्रमणको आशङ्काले छातीलाई दुई हातले थिचेर दगुरिरह्यौँ ।

५. दिइएको अनुच्छेदबाट दुई दुईओटा तत्सम र तद्भव शब्द पहिचान गरी लेख्नुहोस् :

शीतोष्ण बागवानी केन्द्रले पनि विगत लामो समयदेखि यस क्षेत्रका कृषक दाजुभाइ तथा दिदीबहिनीका लागि कृषिजन्य सामग्रीको बिक्री वितरण गर्दै आइरहेको छ । त्यसैले त्यस केन्द्रबाट बिक्री वितरणमा राखिएका तपसिलबमोजिमका बिउबिजन यस केन्द्रमा उपलब्ध गराइदिनुहुन अनुरोध छ ।

६. पाठमा प्रयोग भएको सन्दर्भ हेरी दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

बिउबिजन, मूल्यसूची, उत्पादन, कृषक, विवरण, भुक्तानी, वेबसाइड, नगदेबाली

## बोध र अभिव्यक्ति

१. दिइएका शब्दलाई शुद्धसँग उच्चारण गर्नुहोस् :

| | | |
|---|---|---|
| शीतोष्ण /सि.तोस्.डँ/ | बिक्री /बिक्.क्रि/ | टिस्टुङ /टिस्.टुङ्/ |
| ट्रान्सपोर्ट /ट्रान्स्.पोर्.ट/ | उपर्युक्त /उ.पर्.युक्.त/ | सामग्री /सा.मग्.ग्रि/ |
| पुनश्च: /पु.नस्.चह्/ | सङ्घीय /सङ्.घि.य/ | भुक्तानी /भुक्.ता.नि/ |

२. 'व्यावसायिक चिठी' पाठ हाउभाउसहित सस्वरवाचन गर्नुहोस् ।

३. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) चिठी कसले कसलाई लेखेको हो ?

(ख) व्यावसायिक चिठी लेख्दा कसलाई सम्बोधन गरिएको छ ?

(ग) चिठी कुन विषयवस्तुमा लेखिएको छ ?

(घ) यस व्यावसायिक चिठीमा जम्मा कति किलो बिउबिजनको माग गरिएको छ ?

(ङ) यस चिठीको समापन कसरी गरिएको छ ?

४. शीतोष्ण बागवानी केन्द्र, घरपोझ्राँ गाउँपालिका, मुस्ताङका तर्फबाट शीतोष्ण बागवानी केन्द्र, थाहा नगरपालिका, मकवानपुरलाई लेख्ने चिठीको प्रत्युत्तर तयार पार्नुहोस् ।

५. दिइएको व्यापारिक चिठीको नमुना पढ्नुहोस् र विद्यार्थी पुस्तक पसल, सिराहाले कक्षा १० का अनिवार्य विषयका पुस्तक उपलब्ध गराइदिन अनुरोध गरी जनक शिक्षा सामग्री केन्द्र, सानोठिमी, भक्तपुरलाई लेख्ने चिठी तयार पार्नुहोस् :

**मनकामना खाद्य स्टोर**

**गोरखा**

मिति : २०८०/०२/२५

प.स. .....

च.नं. .....

श्रीमान् प्रबन्धक

वीरगन्ज खाद्यभण्डार

वीरगन्ज, पर्सा ।

विषय : खाद्यसामग्री उपलब्ध गराइदिनेबारे ।

महोदय,

उपर्युक्त सम्बन्धमा यस खाद्य स्टोरले विगतदेखि नै विभिन्न खाद्यसामग्री बिक्री वितरण गर्दै आएको यहाँलाई अवगत नै छ । यस पटक पनि त्यस खाद्यभण्डारमार्फत नै सामान खरिद गरी बिक्री वितरण गरिने भएकाले तपसिलका खाद्यसामग्री उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ :

| क्र.स. | विवरण | परिमाण |
|---|---|---|
| १. | सोना मन्सुली चामल | २० बोरा (४०० केजी) |
| २. | सुनगाभा बासमती चामल | १५ बोरा (३०० केजी) |
| ३. | रहरको दाल | २ बोरा (५० केजी) |
| ४. | सूर्यमुखी तेल | १५ कार्टुन |
| ५. | चिनी | १ बोरा (५० केजी) |

उल्लिखित खाद्य सामग्रीको भुक्तानीका लागि त्यस बिक्री कक्षको नाममा रहेको राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेडको खाता नं. ०१०११०००५ मा पेस्की स्वरूप रु २५,००० (पच्चिस हजार रुपियाँ मात्र) जम्मा गरेको बैङ्क भौचर यसै पत्रसाथ पठाइएको छ । बाँकी रकम सामग्रीका साथै बिल प्राप्त हुनासाथ भुक्तानी गरिने व्यहोरा अनुरोध गरिन्छ ।

सहयोगका लागि धन्यवाद ।

भवदीय
राजन अम्गाईं
प्रबन्धक

६. दिइएको निवेदनको नमुना पढ्नुहोस् र जिल्ला स्तरीय खेलकुद प्रतियोगितामा सहभागी हुने प्रबन्ध मिलाइदिनुहुन अनुरोध गर्दै विद्यालयका प्रधानाध्यापकलाई लेखिने निवेदन तयार पार्नुहोस् :

मिति : २०८०/०२/२७

श्रीमान् प्रधानाध्यापक,

श्री जनता माध्यमिक विद्यालय, शिशुवारी, सप्तरी ।

विषय : शैक्षिक भ्रमणमा सहभागी हुन पाऊँ ।

महोदय,

उपर्युक्त सम्बन्धमा यस विद्यालयले जाडो बिदामा कक्षा ९ र १० का विद्यार्थीका लागि पाँच दिने इलाम-दार्जिलिङ शैक्षिक भ्रमण कार्यक्रमको आयोजना गरेको समाचार सुन्दा म धेरै हर्षित भएको छु । पर्यटकीय नगरी इलाम र रमणीय स्थल दार्जिलिङको भ्रमण हाम्रा लागि अत्यन्तै फलदायी हुने विश्वास छ ।

शैक्षिक भ्रमण सिकाइको अभिन्न अङ्ग हो । पाठ्यपुस्तकबाट सिक्नुपर्ने कुराबाहेक सम्बन्धित विषयको जानकारी यस शैक्षिक भ्रमणबाट प्राप्त गर्न सकिन्छ । त्यसैले यस कार्यक्रममा सहभागी भई म पनि लाभिन्वित हुन चाहन्छु । यसका लागि मेरा अभिभावकको मन्जुरीपत्रसहित यो निवेदन पेस गरेकी छु । मेरो मनोभावना बुझेर यस वर्षको शैक्षिक भ्रमणमा सहभागी हुने मौका प्रदान गर्नुहुन विनम्र अनुरोध गर्दछु ।

निवेदक
माधवप्रसाद पौडेल
कक्षा १०

७. दिइएको घरायसी चिठीको नमुना पढ्नुहोस् र गाउँघरको हालखबर उल्लेख गर्दै सहरमा पढ्न बसेको साथीलाई पठाउने चिठी तयार पार्नुहोस् :

मिति : २०८०।०३।०१

दुनै, डोल्पा

प्यारो भाइ समीर,

सप्रेम सम्झना ।

म यहाँ आराम छु, आरामको कामना गर्दछु । तिमीले पठाएको पत्र पाएँ । तिमीले पत्रमा आफ्नो पढाइलाई अझ कसरी राम्रो पार्न सकिन्छ भनी जिज्ञासा राखेका रहेछौ । मलाई त्यो पत्र पढ्दा साह्रै खुसी लाग्यो किनभने तिमी त्यसै पनि पढाइमा अब्बल नै छौ । तिमीमा पढ्ने भोक जागेको देखेर मलाई आनन्द आयो ।

भाइ समीर, पढाइलाई कसरी अझ राम्रो पार्ने भन्ने तिम्रो प्रश्नका अनेकौँ उत्तर हुन सक्छन् । कक्षाकोठामा पढेका कुरालाई राम्ररी बुझेर आफ्नै शब्दमा भन्न सक्नु, लेख्न सक्नु र पढेका कुरालाई व्यवहारमा प्रयोग गर्न सक्नु पनि पढाइ नै हो । त्यसैले तिमीले पढ्ने वेला सरसर्ती पाठ पढेर सक्ने मात्र होइन, हरेक अनुच्छेदमा मुख्य मुख्य कुरा कहाँ छन् तिनलाई पहिचान गरेर पढ्यौ भने बुझाइ दिगो हुन सक्छ । पढ्ने सबैभन्दा राम्रो अर्को तरिका आफ्नो नोट आफैँ बनाउनु हो । मुख्य मुख्य कुरा टिपेर नोट बनाउँदा सम्झन सजिलो हुन्छ । शिक्षकले पढाएका वेला मुख्य मुख्य कुरा टिपोट गर्ने र घरमा गई पाठ्यपुस्तक पढेर आफ्नै भाषामा नोट बनाई पढ्ने तरिका नै उत्तम तरिका हो ।

भाइ, राम्ररी पढ्नका लागि सैद्धान्तिक कुरालाई पनि प्रायोगिक र व्यावहारिक बनाएर पढ्ने बानी गर्‍यो भने पढाइ प्रभावकारी हुन्छ । पढेका विषयवस्तुमा साथीहरूसँग अन्तरक्रिया गर्ने अनि नबुझेका कुरा शिक्षकलाई सोध्ने गर्नुपर्छ । त्यसै गरी पढेका कुरालाई मनमनै गुन्ने, पढ्ने समयतालिका बनाउने र बुँदाहरूको तालिका बनाएर देखिने गरी टाँस्ने गर्दा राम्रो हुन्छ । आफ्नो लक्ष्यमा पुग्न तिमीले थप मिहिनेत र प्रयास गर्ने छौ भन्ने विश्वास गरेकी छु । ल त बाबु आजको पत्र यतिमा टुङ्ग्याउँछु । केही बाँकी भए फोनमा कुरा गर्दै गरौँला ।

तिम्री प्यारी दिदी

सङ्गीता ढकाल

८. दिइएको सम्पादकलाई चिठीको नमुना पढ्नुहोस् र कथा प्रकाशन गर्न अनुरोध गर्दै राष्ट्रिय दैनिक पत्रिकाका सम्पादकलाई चिठी तयार पार्नुहोस् :

श्री सम्पादकज्यू,

गोरखापत्र राष्ट्रिय दैनिक

धर्मपथ, काठमाडौँ ।

विगत दुई दिनदेखि जनकपुर र यसका आसपासका क्षेत्रमा बारम्बार विद्युत् अवरुद्ध हुँदा यहाँका उद्योग, कलकारखाना आदि क्षेत्रको अनलाइन व्यापारमा ठुलो असर पुगेको छ । व्यापार व्यवसायदेखि जनताको दैनिकीसमेतलाई प्रत्यक्ष प्रभाव पार्दा पनि सम्बन्धित निकायले

तदारुकता नदेखाउनु साह्रै विडम्बनाको कुरो हो । अत: म यस राष्ट्रिय पत्रिकामार्फत विद्युत् प्राधिकरणको ध्यानाकर्षण गराउन चाहन्छु ।

भवदीय

अशोक यादव

जनकपुरधाम, धनुषा

९. खाली ठाउँमा उपयुक्त विवरण भरी शुभविवाहको निमन्त्रणा पत्र तयार पार्नुहोस् :

### हार्दिक निमन्त्रणा

हाम्री आयुष्मती सुपुत्री ........................... को श्री ........................ तथा ........................ का चिरञ्जीवी सुपुत्र श्री ............................... का साथ हुने शुभविवाहमा यहाँको उपस्थिति प्रार्थनीय छ ।

विवाह कार्यक्रम

| | | | |
|---|---|---|---|
| जन्ती पर्सिने | : ................... | दर्शनाभिलाषी | प्रार्थी |
| समय | : .................. | ................. | ................. |
| प्रीतिभोज | : .................. | ................. | ................. |
| समय | : .................. | ................. | |
| स्थान | : ...................... | ................. | |

१०. दिइएको इमेल लेखन तरिका पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

इमेल वा इलेक्ट्रोनिक मेल इन्टरनेटमार्फत कम्प्युटर वा अन्य उपकरणबाट पत्र पठाउने एक विधि हो । यस्तो इमेल लेखनको संरचना सरल छ । कतिपय इमेल सेवाको स्वरूप अलि फरक हुन सक्छ । सामान्यतया सबै खाले इमेलमा हेडर (शीर्ष) र बडी (मुख्य) गरी दुई महत्त्वपूर्ण भाग हुन्छन् ।

(क) हेडर (शीर्ष)

इमेल हेडर (शीर्ष) ले मेलका बारेमा आवश्यक जानकारी प्रदान गर्छ । यस खण्डमा इमेल पठाउने र प्राप्त गर्ने व्यक्तिको इमेल ठेगानालगायतका कुरा समावेश गरिन्छ । इमेल हेडर (शीर्ष) मा निम्नलिखित भाग समावेश हुन्छन् :

फ्रम (बाट) :

यस भागमा जसले मेल (सन्देश) पठाएको हो त्यस प्रेषकको इमेल ठेगाना आएको हुन्छ ।

टु (लाई) :

यस भागमा जसलाई मेल (सन्देश) पठाउने हो त्यस मेल प्राप्तकर्ताको इमेल ठेगाना लेख्नुपर्छ ।

सिसी (कार्बन कपी) :

यसको पूरा रूप कार्बन प्रतिलिपि हो । यो भाग ऐच्छिक हुन्छ । एक जनालाई पठाइएको इमेल सो एक जनाबाहेक अरूलाई सोही मेल पठाउनुपर्ने छ भने ती अरू व्यक्तिको इमेल ठेगाना यस भागमा लेख्नुपर्छ । यसो गर्दा हरेक इमेल प्राप्तकर्ताले तपाईंले कसलाई मेल पठाउनुभएको रहेछ भनेर थाहा पाउँछन् । सय जनालाई एउटै मेल पठाइएको रहेछ भने पठाइएका सबैलाई प्रेषकले पठाएका इमेल र पाउने व्यक्तिहरूका बारेमा थाहा हुन्छ ।

बिसिसी (ब्लाइन्ड कार्बन कपी) :

यसको अर्थ ब्लाइन्ड कार्बन प्रतिलिपि हो । यो भाग पनि ऐच्छिक हो । बिसिसी र सिसी उस्तै उस्तै हुन् तर यसले हरेक इमेल प्राप्तकर्ताले तपाईंले पठाएको मेलको प्रतिलिपि ककसलाई पठाउनुभएको छ भनेर थाहा पाउँदैन । सय जनालाई एउटै मेल पठाएको रहेछ भने पनि एक जनाले मात्र थाहा पाउँछ । बाँकी ९९ ब्लाइन्ड हुन्छन् अर्थात् ककसलाई त्यो मेल पठाएको हो थाहा हुँदैन ।

सब्जेक्ट (विषय) :

यस भागमा तपाईंले इमेलको उद्देश्य वा विषय लेख्नुपर्छ अर्थात् मेल केसँग सम्बन्धित हो त्यो लेख्नुपर्छ ।

(ख) बडी (मुख्य भाग)

इमेलको यो भागमा वास्तविक सामग्री वा सन्देश समावेश गर्नुपर्छ । जे सन्देश पठाउन चाहेको हो त्यो यहाँ लेख्नुपर्छ । यो हेडर भागको तल्लो छेउमा हुन्छ ।

अट्याच्मेन्ट (संलग्नक) :

संलग्नकको विकल्प पनि दिइएको छ । यसको प्रयोग गरेर हामीले मेलमा विभिन्न प्रकार का फाइल, फोटो, अडियो, भिडियो, लिङ्क आदि पठाउन सकिन्छ ।

*(स्रोत : पाठ्यक्रम विकास केन्द्र, कक्षा १०, नेपाली)*

प्रश्नहरू

(क) इमेलका महत्त्वपूर्ण दुई भाग के के हुन् ?

(ख) इमेल पठाउने र पाउने व्यक्तिको ठेगाना कुन भागमा लेखिन्छ ?

(ग) इमेल गर्दा सिसी किन गरिन्छ ?

(घ) इमेलको मुख्य भागमा के के समावेश गर्न सकिन्छ ?

११. दिइएको इमेल लेखन ढाँचाका आधारमा इमेल लेख्नुहोस् :

फ्रम (बाट) : ......................................................................

टु (लाई) : ..........................................................................

सिसि (कार्बन प्रतिलिपि) ..........................................................

बिसिसी (ब्लाइन्ड कार्बन प्रतिलिपि) ............................................

सब्जेक्ट (विषय) :.............................................................................................

सम्बोधन र अभिवादन :

मुख्य विषयवस्तु : विषयसँग सम्बन्धित सन्देश ............................. ................

....................... ............................... .................................................. ...................... .....................

समापन कथन ............................................................................

अट्याच्मेन्ट (संलग्नक) : फाइल, फोटो, अडियो, भिडियो र लिङ्क

सेन्ड (पठाऊ) : ....................

१२. दिइएको अनुच्छेदबाट चारओटा बुँदा टिपोट गरी सारांश लेख्नुहोस् :

समाचार भन्नाले सामान्यत: हालखबर वा नयाँ घटनाको विवरण भन्ने बुझिन्छ । यसैले रेडियो, टिभी जस्ता श्रव्यदृश्य माध्यमबाट प्रसारित वा पत्रिका आदि छापा माध्यमबाट प्रकाशित घटनाका ताजा विवरण समाचार हुन् । समाजमा घट्ने घटनाको विवरण भएकाले समाचार मानिसको पहुँचभित्रको विषय हो । समाचारका विषयअन्तर्गत राजनीति, शिक्षा, खेलकुद, व्यापार, वाणिज्य, संस्कृति आदि जुनसुकै हुन सक्छन् । यसरी जुनसुकै विषय समाचार बन्न सक्ने भए पनि कुनै पनि विषय आफैँमा समाचार भने हुँदैन । जुन कुराले पाठक वा स्रोताको ध्यान आकर्षित गर्छ र नयाँ सूचना सम्प्रेषण गर्छ त्यस्तो विषयवस्तु समाचार बन्छ । समाचारका बारेमा भन्ने गरिन्छ, “कुकुरले मान्छेलाई टोक्दा समाचारको विषय बन्न सक्दैन तर मान्छेले कुकुरलाई टोक्यो भने त्यो समाचार बन्छ ।” समाचारलाई रोचक बनाउने भन्दैमा यथार्थलाई परित्याग गर्न चाहिँ पूर्णत: वर्जित छ । समाचार सम्प्रेषणमा संवाददाता पुरै तटस्थ रहनु राम्रो मानिन्छ । उसले आफ्नो राय विचार वा निर्णयभन्दा घटना वा सूचनाको तथ्यपरक विवरण दिए मात्र पुग्छ । समाचारको उद्देश्य आमजनतासम्म सन्देश पुऱ्याउनु हो । यसैले समाचारको भाषा सकेसम्म सरल हुनुपर्छ । समाचारमा छोटा छोटा वाक्य प्रयोग गर्नु राम्रो मानिन्छ । यस्ता वाक्यमा अनावश्यक विशेषण वा क्रियाविशेषण प्रयोग गर्नु राम्रो मानिँदैन । यसैले समाचारको शैली विशिष्ट हुन्छ । यही शैलीगत वैशिष्ट्यकै आधारमा समाचारलाई घटनापरक, प्रक्रियापरक र फिचर गरी तीन प्रकारमा वर्गीकरण गरिन्छ । घटनाप्रधान समाचार प्राय: दृश्य विवरणमा केन्द्रित हुन्छ । यस्तो समाचारमा को ? के ? कहाँ ? किन ? कसरी ? कहिले ? जस्ता प्रश्नको उत्तर खोज्ने प्रयास गरिन्छ । प्रक्रियापरक समाचारमा घटनाको सरसर्ती वर्णन मात्र नगरी तथ्यको विस्तृत व्याख्या, त्यसको पृष्ठभूमि र परिणामका बारेमा पनि उल्लेख गरिएको हुन्छ । फिचरमा चाहिँ कुनै खास घटना वा तथ्यलाई कलात्मक बनाएर प्रस्तुत गरिन्छ । यसैले फिचर अन्य दुई

किसिमका समाचारभन्दा बढी साहित्यिक हुने गर्छ । समग्रमा भन्दा सत्यता, विश्वसनीयता, नवीनता, रोचकता, सन्तुलन, भाषिक सरलता, स्पष्टता र मिठास समाचारका विशेषता हुन् ।

१३. दिइएको समाचारको नमुना पढ्नुहोस् र यसका विषयवस्तु, संरचना र शैलीका बारेमा बुझ्नुहोस् :

तोरी किन्न उपभोक्ता खेतबारीमा

मोरङको कानेपोखरी गाउँपालिकाले तोरी पकेट कार्यक्रम सञ्चालन गरेको छ । किसानले गहुँ खेती घटाएर तोरी लगाएका छन् । कानेपोखरी गाउँपालिका क्षेत्रमा तोरीको उत्पादन विगत वर्षको तुलनामा दोब्बर भएको गाउँपालिकाका कृषि शाखा प्रमुख सागर पौडेलले जानकारी दिनुभयो ।

सामान्यतः प्रतिहेक्टर २७ देखि ३० मन तोरी उत्पादन हुने पौडेलको भनाइ छ । कानेपोखरी-३, हरकपुरका किसान हेमचन्द्र भण्डारीले साढे तीन बिघामा तोरी खेती गर्नुभएको छ । उहाँले २५ मन खेतबाटै बिक्री भइसकेको जानकारी दिनुभयो । अहिले धमाधम तोरी उखेल्ने क्रम चलिरहेको छ । "दिनैजसो तोरी किन्ने खेतमै आइपुग्छन् र पेस्की नगद छोडेर जान्छन्," भण्डारीले भन्नुभयो ।

अर्का किसान जर्मेन टुडूले डेढ बिघामा तोरी लगाउनुभएको छ । आफ्नो जमिन नभएका जर्मेनले अधियाँमा आउने १० मनजति तोरी बिक्री गरिसकेको बताउनुभयो ।

*(गोरखापत्र २०७९माघ २९ बाट साभार समाचार)*

समाचारको विषयवस्तु, संरचना र शैली

(क) यस समाचारको विषयवस्तु मोरङका किसान तोरी खेतीमा आकर्षित भएको तथ्यमा केन्द्रित छ ।

(ख) यस समाचारमा शीर्षक, विषयवस्तु, अनुच्छेद विन्यासको संयोजन मिलाइएको छ ।

(ग) विषयवस्तुको विस्तार गर्दा कहाँ तोरी खेती गरिएको, कसले तोरी खेती गरेको, तोरी खेतीतर्फ किसान लाग्नुको कारण के हो जस्ता प्रश्नको उत्तर खोजिएको छ ।

(घ) समाचारको भाषा सरल छ ।

(ङ) माथिको समाचारले सत्यता, विश्वसनीयता र भाषिक सरलता जस्ता विशेषता बोकेको छ ।

१४. उदाहरण पढी दिइएका बुँदाका आधारमा समाचार तयार पार्नुहोस् :

समाचार टिपोट वा रिपोटिङ

(क) रामेछापको मन्थलीमा बागमती प्रदेशस्तरीय पुरुष भलिबल प्रतियोगिता हुँदै

(ख) प्रतियोगिता माघ ४ देखि ७ गतेसम्म आयोजना गरिने नेपाल खेलकुद महासङ्घ बागमतीका अध्यक्षद्वारा जानकारी

(ग) खेलकुदको नारा 'खेलकुद नागरिकको मौलिक अधिकार, समृद्धिका लागि जनस्वास्थ्य

हाम्रो सरोकार’

(घ) प्रतियोगितामा १३ ओटा जिल्लाका टिमले भाग लिने

समाचार लेखन

प्रदेशस्तरीय भलिबल प्रतियोगिता हुँदै

रामेछाप/ रामेछापमा बाग्मती प्रदेशस्तरीय भलिबल प्रतियोगिता हुने भएको छ । नेपाल खेलकुद महासङ्घ बाग्मती प्रदेश कमिटीले प्रदेशस्तरीय पुरुष भलिबल प्रतियोगिता आयोजना गर्ने भएको हो ।

प्रतियोगिता आगामी माघ ४ देखि ७ गतेसम्म रामेछापको मन्थलीमा हुन लागेको नेपाल खेलकुद महासङ्घ बागमतीका अध्यक्षले जानकारी दिनुभयो । ‘खेलकुद नागरिकको मौलिक अधिकार, समृद्धिका लागि जनस्वास्थ्य हाम्रो सरोकार’ भन्ने मूल नाराका साथ आयोजना गर्न लागिएको सो प्रतियोगितामा प्रदेशभित्रका १३ ओटै जिल्लाका भलिबल टिमको सहभागिता रहने अध्यक्षले बताउनुभयो ।

सडक दुर्घटनाको घटना टिपोट टिपोट वा रिपोटिङका बुँदा

(अ) नारायणगढ चोकमा बस र माइक्रोबस ठक्कर खाएको

(आ) घटना दिउँसो ३ बजे घटेको

(इ) प्रत्यक्षदर्शीका अनुसार माइक्रोबस आफ्नै गतिमा गुडिरहेको

(ई) पैदलयात्रीले जेब्राक्रसबाट बाटो नकाटी अर्को ठाउँबाट बाटो काटेको

(उ) माइक्रोबसका दुई जना यात्री गम्भीर घाइते भएका

(ऊ) प्रहरीले तत्काल उद्धार गरी घाइतेलाई अस्पताल पुऱ्याएको

(ऋ) घाइतेको अवस्था खतरामुक्त रहेको

१५. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

बालविवाह, बालहिंसा, सामाजिक दुर्व्यवहार आदि जघन्य अपराध हुन् । यसको न्यूनीकरणका लागि सङ्घसंस्था तथा स्थानीय निकायको महत्त्वपूर्ण भूमिका रहन्छ । हाम्रो यस विद्यालयमा गठित बालक्लबले पहिले विद्यालयमा र त्यसपछि समाजमा गएर सचेतना फैलाउने उद्देश्य राखेको छ । उक्त उद्देश्यअनुरूप बिदाको दिन गाउँसहरका मुख्य स्थानमा विभिन्न सचेतना कार्यक्रम आयोजना गर्न लागेको छ । बालक्लबले लघुनाटक, प्रहसन, सूचना प्रवाह, आपसी छलफल आदि पद्धति अपनाई समाज सुधारको योजना पनि बनाएको छ । विद्यालयका समग्र बालबालिकाको हकहितका साथसाथै समाज परिवर्तनमा सघाउ पुऱ्याउने उद्देश्यले गर्न खोजिएको यस प्रकृतिका कार्यक्रमका लागि बालक्लबले अक्षयकोष खडा गरिसकेको छ । उक्त कोषमा विद्यालयका शिक्षक कर्मचारीले एक दिनको तलब जम्मा गरी विद्यार्थीको कामलाई थप आर्थिक सहयोग तथा हौसला प्रदान गर्नुभएको छ । बालक्लबले आयोजना गर्न लागेका यस किसिमका कार्यक्रमका लागि यस वडा कार्यालयबाट पनि आर्थिक सहयोग गरी विद्यार्थीको सत्प्रयासलाई हौसला प्रदान गर्नुहुने अपेक्षा गरिएको छ ।

(क) उत्तर दिनुहोस् :

(अ) विद्यालयमा बालक्लब किन गठन गरिन्छ ?

(आ) सचेतना कार्यक्रम कहिले आयोजना गर्न लागिएको छ ?

(इ) बालक्लबले समाजमा कसरी सचेतना फैलाउन खोजेको छ ?

(ई) अक्षयकोषका स्रोतहरू के के हुन् ?

(ख) भाषिक संरचना र वर्णविन्यास पहिचान गर्नुहोस् :

(अ) 'बालक्लबले पहिले विद्यालयमा र त्यसपछि समाजमा गएर सचेतना फैलाउने उद्देश्य राखेको छ ।' यस वाक्यबाट दुईओटा मौलिक शब्द टिपोट गर्नुहोस् ।

(आ) अनुच्छेदबाट कुनै चारओटा करण क्रियापद टिपोट गरी तिनलाई अकरणमा बदल्नुहोस् ।

(इ) 'गाउँसहरका मुख्य स्थानमा विभिन्न सचेतना कार्यक्रम आयोजना गर्न लागेको छ ।' यस वाक्यलाई अकरणमा बदल्नुहोस् ।

(ई) अनुच्छेदबाट 'व' र 'ब' प्रयोग भई बनेका चार चारओटा शब्द टिपोट गर्नुहोस् ।

१६. दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :

प्रहरीको भ्यान बिस्तारै गुड्दै थियो । भ्यानभित्र चारपाँच जना प्रहरी थिए । एक जनाले हातमा माइक लिएर आह्वान गर्दै थिए, "आदरणीय आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू ! हाम्रो टोललाई शान्त बनाउने कार्यमा हाम्रो भूमिका महत्त्वपूर्ण हुन्छ । मादक पदार्थको बिक्री वितरण तथा सेवन कार्यलाई आजैबाट बन्द गरौँ । कहीँ कतै यस्ता गतिविधि देख्नुभयो भने प्रहरी कार्यालयमा फोन गरिदिनुहोला । समुदाय र प्रहरीबिच हातेमालो गरी शान्त समाजको निर्माण गरौँ । मादक पदार्थलाई बहिष्कार गरौँ । धन्यवाद !"

आफ्नो टोलका साथीहरू जम्मा भई टोल सरसफाइका लागि जनचेतना फैलाउन आह्वान गर्नुहोस् ।

## सुनाइ र बोलाइ

१. सुनाइ पाठ १० का आधारमा ठिक बेठिक छुट्याउनुहोस् :

(क) रोहणको भेट विमलसँग भयो ।

(ख) रोहण आँखा देख्दैनथ्यो ।

(ग) विमलले रोहणलाई सडकपारि पुऱ्यायो ।

२. सुनाइ पाठ १० का आधारमा उत्तर भन्नुहोस् :

(क) रोहण मन्दिरमा बसेर के गर्थ्यो ?

(ख) विमलले किन रोहणलाई विद्यालय पठाउन आफ्ना बाबालाई अनुरोध गऱ्यो ?

(ग) रोहणले कसरी लेख्न पढ्न सिक्यो ?

## भाषिक संरचना र वर्णविन्यास

१. दिइएका उदाहरण पढ्नुहोस् र बुझ्नुहोस् :

| करण | अकरण |
|---|---|
| (क) म घर जान्छु । | (क) म घर जाँदिनँ/जान्नँ । |
| (ख) तपाईंले चलचित्र हेर्नुभयो । | (ख) तपाईंले चलचित्र हेर्नुभएन । |
| (ग) भाइ सधैँ खेल्छ । | (ग) भाइ सधैँ खेल्दैन । |
| (घ) सुम्निमा किताब पढ्ने छिन् । | (घ) सुम्निमा किताब पढ्ने छैनन् । |

तालिकामा दिइएका 'जान्छु', 'हेर्नुभयो', 'खेल्छ', 'पढ्ने छिन्' जस्ता क्रियापदले 'सकारात्मक' वा 'हो' भन्ने अर्थ बुझाएका छन् । त्यसैले यी वाक्यहरू करण हुन् । त्यसैगरी अर्को तालिकाका 'जाँदिनँ/जान्नँ', 'हेर्नुभएन', 'खेल्दैन', 'पढ्ने छैनन्' जस्ता क्रियापदले 'नकारात्मक' वा 'होइन' भन्ने अर्थ बुझाएका छन् । त्यसैले यी वाक्यहरू अकरण हुन् ।

(क) करण अकरण वाक्यान्तरण

(अ) क्रियापदको सुरुमा 'न' थपिएर अकरण बन्ने स्थिति

| करण | अकरण |
|---|---|
| तिमी घर जाऊ । | तिमी घर नजाऊ । |
| ऊ किताब पढोस् । | ऊ किताब नपढोस् । |

(आ) क्रियापदको बिचमा 'न' थपिएर अकरण बन्ने स्थिति

| करण | अकरण |
|---|---|
| म घर गएछु । | म घर गएनछु । |
| माधव काम गर्थ्यो । | माधव काम गर्दैनथ्यो । |

(इ) क्रियापदको अन्त्यमा 'न' थपिएर अकरण बन्ने स्थिति

| करण | अकरण |
|---|---|
| काका घरमा आउनुभयो । | काका घरमा आउनुभएन । |
| बहिनी कविता सुनाउँदै थिई । | बहिनी कविता सुनाउँदै थिइन । |

(ख) दोहोरो वा युगल करण अकरण

| करण | अकरण |
|---|---|
| तिमी जता पनि जान्छौ । | तिमी कतै पनि जाँदैनौ । |
| घाम लागे न्यानो हुन्छ । | घाम नलागे न्यानो हुँदैन । |
| जसले मह काढ्छ, उसले हात चाट्छ । | जसले मह काढ्दैन, उसले हात चाट्दैन । |

२. दिइएको अनुच्छेद पढी करण र अकरण क्रियापद पहिचान गर्नुहोस् :

म सरासर बाटामा हिँडिरहेँ । एक जना केटाले मलाई बोलाएछ । मैले सुनिनछु । उसले चिच्याएपछि मात्र मैले सुनेँ । उसले भन्यो, "तपाईँ सहर हिँड्नुभएको रहेछ । यो बाटो बिग्रिएको छ । यहाँबाट नहिँड्नुहोला । दुर्घटना हुन सक्छ । माथिबाट ढुङ्गा खसिरहन्छ । यहाँबाट कोही पनि हिँड्दैनन् ।" अब म ढुक्क भएँ । केटाले मलाई गाली होइन सुझाव पो दिएको रहेछ ।

३. उदाहरण हेरेर दिइएको अनुच्छेदका क्रियापद अकरण बनाई वाक्य पुनर्लेखन गर्नुहोस् :

*उदाहरण*

करण वाक्य : प्रमोदले बसपार्कबाट टिकट लियो ।

अकरण वाक्य : प्रमोदले बसपार्कबाट टिकट लिएन ।

प्रमोदले बसपार्कबाट टिकट लियो । बिहान ७ बजे गाडी छुट्यो । बाटो बिग्रिएको रहेछ । बाटामा गाडी र मान्छेको भिड थियो । बाहिर निस्कनासाथ उसले साथी भेट्यो । दुवै जनाले खाजा खाए । खाजाको ऊर्जाले उनीहरू भलाकुसारीमा व्यस्त होलान् ।

४. उदाहरण हेरी करण भए अकरण र अकरण भए करण बनाउनुहोस् :

*उदाहरण*

(क) आज घाम लाग्यो ।
आज घाम लागेन ।

(ख) धारामा सफा पानी आएछ ।

(ग) तपाईं तरकारी खेती गर्नुहुन्न ।

(घ) भोलि ग्रहण लाग्ने छैन ।

(ङ) अन्जना पौडी खेल्छिन् ।

(च) मदनले गमलामा फूल रोपेनन् ।

(छ) भाइ एक्लै घर गएछ ।

(ज) काठमाडौँमा गर्मी बढेनछ ।

५. कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :

> *उदाहरण*
>
> (क) उनीहरू अभिनय गर्थे । (अकरण)
>
> उनीहरू अभिनय गर्दैनथे ।

(ख) आमाले नबोलाउनुभएको भए म फर्किन्नथेँ । (करण)

(ग) पाथीभरामा हिउँ पऱ्यो । (अकरण)

(घ) तिमीले भनेको कुरा कसैले पनि मान्दैनन् । (करण)

(ङ) उसले गीत गायो भने म नाच्छु । (अकरण)

(च) अब दुई दिन पानी नपर्ला कि । (करण)

(छ) उनीहरू असल नागरिक बने । (अकरण)

(ज) मेरा साथी फुटबल खेल्दै थिए । (अकरण)

६. पाठबाट दशओटा करण क्रियापद टिपी तिनलाई अकरण बनाउनुहोस् ।

७. उदाहरण पढेर दिइएका अनुच्छेदमा 'व' र 'ब' प्रयोग भएका शब्द पहिचान गरी कापीमा टिपोट गर्नुहोस् :

| 'व' प्रयोग भएका शब्द | 'ब' प्रयोग भएका शब्द |
|---|---|
| वनस्पति, वक्ता, वाणिज्य, जवानी, व्यवहार, वातावरण, मानव, विशेष, व्यङ्ग्य, करुवा | बकुल्लो, सम्बन्ध, अम्बा, ब्याज, अखबार, बिखर्ची, निबन्ध, बतास, खम्बा, बदमास |

(क) भूकम्पमा बरबाद भएको धरहरा बनेकाले अब म पनि आमाबुबा र बहिनीलाई लिएर धरहरा हेर्न जान्छु अनि खाजाघरमा गएर बारा र बिरौँला खान्छु ।

(ख) राम्रो वकालत गरेर वाहवाह कमाएका दुई जना वकिल भवन वरपरको चउरमा वाल्ल परेर हेर्दै थिए । उनीहरू अदालत गए वा वडा कार्यालय मलाई थाहै भएन ।

(ग) बकुल्लो र कछुवा मिल्ने साथी थिए । उनीहरूको व्यवहार, स्वभाव, भावना सबै मिल्थ्यो । उनीहरू बिस्तारै खोलावारि आए । अम्बाको बोक्रा भुइँमा थियो । त्यसमाथि कछुवा बसेर हावा खान थाल्यो । नजिकै निबुवाको बिरुवा थियो । त्यहाँ गएर बकुल्लाले एकछिन विश्राम लियो ।

८. पाठबाट 'व' र 'ब' प्रयोग भएका दश दशओटा शब्द टिपोट गर्नुहोस् ।

९. तलका शब्द समूहबाट शुद्ध शब्द चिनेर लेख्नुहोस् :

| | | | | |
|---|---|---|---|---|
| (क) | वावर | बावर | वाबर | बाबर |
| (ख) | वेखबर | वेखवर | बेखबर | बेखवर |
| (ग) | वाताबरण | वातावरण | बाताबरण | बातावरण |
| (घ) | विवाह | बिबाह | बिवाह | विबाह |

१०. शब्दकोशको सहयोगबाट दिइएका अनुच्छेद शुद्ध बनाई वाक्य पुनर्लेखन गर्नुहोस् :

(क) वुद्धप्रसाद, वुद्धिनाथ, वलबहादुर र अम्विकादेवीले धरहरा हेरे । गगनचुम्वी धरहरा हेर्न उनीहरू जस्तै वाँके, वर्दिया, वझाङ, वैतडीबाट मात्र होइन बर्दिवासबाट समेत मान्छे आए ।

(ख) बिजय वेदविद्याश्रममा बेद पढ्छन् । विबेक, वृषभनाथ, बर्षमान, बिज्ञानराम र बिकल्पप्रसाद पनि बेद बिद्यालयमा बैदिक मन्त्र पढ्छन् । कबिता र सबिता पनि बिक्रम संबत् २०७८ को शैक्षिक सत्रमा बेद पढ्न भर्ना भएका छन् । पढ्नु विद्यार्थीको कर्तब्य हो । पढाइले मान्छेको ब्यवहारमा सकारात्मक परिबर्तन ल्याइदिन्छ ।

११. पाठ वा अन्य पाठ्य सामग्रीबाट 'व' लेख्दा 'ब' उच्चारण हुने र 'ब' लेख्दा 'व' उच्चारण हुने अनि 'व' लेख्दा 'व' नै उच्चारण हुने शब्द सङ्कलन गरी अलग अलग सूची बनाउनुहोस् ।

## सिर्जना र परियोजना कार्य

१. तपाइँ सहभागी भएको कुनै सांस्कृतिक कार्यक्रमका विवरण टिपोट गरी समाचार तयार पार्नुहोस् ।

२. स्थानीय वा राष्ट्रिय पत्रपत्रिकामा प्रकाशित एक एकओटा बधाई र समवेदना पत्र सङ्कलन गर्नुहोस् ।

# पत्र रचना

**परिचय**

एउटा व्यक्तिको भावना अर्को व्यक्तिसम्म पुऱ्याउने सञ्चारको सहज माध्यम चिठी हो । कुनै कार्यालयमा कुनै विषयमा केही भन्नुपरेमा, कुनै व्यापारिक संस्थाबाट सामान मगाउनुपरेमा, कसैलाई केही कार्यका लागि निमन्त्रणा दिनुपरेमा तथा व्यक्ति वा संस्थाको कुनै उत्पादनको विज्ञापन गर्नुपरेमा चिठीको ठुलो भूमिका रहन्छ । आफ्ना नातेदार, इष्टमित्र आदिलाई लेखिने चिठी घरायसी वा व्यक्तिगत हो । एउटा व्यावसायिक संस्थाले अर्को व्यावसायिक संस्थालाई सामान खरिदबिक्रीका विषयमा केन्द्रित भएर लेख्ने चिठी व्यावसायिक चिठी हो । व्यक्ति वा कार्यालयले अर्को कार्यालयलाई लेख्ने चिठी कार्यालयीय चिठी हो ।

(क) घरायसी चिठीको संरचना

मिति

ठेगाना

सम्बोधन

शिष्टाचार

कुशलकामना ...........................................................................................................

विषय प्रवेश .................................. मुख्य कुरा .............................. टुङ्ग्याउनी ............................

सम्बोधितसँगको सम्बन्ध

हस्ताक्षर वा लेखकको नाम

(ख) कार्यालयीय चिठीको संरचना

कार्यालयको नाम

ठेगाना

मिति

प.स. .......

च.न. .......

कार्यालयको नाम

कार्यालयको ठेगाना

विषय : .....................................

महोदय / महाशय,

विषय प्रवेश र सन्देश ..............................................................

( ........... )

नाम

पद

*(व्यक्तिले संस्थालाई लेख्दा शीर्ष स्थानमा रहेको संस्थाको नाम, ठेगाना तथा प.स., च.न. आदि लेख्नुपर्दैन)*

(ग) व्यावसायिक चिठीको संरचना

पत्र लेख्ने व्यावसायिक संस्थाको नाम

ठेगाना

मिति

सम्बोधन

संस्थाको नाम

संस्थाको ठेगाना

विषय : .....................................

विषय प्रवेश र सन्देश ...........................................................................................................

विवरण

१. ...............................

२. ..............................

सामग्रीबापतको अग्रिम भुक्तानी र समापन

.........................................................................................

...............................................................................................................

भवदीय

नाम

पद

(घ) सम्पादकलाई चिठीको संरचना

| |
|---|
| मिति<br><br>सम्बोधन<br>पत्रिकाको नाम र ठेगाना<br>महोदय,<br>विषय प्रवेश र विषयवस्तु वर्णन ...................................................................<br><br>भवदीय<br>नाम<br>ठेगाना |

पाठ ११ : कथा

# कर्तव्य

*गुरूप्रसाद मैनाली*

परिचय

गुरूप्रसाद मैनाली (वि.सं. १९५७ - २०२८) सामाजिक यथार्थवादी कथाकार हुन् । उनको कथा लेखनको सुरुआत 'शारदा' मासिक पत्रिकामा प्रकाशित 'नासो' (१९९२) कथाबाट भएको हो । नासो कथाको प्रकाशनसँगै नेपाली कथा साहित्यमा आधुनिकता भित्रिएको मानिन्छ । त्यसैले मैनालीलाई प्रथम आधुनिक नेपाली कथाकार पनि भनिन्छ । 'नासो' कथासङ्ग्रहमा नासो, छिमेकी, परालको आगो, कर्तव्य, सहिद, बिदालगायत एघारओटा कथाहरू सङ्कलित छन् । यी कथाहरूमा समाजमा घट्ने यथार्थ घटनाहरूलाई आधार बनाइएको छ । कथाकार मैनालीले नेपालको ग्रामीण समाजको मूल्य र मान्यतालाई प्रस्तुत गर्दै मानवीय संवेदनालाई चट्ट मुटु छुने गरी व्यक्त गरेका छन् । कथाकार स्वयम्ले आदर्शमा विश्वास गर्ने भएकाले कथामा एक न एक पात्रलाई आदर्शवादी बनाएर असल व्यवहारतर्फ जान प्रेरित गर्दछन् । निम्न वर्गीय मानिसहरूका सुखदुःख तथा सामाजिक कुसंस्कार, कुरीति, अशिक्षा, गरिबी जस्ता सामाजिक समस्याहरूमा केन्द्रित भएर सरल भाषाशैलीमा मार्मिक कथा लेख्नु उनको विशेषता हो ।

प्रस्तुत 'कर्तव्य' कथा सामाजिक विषयवस्तुमा संरचित उत्कृष्ट सामाजिक कथा हो । यस कथाले दाजुभाइबिच हुने मनमुटाब र भ्रातृप्रेमलाई प्रस्तुत गरेको छ । सम्पत्तिभन्दा मानवीय सम्बन्ध ठुलो हुने निष्कर्षसहित कथाको समापन भएको छ । कोही पनि आफ्नो कर्तव्य र जिम्मेवारीबाट पन्छिनु नहुने, परिवारको कुलपरम्परालाई संरक्षण गर्दै आदर्श समाज स्थापना गर्नुपर्ने सन्देश कथाले प्रवाह गरेको छ ।

*सिकाइ उपलब्धि*

१. सस्वर र मौन पठन गर्न
२. पाठगत शब्दको उच्चारण, अर्थबोध र प्रयोग गर्न
३. उखान र टुक्काको पहिचान र प्रयोग गर्न
४. संरचना, घटना, परिवेश पहिचान र वर्णन गर्न
५. घटनाक्रम टिपोट गर्न
६. चरित्र वर्णन तथा तुलना गर्न
७. पाठगतबोध प्रश्नोत्तर, व्याख्या र सार लेखन गर्न
८. तार्किक र समीक्षात्मक उत्तर दिन
९. अनुकरणात्मक तथा स्वतन्त्र कथा रचना गर्न
१०. नाम धातुको पहिचान र प्रयोग गर्न
११. सामान्य वाक्य र प्रेरणार्थक वाक्य पहिचान गरी वाक्यान्तरण गर्न
१२. 'रि' र 'ऋ' लागेर बनेका शब्दको पहिचान गरी प्रयोग गर्न

## मूल पाठ

लगालग नौ दिन ज्वरो आएर मुखिया गङ्गाधरले संसार छोडे । उनी एउटा महान् पुरुष थिए । आफ्नो विपुल सम्पत्तिलाई उनी सधैँ 'जनताको थाती' भन्थे र आफूलाई त्यस सम्पत्तिको केवल एउटा सञ्चालक मात्र सम्झन्थे । गरिबको चुलामा आगो नबलेको र सुत्केरी भोको रहेको समाचार सुन्नेबित्तिकै बोलाएर चाहिँदो अन्नपैसा दिई पठाउँथे । कसैले तिर्ने भाका सोध्यो भने "सके तिर्नू, नसके तिमीहरूकै हो" भन्ने जवाफ दिन्थे । उनको जीवनकालमा कसैको बिहाबर्तुन, किरियाश्राद्ध, दसैँतिहार अड्केन । गाउँका दीनहीन गरिबहरू बिरामी परेको सुन्नासाथ ओखतीमुलो लिएर उसका भत्केका झुपडीमा पुग्थे । गाउँका गरिबहरूलाई 'मुखिया बाको जिउ छइन्जेल हामीले अन्यायमा मर्नु पर्दैन' भन्ने दृढ विश्वास थियो । उनी आँगनमा आएर नउभिदिएसम्म मानिसहरू आफ्नो चाडवाड, काजकल्याण अपूर्ण सम्झन्थे । कसैले अन्याय गऱ्यो भने वरिपरि दश गाउँका दुनियाँ उनैका ढोकामा फिराद गर्न आइपुग्थे । उनको शासनकालमा कसैलाई कसैले सताउन पाएन ।

गाउँका तालुकदार भए पनि उनी 'मुखियाबा' का नाउँले प्रसिद्ध थिए । उनी गाउँतिर झरे भने गाउँका सारा केटाकेटीहरू 'मुखियाबा मुखियाबा' भन्ने कोहोलो हाल्दै आउँथे र कोही औँला, कोही लेबेदाको फेर, कोही उनको लट्ठी समाउँथे । केटाकेटीहरूले त्यसो गर्दा बुढा मुसुमुसु हाँसेर कसैको गाला थपथपाउँथे, कसैको चिउँडो उचालेर हाँस्थे । यस प्रकारले गाउँका युवावृद्धा, बालवनिता सबैका निमित्त उनी अपार प्रिय थिए । उनलाई ग्रामपिता भन्नु कति अत्युक्ति थिएन ।

उनको देहावसानले गर्दा वरिपरि दश गाउँको अपार क्षति भो । भोकानाङ्गा, दुःखीदरिद्रीका बाबु मरे । बुढाबुढीको टेक्ने लट्ठी भाँचियो । न्यायको बत्ती निभ्यो । अनाथ अशक्तहरूको आशास्तम्भ ढल्यो । गाउँका 'धन्वन्तरी' अस्ताए ।

बिरामी कुर्न बसेका दश गाउँका दुनियाँ डाको छोडेर रुन लागे । एउटा ठुलो आर्तनाद दिग्दिगन्तमा व्याप्त भो । केही बेरपछि शव उठाएर खोलातिर लगे । मलामीको लर्को गाउँदेखि तल खोलासम्म पुग्यो । मानिसहरूले भने "कसैको मरण होस् त यस प्रकारको होस् ।"

### शब्दार्थ

*विपुल* : *विशाल, प्रशस्त*

*थाती* : *थमौती, नासो*

*भाका* : *म्याद, अवधी, समय*

*बिहाबर्तुन* : *विवाह, व्रतबन्ध*

*तालुकदार* : *जग्गावालसँग सरकारी कर वा तिरो उठाउने व्यक्ति*

*आर्तनाद* : *करुण क्रन्दन, पीडाले कराएको आवाज*

*दिग्दिगन्त* : *चारैतिर चारैदिशा, जतातत‌ै*

*शव* : *मुर्दा, मृत शरीर, लाश*

*लर्को* : *लामो, ताती, लाम, लस्कर*

गङ्गाधरका दुई छोरा थिए, जेठा मुरलीधर र कान्छा श्रीधर । मुरलीधर पण्डित थिए । सबेरै न्वाउँथे, आधा दिनसम्म पूजापाठ गर्थे । उनी आफ्नो धर्म र संस्कृतिका उपर असीम श्रद्धा राख्दथे । आफ्ना पिताका झैँ उनी पनि अरूलाई सताउनु महापाप सम्झन्थे । मानिसहरू उनलाई जिल्लाका टाढाटाढा ठाउँमा बोलाएर सप्ताह पुराण सुन्थे । उनी एउटा वास्तवमा सच्चा ब्राह्मण थिए । धोतीमाथि लामो लबेदा, लबेदामाथि सेतो पटुका, शिरमा मखमलको रातो टोपी, काँधमा च्यादर, ललाटमा चन्दन, उनी सधैँ यही परिधानमा हिँड्थे । जिल्लामा 'मुरली पण्डित'का नामले विख्यात थिए । महिलाहरूको गृहकलहले गर्दा उनी बाबुसँग अघि नै छुट्टिएर बेग्लै बसेका थिए । उनका दुई जना छोरी मात्र थिए, छोरा थिएनन् ।

यता भाइ श्रीधर चाहिँ राजनीतिक पार्टीका सदस्य र ग्राम विकासका प्रधान थिए । उनले दशौँ श्रेणीसम्म अङ्ग्रेजी पढेका थिए । उनी धोक्रे सुरुवाल र कुर्ता लाउँथे । जुँगा, दारी खौरेर लामो बुलबुल पालेका थिए । कहिलेकाहीँ बुलबुलको अग्रभाग निधारतिर झऱ्यो भने टाउको झड्कारेर पछाडितिर सार्थे । आधा अङ्ग्रेजी, चौथाइ संस्कृत, चौथाइ नेपाली मिसाएर कुरा गर्थे । त्यसो हुनाले उनले गरेका कुरा अशिक्षित ग्रामीण जनताहरू चौथाइ मात्र बुझ्दथे । पूजापाठ गर्नु, टीकाचन्दन लगाउनु दासत्वको चिह्न हो भन्थे । वीरगन्जको अधिवेशनमा जाँदा गोरखपुरमा 'केलनर'को होटलभित्र पसेर के के, के के खाए भनी उनका साथीहरू भन्थे । उनी आफूलाई जिल्लाभरिको प्रमुख प्रगतिवादी सम्झन्थे । हातमा चन्दा बुक लिएर चन्दा माग्दै हिँड्थे । त्रासले भनूँ या आशले भनूँ जिल्लाका सानाठुला सबै मानिसहरूमा उनको निकै धाक थियो । जिल्ला गाउँका मानिसहरू उनबाट अर्थोकमा भन्दा धनीहरूको अधियाँ बाली कब्जा गर्ने, अधीन गर्ने, साहु विर्तावालहरूको लरलहना, झाराखेताला हड्प्ने काममा विशेष सहायता पाउँथे । जिल्लामा उनी 'शर्माजी' का नाउँले प्रख्यात थिए ।

छोराहरू भिन्न हुँदा 'पिपले' भन्ने सयमुरी खेत बुढाले आफ्नो जिउनी राखेका थिए । कुलाको पानी लाग्ने, खोलापैराको डर नभएको, मानामुरी फल्ने, डोल परेको साह्रै असल खेत थियो ।

क्रिया सिद्धिएका केही दिनपछि बाबुको जिउनी खेतको विषयमा मुरलीधर र श्रीधरका बिच विवाद उठ्यो । बाबुसँग बसेकाले ऐन सवालले एकलौटी हुने भन्ने श्रीधरको र मर्ने बेलामा "मेरा दुवै छोरा बराबर हुन्, आधाआधा बाँढेर खानू" भनी बाले भनेर जानुभएकाले आधामा मेरो पनि हक लाग्ने भन्ने मुरलीधरको भनाइ थियो ।

| | | |
|---|---|---|
| *ललाट* | *:* | *मस्तक, निधार, पुर्पुरो, माथ* |
| *परिधान* | *:* | *पहिरन* |
| *बुलबुल* | *:* | *अघिल्तिर लामा रौँ राखेर कपाल पाल्ने ढाँचा* |
| *प्रगतिवादी* | *:* | *प्रगति चाहने, उन्नति भनेपछि हुरुक्क हुने* |
| *अधियाँ* | *:* | *जग्गा कमाउनेले आधी बाली तिर्ने चलन, बटैया* |
| *लरलहना* | *:* | *लगानी, लेनदेन, कुटुम्बको सम्बन्ध* |
| *जिउनी* | *:* | *बाबुआमाले छोराछोरीलाई अंश दिएपछि आफ्ना लागि राखेको सम्पत्ति* |
| *डोल* | *:* | *दुई डाँडाका बिचको खेतीयोग्य होचो सोतो उर्वर जमिन* |

पैंतालिस दिनको काम सिद्धिएका भोलिपल्ट जिउनी खेतको निर्णयका निमित्त मुरलीधरले गाउँका मानिसहरूलाई बोलाए । जुन आँगनमा दश गाउँका दुनियाँको होचीअर्घेली, न्यायअन्यायको निरोपण हुन्थ्यो, आज त्यही आँगनमा उनै न्यायाधीशका दुई सन्तानको निसाफ गर्न गाउँका मानिसहरू भेला भए । मानिसहरूको दुई मत भो । उमेर पुगेका बुढापाकाले मुरलीधरको पक्ष लिए । श्रीधरका प्रभावमा परेको नयाँ ठिटाहरूले चाहिँ श्रीधरको । सम्पत्तिका धनी बाबुले नै "दुवै छोराले आधा आधा खानू" भनेर गएपछि त्यस महाआत्माको अन्तिम आज्ञा श्रीधरले मान्नैपर्छ भन्ने निर्णय बुढापाकाले गरे, आधाआधा खानू भन्ने लिखत पण्डित बाजेले देखाउन नसकेपछि बाबु जुन छोरासँग बसेका हुन्, ऐनकानुनले जिउनी उसै छोराको एकलौटी हुन्छ भन्ने फैसला ठिटाहरूले गरे । बुढापाकाले धर्मको न्याय गरे, ठिटाहरूले ऐनको । भोज सम्झेर गाउँका सारा कुकुरहरू पनि त्यहीँ जम्मा भएका थिए । परस्पर ठूलो विवाद भो । हुल्लडवाज नयाँ ठिटाहरूका अगाडि बुढापाकाहरूको केही जोर चलेन । आखिर न्यायको केही टुङ्गो नलागी सभा विसर्जन भो । भेला भएका ठिटाहरू बुढापाकाहरूलाई छेड हानेर हाँस्दै घरतिर गए । बुढापाकाहरू पनि लाखापाखा लागे ।



ग्रामसभा विसर्जन भएका अलि दिनपछि बाबुका अन्तिम आज्ञाको आधार लिएर मुरलीधरले अदालतमा नालिस दिए । धुमधामसँग मुद्दा चल्यो,गाउँका बुढापाका, तरुनतन्नेरी साराले बकपत्र गर्नुपऱ्यो । साक्षी बक्दा पनि गाउँ दुई भागमा विभक्त भो । "मर्ने वेला दुवै छोराले आधाआधा बाँडेर खानू भनी बुढाले भनेको हामीले प्रत्यक्ष देखेसुनेका हौं ।" भनी बुढापाकाले बकपत्र गरे, ठिटाहरूले चाहिँ "होइन" भने । होइन भन्नेकै सङ्ख्या बर्ता भो ।

*निरोपण* : *निरूपण, विवेक पुऱ्याएर गरिने निर्णय वा निर्क्योल*

*लिखित* : *लेखिएको कागज, लेखेको कुरो, लेखिएको प्रमाण*

*बकपत्र* : *साक्षीको बयान लेखिएको कागज*

जनक्रान्तिदेखि यता श्रीधरले अड्डाखानामा पनि आफ्नो रोबरवाफ प्रशस्त जमाइराखेका थिए । भने जस्तो भएन भने बजारमा ढ्वाङ फुकेर पर्चा बाँड्दै हिँड्थे । त्यसो हुनाले अदालतका डिट्ठाविचारीहरू श्रीधरसँग अलि झस्कन्थे । उसमाथि अदालतमा मामिलाको निरोपण हुँदा बकितम्लाई भन्दा लिखितम्लाई बर्ता महत्त्व दिने रीति छ । हरेक विवादमा ऐनकानुनकै आधार लिइन्छ । कानुन श्रीधरका पक्षमा थियो । अन्त्यमा डिट्ठाविचारीले कानुनकै आज्ञा पालना गरे । जिउनी श्रीधरले पाए, मुरलीधरको हार भो ।

यता केही महिनादेखि श्रीधर बिरामी छन् । उनलाई तपनी ज्वरो आइरहन्छ, खोकी लाग्छ, छाती दुख्छ भन्छन् । बेथा आहारविहारको दोषबाट भएको भन्थे । शरीर सुकेर हाडछाला मात्र बाँकी थियो ।

यस्तै बेलामा कुटुम्बले छोरा शशीधरलाई छोरी दिन आए । कुटुम्ब धनीमानी थिए । जिल्लामा उनको ठुलो ख्याति थियो । मधेशतिर तीनचार मौजा जिमीदारी छ भन्थे । सन्तानमा केवल यिनै एउटी छोरीमात्र हुन् भन्ने सुनिन्थ्यो । शशीधर भरखर पन्ध्र वर्षमात्र लागेको थियो, आदर्श विद्यालयको दशौँ कक्षामा पढ्थ्यो । ठिटो राम्रो र बहुतै मेधावी थियो । छोराको यति सानै उमेरमा बिहा गर्न त श्रीधरको मन थिएन । तर एउटी छोरीमात्र भएका धनी कुटुम्बले घरै आएर छोरी दिँदा उनी बडो असमञ्जसमा परे । उता महिलाहरूले पनि बिहा गर्नै पर्छ भनेर करकर गर्न थाले । उनले महिलाको हठलाई नाइँनास्ति गर्न सकेनन् । कामकुरो छिनियो । खुब मन फुकाएर बिहाका मालसर्जाम तयार गर्न थाले ।

वैशाखको महिना थियो । मुरलीधर न्वाएर पूजाकोठामा पसेका मात्रै थिए, श्रीधरका घरमा बाजा बज्न लागेको सुनेर झ्यालबाट हेर्न लागे । आँगनमा चौकाचँदुआ गरेको, चारैतिर तोरण टाँगेको, मण्डप ध्वजापताकाले सिँगारिराखेको, निम्तामा आएका नसनाताहरू राम्रा राम्रा लुगा लाएर बाहिरभित्र गरिरहेका, अरू इष्टमित्रहरू चाहिँ दलान, फलैँचा, बैठकमा डम्माडम्मी भएर बसेका, मण्डपमा यज्ञसामग्रीहरू फिँजिराखेका, पुरोहित वेदी अगाडि बसेर यज्ञविधि गर्न लागेका, बडो अपूर्व शोभा देखिन्थ्यो । एक छिनपछि सकीनसकी मण्डपमा आएर श्रीधरले पूर्वाङ्ग कर्म गर्न लागे ।

*रोबरवाफ : धाक र ढाचाकाचा, धक्कु, तडकभडक*

*बकितम् : बकेको वा बोलेको कुरो*

*लिखितम् : लिखित लेखोट, लेखेर गरिने कारोबार*

*तपनी ज्वरो : मन्द ज्वरो, हलुका तवरले आइरहने ज्वरो*

*आहारविहार : खानपिन, पथपरहेज, रहनसहन*

*कुटुम्ब : बन्धुवर्ग, नातागोता सन्तान, विवाह सम्बन्धबाट भएका आफन्तहरू*

*मौजा : जमिनको ठुलो भूभाग*

*जिमीदारी : जिम्मवालको खान्गी, पद वा मौजा, भूमिपतिको पद*

*मेधावी : बुद्धि भएको, प्रतिभावान्*

*असमञ्जय : दोधारको अवस्था*

*वेदी : धार्मिक कार्यका लागि अग्लो वा सम्म पारेर बनाइएको स्थल, धार्मिक मञ्च*

*पूर्वाङ्ग : शुभकार्यमा गरिने प्रारम्भिक विधिविधान*

तर घरगृहस्थीको यति ठुलो चाडउत्सवमा दुई कान्लामाथि घर भएका आफ्ना सहोदर दाज्यूभाउज्यूलाई श्रीधरले बोलाएनन् । अरूलाई नभए पनि दाज्यूका दुई जना छोरीलाई त अवश्य डाक्नुपर्थ्यो । तिनीहरूलाई पनि डाकेनन् ।

मुरलीधरको मन एक तमासको भो । घोरिएर आकाशपट्टि हेर्न लागे । अतीतका अनेक स्मृतिहरू उनका सामुन्ने साकार भएर आए । एकपटक स्वर्गीय पिताको तेजस्वी अनुहारको पनि सम्झना भो । केही बेरपछि बर्र आँसु झारेर आफ्नो नित्य कर्म गर्न थाले ।

अपराह्नतिर दुलाहा अन्माउन थाले । मुरलीधर आफ्नो पूजाकोठाको झ्यालमा उभिएर हेरिरहेका थिए । एक छिनपछि बाजाबालाहरू मङ्गलधुन बजाउँदै अघि अघि हिँडे । त्यसपछि दुलाहाको तामदान चल्यो । शशीधर बिहाका राम्रा राम्रा पोसाक लाएर ताम्दानमाथि बसेको थियो । शिरमा जरीवाल गुलाफी पगरी, काँधमा रातो दोसल्ला, गलामा फूलको माला, निधारमा पहेँलो ठाडो तिलक, कानमा उज्ज्वल टप लगाएको गन्धर्व जस्तो देखिन्थ्यो । शशीधरलाई दुलाहाका रूपमा तामदानमा बसेको देखेर हर्षले मुरलीधरको गहभरि आँसु भो, मनमनमा भने "कुलको जेठो सन्तान, मेरो पिण्डपानीको दाता !"

मुरलीधरले सबै बरियातीलाई एक एक गरेर हेरे । बुढोपाको एउटा थिएन, सबै अल्लारे ठिटा मात्रै । सबैका हातहातमा चुरोट थियो, बेफ्वाकसँग धुवाँ उडाइरहेका थिए । श्रीधरचाहिँ फलैँचामा ओछ्यान लाएर पल्टिरहेका थिए ।

मुरलीधरले मनमनमा भने, "खोलामा बाको कत्रो नाउँ छ । आज पनि घर घरमा बाकै यश र कीर्तिको चर्चा हुन्छ । उसमाथि त्यस्ता घरानियाँ कुटुम्बका दैलामा बरियात जानु छ । यी ठिटाहरू चुरोट फुक्न र पुड्नपुच्छरको उट्पटाङ गफ चुट्नबाहेक अर्थोक जान्दैनन् । बाबुचाहिँ ओछ्यानमा लम्पसार परिरहेछ । यिनले बाबुबाजेको नाउँ इज्जत पखाल्न आँटे । अब आँखा चिम्लेर बस्नु भएन" भनेर मुरलीधर आफ्ना कोठामा पसे अनि लुगासुगा लाएर उनले जहानसँग भने, "कमला, मेरो दोसल्ला झिकिदेऊ ।" पतिलाई लुगासुगा लाएर हिँड्न तम्तयार भएको देखेर कमलाले भनिन्, "यस्तो टट्यानपुर घाममा कता हिँड्न लाग्नुभाको नि ?"

| | | |
|---|---|---|
| *सहोदर* | : | *साक्खै, एउटै आमाबाट जन्मेको* |
| *अतीत* | : | *बितेको समय, गुज्रेको काल* |
| *तेजस्वी* | : | *तेज भएको, उज्ज्वल, प्रतापी, चमकदार* |
| *तामदान* | : | *मानिसले मनिसलाई बोक्ने साधन* |
| *बरियाती* | : | *जन्त, बरियाँती* |
| *टट्यानपुर* | : | *टन्टलापुर* |

"जन्त ।"

"जन्त ? नबोलाईकन त कुकुर पनि नजाओस् ।"

"ठिक भन्यौ, कुकुर अज्ञानी पशु हुनाले बोलाएपछि मात्र जान्छ, मानिस चाहिँ ज्ञानवान् हुनाले बखत मौका विचार गरेर आफैं पनि जानुपर्छ ।"

"अँ, नबोलाईकन पनि जानुपर्छ । दाज्यूलाई बाबुले मर्ने वेलामा दिएको खेत पनि खोसेर खाने त्यस्ता असत्तीको....."

"खाउन् आखिरमा त मेरो खाने पनि यिनै हुन् । मरेपछि खानुपर्थ्यो, जिउँदैमा खाए । त्यसको पापधर्म उनैलाई छ ।"

"भो, म त मारे पनि जान दिन्नँ । उनलाई दाज्यूभाउजू नचाहिएपछि हामीले मात्रै किन अँगालो हाल्दै हिँड्ने ?"

"त्यसलाई अँगालो हाल्न जान लागेको होइन कमला यहाँ बाबुबाजेको मानमर्यादा डुब्न लाग्यो । कुलमा सबैभन्दा जेठो सन्तानको बिहे, उसमाथि त्यत्रा घरानियाँ कुटुम्बका आँगनमा बरियाती लैजानु छ । बाबुचाहिँ फलैँचामा ओछ्यान लाएर लडिरहेको छ । जन्तीमा बुढोपाका एउटा छैनन् । खालि ओठ निचार्दा दुध झर्ने अल्लारे ठिटा मात्र छन् । घरगृहस्थीको यति ठुलो काममा घरको एक भाइ पनि नगए जोरीपारीले के भन्लान् ? स्वर्गमा बसेका पितृहरूले के भनिठान्लान् ? तिमी अर्काको घरबाट आएकी छोरी हौ कमला; कुलको मानमर्यादा भनेको कत्रो कुरो हो । त्यो तिमीलाई थाहा छैन । जन्ती बेँसीमा पुगिसके, चाँडो दोसल्ला झिकिदेऊ ।"

कमलाले झर्कंदै बाकसबाट दोसल्ला झिकेर दिइन् । दोसल्ला काँधमा हालेर लौरो टेक्दै मुरलीधर जन्त हिँडे । उनलाई यस्तो टट्यानपुर घाममा एक्लै ओह्रालो लागेको देखेर गाउँका मानिसहरू अचम्म मानेर मुख मुखमा हेर्न लागे ।

बरियात खोलापारि पुगिसकेको थियो । मुरलीधर पनि पछि पछि गए । झमक्क साँझ परेपछि दुलहीका घरमा पुगेर सुटुक्क फलैँचामा बसे । मुरलीधर पुग्दा दुलहीका बाबु वरणी गर्न लागेका रहेछन् । मानिसको घुइँचामा उनलाई कसैले चिनेनन् ।

वरणी सिद्धिएको केही बेरपछि यज्ञमण्डपको कार्य आरम्भ भो । पुरोहित वेदीमा रेखी हाल्न थाले । भित्रबाट यज्ञसामग्रीहरू आउन लागे । यज्ञ सम्पन्न भएपछि दुलाहादुलहीलाई बस्न पुग्ने गरी आसन ओछ्याएर दुलाहालाई राखे । एक छिनपछि छोरी बोकेर घरभित्रबाट दुलहीका बाबु निस्के र छोरीलाई दुलाहाका बायाँतर्फ बसाए । दुलही बसेपछि लाज माने जस्तो गरेर शशीधर अलि पर सऱ्यो । शशीधरले लाज मानेको देखेर मुरलीधर मुसुमुसु हाँस्न लागे ।

दुलाहादुलही यज्ञमा बसेपछि दुलहीका बाबुले यताउति हेरेर भने "खै, सम्धी पाल्नुभएको छैन, अब मण्डपमा आएर बसिदिनुभएहुन्थ्यो ।"

*फलैँचा : धेरै मानिसलाई अडेस लगाएर बस्न मिल्ने गरी बनाइएको काठको आसन*

*वरणी : बेहुलीका बाबुले जन्तीसहित बेहुलालाई गरिने पूजा*

*रेखी हाल्नु : शुभकार्यमा पिठोले रेखाचित्र बनाउनु*

*सम्धी : छोरा वा छोरीको ससुरो*

दुलहीका पिताले बोलाएको सुनेर फलैँचाबाट मुरलीधरले भने, “ज्यू म यहीँ छु, आउन लागेँ ।”

मुरलीधर उठेर मण्डपमा गए । चिनेका मानिसहरूले ढोगिदिए । जेठाबाबुलाई अचानक आफूनेर उभिएको देखेर शशीधरले पनि ढोगिदियो । मुरलीधरले छोरालाई “नानी चिरञ्जीवी भए” भनेर आशिष् दिए र उसको पछाडिपट्टि बसी उसलाई आफ्नो काखनेर ताने । बाबुको स्थानमा मुरलीधर बस्न गएको देखेर बरियातमा आएका ठिटाहरू परस्पर कानेखुसी गर्न लागे ।



मुरलीधर जिल्लाभरिका विख्यात पण्डित थिए । उनलाई कन्यापक्षका धेरै मानिसहरू चिन्दथे । श्रीधर र मुरलीधरले जिउनीका विषयमा वर्ष दिनसम्म मुद्दा लडेको पनि धेरै जनालाई थाहा थियो । कन्या पक्षका बुढापाकाहरूले भने, “त्यस्ता महापुरुषका सन्तानहरू आफ्नो कर्तव्य किन छोड्दथे ? तब पो मानिसहरू कुलघरान भन्दछन् ।”

विवाहविधि आरम्भ भो । पुरोहितले ऋचामन्त्रहरू उच्चारण गर्दा अशुद्ध भएका ठाउँमा मुरलीधर सच्याइदिन्थे । शशीधर चाहिँ जेठा बाबुका छातीमा अडेस लागेर आनन्दसँग बसेको थियो । मुरलीधर बखत बखतमा गर्नुपर्ने कर्महरू छोरालाई सिकाइदिन्थे । एवम् प्रकारले विवाह विधि समाप्त भो ।

भोलिपल्ट दिउँसो दुलही अन्माइदिए । मुरलीधरले निहुरेर बुहारीको मुख हेरे, बुहारी महालक्ष्मी जस्ती रहिछन् । छोराबुहारीको रूप देखेर मुरलीधर गद्गद भए । अनि दुलहीदुलाहाको डोली अगाडि लाएर मुरलीधर घरतिर फर्के ।

साँझ पर्ने बेलामा बरियात गाउँनेर पुग्यो । पँधेरामाथिको चौतारामा रमिता हेर्ने मानिसको घुइँचो थियो । बरियात दोबाटोनेर पुगेपछि “लौ, घर लगेर भित्र्याऊ” भनेर मुरलीधर आफ्ना घरतिर गए ।

दुलही भित्र्याएपछि दाज्यू बिहेमा गएको, सबै कार्यविधिहरू आफ्नो कुलपरम्परानुसार राम्रो प्रकारसँग सम्पन्न भएको खबर श्रीधरले सुनेर गहभरि आँसु पारेर ठिटाहरूसँग सोधे, “दाज्यूलाई खानपिन त राम्ररी गरायौ के ?”

*डोली : बेहुलाबेहुली बोक्ने साधन*

"आज एकादशी भनेर पण्डित बाजेले केही खानुभएन, भोकै आउनुभयो ।"

बिहे सिद्धिएको एक महिनापछिको कुरो हो । एक दिन बिहान मुरलीधर आफ्नो नित्यकर्म सिध्याएर फलैँचामा बसेर भागवत हेर्न लागेर थिए, त्यस्तैमा शशीधरले विस्तार विस्तार आएर मुरलीधरलाई ढोगिदियो र दलानको थाममा टाँसिएर भन्यो, "ठुलाबा जिउनीको पिपले खेतमा हजुरलाई जताबाट मन पर्छ, नापेर आधा खेत कमाउनुहोस् अरे, बाले भनेर पठाउनुभा को ।"

शशीधरको कुरा सुनेर मुरलीधरले उसका मुखतिर हेरेर मुसुमुसु हाँस्तै भने, "जिउनीको आधा खेत मैले कमाए तिमीहरू के खान्छौ नि बा ?"

शशीधर केही उत्तर नदिएर छिट्छिटो आफ्नो घरतिर गयो । कमला चाहिँ दैलाको आडमा उभिएर बाबुछोराको कुरा सुनिरहेकी थिइन् ।

शशीधरले खेत कमाउने कुरो सुनाएर गएको चौधपन्ध्र दिनपछि एक दिन मुरलीधर फलैँचामा बसेर नस सुँध्दै विद्यार्थीहरूलाई रघुवंशको पाठ घोकाउँदै गर्न लागेका थिए । त्यस्तैमा श्रीधरकी सानी छोरी रमाले आएर रुन्चे मुख लाएर भनी, "ठुलाबा बालाई व्यथाले चाप्यो । हजुरलाई बोलाउन पठाउनुभएको ।"



छोरीको कुरा सुन्नेबित्तिकै पढाउन छाडेर रमाको हात समाउँदै मुरलीधर भाइका घरतिर गए । श्रीधर खाटमा कोल्टे परेर सुतिरहेका रहेछन् । दाज्यूलाई देखेर बडो कष्टसँग उठेर गहभरि आँसु झारेर ढोगिदिए । भाइका आँखामा आँसु छचल्किरहेको देखेर मुरलीधरको पनि गहभरि आँसु भो । चार वर्षपछिको यी दुई दाज्यूभाइको पुनर्मिलन सारै दुःखलाग्दो देखियो ।

मुरलीधरको गहभरि आँसु भएको देखेर उनको गोडा समाउँदै श्रीधरले रुन्चे स्वरले भने, "दाज्यू अस्तिदेखि दम बढ्न थाल्यो । मलाई अब धेरै दिन बाँचुला जस्तो लाग्दैन । मैले जीवनमा हजुरका प्रति धेरै अत्याचार गरेको छु । यस अज्ञानीको सबै अपराध क्षमा गरेर यी नाबालक छोराछोरीको शरण लिइदिनुहोला ।"

*नस सुँध्नु : नाकभित्र हाल्ने सुर्तीको धुलो नाकले तान्नु*

*पुनर्मिलन : एकपल्ट विछोड भइसकेकाहरूको फेरि भेट*

भाइका कुरा सुनेर मुरलीधरले बरर आँसु झारे । मुरलीधर रोएको देखेर श्रीधरका जहान, छोराछोरी पनि रुन लागे । एकछिनपछि मुरलीधरले भाइका निधार, छाती, हात, गोडा सबै अङ्ग छामे । उनको शारीरिक गति देखेर मुरलीधरको हृदयमा दु:खको कोलाहल मच्चियो । केही बेरपछि छातीमा भक्कानु पारेर आँसु झार्दै भने, "बिसेक हुन्छ बा हरेस नखाऊ । बाले आफ्नो जीवनमा अनन्य पुण्य गर्नुभएको छ । उहाँको त्यस महान् तपस्याका प्रभावले हाम्रो अनिष्ट कदापि हुने छैन । बरु अब यहाँका वैद्यको भर गरेर बस्नुभएन । तिमीलाई देशतिर औषधी गराउन लैजान्छु ।"

यति भनेर भाइका पथपरेजको व्यवस्था मिलाएर केही बेरपछि मुरलीधर आफ्नो घरतिर गए ।

यो घटना भएको छसात दिनपछि भाइलाई लिएर औषधी गराउन मुरलीधर देशतिर हिँडे भन्ने सुनियो ।

*बिसेक* : *सन्चो, रोग मत्थर भएको स्थिति*

*अनिष्ट* : *नराम्रो*

*पथपरेज* : *रोग लागेका बेला मुख बार्ने काम*

## कथासार

गङ्गाधर सबैका प्रिय थिए । उनी गाउँतिर घुम्न निस्कँदा केटाकेटी, युवा, वृद्धवृद्धा सबै खुसी हुन्थे । न्याय माग्न आएका दश गाउँका मानिसहरूलाई उचित र चित्तबुझ्दो न्याय दिन्थे । लगातार नौ दिनसम्मको ज्वरोका कारणले गङ्गाधरको मृत्यु भयो । दश गाउँका दुनियाँ डाको छोडेर रुन थाले । मलामीको लर्को गाउँदेखि तल खोलासम्म पुग्यो । उनको मृत्युले न्यायको बत्ती निभेको गाउँलेहरूले ठाने ।

गङ्गाधरका दुई छोरामध्ये जेठा मुरलीधर धर्म तथा संस्कृतिप्रति श्रद्धा राख्थे । कान्छो छोरा श्रीधर राजनीतिमा लागेका थिए । बाबुको मृत्युपछि जिउनी खेतका विषयमा दाजु र भाइको विवाद भयो । पैँतालिस दिनको कामपछि गङ्गाधरका घरमा गाउँलेहरू जम्मा भए । बुढापाका मुरलीधरका पक्षमा लागे भने ठिटाहरू श्रीधरका पक्षमा उभिए । मुद्दा अदालतसम्म पुग्यो र अदालतले श्रीधरका पक्षमा फैसला सुनायो । श्रीधरका छोरा शशीधरलाई छोरी दिन एक दिन कुटुम्ब श्रीधरका घरमा आए । शशीधरको विवाहको कुरा छिनियो । विवाहको तयारी सुरु भयो । श्रीधरले सबैलाई निम्ता गरे तर दुई कान्लामाथि घर भएका दाजुभाउजूलाई बोलाएनन् । विवाद भएकै दिनदेखि दाजुभाइको आवतजावत बन्द भएको थियो तैपनि कुलको जेठो सन्तानको विवाहमा नबोलाउँदा मुरलीधरको मन खिन्न भयो । बिरामी भएका कारण श्रीधर छोराको विवाहमा जान सकेनन् । जन्त जानेको सङ्ख्या आलाकाँचाकै बढी भएको देखेर बाबुबाजेको इज्जत जोगाउन नबोलाए पनि मुरलीधरले विवाहमा जाने निर्णय गरे । आफ्नो श्रीमान् नबोलाए पनि विवाहमा जान लागेको देखेर कमलाले नजान आग्रह गरिन् । श्रीमतीलाई उल्टै सम्झाएर मुरलीधर झमक्क साँझमा दुलहीका घरमा पुगे । दुलहीका बाबुले सम्धीलाई मण्डपमा आएर बसिदिन आग्रह गरेपछि मुरलीधर फलैँचाबाट उठेर मण्डपमा गए । जेठाबाबुलाई आफूनेर उभिएको देखेर शशीधर खुसी भएका थिए । विवाह विधि सम्पन्न भई दुलही अन्माइयो । दुलहादुलहीको डोली र बरियात दोबाटोनेर पुगेपछि मुरलीधर घरतिर फर्किए । दुलही भित्र्याएपछि दाजु बिहेमा गएको श्रीधरलाई थाहा भयो ।

बिहे सिद्धिएको एक महिनापछि श्रीधरले छोरा शशीधरलाई दाजुको घरमा पठाए । शशीधरले ठुलोबुबाको घरमा गएर जिउनी खेत आधा कमाएर खानू अरे बाले भन्नुभएको भने । मुरलीधरले मुसुमुसु हाँस्दै मैले कमाएर खाए तिमीहरू के खान्छौ भनेर उल्टै प्रश्न गरे । श्रीधर केही महिनादेखि बिरामी थिए । उनलाई व्यथाले च्यापिसकेको थियो । श्रीधरकी कान्छी छोरी रमा रुन्चे मुख लगाउँदै ठुलोबुबालाई बोलाउन आइन् । भाइ बिरामी भएको कुरा सुन्नेबित्तिकै मुरलीधर भेट्न गए । दाजुलाई देखेर श्रीधरले आफूले गरेको अपराध क्षमा मागे । मुरलीधरले जीवनमा हरेस नखान र बाले आफ्नो जीवनमा गरेका अनन्य पुण्यको प्रभावले केही नहुने सान्त्वना दिए । छसात दिनपछि मुरलीधरले भाइलाई उपचारका लागि देशतिर लगे ।

## शब्दभण्डार

१. दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| शब्द | अर्थ |
|---|---|
| फिराद | फिर्ता हुने काम |
| लबेदा | नाम चलेको, प्रसिद्ध |
| विख्यात | सरकारलाई तिरो तिर्न नपर्ने जग्गा |
| बुलबुल | अदालती निर्णय |
| बिर्ता | चुलबुल |
| निसाफ | न्याय पाउन गरिने उजुरी वा नालिस |
| | अघिल्तिर लामा रौँ राखेर कपाल बनाउने ढाँचा |
| | मयलपोस, दौरा |

२. उदाहरण हेरी दिइएको अर्थसँग मिल्दो शब्द पाठबाट खोजेर लेख्नुहोस् :

(क) होम गर्दा डढेको चरुको कालो टिको — तिलक

(ख) रघु राजाबाट प्रवर्तन भएको वंशपरम्परा — ..............

(ग) आयुर्वेद विधिद्वारा उपचार गर्ने व्यक्ति — ..............

(घ) आमाबुबाले आफ्ना लागि छुट्याएको सम्पत्ति — ..............

(ङ) पितापुर्खादेखि एउटै थर, गोत्र आदि, वंश — ..............

३. दिइएका अनुच्छेदबाट उखान र टुक्का पहिचान गरी अर्थ लेख्नुहोस् :

(क) नाच्न जान्दैन आँगन टेढो भने झैँमानिसहरू आफ्नो दोषचाहिँ अरूमाथि थोपर्न अघि सर्छन् । हित्तचित्त मिले सबै ठिक, नमिले तमासा हेरेर बस्न चाहन्छन् । मानिसको यस्तो स्वभाव त काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर भए झैँ भएन र ?

(ख) गणेश यति बाठो छ कि आँ गर्दा अलङ्कार बुझिहाल्छ । भनिन्छ नि जुँगा चल्यो कुरा बुझ्यो, सायद दुई वर्ष विदेश बसेर बिजुली भएको होला । कि पढेर जानिन्छ, कि परेर जानिन्छ भन्ने भनाइ उसको जीवनमा चरितार्थ भएको छ । ऊ विगतका घटनाहरू चित्त बुझ्दो गरी बेलिबिस्तार लगाउँछ ।

४. उदाहरण हेरी दिइएका टुक्का र अनुकरणात्मक शब्दको वाक्यमा प्रयोग गर्नुहोस् :

| टुक्का | | उखान | |
|---|---|---|---|
| पदावली : | फिराद गर्नु | पदावली : | आकाशको फल आँखा तरी मर् |
| अर्थ : | नालिस दिनु | अर्थ : | असम्भव कुराको कल्पना गर्नु |
| वाक्य: | सुनिताले हरिहरका विरुद्ध अदालतमा फिराद गरिन् । | वाक्य : | नेपालमा भ्रष्टाचारको अन्त्य हुनु भनेको त आकाशको फल आँखा तरी मर् जस्तै भइसक्यो । |

टुक्का : कोहोलो हाल्नु, माया मार्नु, क्षति हुनु, कम्मर कस्नु, आँखा चिम्लेर बस्नु, सुइँकुच्चा ठोक्नु, गद्गद हुनु, आगो हुनु, हरेस खानु, व्याथाले च्याप्नु, चिसो पस्नु, रेखी हाल्नु

उखान : आफू भलो त जगत् भलो, हुने बिरुवाको चिल्लो पात, मेरो गोरुको बाह्रै टक्का, नजिकको तीर्थ हेला, बाँदरको हातमा नरिबल

## बोध र अभिव्यक्ति

१. दिइएका शब्दलाई शुद्धसँग उच्चारण गर्नुहोस् :

| | | |
|---|---|---|
| श्राद्ध /स्राद्.ध/ | अत्युक्ति /अत्.त्युक्.ति/ | धन्वन्तरि /धन्.बन्.त.रि/ |
| कुटुम्ब /कु.टुम्.ब/ | पूर्वाङ्ग /पुर्.वाङ्.ग/ | शीर्षक /सिर्.सक्/ |
| अन्याय /अन्.न्या.य/ | ऋचा /रि.चा/ | अनिष्ट /अ.निस्.ट |

२. 'कर्तव्य' कथा हाउभाउसहित सस्वरवाचन गर्नुहोस् ।

३. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) 'कर्तव्य' कथामा कतिओटा अनुच्छेद रहेका छन् ?

(ख) 'कर्तव्य' कथाको सुरु कुन घटनाबाट भएको छ ?

(ग) 'कर्तव्य' कथाका पात्रहरूको नाम के के हो ?

(घ) 'कर्तव्य' कथाको समापन कुन घटनाबाट भएको छ ?

४. दिइएको अनुच्छेद पढी ग्रामीण परिवेश झल्काउने तथ्यहरू टिप्नुहोस् :

'कर्तव्य' कथा ग्रामीण नेपाली समाजमा केन्द्रित कथा हो । यस कथामा नेपालको पहाडी गाउँले समाजलाई परिवेशका रूपमा लिइएको छ । गरिबहरूले मुखियाबालाई सम्झनु, गाउँले बिरामी परेका बेला ओखतीमुलो लिएर जानु, गाउँतिर मुखियाबा झर्दा केटाकेटी हल्ला गर्दै आउनु आदि घटनाले तत्कालीन गाउँले परिवेशलाई प्रस्ट पारेको छ । धर्म र संस्कृतिप्रति मुरलीधरको श्रद्धाभाव देखाएर सांस्कृतिक परिवेश प्रस्तुत गरिएको छ । राजनीति पार्टीका सदस्य र ग्राम विकासका प्रधानका रूपमा श्रीधरको भूमिका उल्लेख गरेर २००७ सालपछिको राजनीतिक परिवेशको सङ्केत गरिएको छ । गङ्गाधरको आदर्श स्वभाव, पिपले भन्ने सय मुरी खेतको प्रसङ्ग, घरगृहस्थीमा हुने कलह, वैवाहिक परम्परा, आफन्तप्रतिको कर्तव्यसम्मका घटना शृङ्खला हेर्दा छ महिनाभन्दा बढी समय यहाँ परिवेशका रूपमा आएको छ । ग्रामीण समाज, स्थानीय रीतिथिति, पात्रहरूको स्वाभाविक जीवनशैली, अंशका नाममा हुने दाजुभाइबिचको झगडा, सम्पत्तिभन्दा नातासम्बन्ध ठुलो हो भन्ने भावना यस कथाको परिवेशका विशेषता बनेका छन् ।

जस्तै : गाउँलेले मुखियाबालाई सम्झनु, .........

५. दिइएको कथांश मौन पठन गरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

पैँतालिस दिनको काम सिद्धिएका भोलिपल्ट जिउनी खेतको निर्णयका निमित्त मुरलीधरले गाउँका मानिसहरूलाई बोलाए । जुन आँगनमा दश गाउँका दुनियाँको होचीअर्घेली, न्यायअन्यायको निरोपण हुन्थ्यो, आज त्यही आँगनमा उनै न्यायाधीशका दुई सन्तानको निसाफ गर्न गाउँका मानिसहरू भेला भए । मानिसहरूको दुई मत भो । उमेर पुगेका बुढापाकाले मुरलीधरको पक्ष लिए । श्रीधरका प्रभावमा परेको नयाँ ठिटाहरूले चाहिँ श्रीधरको । सम्पत्तिका धनी बाबुले नै "दुवै छोराले आधा आधा खानू" भनेर गएपछि त्यस महाआत्माको अन्तिम आज्ञा श्रीधरले मान्नैपर्छ भन्ने निर्णय बुढापाकाले गरे, आधाआधा खानू भन्ने लिखत पण्डित बाजेले देखाउन नसकेपछि बाबु जुन छोरासँग बसेका हुन्, ऐनकानुनले जिउनी उसै छोराको एकलौटी हुन्छ भन्ने फैसला ठिटाहरूले गरे । बुढापाकाले धर्मको न्याय गरे, ठिटाहरूले ऐनको । भोज सम्झेर गाउँका सारा कुकुरहरू पनि त्यहीँ जम्मा भएका थिए । परस्पर ठुलो विवाद भो । हुल्लडबाज नयाँ ठिटाहरूका अगाडि बुढापाकाहरूको केही जोर चलेन । आखिर न्यायको केही टुङ्गो नलागी सभा विसर्जन भो । भेला भएका ठिटाहरू बुढापाकाहरूलाई छेड हानेर हाँस्दै घरतिर गए । बुढापाकाहरू पनि लाखापाखा लागे ।

प्रश्नहरू

(क) मुरलीधरले गाउँका मानिसलाई किन बोलाए ?

| मुरलीधरले गाउँका मानिसलाई जिउनी खेतको निर्णयका निमित्त बोलाए । |
|---|

(ख) बुढापाकाले कसको पक्ष लिए ?

(ग) बुढापाकाले कस्तो निर्णय गरे ?

(घ) ठिटाहरूले कस्तो फैसला गरे ?

(ङ) माथिको कथांशको मुख्य आशय के हो ?

६. दिइएका भनाइ कसले, कुन सन्दर्भमा भनेका हुन् ?

(क) खाउन् आखिरमा त मेरो खाने पनि यिनै हुन् । मरेपछि खानुपर्थ्यो, जिउँदैमा खाए । त्यसको पाप धर्म उनैलाई छ ।

(ख) दाज्यूलाई खानपिन त राम्ररी गरायौ के ?

(ग) ठुलाबा बालाई व्यथाले चाप्यो । हजुरलाई बोलाउन पठाउनुभएको ।

७. 'कर्तव्य' कथा पढी दिइएका घटनाहरूलाई क्रम मिलाएर लेख्नुहोस् :

(क) शशीधरको बिहेमा दुई कान्लामाथि घर भएका आफ्नो सहोदर दाजुभाउजूलाई नबोलाउनु

(ख) मुरलीधर भाइलाई औषधी गराउन हिँड्नु

(ग) बाबुको पिपले भन्ने जिउनी खेतका विषयमा मुरलीधर र श्रीधरबिच विवाद हुनु

(घ) दाजुप्रति जीवनमा धेरै अत्याचार गरेको भन्दै श्रीधरले क्षमा माग्नु

(ङ) गङ्गाधरले लगातार नौ दिनको ज्वरोले संसार छाड्नु

(च) श्रीधरले दाजु बिहेमा गएको र कुलपरम्परानुसार विवाह विधि सम्पन्न भएको खबर पाउनु

(छ) श्रीधरलाई व्यथाले च्यापेकाले रमा ठुलोबुबालाई बोलाउन आउनु

(ज) अदालतले जिउनी खेत श्रीधरले पाउने फैसला सुनाउनु

(झ) गाउँका बुढापाका, तरुणतन्नेरी साराले बकपत्र गर्नु

(ञ) मुरलीधर लौरो टेक्दै साँझ दुलहीका घरमा पुग्नु

८. उदाहरणमा दिइए जस्तै तलको गद्यांशबाट पात्रका थप पाँच पाँचओटा विशेषता खोजेर लेख्नुहोस् :

मुरलीधर यस कथाका आदर्श पात्र हुन् । उनी मुरली पण्डितका नामले चिनिन्छन् । धर्म र संस्कृतिप्रति उनको अपार श्रद्धा छ । आनीबानी र पहिरनमा पनि उनको शालीनता झल्किन्छ । उनले धार्मिक, सामाजिक, सांस्कृतिक एवम् पारिवारिक रूपमा आफ्ना पिताका उत्तराधिकारी बन्ने कोसिस गरेका छन् । निमन्त्रणाविना भतिजो शशीधरका बिहेमा जन्त गई पारिवारिक इज्जत र प्रतिष्ठा कायम राख्ने, त्यागको भावना देखाउने र अन्ततः आफ्नो दायित्व र कर्तव्यप्रति अटल आस्था एवम् विश्वास जस्ता गुण र विशेषताहरू मुरलीधरका चरित्रमा भेटिन्छन् । उनी यस कथाको भद्र, त्यागी र आदर्श चरित्र हुन् । उनकै माध्यमबाट कथाकारले कथाको मूल सन्देश व्यक्त गरेका छन् ।

श्रीधर यस कथाका आधुनिक विचार राख्ने पात्र हुन् । उनको सक्रियता राजनीति क्षेत्रमा बढी छ । उनी पूजापाठ गर्नु तथा टीकाचन्दन लगाउनु दासत्वको चिह्न ठान्छन् । यिनलाई राजनीतिको मात्र नभएर अदालती प्रक्रियाको पनि राम्रो ज्ञान छ । उनले ग्राम विकासका प्रधानसम्म भएर सामाजिक सांस्कृतिक रूपमा समाज परिवर्तन गर्ने प्रयास गरेका छन् । उनीभित्र कर्तव्य, नैतिकता र मर्यादा जस्ता गुणका अभाव भएकाले पारिवारिक एकता कायम हुन सकेको छैन । यी अवगुणका कारणले उनले समाज परिवर्तनको लक्ष्य हासिल गर्न

सकेनन् । श्रीधर यथार्थवादी र आधुनिक सभ्यताका अनुयायी भए पनि कर्तव्य र मर्यादालाई उपेक्षा गर्ने पात्र हुन् ।

(क) मुरलीधर : ठुला पण्डित, भद्र, ..................................................................

(ख) श्रीधर : राजनीति पार्टीका सदस्य, आधुनिक सभ्यताका पक्षधर, ...........................

९. दिइएको कथांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

लगालग नौ दिन ज्वरो आएर मुखिया गङ्गाधरले संसार छोडे । उनी एउटा महान् पुरुष थिए । आफ्नो विपुल सम्पत्तिलाई उनी सधैँ 'जनताको थाती' भन्थे र आफूलाई त्यस सम्पत्तिको केवल एउटा सञ्चालक मात्र सम्झन्थे । गरिबको चुलामा आगो नबलेको र सुत्केरी भोको रहेको समाचार सुन्नेबित्तिकै बोलाएर चाहिँदो अन्नपैसा दिई पठाउँथे । कसैले तिर्ने भाका सोध्यो भने "सके तिर्नू, नसके तिमीहरूकै हो" भन्ने जवाफ दिन्थे । उनको जीवनकालमा कसैको बिहाबर्तुन, किरियाश्राद्ध, दसैँतिहार अड्केन । गाउँका दीनहीन गरिबहरू बिरामी परेको सुन्नासाथ ओखतीमुलो लिएर उसका भत्केका झुपडीमा पुग्थे । गाउँका गरिबहरूलाई 'मुखिया बाको जिउ छइन्जेल हामीले अन्यायमा मर्नु पर्दैन' भन्ने दृढ विश्वास थियो । उनी आँगनमा आएर नउभिदिएसम्म मानिसहरू आफ्नो चाडवाड, काजकल्याण अपूर्ण सम्झन्थे । कसैले अन्याय गऱ्यो भने वरिपरि दश गाउँका दुनियाँ उनैका ढोकामा फिराद गर्न आइपुग्थे । उनको शासनकालमा कसैलाई कसैले सताउन पाएन ।

प्रश्नहरू

(क) 'मुखिया बाको जिउ छइन्जेल हामीले अन्यायमा मर्नु पर्दैन' भन्नुको तात्पर्य के हो ?

(ख) माथिको कथांशका आधारमा गङ्गाधरको चरित्र चित्रण गर्नुहोस् ।

१०. नमुना उत्तर पढी दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

(क) मुरलीधर र श्रीधरका बिच जिउनी खेतको विवादको टुङ्गो कसरी लाग्यो ?

मुरलीधर र श्रीधर कर्तव्य कथाका मुख्य पात्र हुन् । यिनीहरू गाउँका मुखिया गङ्गाधरका छोरा हुन् । बाबु गङ्गाधरको मृत्युपछि उनका नाममा रहेको कुलाको पानी लाग्ने, खोलापैराको डर नभएको, मानामुरी फल्ने खेतका विषयमा दाजुभाइबिच विवाद भयो । बाबुसँग बसेकाले ऐन सवालले एकलौटी हुने भनाइ श्रीधरको थियो । मर्ने बेलामा दुवै छोराले आधा आधा बाँडेर खानू भनेर जानुभएकाले आधामा मेरो हक लाग्ने भनाइ मुरलीधरको थियो । विवाद अन्त्य गर्ने उद्देश्यले मुरलीधरले गाउँलेलाई बोलाए । बुढापाकाले मुरलीधरको र ठिटाहरूले श्रीधरको पक्ष लिए । विवाद नटुङ्गिएपछि श्रीधरले मुरलीधर विरुद्ध अदालतमा मुद्दा दिए । अदालतले वकितम्लाई भन्दा लिखितम्लाई बढी मान्यता दिने भएकाले श्रीधरका पक्षमा फैसला सुनायो । । यसरी अदालती प्रक्रियाबाट मुरलीधर र श्रीधरका बिच जिउनी खेतको विवादको टुङ्गो लाग्यो ।

(ख) मुरलीधरले आफ्नो कर्तव्य कसरी पूरा गरे ?

(ग) 'कर्तव्य' कथाले केकस्तो भ्रातृप्रेम देखाएको छ ?

११. दिइएका बुँदाहरूका आधारमा 'कर्तव्य' कथाको भाव लेख्नुहोस् :

(क) पारिवारिक मर्यादा, कर्तव्य र आदर्शको भाव प्रस्तुत

(ख) न्याय, मानवता र सहयोगको भावनाको अपेक्षा

(ग) भ्रातृप्रेमको विशिष्ट उदाहरण

(घ) सम्पत्तिभन्दा मानवीय सम्बन्ध ठुलो हुने सन्देश

१२. दिइएको उद्धरणलाई व्याख्या गर्नुहोस् :

(क) कुकुर अज्ञानी पशु हुनाले बोलाएपछि मात्र जान्छ, मानिसचाहिँ ज्ञानवान् हुनाले बखत मौका विचार गरेर आफैँ पनि जानुपर्छ ।

> अज्ञानी भनेको ज्ञान नभएको अबोध, अजान वा मूर्ख प्राणी हो । उसले आफैँले बुझेर वा जानेर कुनै काम गर्दैन, उसलाई अह्राउनुपर्छ । मानिसको तुलनामा कुकुर अज्ञानी पशु हो । यस कथामा कुकुरलाई अज्ञानी र मानिसलाई ज्ञानवान् प्राणीका रूपमा चित्रण गरिएको छ । कथाका पात्र मुरलीधरले पशुले कर्तव्यको ख्याल गर्दैनन् भनेका छन् । उनका अनुसार पशुमा चेतन मस्तिष्क हुँदैन । त्यसैकारण कसैले बोलाए वा केही गर्न लगाए पशु आएर केही कार्य गर्छ । मानिस चेतनशील प्राणी हो । उसमा कर्तव्यबोध हुने भएकाले समय र परिस्थिति विचार गरेर चल्नुपर्छ । कथामा श्रीधरले दाजु र कुलप्रतिको कर्तव्य पूरा नगरे पनि मुरलीधर आफ्नो कर्तव्यप्रति सचेत रहेको देखाइएको छ । भाइ बिरामी परेर लडिरहेको वेला भतिजोको विवाहमा नबोलाए पनि जन्ती जानुपर्ने कर्तव्य मुरलीधरले ठाने । पारिवारिक शिष्टाचार र कुलधर्म एवम् मर्यादालाई ख्याल गरेर उनले विवाहमा गएर आफ्नो कर्तव्य पूरा गरे । मुरलीधरभित्र कुकुर अज्ञानी पशु हुनाले बोलाएपछि मात्र जान्छ, मानिसचाहिँ ज्ञानवान् हुनाले बखत मौका विचार गरेर आफैँ पनि जानुपर्छ भन्ने आदर्श विचार थियो ।
>
> मानिसले आफ्नो विवेकलाई प्रयोग गरेर ठाउँ, अवस्था, घटना र परिवेशअनुसारको भूमिका निर्वाह गर्नुपर्ने भाव माथिको गद्यांशले व्यक्त गरेको छ । मानिसलाई चेतनशील र सामाजिक प्राणीका रूपमा स्थापित गरी आदर्श समाजको निर्माणमा अग्रसर गराउनु माथिको गद्यांशको उद्देश्य हो । त्यसैले सरल र संवादात्मक भाषाशैलीका माध्यमबाट कथाकारले दिन खोजेको नैतिक सन्देश प्रभावकारी र हृदयस्पर्शी बनेको छ ।

(ख) भोकानाङ्गा, दुःखीदरिद्रीका बाबु मरे, बुढाबुढीको टेक्ने लट्ठी भाँचियो, न्यायको बत्ती निभ्यो, अनाथ अशक्तहरूको आशास्तम्भ ढल्यो ।

१३. तपाईँलाई 'कर्तव्य' कथाका कुन पात्र मन पऱ्यो, मन पर्नुको कारणसहित आफ्नो प्रतिक्रिया दिनुहोस् ।

१४. 'जिउनी खेत बाँडेर खानू' भनेर मात्र बाबुको दायित्व पूरा हुन्छ ? तपाईँ गङ्गाधर हुनुभएको भए के गर्नुहुन्थ्यो ?

१५. दिइएका प्रश्न र प्रश्न सम्बद्ध बुँदा पढी समीक्षात्मक उत्तर दिनुहोस् :

(क) 'कर्तव्य' कथामा कथाकारले नेपाली समाजको केकस्तो वास्तविकता देखाउन खोजेका छन् ?

(अ) गुरूप्रसाद मैनाली नेपाली साहित्यका प्रथम आधुनिक कथाकार

(आ) पारिवारिक पृष्ठभूमिमा संरचित सामाजिक कथा

(इ) गङ्गाधरको आनीबानी र गाउँलेप्रतिको व्यवहार आदर्शपूर्ण

(ई) अंश वा जिउनी खेतकाका नाम दाजुभाइबिच झैझगडा हुने

(उ) मानिसको मृत्य हुँदा मलामी जानु, दुःख व्यक्त गर्नु, आफन्तबाट किरिया गर्नु

(ऊ) बेहुलाबेहुली तामदान चढ्ने, जन्ती जाने, वरणी गर्ने, जग्गे गर्ने सांस्कृतिक चलन

(ए) दुःखका बेलामा सहयोग गर्ने, सम्पत्तिभन्दा नातासम्बन्ध ठुलो मान्ने नेपाली समाजको वास्तविकता

(ख) 'धनसम्पत्तिभन्दा नातासम्बन्ध ठुलो कुरा हो' भन्ने भनाइ कर्तव्य कथाका आधारमा पुष्टि गर्नुहोस् ।

(अ) गुरूप्रसाद मैनाली आधुनिक कथा साहित्यका प्रवर्तक

(आ) सामाजिक विषयवस्तुमा आधारित कथा

(इ) दाजुभाइका बिच सम्पत्तिको झगडाले उग्र रूप लिएको

(ई) धनसम्पत्तिले मानवीय व्यवहारभन्दा दानवीय व्यवहार गर्न प्रेरित गर्ने

(उ) नातासम्बन्धकै कारण मुरलीधर विवाहमा सामेल भएका

(ऊ) भ्रातृप्रेमका कारण श्रीधरको उपचारमा मुरलीधरले ध्यान दिएका

(ऋ) धनसम्पत्तिभन्दा नातासम्बन्ध ठुलो हुने

१६. दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

योग एउटा पूर्ण विज्ञान हो । एक महत्त्वपूर्ण जीवन शैली हो र पूर्ण चिकित्सा पद्धति पनि हो । योगको सुरुआत करोडौं वर्ष पहिले पूर्वीय ऋषिमुनिहरूले गरेका थिए । वास्तवमा योग सबै उमेर समूहका मानिसबिच अत्यन्त लोकप्रिय छ । योग लोकप्रिय हुनुको रहस्य यो कुनै लिङ्ग, जाति, वर्ग, सम्प्रदाय, क्षेत्र एवम् भाषाका भेदसँग आवद्ध नहुनु हो । योगलाई व्यवहारमा अवलम्बन गरेर साधक, अभ्यासी, ब्रह्मचारी तथा गृहस्थी लाभान्वित हुन सक्छन् । योग व्यक्तिको व्यक्तित्व उत्थान र निर्माणमा मात्र नभई परिवार, समाज, राष्ट्र र विश्वको चौतर्फी विकासमा उपयोगी सिद्ध भएको छ । आधुनिक मानव समाज जो तनाव, अशान्ति, आतङ्कवाद, अभाव एवम् अज्ञानको सिकार भएको छ त्यसको समाधान केवल योगसँग छ । योग मनुष्यलाई सकारात्मक चिन्तनको पथमा ल्याउने महत्त्वपूर्ण विद्या हो । महर्षि पतञ्जलिले यसलाई अष्टाङ्ग योगका रूपमा सङ्गठित गरी अभ्यासमा ल्याएका थिए । योगको अन्तिम लक्ष्य भनेको मानव कल्याण नै हो । जहाँ इच्छा त्यहाँ उपाय भने झैँ योगको अनुसरणबाट मात्र स्वस्थ

व्यक्ति र सुखी समाजको निर्माण सम्भव छ । त्यसैले योगमा यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा र ध्यान हुँदै समाधिसम्मको यात्रा गरिन्छ ।

(क) उत्तर दिनुहोस् :

(अ) योग भनेको के हो ?

(आ) योग लोकप्रिय हुनाको कारण के हो ?

(इ) योगबाट मानिस कसरी लाभान्वित हुन सक्छन् ?

(ई) योगमा कहाँसम्मको यात्रा गरिन्छ ?

(ख) भाषिक संरचना र वर्णविन्यास पहिचान गर्नुहोस् :

(अ) 'जहाँ इच्छा त्यहाँ उपाय' उखानलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

(आ) 'ल्याएका थिए' क्रियापदलाई प्रेरणार्थक क्रियापद बनाउनुहोस् ।

(इ) अनुच्छेदको 'योगको सुरुआत करोडौँ वर्ष पहिले पूर्वीय ऋषिमुनिहरूले गरेका थिए ।' वाक्यलाई प्रेरणार्थक वाक्य बनाउनुहोस् ।

(ई) 'रि' र 'ऋ' प्रयोग भई बनेका शब्द सङ्कलन गरी शब्दकोशकाट अर्थ खोजेर लेख्नुहोस् ।

१७. दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :

लालीगुराँस कृषि सहकारी संस्थाको कार्य समितिको बैठक बस्यो । बैठकमा कृषिबाट कसरी आम्दानी बढाउने भन्ने विषयमा छलफल भयो । एक जना सदस्यले भने, "अब पुरानो तरिकाले खेती गरेर उभो लागिँदैन । बजार मागलाई ध्यान दिएर तरकारी खेती सुरु गर्नुपर्छ ।" अर्का सदस्यले थपे, "छिटो आर्थिक लाभ हुने भन्दा पनि दिगो काम गर्नुपर्छ । मेरो विचारमा किसानलाई फलफूल खेतीतर्फ आकर्षित गराउनुपर्छ ।" त्यसपछि क्रमशः अन्य सदस्यहरूले पशुपालन, माछापालन, कुखुरापालन आदि व्यवसायबाट आर्थिक उपार्जनको सम्भावना भएको बताए । अन्त्यमा अध्यक्षले कृषि कार्यमा थुप्रै सम्भावना भएको बताए । अन्त्यमा अध्यक्षले कृषि कार्यमा थुप्रै सम्भावना भएको र सदस्यहरूको रुचि, आवश्यकता र अनुभवका आधारमा कार्यक्रम सञ्चालन गरिने कुरा बताए ।

तपाईं भविष्यमा कुन पेसा वा व्यवसायमा लाग्ने सम्भावना देख्नुहुन्छ, कारणसहित साथीलाई सुनाउनुहोस् ।

## सुनाइ र बोलाइ

१. सुनाइ पाठ ११ का आधारमा ठिक बेठिक छुट्याउनुहोस् :

(क) पानीले हर्क दाइको आरन बगायो ।

(ख) हर्क दाइको तीन जनाको परिवार थियो ।

(ग) दातारामको आँगनमा पहिरो गएछ ।

२. सुनाइ पाठ ११ का आधारमा उत्तर भन्नुहोस् :

(क) खड्गप्रसादको स्वभाव कस्तो थियो ?

(ख) हर्क दाइको छोराले के भन्यो ?

(ग) हर्क दाइले गाउँलेलाई के भनेर सम्झाए ?

## भाषिक संरचना र वर्णविन्यास

१. दिइएका उदाहरण पढ्नुहोस् र बुझ्नुहोस् :

| धातु | प्रत्यय | क्रियामूल |
|---|---|---|
| खा | नु | खानु |
| पढ् | नु | पढ्नु |
| लेखाउ | नु | लेखाउनु |
| बाहिरि | नु | बाहिरिनु |

तालिकामा दिइएका 'खा', 'पढ्', 'लेखाउ', 'बाहिरि' धातुमा 'नु' प्रत्यय जोड्दा 'खानु', 'पढ्नु', 'लेखाउनु', 'बाहिरिनु' जस्ता क्रियामूल बनेका छन् । 'नु' प्रत्यय लागेर क्रियामूल बन्ने र 'छ, यो' जस्ता प्रत्यय लागेर 'खान्छ, खायो' क्रियापद बन्ने मूल रूप नै धातु हुन् । नेपाली धातुमा सुरु, बिच र अन्त्यमा आउने सबै 'इ' र 'उ' ह्रस्व हुन्छन् ।

२. उदाहरणमा दिइए जस्तै तलका धातुबाट क्रियामूल र क्रियापद बनाउनुहोस् :

| धातु | क्रियामूल | क्रियापद |
|---|---|---|
| गर् | गर्नु | गऱ्यो, गर्छ, गर्ने छ |
| बोलाउ | बोलाउनु | बोलाई, बोलाउँछे, बोलाउने छे |
| हु | हुनु | हुन्छ, भयो, हुने छ |

जा, लेख्, हाँस्, हिँड्, गराउ

३. उदाहरणमा दिइए जस्तै रेखाङ्कित क्रियापदबाट धातु छुट्याउनुहोस् :

| क्रियापद | धातु |
|---|---|
| बस्छ, मोटायो, सुनायो, बसाउँछ | बस्, मोटाउ, सुनाउ, बसाउ |

नेपाल भूकम्पीय जोखिमको क्षेत्रमा पर्छ । त्यसैले यहाँ वेला वेलामा ठुला ठुला भूकम्प गएका छन् । वि.सं. १९९० मा ठुलो भूकम्प गयो । वि.सं. २०४५ मा पनि भूकम्पले जनधनको ठुलो क्षति गऱ्यो । वि.सं. २०७२ वैशाख १२ गते ७.६ रेक्टर स्केलको भूकम्प आयो । यसका कारण लाखौँ घर ढलेर गाउँ नै रित्तिए ।

४. उदाहरणमा दिइए जस्तै तलका सामान्य धातुबाट प्रेरणार्थक धातु र प्रेरणार्थक क्रियापद बनाउनुहोस् :

| सामान्य धातु | प्रत्यय | प्रेरणार्थक धातु | प्रेरणार्थक क्रियापद |
|---|---|---|---|
| पढ् | आउ | पढाउ | पढायो, पढाउँछ, पढाउने छ |
| बस् | आउ | बसाउ | बसायो, बसाउँछ, बसाउने छ |
| खा | आउ | खुवाउ | खुवायो, खुवाउँछ, खुवाउने छ |

हेर्, हिँड्, सुत्, रु, बाँच्

५. दिइएका उदाहरण पढी सामान्य वाक्य र प्रेरणार्थक वाक्यबिच फरक थाहा पाउनुहोस् :

| सामान्य वाक्य | प्रेरणार्थक वाक्य |
|---|---|
| (क) ऊ कुर्सीमा बस्छ । | (क) आमा उसलाई कुर्सीमा बसाउनुहुन्छ । |
| (ख) म गीत गाउन सिक्छु । | (ख) गायक मलाई गीत गाउन सिकाउनुहुन्छ । |
| (ग) डकर्मीले घर बनाउँछ । | (ग) रमेशले डकर्मीलाई घर बनाउन लगाए । |

माथिका सामान्य वाक्यका 'बस्छ, सिक्छु, बनाउँछ', क्रियापदमा प्रयोग भएका 'बस्, सिक्, बनाउ' धातुमा 'आउ' वा 'न लगाउ' प्रत्यय जोड्दा प्रेरणार्थक वाक्यका क्रियापद बनेका छन् । सामान्य वाक्यलाई प्रेरणार्थक वाक्य बनाउँदा निम्नलिखित पक्षमा ध्यान दिनुपर्छ :

(अ) प्रेरक कर्ता थप्नुपर्छ ।

(आ) सामान्य वाक्यको कर्तामा 'लाई' विभक्ति जोडेर कर्म बनाउनुपर्छ ।

(इ) सामान्य वाक्यको धातुमा 'आउ' वा 'न लगाउ' प्रत्यय जोडेर प्रेरणार्थक क्रियापद बनाउनुपर्छ ।

(ई) काल, पक्ष, भाव आदि परिवर्तन गर्नुहुँदैन ।

६. दिइएका वाक्य सामान्यार्थक वा प्रेरणार्थक के हुन्, छुट्याउनुहोस् :

(क) विमला पनि व्याकरण सिक्छिन् ।

(ख) दिदीले विमलालाई व्याकरण सिकाउनुहुन्छ ।

(ग) अरुणाले आँपका बिरुवा रोपिन् ।

(घ) आमाले अरुणालाई धान रोप्न लगाउनुभयो ।

(ङ) हरिहर खुब हाँस्छन् ।

(च) मनोहर चुट्किला सुनाएर हरिहरलाई हँसाउँछन् ।

(छ) सानो भाइ रुँदै छ ।

(ज) दिदीले सानो भाइलाई जिस्काएर रुवाउँदै हुनुहुन्छ ।

(झ) कक्षामा देवधर राम्रो पढ्छन् ।

(ञ) गुरु देवधरलाई कथा पढाउनुहुन्छ ।

७. उदाहरण हेरी तलका वाक्यलाई प्रेरणार्थक वाक्य बनाउनुहोस् :

*उदाहरण*

(क) उसले फुटबल खेल्यो ।
मैले उसलाई फुटबल खेलाएँ ।

(ख) उनीहरू खेल्दै थिए ।

(ग) म असल मान्छे बन्छु ।

(घ) नानी झोक्रामा सुत्छ ।

(ङ) प्रतीक्षाले कविता लेखेकी छे ।

(च) अनिताले टाइप गरिन् ।

(छ) किसान हलो जोत्ने छन् ।

(ज) पूर्णसिंह डोको बुन्छन् ।

८. पाठबाट पाँचओटा सामान्यार्थक वाक्य टिपी प्रेरणार्थक वाक्यमा परिवर्तन गर्नुहोस् ।

९. दिइएको अनुच्छेदलाई प्रेरणार्थकमा परिवर्तन गर्नुहोस् :

सदीक्षा गीत गाउँछिन् । उनी कक्षामा कविता पनि सुनाउँछिन् । उनका साथीहरू पनि कविता लेख्छन् । सबै जना कविता प्रतियोगितामा भाग लिन्छन् ।

१०. उदाहरण पढी दिइएका अनुच्छेदमा 'ऋ' र 'रि' प्रयोग भएका शब्द पहिचान गर्नुहोस् :

| 'ऋ' प्रयोग भएका शब्द | 'रि' प्रयोग भएका शब्द |
|---|---|
| ऋद्धि, ऋजु, ऋग्वेद, ऋतु, ऋण, ऋषि, कृतज्ञ, पृथ्वी, हृदय, समृद्धि | रिन, रिस, रिक्सा, रिक्त, हरियो, सुरिलो, रिँगटा, रिहाइ, त्रिभुवन, क्रिकेट |

ऋषभको घर रिडी बजारमा पर्छ । ऊ वेदका ऋचा पाठ गर्छ । ऋषभका बुबा ऋषिकेश रिजाल आफ्नो रीतिरिवाज र धर्मकर्ममा खुब विश्वास राख्नुहुन्छ । ऋषभकी बहिनी ऋचा सधैँ रिबनले कपाल बाटेर पढ्न जान्छिन् ।

११. दिइएको अनुच्छेदलाई 'ऋ' र 'रि' को उपयुक्त प्रयोग गरी पुनर्लेखन गर्नुहोस् :

वसन्त रितुमा पृथ्वीमा हऋयाली छाउने हुनाले कृषक अत्यन्त खुसी हुन्छन् । उनीहरू रिण खोजेर भए पनि खेतीपातीमा जुट्छन् । किसानहरू पऋश्रमी हुनाले उनीहरूको हात ऋत्तो हुँदैन । उनीहरू आफ्नो संस्कार, संस्कृति तथा ऋतिऋवाजलाई कहिल्यै बिर्सँदैनन् ।

## सिर्जना र परियोजना कार्य

१. दिइएको कथाको नमुना पढी बुँदाका आधारमा एउटा छोटो कथा तयार पार्नुहोस् :

### स्वविवेक

एकादेशमा एउटा घोडाको बछेडो थियो । ऊ साह्रै फुर्तिलो थियो, जे काम पनि गर्न खोज्थ्यो ।

एक दिन त्यस बछेडाकी आमाले उसलाई एक बोरा गहुँ बोकेर खोलापारि गई पिनेर ल्याऊ भनी अह्राइन् । ऊ पनि फुर्तीसाथ गहुँ बोकेर कुदिहाल्यो । खोला आइनपुग्दै उसले बाटामा एउटा गोरुलाई भेट्यो ।

खोला सलल बगिरहेको देखिसकेको उसले गोरुलाई सोध्यो, "दाइ ! त्यो खोला तर्न सकिन्छ ?"

गोरुले भन्यो, "किन नसक्नु ! मजाले सकिन्छ तर्न ।"

अब ऊ अगाडि बढ्न थाल्यो । अलिपर पुग्ने बित्तिकै खोलावारि नै लोखर्केसित जम्काभेट भयो । उसलाई खोलातिर बढिरहेको देखेर लोखर्केले भन्यो, "कता हो ? खोला तर्न लागेको हो कि क्या हो ? नतर है, एकदम गहिरो छ । तर्नै सकिँदैन, मरिएला ।"

आखिर ज्यानको माया त सबैलाई भइहाल्छ । त्यस बछेडालाई के गरूँ, के गरूँ भइहाल्यो । त्यसैले ऊ घरै फर्किएर आमालाई सबै कुरा बतायो । आमाले भनिन्, "धत् केटा ! गोरु अग्लो भएकाले खोला तर्न सकिन्छ भन्यो र लोखर्के सानो भएकाले नतर, मरिएला भन्यो । तिमी आफैं बुद्धि लगाउन सक्छौ ।"

उसले कुरा बुझ्यो । नभन्दै खोला तरेर सरासर पारिपट्टि पुगेर ऊ गहुँ पिनेर घर फर्कियो । यसबाट उसले आफ्नै बुद्धि पनि लगाई काम गर्नुपर्छ भन्ने थाहा भयो ।

(क) साथीहरूको लहैलहैमा लागेर विज्ञानले पढाइमा कम ध्यान दिनु

(ख) साथीहरूसँग डुलिरहन खोज्नु

(ग) आमाबुबाले सम्झाउने प्रयत्न गर्नु

(घ) छोराको भविष्यका बारेमा आमाबुबा चिन्तित हुनु

(ङ) उनीहरूले शिक्षकसँग छोरालाई सम्झाइदिन अनुरोध गर्नु

(च) शिक्षकले उसलाई असल साथीको सङ्गत गर्ने सल्लाह दिनु र पढाइको महत्त्व बुझाउनु

(छ) विज्ञानले शिक्षकले भनेको मान्नु र पढाइमा ध्यान दिनु

(ज) उसले पढाइमा प्रगति गर्दै जानु

(झ) आमाबुबा छोराको प्रगतिमा खुसीले गद्गद हुनु

२. पत्रपत्रिकाबाट एउटा कथा खोजी त्यस कथाको मुख्य पात्रको स्वभाव तयार पार्नुहोस् ।

## थप स्वाध्याय सामग्री

### तार्किक उत्तर लेखन

**परिचय**

कुनै पाठको भाव, पात्रको भूमिका वा परिवेशलाई समस्याका रूपमा प्रस्तुत गरेर परीक्षार्थीको तार्किक शक्ति विकास गर्न सोधिने प्रश्न तार्किक शिल्पगत प्रश्न हुन् । यस्ता प्रश्नको उत्तर लेख्दा तर्कपूर्ण समाधान खोजिन्छ । पात्रको भूमिका वा पाठको सन्दर्भमा आधारित विचार प्रस्तुत गर्दै सम्बन्धित प्रश्नको उत्तर व्यक्तिगत तर्कले पुष्टि गर्नुपर्छ ।

**तार्किक उत्तर लेखन संरचना / शैली**

(क) उत्तर खण्ड :

१. लेखक, पाठ र विधा उल्लेख गर्दै प्रश्नमा प्रवेश गर्नुहोस् ।

२. प्रश्नको मूल आशयसँग सम्बन्धित समस्याको पहिचान गरी लेख्नुहोस् ।

३. समस्यासँग सम्बन्धित पाठगत सन्दर्भ वा पात्रको भूमिका उल्लेख गर्नुहोस् ।

४. विषयको तर्कपूर्ण प्रस्तुति र समाधानमुखी विचार लेख्नुहोस् ।

५. अनावश्यक व्याख्या र उदाहरण नदिई तर्कहरूको व्यवस्थापन गर्नुहोस् ।

(ख) निष्कर्ष खण्ड

१. आफूलाई मूल पात्रका रूपमा प्रस्तुत गर्दै आत्मपरक शैलीमा माथिका कुराहरूको समाधानमुखी निष्कर्ष निकाल्नुहोस् ।

पाठ १२ : जीवनी

# पाब्लो पिकासो

## परिचय

व्यक्तिको जीवनका महत्त्वपूर्ण घटना, प्रसङ्ग, योगदान, प्रेरणादायी कार्य तथा अनुभवको सारपूर्ण वृत्तान्त नै जीवनी हो । जीवनीमा व्यक्तिको व्यक्तित्व र योगदानको समीक्षात्मक मूल्याङ्कन गरिन्छ । असल र सफल व्यक्तित्व बन्न धैर्य, सहिष्णुता, मनोबल, आत्मविश्वास, अठोट जस्ता गुण आवश्यक पर्छ । धैर्यले आत्मसंयमी बनाउँछ । सहिष्णुताले मानिसभित्र शक्ति जम्मा गर्छ । मनोबल भएका मानिसका पाइलाहरू दह्रा हुन सक्छन् । आत्मविश्वासले विजय प्राप्त गर्न सकिन्छ । अठोटले मानिसलाई सदा आशावादी बनाउँछ । यी मानवीय गुणहरूले नै मानिसलाई प्रेरक व्यक्ति बनाउँछ । विश्वका प्रेरक व्यक्तित्वको अग्रभागमा रहेर सदा मुस्कुराइरहने अन्तर्राष्ट्रिय व्यक्तित्व हुन् पाब्लो पिकासो ।

'पाब्लो पिकासो' (सन् १८८१ - १९७३) विश्वकलाको आधुनिककालका प्रारम्भकर्ता हुन् । उनको कलाकारितालाई निलो अवधि र रातो अवधि भनेर विभाजन गरिएको छ । मूर्त वस्तुलाई भाँच्ने, टुक्र्याउने अनि जोडेर फेरि वस्तु र विषयलाई व्यापक अर्थमा र अमूर्त रूप प्रयुक्त गर्ने भएकाले उनको चित्रकलामा 'घनवाद' को प्रयोग भएको विश्लेषण गरिएको छ । उनले कलामार्फत बन्दुकभन्दा कलम र कुची बलियो हुन्छ भन्ने सन्देश दिएका छन् ।

### सिकाइ उपलब्धि

१. सस्वर र मौन पठन गरी विषयवस्तुबोध गर्न

२. पाठगत शब्दको उच्चारण, अर्थबोध र प्रयोग गर्न

३. आगन्तुक शब्दको पहिचान र प्रयोग गर्न

४. जीवनीको संरचना, ढाँचा र शैली पहिचान गर्न

५. घटनाक्रम पहिचान गरी मिलान गर्न

६. प्रश्नोत्तर, व्याख्या र समीक्षात्मक लेखन गर्न

७. सन्देश ग्रहण गरी लक्ष्य निर्धारण गर्न

८. बुँदा टिपोट र सारांश लेखन

९. व्यक्तिवृत्त वर्णन गर्न


१०. अनुकरणात्मक जीवनी लेखन गर्न

११. प्रत्यक्ष र अप्रत्यक्ष कथनको पहिचान र वाक्यान्तरण गर्न

१२. 'ग्यँ' र 'ज्ञ' प्रयोग भएका शब्द पहिचान गरी प्रयोग गर्न

## मूल पाठ

मानवीय संवेदनाको युगीन लय पक्रेर कलाकृति सिर्जना गर्ने कलाकार संसारमा बिरलै जन्मिन्छन् । कलाका जादुले विश्व जगत्मा नयाँ नयाँ कीर्तिमान स्थापित गरेसँगै उन्नाइसौँ शताब्दीको उत्तरार्धतिर युरोपको स्पेनमा एउटा अद्भुत प्रतिभाशाली बालकको जन्म भयो । तिनै बालकले पछि गएर परम्पराभन्दा पृथक् विविध शैलीका सघन कलाकृति सिर्जना गरे । थोरै रङको प्रयोग गर्दै मानव मनमस्तिष्कमा धेरै झङ्कार पैदा गरे । उनैले बिसौँ शताब्दीको आरम्भमै कलाकारिताको आगो ओकले । पाब्लो पिकासो नामक विलक्षण प्रतिभाशाली तिनै बालक बिसौँ शताब्दीका सबैभन्दा महान् र सर्वाधिक प्रभावशाली कलाकारका रूपमा विश्वविख्यात बने । बहुमुखी प्रतिभाशाली पाब्लो पिकासो कलाकार, चित्रकार, मूर्तिकारका साथै मञ्च सजावटका समेत अद्भुत शिल्पी थिए । कलाकारिताको प्रतिभा यिनका नसा नसामा जन्मजात प्रवाहित थियो ।



सन् १८८१ अक्टोबर २५ तारिखका दिन स्पेनको मलागामा मध्यमवर्गीय परिवारमा पिकासोको जन्म भएको हो । जन्मँदा औसत शिशुभन्दा सानो भएकाले नर्सले यो बालक जीवित छैन भन्ने ठानिछन् । आमाको हेरचाह गर्न जाँदा उनले पिकासोलाई मृत सम्झेर आमाको शैयानजिकको टेबुलमा छोडिछन् । उनका काका डन साल्भाडोरले त्यो बालक जीवित छ भनी नर्सलाई सूचित गरेछन् अनि बल्ल पिकासोले जीवन प्राप्त गरेका रहेछन् ।

### शब्दार्थ

*संवेदना* : *मानिसका मनमा हुने मार्मिक अनुभूति*

*सघन* : *खँदिलो, ठोस*

*झङ्कार* : *वीणा, गितार आदि तारका बाजा बजाउँदा सुनिने सुमधुर ध्वनि, झनझनाहट*


*सूचित* : *जानकारी दिइएको*

पिकासोका आमाबुबाको नाम मारियो पिकासो लोपेज र जोसो रुइज ब्लास्को थियो । पिकासोका बुबा जोसो रुइज एक स्थानीय विद्यालयमा कलाका कुशल शिक्षक थिए । पिकासोले **शैशवावस्था**को चुलबुले उमेरमा नै आफ्ना बुबाले सिर्जना गरेका सुन्दर कला बालसुलभ आँखाले देखे । यसैबाट प्रेरणा प्राप्त गरी पछि हुर्कँदै जाँदा उनीभित्रको जन्मजात कलाकारिताले टुसाउने, हुर्कने र मौलाउने अवसर पायो । उनले बाल्यकालदेखि चित्रकलाको प्रारम्भिक तालिम घरबाटै पाउन सुरु गरेका थिए । बाल्यकालमा उनी विभिन्न प्रकारका आकृति बनाएर आफ्ना साथीलाई चकित पार्थे । आफ्ना बुबाबाट कलाको प्रारम्भिक शिक्षा लिएका पिकासोले १४/१५ वर्षको उमेरमै उत्कृष्ट चित्र बनाउन थालिसकेका थिए । पिकासोले 'पिकाडोर' नामको आफ्नो पहिलो पेन्टिङ नौ वर्षको हुँदा तयार पारेका थिए । साँढेको लडाइँमा घोडा चढिरहेको मान्छेको यो चित्र निकै आकर्षक थियो । उनी १५ वर्षका हुँदा उनले '**कम्युनियन**' चित्र पूरा गरे । उनका बुबा, आमा र बहिनीलाई चित्रण गरिएको यो अत्यन्तै प्रसिद्ध चित्र थियो । पिकासोका बुबाले आफ्नो छोरा आफूभन्दा राम्रो चित्रकार भएको महसुस गरे । बुबाले चित्र बनाउन तयार पारेको **क्यानभास**मा छोराले  असाध्यै राम्रा चित्र बनाएको देखेर बुबा चकित भए । त्यसपछि उनका बुबाले छोराको प्रतिभाबाट प्रभावित भई आफ्नो चित्रकलाको सम्पूर्ण सरसामान उनैलाई सुम्पिए । पिकासो १३ वर्षको हुँदा उनका बुबाले चित्रकलाबाट सन्यास लिने निर्णय गरे । त्यसपछि उनलाई चित्रकलामा उच्च शिक्षाका लागि म्याड्रिड एकेडेमी पठाइयो । पिकासो त्यहाँको वातावरणबाट बिरक्तिएर उनले आफ्नो औपचारिक पढाइ छोडे र पूर्णकालीन रूपमा कलाकारितामा नै आफूलाई समर्पित गरे ।

आफ्ना बुबाबाट सुरु भएको कलायात्राका क्रममा पिकासोले मलागादेखि बार्सिलोना, म्याड्रिड र युरोपेली कलाको राजधानी मानिने पेरिससम्म आइपुग्दा महान् कृति जन्माइसकेका थिए । सन् १८९२ मा उनको परिवार ला कोरुनामा बसाइँ सऱ्यो । त्यसको एक वर्षपछि पिकासोलाई त्यहाँ ललित र व्यावहारिक कला अध्ययनका लागि विद्यालयमा भर्ना गरियो । सन् १८९४ को प्रारम्भमा १३ वर्षको उमेरमा उनले आफ्नो परिवारको चित्रसहित प्रारम्भिक तैल चित्रहरू सिर्जना गरे । सन् १८९५ देखि उनले आफ्ना चित्र प्रदर्शन गर्न र बेच्न थाले । सोही वर्ष पिकासोकी सात वर्षकी बहिनी कोन्चिटाको मृत्यु भयो । यो पिकासोको जीवनमा एउटा कहालीलाग्दो घटना बन्न पुग्यो । बहिनीको मृत्युपछि उनको परिवार बार्सिलोनामा सऱ्यो । सन् १८९० तिरका उनका चित्रहरूमा यथार्थवादी शैलीको प्रयोग  हुन्थ्यो । उनले यस्ता केही प्रोट्रेट चित्र बनाए । सन् १८९७ मा सिर्जित

*शैशवावस्था : बालकपन*
*कम्युनियन : पिकासोले बनाएको एक चित्रको नाम*
*क्यानभास : चित्रपट, चित्र बनाइने कपडा, भित्तो वा ठाउँ*
*ललित : वास्तु, मूर्ति, सङ्गीत, चित्र आदिको समष्टि रूप*
*प्रोट्रेट : एक प्रकारको फोटो, रूप चित्र, छाया चित्र*
*सिर्जित : सिर्जना वा रचना*

उनका चित्रकलाबाट विश्वकलाको आधुनिक काल सुरु भएको मानिन्छ । पिकासो त्यसपछि सन् १९०० मा युरोपको कलाको राजधानी भनिने पेरिस प्रस्थान गरे । त्यहाँ उनले आफ्नो पहिलो पेरिस साथी, पत्रकार र कवि म्याक्स ज्याकबलाई भेटे, उनले पिकासोलाई पनि भाषा र साहित्य सिक्न मदत गरे ।



पिकासोका कलाकृति सिर्जना प्रवृत्तिगत दृष्टिले विविध प्रकारका छन् । स्पेनिस चित्रकार पिकासोद्वारा सन् १९०१ र सन् १९०४ को बिचमा सिर्जित कलाकारितालाई परिभाषित गर्न 'ब्लु पिरियड' पदावली प्रयोग गरिन्छ । पारिवारिक तथा आर्थिक सङ्कटजन्य परिस्थितिका कारण उनमा एकप्रकारको मानसिक तनाब र असामान्य अवस्था सिर्जना भयो । यसैको प्रभावस्वरूप उनले मुख्य रूपमा ब्लु र ब्लुसँगै हरियो कठोर रङका धर्काहरूमा अन्य केही रङसमेत मिश्रित मोनोक्रोमेटिक चित्रकला प्रस्तुत गरे । समाजका गरिब र बहिष्कृतका शान्त र व्यग्र मनस्थितिलाई निलो रङका साथ जोडेर विचित्रका चित्र बनाए । एक्लोपन, गरिबी र चरम अभाव उनका चित्रकलाका विषयवस्तु बने । गरिबीले आक्रान्त महिला, दुधे बालकसँगका आमाका चित्र र दृष्टिविहीनका चित्रले उनका क्यानभासमा प्राथमिकता पाउन थाले । यस्ता विषय खोज्न उनी कहिले जेलमा थुनिएका मानिस हेर्न जान्थे । कहिले बाटामा भिख मागिरहेका भिखारीसँग घन्टौँ बसेर उनका आकृतिमा पोतिएको गम्भीर अवसादलाई आफ्ना चित्रमा उतार्थे । जीवनका निराशा र विसङ्गत अवस्थाको भव्य चित्रण गरिएका उनका यस्ता चित्र सर्वसाधारणबाट निकै रुचाइए । यस्ता चित्र सम्पन्न वर्गले भने त्यति रुचाएनन् । तत्काल तिनको बिक्री भएन तर कालान्तरमा अनमोल बनेका यिनै चित्र करोडौँ मूल्यमा बिक्री भए ।

पिकासोको 'पिङ्क पिरियड' सन् १९०४-१९०६ को समयावधिको काल हो । यस पिरियडमा पिकासो आफ्नी प्रेमिका फर्नान्डो ओलिभरसँगसँगै थिए । यिनका कलाले बजार पाइसकेका थिए । सप्रिँदो आर्थिक अवस्था र प्रेमजीवनको प्रभाव यस पिरियडका कृतिमा देख्न सकिन्छ । अझै उनकी

*ब्लु पिरियड : ब्लु पिरियड भनेर चिनिने पिकासोको चित्र निर्माणको एक कालखण्ड*

*मोनोक्रोमेटिक : धेरै रङ मिसाएर बनाएको एउटै रङयुक्त, एकरङ्गी*

*आक्रान्त : हमला गरिएको, घेराउमा परेको, पराजित*

*अवसाद : मनमा पर्ने पछुताउ, उत्साह, आशा, शक्ति आदिको अभाव*

*विसङ्गत : नमिलेको, नसुहाउँदो*

*कालान्तर : धेरै पछिको समय, समयान्तर*

*रातो अवधि : रेड पिरियड भनेर चिनिने पिकासोको चित्र निर्माणको एक कालखण्ड*

प्रेमिकाको सल्लाहले उनले ब्लु काल त्यागेका हुन् भन्ने पनि भनाइ छ र यसलाई उनको आफ्नै जीवनको प्रतिबिम्ब पनि भन्ने गरिन्छ । शान्त पृष्ठभूमि र खुसीपूर्ण वातावरणमा सुन्तला र गुलाबी रङ प्रयोग गरिएका उनका चित्रमा सर्कसका नायक र हेपिएका मानिस चित्रित हुन्थे । यस पिरियडमा उनले ऐतिहासिक महत्त्वका कृति रचना गरे ।

उनको चित्रकलामा 'घनवाद' को सशक्त प्रयोग भएको पाइन्छ । घनवादको प्रयोग भएको यस काललाई 'निग्रो काल' पनि भनिन्छ । घनवादी कलाकृतिमा वस्तुहरूलाई विश्लेषण गरिन्छ, टुक्रा टुक्रा पारिन्छ । ती टुक्रालाई अमूर्त रूपमा पुन: संयोजन र संश्लेषण गरिन्छ । यसमा कलाकारले वस्तुलाई एउटै दृष्टिकोणबाट चित्रण नगरी बृहत्तर सन्दर्भमा प्रतिनिधित्व गर्न धेरै दृष्टिकोणबाट विषयलाई चित्रण गर्छन् । यसरी मूर्त वस्तुलाई भाँच्ने, टुक्र्याउने अनि जोडेर फेरि वस्तु र विषयलाई व्यापक अर्थमा र अमूर्त रूपमा प्रयुक्त गर्ने यही वाद नै घनवादी कलाका रूपमा चिनिन्छ । यसरी जुनसुकै कालमा लेखिएको भए पनि उनका हजारौँ चित्रकला र मूर्तिकला आज पनि जीवन्त छन् ।

पिकासोको वैवाहिक र पारिवारिक जीवन एकैनासले अगाडि बढेन । उनका जीवनमा जुन जुन महिला आए तिनले उनको कलाकारितालाई कुनै न कुनै रूपमा प्रभावित पारेको देखिन्छ । उनले आफ्ना जीवनका सफल वा असफल प्रेम सम्बन्धलाई विभिन्न ढङ्गले चित्र र मूर्तिमा अङ्कित गरेका छन् । ती चित्र निकै चर्चित र मूल्यवान् पनि बनेका देखिन्छन् ।

पिकासोले आफ्नो लामो जीवनकालमा कलाका क्षेत्रमा असाधारण रूपमा प्रशंसा कमाए । उनका धेरै कलाकृति निकै बिकाउ र चर्चित बने । उनका १३५०० हाराहारीमा चित्र, १२२८ मूर्तिकला, २८८० सेरेमिक कला, लगभग १२००० रेखाचित्र रहेका छन् । पिकासोले आफ्नो सबैभन्दा महत्त्वपूर्ण योगदान गरेको र उनलाई चर्चाको शिखरमा पुऱ्याएको क्षेत्र भने चित्रकला बन्यो । आफ्ना चित्रमा पिकासोले रङलाई अभिव्यक्तिगत तत्त्वका रूपमा प्रयोग गरे । पिकासोका प्रारम्भिक मूर्तिकला काठबाट कोरिएका अनि माटाबाट बनाइएका थिए । उनका चर्चित र निकै मूल्यवान् चित्रहरूले पिकासोलाई अजर र अमर बनाएका छन् । उनको 'द गुएर्निका चित्र' हिटलरको हमलामा देखिएको युद्धको क्रूरता, अमानवीयताको पराकाष्ठाको जीवन्त साक्ष्य प्रस्तुत गरिएको एक भव्य चित्र हो । सन् १९३७ मा गुएर्निका भन्ने ठाउँको बास्क सहरमा नाजीहरूले गरेको विनाशकारी हवाई हमलापछिको वातावरण चित्रित यस चित्रलाई हालसम्मकै सबैभन्दा महान्

*घनवाद : चित्रकला एवम् मूर्तिकलाको क्षेत्रमा खास गरी हरेक चिजलाई गोलाकार वस्तुका रूपमा हेर्ने एक शैली*
*जीवन्त : जिउँदो, जीवित*
*सिरेमिक : माटाबाट बनाइएका शिल्पयुक्त भाँडा, माटाका भाँडा*
*क्रूरता : अरूलाई सताउने स्वभाव, निर्दयी*
*पराकाष्ठा : कुनै पनि अवस्थाको अन्तिम सीमा*
*साक्ष्य : आफैँले देख्ने, दर्शक, साक्षी बस्ने काम*

युद्धविरोधी चित्र मानिन्छ । पिकासोले सन् १९५५ मा बनाएको तैल चित्र 'वुमन अफ अल्जियर्स' करिब १८० मिलियन डलरमा लिलाम बिक्री भएको थियो । यस चित्रले संसारको सबैभन्दा महँगो बिक्री हुने चित्रका रूपमा विश्व कीर्तिमान कायम गरेको छ ।

पाब्लो पिकासोका थुप्रै रमाइला र प्रेरणाप्रद प्रसङ्ग छन् । पिकासोका घरमा थुप्रै साथीहरूको आउने जाने क्रम चलिरहन्थ्यो । एक दिनको कुरा हो, पिकासोका घरका भित्तामा केही सस्ता र सामान्य खालका चित्र देखेर उनको एक जना साथीले हाँसैहाँसोमा पिकासोलाई भनेछन्, "आफ्नो घरका भित्तामा आफ्ना चित्र किन नराखेको नि, के तिमीलाई आफ्ना चित्र मन पर्दैनन् ?" पिकासोले जबाफ दिएछन्, "हैन मित्र ! मलाई मेरा चित्र निकै मन पर्छन् तर ती निकै महँगोमा बिक्छन् । म ती महँगा चित्र किन्न सक्दिनँ ।" यसरी उनी हाँसो र ठट्टामा सोधिएका प्रश्नको उत्तर पनि कलात्मक रूपमा नै दिन्थे । त्यस्तै अर्को पनि एउटा प्रसङ्ग छ, एकपटक पिकासोकी एक प्रशंसक महिलाले पाब्लोलाई भेटिन् अनि यिनले कसरी चित्र बनाउँदा रहेछन् भनेर जान्ने मनसायले भनिछिन्, "कुनै एउटा चित्र बनाउनुस् न !" सुरुमा टार्न खोजे पनि महिलाको जिद्दी हार्न सकेनछन्, उनले १० सेकेन्डभित्रै एउटा चित्र बनाएछन् र हातमा दिँदै भनेछन्, "यो लैजाऊ, मिलियन डलरको चित्र !"

महिला आश्चर्यमा परिन् १० सेकन्डमा बनाएको चित्र कसरी मिलियन डलरको हुन्छ ! तैपनि उनी केही नभनी चित्रको मूल्य बुझ्न चित्र लिएर बजार गइन् । जब उनले बजारमा चित्रको मूल्य सुनिन् साँच्चै त्यो चित्र त मिलियन डलरकै रहेछ । उनी फेरि फर्केर पिकासोसँग आइछन् र भनिछन्, "१० सेकेन्डमा मिलियन डलरको चित्र कसरी बनाउनुभयो ? यो कला मलाई पनि सिकाइदिनुहोस् न !" पाब्लोले मुस्कुराउँदै भनेछन्, "जुन पेन्टिङ मैले १० सेकेन्डमा बनाएँ, त्यसका पछाडि ३० वर्षको कडा मिहिनेत लुकेको छ । आफ्नो जीवनका ३० वर्ष मैले आफ्नो कला सिक्न र त्यसमा पारङ्गत हुन खर्च गरेको छु । त्यसैले त १० सेकेन्डमा चित्र बनाउन सकेको हुँ । तिमी पनि सिक्नमा समय लगाऊ अवश्य सिक्ने छौं ।"

मानव वेदनाको जीवन्त चित्रण भएका कला सिर्जनामा पिकासोले आफ्नो सम्पूर्ण जीवन समर्पण ग रे । उनले कलामार्फत् बन्दुकभन्दा कलम र कुची बलियो हुन्छ भन्ने दसी प्रस्तुत गरे र कलामार्फत युद्धलाई खरो रूपमा व्यङ्ग्य गरे । त्यसैले त नाजीहरूले पिकासोलाई जर्मनीमा चित्र प्रदर्शन गर्न दिएनन् । उनले भिखारी, जेलमा थुनिएका, दुःख पाएका, हेपिएका र सीमान्तकृत मान्छेका साथै गम्भीर मानसिक समस्या भएका व्यक्तिका चित्रसमेत बनाए । उनले महिलाका मार्मिक र प्रेमिल

*लिलाम बिक्री : सबैभन्दा बढी मोल दिनेलाई माल बिक्री गर्ने काम*

*पारङ्गत : सिपालु, विशेषज्ञ*

*दसी : सबुद, प्रमाण नाजी : जर्मनीको एक प्रसिद्ध राजनीतिक दल*

*प्रेमिल : माया वा प्रेमको भाव जनाउने*

चित्र पनि बनाए । उनी केवल मान्छेको बाहिरी आवरण मात्र कहाँ हो र, ती व्यक्तिका भित्री वेदना, संवेदना, संवेग, मर्म र सौन्दर्य मूर्त बनेर उनका अमूर्त चित्रभित्र चित्रित हुन्थे । जजसले ती चित्र हेर्थे ती व्यक्तिको हृदयमा करुणा, दया, माया, स्नेह, आक्रोशका भाव सलबलाउँथे र हेर्दाहेर्दै ती चित्रमा नै हराउँथे । उनका कलामा त्यस्तो जादु भएर नै उनका कला आजसम्म पनि अनमोल भएका छन् र संसारका सबैभन्दा महँगा चित्रका रूपमा उत्तिकै बेजोड छन् । आज पिकासोको कलाकृति संसारभरिका विख्यात कला सङ्ग्रहालयमा फेला पार्न सकिन्छ । सानो छँदा आमाले भनेको कुरा सम्झँदै एकपटक पिकासोले भनेका छन्, मेरी आमाले भन्नुभएको थियो "यदि तिमी सिपाही बन्यौ भने जनरल हुने छौ, धर्मगुरु बन्यौ भने पोप हुने छौ" तर म आमाले भन्नुभएका मान्छेजत्तिकै लगनशील भएँ र पिकासो बनेँ । उनले भने झैँ हरेक बालबालिकामा विशिष्ट सिर्जना शक्ति र प्रतिभा हुन्छ, उचित अवसर र लगनशील भएमा जीवनलाई सार्थक बनाएर संसारलाई चहकिलो ज्योति छर्न सक्छ ।

यिनै महान् प्रतिभाशाली कलाकारको योगदानको उच्च मूल्याङ्कन गर्दै उनलाई सन् १९५० र १९६१ गरी दुई पटक अन्तर्राष्ट्रिय लेनिन पुरस्कारबाट सम्मान गरिएको थियो । मध्यमवर्गीय परिवारमा जन्मेका पिकासो जीवनको पूर्वार्धमा आर्थिक तथा पारिवारिक समस्यामा परे पनि जीवनको उत्तरार्धमा आफ्ना कलाकृति बेचेरै प्रशस्त आर्थिक उपार्जन गरे ।  'म धेरै पैसा कमाएर गरिबका रूपमा बाँच्न चाहन्छु' भन्ने पिकासो आखिरमा त्यस्तै साधारण जीवन बाँचे । ९१ वर्षको दीर्घ आयु बाँचेका विलक्षण प्रतिभाशाली कलाकार पिकासोको भौतिक शरीरको अवसान ८ अप्रिल १९७३ मा भयो तर पनि उनी आफ्ना अनमोल कलामार्फत अजर र अमर बनेका छन् ।

*(मूल पाठ पाठ्यक्रम विकास केन्द्र, कक्षा १०, नेपालीबाट साभार)*

*पोप : इसाई धर्मका प्रधान गुरु*

## पाठसार

पाब्लो पिकासोको जन्म सन् १८८१ अक्टोबर २५ मा स्पेनको मलागामा भएको थियो । उनका बुबा जोसो रुइज एक स्थानीय विद्यालयमा कलाका कुशल शिक्षक थिए । उनले सानै उमेरमा आफ्ना बुबाले सिर्जना गरेका सुन्दर कला देखे । यसैको प्रेरणाले उनीभित्रको जन्मजात कलाकारिताले टुसाउने, हुर्कने र मौलाउने अवसर पायो । उनले चित्रकलाको प्रारम्भिक तालिम घरबाटै पाए । उनले विभिन्न प्रकारका आकृति बनाएर आफ्ना साथीलाई चकित पार्थे । पिकासोले 'पिकाडोर' नामको आफ्नो पहिलो पेन्टिङ नौ वर्षको हुँदा तयार पारे । साँढेको लडाइँमा घोडा चढिरहेको मान्छेको यो चित्र निकै आकर्षक थियो । सन् १८९२ मा उनको परिवार ला कोरुनामा बसाइँ सऱ्यो । त्यसको एक वर्षपछि पिकासोलाई ललित र व्यावहारिक कला अध्ययनका लागि विद्यालयमा भर्ना गरियो । सन् १८९४ को प्रारम्भमा १३ वर्षको उमेरमा उनले आफ्नो परिवारको चित्रसहित प्रारम्भिक तैल चित्रहरू सिर्जना गरे । उनी १५ वर्षका हुँदा उनले 'कम्युनियन' चित्र पूरा गरे जसमा उनका बुबा, आमा र बहिनीलाई चित्रण गरिएको थियो । उनले बुबाले चित्र बनाउन

तयार पारेको क्यानभासमा चित्र बनाउन थाले । उनका बुबाले छोरा आफूभन्दा राम्रो चित्रकार भएको महसुस गरी चित्रकलाको सम्पूर्ण सरसामान छोरालाई सुम्पिए । पाब्लो पिकासोलाई चित्रकलामा उच्च शिक्षाका लागि म्याड्रिड एकेडेमी पठाइयो । त्यहाँ उनले आफ्नो औपचारिक पढाइ पूरा गरेनन् । उनले पूर्णकालीन रूपमा कलाकारितामा नै आफूलाई समर्पित गरे । सन् १८९० तिरका उनका चित्रहरूमा यथार्थवादी शैलीको प्रयोग हुन्थ्यो । उनले यस्ता केही प्रोट्रेट चित्र बनाए । ती चित्रलाई 'स्पेनिस चित्रकलाको सम्पूर्ण इतिहासमा सबैभन्दा ठुलो चित्रमध्ये एक' भनेर प्रशंसा गरिएको थियो । सन् १८९५ मा पिकासोकी सात वर्षकी बहिनी कोन्चिटाको मृत्यु भयो । यो उनका लागि एउटा दर्दनाक र कहालीलाग्दो घटना बन्न पुग्यो । बहिनीको मृत्युपछि उनको परिवार बार्सिलोनामा सर्‍यो ।

सन् १८९७ मा सिर्जित उनका चित्रकलाबाट विश्वकलाको आधुनिक काल सुरु भएको मानिन्छ । पिकासोद्वारा सन् १९०१ र सन् १९०४ को बिचमा सिर्जित कलाकारितालाई परिभाषित गर्न 'ब्लु पिरियड' पदावली प्रयोग गरिन्छ । पारिवारिक तथा आर्थिक सङ्कटका कारण उनले मुख्य रूपमा ब्लु र ब्लुसँगै हरियो कठोर रङका धर्काहरूमा अन्य केही रङसमेत मिश्रित मोनोक्रोमेटिक चित्रकला प्रस्तुत गरे । समाजका गरिब र बहिष्कृतका शान्त र व्यग्र मनस्थितिलाई निलो रङका साथ जोडेर विचित्रका चित्र बनाए । एक्लोपन, गरिबी र चरम अभाव उनका चित्रकलाका विषयवस्तु बने । गरिबीले आक्रान्त महिला, दुधे बालकसँगका आमाका चित्र र दृष्टिविहीनका चित्रले उनका क्यानभासमा प्राथमिकता पाउन थाले । बाटामा भिख मागिरहेका भिखारीसँग घन्टौँ बसेर उनका आकृतिमा पोतिएको गम्भीर अवसादलाई आफ्ना चित्रमा उतारे । जीवनका निराशा र विसङ्गत अवस्थाको भव्य चित्रण गरिएका उनका यस्ता चित्र सर्वसाधारणबाट निकै रुचाइए । अनमोल बनेका यिनै चित्र करोडौँ मूल्यमा बिक्री पनि भए । पिकासोको 'रातो अवधि' सन् १९०४-१९०६ को समयावधिको काल हो । यसलाई उनको आफ्नै जीवनको प्रतिबिम्ब पनि भन्ने गरिन्छ । शान्त पृष्ठभूमि र खुसीपूर्ण वातावरणमा सुन्तला र गुलाबी रङ प्रयोग गरिएका उनका चित्रमा सर्कसका नायक र हेपिएका मानिस चित्रित हुन्थे । यस कालमा उनले ऐतिहासिक महत्त्वका कृति रचना गरे । उनको चित्रकलामा 'घनवाद' को प्रयोग हुन थाल्यो । घनवादी कलाकृतिमा वस्तुहरूलाई विश्लेषण गरिन्थ्यो, टुक्रा टुक्रा पारिन्थ्यो । ती टुक्रालाई अमूर्त रूपमा पुनः संयोजन र संश्लेषण गरियो । मूर्त वस्तुलाई भाँच्ने, टुक्र्याउने अनि जोडेर फेरि वस्तु र विषयलाई व्यापक अर्थमा र अमूर्त रूपमा प्रयुक्त गर्ने यही वाद नै घनवादी कला आन्दोलनका रूपमा चिनिन थाल्यो । उनका १३५०० हाराहारीमा चित्र, १२२८ मूर्तिकला, २८८० सेरेमिक कला, लगभग १२००० रेखाचित्र रहेका छन् । पिकासोका प्रारम्भिक मूर्तिकला काठबाट कोरिएका अनि माटाबाट बनाइएका थिए । उनको 'द गुएर्निका चित्र' हिटलरको हमलामा देखिएको युद्धको क्रूरता, अमानवीयताको पराकाष्ठाको जीवन्त साक्ष्य प्रस्तुत गरिएको एक भव्य चित्र हो । पिकासोले सन् १९५५ मा बनाएको तैल चित्र 'वुमन अफ अल्जियर्स' करिब १८० मिलियन डलरमा लिलाम बिक्री भई संसारको सबैभन्दा महँगो बिक्री हुने चित्रका रूपमा विश्व कीर्तिमान कायम गरेको छ ।

पिकासोका थुप्रै रमाइला र प्रेरणाप्रद प्रसङ्ग छन् । "१० सेकेन्डमा मिलियन डलरको चित्र कसरी बनाउनुभयो ? यो कला मलाई पनि सिकाइदिनुहोस् न !" भन्ने एक जना महिलाको प्रश्नमा पाब्लोले मुस्कुराउँदै, "जुन पेन्टिङ मैले १० सेकेन्डमा बनाएँ, त्यसका पछाडि ३० वर्षको कडा मिहिनेत लुकेको छ । आफ्नो जीवनका ३० वर्ष मैले आफ्नो कला सिक्न र त्यसमा पारङ्गत हुन खर्च गरेको छु त्यसैले त १० सेकेन्डमा चित्र बनाउन सकेको हुँ ।" भनेका थिए । यसरी पिकासोले कलामार्फत बन्दुकभन्दा कलम र कुची बलियो हुन्छ भन्ने दसी प्रस्तुत गरे र कलामार्फत युद्धलाई

खरो रूपमा व्यङ्ग्य गरे । नाजीहरूले पिकासोलाई जर्मनीमा चित्र प्रदर्शन गर्न दिएनन् । उनका कलामा त्यस्तो जादु भएर नै उनका कला आजसम्म पनि अनमोल भएका छन् र संसारका सबैभन्दा महँगा चित्रका रूपमा उत्तिकै बेजोड छन् । आज पिकासोको कलाकृति संसारभरिका विख्यात कला सङ्ग्रहालयमा फेला पार्न सकिन्छ । उनलाई सन् १९५० र १९६१ गरी दुई पटक अन्तर्राष्ट्रिय लेनिन पुरस्कारबाट सम्मान गरिएको थियो । पिकासोले अन्तिमसम्म नै साधारण जीवन बाँचे । पिकासोको भौतिक शरीरको अवसान ८ अप्रिल १९७३ मा ९१ वर्षको उमेरमा भए पनि अनमोल कलामार्फत अजर र अमर बनेका छन् ।

## शब्दभण्डार

१. दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| शब्द | अर्थ |
|---|---|
| विलक्षण | जर्मनीको एक प्रसिद्ध राजनीतिक दल |
| शैया | व्याकुल, विह्वल |
| उत्तरार्ध | व्यस्तता |
| व्यग्र | जीवनको पहिलो आधा भाग |
| नाजी | अनौठो, अद्भुत, अचम्मको, असाधारण |
| | खाट, पलङ आदि सुत्ने साधन |

२. उदाहरण हेरी दिइएको अर्थसँग मिल्दो शब्द पाठबाट खोजेर लेख्नुहोस् :

(क) चित्र बनाउन निपुण, कालिगड — शिल्पी

(ख) सहभागी हुने अवसर नदिइएको — ..............

(ग) जस्ताको तस्तै देखिने अवस्था, छाया — ..............

(घ) इन्द्रियबाट अनुभव गर्न नसकिने — ..............

(ङ) तेलरङबाट चित्र बनाउने कला — ..............

३. दिइएका विषयवस्तु पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

नेपाली भाषामा संस्कृत भाषाबाहेकका अन्य भाषाबाट पनि शब्दहरू आएका छन् । 'पसल, झ्याल, क्वाँटी' जस्ता शब्द नेवारी भाषाबाट आएका हुन् । 'खुर्पा, रोदी, घले' आदि शब्द गुरुङ भाषाबाट आएका हुन् । 'जाँड, पटुका, आँसी' आदि शब्द मगर भाषाबाट आएका हुन् । तामाङ भाषाबाट 'च्याङ्बा, डम्फू, सेलो' आदि शब्द आएका छन् । मैथली भाषाबाट 'जन, ढेवा, पैनी' आदि शब्द आएका छन् । नेपालभित्र बोलिने अन्य भाषाबाट नेपाली भाषामा आएका यी शब्दहरू आगन्तुक शब्द हुन् ।

त्यसैगरी नेपालबाहिर बोलिने विभिन्न भाषाका शब्दहरू हामीले प्रयोग गर्ने गरेका छौँ । 'कपर्दी, चाउचाउ, सहिद, मालिक, स्कुल, रेडियो, पुलिस, क्याम्पस, कराँते, अचार, गलैँचा, कैँची, पङ्खा' आदि शब्दहरू पनि आगन्तुक शब्द हुन् ।

प्रश्नहरू

(अ) जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| मैथली | डम्फू |
| नेवारी | आँसी |
| मगर | चाउमिन |
| तामाङ | रोदी |
| गुरुङ | सुकुल |
| | पटुवा |

(आ) दिइएका शब्दबाट आगन्तुक शब्द पहिचान गरी लेख्नुहोस् :

क्यामरा, चन्द्र, स्पुतनिक, वाङ्मय, जुडो, सहिद, बोनस, आकाश, बहिनी, कपर्दी

४. दिइएको अनुच्छेदबाट पाँचओटा आगन्तुक शब्द पहिचान गरी लेख्नुहोस् :

कम्प्युटर एउटा इलेक्ट्रोनिक यन्त्र हो । यसले काम गर्नका लागि हार्डवेयर र सफ्टवेयरको मिलन हुनुपर्छ । कम्प्युटरले इन्पुट, प्रोसेसिङ र आउटपुट सिद्धान्तअनुसार काम गर्छ । इन्पुटले कम्प्युटरलाई निर्देशन तथा तथ्यहरू दिन्छ । त्यसपछि प्राप्त निर्देशनका आधारमा सिपियुभित्र लगी अर्थपूर्ण नतिजा दिन्छ ।

५. 'पाब्लो पिकासो' जीवनीबाट कुनै दशओटा आगन्तुक शब्द टिपोट गर्नुहोस् ।

६. पाठमा प्रयोग भएको सन्दर्भ हेरी दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

कम्युनियन, यथार्थवाद, सङ्कट, सीमान्तकृत, पेन्टिङ, मूल्याङ्कन, अन्तर्राष्ट्रिय

## बोध र अभिव्यक्ति

१. दिइएका शब्दलाई शुद्धसँग उच्चारण गर्नुहोस् :

| | |
|---|---|
| दृष्टिकोण /द्रिस्.टि.कोड्ँ/ | प्रतिबिम्ब /प्र.ति.बिम्.ब/ |
| मनस्थिति /म.नस्.थि.ति/ | अमूर्त /अ.मुर्.त/ |
| आक्रोश /आक्.क्रोस्/ | मनोक्रोमिक /म.नो.क्रो.मिक्/ |
| बहिष्कृत /ब.हिस्.क्रित्/ | संश्लेषण /संस्.ले.सन्/ |
| मूर्तिकार /मुर्.ति.कार्/ | |

२. 'पाब्लो पिकासो' जीवनी हाउभाउसहित सस्वरवाचन गर्नुहोस् ।

३. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) 'पाब्लो पिकासो' जीवनीमा कतिओटा अनुच्छेद रहेका छन् ?

(ख) 'पाब्लो पिकासो' जीवनी राष्ट्रिय वा अन्तर्राष्ट्रिय व्यक्तित्वमध्ये कसको हो ?

(ग) 'पाब्लो पिकासो' जीवनीको दोस्रो अनुच्छेदको शीर्षवाक्य के हो ?

(घ) 'पाब्लो पिकासो' जीवनीको सबैभन्दा सानो अनुच्छेदमा कतिओटा वाक्य रहेका छन् ?

४. 'पाब्लो पिकासो' जीवनीका आधारमा घटनाहरूको क्रम मिलाउनुहोस् :

(क) पाब्लो पिकासोले १४/१५ वर्षको उमेरमा उत्कृष्ट चित्र बनाउन थालिसकेका

(ख) सुन् १८९५ मा पाब्लो पिकासोले चित्र प्रदर्शन गर्न र बेच्न सुरु गरेका

(ग) पाब्लो पिकासोले पेरिसमा गएर भाषा र साहित्य सिक्न थालेका

(घ) पाब्लो पिकासोको जन्म सु १८८१ अक्टोबर २५ मा स्पेनमा भएको

(ङ) पाब्लो पिकासोद्वारा सिर्जित चित्रकलाबाट विश्वको आधुनिक काल सुरु भएको

(च) पिकासोको भौतिक शरीरको अवसान

(ज) पिकासोले सन् १९५५ मा बनाएको तैलचित्र १८० मिलियन डलरमा लिलाम बिक्री भएको

५. दिइएको जीवनीको अंश मौनपठन गरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

पिकासोका कलाकृति सिर्जना प्रवृत्तिगत दृष्टिले विविध प्रकारका छन् । स्पेनिस चित्रकार पिकासोद्वारा सन् १९०१ र सन् १९०४ को बिचमा सिर्जित कलाकारितालाई परिभाषित गर्न 'ब्लु पिरियड' पदावली प्रयोग गरिन्छ । पारिवारिक तथा आर्थिक सङ्कटजन्य परिस्थितिका कारण उनमा एकप्रकारको मानसिक तनाब र असामान्य अवस्था सिर्जना भयो । यसैको प्रभावस्वरूप उनले मुख्य रूपमा ब्लु र ब्लुसँगै हरियो कठोर रङका धर्काहरूमा अन्य केही रङसमेत मिश्रित मोनोक्रोमेटिक चित्रकला प्रस्तुत गरे । समाजका गरिब र बहिष्कृतका शान्त र व्यग्र मनस्थितिलाई निलो रङका साथ जोडेर विचित्रका चित्र बनाए । एक्लोपन, गरिबी र चरम अभाव उनका चित्रकलाका विषयवस्तु बने । गरिबीले आक्रान्त महिला, दुधे बालकसँगका आमाका चित्र र दृष्टिविहीनका चित्रले उनका क्यानभासमा प्राथमिकता पाउन थाले । यस्ता विषय खोज्न उनी कहिले जेलमा थुनिएका मानिस हेर्न जान्थे । कहिले बाटामा भिख मागिरहेका भिखारीसँग घन्टौं बसेर उनका आकृतिमा पोतिएको गम्भीर अवसादलाई आफ्ना चित्रमा उतार्थे । जीवनका निराशा र विसङ्गत अवस्थाको भव्य चित्रण गरिएका उनका यस्ता चित्र सर्वसाधारणबाट निकै रुचाइए । यस्ता चित्र सम्पन्न वर्गले भने त्यति रुचाएनन् । तत्काल तिनको बिक्री भएन तर कालान्तरमा अनमोल बनेका यिनै चित्र करोडौँ मूल्यमा बिक्री भए ।

**प्रश्नहरू**

(क) ब्लु पिरियडले कुन समयावधिमा सिर्जित कलाकारितालाई प्रतिनिधित्व गरेको छ ?

| |
|---|
| ब्लु पिरियडले सन् १९०१ देखि सन् १९०४ सम्मको समयावधिमा सिर्जित कलाकारितालाई प्रतिनिधित्व गरेको छ । |

(ख) पिकासो चित्र बनाउने उद्देश्यले कहाँ जान्थे ?

(ग) पिकासोले बनाएका चित्र सर्वसाधारणले मन पराउनुको कारण के थियो ?

(घ) पिकासोको कलाकारितालाई परिभाषित गर्न किन निलो अवधि पदावली प्रयोग गरिन्छ ?

६. दिइएको जीवनीको अंश र प्रश्न सम्बद्ध बुँदा पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

पिकासोले आफ्नो लामो जीवनकालमा कलाका क्षेत्रमा असाधारण रूपमा प्रशंसा कमाए । उनका धेरै कलाकृति निकै बिकाउ र चर्चित बने । उनका १३५०० हाराहारीमा चित्र, १२२८ मूर्तिकला, २८८० सेरेमिक कला, लगभग १२००० रेखाचित्र रहेका छन् । पिकासोले आफ्नो सबैभन्दा महत्त्वपूर्ण योगदान गरेको र उनलाई चर्चाको शिखरमा पुऱ्याएको क्षेत्र भने चित्रकला बन्यो । आफ्ना चित्रमा पिकासोले रङलाई अभिव्यक्तिगत तत्त्वका रूपमा प्रयोग गरे । पिकासोका प्रारम्भिक मूर्तिकला काठबाट कोरिएका अनि माटाबाट बनाइएका थिए । उनका चर्चित र निकै मूल्यवान् चित्रहरूले पिकासोलाई अजर र अमर बनाएका छन् । उनको 'द गुएर्निका चित्र' हिटलरको हमलामा देखिएको युद्धको क्रूरता, अमानवीयताको पराकाष्ठाको जीवन्त साक्ष्य प्रस्तुत गरिएको एक भव्य चित्र हो । सन् १९३७ मा गुएर्निका भन्ने ठाउँको बास्क सहरमा नाजीहरूले गरेको विनाशकारी हवाई हमलापछिको वातावरण चित्रित यस चित्रलाई हालसम्मकै सबैभन्दा महान् युद्धविरोधी चित्र मानिन्छ । पिकासोले सन् १९५५ मा बनाएको तैल चित्र 'वुमन अफ अल्जियर्स' करिब १८० मिलियन डलरमा लिलाम बिक्री भएको थियो । यस चित्रले संसारको सबैभन्दा महँगो बिक्री हुने चित्रका रूपमा विश्व कीर्तिमान कायम गरेको छ ।

**प्रश्नहरू**

(क) पाब्लो पिकासोलाई कुन कुराले अमर बनायो ?

बुँदाहरू

(अ) पिकासोका प्रारम्भिक मूर्तिकला काठबाट कोरिएका अनि माटाबाट बनाइएका

(आ) रङलाई अभिव्यक्तिगत तत्त्वका रूपमा प्रयोग गरेका

(इ) १३५०० हाराहारीमा चित्र, १२२८ मूर्तिकला, २८८० सेरेमिक कला, लगभग १२००० रेखाचित्र बनाएका

(ई) 'वुमन अफ अल्जियर्स' करिब १८० मिलियन डलरमा लिलाम बिक्री भई संसारको सबैभन्दा महँगो बिक्री हुने चित्रका रूपमा विश्व कीर्तिमान कायम गरेको

(उ) पाब्लो पिकासोलाई कलाकृतिले अमर बनाएको

(ख) 'द गुएर्निका चित्र'लाई किन महान् युद्धविरोधी चित्र मानिएको हो ?

बुँदाहरू

(अ) सन् १९३७ मा गुएर्निका भन्ने ठाउँको बास्क सहरमा नाजीहरूले हवाई हमला गरेका

(आ) हवाई हमलाले ठुलो जनधनको क्षति भएको

(इ) 'द गुएर्निका चित्र' मा युद्धले सिर्जित परिस्थितिलाई जीवन्त बनाइएको

(ई) युद्धको क्रूरता, अमानवीयताको पराकाष्ठा देखाइएको

(उ) विनाशकारी हवाई हमलापछिको वातावरण चित्रित भएकाले 'द गुएर्निका चित्र'लाई महान् युद्धविरोधी चित्र मानिएको

७. दिइएको जीवनीको अंश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

मानव वेदनाको जीवन्त चित्रण भएका कला सिर्जनामा पिकासोले आफ्नो सम्पूर्ण जीवन समर्पण गरे । उनले कलामार्फत् बन्दुकभन्दा कलम र कुची बलियो हुन्छ भन्ने दसी प्रस्तुत गरे र कलामार्फत युद्धलाई खरो रूपमा व्यङ्ग्य गरे । त्यसैले त नाजीहरूले पिकासोलाई जर्मनीमा चित्र प्रदर्शन गर्न दिएनन् । उनले भिखारी, जेलमा थुनिएका, दुःख पाएका, हेपिएका र सीमान्तकृत मान्छेका साथै गम्भीर मानसिक समस्या भएका व्यक्तिका चित्रसमेत बनाए । उनले महिलाका मार्मिक र प्रेमिल चित्र पनि बनाए । उनी केबल मान्छेको बाहिरी आवरण मात्र कहाँ हो र, ती व्यक्तिका भित्री वेदना, संवेदना, संवेग, मर्म र सौन्दर्य मूर्त बनेर उनका अमूर्त चित्रभित्र चित्रित हुन्थे । जजसले ती चित्र हेर्थे ती व्यक्तिको हृदयमा करुणा, दया, माया, स्नेह, आक्रोशका भाव सलबलाउँथे र हेर्दाहेर्दै ती चित्रमा नै हराउँथे । उनका कलामा त्यस्तो जादु भएर नै उनका कला आजसम्म पनि अनमोल भएका छन् र संसारका सबैभन्दा महँगा चित्रका रूपमा उत्तिकै बेजोड छन् । आज पिकासोको कलाकृति संसारभरिका विख्यात कला सङ्ग्रहालयमा फेला पार्न सकिन्छ । सानो छँदा आमाले भनेको कुरा सम्झँदै एकपटक पिकासोले भनेका छन्, मेरी आमाले भन्नुभएको थियो "यदि तिमी सिपाही बन्यौ भने जनरल हुने छौ, धर्मगुरु बन्यौ भने पोप हुने छौ" तर म आमाले भन्नुभएका मान्छेजत्तिकै लगनशील भएँ र पिकासो बनेँ । उनले भने झैँ हरेक बालबालिकामा विशिष्ट सिर्जना शक्ति र प्रतिभा हुन्छ, उचित अवसर र लगनशील भएमा जीवनलाई सार्थक बनाएर संसारलाई चहकिलो ज्योति छर्न सक्छ ।

प्रश्नहरू

(क) पिकासोका कलाकृतिमा कस्ता विषयवस्तु चित्रित हुन्थे ?

ख) पिकासोका कलाकृतिमा पाइने विशेषता के के हुन् ?

८. व्याख्या गर्नुहास् :

(क) बन्दुकभन्दा कलम र कुची बलियो हुन्छ ।

बन्दुक गोली, बारुद आदि भरेर पड्काइने वा चलाइने एक हतियार हो । यो युद्ध, विध्वंश आदिलाई बल पु¥याउने साधन पनि हो । बन्दुकले बल प्रयोगको सिद्धान्तलाई साथ दिन्छ । यसले समाज निर्माण र कला सिर्जना गर्न सक्दैन । यस जीवनीमा पनि

पाब्लो पिकासोले कलम र कुचीका माध्यमबाट सर्जिनाको यात्रा गरेका छन् । उनले हिटलरको हमलामा देखिएको युद्धको क्रूरता, अमानवीयताको चित्र उतारेका छन् । कलामार्फत युद्धको खरो विरोध गरेका छन् । समाजका गरिब र बहिष्कृतका शान्त र व्यग्र मनस्थितिलाई निलो रङका साथ जोडेर विचित्रका चित्र बनाएका छन् । एक्लोपन, गरिबी र चरम अभाव उनका चित्रकलाका विषयवस्तु बने ।जीवनका निराशा र विसङ्गत अवस्थाको भव्य चित्रण गरिएका उनका चित्र सर्वसाधारणबाट निकै रुचाइएको पनि पाइन्छ । उनले भिखारीका, जेलमा थुनिएका, दुःख पाएका, हेपिएका र सीमान्तकृत मान्छेका साथै गम्भीर मानसिक समस्या भएका व्यक्तिका चित्रसमेत बनाएका छन् । उनले बनाएको चित्र हेर्दा मात्र पनि व्यक्तिको हृदयमा करूणा, दया, माया, स्नेह, आक्रोशका भाव सलबलाउन थाल्थ्यो । उनले कलामार्फत आफू र आफ्नो राष्ट्रलाई चिनाउन सकिन्छ भनेर प्रमाणित गरे । उनले बनाएका युद्धविरोधी चित्रका कारण जर्मनका नाजीहरूसमेत डराउनुले बन्दुकभन्दा कलम र कुची बलियो हुन्छ भन्ने थप पुष्टि भएको मान्न सकिन्छ ।

पाब्लो पिकासोको कलम र कुचीसामु शासकहरूको बन्दुकसमेत डरायो । उनले कलामार्फत युद्धको व्यङ्ग्य गरेका चित्रहरू जर्मनमा प्रदर्शन गर्नसमेत दिइएन । त्यसैले बन्दुकभन्दा कलम र कुची बलियो हुन्छ भन्ने पाब्लो पिकासोको भनाइ सही र उत्कृष्ट रहेको छ ।

(ख) हरेक बालबालिकामा विशिष्ट सिर्जना शक्ति र प्रतिभा हुन्छ, उचित अवसर र लगनशील भएमा जीवनलाई सार्थक बनाएर संसारलाई चहकिलो ज्योति छर्न सक्छ ।

९. दिइएका बुँदालाई समेत आधार मानी 'पाब्लो पिकासो'ले कलाकारिताको क्षेत्रमा पुऱ्याएका योगदानको चर्चा गर्नुहोस् ।

(क) बुबा जोसो रुइजले सिर्जना गरेका सुन्दर कला देखेर उनीभित्रको जन्मजात कलाकारिताले टुसाउने, हुर्कने र मौलाउने अवसर पाएको

(ख) 'पिकाडोर' नामको आफ्नो पहिलो पेन्टिङ नौ वर्षको हुँदा तयार पारेका

(ग) १५ वर्षका हुँदा उनले 'कम्युनियन' चित्रमा आफ्ना बुबा, आमा र बहिनीको चित्रण गरेका

(घ) सन् १८९० तिरका उनका चित्रहरूमा यथार्थवादी शैलीको प्रयोग गरेर केही प्रोट्रेट चित्र बनाएका

(ङ) सन् १८९७ मा सिर्जित उनका चित्रकलाबाट विश्वकलाको आधुनिक काल सुरु भएको

(च) पिकासोद्वारा सन् १९०१ र सन् १९०४ को बिचमा सिर्जित कलाकारितालाई परिभाषित गर्न 'निलो पिरियड' पदावली प्रयोग

(छ) पिकासोको 'रातो अवधि'का चित्रमा शान्त पृष्ठभूमि र खुसीपूर्ण वातावरणमा सुन्तला र गुलाबी रङ प्रयोग गरिएको

(ज) 'द गुएर्निका चित्र' हिटलरको हमलामा देखिएको युद्धको क्रूरता, अमानवीयताको पराकाष्ठाको जीवन्त साक्ष्य प्रस्तुत गरिएको एक भव्य चित्र

(झ) सन् १९५५ मा बनाएको तैल चित्र 'वुमन अफ अल्जियर्स' करिब १८० मिलियन डलरमा लिलाम बिक्री भई संसारको सबैभन्दा महँगो बिक्री हुने चित्रका रूपमा विश्व कीर्तिमान कायम गरेको

(ञ) उनका १३५०० हाराहारीमा चित्र, १२२८ मूर्तिकला, २८८० सेरेमिक कला, लगभग १२००० रेखाचित्र रहेका

(ट) अनमोल कलामार्फत अजर र अमर बनेका

१०. दिइएको अनुच्छेदबाट मुख्य मुख्य चारओटा बुँदा टिपी सारांश लेख्नुहोस् :

डार्विन विकासवादका प्रवर्तक हुन् । उनका 'ओरिजन अफ स्पिसिज', 'डिसेन्ट अफ म्यान', 'सेलेक्सन इन रिलेसन टु सेक्स', 'द एक्सप्रेसन अफ द इमोसन इन म्यान एन्ड एनिमल्स' नामक किताब प्रकाशित भएका छन् । उनका पुस्तकहरूमा कसरी जीवित प्राणीहरू समयसँगै बदलिन्छन् भन्ने सिद्धान्तको व्याख्या गरेको पाइन्छ । जुन प्राणी बदलिँदो वातावरणसँग मिलेर बस्न सक्छ, त्यही प्राणी मात्र धेरै समयसम्म बाँच्न सक्छ भन्ने उनको धारणा रहेको थियो । डार्विनको यस सिद्धान्तअनुसार डायनासोर आकारमा ठुलो भए पनि बदलिँदो वातावरणसँग मिल्न नसकेर लोप हुन पुग्यो तर साङ्लेकिरा आकारमा सानै भए पनि वातावरणमा घुलमिल हुन सकेर आजसम्म बाँचिरहेको छ । प्रकृति वा वरिपरिको वातावरणसँग घुलमिल हुने जीव पुस्तौँपुस्तासम्म बाँच्छन् र विकास हुने विशेषताहरू एकपछि अर्को पिँढीमा सर्दै जान्छ । यस्तो प्रक्रियाबाट नयाँ नयाँ प्रकारका जीवहरूको उत्पत्ति पनि हुन्छ । यसरी डार्विनले अगाडि सारेका विचार नै विकासवादको सिद्धान्त बन्न पुग्यो ।

११. व्यक्तिवृत्त वा व्यक्तिगत विवरणमा व्यक्तिको नाम, जन्ममिति, आमाबुबाको नाम, जन्मस्थान, सम्पर्क ठेगाना, योग्यता, सेवा वा कार्य गरेको अनुभव, तालिम, प्राप्त गरेका सम्मान तथा पुरस्कार आदि जस्ता व्यक्तिगत सूचना समावेश गरिन्छ । यिनै विषयवस्तु समेटिएको व्यक्तिगत विवरण पढी आफ्नो व्यक्तिगत विवरण तयार पार्नुहोस् :

| | | |
|---|---|---|
| नाम | : | सुनिता घिमिरे |
| जन्मस्थान | : | सप्तकोशी नगरपालिका, वडा नं. १, फत्तेपुर |
| जन्ममिति | : | २०६०/०८/२५ |
| माता | : | गीता घिमिरे |
| पिता | : | नारायणप्रसाद घिमिरे |
| राष्ट्रियता | : | नेपाली |
| धर्म | : | हिन्दु |
| वैवाहिक स्थिति | : | अविवाहित |
| स्थायी ठेगाना | : | ललितपुर महानगरपालिका - १५, ललितपुर |
| शैक्षिक विवरण | : | २०७८ माध्यमिक तह, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर |

| | | |
|---|---|---|
| | | २०७६ एसइई, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर |
| तालिम | : | कम्प्युटर सम्बन्धी तीन महिने आधारभूत तालिम |
| पुरस्कार | : | जिल्लास्तरीय निबन्ध लेखन प्रतियोगितामा प्रथम, २०७६ |
| अनुभव एक | : | सगरमाथा कृषि सहकारी संस्थामा एकाउन्टेन सहायकका रूपमा वर्षको अनुभव |

१२. दिइएको अनुच्छेद पढी पाँचओटा प्रश्न निर्माण गर्नुहोस् :

अब्राहम लिङ्कनको जन्म सन् १८०९ फेब्रअरी १२ मा अमेरिकाको केन्टकी राज्यमा भएको थियो । नौ वर्षको उमेरमा उनकी आमाको निधन भयो । उनको हेरचाह सौतेनी आमाले गरिन् । उनको परिवारको आर्थिक अवस्था ज्यादै कमजोर थियो । बिहान बेलुका छाक टार्ने पैसा पनि थिएन । एक दिन उनी घुम्दै जाँदा मानिसलाई पशु झैँ घाँटीमा सिक्री बाँधेर लगेको देखे । यस घटनाले उनी निकै दु:खी भए । त्यसपछि उनले गरिब जनताको पक्षमा आवाज उठाउन थाले । शासकहरूसँग लड्न निकै गाह्रो थियो तैपनि उनले हरेस खाएनन् । उनले निरन्तर जनचेतना फैलाउने काम गरिरहे । सन् १८६० मा अमेरिकामा राष्ट्रपतिको निर्वाचन भयो । त्यस निर्वाचनमा उनी अमेरिकाको सोह्रौं राष्ट्रपति निर्वाचित भए । त्यसपछि उनले कानुनी रूपमै दासप्रथाको अन्त्य गरे ।

*जस्तै :*

(क) अब्राहम लिङ्कनको जन्म कहिले भएको थियो ?

१३. दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

तनाव व्यक्तिमा उत्पन्न हुने मानसिक दबाबको अवस्था हो । जीवनका पीडा, सङ्घर्ष, चिन्ता, वातावरणीय दबाब, कामको चाप आदिले तनाव सिर्जना गरिरहेका हुन्छन् । सामाजिक वातावरणका साथै व्यक्तिमा आएका शारीरिक तथा मानसिक परिवर्तनका कारण पनि तनाब उत्पन्न हुन्छ । तनावले व्यक्तिको दैनिक काममा समेत असर पर्न सक्छ । तनाब व्यवस्थापनका लागि समर्पण, सङ्घर्ष, सम्झौता जस्ता रणनीति अपनाउन सकिन्छ । सामाजिक राजनीतिका व्यवहारजन्य गतिविधिबाट उत्पन्न चुनौती स्वीकार गर्नु समर्पण हो । जीवनमा आइपरेका चुनौतीको सामना गर्दै अघि बढ्नु सङ्घर्ष हो । त्यस्तै व्यक्तिका आचरण र व्यवहार जन्य गतिविधिसँग सहकार्य गर्दै अघि बढ्नु सम्झौता हो । यस्तो अवस्थामा ज्ञान, विज्ञान र चेतनाको मदत लिनुपर्छ । योगध्यान, मनोरञ्जन, सङ्गीत, खेलकुद, शारीरिक व्यायाम, सन्तुलित खानपान आदिका साथै सिर्जनात्मक, सामाजिक तथा रचनात्मक कार्यमा सक्रिय भएर पनि तनाब कम गर्न सकिन्छ ।

(क) उत्तर दिनुहोस् :

(अ) तनाव भन्नाले के बुझिन्छ ?

(आ) मानिसमा तनाव किन उत्पन्न हुन्छ ?

(इ) तनाव व्यवस्थापनमा कस्ता रणनीति अपनाउन सकिन्छ ?

(ई) तनाव कम गर्न अपनाउनुपर्ने उपाय के के हुन् ?

(ख) भाषिक संरचना र वर्णविन्यास पहिचान गर्नुहोस् :

(अ) लेखक भने, "व्यक्तिमा उत्पन्न हुने मानसिक दबाबको अवस्था तनाव हो ।" यस वाक्यलाई अप्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् ।

(आ) 'जीवनमा आइपरेका चुनौतीको सामना गर्दै अघि बढ्नु सङ्घर्ष हो भनेर लेखकले बताए ।' यस वाक्यलाई प्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् ।

(इ) अनुच्छेदबाट 'ज्ञ' प्रयोग भई बनेका दुई दुईओटा शब्द टिपोट गर्नुहोस् ।

१४. दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :

रामलखन काकाले गत वर्ष पाँच घार मौरी ल्याएर पाल्नुभयो । मौरीले राम्रो मह बनाए । काकाकहाँ मह खोज्दै छिमेकीहरू आउन थाले । उहाँले पाँच घार मौरीबाट एक वर्षमा पन्ध्र हजार आम्दानी गर्नुभएछ । काकाले एक महिनाअगाडि मौरी विशेषज्ञलाई बोलाएर मौरीपालन व्यवसायका बारेमा कुराकानी गर्नुभयो । मौरी विशेषज्ञले त्यहाँको हावापानी मौरीपालनका लागि उपयुक्त रहेको बताउनुभयो । उहाँले काकालाई मौरी पालनसम्बन्धी प्राविधिक कुरा पनि सिकाउनुभयो । त्यसपछि काकालाई मौरी पाल्न उत्साह थपिएछ । उहाँले अगिल्लो हप्ता पचास घार मौरी थप्नुभयो ।

रामलखन काकाले जस्तै तपाईंले पनि उत्साहपूर्वक गरेको कुनै काम साथीलाई सुनाउनुहोस् ।

## सुनाइ र बोलाइ

१. सुनाइ पाठ १२ का आधारमा ठिक बेठिक छुट्याउनुहोस् :

(क) कोइलीदेवीको न्वारानको नाम राधा बस्नेत थियो ।

(ख) कोइलीदेवीले चौध वर्षको उमेरदेखि गीत गाइन् ।

(ग) वि.सं. २००८ मा रेडियो नेपालको स्थापना भयो ।

(घ) कोइलीदेवी पहिलो महिला सङ्गीतकार हुन् ।

२. सुनाइ पाठ १२ का आधारमा उत्तर भन्नुहोस् :

(क) कोइलीदेवीको बाल्यकाल कसरी बित्यो ?

(ख) कोइलीदेवीले पाएका मानसम्मानहरू के के हुन् ?

(ग) कोइलीदेवीले पहिलो गीत कहाँ रेकर्ड गराएकी थिइन् ?

(घ) कोइलीदेवीले रेडियो नेपालमा कति वर्ष काम गरिन् ?

## भाषिक संरचना र वर्णविन्यास

१. दिइएका उदाहरण पढ्नुहोस् र बुझ्नुहोस् :

उदाहरण

प्रत्यक्ष कथन : गुरुले भन्नुभयो, "लक्ष्मीप्रसाद देवकोटा महाकवि हुन् ।"

अप्रत्यक्ष कथन : गुरुले लक्ष्मीप्रसाद देवकोटा महाकवि भएको कुरा बताउनुभयो ।

माथिको उदाहरणमा दिइएको 'गुरुले भन्नुभयो, "लक्ष्मीप्रसाद देवकोटा महाकवि हुन् ।"' वाक्यमा गुरुले भनेका कुरा गुरुकै शब्दमा व्यक्त गरिएको छ । त्यसैगरी 'गुरुले लक्ष्मीप्रसाद देवकोटा महाकवि भएको कुरा बताउनुभयो ।' वाक्यमा गुरुले भनेको शब्द प्रयोग गरी अरू कसैले गुरुको भनाइ व्यक्त गरिएको छ । त्यसैले माथिका उदाहरण प्रत्यक्ष कथन र अप्रत्यक्ष कथनका हुन् ।

(क) प्रत्यक्ष कथन

*उदाहरण*

विदुरले भने, "म असत्यको बाटामा कहिल्यै हिँड्दिनँ ।"

"म असत्यको बाटामा कहिल्यै हिँड्दिनँ ।" विदुरले भने

विदुरले "म असत्यको बाटामा कहिल्यै हिँड्दिनँ" भने ।

माथिको उदाहरण प्रत्यक्ष कथनमा छ । यस उदाहरणमा दुई भाग छन् । पहिलो भाग 'विदुरले भने' हो । यस भागले त्यो कुरा कसैले भनेको हो भन्ने परिचय दिन्छ । यसलाई कथयिता अंश भनिन्छ । दोस्रो भाग 'म असत्यको बाटामा कहिल्यै हिँड्दिनँ' हो । यस भागले उसले भनेको कुरा नै उद्धरण चिह्न राखेर उद्धृत गरेको छ । यसलाई कथन अंश भनिन्छ ।

(ख) अप्रत्यक्ष कथन

*उदाहरण*

(क) पढाइ त राम्रो छ भनी दाजुले भन्नुभयो ।

(ख) दाजुले पढाइ राम्रो भएको विचार व्यक्त गर्नुभयो ।

(ग) गुरुले पढाइ राम्रो भएको बताउनुभयो ।

माथिका उदाहरण अप्रत्यक्ष कथनमा छ । यसमा कथयिता र कथन दुवै अंशलाई संयोजन गरिएको छ । वक्ताले बोलेका कुरा अप्रत्यक्ष कथनमा राख्दा अर्थ परिवर्तन नहुने गरी प्रस्तुत गर्न सकिन्छ, जस्तै :

प्रत्यक्ष कथन : विदुरले भने, "म असत्यको बाटामा कहिल्यै हिँड्दिनँ ।"

अप्रत्यक्ष कथन : (क) विदुरले आफू असत्यको बाटामा कहिल्यै नहिँड्ने कुरा बताए ।

(ख) आफू असत्यको बाटामा कहिल्यै नहिँड्ने कुरा विदुरले बताए ।

प्रत्यक्ष कथनबाट अप्रत्यक्ष कथनमा लैजाने तरिका

(क) कथयिता अंशपछाडि अल्पविराम चिह्न लागेको भए त्यसलाई र कथन अंशको उद्धरण चिह्नलाई हटाउनुपर्छ ।

(ख) कथयिता अंश र कथन अंशलाई 'भनी, भनेर' जस्ता संयोजकले जोड्न सकिन्छ ।

(ग) कथयिता अंशको क्रियापदलाई आवश्यकतानुसार बताउनु, सोध्नु, भन्नु, जनाउनु, व्यक्त गर्नु आदिमा बदल्न सकिन्छ ।

(घ) निकटवाचक शब्द 'यो' र 'यस' लाई दूरीवाचक शब्द 'त्यो' र 'त्यस'मा परिवर्तन गर्नुपर्छ ।

(ङ) कथयिताको लिङ्ग, वचन, पुरुष र आदरअनुसार क्रियापद राख्नुपर्छ ।

*थप उदाहरण*

(क) बुबाले हरिलाई सज्जन भनेर प्रशंसा गर्नुभयो । (प्रत्यक्ष कथन)

बुबाले हरिलाई भन्नुभयो, "तिमी सज्जन छौ ।"

(ख) कृष्णले भन्यो, "हरि घर गयो ।" (अप्रत्यक्ष कथन)

कृष्णले हरि घर गएको कुरा बतायो ।

(ग) शिक्षकले त्यो किताबलाई झोलामा राख्न आज्ञा गर्नुभयो । (प्रत्यक्ष कथन)

शिक्षकले भन्नुभयो, "यो किताब झोलामा राख ।"

(घ) विद्यार्थीले भने, "हामी गृहकार्य गर्छौं ।" (अप्रत्यक्ष कथन)

विद्यार्थीले गृहकार्य गर्ने बताए ।

२. दिइएका वाक्य प्रत्यक्ष वा अप्रत्यक्ष कथन के हुन्, छुट्याउनुहोस् :

(क) आमाले भन्नुभयो, "हाम्रो देशको नाम नेपाल हो ।"

(ख) माधव घिमिरे राम्रा कवि हुन् भनेर मैले भनें ।

(ग) उसले भन्यो, "मेरो टाउको दुख्यो ।"

(घ) लक्ष्मीप्रसाद देवकोटाले मानिस नै देवता हुन् भने ।

(ङ) लक्ष्मीले भनिन्, "तिमी धेरै चकचक नगर ।"

३. कोष्ठकमा दिइएको सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :

(क) आमाले मलाई बाबु भनेर बोलाउनुभयो । (प्रत्यक्ष कथन)

(ख) साथीले भन्यो मलाई सहयोग गर । (अप्रत्यक्ष कथन)

(ग) उपासनाले भनिन्, तिमी साह्रै असल छौ । (अप्रत्यक्ष कथन)

(घ) सुजनले आज घाम लागेको बताए । (प्रत्यक्ष कथन)

४. उदाहरण पढी दिइएका अनुच्छेदमा 'ज्ञ' र 'ग्य' प्रयोग भएका शब्द पहिचान गर्नुहोस् :

| 'ज्ञ' प्रयोग भएका शब्द | 'ग्य' प्रयोग भएका शब्द |
|---|---|
| ज्ञान, ज्ञापक, विज्ञान, अज्ञान, यज्ञ, विज्ञ | ग्याँचे, ग्यास, ग्याँक्क, ग्याँटिस, मनग्य, ग्याली |

(क) ज्ञानेश्वरका ज्ञानबहादुर ज्ञवालीले एउटा ग्यास सिलिन्डर किने । उनी बिहान खाजा खाएर विज्ञान विषय पढ्न बसे । त्यही वेला यज्ञप्रसाद आए र ग्यालेन लिएर पानी लिन गए । बाटामा मोटर ग्यारेज थियो । उनले मोटर ग्यारेजका छेउको धाराबाट पानी ल्याए र खाना पकाए । ज्ञानबहादुर र यज्ञप्रसादले खाना खाए । यज्ञ पनि विज्ञानमा योग्य थिए । दुवैले विज्ञानको परीक्षा राम्रो गरे ।

(ख) विज्ञानले नुहाउने कोठमा ग्यास गिजर राखेका थिए । उनी पुड्के भएकाले सबैले ग्याँचे भनेर जिस्काउँथे । विज्ञान भने ज्ञानी थिए । उनी अज्ञानीहरू यस्तै हुन् भनेर चित्त बुझाउँथे । एक दिन ज्ञानेन्द्र हातमा ग्याँटिस बोकेर आएको देखे । विज्ञानले ज्ञानेन्द्रलाई सम्झाउँदै भने, "हामीले चराचुरुङ्गी मार्नु हुँदैन ।" विज्ञानको कुरा सुनेर ज्ञानेन्द्रले अबदेखि चरा नमार्ने प्रतिज्ञा गरे ।

५. शब्दकोशको सहायताल 'ज्ञ' र 'ग्याँ' प्रयोग भएका पाँच पाँचओटा शब्द लेख्नुहोस् ।

६. शुद्ध शब्द चिनेर लेख्नुहोस् :

| | | | | |
|---|---|---|---|---|
| (क) | ज्ञात | ग्यात | ज्ञ्यात | ग्याँत |
| (ख) | प्रतिज्ञाँ | प्रतिग्या | प्रतिज्ञा | प्रतिज्ञ्या |
| (ग) | ग्यास | ज्ञाँस | ज्ञास | ग्यास |
| (घ) | ज्ञाँचे | ग्याचे | ज्ञ्याँचे | ग्याँच |

## सिर्जना र परियोजना कार्य

१. दिइएका बुँदाका आधारमा फ्लोरेन्स नाइटिङ्गेलको छोटो जीवनी तयार पार्नुहोस् :

(क) जन्म सन् १८२० मे १२ इटाली, मृत्यु सन् १९३० अगस्त १३

(ख) फेनी स्मिथ र विलियम एडवार्ड नाइटिङ्गेलकी छोरी

(ग) उदार हृदय र भावुक स्वभाव, परोपकारी भावना

(घ) नर्स बनेर समाज सेवा गर्ने लक्ष्य

(ङ) लेडी विथ द ल्याम्पको उपनामले विश्व प्रख्यात

(च) नर्सिङ पेसालाई मर्यादित बनाउनु, बिरामीको प्रेरणा स्रोत

(छ) उनको नामबाट सहरको नामकरण

२. सामाजिक सञ्जालबाट खोजेर एक जना विश्व प्रसिद्ध खेलाडीको जीवनी तयार पार्नुहोस् ।

## थप स्वाध्याय सामग्री

### बुँदा टिपोट र सारांश लेखन

#### बुँदा टिपोटको परिचय

कुनै लामो लेख वा भनाइको सार खिचेर टिप्नु बुँदा टिपोट हो । यसले लेखनमा तीव्रता ल्याउँछ । स्मरणशक्ति विकास गर्न मदत गर्छ । कुनै पनि रचनाको सार खिच्ने क्षमताको वृद्धि गर्न सहयोग पुऱ्याउँछ ।

#### बुँदा टिपोट गर्ने तरिका

१. दिइएको अनुच्छेदलाई दुई तीन पटक पढ्नुहोस् ।

२. अनुच्छेदमा भएका मुख्य मुख्य विषयवस्तु रेखाङ्कन गर्नुहोस् ।

३. रेखाङ्कित विषयवस्तुलाई चारओटा बुँदामा विभाजन गर्नुहोस् ।

४. विषयवस्तु विभाजन गर्दा मुख्य विषयवस्तु पहिलो बुँदामा र पहिलो बुँदाका विषयवस्तुलाई सहयोग गर्ने अन्य विषयवस्तु क्रमशः दोस्रो, तेस्रो र चौथो बुँदामा लेख्नुहोस् ।

५. बुँदामा लेखिएका विषयवस्तुको क्रम र सन्दर्भ मिलेको वा नमिलेको यकिन गरी आवश्यक भए पुनः मिलाउनुहोस् ।

६. बुँदा टिपोट गर्दा असमापिका क्रियाको प्रयोग गर्नुहोस् ।

#### सारांश लेखन परिचय

सारांश लेखन भनेको लामो रचनाका मुख्य विषयवस्तु नछाडी एकतिहाइ अंशमा गरिने पुनर्लेखन हो । यसलाई सङ्क्षेपीकरण पनि भनिन्छ । छोटो तर खँदिलो र पूर्ण लेखन यसमा गरिन्छ । लामो अनुच्छेदमा भएका विषयवस्तु छोटो बनाउने भएकाले यसले विद्यार्थीलाई बुझेर पढ्न र पाठको सार पहिल्याउन प्रेरित गर्छ ।

#### सारांश लेख्ने तरिका

१. दिइएको अनुच्छेदलाई दुई तीन पटक पढ्नुहोस् ।

२. अनुच्छेदमा भएका मुख्य मुख्य विषयवस्तु रेखाङ्कन गर्दै पनि जानुहोस् ।

३. ती रेखाङ्कित मुख्य विषयवस्तुको भाव नमर्ने गरी छोटा वाक्य बनाउनुहोस् ।

४. ती वाक्य बनाउँदा दोहोरिएको कुरा, उदाहरण र उपमा हटाउनुहोस् र सकेसम्म सिङ्गो वा समस्त शब्दको प्रयोग गर्नुहोस् ।

५. दिइएको अनुच्छेद र आफूले लेखेको सारांशको शब्दको गणना गर्नुहोस् ।

६. सारांश लेख्दा एकतिहाइ शब्द सङ्ख्या भयो वा भएन हेर्नुहोस् र आवश्यक थपघट गर्नुपर्ने भए गर्नुहोस् ।

७. सारांशको अन्त्यमा अनुच्छेदको शब्द सङ्ख्या, एकतृतीयांश शब्द सङ्ख्या, सारांशकृत शब्दसङ्ख्या तोकेर लेख्नुहोस् ।

८. सारांशको मुख्य आशय झल्किने गरी बढीमा तीन शब्दसम्मको उपयुक्त शीर्षक राख्नुहोस् ।

पाठ १३ : निबन्ध

# पख्नोस्

*भैरव अर्याल*

परिचय

भैरव अर्याल (वि.सं. १९९३ - २०३३) एक प्रसिद्ध हास्यव्यङ्ग्य निबन्धकार हुन् । उनका 'काउकुती, जयभुँडी, गलबन्दी, इतिश्री, दश औतार' आदि हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रह प्रकाशित छन् । देशका सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक, राजनीतिक आदि विभिन्न क्षेत्रमा व्याप्त विसङ्गतिप्रति व्यङ्ग्य गर्नु उनको मुख्य विशेषता हो । मानवीय स्वभावमा रहने कमजोरीप्रति पनि आलोचना तथा व्यङ्ग्य गर्नु उनका निबन्धका उद्देश्य हुन् । उनका निबन्धले मानिसका कुप्रवृत्ति र समाजका कुरीतिहरूको भन्डाफोर गरेका छन् । उनी पाठकलाई हँसाएर व्यङ्ग्यको तितोपनलाई ग्रहणयोग्य बनाउन समर्थ छन् । उनका निबन्धले अर्थगत चमत्कार मात्र होइन शब्दगत चमत्कार प्रदर्शन गरेर पाठकलाई मन्त्रमुग्ध तुल्याउँछन् ।

प्रस्तुत 'पख्नोस्' निबन्धले अरूलाई झुलाएर राख्ने मानवीय प्रवृत्तिप्रति तिखो व्यङ्ग्य गरेको छ । पर्खाइले सयौं सपनाहरू पूरा हुन नसकेको तितो यथार्थ प्रस्तुत गर्दै व्यक्तिले आफ्ना कमीकमजोरी र समाजले कुरीतिलाई बेलैमा त्याग्नुपर्ने सन्देश दिइएको छ । उखान र टुक्काका साथै अन्त्यानुप्रासयुक्त शब्दको विशिष्ट प्रयोगले 'पख्नोस्' निबन्ध उत्कृष्ट बन्न पुगेको छ ।

*सिकाइ उपलब्धि*

१. सस्वर र मौन पठन गरी विषयवस्तु बोध गर्न
२. पाठगत प्रयुक्त शब्दको उच्चारण, अर्थबोध र प्रयोग गर्न
३. मौलिक र आगन्तुक शब्दको पहिचान र प्रयोग गर्न
४. पाठमा प्रयुक्त हास्यव्यङ्ग्य शैलीबोध गर्न
५. प्रश्न निर्माण र उत्तर पहिचान गर्न
६. विषयवस्तुको सार प्रस्तुति गर्न
७. प्रश्नोत्तर, व्याख्या र समीक्षात्मक लेखन गर्न
८. पदसङ्गति (लिङ्ग, वचन, पुरुष, आदर) को पहिचान र प्रयोग गर्न
९. 'हलन्त' र 'अजन्त' उच्चारण हुने शब्द पहिचान गरी प्रयोग गर्न
१०. निबन्ध रचना गर्न


## मूल पाठ

"पख्नोस्, एउटा लेख दिउँला ।"

'पख्नोस्, उही चिरपरिचित शब्द ! उही पत्यारलाग्दो आश्वासन ! उही झुलाएर फुलाउने बोक्रे बढत्व !!

तपाईंको कन्सिरी तातेर आयो होला, होइन ? तर डर नमान्नुहोस्, कन्सिरी जतिसुकै ताते पनि तपाईंको जिउमा आगलागी भैहाल्ने छैन । भियतनामका बौद्ध भिक्षुले झैँ तपाईंले ज्युँदै डढेर मर्नुपर्ने छैन किनभने नेपालमा रक्तकाली प्रकट भैसकेकी छन् ।

जे होस् ल, आफ्नै कुरा गरूँ, धेरै पटक भइसक्यो, एउटा लेख तपाईंले मसित माग्नुभएको तर पटकैपिच्छे मैले 'पख्नोस्' भन्दै आएको छु, पर्खाएको छु । सम्पादक जस्तो मान्छेले पनि जमिनदारकहाँ ऋण माग्न गएको जैरे काहिँलो झैँ पटकैपिच्छे लुत्रे कान लगाएर फर्कनुपर्दा जङ चल्नु स्वाभाविकै हो । जङ्गिँदाजङ्गिँदै जङ्गबहादुर बने पनि के लाग्छ र ? अर्काको हातबाट कुनै काम लिनु छ भने आफ्नो बाबु साक्षी राखेर तपाईंले पर्खनुपर्छ । चिल्लो शब्दमा तपाईंले धैर्य गर्नुपर्छ । अझ भनूँ भने झुल्नुपर्छ, धाउनुपर्छ, पर्खनुपर्छ । सभ्य शिक्षितहरू चिल्ला शब्द प्रयोग गर्छन् । आखिर पर्खन सबै पर्खन्छन्, सबै पर्खाउँछन् ।



भनूँ भने, मान्छेले राम्ररी जानेका क्रिया नै पर्खनु र पर्खाउनु हो । यो के बकन्याइ छाँट्न लाग्यो भनी तपाईं जिल्लिनुहोला तर पख्नोस्, तपाईं आफू मात्रै पर्खिरहेको नठान्नुहोस् । तपाईं अहिले जुन वेला मसित लेख पर्खिनुभएको छ यसै वेला यतिखेर कहाँ कहाँ, को को, के के पर्खिरहेका होलान् त ! लौ मनिटर घुमाउँदै जानोस् ।

## शब्दार्थ

*चिरपरिचित :* *धेरै पहिलेदेखि चिनेको*

*आश्वासन :* *ठुलाबडाबाट दिइने आडभरोसा*

*बढत्व :* *बढी हुनाको भाव, बढप्पन*

*जैरे :* *काखीको रौँ, तुच्छ*

*बकन्याइ :* *मौखिक रूपमा बयान गर्नु, बेहोसीमै कुनै कुरा भन्नु, बरबराउनु*

*मनिटर :* *कम्प्युटरको स्क्रिन, मस्तिष्कको दृष्टि*

यसै वेला यतिखेरै कपुरीकान्त कार्की कान्लामाथि बसेर माइत गएकी कर्किनीलाई पर्खंदो हो । खस्याङखुनङ खोलाबाट खबटानन्द खतिवडा खाटमाथि पल्टेर ख्वाङख्वाङ खोक्तै डाक्टर खुकुरीराम खत्रीलाई पर्खंदो हो । गाना सुन्न गएकी गीतादेवी वेला नभैसके काले गजक्क परेर रेडियो भएनिर पर्खंदी हो । घटसिंह घले घट्टमा घैयाको पिठो पिँध्न गएको, पालो नपाएर उँघी उँघी पर्खंदो हो । जङ्गबहादुर डोलेलाई सुश्री नाकथोप्ली मैयाँ भऱ्याङमुनि ङिच्च मुख लगाएर पर्खंदी हो । चम्रेलबाबु चाक्सी किन्न पठाएको चतुरे चार घण्टा भइसक्यो आएन भनी पर्खंदा हुन् । छत्रजङ्ग छाता नहुनाले छत्रपाटीको छयापी पसलमा पानी रहला र हिँडुँला भनी पर्खंदा हुन् । जरसाहेबकाँ जागिर माग्न गएको जगन्नाथ जैसीदेवलको छिँडीमा उनको बाटो कुरी पर्खंदो हो । झाडा लागेको झसवीरेकी बुहारी, झटपटसाथ टट्टी गएकी भित्र अर्कै मानिस देखेर बाहिरैपट्टि पर्खंदी हो । गोरुसिङ्गे 'ञ' जस्तो लट्ठक ञचाको नाति सिद्रा बेच्न देउपाटन गएको वनकालीमा बाँदर देखेर फरक्क फर्की गौशालाको बस पर्खंदो हो । ल भन्नोस्, नाम, काम र ठामको पछि नलागेर जबाफ दिनोस्, के यी सब सम्भाव्य पर्खाइ होइनन् ? नेपालको मात्र कुरा नलिऊँ भने मनमिटर अलि टाढा टाढा नै पुऱ्याइदिनोस् ।

यस बेला यतिखेरै तानाबाना भिरेर ताइपेहमा जम्मा भएका सिपाही विपक्षीको तालुमा तारो हान्न पर्खंदा हुन् । थाइल्यान्ड पुगेका थाकखोलाका थकाली अमेरिकी सैनिकको अड्डामा रिहाइको आदेश पर्खंदा हुन् । दलाइ लामाका मानिस दानापुरमा दाना सिद्धिएर देवताको नाम वा दाम कमाउन देश फर्कन दाउ हेर्दै देवाधिदेवको दैलामा दण्डवत् गरी गरी पर्खंदा हुन् ।

ल, अब कति भनूँ, नपुगेको भए फेरि मनमिटरलाई जता जता पर्छ, उतै उतै छोड्नोस्, यस वेला यतिखेरै पोल्यान्ड जान लागेका पाण्डेजी पालम एयरपोर्टमा पासपोर्ट जँचाएर 'पाइप' पिउँदै प्लेन पर्खंदा हुन् । फर्सीजङ्ग सुब्बा फैजावादको प्लेनफार्ममा फत्तेपुर जाने रेल पर्खंदा हुन् । बाटुली बराल्नी लाहुर गएको लोग्ने कहिले आइपुग्छ भनी पर्खंदी हो । भाटभटेनी बस्ने भुँडेकाजी भद्रकालीनिर कसैलाई पर्खंदो हो । मास्कोमा वैज्ञानिकहरू उडिरहेको स्पुतनिक मरुभूमिमा खस्ने भो भनी आँखा तानेर पर्खिरहेका होलान् ।

*घट्ट : कुलामा ल्याएको पानीको धारले काठको पङ्खा घुमाई पिठो पिँध्ने ठुलो खालको जाँतो जस्तो साधन, पानीघट्ट*

*घैया : पानी नलाग्ने खेतबारीमा रोपिने एक किसिमको धान*

*चाक्सी : पातलो र पहेँलो बोक्रा हुने, गुलियो गुलियो स्वाद भएको फलको एक जात*

*छयापी : एउटा बोटमा प्रायः एउटै पोटी फल्ने एक जातको लसुन*

*टट्की : सफा चर्पी, पाइखाना*

*लट्ठक : लठुवा, स्वाँठ*

*सम्भाव्य : हुन सक्ने*

*रिहाइ : छुटकारा, मुक्ति*

*पाइप : कक्कड खाने आधुनिक शैली*

*स्पुतनिक : रुसी वैज्ञानिकले चन्द्रलोकमा प्रक्षेपण गरेको विमानको नाम*

ओहो ! अब त मेरो एकोहोरो फतफताइ अति नै भयो । तपाईंलाई कति झर्को लाग्यो होला हकि ? साह्रै नै झर्को लागेको भए त एक चुस्की चिया पिउनुस् । तपाईं नै भन्नोस्, को पर्खेको छैन ? कहाँ पर्खाइ चल्दैन ? त्यसैले दार्शनिक जति घोत्लिइरहुन्, वैज्ञानिक जति घोट्टिरहुन् मलाई त लाग्छ, बाँच्नुको पर्याय नै पर्खनु हो । सोझैँ कुरा गरूँ भने पनि हेर्नोस्, दसौं महिना आमाको गर्भमा गुँडुल्किएर नपर्खी तपाईंले सूर्यदर्शनको साइत फेला पार्नुभएन । यसरी नजन्मेदेखि पर्खँदै आउनुभएको तपाईंले सायद किशोर भएपछि विद्यालयमा शिक्षकलाई कैयौं दिन पर्खनुभयो । बाटाको छेडामा, बारीको डिलमा या बिग्रेको पाटीमा प्रतीक्षाका गीत गुनगुनाई दिनको बाह्रौं घण्टा पर्खनुपऱ्यो होला, आफ्ना साथीको गुलियो भाकामा । यसरी पर्खाइबाटै सुरु भएको तपाईं हाम्रो जिन्दगी यता र उता, यसलाई र उसलाई पर्खँदा आज कताबाट यहाँ आइपुगेको छ, तपाईं पर्खने र म पर्खाउने हुनुपरिरहेको छ । मान्नोस्, मैले आज लेख दिएँ तर भोलिदेखि तपाईंको पत्रिका कहिले निस्कने हो भनी मैले पर्खनुपर्छ । एक महिने भनेको चार महिनामा निस्कने नेपाली पत्रिकाको बानी नजान्ने को छैन ? भनूँ, एक न एक दिन तपाईंको पत्रिका निस्किहाल्यो तर भोलिपल्टदेखि पुरस्कार लिन आज आज भोलि भोलि भन्दाभन्दै कैयौं दिन तपाईंले झुलाउनुहुन्छ, पर्खाउनुहुन्छ ।

आफू जुम्रा जस्तो जुम्सो छ अनि कामको सट्टा कुराले टार्न खोज्छ भनी तपाईं गिज्याउनुहोला । मुखिन्जेल नसके पनि पछाडि पक्कै उडाउनुहुन्छ । हुन पनि हो, म अचेल साह्रै जुम्सो भएको छु । बरु के तपाईं पत्याउनुहुन्छ ? यो जुम्स्याइँको जन्मदाता पनि यस्तै जङ्चल्दा पर्खाइ हुन् । साँच्चै भनूँ भने मेरो दुनियाँ झन् लम्स्याङलुम्सुङको छ । मेरो जमाना झन् जम्स्याङजुम्सुङको छ । मैले थाहा पाएदेखि म पर्खँदो छु । काममा गएकी आमालाई, जागिरमा गएका बाबुलाई, पाठ दिने गुरुलाई, माया दिने मान्यजनलाई, जागिर पाउने आश्वासनलाई, तलब पाइने दिनलाई, ओखती गर्ने उपचारकलाई, बिदा दिने निर्देशकलाई, पैसा दिने मालिकलाई, लुगा सिउने सूचीकारलाई ।

यी सबै पर्खाइको पछिल्तिर मेरा सयौं सपना पर्खिरहेछन्, इच्छा र आकाङ्क्षा पर्खिरहेछन् । म केही गरूँ, केही बनूँ, केही दिऊँ भन्छु तर यो असीमित इष्टसिद्धका लागि यतै पर्खनुपर्छ, उतै पर्खनुपर्छ, यतै झुल्नुपर्छ, उतै धाउनुपर्छ, दोष कसलाई ? धेर कुरा किन ? सुरुदेखि सत्य, समता र शान्ति पर्खँदै आएको मानिस झन् विषमताको विषले बौलाहिरहेछ, झन् अशान्त भइरहेछ । बुझ्नै सकिँदैन, आणविक हतियारमा प्रतिबन्ध लगाउने कुरामा किन सबैको लम्स्याङलुम्सुङ हो, भौतिक उन्नति यति तीव्र भइसक्यो तैपनि दुई गज र दुई गाँसको निम्ति जिन्दगीभर पर्खनुपर्ने । यो कस्तो जम्स्याङजुम्सुङ हो ।

*दार्शनिक : ज्ञान र विज्ञानको ज्ञाता*

*छेडा : साँगुरो परेको गल्ली जस्तो बाटो*

*जुम्सो : दुब्लो, मरन्च्याँसे वा लोसो*

*सूचीकार : लुगा सिउन जानेको व्यक्ति*

*इष्टसिद्ध : इच्छा गरिएको काम सम्पन्न हुनु*

*एकीकरण : दुई वा दुईभन्दा बढी वस्तु, व्यक्ति वा संस्था आदिलाई मिलाएर एउटै बनाउने काम*

*विषमता : दु:खकष्टपूर्ण अवस्था*

*आणविक : घातक हातहतियार*

*गज : तीन फुट वा छत्तिस इन्च लम्बाइको नापो*

अब तपाइँ मात्रै पर्खनुपऱ्यो भनेर किन पट्टाउनुहुन्छ ? जब तपाईँलाई नपर्खी सुखै छैन । त्यसैले मान्नोस्, पर्खाइदेखि डराउने पलायनवादी हो, पामर र पानीमरुवा हो । जुन आदर्श आज म तपाइँका अगाडि छाँट्तै छु, भोलि तपाइँ मेरा अगाडि छाँट्नुहुन्छ । वास्तवमा तपाइँ पनि पर्खन चाहनुहुन्न, म पनि पर्खन चाहन्नँ । हामी दुवै चाहन्छौँ एउटा त्यस्तो दुनियाँ सिर्जना गरौँ जहाँ कसैले कसैलाई कुराले मात्र टार्न नसकोस् ! झुल्याएर फुल्याउने, लर्काएर पर्खाउने यस्तो जालेमाले परम्परा नहोस् । तर समस्या त उही नै हो, जतिसुकै बलियोसँग चाहे पनि हाम्रो यो चाहना चाहनेबित्तिकै पूरा हुँदैन, पर्खनुपर्छ । त्यसैले त म लस्याङलुसुङ गरेर भए पनि घरी यता धाउँछु, घरी उता धाउँछु, घरी यता हुन्छु, घरी उता हुन्छु, जम्स्याङजुम्सुङ गरेर भए पनि पर्खिरहेछु र तपाइँलाई पनि भन्दै छु, पर्खनुदेखि पट्टाउनु पलायनवादिता हो ।

मेरो पर्खाइ पुराण त अहिल्यै के सकिन्थ्यो र ! तर अब कतिबेर पर्खाऊँ, तपाईँकी श्रीमतीज्यू घरमा तपाइँलाई पर्खिरहेकी होलिन् । आउँदै गर्नुहोला, धाउँदै गर्नुहोला, पख्नोस्, कुनै न कुनै दिन म पनि एउटा लेख लेख्ने प्रयास गरुँला, तपाइँको पत्रिकामा छाप्न दिउँला । लौ त नमस्ते !

*पलायनवादी : आफ्नो सिद्धान्तमा स्थिर नरहने खालको, पलायन सिद्धान्तको अनुयायी*

*पामर : अविवेकी, कातर, अबुझ*

*पानीमरुवा : काम गर्न नसक्ने, लाछी*

*जालेमाल : जालझेलले भरिएको*

*पुराण : धेरै समयदेखि चलिआएको*

## पाठसार

'पख्नोस्' भन्ने चिरपरिचित शब्दले पत्यारलाग्दो आश्वासन र झुलाएर फुलाउने बोक्रे बढत्वलाई मलजल गरेको छ । यो शब्द सुनेर कन्सिरी जतिसुकै ताते पनि जिउमा आगलागी भइहाल्ने र भियतनामका बौद्ध भिक्षुले झैँ ज्युँदै डढेर मर्नुपर्ने अवस्था छैन । एउटा लेख तपाइँले माग्दा पटकैपिच्छे मैले 'पख्नोस्' भन्दै पर्खाएको छु । सम्पादकले पनि पटकैपिच्छे लुत्रे कान लगाएर फर्कनुपर्दा जङ चल्नु र जङ्गिँदाजङ्गिँदै जङ्गबहादुर बन्नुपर्ने अवस्था छ । अर्काको हातबाट कुनै काम लिन आफ्नो बाबु साक्षी राखेर चिल्लो शब्दमा तपाइँले धैर्य गर्नुपर्छ । वास्तवमा मान्छेले राम्ररी जानेका क्रिया नै पर्खनु र पर्खाउनु हो । तपाइँले लेख पर्खिनुभए जस्तै यतिखेर धेरै जना, धेरै ठाउँमा पख्नोस्कै पछाडि लागिरहेका छन् ।

श्रीमान् माइत गएकी श्रीमतीलाई, बिरामी डाक्टरलाई, गीत सुन्नेहरू रेडियोलाई र घट्टमा घैयाको पिठो पिँधन पालोलाई, घरमुली तरकारी किन्न गएकालाई, प्रेमीले प्रेमिकालाई पर्खँदा हुन् । कोही पानी रहला र हिँडुँला भनी पर्खँदा हुन् । जागिर माग्न जैसीदेवलको छिँडीमा पर्खँदा हुन् । झाडा लागेर शौचालय गएकी भित्र अर्कै मानिस देखेर बाहिरैपट्टि पर्खँदी हो । सिद्रा बेच्न देउपाटन गएको वनकालीमा बाँदर देखेर फरक्क फर्की गौशालाको बस पर्खँदो हो । ताइपेहमा जम्मा भएका सिपाही विपक्षीको तालुमा तारो हान्न पर्खँदा हुन् । थाइल्यान्डमा कोही अमेरिकी सैनिकको अड्डामा रिहाइको आदेश पर्खँदा हुन् । कोही नाम वा दाम कमाउन देश फर्कन दाउ हेर्दै

देवाधिदेवको दैलामा दण्डवत् गरी गरी पर्खंदा हुन् । यतिखेरै पोल्यान्ड जान लागेका पाण्डेजी पालम एयरपोर्टमा पासपोर्ट जँचाएर 'पाइप' पिउँदै प्लेन पर्खंदा हुन् । कोही फैजावादको प्लेनफार्ममा फत्तेपुर जाने रेल पर्खंदा हुन् । कोही लाहुर गएको लोग्ने कहिले आइपुग्छ भनी पर्खंदी हो । मास्कोमा वैज्ञानिकहरू उडिरहेको स्पुतनिक मरुभूमिमा खस्ने भो भनी आँखा तानेर पर्खिरहेका होलान् ।

तपाईं नै भन्नोस्, को पर्खेको छैन ? कहाँ पर्खाइ चल्दैन ? त्यसैले दार्शनिक जति घोत्लिइरहुन्, वैज्ञानिक जति घोट्टिरहुन् मलाई त लाग्छ, बाँच्नुको पर्याय नै पर्खनु हो । दसौँ महिना आमाको गर्भमा गुँडुल्किएर नपर्खी तपाईंले सूर्यदर्शनको साइत फेला पार्नुभएन । किशोर भएपछि विद्यालयमा शिक्षकलाई कैयौँ दिन पर्खनुभयो । बाटाको छेडामा, बारीको डिलमा या बिग्रेको पाटीमा प्रतीक्षाका गीत गुनगुनाई दिनको बाह्रौँ घण्टा पर्खनुपर्‍यो होला । मान्नोस्, मैले आज लेख दिएँ तर भोलिदेखि तपाईंको पत्रिका कहिले निस्कने हो भनी मैले पर्खनुपर्छ । तपाईंको पत्रिका निस्किहाल्यो तर भोलिपल्टदेखि पुरस्कार लिन आज आज भोलि भोलि भन्दाभन्दै कैयौँ दिन तपाईंले झुलाउनुहुन्छ, पर्खाउनुहुन्छ ।

आफू जुम्रा जस्तो जुम्सो छ अनि कामको सट्टा कुराले टार्न खोज्छ भनी तपाईं गिज्याउनुहोला । यो जुम्स्याइँको जन्मदाता पनि यस्तै जङ्चल्दा पर्खाइ हुन् । मैले थाहा पाएदेखि म पर्खंदो छु । काममा गएकी आमालाई, जागिरमा गएका बाबुलाई, पाठ दिने गुरुलाई, माया दिने मान्यजनलाई, जागिर पाउने आश्वासनलाई, तलब पाइने दिनलाई, ओखती गर्ने उपचारकलाई, बिदा दिने निर्देशकलाई, पैसा दिने मालिकलाई, लुगा सिउने सूचीकारलाई ।

सबै पर्खाइको पछिल्तिर मेरा सयौँ सपना पर्खिरहेछन्, इच्छा र आकाङ्क्षा पर्खिरहेछन् । बुझ्नै सकिँदैन, भौतिक उन्नति यति तीव्र भइसक्यो तैपनि दुई गज र दुई गाँसको निम्ति जिन्दगीभर पर्खनुपर्ने । तपाईंलाई नपर्खी सुखै छैन । त्यसैले मान्नोस्, पर्खाइदेखि डराउने पलायनवादी हो, पामर र पानीमरुवा हो । जुन आदर्श आज म तपाईंका अगाडि छाँट्तै छु, भोलि तपाईं मेरा अगाडि छाँट्नुहुन्छ । वास्तवमा तपाईं पनि पर्खन चाहनुहुन्न, म पनि पर्खन चाहन्नँ । हामी दुवै चाहन्छौँ एउटा त्यस्तो दुनियाँ सिर्जना गरौँ जहाँ कसैले कसैलाई कुराले मात्र टार्न नसकोस् ! झुल्याएर फुल्याउने, लर्काएर पर्खाउने यस्तो जालेमाले परम्परा नहोस् ।

## शब्दभण्डार

१. दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| शब्द | अर्थ |
|---|---|
| गोरुसिङ्गे | कुनै कुराको इच्छा |
| देवाधिदेव | गोरुका सिङ जस्तो आकारको |
| किशोर | काममा खटाउने |
| भौतिक | जरायो |
| आकाङ्क्षा | देवताको पनि देवता |
| निर्देशक | भूतकाल जनाउने |

पृथ्वीका सबै गुणयुक्त वस्तु

एघारदेखि पन्ध्र वर्षभित्रको उमेरको केटो

२. उदाहरण हेरी दिइएको अर्थसँग मिल्दो शब्द पाठबाट खोजेर लेख्नुहोस् :

(क) कानुनद्वारा निषेध गरिएको — प्रतिबन्ध

(ख) आफैँले प्रत्यक्ष देखेसुनेका कुरा भन्ने व्यक्ति — ..............

(ग) प्रशस्त जग्गाजमिन भएको व्यक्ति — ..............

(घ) भुइँमा सुतेर गरिने प्रणाम वा नमस्कार — ..............

(ङ) उपचार गर्ने — ..............

३. दिइएको उदाहरणब हेरी दिइएका अनुच्छेदबाट दुई दुईओटा मौलिक र आगन्तुक शब्द पहिचान गर्नुहोस् :

(क) जब मोबाइल फोनको प्रयोग बढ्यो, तब मानिसका हात हातमा घडी हराए । घर घरमा रेडियो देखिन छोड्यो । अखबार पढ्ने बानी पनि बिस्तारै हट्न थाल्यो ।

| मौलिक शब्द | आगन्तुक शब्द |
|---|---|
| १. मानिस<br>२. हात | १. मोबाइल<br>२. अखबार |

(ख) आमाले खानासँगै गिलासमा दुध र दही राखिदिनुभयो । म थाहा नपाई दाल, भात, तरकारी मात्रै खाएर अफिस जाने तयारी गर्दै थिएँ । त्यसै वेला हाकिमले पठाएको सूचना पनि आइपुग्यो ।

(ग) नेपालमा परम्परागत सिँचाइका कुलो, इनार, ट्युबबेल आदिका सहायताले खेती गर्ने चलनका साथै तराई तथा भित्री मधेसमा बढी मात्रामा नहरबाट सिँचाइ गर्ने आधुनिक प्रक्रियाको विकास भएको छ ।

(घ) यस वेला यतिखेरै तानाबाना भिरेर ताइपेहमा जम्मा भएका सिपाही विपक्षीको तालुमा तारो हान्न पर्खँदा हुन् । थाइल्यान्ड पुगेका थाकखोलाका थकाली अमेरिकी सैनिकको अड्डामा रिहाइको आदेश पर्खँदा हुन् । दलाई लामाका मानिस दानापुरमा दाना सिद्धिएर देवताको नाम वा दाम कमाउन देश फर्कन दाउ हेर्दै देवाधिदेवको दैलामा दण्डवत् गरी गरी पर्खँदा हुन् ।

४. दिइएको निबन्धांशबाट तीनओटा पारिभाषिक शब्द पहिचान गरी वाक्यमा प्रयोग गर्नुहोस् :

सुरुदेखि सत्य, समता र शान्ति पर्खँदै आएको मानिस झन् विषमताको विषले बौलाहिरहेछ, झन् अशान्त भइरहेछ । बुझ्नै सकिँदैन, आणविक हतियारमा प्रतिबन्ध लगाउने कुरामा किन सबैको लम्स्याङलुम्सुङ हो, भौतिक उन्नति यति तीव्र भइसक्यो तैपनि दुई गज र दुई गाँसको निम्ति जिन्दगीभर पर्खनुपर्ने । यो कस्तो जम्स्याङजुम्सुङ हो ।

५. दिइएको अनुच्छेदमा रेखाङ्कित शब्द साहित्यसँग सम्बन्धित छन्, पढ्नुहोस् र शब्दकोशका सहायताले रेखाङ्कित शब्दको अर्थ लेख्नुहोस् :

छन्द र अलङ्कार कविताका गहना हुन् । आशुकविले आफ्ना कवितामा छन्द र अलङ्कार सहज रूपमा पार्न सक्छन् । देवकोटा यस्तै स्वच्छन्दतावादी कवि थिए । समालोचकहरूले देवकोटालाई विशिष्ट प्रतिभा भनेका छन् ।

*उदाहरण*

छन्द : वर्ण वा मात्र आदिको गणनाअनुसार यति, गति र लय मिलेको रचना

६. दिइएका पारिभाषिक शब्द शिक्षा वा वाणिज्य कुन क्षेत्रमा प्रयोग गरिन्छन्, तालिकामा छुट्याउनुहोस् :

राजस्व, लब्धाङ्कपत्र, शिक्षालय, पुस्तकालय, भौचर, बजेट, बेरुजु, मूल्याङ्कन, आयव्यय, परीक्षा, उत्तीर्ण, तराजु

| शिक्षा क्षेत्रका पारिभाषिक शब्द | वाणिज्य क्षेत्रका पारिभाषिक शब्द |
|---|---|
| लब्धाङ्कपत्र, ....... | राजस्व, ....... |

७. पाठमा प्रयोग भएको सन्दर्भ हेरी दिइएका पदावलीलाई वाक्यमा प्रयोग गर्नुहोस् :

खवाङ्खवाङ खोक्नु, गजक्क पर्नु, ङिच्च हाँस्नु, दाउ हेर्नु, कन्सिरी तात्नु, जङ चल्नु

## बोध र अभिव्यक्ति

१. दिइएका शब्दलाई शुद्धसँग उच्चारण गर्नुहोस् :

| | |
|---|---|
| शिक्षित /सिक्.छित्/ | दुनियाँ /दु.नि.याँ/ |
| भद्रकाली /भद्.द्र.का.लि/ | सूचीकार /सु.चि.कार्/ |
| इष्टमित्र /इस्.ट.मित्.त्र/ | आश्वासन /आस्.स्वा.सन्/ |
| सम्भाव्य /सम्.भाब्.ब्य/ | आणविक /आ.डँ.बिक्/ |

२. 'पख्नोस्' निबन्ध हाउभाउसहित सस्वरवाचन गर्नुहोस् ।

३. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) 'पख्नोस्' निबन्धमा कतिओटा अनुच्छेद रहेका छन् ?

(ख) 'पख्नोस्' निबन्धको सबैभन्दा लामो अनुच्छेदमा कतिओटा छन् ?

(ग) पाठमा सबैभन्दा बढी प्रश्नात्मक वाक्य भएको अनुच्छेद कुन हो ?

(घ) विस्मयसूचक शब्दको प्रयोग निबन्धको कतिऔँ अनुच्छेदमा भएको छ ?

४. दिइएको निबन्धांश मौनपठन गरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

अब तपाईं मात्रै पर्खनुपर्‍यो भनेर किन पट्टाउनुहुन्छ ? जब तपाईंलाई नपर्खी सुखै छैन । त्यसैले मान्नोस्, पर्खाइदेखि डराउने पलायनवादी हो, पामर र पानीमरुवा हो । जुन आदर्श आज म तपाईंका अगाडि छाँट्तै छु, भोलि तपाईं मेरा अगाडि छाँट्नुहुन्छ । वास्तवमा तपाईं पनि पर्खन चाहनुहुन्न, म पनि पर्खन चाहन्नँ । हामी दुवै चाहन्छौँ एउटा त्यस्तो दुनियाँ सिर्जना गरौँ जहाँ कसैले कसैलाई कुराले मात्र टार्न नसकोस् ! झुल्याएर फुल्याउने, लर्काएर पर्खाउने यस्तो जालेमाले परम्परा नहोस् । तर समस्या त उही नै हो, जतिसुकै बलियोसँग चाहे पनि हाम्रो यो चाहना चाहनेबित्तिकै पूरा हुँदैन, पर्खनुपर्छ । त्यसैले त म लस्याङलुसुङ गरेर भए पनि घरी यता धाउँछु, घरी उता धाउँछु, घरी यता हुन्छु, घरी उता हुन्छु, जम्स्याङजुम्सुङ गरेर भए पनि पर्खिरहेछु र तपाईंलाई पनि भन्दै छु, पर्खनुदेखि पट्टाउनु पलायनवादिता हो ।

प्रश्नहरू

(क) पर्खाइदेखि डराउनेलाई के भनिन्छ ?

| |
|---|
| पर्खाइदेखि डराउनेलाई पलायनवादी, पामर र पानीमरुवा भनिन्छ । |

(ख) लेखक कस्तो दुनियाँ सिर्जना गर्न चाहन्छन् ?

(ग) 'म' पात्रको चाहना किन पूरा हुन सकेको छैन ?

(घ) निबन्धांशका आधारमा म पात्रमा कस्ता कस्ता विशेषता पाइन्छन् ?

५. दिइएको निबन्धांश र प्रश्न सम्बद्ध बुँदा पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

आफू जुम्रा जस्तो जुम्सो छ अनि कामको सट्टा कुराले टार्न खोज्छ भनी तपाईं गिज्याउनुहोला । मुखिन्जेल नसके पनि पछाडि पक्कै उडाउनुहुन्छ । हुन पनि हो, म अचेल साह्रै जुम्सो भएको छु । बरु के तपाईं पत्याउनुहुन्छ ? यो जुम्स्याइँको जन्मदाता पनि यस्तै जङ्चल्दा पर्खाइ हुन् । साँच्चै भनूँ भने मेरो दुनियाँ झन् लम्स्याङलुम्सुङको छ । मेरो जमाना झन् जम्स्याङजुम्सुङको छ । मैले थाहा पाएदेखि म पर्खँदो छु । काममा गएकी आमालाई, जागिरमा गएका बाबुलाई, पाठ दिने गुरुलाई, माया दिने मान्यजनलाई, जागिर पाउने आश्वासनलाई, तलब पाइने दिनलाई, ओखती गर्ने उपचारकलाई, बिदा दिने निर्देशकलाई, पैसा दिने मालिकलाई, लुगा सिउने सूचीकारलाई ।

प्रश्नहरू

(क) जङ्चल्दा पर्खाइलाई किन जुम्स्याइँको जन्मदाता भनिएको हो ?

बुँदाहरू

(अ) मानिसमा कामको सट्टा कुराले टार्ने प्रवृत्ति

(आ) अगाडि जुम्सो बन्ने पछाडि कुरा उडाउने स्वभाव

(इ) जुम्सो बन्नुपर्ने अवस्थाको कारक पनि पर्खाइ

(ई) मन लागे पर्खिने नलागे नपर्खिने प्रवृत्ति नै जुम्स्याइँको जन्मदाता

(ख) म पात्रले कुन कुन कामका लागि पर्खाइको सामना गर्नुपरेको छ ?

बुँदाहरू

(अ) म पात्रको दुनियाँ र जमाना झन् लम्स्याङलुम्सुङ

(आ) काममा गएकी आमा, जागिरमा गएका बाबु, पाठ दिने गुरु र माया दिने मान्यजन जस्तालाई समेत पर्खिनु परेको

(इ) जागिर पाउने आश्वासन, तलब पाइने दिन, बिदा दिने निर्देशक र पैसा दिने मालिकलाई पर्खिएका

(ई) ओखती गर्ने उपचारक र लुगा सिउने सूचीकार जस्ता पेसाकर्मीलाई समेत पर्खिएका

६. दिइएको निबन्धांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

सबै पर्खाइको पछिल्तिर मेरा सयौँ सपना पर्खिरहेछन्, इच्छा र आकाङ्क्षा पर्खिरहेछन् । म केही गरूँ, केही बनूँ, केही दिऊँ भन्छु तर यो असीमित इष्टसिद्धका लागि यतै पर्खनुपर्छ, उतै पर्खनुपर्छ, यतै झुल्नुपर्छ, उतै धाउनुपर्छ, दोष कसलाई ? धेर कुरा किन ? सुरुदेखि सत्य, समता र शान्ति पर्खँदै आएको मानिस झन् विषमताको विषले बौलाहिरहेछ, झन् अशान्त भइरहेछ । बुझ्नै सकिँदैन, आणविक हतियारमा प्रतिबन्ध लगाउने कुरामा किन सबैको लम्स्याङलुम्सुङ हो, भौतिक उन्नति यति तीव्र भइसक्यो तैपनि दुई गज र दुई गाँसको निम्ति जिन्दगीभर पर्खनुपर्ने । यो कस्तो जम्स्याङजुम्सुङ हो ।

प्रश्नहरू

(क) पर्खाइले मानव जीवनलाई कस्तो प्रभाव पारेको छ ?

(ख) माथिको अनुच्छेदमा मानिसको खराब प्रवृत्तिलाई कसरी व्यङ्ग्य गरिएको छ ?

७. 'पख्नोस्' निबन्धबाट हामीले कस्तो सन्देश पाउन सकिन्छ ?

(क) पख्नोस् भनेर पर्खाउनु भनेको मानिसलाई झुलाएर राख्नु

(ख) पर्खाइका अनुयायी आमा, बाबु, गुरु, मान्यजन, उपचारक, निर्देशक, मालिक, सूचीकार, लेखक, सम्पादक, जमिनदार आदि

(ग) दार्शनिक जति घोत्लिइरहे पनि वैज्ञानिक जति घोट्टिरहे पनि बाँच्नुको पर्याय नै पर्खनु बन्न पुगेको

(घ) सयौँ सपना, इच्छा र आकाङ्क्षा पर्खिरहेको तितो यथार्थ

(ङ) झुल्याएर फुल्याउने, लर्काएर पर्खाउने यस्तो जालेमाले परम्पराले व्यक्ति, समाज र राष्ट्रको अहित गर्ने

(च) मानिसका कुप्रवृत्ति र समाजका कुरीतिहरूको भन्डाफोर

(छ) व्यक्तिले आफ्ना कमीकमजोरी र समाजले कुरीतिलाई बेलैमा त्यागनुपर्ने सन्देश

८. व्याख्या गर्नुहोस् :

(क) पर्खाइदेखि डराउने पलायनवादी हो, पामर र पानीमरुवा हो

(ख) सबै पर्खाइको पछिल्तिर मेरा सयौँ सपना पर्खिरहेछन्, इच्छा र आकाङ्क्षा पर्खिरहेछन् ।

९. दिइएको प्रश्न र नमुना उत्तर पढी समीक्षात्मक उत्तरको संरचना बोध गर्नुहोस् :

(क) 'पख्नोस्' निबन्धमा हाम्रा समाजका कस्ता पक्षमाथि व्यङ्ग्य गरिएको छ, समीक्षा गर्नुहोस् ।

आधुनिक नेपाली हास्यव्यङ्ग्य फाँटका शिखर व्यक्तित्व भैरव अर्याल (वि.सं. १९९३ - २०३३) प्रसिद्ध निबन्धकार हुन् । समाजका कुरीति, ढोँग, आडम्बर तथा अन्धविश्वासप्रति धारिलो व्यङ्ग्य प्रहार गर्ने अर्याल एकातिर पाठकलाई पेट मिची मिची हाँस्न बाध्य तुल्याउँछन् भने अर्कोतिर सामाजिक विकृति विसङ्गतिप्रति व्यङ्ग्य गरेर सुधारको सन्देश दिन्छन् । देशका सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक, राजनीतिक आदि विभिन्न क्षेत्रमा व्याप्त विसङ्गतिप्रति व्यङ्ग्य गर्नु उनको मुख्य विशेषता हो । प्रस्तुत पख्नोस् निबन्ध अर्यालको उत्कृष्ट हास्यव्यङ्ग्य निबन्ध हो । यस निबन्धमा अरूलाई झुलाएर राख्ने मानिसको प्रवृत्तिलाई तिखो व्यङ्ग्य प्रहार गरिएको छ ।

'पख्नोस्' सामाजिक व्यवहारका क्रममा मानिसले पाइलैपिच्छे प्रयोग गर्ने शब्द हो । मान्छेले राम्ररी जानेका क्रिया नै पर्खनु र पर्खाउनु हो । पख्नोस्‌का पछाडि लाग्दा लाग्दै मानिस जुम्सो बनेको छ । यसले पत्यारलाग्दो आश्वासन र झुलाएर फुलाउने बोक्रे बढत्वलाई मलजल गरेको छ । सम्पादकले पटकैपिच्छे लुत्रे कान लगाएर फर्कनुपर्दा जङ चल्नु र जङ्गिँदाजङ्गिँदै जङ्गबहादुर बन्नुपर्ने अवस्था छ । श्रीमान् श्रीमती, डाक्टर बिरामी, प्रेमी प्रेमिका सबै पख्नोस्‌कै सिकार बनेका छन् । हुँदा हुँदा पखाला चलेको वेला पर्खनुको पीडामा बिरामीले भोगेको शारीरिक र मानसिक पीडा पख्नोस्‌कै कारण जन्मिएका हुन् ।

पख्नोस्‌लाई शिरोधार्य नगर्ने मानिस समाजमा पाउन गाह्रो छ । यस कुसंस्कारले देशमा मात्र होइन विदेशमा सम्म जरो गाडेर बसेको छ । मास्कोमा वैज्ञानिकहरू उडिरहेको स्पुतनिक मरुभूमिमा खस्ने भो भनी आँखा तानेर पर्खिरहेका होलान् भनेर अनुमान गरिएको छ । ताइपेहमा जम्मा भएका सिपाही विपक्षीको तालुमा तारो हान्न पर्खनु, थाइल्यान्डमा अमेरिकी सैनिकको अड्डामा रिहाइको आदेश पर्खनु यसका ज्वलन्त उदाहरण हुन् । दसौँ महिना आमाको गर्भमा गुँडुल्किएर नपर्खी सूर्यदर्शनको साइत फेला पर्दैन । विद्यार्थीले विद्यालयमा शिक्षकलाई कैयौँ दिन पर्खनुपर्छ । आज लेख दिए पत्रिका कहिले निस्कने, निस्किहाल्यो भने पुरस्कार कहिले पाइने भनेर पर्खनुपर्ने प्रवृत्ति समाज विकासका लागि महारोग हो ।

सबै पर्खाइको पछिल्तिर सयौँ सपना पर्खिरहेछन्, इच्छा र आकाङ्क्षा पर्खिरहेछन् । दुई गज जमिन र दुई गाँसको निम्ति जिन्दगीभर पर्खनुपर्ने अवस्था छ । यी तथ्यहरूलाई प्रस्तुत गर्दै निबन्धले अरूलाई झुलाएर राख्ने मानवीय प्रवृत्तिप्रति तिखो व्यङ्ग्य गरेको छ । 'पख्नोस्' निबन्धमा उखान टुक्काका साथै अन्त्यानुप्रासयुक्त शब्दको

विशिष्ट प्रयोग गरिएको छ । अत: हामीले पनि पख्नोस् भन्ने पदावली त्यागेर भोलिको काम आज र आजको काम अहिल्यै गर्ने अठोट गरी मानवीय कमजोरीलाई हटाउन सक्नुपर्छ ।

१०. दिइएको टिप्पणीको नमुना पढी 'पेट्रोलियम पदार्थको मूल्यवृद्धि' शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस् :

## सडक दुर्घटना

यात्रीहरू लिएर हिँडेको सवारी साधन अकस्मात् दुर्घटना हुनुलाई सवारी दुर्घटना भनिन्छ । यस्ता घटनाबारे दिनानुदिन समाचार बन्ने गरेका छन् । दुर्घटनाबाट जनधनको क्षति भएको छ । त्यसपछि हुने बन्द, घेराउ जस्ता घटनाले सर्वसाधारणलाई थप कष्ट र हैरानी भइरहेको छ ।

सवारी दुर्घटनाका कारण सबैले खोज्न जरुरी छ । सवारी साधनको अत्यधिक चापले सहरी क्षेत्रमा दुर्घटना भएको पाइन्छ । कतै सडक साँगुरा छन् । कतै चालकको हकाइ तीव्र गतिको छ । ट्राफिक नियमको अज्ञानता र ज्ञान भए पनि बेवास्ता आदि कारणले सहरी क्षेत्रमा सवारी दुर्घटना हुने गरेका छन् । चालकको लापरबाही, मदिरा सेवन आदि कारण पनि सडक दुर्घटनामा जिम्मेवार छन् । कारण अरू पनि होलान् तर यस्ता सामान्य गल्तीले अनमोल जीवन गुम्नु, बाँचे पनि अपाङ्ग बन्नु र यात्रुले दु:ख पाउनु राम्रो होइन ।

सडक दुर्घटनालाई न्यूनीकरण गर्ने हो भने यसलाई व्यवस्थित, नियमित र सुरक्षित बनाउनुपर्छ । यसका निम्ति चालक, यात्रु र ट्राफिक प्रहरीले ध्यान दिनु जरुरी छ ।

११. दिइएका बुँदाका आधारमा 'नेपालको विकासमा जलस्रोतको भूमिका' शीर्षकमा १५० शब्दसम्मको निबन्ध लेख्नुहोस् :

(क) जलस्रोतका दृष्टिले नेपाल एसियाको सबैभन्दा सम्पन्न र विश्वमा दोस्रो धनी राष्ट्र

(ख) हिमाल, समुद्र, नदीनाला, झरना, छहरा, तालतलैया, आफैँ पानी निस्कने मूलहरू, इनार, ट्युबबेल तथा वर्षाद् जलका स्रोतहरू

(ग) ८३ हजार मेगावाटभन्दा बढी ऊर्जा उत्पादन गर्ने सामर्थ्य नेपाली जलस्रोतमा रहेको

(घ) जलस्रोतको परम्परागत उपयोग सिँचाइसँग सम्बद्ध

(ङ) कुलो, पैनी वा नहर निर्माण गरेर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुऱ्याइएको

(च) राष्ट्रको कृषिजन्य उत्पादन बढाउन जलस्रोतको उपयोग भइरहेको

(छ) नेपाली जलस्रोतको उपयोग पर्यटन र मनोरञ्जनका क्षेत्रमा पनि गर्न सकिने

(ज) तीव्र गतिमा बग्ने नेपाली नदीमा ऱ्याफ्टिङको विस्तारले साहसिक पर्यटनमा विदेशीहरूलाई निम्तो

(झ) विश्वबजारमा नवीकरणीय जल ऊर्जा बिक्री गरेर प्रशस्त आयआर्जन गरी रोजगारी तथा सम्पन्नताका ढोकाहरू खोल्न सकिने

(ञ) कृषिमा आत्मनिर्भर भई समृद्ध नेपालको परिकल्पना पूरा गर्न सकिने

१२. दिइएको अनुच्छेदबाट चारओटा बोध प्रश्न बनाई तिनको उत्तर लेख्नुहोस् :

नेपाली धर्ती अनेकौँ मौलिक कला संस्कृतिको अनुपम सङ्ग्रहालय हो । यहाँ फुलेका र फक्रेका अनेकौँ सांस्कृतिक वैभवमध्ये हाम्रा लोकबाजा गौरव गर्न लायक सम्पत्ति हुन् । हाम्रो समाजमा प्रचलित तारले रेटेर, मुखले फुकेर वा गजाले ठोकेर सुरताल मिलाई विभिन्न अवसरमा बजाइने यस्ता यन्त्रविशेष वा वाद्यलाई नै लोकबाजा भनिन्छ । यिनीहरू नेपाली समाजको रहनसहन, जन्म, विवाह र मृत्युसंस्कारका साथै चाडपर्व, जात्रा, उत्सव, महोत्सव, मेलापात आदिसँग गाँसिएर आउँछन् । यी नेपाली लोकबाजा नेपाली समाजको मौलिक सभ्यता र संस्कृतिको शङ्खनाद गर्ने मौलिक पहिचानसमेत हुन् । नेपाली समाज सांस्कृतिक र जातीय विविधताले युक्त छ । यहाँका जातजातिले विभिन्न पर्व र संस्कारका अवसरमा बजाउने बाजामा पनि त्यस्तै विविधता पाइन्छ । हाम्रा नेपाली लोकबाजाको इतिहास खोज्दै जाने हो भने मानव सभ्यता जत्तिकै पुरानो हुनुपर्छ । पुराण वा मिथकमा वर्णित शिवजीले हातमा लिने डमरु, विष्णुका हातको शङ्ख र कृष्णका हातका मुरलीबाट पौराणिक कालदेखि नै बाजाको सुरुआत भएको मानिन्छ ।

*जस्तै :*

प्रश्न : नेपाली धर्तीलाई कुन कुराको अनुपम सङ्ग्रहालय मानिएको छ ?

उत्तर : नेपाली धर्तीलाई मौलिक कला संस्कृतिको अनुपम सङ्ग्रहालय मानिएको छ ।

१३. दिइएको अनुच्छेदबाट चारओटा बुँदा टिपोट गरी सारांश लेख्नुहोस् :

'अनुशासन' शब्द संस्कृत भाषाबाट नेपाली भाषामा प्रयोग हुन आएको शब्द हो । अनु+शास्+अन मिलेर अनुशासन शब्द बनेको छ । अनुशासनको शाब्दिक अर्थ सामाजिक, नैतिक, धार्मिक, राजनीतिक आदि नियम, नियमावलीको मर्यादा वा सो मर्यादाभित्र रहने काम भन्ने हुन्छ । अनुशासनअन्तर्गत अलिखित र लिखित दुवै प्रकारका नियमहरूको पालना पर्छ । अलिखित नियम भन्नाले नलेखिएको नियम भन्ने बुझिन्छ । अलिखित नियमअन्तर्गत घर, परिवार र समाजका नियमहरू पर्छन् । ऐँचोपैँचो, भारापर्म, आदर सम्मान आदि अलिखित नियमका उदाहरण हुन् । लिखित नियम भन्नाले लेखिएका नियम भन्ने बुझिन्छ । लिखित नियमअन्तर्गत विद्यालय, गाउँपालिका, नगरपालिका आदिका नियमहरू पर्छन् । संविधान, ऐन, नियमावली आदि लिखित नियमका उदाहरण हुन् । अनुशासनको पालनाबाट आदर्श व्यक्ति भन्ने आधार प्राप्त हुन्छ । प्रत्येक व्यक्ति अनुशासनमा बस्दा सामाजिक सद्भाव कायम हुन्छ । राष्ट्रिय एकताका लागि पनि हरेक नागरिकको अनुशासन महत्त्वपूर्ण हुन्छ त्यसैले अनुशासनलाई परिवार, समाज र राष्ट्र समृद्धिको आधार मानिन्छ ।

१४. दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

दोधारा चादँनी नगरपालिका नेपालको सुदूरपश्चिम प्रदेशअन्तर्गत कञ्चनपुर जिल्लामा पर्छ । नेपालको महाकाली नदीपारि रहेका साबिकका चाँदनी र दोधारा दुई गा.वि.स. समावेश गरी यस नगरपालिकाको नाम दोधारा चाँदनी नगरपालिका जुराइएको हो । यस नगरपालिकाको उत्तर, पश्चिम र दक्षिणमा भारत रहेको छ भने पूर्वमा महाकालीपारि भीमदत्त नगरपालिका र शुक्लाफाँट वन्यजन्तु आरक्ष रहेका छन् । यहाँ विभिन्न जातजाति तथा धर्म मान्ने व्यक्तिको

बसोबास रहेको छ । यहाँका स्थानीय बासिन्दाको औसत पारिवारिक आम्दानीमा कृषि व्यवसायले सबैभन्दा ठुलो हिस्सा ओगटेको छ । यसका साथै उनीहरूको आम्दानीका अन्य स्रोतमा व्यापार, नोकरी र वैदेशिक रोजगारी रहेका छन् । यहाँ विभिन्न जातजाति र समुदायका मानिसको बसोबास रहेको छ । यहाँ दसैं, तिहार, माघी, होली, गौरा, कृष्णजन्माष्टमी, आइतबारी, छठपर्व, बुद्धजयन्ती, क्रिस्मस आदि प्रमुख चाडपर्वका रूपमा मनाइन्छन् । महाकाली नदीमा रहेको नेपालको सबैभन्दा लामो झोलुङ्गे पुल तरेर यहाँका मानिस आवतजावत गर्छन् । यस नगरपालिकामा पुग्न महाकालीमा नयाँ पक्की पुल बनेको छ । झोलुङ्गे पुल र पक्की पुलले त्यस क्षेत्रको विकास टेवा पुऱ्याएको छ ।

(क) उत्तर दिनुहोस् :

(अ) दोधारा चाँदनी नगरपालिका कहाँ पर्दछ ?

(आ) दोधारा चादँनी नगरपालिकाका बासिन्दाको आम्दानीको स्रोत के हो ?

(इ) त्यस नगरपालिकामा मनाइने मुख्य चाडपर्वका नाम के के हुन् ?

(ई) यस क्षेत्रको विकासमा कुन कुराले टेवा पुऱ्याएको छ ?

(ख) भाषिक संरचना पहिचान गर्नुहोस् :

(अ) उदाहरण हेरी 'अपेक्षा, उत्तर, प्रमुख, विभिन्न, पश्चिम, रोजगारी, वैदेशिक' शब्दको उपसर्ग र प्रत्यय छुट्याउनुहोस् ।

| उपसर्ग | प्रत्यय |
|---|---|
| उप +ईक्षा = अपेक्षा | पश्च +इम = पश्चिम |

(आ) अनुच्छेदको पहिलो वाक्यलाई दुईओटा छोटा छोटा सरल वाक्यमा टुक्र्याउनुहोस् ।

(इ) 'यहाँका मानिसहरू आवतजावत गर्छ ।' वाक्यलाई पदसङ्गति मिलाई लेख्नुहोस् ।

(ई) अनुच्छेदबाट दुई दुईओटा हलन्त र अजन्त उच्चारण हुने शब्द टिप्नुहोस् ।

१५. दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :

मनोहर दाजु दुई वर्ष साउदी बसेर घर फर्किए । उनी घरमा आएको थाहा पाएपछि गाउँका युवाहरू उनलाई भेट्न गए । युवाहरूले मनोहरसँग आफूहरू पनि विदेश जान चाहेकाले सहयोगको अपेक्षा गरे । मनोहरले युवाहरूलाई व्यङ्ग्य गर्दै भने, "अरूले हात्ती चढ्यो भनेर धुरी चढ्नेहरूको हालत कहिल्यै राम्रो हुँदैन । हामी विदेशमा त पैसा रुखमै टिप्न पाइन्छ भन्ठान्छौँ । भाग्यमानी देखेर चेत्छ, अभागी भोगेर चेत्छ । यी मेरा हात हेर त ! पैसासँग साटिएका ठेला हुन् यी । अरूको चिहान खन्नुभन्दा आफ्नै बारी खन्नु बेस । ओहो ! मानिस विदेश भनेर मरिहत्ते गर्छन् । अठार घण्टा जोतिँदा बल्ल विदेशको स्वाद थाहा हुन्छ ।" मनोहरको कुरा सुनेर युवाहरू छक्क पर्छन् । मनोहर अझै थप्छन्, "विदेश जान मन हुनेहरू यहाँ किन बस्नु ? गए हुन्छ । मैंले जस्तो हन्डर खाएपछि लाहुरे बनेर घर फर्किन्छौ । सुन है भाइ हो ! कान खोलेर सुन । हामी सुनको कचौरा लिएर माग्न बसेको भिखारी जस्ता छौँ ।

आफूलाई चिन्न सक्नुपर्छ ।”

माथिको अनुच्छेदमा मनोहरले विदेश जान चाहेका युवालाई व्यङ्ग्य गरे जस्तै बरालिएर हिँड्नेहरूलाई व्यङ्ग्य गर्नुहोस् ।

## सुनाइ र बोलाइ

१. सुनाइ पाठ १३ सुन्नुहोस् र दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) कृषिमलको प्रयोग किन गरिन्छ ?

(ख) कृषिमल कति प्रकारका हुन्छन् ?

(ग) किसानलाई के कुराको ज्ञान हुनुपर्छ ?

(घ) प्राङ्गारिक मलका फाइदा के के हुन् ?

२. प्राङ्गारिक मल कसरी बनाइन्छ, भन्नुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

१. दिइएका उदाहरण पढ्नुहोस् र बुझ्नुहोस् :

(क) कर्ता र क्रियापदको सङ्गति

| सङ्गति नमिलेका वाक्य | सङ्गति मिलेका वाक्य | पदसङ्गति |
|---|---|---|
| (क) छोरी डाक्टर भए । | (क) छोरी डाक्टर भइन् । | लिङ्ग सङ्गति |
| (ख) उनीहरू खेल खेल्छ । | (ख) उनीहरू खेल खेल्छन् । | वचन सङ्गति |
| (ग) तिमी घर गयौँ । | (ग) तिमी घर गयौ । | पुरुष सङ्गति |
| (घ) तपाईँ असल छस् । | (घ) तपाईँ असल हुनुहुन्छ । | आदर सङ्गति |

माथिको उदाहरणमा दिइएको ‘(क) छोरी डाक्टर भए’ वाक्यको कर्ता स्त्रीलिङ्ग र क्रियापद पुलिङ्ग छन् । यस वाक्यलाई ‘(क) छोरी डाक्टर भइन्’ बनाउँदा कर्ता र क्रियापद दुवै स्त्रीलिङ्ग हुन्छन् । त्यसैगरी ‘(ख) उनीहरू खेल खेल्छ’ वाक्यको कर्ता बहुवचन र क्रियापद एकवचन छन् । यस वाक्यलाई ‘(ख) उनीहरू खेल खेल्छन्’ बनाउँदा कर्ता र क्रियापद दुवै बहुवचनका हुन्छन् । त्यस्तै ‘(ग) तिमी घर गयौँ’ वाक्यको कर्ता द्वितीय पुरुष र क्रियापद प्रथम पुरुष छन् । यस वाक्यलाई ‘(ग) तिमी घर गयौ’ बनाउँदा कर्ता र क्रियापद दुवै द्वितीय पुरुषका हुन्छन् । त्यसैगरी ‘तपाईँ असल छस्’ वाक्यको कर्ता उच्च आदर र क्रियापद अनादर छन् । यस वाक्यलाई ‘तपाईँ असल हुनुहुन्छ’ बनाउँदा कर्ता र क्रियापद दुवै उच्च आदर हुन्छन् । यसरी कर्ताको लिङ्ग, वचन, पुरुष, आदरअनुसारको क्रियापद मिल्नु नै सङ्गति हो ।

(ख) कर्म र क्रियापदको सङ्गति

| सङ्गति नमिलेका वाक्य | सङ्गति मिलेका वाक्य |
|---|---|
| (क) तिमीद्वारा किताबहरू पढियो । | (क) तिमीद्वारा किताबहरू पढिए । |
| (ख) ममताद्वारा म बोलाइन्छ । | (ख) ममताद्वारा म बोलाइन्छु । |

माथिको '(क) तिमीद्वारा किताबहरू पढियो' वाक्यमा कर्म बहुवचन प्रयोग भएको छ भने क्रियापद एकवचन प्रयोग भएको छ । त्यसैगरी '(क) तिमीद्वारा किताबहरू पढिए' वाक्यमा कर्म र क्रियापद बहुवचन प्रयोग भएका छन् ।

माथिको '(ख) ममताद्वारा म बोलाइन्छ' वाक्यमा कर्म प्रथम पुरुष प्रयोग भएको छ भने क्रियापद तृतीय पुरुष प्रयोग भएको छ । त्यसैगरी '(ख) ममताद्वारा म बोलाइन्छु' वाक्यमा कर्म र क्रियापद प्रथम पुरुषको प्रयोग भएका छन् । यसरी कर्म र क्रियापदबिच पनि सङ्गति मिल्नुपर्छ ।

(ग) भेदक र भेद्य (नाम) को सङ्गति

| सङ्गति नमिलेको | सङ्गति मिलेको |
|---|---|
| मेरो आमा | मेरी आमा |
| आफ्नो साथीहरू | आफ्ना साथीहरू |
| उसकी भाइ | उसको भाइ |

(घ) विशेषण र विशेष्य (नाम) को सङ्गति

| सङ्गति नमिलेको | सङ्गति मिलेको |
|---|---|
| अग्लो हिमालहरू | अग्ला हिमालहरू |
| ठुलो कविहरू | ठुला कविहरू |
| गुलियो आँपहरू | गुलिया आँपहरू |

(ङ) नाम र सर्वनामको सङ्गति

| सङ्गति नमिलेका वाक्य | सङ्गति मिलेका वाक्य |
|---|---|
| (क) लक्ष्मीप्रसाद देवकोटा महाकवि हुन् । उहाँले खण्डकाव्य र महाकाव्य लेख्नुभएको छ । | (क) लक्ष्मीप्रसाद देवकोटा महाकवि हुन् । उनले खण्डकाव्य र महाकाव्य लेखेका छन् । |
| (ख) माता, पिता र पाहुना नै देवता हुन् । उनलाई सम्मान गर्नुपर्छ । | (ख) माता, पिता र पाहुना नै देवता हुन् । उनीहरूलाई सम्मान गर्नुपर्छ । |

२. दिइएको अनुच्छेद पढ्नुहोस् र पदसङ्गति पहिचान गर्नुहोस् :

शिक्षकले उज्यालो यात्रा कविता पढाउनुभयो । उहाँले त्यो पाठ राम्ररी बुझाउनुभयो । हाम्रो कक्षामा सोझी विमला, टाठी समीक्षा मात्र होइन बाठो नरेश र सोझो कमल पनि छन् । हाम्रो कक्षाकी समीक्षाको भाइ आठमा पढ्छ । कमलकी बहिनी सातमा पढ्छे । नरेशकी दिदी दशमा

पढ्नुहुन्छ । समीक्षाले नरेशलाई सोध्छे, “तँ कविता लय हालेर पढ्छस् ?” नरेशले निर्मलालाई भन्छ, “तँ पढ्छेस् त ?” शिक्षकले तिनीहरूका कुरा सुन्नुभयो र तिनीहरूलाई भन्नुभयो, “साथीलाई तिमी, तपाइँ भन्नुपर्छ ।”

| कर्ता र क्रियाबिच पदसङ्गति | नाम र सर्वनामबिच पदसङ्गति | विशेषण र विशेष्यबिच पदसङ्गति | भेदक र भेद्यबिच पदसङ्गति |
|---|---|---|---|
| शिक्षकले - पढाउनुभयो<br>साथीहरू - छन्<br>भाइ - पढ्छ<br>बहिनी - पढ्छे<br>दिदी - पढ्नुहुन्छ<br>समीक्षाले - सोध्छे<br>तँ - पढ्छस्<br>तँ - पढ्छेस् | शिक्षकले - उहाँले<br>विमला, समीक्षा, नरेश र कमल - तिनीहरू | सोझी - विमला<br>टाठी - समीक्षा<br>बाठो - नरेश<br>सोझो - कमल | हाम्रो - कक्षा<br>कमलकी - बहिनी<br>नरेशकी - दिदी<br>तिनीहरूका - कुरा |

३. उदाहरण पढ्नुहोस् र सङ्गति मिलाई वाक्य पुनर्लेखन गर्नुहोस् :

*उदाहरण*

(क) उनी मेलामा बस्छौ ।

उनी मेलामा बस्छन् ।

(ख) अग्लो मानिसहरू आयो ।

(ग) हामी पढ्न गएको छ ।

(घ) दिदीले कविता सुनायो ।

(ङ) मेरो बहिनी फुटबल खेल्छ ।

(च) तपाइँ अरूलाई इज्जत गर्छस् ।

४. उदाहरण पढ्नुहोस् र सङ्गति मिलाई अनुच्छेद पुनर्लेखन गर्नुहोस् :

*उदाहरण*

(क) उसले कक्षा नौ उत्तीर्ण गरे । उसका बहिनीले पनि कक्षा सात उत्तीर्ण गर्‍यो ।

बहिनीको साथीहरू असल छ । दुवै जना खुब मिहिनेती छ । उनीहरू खेलकुदमा पनि रुचि राख्छ ।

उत्तर : उसले कक्षा नौ उत्तीर्ण गऱ्यो । उसकी बहिनीले पनि कक्षा सात उत्तीर्ण गरी । बहिनीका साथीहरू असल छन् । दुवै जना खुब मिहिनेती छन् । उनीहरू खेलकुदमा पनि रुचि राख्छन् ।

(ख) ऊ दैलेख गए । उससँगै बहिनी पनि गयो । त्यहाँको प्रकृति सुन्दर हुनुहुन्थ्यो । उसले मठमन्दिर पनि अवलोकन गरे । गाउँलेहरूले उसलाई स्वागत गऱ्यो ।

(ग) काका र काकी आई । उनीहरूले व्यापारका विषयमा कुराकानी गर्नुभयो । म पनि त्यहाँ गएको थियो । मैले पनि कुराकानी गरे । दिदी पनि आइपुगी । दाजु पनि आयो । सबै जनाको कुराकानी हुनुभयो ।

(घ) भाइ रुन्छे । त्यो देखेर बहिनी पनि रुन थाल्छ । अमृता नेम्बाङ भाइबहिनीलाई माया गर्छ । ऊ खेलौना दिन्छन् । खेलौना पाएर भाइ दङ्ग पर्छ । बहिनी पनि खेलौना चाहियो भनेर बिलौना गर्छ ।

५. दिइएका उदाहरण पढ्नुहोस् र बुझ्नुहोस् :

अन्तरे काका विद्वान् र बुद्धिमान् हुनुहुन्छ । उहाँले सत्यलाई आत्मसात् गर्नुभएको छ । धेरैले यस विराट् जगत्मा उहाँलाई चिन्दैनन् । तैपनि उहाँ आफ्नो कर्मबाट विचलित हुनुहुन्न । यस्ता महान् मानवलाई हार्दिक सम्मान छ ।

माथिको अनुच्छेदमा 'विद्वान्, बुद्धिमान्, आत्मसात्, विराट्, जगत्, चिन्दैनन्, महान्' जस्ता शब्दमा हलन्त प्रयोग भएका छन् । 'यस, विचलित, मानव, हार्दिक, सम्मान' जस्ता शब्दमा अजन्त प्रयोग भएका छन् ।

| समूह 'क' | समूह 'क' | समूह 'क' |
|---|---|---|
| लेखन र उच्चारण दुवै हलन्त | लेखनमा अजन्त र उच्चारणमा हलन्त | लेखनमा र उच्चारण दुवैमा अजन्त |
| (अ) क्रिया : गर्, उठ्, गरोस्, जान्छस्, लेखिन्, पढिन्, गर्छस्, खालास्, गरिन्, पढोस्, लेख्<br>(आ) नाम ⁄विशेषण : बलवान्, भगवान्, विद्वान् | (अ) नाम ⁄सर्वनाम : काम, कपास, रमानाथ, रमेश, केशव, भेष, देश, भिर, हिमाल, यस, त्यस<br>(आ) अनुकरणात्मक शब्द : गडबड, चमचम, झलमल, झिमझिम<br>(इ) विशेषण : असल, खराब, इमानदार, बेइमान, तरल, सरल | (अ) क्रिया : गर, उठ, लेखिन, पढिन<br>(आ) अव्यय : आज, वर, पर, तर, तल, अब, लहलह, झलमल्ल, झिम्मझिम्म<br>(इ) नाम : भय, लय, शिव, सह |

६. दिइएका अनुच्छेदमा 'हलन्त' र 'अजन्त' प्रयोग भएका शब्द पहिचान गर्नुहोस् :

विद्वान् मानिससँग मित्रवत् व्यवहार गर्नुपर्छ । बलमान् र धनवान् भएँ भनेर कसैले पनि घमन्ड गर्नु हुँदैन । महान् मानिस ती हुन्, जसले देश र जनताका पक्षमा काम गर्न तयार हुन्छन् ।

७. कक्षामा छलफल गरी लेखनमा अजन्त र उच्चारणमा हलन्त हुने कुनै दशओटा शब्द टिप्नुहोस् ।

८. शुद्ध गर्नुहोस् :

*उदाहरण*

(क) तिमी अकस्मात मेरो घर्मा आयौ ।

*उत्तर :* तिमी अकस्मात् मेरो घरमा आयौ ।

(ख) यस् घटनाको जिम्मेवारी स्वयमले लिनुपर्छ ।

(ग) संसद भवन्मा सभासद गए ।

(घ) विपतमा सबैलाई सहयोग् गर्नुपर्छ ।

(ङ) श्रीमान ढुङ्ग्रोमा दुध् बोकेर बजार् गएछन् ।

(च) दुध् बेचेको पैसाले दाल् र तर्कारी किनेर ल्याएछन ।

## सिर्जना र परियोजना कार्य

१. दिइएका शीर्षकमा निबन्ध लेख्नुहोस् :

(क) पुस्तकालयको महत्त्व

(ख) मेरो वर्तमान र भविष्य

(ग) समाजमा देखिएका विकृति

२. रेडियो, टेलिभिजन वा सामाजिक सञ्जालमा प्रसारित कुनै एउटा हास्यव्यङ्ग्य रचनाको विषयवस्तु र सन्देश लेखेर सुनाउनुहोस् ।

## थप स्वाध्याय सामग्री

### टिप्पणी लेखन

परिचय

कुनै समसामयिक घटना, विषयवस्तु वा समस्याका बारेमा लेखिने खँदिलो रचना टिप्पणी हो । यो निबन्ध लेखनभन्दा छोटो र अनुच्छेद लेखनभन्दा लामो हुन्छ । टिप्पणी आदि, मध्य र अन्त्यको शृङ्खलामा लेखिन्छ । यसमा परिचय, असर, प्रभाव, विशेषता आदिको वर्णन गर्दै आफ्नो ठोस सुझाव प्रस्तुत गरिएको हुन्छ ।

टिप्पणी लेख्ने तरिका

१. टिप्पणीका लागि दिइएको प्रश्नको आशय बुझेर सम्बन्धित विषयवस्तु मनन गर्नुहोस् ।

२. परिचय, असर, विशेषता, निष्कर्ष, सुझावका विषयवस्तु के के हुन सक्छन्, टिपोट गर्नुहोस् ।

३. टिपोट गरिएका विषयवस्तुलाई आदि, मध्य र अन्त्य भागमा विभाजन गर्नुहोस् ।

४. सुरुमा टिप्पणीको शीर्षक उल्लेख गर्नुहोस् ।

५. आदि भागमा सम्बन्धित विषय वा शीर्षकको परिचय दिनुहोस् ।

६. यसको शीर्षक समस्यामूलक हुने हुँदा आदि भागमै त्यसलाई एक समस्याका रूपमा चिनाउनुहोस् ।

७. मध्य भागमा शीर्षकका बारेमा खँदिलो व्याख्या गरी त्यसले सङ्केत गरेको समस्याले पार्ने प्रभाव उल्लेख गर्नुहोस् ।

८. अन्त्य भागमा निष्कर्ष उल्लेख गरी आफ्नो राय पनि प्रकट गर्नुहोस् ।

९. समस्यामूलक शीर्षक भए समाधानका उपाय पनि उल्लेख गर्नुहोस् ।

## पाठ १४ : एकाङ्की

# घरको माया

*भीमनिधि तिवारी*

परिचय

भीमनिधि तिवारी (वि.सं. १९६८-२०३०) नेपाली साहित्यका उज्ज्वल नक्षत्र हुन् । उनी कवि, नाटककार, कथाकार, उपन्यासकार आदिका नामले सुपरिचित छन् । नाटकहरूमा 'सहनशीला सुशीला, विवाह, चौतारा लक्ष्मीनारायण' आदि र कविता सङ्ग्रहमा 'कविताकुञ्ज, विस्फोट' आदि प्रसिद्ध कृतिहरू हुन् । उनी एकाङ्की वा नाटकमा आदर्शलाई मन पराउँछन् र यथार्थको साँचो जानकारी दिएर आफ्ना पाठकलाई सचेत बन्न प्रेरित गर्छन् । त्यसैले उनलाई आदर्शवादी नाटककार पनि भनिन्छ । उनी आफ्ना रचनामा मार्मिक व्यङ्ग्य पनि गर्छन् र हास्यद्वारा अज्ञात वास्तविकताको रहस्य पनि खोल्छन् । उनका रचनाले सामाजिक नैतिकतामा बल पुऱ्याएका छन् । सरल भाषाको प्रयोग गर्नु उनका कृतिको विशेषता हो ।

प्रस्तुत 'घरको माया' एकाङ्की सामाजिक विषयवस्तुमा संरचित देशभक्तिको भाव प्रस्तुत गरिएको एकाङ्की हो । यस एकाङ्कीमा घरको 'जन्मभूमिको' र माया 'प्रेम वा अनुराग' भन्ने अर्थलाई सार्थक तुल्याइएको छ । आफ्नो जन्मभूमि नै सबैभन्दा ठुलो हो, दुःखसुख जे भए पनि आफ्नै देशमा बस्नुपर्छ, देशकै सेवा गर्नुपर्छ भन्ने निष्कर्षमा यस एकाङ्कीका पात्रहरू जमानसिंह, लालबहादुर, कान्छो र बतासे पुगेपछि एकाङ्कीको कथावस्तु समापन भएको छ । यस एकाङ्कीमा विदेशमा बसेका नेपालीलाईसमेत घर फर्केर स्वदेशको माया र प्रेममा स्वावलम्बी भई बाँच्न आह्वान गरिएको छ । यस एकाङ्कीले 'जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी' अर्थात् जन्मदिने आमा र जन्मभूमि स्वर्गभन्दा पनि महान् हुन्छन् भन्ने सन्देश प्रवाह गरेको छ ।

### *सिकाइ उपलब्धि*

१. सस्वर र मौन पठन गर्न

२. पाठको अभिनयात्मक प्रस्तुति दिन

३. पाठगत शब्दको उच्चारण, अर्थबोध र प्रयोग गर्न

४. सामाजिक/सांस्कृतिक क्षेत्रका शब्द, टुक्का तथा अनुकरणात्मक शब्दको पहिचान र प्रयोग गर्न

५. विपरीतार्थी शब्दको पहिचान र प्रयोग गर्न

६. संरचना, परिवेश, पात्र र घटना पहिचान गरी वर्णन गर्न

७. पाठगतबोध प्रश्नोत्तर, व्याख्या र तार्किक उत्तर दिन

८. व्याकरणिक कोटिका आधारमा वाक्यान्तरण गर्न

९. चन्द्रबिन्दु /शिरबिन्दु लागेर बनेका शब्दको पहिचान गरी प्रयोग गर्न

१०. सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना गर्न

## मूल पाठ

पात्रहरू

| | | |
|---|---|---|
| जमानसिंह र लालबहादुर | : | दुई मित |
| कान्छो | : | गाउँले केटो |
| बतासे | : | अधबैंसे, गाउँले आइमाई |
| स्थान | : | दरभङ्गा (विहार) |

(असार महिनाको बिहानीपख भएता पनि प्रचण्ड गर्मी छ । प्लेटफर्ममा लालबहादुर र जमानसिंह अल्लारे छाँटले हिँडिरहेका छन् । दुबैको एकनासे जिनको कट्टु र भिन्नाभिन्नै कपडाको बाँकटे कमिज छ । दुबै गधेपच्चिसी पार नगरेका, दुब्लादुब्ला, मझौला कदका, कालाकाला वर्णका छन् । लालबहादुरको मुख चेप्टो, जमानसिंहको नाक नेप्टोभन्दा बढ्दा विशेषता अरू केही छैनन् । दुवैका जुँगाका रेखी स्पष्ट देखिन्छन् ।)

लालबहादुर : हैन त मितज्यू, पहाडमै बसिराख्या' भए यस्तो देख्न सुन्न कहाँबाट पाइन्थ्यो । (यत्तिकैमा नेपथ्यबाट कसिएको आवाजमा "गरम गरम चाय", "मुम्फली मुम्फली" कराएको सुनिन्छ ।) छोटो कछाड कस्यो, फाटेको ठुटे र भोटो लायो, भैँसीको भकारो सोहोऱ्यो, बस्यो ।

जमानसिंह : हो त नि मित ज्यू, खुबै सोख गरियो भने झुत्रो गुन्द्री, पिँढीमा बसेर पिच्चपिच्च आँगनमा थुक्नु, त्यत्ति न हो ।

लाल : म त सम्झन्नँ गाउँघर पनि, के सम्झनु छ र ? दु:खै सम्झनु त हो नि !

जमान : हो त नि, मेरा त झन्आमा छैनन्, बाबु छैनन्, तपाईँ बाबुआमा भएकालाई त त्यस्तो भनें मलाई झन् कस्तो ? के सम्झनु !

लाल : आमा सखारै उठ्ती हुन्, जाँतोमा कोदो पिन्दी हुन्, बाबु रातमा मेलाबाट आएर अगेनाको छेउमा बसेर काँचोपात भुटेको तमाखु सोतेमा खाँदा हुन्, त्यही त हो नि । त्यो गाउँ, त्यो ठाउँ, त्यो चाला, ती पाखेहरूलाई सम्झनुभन्दा बिर्सनु जाती । हैन त, मितज्यू ?

**शब्दार्थ**

| | | |
|---|---|---|
| *अल्लारे* | : | *बेकाममा यताउति हिँडिरहने* |
| *बाँकटे* | : | *आधा वा सिङ्गै बाउला नभएको* |
| *गधेपच्चिसी* | : | *सोह्र वर्षमाथि र पच्चिस वर्षमुनिको अवस्था* |
| *नेपथ्य* | : | *पर्दापछाडिको नदेखिने ठाउँ* |
| *कछाड* | : | *छोटो धोती* |
| *भकारो* | : | *मल, गोबर* |
| *कोदो* | : | *तोरीको दाना जस्तै एक प्रकारको अन्न* |
| *सोते* | : | *बाँसको हुक्का* |

जमान : हो त नि, जहाँ भए पनि काम नगरी खान पाइने हैन । देशमै बस्नु जाती नि । एउटा गर्मी भने चर्को यहाँको, तालु नै पोल्दो रहेछ । बिहानीपख नै यस्तो । (पसिना पुछ्छ) दिन छिप्पेपछि झन्के चाहियो र !

लाल : कुरो नगर्नोस्, उहाँ पनि उस्तै हो । वैशाखजेठको महिना, फाँटमा काम गर्दा कस्तो पार्थ्यो ? काँचो मेवा करमकरम चपाउँदा पनि आँत सुकेकोसुक्यै हुन्थ्यो । भारी बोकेर उकालो चढ्दा कस्तो पार्थ्यो ? बिर्सनुभो ?

जमान : त्यो त हो । तर जस्तै गर्मी भए पनि घाममा मात्रै हो नि ! पानी चिसो ! हावा चिसो ! यहाँ चाहिँ घाम पनि तातो, पानी पनि तातो, हावा पनि तातो । तीन तातोले त के चाहियो, उखुमै पार्दो रहेछ ।

लाल : उसो भए मितज्यूलाई घरको माया लाग्यो कि त ?

जमान : को छ र माया लाग्नु ?

लाल : मलाई त मितज्यू, मरे पनि यही देशमै मरुँ । पछि हंस पनि त्यो पाखामा नजाओस् जस्तो लाग्छ ।

(यत्तिकैमा मैलो धोती, गन्जी र थोत्रो चप्पल लाएको फेरीवाला काठको तख्तामा मालसामान राखेर घाँटीमा त्यही झुन्ड्याएर “ले मुम्फली बदम” कराउँदै आउँछ । मुखभित्र पानको बुजो छ । लालबहादुर र जमानसिंह त्यतैतिर हेर्छन् ।)

फेरीवाला : ए साथी ! पान खाएगा ?

जमान : हाम पान नहीं खाएगा, मुम्फली बदम खाएगा ।

फेरीवाला : लो बदम (मुम्फली मानाले भरेर दिन खोज्छ ।)

जमान : बदम पनि हाम्रै पासमा है ।

लाल : लाओ पान । (पैसा दिएर पान खान्छ । फेरीवाला उस्तै प्रकारले कराउँदै जान्छ ।) मितज्यू, देशमा त पान र पानी खुब खानुपर्छ ।



| | | |
|---|---|---|
| *आँत* | : | *शरीरको भित्री भाग, अन्त:करण* |
| *देश* | : | *विदेश भन्ने अर्थमा* |
| *हंस* | : | *प्राण* |

जमान : मलाई त भन्नुहोला मितज्यू, साँचो कुरा गरूँ भने, देशको सबै कुरा मिठो लाग्यो, पान र पानीचाहिँ रद्दी । यहाँ त सबैजना पानै खाने, जसको मुखमा हेऱ्यो पानैको बुजो । कस्तो न होला जस्तो लाग्यो मलाई, कहिले पान मुखमा नपरेको मान्छे म, एक बीँडा किनेर कत्रो रहरले मुखमा हालेर के चपाएको मात्र थिएँ मेरो त सारा जिभ्रो, चरचर,

परपरपरपर, झमझमझमझम, रमरमरमरम, पिर्रेको पात खाएको जस्तो, काँचो टिम्मुर चपाएको जस्तो, के के भो के के भो । तैपनि पछि पछि मिठो स्वाद आउने पो हो कि भनेर चपाउँदै गएँ । के सकिन्थ्यो । घाँटी नै किक्लिक्क किक्लिक पार्लाजस्तो पो भएर आउन थाल्यो र बलजफतैसित थुकिदिएँ । जिब्रो त सबै पाछेछ, त्यस दिनदेखि पान खान दुरदुहाई । अनि पानी पनि नमिठो । पानी अमलाको झोल पिएको जस्तो । स्वाद नै छैन, खल्लो । हाम्रो उहाँ मूल रसाएर आएको कुवाको पानी ! ढुङ्गेधाराको पानी । अहा कस्तो !!!

लाल : मितज्यू, तपाईँ त फेरि पनि नेपालै सम्झन पो लाग्नुभो । कस्तो माया नगएको ।

जमान : केको सम्झन्थे नाइँ । माया लाग्ने भए के भनेर छाडेर आउँथे र ? कुरोमा कुरो चल्यो र कुरो गरेको सम्म पो !

लाल : म त सपनामा पनि सम्झन्नँ त्यो गाउँ, त्यो ठाउँ, ती गाउँले, ती स्याउले ।

जमान : म साँच्ची कुरा भनुँ त, मितज्यू ?

लाल : भन्नोस् न, के कुरा ?(जमानसिंह अलि दुविधामा पर्छ ।) किन अनकनाउनुभयो ? भन्नोस् न !

जमान : फेरि तपाईँलाई मन नपर्ने हो कि ?

लाल : कुरै सुन्न नपाईकन .......... ।

जमान : बरु, बतासेलाई भने बराबर सम्झिरहन्छु । कति बिर्सन खोजेँ, बिर्सन सक्तिनँ ।

लाल : को नि बतासे भनेको ?

जमान : हाम्रो, गाउँकी एउटी ........... । उमेरमा त मभन्दा जेठी नै हुन् तर मुख हेर्दा मभन्दा कान्छी जस्ती देखिन्थिन् । पँधेरामा जाँदा दुवै कर्के आँखाले हेराहेर गर्थ्यौं । उनीसित त्यस्तै परेको थियो ।

लाल : त्यस्तै परेको भनेको के नि ?

जमान : अब आफैँ विचार गर्नोस् न, त्यस्तै परेको क्या, के भनूँ ! (लालबहादुर पनि हाँस्छ, दुवै हाँस्छन् ।)

लाल : उसो भए त बतासेको मायाले मितज्यूलाई घरमै फर्काउँछ कि ? मलाई त शङ्का लाग्यो ।

जमान : त्यस्तो के कुरा गर्नुभएको । छाडेपछि छाडेँ छाडेँ । एउटा सम्झन्छु भन्ने कुरोसम्म पो गरेको ! (लालबहादुर नेपथ्यतिर टाढा हेर्छ । जमानसिंह पनि हेर्छ ।)

*रद्दी* : *काम नलाग्ने, गएगुज्रेको*
*पिर्रे* : *परपऱ्याउने झाम्टादार बिरुवा विशेष*

जमान : के हेर्नुभएको ?

लाल : (हेर्दै) को त्यो ?

जमान : (हेर्दै) को छ र ?

लाल : (हेर्दै) देख्नुभएन ?

जमान : (हेर्दै) के छ र ?

लाल : (हेर्दै) देख्नुभएन ?

जमान : (हेर्दै) हैन के ?

लाल : (हेर्दै) अझ देख्नुभएन ? ऊ दौरा लाएको पहाडी केटो यतैतिर आउँदै छ । देख्नुभयो ? हामीसितै भेट्न आएको जस्तो छ ।

जमान : ए, हो त नि । ए, त्यो त चिने चिने जस्तो पो लाग्छ । हाम्रै कान्छा त हैन ? ए हो, लौ कान्छा नै हो । कताबाट आइपुगेछ यहाँ । ऊ छोटो दौरा र कछाड, गरम भएर होला दौराको तुना फुकालेछ, टोपी फालेछ ।

लाल : गर्मी भएरै होला नि !

जमान : दुब्लाएछ बिचरो । हेर, हामीलाई देखेर आधार पाएको जस्तो गरेर आएको । साँझमा माऊलाई देखेर जसरी बाच्छो खुसी भएर नाच्तै नाच्तै आउँछ । बिचरो पन्ध्रसोह्र वर्षको केटो एक्लै रहेछ, बिरानो ठाउँ,आत्तियो होला । (कराएर) ए कान्छा ! क्या हो ? कहाँबाट आइपुगिस् ?(दुवै जना उत्कण्ठाले उतैतिर हेरिरहेका हुन्छन् । यत्तिकैमा कान्छो आइपुगेर तिनीहरूको अगाडि उभिन्छ र दौराको फेरले पसिना पुछ्छ ।) दुब्लाइछस् कान्छा, तँ, के भो ? त्यस्ता भकुन्डे गाला त खै । कहाँबाट आइपुगिस् ? किन गाउँ छाडेको ? एउटै छोरो, सारा खेतीपाती, घरधन्दा धान्नुपर्ने छोरो, लौ यसरी पो हिँडेछ । उहाँ आमा कति रुँदी हुन् बालक छोरो, कहाँ गयो, के भयो भनेर ! बेसै गरिस् कान्छा, त्यो पाखामा बसेको भए पाखे, खसीगाँठे हुन्थिस्, बुद्धि पुऱ्याइस् बेलैमा । हाम्रा उमेरमा त बिजुली भइसक्छस् । भाग्यमा भए धन पनि कमाउलास् ।

कान्छो : जमान दाइ, म त भोकले भुतुक्क भा'को छु । दुई दिन भो क्यै खान नपाएको । उभिन पनि सक्तिनँ ।

जमान : बिचरा ! पख् है त, म बदाम किनेर ल्याउँछु । धन्दा नमान्, अब त हामीलाई भेटिहालिस्नि । हाम्रो जे गत, तेरो त्यही गत । (जान्छ)

*उत्कण्ठा : उत्सुकता*

*खरीगाँठे : असभ्य, गँवार*

*बिजुली हुनु : सिपालु हुनु*

*गत : अवस्था*

लाल : आइज उता बेन्चमा गएर बसौँ । (दुवै जना अलि पर यात्रीबेन्चमा गएर बस्छन् ।)

कान्छो : घरै जाऔँ लाल दाइ, यस्तो ठाउँमा यो गर्मी खाएर किन बस्नु ?

लाल : के कुरा गर्छस्, कान्छा ? देश भनेको देशै हो । के छ र गाउँमा ? एक छाक मकै, एक छाक भोकै हुन जाने ?

कान्छो : दुवै छाक भोकै भे'र भोकभोकै मर्नुपरे पनि आफ्नै गाउँमा मर्नु जाती । क्यै नभे' पनि चिसो बतास त छ कि ! यो बर्खामास पन्चेबाजा बजा'र बादकहरू आलीमा बस्ता हुन्, रोपारहरू धान रोप्ता हुन्, लाठेहरू बाउसे गर्दा हुन्, मेरो त मनै उहीँ पुगिराख्या छ । झलक्क झलक्क त्यहीँको रमाइलो सम्झन्छु, बोल्न पनि सक्तिनँ म त लाल दाइ, भोकले पो हो कि छिन छिनमा घाँटी नै प्याकप्याक्ती सुकेर थुकको थोपासम्म पनि जिभ्रामा छैन, सम्झन्छु,रोउँ रोउँ जस्तो लाग्छ । के दशा लागेर अर्काको बहकाउमा मरेर आ'छु नि जस्तो लाग्छ ।

लाल : धत्तेरी ! कान्छा, तेरा दु:खका दिन सकिएछन् । सुदिनले तँलाई डोऱ्याएर ल्यायो यहाँ । अब नोकरीसोकरी खोजौँला, दरबानमा तँ अलि सानो छस्, लिँदैनन्, सके हामी जस्तै कुल्ली होलास्, मोटर धुनेमा कसो होला, केही नभए पनि होटेलमा त पक्का ।

कान्छो : होटेलमा रे ? यी साराका जुठा भाँडा माझेर बस्ने मैले ? इज्जत फालेर पैसा किन कमौनुपऱ्या'छ र ?

लाल : कल्ले देख्ने हो र यहाँ ? पैलेपैले हामीले पनि त त्यसै गरेका हौँ नि । ऐले पो बल्ल कुल्ली हुन पायौँ ।

कान्छो : अहँ । (जमानसिंह बदाम लिएर आउँछ र कान्छालाई दिन्छ । ऊ छोडाएर खान थाल्छ तर निल्न नसकेर घाँटी किक्लिक्ककिक्लिक्क पार्छ ।)

जमान : घाँटी त ज्यादै सुकेको पो रहेछ, निल्नै सकेन बिचराले । पख्, पख् है त, म पानी लिएर आउँछु । (जान्छ ।)

कान्छो : मलाई भोकले बोक्रैसमेत चपा'र निलूँ जस्तो भ'को छ ।

लाल : ज्यादै भोकाइस् । नेपाल फर्कने मति नलिएस् बाबै, उँभो लाग्ने छैनस् । मैले तँलाई बेलैमा भनिदिएको छु । तँ काँचो केटो, ऐले तँलाई भुटे पनि हुन्छ, पिने पनि हुन्छ । भुटे फूल उठ्लास्, पिने रोटी बन्लास्, गाउँमा गएर कुहिस् भने जाँड होलास्, डुङ्डुङ्ती गनाउने ...... । (जमानसिंह पानी ल्याएर कान्छालाई दिन्छ । ऊ त्यो पानी एकै सासमा पिइसक्छ ।)

कान्छो : पानी पनि के पिउनु छ र ? एक भल्को उमाल्या' जस्तो । हाम्रो घरको खोलाको क्या पानी, दर्सुनढुङ्गासित लडीबुडी लडीबुडी खेलेर आ'को पानी । (कान्छो कुरुमकुरुम बदाम खाइरहन्छ । उनीहरू त्यसलाई के के मनले हेरिरहन्छन् ।)

जमान : त्यत्तिले नै अघाइस् त कान्छा ? आधा त राखिस् नि !

*लाठे : रोपाइँमा काम गर्ने व्यक्ति*

*मति : बुद्धि*

कान्छो : खाऊँ भने त दुई माना पनि खान सक्छु नाइँ । मैले मात्रै खा'र भ'न, उहाँ दिदी पनि मजस्तै भोकी छन् । उनलाई पनि त लगिदिनुपऱ्यो नि । ('दिदी' शब्द सुन्नासाथ

जमानसिंह बसेको ठाउँबाट एक्कासि उठेर अत्यन्त आश्चर्य, हर्ष र उत्सुकताले प्लावित हुन्छ ।)

जमान : दिदी पनि आएकी छिन्, कान्छा ? हो कान्छा ?

कान्छो : हो ।

जमान : बतासे दिदी पनि ?

कान्छो : हो ।

लाल : कहाँ छन् त ?

जमान : कहाँ छन् त, कान्छा ? किन एक्लै छाडेर आइस् त ?

कान्छो : उता पर भुइँमा सुतिरा'की छन् ।

जमान : जाऔँ न त कान्छा, हामी पनि उहीँ ।

कान्छो : म हीँ डाकेर ल्याइदिन्छु नि ।

जमान : हामीले उहाँ जान हुँदैन र ?

कान्छो : हीँ आइहाल्छिन् नि, उनी पनि आधार नपा'र बगरौँ पऱ्या डुङ्गा जस्तै चल्नै सकेकी छैनन् ।

लाल : भैगो हामी यहीँ बसौँ न त । उसैले डाकेर ल्याइहाल्छ नि ।

जमान : जा त जा कान्छा, झट्टै डाकेर ले । जा । (कान्छो जान्छ । ऊ त्यसलाई टाढासम्म हेरिरहन्छ ।)

लाल : के त मितज्यू, तपाईँलाई आफ्नो घरको भन्दा बढ्ता माया बतासेको लागेको थियो, उसैलाई सम्झिरहनुहुन्थ्यो, सपनामा पनि देख्नुहुन्थ्यो होला, अब त ऊ यहीँ आइहाली । नेपाल त किन सम्झनुहोला, किन फर्कनुहोला र अब ?

जमान : साँच्ची कुरा, अब त मभरिको सुन कसैले दिन्छ भने पनि त्यो पाखामा जान्नँ, गुन्द्रुक र ढिँडो खान्नँ ।

लाल : उसलाई पनि यहीँ राख्नुपर्छ अब । कतै नोकरी लगाइदिउँला । बतासे, तपाईँकी भन्नु कुन, मेरी भन्नु कुन, हामी हित्तचित्त मिलेका मित मित, हैन त मितज्यू ? (जमानसिंह सुनेकोनसुन्यै गर्छ र कट्टुको खल्तीबाटबाटुलो ऐना झिकेर आफ्नो मुख मुन्टो घुमाई हेर्छ । त्यस्तै सानो काँगियो झिकेर कपाल कोर्छ । चिट्टे चिम्टा झिकेर त्यहीँ ऐनामा हेरी हेरी आनन्दको सुसेलीमा गीत गाई गाई दाह्रीका फाट्टफुट्ट रौँ उखेल्न थाल्छ । लालबहादुर मुसुमुसु हाँसेर उसको चेहरा हेरिरहन्छ । ऊचाहिँ छिनछिनमा कान्छो गएको

*प्लावित हुनु* : *उत्तेजित हुनु*

*चिट्टे* : *सानो, छरितो*

*चेहरा* : *अनुहार*

बाटातिर पनि दृष्टि दिँदै गर्छ । एक छिनपछि नेपथ्यतिर हेरेर) ऊ, ल्यायो कान्छाले । आई बतासे भन्ने, कस्ती अग्ली नि ! (जमानसिंह पुलुक्क उतैतिर हेरेर ऐना, काँगियो, चिम्टा खल्तीभित्र राख्छ ।)

जमान : आइमाई भएर मात्रै अग्ली देखिएकी, मान्छे त हामी जत्रै हुन् ।

लाल : पातलो जिउले पनि अग्ली भएकी होली नाइँ ।

जमान : भो, अब चुप लागौँ ।

लाल : भोकाएकी भए पनि हाँस्तै हाँस्तै आएकी छ, आफ्नो मान्छेलाई भेट्टाएँ भन्ने खुसीले पो हो कि !

जमान : भो भो अब चुप जागौँ । (दुवै जना उतैतिर हेरिरहन्छन् । बतासे र कान्छो आएर उनीहरूको नजिकै उभिन्छन् ।) सन्चै छ बतासे दिदी ?

बतासे : के दिदी भन्छौ ? बैनी भन न ।

लाल : हो त नि आफूभन्दा कान्छीलाई केको दिदी भन्नु त नि ? अनुहारले नै बताउँछ, त्यस्तो कलिलो । बस्नोस्, बस् न भाइ ! (त्यही बेन्चमा जमानसिंह, लालबहादुर, कान्छो, बतासे लहरै बस्छन् । बेन्चको एक छेउमा जमानसिंह र अर्को छेउमा बतासे हुन्छन् ।)

जमान : हैन, कताबाट आयौ ? कैले आयौ ? किन आयौ ? कसरी आयौ ? कल्ले ल्याइदियो ?

बतासे : त्यही मोरो, पापी पोक्चेले त हो नि । गाउँका सबै जना देश गइसके, हिँड जाऔँ हामी पनि, यो पहाडमा दुःख पाएर किन बसिरहने भनेर मलाई फकायो, बहकायो । देश गए त के के न होला, सुनकै मान्छे होइएला कि भनिठानेर भएका गहनापात बेचबिखन गरेर उसैका साथ आयौँ । बाटोभरि पनि हाम्रै सामल घिच्यो, यहाँ आइपुगेर त हामी दुवैलाई यसै छाडेर कहाँ भाग्यो कहाँ । दुई दिन भो हामी दिदीभाइ अलपत्र परेका । मर्न नसकेको मोरो । (फरियाको सप्कोले पसिना पुछ्छे ।)

कान्छो : ऐले गाली गर्छ्यौ ऊ बेला मलाई भन्दा बढ्ता माया गर्थ्यौ ।

बतासे : (हप्काएर) चुप लाग् ।

जमान : धामीको छोरो पोक्चे अब । गाउँभरको छट्टु त्यो ।

लाल : के भो त जाती नै भो, हामी सबै एकै ठाउँ, एकै डेरामा बस्न पायौँ । दिदीभाइलाई नोकरी खोजौँला, के भो त ?

बतासे : को बस्छ यस्तो ठाउँमा ? अघाइयो । मलाई त यहाँ जे पनि गन्हाउने पो हुन लाग्यो । खान थाल्यो भुटुन गनाउने, पिउन थाल्यो पानी गनाउने, रेल गनाउने, यो त ठाउँ नै गनाउने पो रहेछ । आफ्नो गाउँमा त भकारोकै छेउमा गुन्द्री हालेर सुत्ता पनि गनाउँदैनथ्यो, मलकै भारी बोक्ता पनि गनाउँन्नथ्यो । फेरि तातापानी, तातो हावा,

*भुटुन : तरकारी वा अन्य चिज पकाउने भाँडामा हालिने घिउ वा तेल*

*भकारो : गाई, भैँसी आदि पशुहरूको मल*

यस्तो दुःख खाएर को बस्न सक्छ यहाँ ? भोकै परे पनि बरु आफ्नै देशमा कुवाको चिसो पानी पिएर बरको चौतारीमा शीतल हावा खाएर सुतौँला नि । जमानसिंह दाइ, हिँड तिमी पनि, जाऔँ आफ्नै घर, आफ्नै देश ।

लाल : जाने भए किन आएको ? आइसकेपछि अब किन जाने ? अलि वर्ष नोकरी गरौँ, धन कमाऔँ, अनि जानुपरे पनि त्यसैवेला जाउँला ।

जमान : हो नि बतासे बैनी, बसौँ न यहीँ अलिक वर्ष ।

कान्छो : जाऔँ दिदी, जाऔँ आफ्नै गाउँ जाऔँ । म त ह्याँ आएदेखि नै निसास्या' छु ।

बतासे : किन बस्ने यहाँ ? एक गाँस खानाको निम्ति नोकरी गर्नुपरे आफ्नै घरमा आफ्नै दाजुभाइहरूको गरौँला । जति पसिना बहाउनुपरे पनि आफ्नै घरबारीमा बहाऔँला । एक गेडा मकै भए पनि आफ्नै माटोमा उब्जाउँला । यसरी सबैको हेलाहाँसो भएर म त बस्तिनँ यहाँ । साराले आफ्नै देशमा काम पाएका छन्, हामीले यसरी विदेशमा लत्येर बस्नुपर्छ र ? उहाँ आफ्नो चाडबाड, पर्वमेला, तीर्थव्रत सब छाडेर अर्काको कमारो भएर बस्ने ? जाऔँ हिँड जमान दाइ, मर्नुपरे पनि बरु आफ्नै देशमा मरौँला, आफ्नै भुइँमा लम्पसार परौँला, आफ्नै खोलाका बगरमा आफ्नै वनका काठले जलौँला । हाम्रा बाबुबाजेले आफ्नो आखिरी सास हिमालको बतासमा मिलाए, हामी पनि त्यसै गरौँला । आफ्ना पुर्खाको धर्म थामौँ । जमान दाइ, जाऔँ । आजै जाऔँ । उठ, ऐल्यै जाऔँ । गइहालौँ । नबसौँ ।

जमान : (लालबहादुरतिर हेरेर) मितज्यू, (लालबहादुर बोल्दैन) मितज्यू ! (लालबहादुर उस्तै) मितज्यू, जाऔँ ।

लाल : (लामो सास फेरेर) म त जान्नँ ।

जमान : मितज्यू, जाऔँ । हाँस्तैहाँस्तै, नाच्तैनाच्तै, पहराको फूलको माला गाँस्तै गाँस्तै जाऔँ ।

लाल : (सुइय्यः सुस्केरा हालेर) म त जान्नँ । चुम्बकले फलामलाई तान्छ, तर सुनलाई खिच्न सक्तैन । तपाईँहरू नै जानोस् ।

जमान : मितज्यू, चित्त दुखाउनुहुन्छ कि ?

बतासे : जाऔँ जाऔँ, सबै एकैजहान भएर जाऔँ । कसैले कसैको चित्त दुखाउने कुरा नै पर्दैन ।

लाल : म त जान्नँ, आएँ आएँ जानोस् तपाईँहरू नै ।

बतासे : उठ्कान्छा, उठ जमान दाइ, (आफू पनि उठ्छे ।)

जमान : जाऊँ है त मितज्यू, फेरि आइयो भने भेटौँला नि ! (लालबहादुर जमानसिंह र सबैलाई हेर्छ र ठुस्केको मुद्राले मुन्टो फर्काउँछ ।)

बतासे : (गाएर) पसिना मेरो झट्टै पुछिदेला पिपल वरको छायाले, वनका वस्तु साँझ फर्किहाले आफ्नै घरको मायाले ।

*कमारो* : *नोकर*

*चित्त* : *मन, दिल*

लाल : (भित्र निमन्त्रणा भएको जस्तो चेहराले हेरिरहन्छ !!! र एकछिनपछि ....) मित त दुईचार दिनमा घर पुगिहाल्लान् । शमीको शीतल बतास, छहराको पानी, रोपाइँको रमाइलोले

मलाई बिर्सिहाल्लान् । ममात्र उनलाई सम्झिरहने भएँ, फाँटमा अलमलिएको गोरु जस्तै पसिना चुहाइचुहाई बाटो नपाएर घुमिरहने भएँ, रुमल्लिरहने भएँ । (टाढाबाट कराएको आवाज सुनिन्छ, 'मितज्यू ! आउनोस्सँगै आऔँ ।') (उता हेर्छ, सोच्छ, फेरि उता हेर्छ, सोच्छ) (कराएर) मितज्यू । मितज्यू । आएँ । म पनि आएँ । सँगसँगै जान आएँ । घरको मायाले आएँ । (बिस्तार बिस्तार जान्छ ।)

*शमी : धार्मिक कार्यमा प्रयोग गरिने एक प्रकारको रुख*

## पाठसार

दरभङ्गाको प्लेटफर्ममा लालबहादुर र जमानसिंह अल्लारे छाँटले कुराकानी गर्दै हिँडिरहेका हुन्छन् । उनीहरू एकअर्काका मित हुन् । उनीहरूबिच गाउँमा छोटो कछाड कसेर, फाटेको ठुटे र भोटो लगाएर भैँसीको भकारो सोहोरेको सन्दर्भबाट छलफल प्रारम्भ हुन्छ । गाउँको दुःखले जमान र लाललाई गाउँभन्दा परदेश नै ठिक लागेको छ । कुराकानीका क्रममा लाल आमा सखारै उठ्दी हुन्, जाँतोमा कोदो पिँध्दी हुन्, बुबा रातमा मेलाबाट आएर अगेनाको छेउमा बसेर काँचोपात भुटेको तमाखु सोतेमा खाँदा हुन्, त्यही त हो नि भन्ने विचार राख्छ । जमानले चाहिँ घाम पनि तातो, पानी पनि तातो, हावा पनि तातो । तीन तातोले त के चाहियो, उखुमै पार्दो रहेछ भन्ने प्रतिक्रिया जनाउँछ । यसै क्रममा फेरीवाला त्यहाँ आउँछ र हिन्दी भाषामा संवाद गर्छ । उनीहरूले पान खान्छन् । जमानसिंहलाई पान र पानी पटक्कै मन पर्दैन । उसले गाउँको मूल रसाएर आएको कुवाको पानी ! ढुङ्गेधाराको पानी । अहा कस्तो ! भनेर गाउँको प्रशंसा गर्छन् र बतासेलाई सम्झन पुग्छन् ।

संवादकै बिचमा उनीहरूको नजर परबाट आइरहेको पहाडी ठिटो कान्छोमाथि पर्छ । कान्छो र बतासेले सहारा खोजिरहेका हुन्छन् । उनीहरू गाउँको फटाहा पोक्चेको लहैलहैमा लागेर दरभङ्गा पुगेका हुन्छन् । कान्छो दुब्लाएको हुन्छ । उसका भकुन्डे गाला सुकेका हुन्छन् । जमानले बेलैमा आएर बुद्धि पुऱ्याइस्, हाम्रा उमेरमा बिजुली भइसक्छस् भनेर ढाडस दिन्छन् र बदाम किन्न जान्छन् । लालले विदेशको गुनगान गाउँदा भोकभोकै मर्नुपरे पनि आफ्नै गाउँमा मर्नु जाती भन्ने प्रतिक्रिया कान्छोले जनाउँछ । कान्छोको आँत भोकले सुकेको हुन्छ । लालले होटलमा काम खोजिदिने सन्दर्भ निकाल्नेबित्तिकै यी साराका जुठा भाँडा माझेर इज्जत फालेर पैसा किन कमौनुपऱ्या' छैन भन्ने जबाफ फर्काउँछ । नेपाल फर्किने मति नलिएस् भन्दै लालले फकाउन थाल्छ तर कान्छाले लालका विदेशमा बस्ने कुरा स्विकार्दैन ।

जमानले बदाम किनेर ल्याउँछ र कान्छालाई दिन्छन् । कान्छाले बतासेका लागि बदाम बाँकी राखेपछि जमान र लाललाई बतासे आएको थाहा हुन्छ । कान्छोले बतासेलाई लिएर आउँछ । लालले एकै ठाउँ, एकै डेरामा बस्ने र दिदीभाइलाई नोकरी खोज्ने कुरा गर्दा बतासे यस्तो ठाउँमा नबस्ने भन्छिन् । बतासेलाई खान थाल्यो भुटुन गनाउने, पिउन थाल्यो पानी गनाउने, रेल गनाउने, यो त ठाउँ नै गनाउने जस्तो लाग्छ । आफ्नो जन्मभूमिसँग तुलना गर्दै भकारोकै छेउमा गुन्द्री हालेर सुत्ता पनि गनाउँदैनथ्यो, मलकै भारी बोक्ता पनि गनाउन्नथ्यो भन्ने प्रतिक्रिया बतासेले जनाउँछे । भोकै परे पनि बरु आफ्नै देशमा कुवाको चिसो पानी पिएर बरको चौतारीमा शीतल हावा खाएर सुतौँला नि भन्दै जमानसिंह र लालबहादुरलाई आफ्नै घर, आफ्नै देश फर्कन आग्रह गर्छिन् ।

बतासेले सबैको हेलाहाँसो र कमारो भएर बस्नु नहुने, एक गाँस खानाको निम्ति नोकरी गर्नुपरे आफ्नै घरमा आफ्नै दाजुभाइहरूको गर्नुपर्ने विचार व्यक्त गर्छिन् । उसले जति पसिना बहाउनुपरे पनि आफ्नै घरबारीमा बहाऔँला, एक गेडा मकै भए पनि आफ्नै माटोमा उब्जाउँला भन्ने विचार अगाडि सार्छिन् । मर्नुपरे पनि बरु आफ्नै देशमा मरौँला, आफ्नै भुइँमा लम्पसार परौँला, आफ्नै खोलाका बगरमा आफ्नै वनका काठले जलौँला । हाम्रा बाबुबाजेले आफ्नो आखिरी सास हिमालको बतासमा मिलाए, हामी पनि त्यसै गरौँला । आफ्ना पुर्खाको धर्म थामौँ भनेपछि जमानसिंह स्वदेश फर्किन राजी हुन्छ ।

लालबहादुरले भने मरिगए पनि नफर्किने अडान लिन्छन् । चुम्बकले फलामलाई तान्छ, तर सुनलाई खिच्न सक्तैन भन्ने जबाफ फर्काउँछन् । बतासे, कान्छो, जमान मितज्यू हाँस्तैहाँस्तै, नाच्तैनाच्तै, पहराको फूलको माला गाँस्तैगाँस्तै जाऔँ है भन्दै घर फर्किन्छन् । मित त दुईचार दिनमा घर पुगिहाल्लान् । शमीको शीतल बतास, छहराको पानी, रोपाइँको रमाइलोले मलाई बिर्सिहाल्लान् । ममात्र उनलाई सम्झिरहने भएँ, फाँटमा अलमलिएको गोरु जस्तै पसिना चुहाइचुहाई बाटो नपाएर घुमिरहने भएँ, रुमल्लिरहने भएँ भन्ने सोच्दै अन्तिममा लालबहादुर पनि आफ्नो देश फर्किएपछि एकाङ्कीको कथावस्तु टुङ्गिन्छ ।

## शब्दभण्डार

१. दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| शब्द | अर्थ |
|---|---|
| बाटुलो | बाटाका लागि बोकेको खाद्य वस्तु |
| सामल | परिवार |
| आली | धानको चामल |
| जहान | दुई व्यक्तिबिचको मिलिमतो |
| हित्तचित्त | गोलो आकारको |
| | खेतको डिल |
| | हृदय भएको |

२. उदाहरण हेरी दिइएको अर्थसँग मिल्दो शब्द पाठबाट खोजेर लेख्नुहोस् :

(क) सनई, ट्याम्को, दमाहा, नरसिङ्गा र झ्याम्टा गरी पाँच प्रकारका बाजा पन्चेबाजा

(ख) पानी लिन जाने धारो ..........

(ग) मालसामान बिक्री गर्न यताउति घुमफिर गर्ने व्यक्ति ..........

(घ) रेल्वे स्टेसनमा यात्रुहरूले रेल पर्खेर बस्ने फराकिलो पेटी ..........

(ङ) साह्रो र सेतो रङको एक जातको ढुङ्गो ..........

३. उदाहरण हेरी दिइएका शब्दको प्रचलित रूप लेख्नुहोस् :

हीँ - यहीँ

नपा'र - नपाएर

बगराँ, भो, क्यै, भे'र, हुनन्, आ'छु, ऐले, ह्याँ, निसास्या, नभे'

५. उदाहरण हेरी दिइएका टुक्का र अनुकरणात्मक शब्दको वाक्यमा प्रयोग गर्नुहोस् :

| टुक्का | अनुकरणात्मक |
|---|---|
| पदावली : बिजुली हुनु<br>अर्थ : बाठो हुनु<br>वाक्य: स्वप्निल छ महिना अमेरिकामा बसेर त बिजुली पो भएछ । | शब्द : चरचर<br>अर्थ : फुट्ने वा चिरिने भएर<br>वाक्य : मेरो जिब्रो त कागती खाँदा चरचर गरी चहऱ्यायो । |

आँत सुक्नु, उखुम पार्नु, कुरामा कुरा चल्नु, दुविधामा पर्नु, हित्तचित्त मिल्नु, अलपत्र पर्नु, किक्लिक्क, झमझम, रमरम, परपर, झलक्क, प्याकप्याक

६. तल दिइए झैँ सामाजिक/सांस्कृतिक क्षेत्रका थप पाँच पाँचओटा शब्द सङ्कलन गरेर प्रयोग गर्नुहोस् :

| सामाजिक क्षेत्रका शब्द | सांस्कृतिक क्षेत्रका शब्द |
|---|---|
| परिवार, गाउँघर, सहर, ऐँचोपैँचो | चाडपर्व, भाषाभाषी, रीतिरिवाज, खानपान |

७. उदाहरण हेरी दिइएका शब्दको विपरीतार्थी शब्द पाठबाट खोजेर लेख्नुहोस् :

शब्द विपरीत अर्थ

तातो चिसो

विपना, वर, बेइज्जत, पछाडि, बलियो, उँधो, अनेक, दुःखी

## बोध र अभिव्यक्ति

१. दिइएका शब्दलाई शुद्धसँग उच्चारण गर्नुहोस् :

उत्कण्ठा /उत्.कन्.ठा/ गुन्द्रुक /गुन्.द्रुक्/ डुङ्गा /डुङ्.गा/

प्लावित /प्ला.वित्/ काँगियो /काँ.गि.यो/ नेपथ्य /ने.पथ्.थ्य/

विश्वास /बिस्.स्वास्/ अलपत्र /अ.ल.पत्.त्र/ अल्लारे /अल्.ला.रे/

२. 'घरको माया' एकाङ्कीका पात्रको भूमिका हाउभाउसहित प्रदर्शन गर्नुहोस् ।

३. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) कुन पात्रको संवादबाट एकाङ्की सुरु भएको छ ?

(ख) एकाङ्कीमा पात्रहरूले कति पटक संवाद गरेका छन् ?

(ग) एकाङ्कीमा सबैभन्दा थोरै पटक संवाद गर्ने पात्र को हुन् ?

(घ) एकाङ्कीको समापन कुन घटनाबाट भएको छ ?

४. दिइएको एकाङ्कीको अंश मौन पठन गरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

कान्छो : घरै जाऔँ लाल दाइ, यस्तो ठाउँमा यो गर्मी खाएर किन बस्नु ?

लाल : के कुरा गर्छस्, कान्छा ? देश भनेको देशै हो । के छ र गाउँमा ? एक छाक मकै, एक छाक भोकै हुन जाने ?

कान्छो : दुवै छाक भोकै भे'र भोकभोकै मर्नुपरे पनि आफ्नै गाउँमा मर्नु जाती । क्यै नभे' पनि चिसो बतास त छ कि ! यो बर्खामास पन्चेबाजा बजा'र बादकहरू आलीमा बस्ता हुन्, रोपारहरू धान रोप्ता हुन्, लाठेहरू बाउसे गर्दा हुन्, मेरो त मनै उहीँ पुगिराख्या छ । झलक्क झलक्क त्यहीँको रमाइलो सम्झन्छु, बोल्न पनि सक्तिनँ म त लाल दाइ, भोकले पो हो कि छिन छिनमा घाँटी नै प्याकप्याक्ती सुकेर थुकको थोपासम्म पनि जिभ्रामा छैन, सम्झन्छु,रोउँरोउँ जस्तो लाग्छ । के दशा लागेर अर्काको बहकाउमा मरेर आ'छु नि जस्तो लाग्छ ।

प्रश्नहरू

(क) माथिको संवाद ककसका बिच भएको हो ?

(ख) किन कान्छोलाई आफ्नै गाउँ जाती लाग्यो ?

(ग) कान्छाले गाउँका कुन कुरा सम्झिएको छ ?

(घ) लालले कान्छोलाई के भनेर सम्झायो ?

(ङ) कान्छालाई विदेशमा बस्न मन नलाग्नुको कारण के हो ?

५. दिइएको एकाङ्कीको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

एक गाँस खानाको निम्ति नोकरी गर्नुपरे आफ्नै घरमा आफ्नै दाजुभाइहरूको गरौँला । जति पसिना बहाउनुपरे पनि आफ्नै घरबारीमा बहाऔँला । एक गेडा मकै भए पनि आफ्नै माटोमा उब्जाउँला । यसरी सबैको हेलाहाँसो भएर म त बस्तिनँ यहाँ । साराले आफ्नै देशमा काम पाएका छन्, हामीले यसरी विदेशमा लत्येर बस्नुपर्छ र ? उहाँ आफ्नो चाडबाड, पर्वमेला, तीर्थव्रत सब छाडेर अर्काको कमारो भएर बस्ने ? जाऔँ हिँड जमान दाइ, मर्नुपरे पनि बरु आफ्नै देशमा मरौँला, आफ्नै भुइँमा लम्पसार परौँला, आफ्नै खोलाका बगरमा आफ्नै वनका काठले जलौँला । हाम्रा बाबुबाजेले आफ्नो आखिरी सास हिमालको बतासमा मिलाए, हामी पनि त्यसै गरौँला । आफ्ना पुर्खाको धर्म थामौँ । जमान दाइ, जाऔँ । आजै जाऔँ ।

प्रश्नहरू

(क) किन बतासेका मनमा घरको माया उत्पन्न भयो ?

(ख) माथिको अनुच्छेदले दिने सन्देश के हो ?

६. दिइएका भनाइका वक्ता को हुन्, लेख्नुहोस् :

(क) काँचो मेवा करमकरम चपाउँदा पनि आँत सुकेकोसुक्यै हुन्थ्यो ।

(ख) ए साथी ! पान खाएगा ?

(ग) साँझमा माऊलाई देखेर जसरी बाच्छो खुसी भएर नाच्तै नाच्तै आउँछ ।

(घ) इज्जत फालेर पैसा किन कमौनुपर्‍या'छ र ?

(ङ) फेरि तातापानी, तातो हावा, यस्तो दुःख खाएर को बस्न सक्छ यहाँ ?

७. नमुना उत्तर पढी दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

(क) सपनामा पनि आफ्नो गाउँ फर्कन नचाहने लालबहादुरको मन अन्त्यमा किन परिवर्तन भयो ?

> लालबहादुर 'घरको माया' एकाङ्कीको मुख्य पात्र हो । उसले आफ्नो गाउँमा दुःखैदुःख र विदेशमा सुखैसुख छ भन्ने ठानेको थियो । विदेशमा पुगेपछि त्यहाँको रमझममा भुलिएर उसले गाउँमा बस्ने मानिस, त्यहाँको चालचलन र दुःख सम्झेर गाउँ नफर्कने कुरा गर्‍यो । जब उसको मित जमानसिंह, बतासे र कान्छो आफ्नो देशको मायाले तानेर घर फर्किए तब उसका मनमा विदेशमा एक्लै दुःख भोग्नुपर्ने, मितले पनि बिर्सिने, गाउँ पनि बिरानो हुने जस्ता विचारहरू खेल्न थाले । उसको अन्तर्मनमा सुषुप्त रूपमा लुकेर बसेको देशप्रतिको प्रेम एक्कासि जागृत भएर आयो । उसको मित जमानसिंहले पनि स्वदेश फर्कन आह्वान गरे । त्यसैले सपनामा पनि आफ्नो गाउँ फर्कन नचाहने लालबहादुरको मन अन्त्यमा परिवर्तन भयो ।

(ख) 'घरको माया' एकाङ्कीकी पात्र बतासेले आफ्नो गाउँघरप्रति कस्तो माया देखाएकी छे ?

(ग) 'चुम्बकले फलामलाई तान्छ तर सुनलाई खिच्न सक्दैन' भन्नुको तात्पर्य के हो ?

(घ) जमानसिंह र लालबहादुरमा केकस्तो चारित्रिक भिन्नता पाइन्छ ?

(ङ) 'घरको माया' एकाङ्कीले दिने सन्देश के हो ?

८. व्याख्या गर्नुहोस् :

(क) भोकभोकै मर्नुपरे पनि आफ्नै गाउँमा मर्नु जाती ।

> आफू जन्मिएको गाउँ आफ्नो जन्मभूमि हो । गाउँमा दुई छाक खान र एकसरो लाउन पनि गाह्रो छ तैपनि आफ्नो गाउँ प्रिय लाग्छ । गाउँमा एकछाक मकै खाएर भए पनि बाँच्न मन लाग्छ । हिमालको चिसो हावा लिएर हाँस्न मन लाग्छ । कतिपय मानिसलाई गाउँको दुःख र गरिबीले विदेशसम्म पुर्‍याएको छ । विदेशमा परिवार, आफन्त, इष्टमित्र साथमा नहुँदा एक्लो महसुस हुने, अर्काको देशमा दुःख पाउने, अकालमा ज्यान गुमाउनुपर्ने अवस्था सिर्जना भएपछि विदेसिएका नेपालीहरू घर फर्किएका कयौँ उदाहरण छन् । यस एकाङ्कीमा पनि कान्छो लहैलहैमा लागेर भारत पुगेको थियो । त्यहाँको हावा, पानी, गर्मी उसलाई सही नसक्नु भयो । बेलामा खान पाएन । भोकले घाँटी नै प्याकप्याक्ती सुकेर आयो । ऊ अर्काको देशमा खानै नपाई मर्नुभन्दा आफ्नो देशमा भोकै मर्दा निकै राम्रो हुने निष्कर्षमा पुग्यो । उसलाई आफ्नो गाउँमा मर्दा आफन्तहरू हुने, सामाजिक तथा सांस्कृतिक परम्पराअनुसार

दाहासंस्कार गरिने तर विदेशको मरण पशुतुल्य हुन्छ भन्ने लाग्यो । यसरी यस एकाङ्कीमा एकाङ्कीकारले कान्छाका माध्यमबाट भोकभोकै मर्नुपरे पनि आफ्नै गाउँमा मर्नु जाती भन्ने देशभक्तिको भावना सम्प्रेषण गरेका छन् ।

खाना खान नपाए पनि आफ्नै गाउँमा मर्नु राम्रो हो भन्ने माथिको गद्यांशले देशप्रेमको भाव जागृत गरेको छ । आफ्नो गाउँघर कमजोर छ, पिछडिएको छ, काम र माम पाइँदैन भनेर चटक्क छाडी अर्काको देशमा जानु ठिक छैन । जे फल्छ, त्यही फलाउने, जति पाइन्छ त्यति नै खाने सन्देश मिठो र आकर्षक भाषाशैलीको प्रयोग गरी दिइएको छ ।

(ख) जति पसिना बहाउनुपरे पनि आफ्नै घरबारीमा बहाऔँला, एक गेडा मकै भए पनि आफ्नै माटामा उब्जाऔँला ।

(ग) हाम्रा बाबुबाजेले आफ्नो आखिरी सास हिमाली बतासमा मिलाए, हामी पनि त्यसै गरौँला ।

९. 'घरको माया' एकाङ्कीको पात्र लालको ठाउँमा तपाईँ हुनुभएको भए बतासेको विचार सुनिसकेपछि के गर्नुहुन्थ्यो ? तर्क दिनुहोस् ।

१०. 'साराले आफ्नै देशमा काम पाएका छन्' भन्ने बतासेको भनाइमा तपाईंको सहमति वा असहमति के छ, प्रतिक्रियात्मक उत्तर दिनुहोस् ।

११. दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

सधैँ सधैँ सल्ला सुसाउँदा रमाइलो र आनन्द लाग्ने मलाई अहिले कस्तो कस्तो नरमाइलो लागेर आयो । कामैकाम र दुःखैदुःखले सधैँभरि थिचिएकी महिलाको चिसो सुस्केरा जस्तो लाग्यो मलाई सल्ला सुसाउँदाको आवाज । हजारौँ हजार दुःखी नेपाली महिलाहरूका मधुरा अनुहारहरू उभिए मेरा आँखाअघि । कठै ! सभ्यताका नाममा जति नै आधुनिक देखिए पनि र नियम कानुनका पानामा जति नै लेखे पनि खोइ कहाँ घटेको छ र महिलाको उत्पीडन र शोषण । खोइ कहाँ ओभाएको छ महिलाको अनुहार र आँखाको डिल ? खोइ कहाँ उज्यालिएको छ महिलाको अनुहार र आँखाको नानी । जब आधा धर्ती र आधा आकाश नै अँध्यारो र बादलले ढाकिरहन्छ भने आधुनिकता र विकासको नाममा गर्व गरेर छाती फैलाउनु पनि व्यर्थै हो भन्छु म ।

*(भीष्म उप्रेती : निलोपानी र निला भावनाहरू निबन्ध सङ्ग्रहबाट)*

(क) उत्तर दिनुहोस् :

(अ) लेखकलाई किन नरमाइलो लाग्यो ?

(आ) महिलामाथिको उत्पीडन र शोषणको अवस्था कस्तो रहेको छ ?

(इ) महिलाका लागि कानुनका पाना कस्ता छन् ?

(ई) महिलाको आँखाको डिलले के भन्छ ?

(ख) भाषिक संरचना पहिचान गर्नुहोस् :

(अ) माथिको अनुच्छेदबाट 'रमाइलो' र 'सुखी' शब्दको विपरीतार्थी शब्द पहिचान गरी लेख्नुहोस् ।

(आ) 'विकासको नाममा गर्व गरेर छाती फैलाउनु पनि व्यर्थै हो भन्छु म ।' वाक्यलाई तृतीय पुरुषमा परिवर्तन गर्नुहोस् ।

(इ) 'खोइ कहाँ उज्यालिएको छ महिलाको अनुहार र आँखाको नानी' वाक्यलाई भूत कालमा वाक्यान्तरण गर्नुहोस् ।

(ई) अनुच्छेदबाट चन्द्रबिन्दु लागेका दुईओटा शब्द टिप्नुहोस् ।

१२. दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :

एशोदा एक जना छिमेकी दाइको बिहेमा जन्ती जाने तयारीमा थिइन् । उनले साडी, ब्लाउज दराजबाट निकालेर टेबुलमा राखिन् । त्यसपछि हातगोडा धुन धारामा गइन् । त्यही बेला सानो भाइले यशोदाको जन्त जाने कपडा लतारेर हिँडेछ । कपडा मैलो भयो । यशोदा यो देखेर रुँदै आमा भएको ठाउँमा गइन् । सानो भाइलाई कुटिन् पनि । आमाले यशोदालाई भन्नुभयो, "नानी ! अगि नै विचार पुऱ्याउनुपर्थ्यो । भाइले नभेट्ने ठाउँमा कपडा राख्नुपर्थ्यो । अब रोएर कपडा सुकिलो हुने भए म पनि रोइदिउँला । भाइलाई पिटेर कपडा सुकिलो हुने भए म पनि पिटिदिउँला ।" आमाको यो भनाइले यशोदाको मन छोयो । त्यही बेला उनलाई गुरुको प्रवचन याद आयो, "हामीले संवेगलाई नियन्त्रण गर्नुपर्छ .......... ।" यशोदाले संवेगको मर्मलाई बल्ल बुझिन् ।

तपाईंसँग पनि ज्यादै रिसाएको वा ज्यादै खुसी भएको संवेगसम्बन्धी अनुभव होला । उक्त अनुभव साथीलाई सुनाउनुहोस् ।

## सुनाइ र बोलाइ

१. सुनाइ पाठ १४ सुन्नुहोस् र दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) सौगात चउरमा खेलिरहेको छ ।

(ख) सौगातको बुबा ज्यामी काम गर्नुहुन्छ ।

(ग) सौगातलाई भोलिपल्ट बिहान आमाकहाँ जान मन लाग्दैन ।

(घ) सौगातकी आमाको आँखा आँसु आउँछ ।

२. सुनाइ पाठ १४ का आधारमा उत्तर भन्नुहोस् :

(क) सौगात किन दुःखी भयो ?

(ख) सौगातकी आमाको आँखामा आँसु आउनुको कारण के हो ?

(ग) सौगातलाई कसले सम्झायो ?

(घ) सौगातको बाबा के काम गर्नुहुन्थ्यो ?

## भाषिक संरचना र वर्णविन्यास

१. दिइएका उदाहरण पढ्नुहोस् र बुझ्नुहोस् :

(क) लिङ्गका आधारमा वाक्यान्तरण

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| मामा कथा सुनाउनुहुन्छ । | माइजू कथा सुनाउनुहुन्छ । |

माथिका 'मामा - माइजू' शब्दले भाले र पोथी बुझाएका छन् । भाले बुझाउने शब्द पुलिङ्ग र पोथी जनाउने शब्द स्त्रीलिङ्ग हुन् ।

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| ऊ साथीसँग बोल्छ । | ऊ साथीसँग बोल्छे । |
| म घर गएको छु । | म घर गएकी छु । |

माथिका वाक्यमा प्रयोग भएका कर्ता 'ऊ, म' सर्वनाम हुन् । यी शब्दमा लिङ्गको भेद देखिँदैन । 'बोल्छ - बोल्छे, गएको - गएकी' क्रियापदमा लिङ्गको भेद देखिन्छ । त्यसैले कर्ता सर्वनाम छ भने क्रियापद परिवर्तन गरेर लिङ्ग परिवर्तन गर्नुपर्छ ।

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| गोरुले घाँस खायो । | गाईले घाँस खायो । |

माथिका वाक्यमा प्रयोग भएका 'गोरु - गाई' मानवेत्तर (मानवबाहेकका प्राणी) कर्ता हुन् । यी कर्तामा लिङ्गको भेद देखिन्छ भने 'खायो' क्रियापदमा लिङ्गको भेद देखिँदैन । त्यसैले मानवेत्तर पात्र कर्ता छ भने त्यसलाई मात्र परिवर्तन गरेर लिङ्ग परिवर्तन गर्नुपर्छ ।

पुलिङ्ग र स्त्रीलिङ्गका केही शब्दहरू

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| छात्र | छात्रा |
| वीर | वीराङ्गना |
| राँगो | भैँसी |

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| कवि | कवयित्री |
| बाघ | बघिनी |
| थापा | थपिनी |

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| गायक | गायिक |
| पढ्छ | पढ्छे |
| काका | काकी |

पुलिङ्ग र स्त्रीलिङ्गका केही वाक्यहरू

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|

| | |
|---|---|
| (क) विजय पाल्पा जान्छन् । | (क) विजया पाल्पा जान्छिन् । |
| (ख) उनले चित्र बनाए । | (ख) उनले चित्र बनाइन् । |
| (ग) विद्वान्ले प्रवचन सुनाउनुभयो । | (ग) विदुषीले प्रवचन सुनाउनुभयो । |

(ख) वचनका आधारमा वाक्यान्तरण

एकवचन — बहुवचन

ऊ चिठी लेख्छ । — उनीहरू चिठी लेख्छन् ।

माथिका 'ऊ - लेख्छ' जस्ता पदले एउटा सङ्ख्या जनाएका छन् भने 'उनीहरू - लेख्छन्' जस्ता पदले धेरै सङ्ख्या जनाएका छन् । एउटा सङ्ख्या जनाउने एकवचन र एकभन्दा बढी सङ्ख्या जनाउने बहुवचन हुन् ।

एकवचन र बहुवचनका केही शब्दहरू

| एकवचन | बहुवचन |
|---|---|
| किताब | किताबहरू |
| हिमाल | हिमालहरू |
| भरिया | भरियाहरू |

| एकवचन | बहुवचन |
|---|---|
| म | हामी |
| तँ | तिमीहरू |
| ऊ | उनीहरू |

| एकवचन | बहुवचन |
|---|---|
| कालो | काला |
| मेरो | मेरा |
| तिम्रो | तिम्रा |

एकवचन र बहुवचनका केही वाक्यहरू

| एकवचन | बहुवचन |
|---|---|
| (क) तिमी खेल खेल्छौ । | (क) तिमीहरू खेल खेल्छौ । |
| (ख) उनी फूल टिप्छिन् । | (ख) उनीहरू फूल टिप्छन् । |
| (ग) मेरो भाइ घर आयो । | (ग) मेरा भाइहरू घर आए । |

(ग) पुरुषका आधारमा वाक्यान्तरण

| प्रथम पुरुष | द्वितीय पुरुष | तृतीय पुरुष |
|---|---|---|
| म किताब पढ्दै छु । | तिमी किताब पढ्दै छौ । | उनी किताब पढ्दै छन् । |

माथिको पहिलो वाक्यमा प्रयोग भएको 'म' शब्दले बोल्ने व्यक्तिलाई बुझाएको छ । त्यसैगरी दोस्रो वाक्यमा प्रयोग भएको 'तिमी' शब्दले सुन्ने व्यक्तिलाई बुझाएको छ । साथै तेस्रो वाक्यमा प्रयोग भएको 'उनी' शब्दले म र तिमीभन्दा टाढा भएको व्यक्तिलाई बुझाएको छ । बोल्ने व्यक्ति, सुन्ने व्यक्ति र टाढा भएका व्यक्तिलाई बुझाउने शब्द पुरुष हो । प्रथम पुरुषबाट द्वितीय र तृतीय पुरुषमा परिवर्तन गर्दा वचनलाई ध्यान दिनुपर्छ । त्यसैगरी द्वितीय पुरुष र तृतीय पुरुषबिच परिवर्तन गर्दा वचन र आदरलाई ध्यान दिनुपर्छ ।

प्रथम पुरुष, द्वितीय पुरुष र तृतीय पुरुषका केही शब्दहरू

| प्रथम पुरुष | द्वितीय पुरुष | तृतीय पुरुष |
|---|---|---|
| म, हामी | तँ, तिमी, तपाईँ, हजुर, तिमीहरू | ऊ, उनी, तिनी, उनीहरू, उहाँ |

प्रथम पुरुष, द्वितीय पुरुष र तृतीय पुरुषका केही वाक्यहरू

| प्रथम पुरुष | द्वितीय पुरुष | तृतीय पुरुष |
|---|---|---|
| (क) म फुटबल किन्छु ।<br>(ख) हामी खुब हाँस्छौँ । | (क) तँ फुटबल किन्छस् ।<br>(ख) तिमीहरू खुब हाँस्छौ । | (क) ऊ फुटबल किन्छ ।<br>(ख) उनीहरू खुब हाँस्छन् । |

(घ) आदरका आधारमा वाक्यान्तरण

| निम्न आदर | मध्यम आदर | उच्च आदर |
|---|---|---|
| तँ माला गाँस्छस् । | तिमी माला गाँस्छौ । | तपाईँ माला गाँस्नुहुन्छ । |
| ऊ पसलमा बस्छे । | उनी पसलमा बस्छिन् । | उहाँ पसलमा बस्नुहुन्छ । |

माथिका वाक्यमा प्रयोग भएका 'तँ - गाँस्छस्' र 'ऊ - बस्छे' जस्ता कर्ता र क्रियापदले मान, सम्मान नगरिएको भाव बुझाउँछन् । त्यसैगरी अर्को वाक्यमा प्रयोग भएका 'तिमी - गाँस्छौ' र 'उनी - बस्छिन्' जस्ता कर्ता र क्रियापदले सामान्य मान, सम्मानको भाव बुझाउँछन् । त्यस्तै अर्को वाक्यमा प्रयोग भएका 'तपाईँ - गाँस्नुहुन्छ' र 'उहाँ - बस्नुहुन्छ' जस्ता कर्ता र क्रियापदले उच्च मान, सम्मानको भाव बुझाउँछन् । त्यसैले मान, सम्मानको भाव बुझाउन प्रयोग गरिने शब्द नै आदर हुन् ।

निम्न आदर, मध्यम आदर र उच्च आदरका केही वाक्यहरू

| निम्न आदर | मध्यम आदर | उच्च आदर |
|---|---|---|
| (क) तँ घर जान्छस् ।<br>(ख) ऊ गीत गाउँछ ।<br>(ग) राकेश खेतमा काम गर्छ । | (क) तिमी घर जान्छौ ।<br>(ख) उनी गीत गाउँछन् ।<br>(ग) राकेश खेतमा काम गर्छन् । | (क) तपाईँ घर जानुहुन्छ ।<br>(ख) उहाँ गीत गाउनुहुन्छ ।<br>(ग) राकेश खेतमा काम गर्नुहुन्छ । |

२. उदाहरण हेरी पुलिङ्ग भए स्त्रीलिङ्ग, स्त्रीलिङ्ग भए पुलिङ्गमा परिवर्तन गर्नुहोस् :

| उदाहरण |
| --- |
| (क) कवि कविता लेख्छन् । |
| कवयित्री कविता लेख्छिन् । |

(ख) दाजु घर आउनुभयो ।

(ग) युवती छमछम नाच्छिन् ।

(घ) मत्ता जङ्गलतिर गयो ।

(ङ) छात्र कक्षा १० मा पढ्छ ।

३. उदाहरण हेरी एकवचन भए बहुवचन, बहुवचन भए एकवचनमा परिवर्तन गर्नुहोस् :

| उदाहरण |
| --- |
| (क) ऊ राम्रा कथा लेख्छ । |
| उनीहरू राम्रा कथा लेख्छन् । |

(ख) मेरा साथीहरू असल छन् ।

(ग) उसले रुख काट्यो ।

(घ) गोठालो गाई चराउँछ ।

(ङ) तिमीहरू सपनामा बोल्छौ ।

४. दिइएको अनुच्छेद पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

म र हरि पोखरा गयौँ । त्यहाँको वातावरणमा खुब रमायौँ । त्यसै वेला हरिका मामासँग भेट भयो । उहाँले हामीलाई पोखराका रमाइला ठाउँमा घुमाउनुभयो । मैले हरिलाई भनेँ, “हरि तँ घुम्न पाउँदा कति खुसी छस् ।” उसले भन्यो, “म त धेरै खुसी छु ।” फेरि मामाले भन्नुभयो, “तिमीहरूलाई मैले धेरै रमाइला ठाउँ घुमाइदिएँ । अब भोक लाग्यो होला, के खान्छौ ?” मामाका कुरा सुनेर हामीले भन्यौँ, “तपाईँलाई जे मन पर्छ हामी पनि त्यही खान्छौँ ।”

प्रश्नहरू

(क) माथिको अनुच्छेदबाट प्रथम, द्वितीय र तृतीय पुरुषका वाक्य पहिचान गरी लेख्नुहोस् ।

(ख) माथिको अनुच्छेदबाट निम्न, मध्यम र उच्च आदरका एक एकओटा वाक्य पहिचान गरी लेख्नुहोस् ।

५. उदाहरण हेरी कोष्ठकमा दिइएको सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :

| उदाहरण |
|---|
| (क) म भोलि किमाथाङ्का जाने छु । (द्वितीय पुरुष)<br>तिमी भोलि किमाथाङ्का जाने छौ । |

(ख) फुपाजु राम्रा राम्रा कविता लेख्नुहुन्छ । (स्त्रीलिङ्ग)

(ग) उनी घर गए । (द्वितीय पुरुष)

(घ) तिम्रो घर जानकी मन्दिरदेखि कति टाढा छ ? (तृतीय पुरुष)

(ङ) तिमीहरू वक्तृत्वकलामा भाग लिने छौ । (एकवचन)

(च) रमेश असल हुनुहुन्छ । (मध्यम आदर)

(छ) तपाइँ गृहकार्य गर्नुहोस् । (निम्न आदर)

(ज) हामी लोकगीत गाउथ्यौँ । (तृतीय पुरुष, मध्यम आदर)

(झ) मेरो साथी माला लगाउँछ । (बहुवचन)

(ञ) तँ भोलि आउलास् । (उच्च आदर)

(ट) उनीहरू बर्दियामा बस्छन् । (प्रथम पुरुष)

(ठ) ऊ केही दिन आराम गर्छ । (प्रथम पुरुष)

(ड) ठुली छोरी कार्यालय गइन् । (पुलिङ्ग)

(ढ) ऊ कापी र कलम किन्छ । (उच्च आदर)

(ण) तिमी स्कुलमा पढ्छौ । (निम्न आदर)

६. दिइएको अनुच्छेदलाई पुलिङ्गमा परिवर्तन गर्नुहोस् :

सरिता बाजुरामा जन्मेकी छे । उसले कक्षा सातसम्म पढेकी छे । उसकी केटी साथी छ । उसको घरमा गाई पालेको छ । आमा गाईको हेरचाह गर्नुहुन्छ ।

७. दिइएको अनुच्छेदलाई स्त्रीलिङ्गमा परिवर्तन गर्नुहोस् :

मेरो भाइ ज्ञानी भएर पढ्छ । ऊ दिनरात नभनी परिश्रम गर्छ । ऊ परीक्षामा प्रथम हुन्छ । ऊ मुसुक्क हाँस्दै विद्यालय जान्छ । ऊ असल नागरिक बन्छ ।

८. दिइएको अनुच्छेदलाई एकवचनमा परिवर्तन गर्नुहोस् :

विद्यार्थीहरू इलाम घुम्न गए । त्यहाँ विदेशी पर्यटकहरू आएका रहेछन् । उनीहरूले इलाम राम्रो छ भने । विद्यार्थीहरू खुसी भए । गाउँलेहरू पनि दङ्ग परे ।

९. दिइएको अनुच्छेदलाई बहुवचनमा परिवर्तन गर्नुहोस् :

म नेपाली हुँ । सगरमाथा मेरो गौरव हो । मेरो साथी भारतीय हो । ऊ पनि मलाई देखेर खुसी छ । म पनि उसलाई देखेर खुसी छु ।

१०. उदाहरण हेरी दिइएको अनुच्छेदबाट 'चन्द्रबिन्दु' प्रयोग भएका शब्द पहिचान गर्नुहोस् :

*उदाहरण :*

खाएँ, लागौँ, जाँदा, अँध्यारो, घाँस

साँझको समय थियो । अँध्यारोले आँगन आफू जस्तै बनाउन थाल्यो । वरपरका बाँसका झ्याङ र आँपका रुखहरू बिस्तारै देखिन छाडे । बगैँचामा रमाइरहेका चराहरू आफ्नै गुँडतिर फर्किए । घाँस काट्न गएकाहरू जङ्गलबाट गाउँ आइपुगे । पँधेरा गएकाहरू पानी लिएर आए ।

११. उदाहरण हेरी दिइएको अनुच्छेदबाट 'शिरबिन्दु' प्रयोग भएका शब्द पहिचान गर्नुहोस् :

*उदाहरण*

हंस, सिंह, अंश, वंश, संसार

बाबु र छोराको संवाद भयो । छोराले अंश माग्ने कुरा गरे । बाबुले सम्झाउँदै भने, "छोरा, त्यसो नभन । हाम्रो संस्कार र संस्कृति भनेको मिलेर बस्नु हो ।" बाबुको कुराले छोराको मन छायो । छोराले संयमित हुँदै भने, "हुन्छ बाबा ! संसारमा यस्तै चलन छ भने म पनि संयुक्त परिवारमा नै बस्छु ।"

१२. दिइएको अनुच्छेद पढी शिरबिन्दु र चन्द्रबिन्दु लागेका शब्दको अलग अलग सूची बनाउनुहोस् :

संयोग, संवेग र विवेक विद्यालय जाँदा सँगसँगै जान्छन् । उनीहरू खाजा खाँदा र खेल्दा पनि छुट्टिँदैनन् । उनीहरू एकआपसमा संवाद गर्दा कक्षाका संस्कृतिलगायत अन्य छात्रा र अरू साथीसँगीलाई पनि संलग्न गराउँछन् ।

१३. दिइएको अनुच्छेदलाई शिरबिन्दु र चन्द्रबिन्दुको उपयुक्त प्रयोग गरी पुनर्लेखन गर्नुहोस् :

सँस्कृतिविद् सत्यमोहन जोशीले नेपाल टेलिभिजनसंग सङ्क्षिप्त कुराकानी गर्दै हाम्रो सँस्कार र सँस्कृतिको संरक्षण हामी आफैंले गर्नुपर्छ भन्ने धारणा राख्नुभयो । अझ, उहांले नेपाली गाउंघर र लेकबेंसीबाट लोकसाहित्यको संगालो नै भेटिने प्रतिक्रियासमेत दिनुभयो ।

## सिर्जना र परियोजना कार्य

१. दिइएका शीर्षकमा संवाद तयार पार्नुहोस् :

(क) सामाजिक मेलमिलाप सुन्दर समाज

(ख) वैदेशिक रोजगारप्रतिको आकर्षण

(ग) सामाजिक न्याय

२. पत्रपत्रिका वा अनलाइन पत्रिकामा प्रकाशित कुनै एउटा संवाद सङ्कलन गरी त्यस संवादले दिने सन्देश लेख्नुहोस् ।

## थप स्वाध्याय सामग्री

### संवाद लेखन

परिचय

दुई वा दुईभन्दा बढी पात्रका बिचमा हुने बोलचाल संवाद हो । संवादमा निश्चित विषयवस्तुमा बाँधिएर पात्रहरूबिच कुराकानी हुन्छ । विषयवस्तुको सन्देशलाई संवादमार्फत स्रोता वा पाठकसम्म पुऱ्याउनु संवादको उद्देश्य हो । फरक मत राख्ने पात्रहरूबिच तर्कपूर्ण संवाद गराई एउटै निष्कर्षमा सहमति गराउने र पाठकलाई जीवनोपयोगी सन्देश दिने काम संवादले गर्छ ।

संवाद लेख्ने तरिका

१. सर्वप्रथम संवादको शीर्षकसँग सम्बन्धित विषयवस्तु मनन गर्नुहोस् ।

२. संवादका लागि चाहिने उपयुक्त दुई वा तीन जना पात्र छनोट गर्नुहोस् ।

३. संवादका लागि परिवेश तयार पार्नुहोस् र विषयवस्तुको सङ्केतसमेत गर्नुहोस् ।

४. सरल तथा स्वाभाविक तरिकाले विषय प्रवेश गर्नुहोस् ।

५. पात्रका स्तरअनुकूलका संवाद तयार पार्नुहोस् ।

६. दुवै पात्रलाई सशक्त रूपमा प्रस्तुत गर्दै जानुहोस् र फरक मतलाई तर्कपूर्ण बनाउनुहोस् ।

७. पात्रहरूबिच विचारले आफूतिर तान्ने प्रयास गर्नुहोस् ।

८. दुवैलाई वैचारिक मतभेदको चरम अवस्थामा पुऱ्याउनुहोस् ।

९. बिस्तारै शीर्षकको पक्षको पात्रको भनाइबाट अर्को पात्र आकर्षित गर्नुहोस् ।

१०. एउटै कुरामा सहमत गराई सन्देशमूलक अन्त्य गर्नुहोस् ।

११. कोष्ठकभित्र समाप्तिको सङ्केत गर्नुहोस् ।

१२. संवादको शीर्ष भागमा शीर्षक लेख्नुहोस् ।

## पाठ १५ : कविता

# गाउँमाथि एउटा कविता

*दिनेश अधिकारी*

परिचय

दिनेश अधिकारी (वि.सं. २०१६) नेपाली साहित्यका प्रसिद्ध कवि तथा गीतकार हुन् । उनका 'अन्तरका छिटाहरू, धर्तीको गीत, इन्द्रजात्रा, अतिरिक्त अभिलेख, आदिम आवाज, मन र मोडहरू, सीमान्त सपना' आदि कृतिहरू प्रकाशित छन् । उनी सामाजिक समस्यालाई विषय बनाई घतलाग्दा कविता रचना गर्ने सर्जक हुन् । उनका सिर्जनामा मानवतावाद र राष्ट्रियताको भावधारा पाइन्छ । समय, समाज र मानिसका अनेकौँ आयामहरूलाई अत्यन्तै सूक्ष्म चित्रण गर्दै सरल तथा गम्भीर भावद्वारा अभिव्यक्त गर्ने शिल्पकै कारण उनी लोकप्रिय छन् । उनका अधिकांश रचनाहरूले विद्रोहभन्दा शिष्ट व्यङ्ग्य र उच्च मानवीयप्रेम व्यक्त गरेका छन् ।

प्रस्तुत 'गाउँमाथि एउटा कविता' नेपाली समाजको समसामयिक यथार्थलाई प्रस्तुत गर्ने सामाजिक कविता हो । यस कवितामा ग्रामीण समाज, गाउँको दिनचर्या, अभाव, असमानता, आर्थिक विभेद आदिको सूक्ष्म चित्रण गरिएको छ । राजनीतिक परिवर्तनले आधारभूत वर्गलाई छुन नसकेको वास्तविकता कविताले बोलेको छ । चुनावी घोषणापत्र सिँगान पुछ्ने कागजभन्दा बढी कामयाब नभएको भन्दै तीखो व्यङ्ग्यसमेत गरिएको छ ।

*सिकाइ उपलब्धि*

१. लयबद्ध पठन गरी विषयवस्तुबोध गर्न

२. पाठगत शब्दको उच्चारण, अर्थबोध र प्रयोग गर्न

३. युग्म शब्दको पहिचान र प्रयोग गर्न

४. गद्य कविताको संरचनाबोध गर्न

५. व्याकरणिक पदक्रममा रूपान्तरण गर्न

६. भाव वा सन्देश ग्रहण गर्न

७. प्रश्नोत्तर र व्याख्या गर्न

८. अनुकरणात्मक कविता लेखन गर्न

९. पदक्रम (व्याकरणिक र आलङ्कारिक) पहिचान र प्रयोग गर्न


१०. 'पञ्चम वर्ण' प्रयोग भएका शब्द पहिचान गरी प्रयोग गर्न

## मूल पाठ

सेताम्य कपाल फुलेकी बुढीका थोता दाँतहरू झैँ
टक्रक्क यता एउटा
टुक्रुक्क उता एउटा
र यदाकदा अङ्गुरका झुप्पाहरूकै भाँतिमा
धेरै पराले र थोरै ढुङ्गो छानाको टोपी लगाएर
एकै ठाउँमा गुजमुजिएका केही घरहरू छन्
घरभित्र
अन्धविश्वासलाई विश्वास मानेर उग्राइरहेका
केही मान्छेहरू छन्
समय, जहाँ घडीले हैन कुखुराको भालेले बताउने गर्छ
परदेश गएकाहरूको कुशल मङ्गल
जहाँ अगेनामा नुन पड्काएर अन्दाज गर्न सकिन्छ
विज्ञानको पनि बेग्लै ढङ्ग छ गाउँमा
र आङमा घाम लाग्ने नलाग्ने कुराको ठेगान
बारीको उब्जाउ हेरेर यकिन गर्न सकिन्छ
यो मेरो देशको सुदूर पूर्वको गाउँ !
यो मेरो देशको सुदूर पश्चिमको गाउँ !
छिमेकी अगेनाबाट आगो ओसारेर सुरु हुने यहाँको दिन
गोठमा, वस्तुभाउलाई घाँसपात हालेर केटाकेटी हुन्छ
खेतमा गोरु नारेर तन्नेरी हुन्छ







**शब्दार्थ**

| | | |
|---|---|---|
| *भाँति* | : | *कामको तौरतरिका, पद्धति, किसिम* |
| *अन्धविश्वास* | : | *पहिलेदेखि नै चलिआएको रीतिरिवाज एवम् चालचलन भनेर कुनै किसिमको विवेक नराखी गरिने विश्वास* |
| *उग्राइ* | : | *गाई, भैँसी आदि पशुले निलिसकेको घाँस, पराल आदि फेरि मुखमा फर्काई चपाउने काम* |
| *कुशल मङ्गल* | : | *शुभ, भलो* |
| *आङ* | : | *शरीर, देह* |
| *नारेर* | : | *एक जोडा गोरुका काँधमा जुवा राखी जोतारोले बाँधी खेतबारी जोतेर* |

र बेग्लाबेग्लै मान्छेका ओठहरू भएर
दिनभरि फलाकिरहन्छ



दिनभरि हतारिरहन्छ
आज जन्त जानुपर्छ, दलबिरेको बिहे छ
आज पर्म जानुपर्छ, घिसिङको छानो छाउनु छ
आज धामी बसाउनुपर्छ, हिरेको छोरो सिकिस्त छ
आज माइलीलाई नचाउनुपर्छ, भरे जात्रा छ
राम ! राम !! जिम्दार बुढाको प्राण गएछ ।

जहाँको चपरी त्यहीँको दुवाली मरेर के लानु छ...
एउटै इनार छ सम्पूर्ण गाउँमा
र पनि कसैले पानी पिउन नपाएको गुनासो छैन
मेलापात जानुपर्छ
काखको नानीलाई मजेत्रोले पिठिउँमा बाँधेर
निस्कन तयार छे जो कुनै पनि आमा
आफ्नै सन्तान पनि भार हुन सक्छ भन्ने उसलाई थाहा छैन
छ भने सबैलाई
भकारो सोहोर्ने शैली थाहा छ
अनौ समात्ने तरिका थाहा छ
कोदालो अर्जाप्ने कुरा थाहा छ
बाली लगाउने र भित्र्याउने याम थाहा छ

*पर्म : आफू आफूमा आलोपालो गरी एकले अर्काको काम गरिदिने चलन*
*धामी : तन्त्रमन्त्र गरी झारफुक गर्ने व्यक्ति, झाँक्री*
*जिम्दार : जमिनदार, भूपति, जिम्मावाल*
*चपरी : दुबो, झार आदिसमेतको माटाको चोइली*
*दुवाली : माछा मार्न वा जाल थाप्न बनाइएको खोलाको साँघुरो मुहानमा गाडिने छेका वा बार*
*अनौ : हलाको हातो वा मुठ*

भाकल चढाउने दिन थाहा छ
कुलो लगाउने पालो थाहा छ

न चुनावले रोक्छ यसलाई

पट्याँस ! पट्याँस !!

नाङ्लो भएर यो अहिले पनि कनिका निफनिरहेकै छ ।

प्रिय सम्पादक !

फेरि कुन देशको कल्पना गरेर छापिरहनुभएको छ तपाईं

बम वर्षाका खबरहरू

बालिग मताधिकारका कुराहरू

साहित्यिक आन्दोलनका इतिहासहरू

अन्तरिक्ष यानका गतिविधिहरू

तपाईंले गर्व गर्ने सगरमाथालाई काँधमा बोकेर उभिएको यो गाउँ !

तपाईंलाई नागरिकताको प्रमाणपत्र बाँड्ने देशको जन्मदाता यो गाउँ !

अहिले पनि यो

ढिकीच्याउँ ! ढिकीच्याउँ !!

एउटा खुट्टो उचालेर ढिकीमा उभिइरहेकै छ

घुर्र ! घुर्र !!

अहिले पनि यो

जाँतामा टाउको अड्याएर निदाइरहेकै छ

के गर्नु चुनावका घोषणापत्रहरू ?

*भाकल : आफ्नो इच्छा सिद्ध होस् देवदेवीलाई पूजा गर्ने तथा बलि चढाउने प्रतिज्ञा*

*पट्याँस : चामल आदि निफन्दा औँलाले हान्दा नाङ्लाबाट निस्कने आवाज*

*ढिकीच्याउँ : लामा मसिना बाङ्गाटिङ्गा आठओटा खुट्टा हुने माकुराको ढाँचाको कालो किरो*

*ढिकी : मान्छेले खुट्टाले थिचेर उचाल्दै छोड्दै गरी धान, चिउरा आदि अन्न कुट्ने काठको चारपाटे यन्त्रविशेष*

*घोषणापत्र : उद्देश्यप्रति सत्यता वा वचनबद्धता घोषित गर्ने पत्र विशेष*

सिँगान पुछ्ने कागजभन्दा बढी कामयाब हुन सक्तैन यो यिनीहरूलाई

के पढ्नु अन्तरिक्ष यानका गतिविधिहरू ?

दन्त्यकथाकै सिलसिला जोड्नुभन्दा बढी केही अर्थ छैन यसको पनि यिनीहरूलाई ।

*कामयाब : सफलता प्राप्त भएको, इच्छा पूरा भएको, सफल*

## पाठसार

प्रस्तुत ‘गाउँमाथि एउटा कविता’ शीर्षकको कविताले ग्रामीण समाजको यथार्थ अवस्थालाई प्रस्तुत गरेको छ । गाउँमा धेरै परालले र थोरै ढुङ्गाले छाएका घरहरू छन् । घरको दुरावस्थाले गाउँको जनजीवन, दुःख, अभाव, गरिबीको झल्को दिएको छ । गाउँलाई अहिले पनि धामी, झाँक्री, छुवाछुत जस्ता कुप्रथाले गाँजेको छ । गाउँ अहिले पनि कुखुराको भाले बास्दा समयको अनुमान लगाउँछ । अगेनामा नुन पड्काएर परदेश गएकाहरूको कुशलमङ्गलको अन्दाज गर्छ । गाउँ कर्ममा विश्वास गर्छ । बालीको उब्जाउ हेरेर शरीरमा कपडा र पेटमा अन्नको दाना पर्ने नपर्ने ठेगान लाग्छ ।

गाउँका मानिसहरू छिमेकी अगेनाबाट आगो ओसारेर दिनको प्रारम्भ गर्छन् । वस्तुभाउलाई घाँसपात हालेर खेतमा गोरु नार्न पुग्छन् । गाउँका कसैलाई पनि एकछिन फुर्सद छैन । कसैको जन्त जानु छ । कसैको पर्ममा जानु छ । कोही बिरामी भए धामी बसाउनु छ । पर्व, जात्रा, उत्सव आए नाच्नु र नचाउनु छ । कसैको प्राण गए घाट पुऱ्याउनु छ । गाउँ एकछिन सुत्दैन । एकछिन आराम गर्न पाउँदैन तैपनि गाउँमा घाम उदाउन नसकेकामा कविले तीखो व्यङ्ग्य गरेका छन् ।

गाउँ वर्षौंदेखि अभावमा बाँचेको छ । गाउँभरि एउटा मात्र इनार हुँदा पनि गाउँलेहरू पानी पिउन नपाएको गुनासो गर्दैनन् । पिठिउँमा मजेत्रोले काखे नानी बाँधेर भए पनि मेलापात गर्न छोड्दैनन् । गाउँका मानिसहरू घरायसी काम र कृषिकर्म गर्न पाउँदा खुसी हुन्छन् । उनीहरूलाई गाईभैंसीको भकारो सोहोर्ने शैली थाहा छ । हलोको हातो वा अनौ समात्ने, कोदालो धारिलो पार्ने तरिका थाहा छ । बाली कहिले लगाउने वा कहिले भित्र्याउने समय पनि थाहा छ । के हिउँद, के वर्षा गाउँ अहिले पनि आफ्नै लयमा गीत गाउँछ । उसले नाङ्लो बनेर भुस, कनिका र चामल राम्ररी चिनेको छ । अहिले पनि गाउँ राजनीतिभन्दा आफ्नै दैनिकीमा बाँचेको छ । चुनाव, नारा, आश्वासन कुनै कुराले पनि उसलाई छुन सकेको छैन । चुनाव, घोषणापत्र, परिवर्तन, राजनीति जस्ता शब्दजालभन्दा पर रहेर गाउँका मानिसलाई भाकल चढाउने र कुलोमा पानी लगाउने दिन थाहा छ भन्दै कविले गाउँले जीवन, जीवनशैली, दैनिकी, वाध्यता आदिको सूक्ष्म चित्रण गरेका छन् ।

गाउँअनुसारको देश अनि देश गुनाको भेष भन्ने मर्मलाई समात्न सम्पादकलाई कविले आह्वान गरेका छन् । सुन्दर गाउँ, गाउँको जीवनशैली, गाउँका बाध्यता र अभाव अखबारका पानामा लेखिन नसकेकामा कविको गुनासो छ । गर्वको इतिहास बोकेको गाउँको कथाभन्दा बमवर्षाका खबर, बालिग मताधिकार, साहित्यिक आन्दोलन र अन्तरिक्षयानका गतिविधि मात्र लेखिने गरेको आरोप कविले लगाएका छन् । नागरिकको प्रमाणपत्र बाँड्ने गाउँ र नागरिक बन्न नपाएका जनताको पक्षमा अखबारले वकालत गरोस् भन्ने चाहना कवितामा प्रस्तुत भएको छ ।

एकाइसौं शताब्दीको उत्तरार्धतिर पनि ढिकीच्याउँ ढिकीच्याउँ गर्दै एउटा खुट्टा उचालेर ढिकीमा अभिएको र जाँतामा टाउको अड्याएर निदाइरहेको सन्दर्भले अझै पनि गाउँ विज्ञान र प्रविधिको पहुँचभन्दा बाहिर रहेको देखिन्छ । चुनावका वेला चुनावी घोषणापत्रमा लेखिने योजना फगत कागजको खोस्टा बनेका छन् । अन्तरिक्षका गतिविधि दन्त्यकथा मात्र बनेका छन् भन्दै कवितामा

| |
|---|
| असन्तुष्टि व्यक्त गरिएको छ । |

## शब्दभण्डार

१. दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| शब्द | अर्थ |
|---|---|
| थोता | गाई, भैँसी आदि पशुको मल, गोबरको थाप्रो |
| अन्दाज | हतियारमा साँध लगाउनु, धारिलो पार्नु |
| ठेगान | दाँत पूरै वा खण्ड रूपमा नभएको |
| भकारो | अनुमान, अडकल |
| अर्जाप्ने | भकारी भर्ने काम |
| | कुनै कामकुराको टुङ्गो, निधो |

२. उदाहरण हेरी दिइएको अर्थसँग मिल्दो शब्द पाठबाट खोजेर लेख्नुहोस् :

(क) लोकले युगौँदेखि संरक्षित गर्दै आएको कथा दन्त्यकथा

(ख) विवाहमा दुलही लिन जाने वा लिएर आउने यात्रा .............

(ग) महिलाले टाउकामा ओढ्ने एकसरो कपडा, पछ्यौरा .............

(घ) पुस्तक वा पत्रपत्रिकाका लेखरचना सम्पादन गर्ने व्यक्ति .............

(ङ) पृथ्वी तथा ग्रह, नक्षत्र आदिका बिचको खाली स्थान .............

३. दिइएका नेपाली भाषाका केही युग्म (जोडी) शब्दहरू पढ्नुहोस् र अनुच्छेदबाट युग्म शब्द पहिचान गरी लेख्नुहोस् :

| | | |
|---|---|---|
| एककान - दोकान | नोकर - चाकर | सफा - सुग्घर |
| खोले - फाँडो | बोली - वचन | सोच - विचार |
| चियो - चर्चो | पानी - पँधेरो | स्याहार - सुसार |

हामीलाई आकस्मिक आपत्विपत् पर्दा छिटोछरितो गरी छरछिमेकीको सरसहयोग लिन हारगुहारसमेत गर्नुपर्छ । गाउँठाउँ र सहरबजारमा जहाँ रहे पनि सानोतिनो कुरामा एकआपसमा झैझगडा गरेर एकअर्कालाई दोष लगाउने काम गर्नुहुँदैन । चाडवाड र मेलापर्व जस्ता मौकामा साथीभाइसँग भेटघाट गर्नु अनि मेलमिलाप गर्दै रमाइलो गर्नुपर्छ ।

४. पाठमा प्रयोग भएको सन्दर्भ हेरी दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

वस्तुभाउ, घाँसपात, कुशलमङ्गल, प्रमाणपत्र, जन्मदाता, सिलसिला, गतिविधि, ढिकीच्याउँ

## बोध र अभिव्यक्ति

१. दिइएका शब्दलाई शुद्धसँग उच्चारण गर्नुहोस् :

| | | |
|---|---|---|
| भाँति /भाँ.ति/ | अन्तरिक्ष /अन्.त.रिक्.छ्य/ | सम्पादन/सम्.पा.दन्/ |
| साहित्यिक /सा.हित्.त्यिक्/ | नाङ्लो /नाङ्.लो/ | दन्त्यकथा /दन्.त्य.क.था/ |
| प्रमाणपत्र /प्र.माड़ँ.पत्.त्र/ | जन्मदाता /जन्.म.दा.ता/ | नागरिकता/ना.ग.रिक्.ता/ |

२. 'गाउँमाथि एउटा कविता' कवितालाई गति, यति मिलाई लयवाचन गर्नुहोस् ।

३. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) 'गाउँमाथि एउटा कविता' कविता गद्य वा पद्य कुन हो ?

(ख) 'गाउँमाथि एउटा कविता' कविताको प्रारम्भको कवितांश कुन हो ?

(ख) 'गाउँमाथि एउटा कविता' को सबैभन्दा छोटो पङ्क्ति कति शब्दले बनेको छ ?

(ग) ढिकी र जाँतोको सन्दर्भपछि कुन कुन प्रसङ्ग आएका छन् ?

४. उदाहरण हेरी दिइएको कवितांशलाई व्याकरणिक पदक्रममा रूपान्तरण गर्नुहोस् :

कवितांश : एउटै इनार छ सम्पूर्ण गाउँमा

व्याकरणिक पदक्रम : सम्पूर्ण गाउँमा एउटै इनार छ ।

(क) न चुनावले रोक्छ यसलाई

(ख) विज्ञानको पनि बेग्लै ढङ्ग छ गाउँमा

(ग) सिँगान पुछ्ने कागजभन्दा बढी कामयाब हुन सक्तैन यो यिनीहरूलाई

(घ) फेरि कुन देशको कल्पना गरेर छापिरहनुभएको छ तपाइँ

(ङ) दन्त्यकथाकै सिलसिला जोड्नुभन्दा बढी केही अर्थ छैन यसको पनि यिनीहरूलाई ।

(च) निस्कन तयार छे जो कुनै पनि आमा

५. दिइएको कवितांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

समय, जहाँ घडीले हैन कुखुराको भालेले बताउने गर्छ  
परदेश गएकाहरूको कुशल मङ्गल  
जहाँ अगेनामा नुन पड्काएर अन्दाज गर्न सकिन्छ  
विज्ञानको पनि बेग्लै ढङ्ग छ गाउँमा  
र आङ्मा घाम लाग्ने नलाग्ने कुराको ठेगान  
बारीको उब्जाउ हेरेर यकिन गर्न सकिन्छ ।

प्रश्नहरू

(क) समयको जानकारी गाउँमा कसले दिन्छ ?

| |
|---|
| समयको जानकारी गाउँमा घडीले हैन कुखुराको भालेले दिन्छ |

(ख) गाउँमा परदेशीको कुशलमङ्गल कसरी अनुमान गरिन्छ ?

(ग) अन्नबालीको उब्जनीसँग केको सम्बन्ध रहेको छ ?

(घ) 'विज्ञानको पनि बेग्लै ढङ्ग छ गाउँमा' भन्नुको तात्पर्य के हो ?

६. दिइएको कवितांश र प्रश्न सम्बद्ध बुँदा पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

दिनभरि फलाकिरहन्छ
दिनभरि हतारिरहन्छ
आज जन्त जानुपर्छ, दलबिरेको बिहे छ
आज पर्म जानुपर्छ, घिसिङको छानो छाउनु छ
आज धामी बसाउनुपर्छ, हिरेको छोरो सिकिस्त छ
आज माइलीलाई नचाउनुपर्छ, भरे जात्रा छ
राम ! राम !! जिम्दार बुढाको प्राण गएछ ।

प्रश्नहरू

(क) मानिस किन दिनभरि हतारिरहन्छ ?

बुँदाहरू

(अ) बिहेमा जन्त जानुपर्ने

(आ) पर्ममा गएर घरको छानो छाउनुपर्ने

(इ) धामी बसाएर बिरामीलाई सन्चो बनाइदिनुपर्ने

(ई) जात्रा र उत्सव मनाउनुपर्ने

(उ) मृतकलाई घाटमा पु¥याउनुपर्ने

(ख) माथिको कवितांशको मूल भाव के हो ?

बुँदाहरू

(अ) मानिसलाई गाउँमा पनि फर्सद नहुने

(आ) विवाह, जात्रा, अर्मपर्ममा सहभागी हुनुपर्ने

(इ) धामी वा झाँक्री बसाएर बिरामी सन्चो बनाउने अन्धविश्वासलाई मानिसले त्याग्न नसकेको

(ई) गाउँका मानिसले आफूलाई जिउँदाको जन्ती र मर्दाको मलामी बनाउन बनाउन सकेका

७. दिइएको कवितांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

प्रिय सम्पादक !
फेरि कुन देशको कल्पना गरेर छापिरहनुभएको छ तपाईँ
बम वर्षाका खबरहरू
बालिग मताधिकारका कुराहरू
साहित्यिक आन्दोलनका इतिहासहरू
अन्तरिक्ष यानका गतिविधिहरू
तपाईँले गर्व गर्ने सगरमाथालाई काँधमा बोकेर उभिएको यो गाउँ !
तपाईँलाई नागरिकताको प्रमाणपत्र बाँड्ने देशको जन्मदाता यो गाउँ !

प्रश्नहरू

(क) कविताले सम्पादकलाई कसरी सचेत गराएको छ ?

(ख) माथिको कवितांशको मूल भाव के हो ?

८. दिइएका बुँदाहरूका आधारमा 'गाउँमाथि एउटा कविता' कविताको भाव लेख्नुहोस् :

(क) गाउँको जनजीवन, दुःख, अभाव, गरिबीको झल्को दिएको

(ख) गाउँलाई अहिले पनि धामी, झाक्री, छुवाछुत जस्ता कुप्रथाले गाँजेको

(ग) गाउँमा घाम उदाउन नसकेको

(घ) गाउँ वर्षौंदेखि अभावमा बाँचेको

(ङ) गाउँ, गाउँको जीवनशैली, गाउँका बाध्यता र अभाव अखबारका पानामा लेखिन नसकेको

(च) गाउँ विज्ञान र प्रविधिको पहुँचभन्दा बाहिर रहेको

(छ) चुनावका वेला चुनावी घोषणापत्रमा लेखिने योजना फगत कागजको खोस्टा बनेका

(ज) ग्रामीण समाजको यथार्थ अवस्थालाई प्रस्तुत गरेको

९. व्याख्या गर्नुहोस् :

(क) के गर्नु चुनावका घोषणापत्रहरू ?
सिँगान पुछ्ने कागजभन्दा बढी कामयाब हुन सक्तैन यो यिनीहरूलाई ।

(ख) तपाईँले गर्व गर्ने सगरमाथालाई काँधमा बोकेर उभिएको यो गाउँ !
तपाईँलाई नागरिकताको प्रमाणपत्र बाँड्ने देशको जन्मदाता यो गाउँ !

१०. 'गाउँमाथि एउटा कविता' कवितामा चित्रण गरिएको नेपाली ग्रामीण परिवेशको समीक्षात्मक टिप्पणी पढ्नुहोस् र आगामी पाँच वर्षपछि तपाईँको गाउँ वा टोलमा के के परिवर्तन आउँछन्, अनुमान गरी लेख्नुहोस् ।

नेपाली साहित्यका प्रसिद्ध कवि तथा गीतकार दिनेश अधिकारी (वि.सं. २०१६) द्वारा रचित 'गाउँमाथि एउटा कविता'समय, समाज र मानिसका अनेकौँ आयामहरूलाई अत्यन्तै सूक्ष्म चित्रण गरिएको समाजपरक कविता हो । यस कविताले ग्रामीण समाजको वस्तुगत अवस्थालाई यथार्थपरक चित्रण गरेको छ । अभावमा बाँचेका ग्रामीण क्षेत्रका जनताले व्यतीत गरेको दिनचर्या कविताका विषयवस्तु बनेका छन् ।

प्राय: गाउँमा धेरै परालले र थोरै ढुङ्गाले छाएका घरहरू भेटिन्छन् । कुखुराको भाले बास्दा समयको अनुमान गर्ने परम्परागत चलन गाउँमै छ । गाउँमै अगेनामा नुन पड्काएर परदेश गएकाहरूको कुशलमङ्गलको अनुमानसमेत गरिन्छ । गाउँका मानिसहरू छिमेकी अगेनाबाट आगो ओसारेर दिनको प्रारम्भ गर्छन् । वस्तुभाउलाई घाँसपात हालेर मेलापात जान्छन् । अन्नबालीको उब्जाउ हेरेर शरीरमा कपडा र पेटमा अन्नको दाना पर्ने नपर्ने निश्चित हुन्छ भन्ने विश्वासमा गाउँलेहरू काममा व्यस्त हुने गरेको सन्दर्भ कवितामा चित्रण गरिएको छ ।

गाउँका आफ्नै समस्या छन् । अशिक्षा, अन्धविश्वास, अभाव, गरिबीले गाउँलाई गाँजेको छ । बर्सौंदेखि अभावका बिचमा बाँचेको गाउँ कहिल्यै निदाउँदैन, थकाइ मार्दैन । एउटा मात्र इनारको पानीले मात्र धानिनुपर्दा पनि कुनै गुनासो गर्दैन । पिठिउँमा मजेत्रोले काखे नानी बाँधेर भए पनि आमाहरू मेलापात गर्न छोड्दैनन् । गाईभैँसीको भकारो सोहोर्ने, अनौ समात्ने, कोदालो खन्ने काममा गाउँको जीवन अभ्यस्त बनेको छ । बाली कहिले लगाउने वा कहिले भित्र्याउने भन्ने कुरा गाउँका सबैलाई थाहा छ । औपचारिक शिक्षा नपाए पनि अनुभवले सिर्जित चेतनाले भुस, कनिका र चामल राम्ररी छुट्याउन सक्ने भएको गाउँमाथि कविले गर्व गरेका छन् ।

यस कविताले ग्रामीण क्षेत्रका समस्या र गाउँको दिनचर्यालाई सूक्ष्म चित्रण गरेको छ । चुनाव, नारा, आश्वासन कुनै कुराले पनि गाउँका मानिसलाई छुन नसकेको तितो यथार्थ कविताले बोलेको छ । अत: गाउँको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक परिवेशले कविता उत्कृष्ट बनेको छ ।

११. दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

सामाजिक सञ्जाल एक प्रकारको सञ्चार माध्यम हो जसमा मोबाइल तथा कम्प्युटरमा इन्टरनेटका माध्यमबाट समुदायमा आधारित सामग्री आदानप्रदान गर्ने गरिन्छ । यसका माध्यमबाट हामी आफूले प्राप्त गरेका सूचना, विचार, फोटो, भिडियोलगायतका सामग्री आफन्त, साथीभाइ तथा शुभेच्छुमाझ आदानप्रदान गर्छौं । ग्रामीण भेगमा समेत इन्टरनेटको पहुँच विस्तार भएसँगै सामाजिक सञ्जाल प्रयोगको दायरा निकै फराकिलो भएको छ । सूचना र प्रविधिको विकाससँगै युवाहरूको त कुरै छोडिदिऊँ, बालबालिकादेखि ज्येष्ठ नागरिकसमेतका हात हातमा मोबाइल चलाइरहेको देखिन्छ । यसैबाट सबै उमेर समूहको सामाजिक सञ्जालप्रति आकर्षण बढ्दै गएको देखिन्छ । यसैमा सबै जना रमाउँछन् । यसले मानिसलाई सशक्त रूपमा जोड्ने काम गर्नुका साथै यो मानव जीवनको अभिन्न अङ्ग जस्तै बनेको छ । सूचना तथा जानकारी लिन, समाचार हेर्न मानिसले सामाजिक सञ्जालकै सहारा लिइरहेका हुन्छन् । त्यस्तै सामाजिक सञ्जालको प्रयोगले सामाजिक सचेतनाको स्तर वृद्धिमा सहयोग पुऱ्याएको छ । एकातर्फ यसले हाम्रो दैनिकीलाई अझ सरल बनाइदिएको छ भने अर्कातर्फ

प्रयोगकर्ताको असावधानीका कारण कतिपय संवेदनशील घडीमा मानसिक त्रास र जोखिमसमेत थपिदिएको देखिन्छ । त्यसेले सामाजिक सञ्जालको दुरूपयोग नगरौँ ।

(क) उत्तर दिनुहोस् :

(अ) सामाजिक सञ्जालमा कस्ता सामग्री आदानप्रदान गरिन्छ ?

(आ) सामाजिक सञ्जालको सदुपयोग कसरी गर्न सकिन्छ ?

(इ) सामाजिक सञ्जाल प्रयोगकर्ताले कुन कुरामा सावधानी अपनाउनुपर्छ ?

(ई)सामाजिक सञ्जालप्रति आकर्षण बढ्दै जानुका कारण के के हुन् ?

(ख) भाषिक संरचना र वर्णविन्यास पहिचान गर्नुहोस् :

(अ) 'यसैमा सबै जना रमाउँछन् ।' यस वाक्यलाई आलङ्कारिक पदक्रममा बदल्नुहोस् ।

(आ) अनुच्छेदको अन्तिम वाक्यलाई दुईओटा वाक्यमा टुक्र्याउनुहोस् ।

(इ) अनुच्छेदबाट उपसर्ग र प्रत्यय लागेर बनेका दुई दुईओटा शब्द पहिचान गरी लेख्नुहोस् ।

(ई) अनुच्छेदबाट पञ्चम वर्ण प्रयोग भएका दुईओटा शब्द लेख्नुहोस् ।

१२. दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :

मनिताले यो वर्षको जन्मदिन फरक तरिकाले मनाउने विचार गरिन् । उमेर बढेसँगै उनका सोचविचार पनि फरक भएका छन् । उनी निस्वार्थ भावनाले अरूको सेवा गर्न चाहन्छिन् । उनले आफ्नो जन्मदिन पनि सेवामा समर्पित गर्न चाहिन् । एउटा अनाथालयमा पुगेर त्यहाँ आश्रित बालबालिकालाई खाना खुवाइन् । उनीहरूका लागि कपडा किनिदिइन् । मनिता दिनभर त्यहीँ बसेर बालबालिकासँग कुराकानी गरिन् । नाचगान गरिन् । मनिताको सद्भाव पाएर बालबालिका असाध्यै रमाए । साँझमा उनी घर फर्कन खोजिन् । बालबालिकाहरू मनितासँग छुट्टिन मानेनन् । बाध्य भएर रुँदै बिदाइको हात हल्लाए । मनिता पनि छुट्टिनु पर्दा दुःखी थिइन् । सद्भावले पराईलाई पनि आफ्नो बनाउँदो रहेछ ।

तपाईंले गर्नुभएको सद्भावसम्बन्धी कुनै अनुभव परिवारमा सुनाउनुहोस् ।

## सुनाइ र बोलाइ

१. सुनाइ पाठ १५ सुन्नुहोस् र ठिक बेठिक छुट्याउनुहोस् :

(क) गल्ली फराकिलो छ ।

(ख) गल्लीमा असङ्ख्य रोग छ ।

(ग) गल्लमिा देवता र मानिस उदास छन् ।

(घ) देवता र मानिस एकसाथ ताली बजाउँछन् ।

२. सुनाइ पाठ १५ सुन्नुहोस् र दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) मानिसहरू किन उदास छन् ?

(ख) देवतालाई कसले बनाएका हुन् ?

(ग) अचेल किन देवतालाई पुजिँदैन ?

(घ) देवता र मानिसले पालैपालो पुर्पुरो ठोक्नुको कारण के हो ?

## भाषिक संरचना र वर्णविन्यास

१. दिइएका उदाहरण पढ्नुहोस् र बुझ्नुहोस् :

| व्याकरणिक पदक्रम | आलङ्कारिक पदक्रम |
|---|---|
| (क) कविले कविता सुनाए । | (क) कविले सुनाए कविता । |
| (ख) तिमीले हिमाली दृश्य हेऱ्यौ । | (ख) तिमीले हेऱ्यौ हिमाली दृश्य । |

माथिका 'कविले कविता सुनाए ।' र 'तिमीले हिमाली दृश्य हेऱ्यौ ।' वाक्य व्याकरणका नियमअनुसार कर्ता, कर्म, क्रियापदको क्रम मिलेर बनेका छन् । यसरी व्याकरणिक संरचनाअनुसार बनेका वाक्यहरू सामान्य वा व्याकरिणक पदक्रमअन्तर्गत पर्छन् । त्यसैगरी 'कविले सुनाए कविता ।' र 'तिमीले हेऱ्यौ हिमाली दृश्य ।' वाक्य कर्ता, कर्म, क्रियापदको क्रम मिलेर बनेका छैनन् । यसरी व्याकरणिक संरचनाअनुसार नबनेका वाक्यहरू विशिष्ट वा आलङ्कारिक पदक्रमअन्तर्गत पर्छन् ।

२. तलको अनुच्छेदबाट व्याकरणिक र आलङ्कारिक पदक्रम छुट्याएर लेख्नुहोस् :

बिहानै म उठ्दै थिएँ । घाम लाग्दै थियो । अचानक उडे रुखका चराहरू । म छक्क परेँ । मैले आकाशतिर हेरेँ । छ्याङ्ग उघ्रिएको थियो आकाश । उत्तरका हिमालहरू मुसुक्क मुस्कुराए । ती दृश्य देखेर म पनि दङ्ग परेँ ।

३. उदाहरण हेरी व्याकरणिक पदक्रम मिलाएर लेख्नुहोस् :

*उदाहरण*

(क) भिन्न छन् नर र नारी ।

नर र नारी भिन्न छन् ।

(ख) आफूभन्दा प्यारो हुन्छ आफ्नो जन्मभूमि

आफ्नो जन्मभूमि आफूभन्दा प्यारो हुन्छ ।

(ग) राष्ट्रिय विभूति हुन् शङ्खधर शाखवा ।

(घ) ताँती बनाएर हिँड्छन् कमिला ।

(ङ) पाएँ तपाईँले पठाएको पत्र ।

(च) नजिकैको वनमा कराए स्यालहरू ।

(छ) कल्पना हो मेरी साथीको नाम ।

४. तलको तालिका पढी पञ्चम वर्णका प्रयोगका बारेमा बुझ्नुहोस् :

| पञ्चम वर्णको प्रयोग | पञ्चम वर्णको आधार |
|---|---|
| (क) अङ्क, पङ्ख, गङ्गा, सङ्घ | (क) 'क, ख, ग, घ' अघि 'ङ' लेख्ने |
| (ख) पञ्च, लाञ्छना, पुञ्ज, झञ्झा | (ख) 'च, छ, ज, झ' अघि 'ञ' लेख्ने |
| (ग) कण्टक, कण्ठ, खण्ड, शण्ढ | (ग) 'ट, ठ, ड, ढ' अघि 'ण' लेख्ने |
| (घ) अन्त, ग्रन्थ, आनन्द, गन्ध | (घ) 'त, थ, द, ध' अघि 'न' लेख्ने |
| (ङ) सम्पर्क, पम्फा, अम्बा, सम्भव | (ङ) 'प, फ, ब, भ' अघि 'म' लेख्ने |
| (च) सन्चो, चम्चा, कान्छा, झन्डा, घन्टी, डन्डा | (च) तद्भव र आगन्तुक शब्दमा भने 'च, छ, ज, झ, ट, ठ, ड, ढ अघि पनि उच्चारणअनुसार न वा म लेख्ने |

माथिका 'अङ्क, पञ्च, कण्ठ, गन्ध, पम्फा' आदि शब्दमा 'ङ, ञ, ण, न, म' जस्ता पञ्चम वर्ण प्रयोग भएका छन् । पञ्चम वर्णको प्रयोग तत्सम शब्दमा गरिन्छ ।

५. दिइएको अनुच्छेद पढ्नुहोस् अनि ङ, ञ, ण, न, म प्रयोग भएका शब्द पहिचान गर्नुहोस् :

कुनै जमानामा पञ्चकृष्ण धुरन्धर पण्डित थिए । बिहान सबेरै उठेर गङ्गास्नान गरी शङ्खघण्ट बजाउँदै पूजा गर्थे । त्यसपछि पञ्चामृत खाएर मात्र घरबाहिर निस्कन्थे । उनका सञ्जय, शान्ति, सम्बन्ध र सन्ध्या गरी चार सन्तान थिए ।

६. उदाहरण हेरेर तलका शब्द समूहबाट शुद्ध शब्द पहिचान गरी लेख्नुहोस् :

उदाहरण

(क) संगति सम्गति सङ्गति सन्गति

- सङ्गति

| | | | | |
|---|---|---|---|---|
| (ख) | पन्चामृत | पंचामृत | पम्चामृत | पञ्चामृत |
| (ग) | पांडव | पाण्डव | पान्डव | पाञ्डव |
| (घ) | सङ्ख्या | संख्या | सन्ख्या | सम्ख्या |
| (ङ) | शङ्का | शंका | शन्का | शम्का |
| (च) | लान्छना | लाङ्छना | लाञ्छना | लाम्छना |
| (ज) | संघ | सन्घ | सण्घ | सङ्घ |

७. दिइएको अनुच्छेद शुद्ध गरी लेख्नुहोस् :

पंचनाथ संत थिए । समाजसेवा गर्ने उनको संकल्प थियो । उनी कंठमा माला लगाउँथे । समाजमा उनको सबैसँग राम्रो संबन्ध थियो ।

## सिर्जना र परियोजना कार्य

१. आफूलाई मन परेको शीर्षकमा एउटा कविता तयार पार्नुहोस् ।

२. विद्युतीय वा पत्रपत्रिकाको स्रोत प्रयोग गरी एउटा गद्य कविता सङ्कलन गर्नुहोस् ।

## थप स्वाध्याय सामग्री

### गद्य कविताको संरचनाबोध

**परिचय**

कुनै पनि छन्दमा नबाँधिएको र मुक्त लयमा लेखिएको कविता नै गद्य कविता हो । गद्य कवितामा स्वतन्त्र लय हुन्छ । गद्य कविता आन्तरिक सङ्गीतयुक्त हुन्छ । यसमा गद्यात्मक स्वरूप झल्किने लामा छोटा पङ्क्तिहरू हुन्छन् । गद्य कवितामा खँदिलो र गहिरो भाव व्यक्त गरिएको हुन्छ ।

गद्य कविताका केही नमुना

(क) हामी

हामी वीर छौँ<br>
तर बुद्ध छौँ,<br>
हामी बुद्ध छौँ<br>
र त हामी वीर छौँ,<br>
हामी बुद्ध नभईकन वीर कहिल्यै हुन सकेनौँ ।

*- भूपि शेरचन*

(ख) आमा

घरको एक कुनामा<br>
ठिङ्ग उभिएर आमा<br>
गीत गाइरहनुभएको थियो<br>
यो त अचम्मै भयो ।<br>
उहाँ सखारै उठेर<br>
लगाउनु हुन्छ घरभरि कुचो

आँगन लिपपोत गर्नुहुन्छ
र बनाउनुहुन्छ चिया
अनि भातसात पकाईवरी
स्कुल पठाएर हामीलाई
जुठाभाँडा माझ्न थाल्नुहुन्छ
दिउँसभरि पनि आमा
बस्नुहुन्न चुपचाप त्यसै
एकनासले खटिरहनु हुन्छ ।

*- विमल निभा*

(ग) फुस्रा पात

अब हेरिराख–
संसारका दुःखहरूलाई जितेर
म कसरी यो चट्टानभित्र
गाड्ने छु आफ्ना कलिला जराहरू?
हेरिराख–
म कसरी उभिने छु यो मरुभूमिमा
र आफैँ बाँच्न सिक्ने छु ?

*- विप्लव ढकाल*

(घ) धर्ती

आकाशसँग
मेरो आफ्नो कुनै साइनो थिएन
घाम, जून
ताराहरूसँग पनि नाता थिएन
जब मैले धर्तीलाई आफ्नो बनाएँ
एक टुक्रा माटासँग
साइनो जोडेँ
त्यसभन्दा धेरै ठुलो आकाश

अनि उषा र सूर्योदय
सन्ध्या, जून र ताराहरू
सबै सबै नै मेरा भए ।

*- सुलोचना मानन्धर*

पाठ १६ : कथा

# आयाम

*बिना थिङ*

## परिचय

बिना थिङ प्रसिद्ध कवि तथा कथाकार हुन् । उनका 'छुकी' र 'याम्बुनेर' कथासङ्ग्रह तथा 'रातो घर' कवितासङ्ग्रह प्रकाशित छन् । कथाकार थिङका कथावस्तु छनोट र लेखन शैली निकै आकर्षित र यथार्थपरक छन् । उनका कृतिमा मायाप्रेम र सामाजिक जागरणका विषयले प्राथमिकता पाएका छन् । नारीको पीडा र खुसीसहितको जीवनशैली, सामाजिक सचेतनाका कारण कथाकार थिङका रचनाहरू उत्कृष्ट बनेका छन् ।

प्रस्तुत 'आयाम' कथा नारी संवेदनामा आधारित सामाजिक कथा हो । यस कथामा सासु र बुहारीबिचको सम्बन्ध आमा र छोरीको सम्बन्धमा व्यवहारतः परिवर्तन भएको देखाइएको छ । कथाभित्र एकल महिला र आर्थिक अभावमा अपमानको जीवन भोगिरहेका विपन्न महिलाले गरेको सङ्घर्ष एकसाथ प्रस्तुत भएको छ । पात्रको छनोट र पात्रअनुकूलको भाषाको प्रयोगले कथा उत्कृष्ट बन्न पुगेको छ ।

### *सिकाइ उपलब्धि*

१. सस्वर र मौन पठन गर्न

२. पाठगत शब्दको उच्चारण, अर्थबोध र प्रयोग गर्न

३. समावेशक र समावेश्य शब्दको पहिचान र प्रयोग गर्न

४. उखान र टुक्काको पहिचान र प्रयोग गर्न

५. कथाको संरचना, घटना, परिवेश पहिचान र वर्णन गर्न

६. घटनाक्रम टिपोट गर्न

७. चरित्र वर्णन तथा तुलना गर्न

८. पाठगतबोध प्रश्नोत्तर, व्याख्या र सार लेखन गर्न

९. तार्किक र समीक्षात्मक उत्तर दिन

१०. अनुकरणात्मक तथा स्वतन्त्र कथा रचना गर्न

११. वाक्य संश्लेषण र विश्लेषण गर्न

१२. लेख्य चिह्नको पहिचान र प्रयोग गर्न

१३. 'र' का विभिन्न रूपको पहिचान गरी प्रयोग गर्न

## मूल पाठ

सहरको त्यो व्यस्त चोकको मध्यभागको दृश्य मेरो कार्यालयको झ्यालबाट लगभग पुरै देख्न सकिन्थ्यो । त्यहाँबाट अनेक रङ, अनेक आकृति मात्र होइन, थरी थरीका गतिविधिसमेत मेरा आँखामा वेला वेला ठोक्किन आइपुग्थे । कुनै दृश्य निकै लोभलाग्दा हुन्थे त कुनै दृश्य बिछट्टै पट्यारलाग्दा ! कम्प्युटरको स्क्रिनलाई छलेर वेला वेला मेरा चञ्चले आँखा झ्यालतिर हुत्तिन्थे । मलाई थाहा थियो ! आजभोलि मलाई मेरा आँखा निकै लोभी हुन थालेका छन् ।

मेरा लोभी आँखाले कोठाको भित्तामा टाँगिएको वृत्ताकार घडी हेरे । त्यहाँ हरियो पृष्ठभूमिमा सेता सुई आआफ्नै लयमा सामूहिक नृत्यमा मस्त थिए । घडीका सुईको त्यो नीरस नाचले न त मेरो मनमा कुनै तरङ्ग ल्यायो न त कुनै उमङ्ग नै । हृदयमा कसैले मेरो बोझिलो दैनिकीको सुन्दर तर हलुङ्गो फूलको बुकी राखिदिए जस्तो मात्र आभास भयो ।

'शुभकामना, याङ्जी ! आज तिम्रो जन्मदिन । भरे साँझको भान्छा केही विशेष बनाउँछु । छिट्टै घर आऊ है !' घरबाट निस्कँदानिस्कँदै आमाले भन्नुभएको थियो ।

आमा हुनुहुन्थ्यो करिब ४९ वर्षकी बाटुलो मुखाकृतिकी । उहाँको अनुहारमा चिउँडोको चुच्चो कतै हराए जस्तै देखिन्थ्यो । गोलै जोर आँखाको बिचमा डल्लो आकारको नाक थपक्क बसेको थियो । सेतो चिमल फूलको रङ झैँ लाग्ने नरम छाला जिउभरि ओढेकी । भाग्यलाई आमन्त्रित गरिएको हो कि झैँ लाग्ने सिनित्त परेको निधार । आँखाका चेप भने केही असजिलोसँग खुम्चिएका छन् र हाँस्दा ती अझै खुम्चन्छन् । उमेरभन्दा निकै ढिला हिँडिरहेको जस्तो देखिने छोटा छोटा, मोटा मोटा र पुटुक्कका हातगोडा ।

घरमा आमा र म मात्रै थियौँ । म र आमा दुवै जागिरे थियौँ । म निजी कार्यालयमा काम गर्थें भने आमा सरकारी कार्यालयमा । म बिहान आठ बजे निस्कन्थेँ; आमा नौ बजे निस्कनुहुन्थ्यो । पदको प्रकृति र कदका दृष्टिले मेरोभन्दा अलिक होलो थियो उहाँको जागिर । म बिहानको चियाखाजा बनाउँथेँ; साँझको खाना आमा तयार पार्नुहुन्थ्यो । भान्सा, बरन्डा, आँगन, बगैँचामा मेरोभन्दा बेसी आमाका हात चल्थे ।

"कति चल्छ्यौ कमलकी आमा तिमी ? याङ्जीलाई पनि अह्राऊ न ! यसो घरधन्दा, बारीमा याङ्जीलाई सघाउन भन !" आमाको हैरानी र धपेडी देखेर हुनुपर्छ । छिमेकी काकी आमालाई यसो भन्नुहुन्थ्यो ।

### शब्दार्थ

*वृत्ताकार* : *बाटुलो आकारको*
*पृष्ठभूमि* : *कुनै वस्तु वा कुराको मूल आधार वा भूमिका*
*नीरस* : *नरमाइलो, खल्लो*
*आभास* : *भान, झझल्को*
*चिमल* : *लहरामा फुल्ने सेतो बास्नादार फूल*
*सिनित्त* : *केही नरहने गरी हटाइएको, समाप्त गरिएका*
*धपेडी* : *काम वा अत्यधिक परिश्रमबाट हुने थकान*



"म अहिल्यै बुढी भइसकेँ भन्ने ठानेको ? यति काम गर्न सक्दिनँ सोचेछ । हातगोडा तगडै छन् । याङ्जीलाई कामको धपेडी छ । म कामबाट अलिक छिटो आइपुग्छु । मलाई फुर्सद भएरै गरेकी हुँ ।" यसो भन्दाभन्दै मानौँ आमाका अनुहारमा बाबर पाक्थ्यो । यसो भनेर आमा अनुहारमा बाबर पकाउनुहुन्थ्यो । सेतो, फराकिलो, नरम र स्वादिलो बाबर ।

आमाको अनुहार जस्तै हृदय पनि उज्यालो थियो । मैले आमालाई अँधेरो रङमा कहिल्यै देखिनँ । अपवादमा एक पटक बाहेक । सायद एउटा विषादपूर्ण समय थियो त्यो । त्यस यता आमा पर परसम्म फैलिएको निलो आकाश झैँ सफा र शान्त देखिनुहुन्थ्यो । आमालाई देख्दा मेरो हृदयको क्षोभ एक एक गरेर मरेर जान्थ्यो । आमा मेरो उत्प्रेरणाको केन्द्रबिन्दु हुनुहुन्थ्यो ।

पहिले म बढारकुढार, सरसफाइ र पकाइतुल्याइ मात्र गर्ने एकदम घरेलु महिला थिएँ । मैले गर्ने काम त्यति नै थिए । दराजमा स्नातक तहको प्रमाणपत्र सुरक्षित राखेकी थिएँ । दराजबाट ती प्रमाणपत्र झिकेर दरखास्त हाल्न मलाई आमाले नै उत्प्रेरित गर्नुभएको हो ।

त्यस वेला म २५ वर्षकी युवती थिएँ तर मेरो दैनिकीबाट भने आमा आत्तिनुभएको थियो । मेरा लागि हताश समय थियो त्यो । त्यो उमेरमा पनि म साथीसँगीबाट टाढा, आफन्तबाट टाढा र छिमेकीबाट पनि टाढा । त्यतिमात्रै कहाँ हो र ? म आफैँबाट पनि टाढा थिएँ । कौसीमा घन्टौँ अडिन सक्थेँ । घामको आकार हेरेर, क्षितिजको रङ हेरेर नियालेर घन्टौँ हराउन सक्थेँ । सीमित दायराभित्र थियो मेरो असीमित एकाङ्कीपन । सायद मेरो यही स्वभाव नै आमाको टाउको दुखाइको विषय बनेको थियो ।

"तिमीले अब जागिर वा व्यवसाय गर्नुपर्छ याङ्जी, यसरी घोत्लिएर हुँदैन ।" आमाले मेरो हातै समाएर भन्नुभएको थियो । नरमसँग र मायालु स्वरमा !

आमा मलाई कतै कुनै काममा व्यस्त राख्न चाहनुहुन्थ्यो । उहाँको हातमा पत्रिका थियो । त्यसको तेस्रो पृष्ठको पुछारमा जागिरका लागि दरखास्त आह्वान गरिएको थियो । घरेलु कामदार व्यवस्थापनको कार्यालयमा सहायक व्यवस्थापक पदको विज्ञापन रहेछ त्यो ।

| | | |
|---|---|---|
| *क्षोभ* | : | *मनको असन्तोष* |
| *उत्प्रेरणा* | : | *मनमा उत्सुकता जगाइराख्नका लागि दिइने हौसला* |
| *क्षितिज* | : | *पृथ्वी र आकाश जोडिएको जस्तो देखिने स्थान* |
| *एकाङ्कीपन* | : | *एक्लो महसुस गरिने अवस्था* |

"त्यहाँ विभिन्न मानिस आउँछन्, कामको खोजीमा । मान्छे घर घरमा काम खोज्न हिँड्दैनन् अचेल । यस्तै कार्यालयबाट सम्पर्क गर्ने हो । जस्तो कि हाम्रो घरमा काम गर्ने मान्छे राख्नु छ भने हामीले त्यस्तो कार्यालयमा सम्पर्क गर्नुपर्छ । उनीहरूले समय, सेवा सुविधाअनुसारको मान्छे पठाइदिन्छन् । त्यसबापत कमिसन लिन्छन् ।" आमाले त्यस कार्यालयको कामको प्रकृति र जिम्मेवारीबारे बुझाउनुभएको थियो । त्यसपछि निकै विश्वस्त भएर मलाई कामका लागि निवेदन लेख्न भन्नुभएको थियो ।

... ... ... दुई वर्षअघि

कार्यालय रहेको भवन चोकको दाहिने मोडमै थियो । जम्माजम्मी चार तलाको खरानी रङ्को भवन थियो त्यो । जागिरका लागि निवेदन र प्रमाणपत्र बोकेर म दोस्रो तलाको एउटा कोठामा पुगेँ । मूल ढोकाबाट प्रवेश गर्नेबित्तिकै प्रतीक्षा कक्ष थियो । त्यससँगै अरू तीनओटा कोठा थिए ।

त्यस दिन मैले हरियो रङ्को कुर्तासलवार लगाएकी थिएँ । कपालको जुरो फुकाएकी थिएँ । अगाडिको स्यागी कपाललाई अनुहारमा छरिन दिएकी थिएँ । यो शैलीले मेरो चेप्टो अनुहार लाम्चो देखिन्थ्यो । म आफूलाई विश्वस्त देखाउन चाहन्थेँ ।

'के म भित्र आउन सक्छु सर ?' मैले सक्दो नरम आवाजमा अनुमति मागेँ ।

सुरज कुमार, प्रमुख व्यवस्थापक ।

ढोका अलिकति घचेडेँ ।

'आउनुहोस् !' भित्रबाट भद्र आवाज आयो । म भित्र पसेँ ।

निलो रङ्का भित्ता छन् ! पूर्वपट्टिको भित्तामा चकलेटी खापा भएको झ्याल छ र त्यसले बैजनी तर पारदर्शी पर्दा ओढेको छ । उत्तरपट्टिको भित्तामा घडी छ र त्यस घडीका देब्रेतर्फ मनमोहक चित्र टाँगिएका छन् । त्यहाँ भएका झरना, ढुङ्गा, घाँस आदिका चित्र निकै कलात्मक थिए । तिनै चित्रको ठिकमुनि खरानी रङ्को पाइन्ट र निलो चेक सर्टमा सजिएका भेटिए व्यवस्थापक । भर्खरै अमिलो पसाउन लागेका भोगटे जस्तै पुक्क परेका उनका गाला । उनका चिम्सा आँखा भने गहिरो खाडलभित्र पसेका जस्ता देखिन्थे । उनको बडेमाका निधार र दुई हातले एकसाथ सोहरेर पछाडि हुत्याए जस्तो शैलीको कालो कपाल छ । मध्यम आकारको दुई फक्लेटा परेको चिउँडो छ र कोदाको पिठो जस्तो अनुहारको छालाको रङ छ ।

"कमल पनि यस्तै शैलीमा कपाल राख्थ्यो । चिउँडाको बनोट र आँखाका आकार लगभग मिल्दा रहेछन् ।" क्षणभरलाई म एकोहोरिएछु ।

"बस्नुहोस् !" म उभिएको देखेर व्यवस्थापकले अनुरोध गरे ।

"धन्यवाद !"

*कमिसन : किनबेच गराउने व्यक्तिलाई दिइने सुविधा*

*चकलेटी : रातो र खैरो मिलेर बनेको रङ*

*फक्लेटा : दुई भागमा विभाजन हुनु*

"नाम ?" "याङ्जी ।"

"बसाइ ?"

"सल्लेरीटार ।"

हामीबिच करिब १५ मिनेट संवाद भयो । त्यसै दिन थाहा भयो, सुरज सञ्चालक पनि हुन् र व्यवस्थापक पनि । भोलिपल्टदेखि मैले सहव्यवस्थापकको जिम्मेवारी सम्हाल्ने भएँ । मैले अनुहारमा जति सक्दो गुलाफ फुलाएँ ।

अब मेरो दिनदर्याको अनुहार बदलियो । मेरो दैनिकी छाँटियो । बिहानको नास्ता गरेर म कार्यालय निस्कन्थेँ । पकाउने काम पूर्णतया आमाको भागमा पऱ्यो । म कामबाट फर्किंदा साँझ अबेर हुन्थ्यो । शरद र शिशिरका दिनमा रात नै पर्थ्यो । कार्यालयमा सुरज सर, भाइ, मलगायत अन्य कर्मचारी थियौँ । त्यो भाइले कार्यालयको ढोका खोल्थ्यो, कोठा सफा गर्थ्यो, पानी तताउँथ्यो ।

कार्यालयमा घरेलु कामका लागि मानिस सम्पर्कमा आउँथे । म तिनीहरूको व्यक्तिगत विवरण लिन्थेँ । कम्प्युटरमा डाटा राख्थेँ, डकुमेन्ट बनाउँथेँ र सुरज सरलाई जानकारी गराउँथेँ । सहरमा कामदारको माग बढ्दै गएको थियो भने विश्वासिलो कामदारको आपूर्ति हाम्रो जिम्मेवारी थियो । सुरज सर यस विषयमा एकदम सचेत हुनुहुन्थ्यो । कामदारका माग गर्ने घरधनीका बारेमा उत्तिकै सचेत र गम्भीर पनि ।

एक पटक एक जना महिला कामको खोजीमा कार्यालयमा आएकी थिइन् । निलो ओठ भएकी, कपाल घुमुर्किएर काँधमै हराएको जस्तो र कचौरा जस्तै कान एकदमसँग खुम्चिएका । शरीरको छाला चुन जस्तो निक्खर सेतो र फुस्रो देखिन्थ्यो । गहिरो तलाउ जस्ता हरिया आँखा थिए । गालाका हाड घोच्लान् जस्ता पटुस्स उक्सिएका ।

"तपाईंको नाम ?"

"शन्तमाया ।" दुई हात जोडेर नमस्कार भावमा जबाफ दिइन् ।

"यहाँ कसले भनेर आउनुभएको ?"

"सुनमायाले भनेकी, मेरी साथी । पहिले हामीसँगै ज्यामी काम गारेका । उसले राम्रो घरभित्र काम गारेको मोइले थाहा पायो । त्यस्तै घर पायो भने मो नि गार्छु । बाहिर ता डार लाग्छ, घामको, पानीको, ठेक्दारको । उसैले ता हो यता जाऊ भानेको । जासारी भाए नि मोलाई काम मिलाइदिनु मिस ।" पात जसरी हल्लिरहेको थियो शन्तमायाको शरीर ।

*आपूर्ति : आवश्यक उपभोग्य वस्तु उपलब्ध गराउने काम*

शन्तमाया २३ वर्षको हुँदा उनको श्रीमान् बितेका रहेछन् । श्रीमान् बितेको १३ दिनदेखि ज्यामी काममा



हिँडेकी रहिछिन् । उफ् कठैबरा ! उनी शारीरिक रूपले अत्यन्तै कमजोर देखिन्थिन् ।

मैले शन्तमायाको व्यक्तिगत विवरण बनाएँ ।

नाम : शन्तमाया तामाङ

उमेर : ३० वर्ष

सन्तान : एक छोरा, एक छोरी

ठेगाना : भोर्ले गाउँपालिका, ३

एक हप्तापछि शन्तमायाले काम गर्न थालिन् । उनले काम गर्ने घर सेवानिवृत्त डाक्टर दम्पतीको थियो । घरमा दम्पती मात्रै थिए । दुई भाइ छोरा देशबाहिर गएका थिए । फराकिलो कम्पाउन्ड र बगैँचा । साढे दुईतले घर । ती दम्पतीलाई घर व्यवस्थापनमा सकस थियो । बगैँचामा चल्ने मिहिनेती हातको खाँचो थियो । भान्छामा, बाथरुममा, कौसीमा जतातते चल्ने छरिता पैतालाको आवश्यकता थियो । समग्रमा इमानदारिताका साथ काम गरिदिने कामदारको आवश्यकता थियो । हाम्रो अफिसमा दम्पती नै आएका थिए । उनीहरूले महिला कामदारलाई प्राथमिकता दिएका थिए । शन्तमायाको व्यक्तिगत विवरण हेरेर उनीहरू खुसी भएका थिए । शन्तमायाले बिहान सात बजेदेखि साँझ पाँच बजेसम्म त्यही घरमा काम गर्न थालेकी थिइन् । उनी पनि डाक्टर दम्पतीले उपलब्ध गराएको पारिश्रमिकमा खुसी थिइन् । त्यसमाथि पनि चाडबाडमा थप रकम र कपडा पाउन थालिन् शन्तमायाले ।

एक पटक शन्तमाया हाम्रो कार्यालयमा आएकी थिइन् । उनको अनुहारमा चिल्लोपन बढेको थियो । शरीरमा हेर्नु हुने गरी मासु पसेको थियो । गालाका हाड पुरिन लागेका थिए । निधारमा बडेमाको कालो मखमली टीका लगाएकी थिइन् ।

“याङ्जी तिमीलाई हरियो कुर्था र टीका खुब सुहाउँछ ।” कुनै दिन सुरज सरले भनेका थिए ।

त्यस दिन मैले आफूलाई निकै हलुका महसुस गरेकी थिएँ । जीवनमा सानो घटनाले पनि अथाह खुसी दिन सक्दोरहेछ । मैले त्यस दिन आभास गरेकी थिएँ ।

“अहो ! तपाईँ त अझै राम्री देखिनु भएछ ।” मैले जिस्कँदै भनेँ । शन्तमाया थोरै लजाइन् । ओढिरहेको पछ्यौराको छेउ गाँठो पार्न थालिन् ।

“मोइले ब्या गारेँ मिस । उसले मोलाई धेरै माया गार्छ । मो काम गार्ने घरमै ड्राइभर काम गार्छ ।”

शन्तमायाले आधा घण्टामा वर्ष दिनको घटना अगाडि पछाडि गरेर सुनाइन् ।

*सकस : सास्ती, दुःख*

*अथाह : धेरै, अगाध*

खुसी हुनुको कारण अर्को पनि थियो । डाक्टर दम्पतीको ड्राइभर रहेछन्, नुवाकोटका सानु तामाङ । उनी ४१ वर्षका रहेछन् । सानु तामाङकी श्रीमती तीन वर्षअगि बितेकी रहिछन् । दुई छोरीको बाउ सानुसँग शन्तमायाले बिहे गरिछिन् । व्याकरण नमिले पनि शन्तमायाको प्रस्तुतिमा लय मिलेको

थियो, जीवनको लय । एक्लो हुँदाको अनुभव, हैरानी र अभावका छन्द भङ्गका बिच अहिलेसँगै हुँदाको अनुभवको सुरिलो लय । सानुसँगको संसर्गले दिएको चिरन्तनखुसी । कहिलेकाहीँ हुने खटपटले दिएको क्षणिक पीडा । कहिले स्वादिलो छेडखानी त कहिले गहिरो मायापिरती । यस्तै यस्तै .... ।

पुसको महिना, घाम दिउँसो मात्र क्षितिजमा झुत्ती खेल्न पुग्छ । साँझ हुँदा नहुँदै झमक्क रात पर्छ । कार्यालयको भित्तामा समय लगातार उकालो उक्लिरहेको थियो । अगिपछि त्यो उक्लेर पाँचमा पुग्दा पनि मलाई हतारो लाग्दैन थियो तर आज चार बजेर पन्क  मिनेट हुँदा म अधैर्य भएँ । म जुरुक्क उठेँ । सुरज सरको कोठाको ढोका ठेलेँ ।

“याङ्जी, डिनरमा जाने होइन ?” सुरज सरले हाँस्दै सोधे ।

“उम ।” मैले टाउको हल्लाएँ । दुई पटक चिउँडाले छाती छोउँला झैं गरी । म सुरज सरको टेबलअगाडि ठिङ्ग उभिएकी थिएँ ।

“तिमीले आज आमालाई भनिनौ ? साँझ बाहिर खाना खाएर आउँछु भनेर ।” यो प्रश्न सोधिरहँदा सुरज सरको अनुहारमा हैरानी देखिन्थ्यो ।

“वर्ष दिन भइसक्यो । तिमीले अब खुलस्तसँग आमालाई भन्नुपर्छ । हाम्रो सम्बन्धलाई निकास त दिनैपर्छ ।”

पछिल्लो दुई महिनादेखि सुरज सर लगातार यसै भनिरहेका थिए तर मेरो मनमा आतङ्कको तुवाँलो मडारिरहेको थियो । आमाले कति विश्वासले जागिर खान पठाउनुभएको छ । म भने सुरजसँग प्रेममा छु । आमालाई कसरी भन्ने यस्तो कुरा ? भनिहालेँ भने के सोच्नुहोला ? कसरी सामना गर्ने त्यो परिस्थितिको ? यही सोचाइले मेरो टाउको रिङ्गाइरहेको थियो ।

“आज भन्छु । जसरी पनि ।” मैले छोटोमा उत्तर दिएँ । सुरजको अनुहारमा गुलाफी रङ छरियो ।

सुरज र म नजिकैको रेस्टुराँमा खाना खाएर फर्कियौँ ।

घर पुग्दा रातको साढे आठ बज्यो । बरन्डामा स्कुटी पार्क गरेँ र घरभित्र पसेँ ।

आमा बैठक कोठामा हुनुहुन्थ्यो । उहाँको हातमा टिभीको रिमोट थियो । दाहिने हातको बुढीऔँलाले किचिक्किचिक पारेर रिमोट थिचिरहनुभएको देखेँ । म एक पटक फिस्स हाँसेँ तर आमा एक पटक अलिकति पनि हाँस्नुभएन । म सरासर सुत्ने कोठामा पसेँ । कपडा परिवर्तन गरेँ, बाथरुम पसेँ र हातमुख धोएर निस्किएँ । आमाका हातको औँलो अझै टिभी रिमोट थिच्न व्यस्त थियो ।

| | | |
|---|---|---|
| *संसर्ग* | *:* | *सँगसँगै रहने वा बस्ने गरी भएको सम्बन्ध, उठबस* |
| *चिरन्तर* | *:* | *प्राचीन कालदेखिको, पुरातन* |
| *खुलस्त* | *:* | *स्पष्ट, विस्तृत* |

“आमा, रिसाउनुभयो ? आज साथीहरूले साह्रै कर गरे । उनीहरूसँगै बाहिरै जन्मदिन मनाउन बाध्य भएँ, क्षमा गर्नुहोला !” रिमोट समाइरहेको आमाको हात च्याप्प समाएर मै ले भनेँ ।

"तिम्रो जन्मदिन भनेर मैले मिहिनेतले भान्छा तयार गरेँ । आज मात्रै होइन तिमीले धेरै पटक यस्तो गरिसक्यौ ।" आमाका आँखाका परेला पर्लकपर्लक भए । आँसुका ससाना ढिक्का देखिए ।

"आमा, मैले निकै दिनदेखि तपाईँसँग झुट बोलिरहेँ । साँच्चै भन्नुपर्दा म प्रेममा छु, कसैसँग । आज ऊसँगै खाना खाएर फर्किएकी हुँ । ऊ मसँग बिहे गर्न चाहन्छ ।" मैले एकै सासमा भनेँ । भएभरको साहस बटुलेर ।

आँखाहरू भने लज्जाबोध गर्दै भुइँमा झरिहाले । आमाको अनुहार कस्तो देखियो ? मैले हेर्नै सकिनँ । अब आमाले के भन्नुहुन्छ ? मेरो उकुसमुकुस बढेर आयो । निकासका लागि मेरा आँखा बग्न थाले ।

आमाले हठात् मेरो हातबाट आफ्नो हात छुटाउनुभयो । रिमोट थिचेर टिभी बन्द गर्नुभयो । कोठामा हामी दुईको सुँक्क सुँक्क टड्कारो सुनियो । त्यसपछि कोठामा निकैबेर शून्यता छायो । बिस्तारै आमाले टाउको उठाउनुभयो । मेरो चिउँडो उचाल्नुभयो । आमाका आँखा भने एकाग्रताका साथ भित्तामा टाँसिएका थिए । भित्तामा हाँसिरहेको फोटो थियो कमलको ।

"याङ्जी, त्यो दुर्घटनामा कमल नबितेको भए तिमी मेरो बुहारी नै रहन्थ्यौ । अहिले तिमी मेरो छोरी हौ । म महसुस गर्न सक्छु एक्लो बाँच्न कति सकस हुन्छ भनेर । मैले कमलको बुबाबिना बिताएको यो १९ वर्षले बोध गराएको छ । म बुझ्छु तिम्रो मनस्थिति । तिमी ऊसँग भावी जीवन बिताउन तयार छौ भने मैले रोक्ने कुरै छैन । तर, एउटा सर्त छ ।" आमाले अगिपछि भन्दा मसिनोसँग भन्नुभयो । निकैबेरसम्म मेरो टाउकामा आमाका हात सल्बलाइरहे ।

यो अप्रत्यासित परिस्थितिले म अवाक् भएँ ।

कमल मेरो अमूल्य रत्न थियो । जो मैले हेर्दा हेर्दै विलीन भएर गयो, सपना जस्तो । एक झमक निदाएर बिउँझदा मसँग कमल थिएन । उसको यादले मेरो छाती गह्रुङ्गो भएर आयो ।

त्यो दिन मेरो जीवनको सबैभन्दा भयानक दिन थियो । त्यो आँधिबेहरी र हुरी जस्तो समय । अचानक कताबाट चल्यो । मेरो सुन्दर संसार तहसनहस पाऱ्यो । कमल कार्यालयबाट फर्कँदा भएको त्यो बाइक दुर्घटना । उफ् ! ऊसँग मैले छोटो समय व्यतीत गरेँ । छोटो समयमै गहिरो माया दिएर ऊ गयो । कमलको अनुपस्थितिले दिएको छटपटी असह्य थियो ।

निकैपछि मैले सुरजमा कता कता कमलको प्रतिछाया भेटेँ । सुरज मेरो प्यारो कमलको आभास लिएर जीवनमा आए । मभित्र कतै फेरि एक पटक बाँच्ने चाहना जागृत भएको छ ।

"म सारा सर्त मान्छु आमा ।" म भक्भकाएँ ।

"तिमी दुई जना बिहेपछि पनि मसँगै बस्नुपर्छ । यो बुढेसकालमा आमालाई छाडेर जान पाउन्नौ ।" आमाले मेरो चिउँडो उचाल्दै भन्नुभयो । उहाँका आँखा ओभाएका थिए ।

*मनस्थिति : मनको अवस्था*

*अवाक् : चुप, मौन, बोली बन्द रहेको स्थिति*

खुसी घाँटीमा अड्किए जस्तो भयो । बोल्नै गाह्रो भयो । मैले आमालाई गम्ल्याङ्ङ अँगालो हालेँ । आमाको छातीबाट न्यानो प्रसार भएर मेरो भित्र हृदयमा पुग्यो । म निकै बेरसम्म अँगालोमै बेरिइरहेँ । मेरो हिक्क झन् झन् बढेर आयो ।

आमासँगको मातृवात्सल्यको अभिनव आयाममा म प्रेमको महासागरमा डुबिरहेकी थिएँ ।

*मातृवात्सल्य : आमाको सन्तानप्रतिको स्नेह वा ममता*

*अभिनव : नयाँ, नवीन*

## पाठसार

सहरको व्यस्त चोकको निकै लोभलाग्दा दृश्यले याङ्जीलाई आकर्षित गर्छ । उनी कम्प्युटरको स्क्रिनलाई छलेर वेला वेला आफ्ना चञ्चले आँखा झ्यालतिर पुऱ्याउँछिन् । आज याङ्जीको जन्मदिन हो । जन्मदिनको शुभकामना दिँदै आमा घरबाट निस्कन्छिन् । आमा ४९ वर्षकी छिन् । बाटुलो मुखाकृति, अनुहारमा चिउँडोको चुच्चो कतै हराए जस्तै देखिने, आँखाको बिचमा डल्लो आकारको नाक थपक्क बसेको, सेतो चिमल फूलको रङ झैँ लाग्ने नरम छाला भएकी आमाको आकृति याङ्जीले सम्झिन्छिन् ।

घरमा आमा र याङ्जी मात्र हुन्छन् । उनीहरू घरको भातभान्सा, सरसफाइ, बगैँचाको गोडमेल मिलेर गर्छन् । आमाले बुढेसकालमा काम गरेको देखेर छिमेकीहरूले आराम गर्न र बुहारीलाई काममा लगाउन सल्लाह दिन्छन् । आमा भने छिमेकीलाई फुर्सद भएर सक्ने काम गरेको हुँ भनेर जबाफ दिन्छिन् । आमाको अनुहार र हृदय उज्यालो छ । आमालाई देख्दा याङ्जीको हृदयको असन्तोष मर्छ र उत्प्रेरणा जागृत हुन्छ ।

याङ्जीले स्नातक तह उत्तीर्ण गरेकी छिन् । आमाले उनलाई जागिर वा व्यवसाय गर्न प्रेरित गर्छिन् । पत्रिकामा घरेलु कामदार व्यवस्थापनको कार्यालयमा सहायक व्यवस्थापक पदको विज्ञापन पनि आउँछ । आमाले त्यस कार्यालयको कामको प्रकृति र जिम्मेवारी बुझाउँछिन् र निवेदन लेख्न आग्रह गर्छिन् ।

याङ्जी निवेदन र प्रमाणपत्र बोकेर घरेलु कामदार व्यवस्थापनको कार्यालय जान्छिन् । दोस्रो तलामा रहेको प्रमुख व्यवस्थापकको कार्यकक्षमा गएर निवेदन बुझाउँछिन् । प्रमुख व्यवस्थापक सुरज र याङ्जीबिच करिब १५ मिनेट संवाद हुन्छ । भोलिपल्टदेखि याङ्जी सहव्यवस्थापकको जिम्मेवारी सम्हाल्छिन् ।

याङ्जीको दैनिकी फेरिन्छ । बिहानको नास्ता गरेर उनी कार्यालय पुग्छिन् । घरको भातभान्साको काम आमाकै भागमा पर्छ । कार्यालयमा सुरज, कार्यालय खोल्ने भाइ र याङ्जी सँगसँगै काम गर्न थाल्छन् । कार्यालयमा घरेलु कामका लागि मानिस सम्पर्कमा आउँछन् । याङ्जी व्यक्तिगत विवरण लिने, कम्प्युटरमा डाटा राख्ने, डकुमेन्ट बनाउने गर्छिन् । उनी र सुरज कामदारका माग गर्ने घरधनीका बारेमा उत्तिकै सचेत र गम्भीर हुन्छन् । यसै क्रममा शन्तमाया नाम गरेकी महिला कामको खोजीमा कार्यालयमा आउँछिन् । शन्तमायासँग याङ्जीको कुराकानी हुन्छ । यसै क्रममा याङ्जीले शन्तमायाले ज्यामी काम गर्ने गरेको, २३ वर्षकी हुँदा श्रीमान्को मृत्यु भएको, आर्थिक र शारीरिक दुवै रूपमा कमजोर भएको थाहा पाउँछिन् । शन्तमायालाई त्यस कार्यालयले कामको वातारण मिलाइदिन्छ । शन्तमाया सेवानिवृत्त डाक्टर दम्पतीको घरमा काम गर्न थाल्छिन् । उनी भान्छा, बाथरुम, कौसी सरसफाइ गर्छिन् । शन्तमायाको कामले डाक्टर दम्पत्ती खुसी हुन्छन् । शन्तमाया बिहान सात बजेदेखि साँझ पाँच बजेसम्म काम गर्छिन् । डाक्टर दम्पतीले उपलब्ध गराएको पारिश्रमिकले उनी खुसी हुन्छिन् । उनले चाडबाडमा पैसा र कपडासमेत पाउँछिन् ।

केही समयपछि शन्तमाया याङ्जीको कार्यालयमा आउँछिन् । उनको अनुहारमा चिल्लोपन बढेको, शरीरमा हेर्नु हुने गरी मासु पसेको, गालाका हाड पुरिन लागेको हुन्छ । कामले शन्तमायालाई

सन्तुष्टि दिएको प्रस्टसँग झल्किन्छ । शन्तमायालाई हेरेर याङ्जीले हलुका महसुस गर्छिन् । उनलाई जीवनमा सानो घटनाले पनि अथाह खुसी दिन सक्दोरहेछ भन्ने अनुभूति हुन्छ । शन्तमायाले डाक्टर दम्पतीको ड्राइभरसँग बिहे गरेकी हुन्छिन् । विवाहपछि शन्तमाया धेरै खुसी भएको याङ्जीलाई थाहा हुन्छ ।

याङ्जीको जन्मदिन, सुरज र याङ्जी डिनरका लागि बाहिर जान्छन् । उनीहरू प्रेममा हुन्छन् । याङ्जीले प्रेमका बारेमा आमासँग कुरा गर्ने आँट गरेकी पनि हुँदिनन् । त्यस दिन सुरजले नै याङ्जीलाई घरसम्म पुऱ्याइदिन्छन् । यता आमा याङ्जीलाई अबेरसम्म पर्खिरहन्छिन् । घर पुगेपछि आमासँग खिस्स हाँसेर याङ्जी कपडा फेर्छिन् अनि आमा रिसाउनुभयो होला भनेर साथीहरूले गर्दा अबेर भयो भन्छिन् । याङ्जीलाई मनमा साहस बटुलेर भए पनि आमासँग सत्य कुरा भन्न मन लाग्छ । उनले आमालाई सुरजसँग प्रेममा भएको कुरा बताउँछिन् । उनीभित्र उकुसमुकुस बढेर आउँछ र आँखा बग्न थाल्छ । आमा भने दुर्घटनामा बितेको छोरालाई सम्झिन्छिन् ।

आफू पनि १९ वर्षदेखि एक्लो भएर बाँचेको र बुहारीले पनि त्यसरी बाँकी जीवन बिताउनु नपरोस् भन्ने धारणा आमाको हुन्छ । त्यसैले छोरीका रूपमा रहन र विवाहपछि सँगै बस्न आग्रह गर्दै दुवैको विवाह गरिदिने वचन दिन्छिन् । आमाको सर्त याङ्जीले मान्छिन् । अन्ततः बुढेसकालमा आमालाई छोडेर नजाने प्रण गर्दै आमासँगको मातृवात्सल्यको अभिनव आयामभित्र याङ्जी प्रेमको महासागरमा डुबिरहन्छिन् ।

## शब्दभण्डार

१. दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| शब्द | अर्थ |
|---|---|
| आकृति | दु:ख वा विस्मात्ले भरिएको |
| मुखाकृति | परिश्रम वा कुनै काम गरेबापत दिइने धन, ज्याला |
| विषादपूर्ण | व्यक्तिगत विवरण |
| विश्वस्त | परिवारभित्रको श्रमिक |
| बायोडाटा | विवाद भएको |
| पारिश्रमिक | कुनै वस्तु वा व्यक्तिको स्वरूप |
| | मुखको आकार, चेहरा |
| | ढुक्क |

२. उदाहरण हेरी दिइएको अर्थसँग मिल्दो शब्द पाठबाट खोजेर लेख्नुहोस् :

(क) चामलको पिठोबाट बनाइएको बाक्लो रोटी — बाबर

(ख) बिए वा सोसरहको उपाधि — ..............

(ग) कामका लागि दिइने निवेदन — ..............

(घ) रातो र निलो मिसिएर बनेको रङ — ..............

(ङ) एक किसिमको पातलो कुहिरो ..............

३. दिइएका अनुच्छेदबाट उखान र टुक्का पहिचान गरी वाक्यमा प्रयोग गर्नुहोस् :

(क) किसानहरू आफू खुसी त जगत् नै खुसी भनेर काममा रमाउँछन् । जमिनदारहरू के निहुँ पाऊँ, कनिका बुकाऊँ भनेर मजदुरका पछाडि नै लाग्छन् । त्यसैले आमा भन्नुहुन्छ, "बलेको आगामा घिउ थप्नु हुँदैन ।" आमाको कुरा सुनेर म पनि कानमा तेल हालेर बसिदिन्छु ।

(ख) चाडपर्व आउँदा होस् वा विवाह उत्सवका वेला हामीले घाँटी हेरेर हाड निल्नुपर्छ । हामीलाई कसैले धेरै खर्च गर भनेर उचाल्न सक्छन् तर उचालेको कुकुरले मृग मार्दैन नि ! घरको आर्थिक अवस्था नबुझी खर्च गरेको देख्दा मेरो त सात्तो जान्छ । ऋणले डाँडो काट्यो भने घरबार छोडेर विदेश पस्नु परेको हामीले देखेका छौँ । हामीलाई खर्च गर्न उक्स्याउनेले अचानाको पिर खुकुरीले जान्दैन भन्ने कुरा बुझेका छैनन् है ।

४. उदाहरणमा दिइए झैँ अनुच्छेदबाट समावेशक र समावेश्य शब्द पहिचान गरी लेख्नुहोस् :

कृष्णले नारायणी, तमसा र सोनभद्र नदीको सङ्गमस्थल त्रिवेणीधामनजिक आफ्नै खेतमा खेती गरेका छन् । उनले केरा, आँप, कटहर, जुनार जस्ता फलफूल लगाएका छन् । त्यससँगसँगै आलु, काउली, गाँजर, मुला आदि तरकारी र तोरी, रायो, पालुङ्गो, चम्सुरको साग पनि कलकलाउँदो बनाएका छन् । नेपालीको महान् चाड तिहारमा फूलको बढी माग हुने कारण मखमली, सयपत्री, बाबरी, गोदावरी, चमेली आदि फूल पनि प्रशस्त फुलाएका छन् । उनको आर्यआर्जनको मुख्य स्रोत नै फलफूल, तरकारी र फूल खेती बनेको छ ।

| समावेशक | समावेश्य |
|---|---|
| फूल | मखमली, सयपत्री, बाबरी |
| फलफूल | .......................... |
| .......................... | सुनकोसी र तामाकोसी |
| तरकारी | .......................... |
| .......................... | तिहार |

५. उदाहरणमा दिइए झैँ 'आयाम' कथामा आएका तामाङ भाषाबाट प्रभावित शब्द टिपेर नेपाली भाषाको मानक रूप लेख्नुहोस् :

(क) मोइले ब्या गारेँ मिस । उसले मोलाई धेरै माया गार्छ । मो काम गार्ने घरमै ड्राइभर काम गार्छ ।

| तामाङ भाषाबाट प्रभावित मानक रूप | तामाङ भाषाबाट प्रभावित मानक रूप |
|---|---|

| | | | |
|---|---|---|---|
| मोइले | मैले | ब्या | विवाह |
| गारैं | गरैं | मोलाई | मलाई |
| गार्छ | गर्छ | मो | म |

(ख) पहिले हामीसँगै ज्यामी काम गारेका । उसले राम्रो घरभित्र काम गारेको मोइले थाहा पायो । त्यस्तै घर पायो भने मो नि गार्छु । बाहिर ता डार लाग्छ, घामको, पानीको, ठेक्दारको । उसैले ता हो यता जाऊ भानेको । जासारी भाए नि मोलाई काम मिलाइदिनु मिस ।"

६. पाठमा प्रयोग भएको सन्दर्भ हेरी दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

अपवाद, व्यवस्थापन, मातृवात्सल्य, आमन्त्रण, उत्प्रेरणा, पारिश्रमिक, पारदर्शी, क्षितिज

## बोध र अभिव्यक्ति

१. दिइएका शब्दलाई शुद्धसँग उच्चारण गर्नुहोस् :

| | | |
|---|---|---|
| सम्पर्क /सम्.पर्.क/ | क्षोभ /छ्योभ्/ | अत्यन्तै /अत्.त्यन्.तइ/ |
| पारदर्शी /पा.र.दर्.सि/ | क्षितिज /छि.तिज्/ | तरङ्ग /त.रङ्.ग/ |
| मातृवात्सल्य /मात्.त्रि.बात्.सल्.य/ | शून्यता /सुन्.न्य.ता/ | गम्ल्याङ्ङ /गम्.ल्याङ्.ङ/ |

२. 'आयाम' कथा हाउभाउसहित सस्वरवाचन गर्नुहोस् ।

३. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) 'आयाम' कथामा कतिओटा अनुच्छेद रहेका छन् ?

(ख) 'आयाम' कथाको सुरु र अन्त्य कुन कुन घटनाबाट भएको छ ?

(ग) 'आयाम' कथाका मुख्य र सहायक पात्र को को हुन् ?

(घ) 'आयाम' कथामा गाउँ र सहरमध्ये कहाँको परिवेश झल्काइएको छ ?

४. दिइएको कथांश मौन पठन गरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

"त्यहाँ विभिन्न मानिस आउँछन्, कामको खोजीमा । मान्छे घर घरमा काम खोज्न हिँड्दैनन् अचेल । यस्तै कार्यालयबाट सम्पर्क गर्ने हो । जस्तो कि हाम्रो घरमा काम गर्ने मान्छे राख्नु छ भने हामीले त्यस्तो कार्यालयमा सम्पर्क गर्नुपर्छ । उनीहरूले समय, सेवा सुविधाअनुसारको मान्छे पठाइदिन्छन् । त्यसबापत कमिसन लिन्छन् ।" आमाले त्यस कार्यालयको कामको प्रकृति र जिम्मेवारीबारे बुझाउनुभएको थियो । त्यसपछि निकै विश्वस्त भएर मलाई कामका लागि निवेदन लेख्न भन्नुभएको थियो ।

प्रश्नहरू

(क) माथिको कथांशमा गरिएको संवाद कसको हो ?

| |
|---|
| माथिको कथांशमा गरिएको संवाद याङ्जीकी सासुआमाको हो । |

(ख) यस कथांशमा 'त्यहाँ' भनेर कसलाई सम्बोधन गरिएको छ ?

(ग) मान्छे घर घरमा काम खोज्न किन हिँड्दैनन् ?

(घ) आमाले याङ्जीलाई विश्वस्त हुन आग्रह गर्नुको कारण के हो ?

५. दिइएको कथांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

खुसी हुनुको कारण अर्को पनि थियो । डाक्टर दम्पतीको ड्राइभर रहेछन्, नुवाकोटका सानु तामाङ । उनी ४१ वर्षका रहेछन् । सानु तामाङकी श्रीमती तीन वर्षअघि बितेकी रहिछन् । दुई छोरीको बाउ सानुसँग शन्तमायाले बिहे गरिछिन् । व्याकरण नमिले पनि शन्तमायाको प्रस्तुतिमा लय मिलेको थियो, जीवनको लय । एक्लो हुँदाको अनुभव, हैरानी र अभावका छन्द भङ्गका बिच अहिलेसँगै हुँदाको अनुभवको सुरिलो लय । सानुसँगको संसर्गले दिएको चिरन्तनखुसी । कहिलेकाहीँ हुने खटपटले दिएको क्षणिक पीडा । कहिले स्वादिलो छेडखानी त कहिले गहिरो मायापिरती । यस्तै यस्तै .... ।

प्रश्नहरू

(क) शन्तमाया खुसी हुनुका कारण के के थिए ?

(ख) माथिको अनुच्छेदका आधारमा शन्तमायाको दाम्पत्य जीवनको वर्णन गर्नुहोस् ।

६. दिइएका भनाइ कसले, कुन सन्दर्भमा भनेका हुन् ? कथाको सन्दर्भ उल्लेख गर्नुहोस् :

(क) मोइले ब्या गारेँ मिस । उसले मोलाई धेरै माया गार्छ ।

(ख) अहो ! तपाईं त अझै राम्री देखिनु भएछ ।

(ग) याङ्जी तिमीलाई हरियो कुर्था र टीका खुब सुहाउँछ ।

(घ) तिमी ऊसँग भावी जीवन बिताउन तयार छौ भने मैले रोक्ने कुरै छैन ।

(ङ) कति चल्छ्यौ कमलकी आमा तिमी ? याङ्जीलाई पनि अह्राऊ न !

७. 'आयाम' कथा पढी दिइएका घटनाहरूलाई क्रम मिलाएर लेख्नुहोस् :

(क) बुढेसकालमा आमालाई छोडेर नजाने प्रण गर्दै आमासँगको मातृवात्सल्यको अभिनव आयामभित्र रहनु

(ख) याङ्जीलाई मनमा साहस बटुलेर भए पनि आमासँग सत्य कुरा भन्न मन लाग्नु

(ग) याङ्जीलाई जीवनमा सानो घटनाले पनि अथाह खुसी दिन सक्दोरहेछ भन्ने अनुभूति हुनु

(घ) याङ्जीले कम्प्युटरको स्क्रिनलाई छलेर वेला वेला चञ्चले आँखा झ्यालतिर पुऱ्याउनु

(ङ) याङ्जी निवेदन र प्रमाणपत्र बोकेर घरेलु कामदार व्यवस्थापनको कार्यालय जानु

(च) शन्तमाया नाम गरेकी महिला कामको खोजीमा कार्यालयमा आउनु

(छ) आमालाई देख्दा याङ्जीको हृदयको असन्तोष मर्नु र उत्प्रेरणा जागृत हुनु

८. दिइएको सन्दर्भ पढ्नुहोस् र कथाबाट के सन्देश पाइन्छ, उल्लेख गर्नुहोस् :

> आयाम कथाको मुख्य पात्र याङ्जी हुन् । दुर्घटनामा पति गुमाउनु परेकाले उनी एक्लो जीवन बाँच्न विवश छिन् । याङ्जीको जस्तै कथाका पात्र आमा र शन्तमायाले पनि एकल महिला भएर जीवन बिताउनुपरेको छ । कथामा सहरको सामाजिक परिवेश देखाइएको भएता पनि विषयवस्तुका दृष्टिले गाउँ र सहर दुवैलाई कथाले जोडेको छ । एकल महिला भएर पनि शन्तमायाले गाडी चालकसँग र याङ्जीले कुमारसँग प्रेम गरेका छन् । यस कथामा एकल महिला र गरिब महिलाले भोग्नुपर्ने समस्यालाई विषयवस्तु बनाएर अहिलेका आमाहरू बुहारीलाई छोरी मान्न र परिवारको सुखका निम्ति परम्परागत मान्यताभन्दा माथि उठ्न तयार हुनुपर्छ भन्ने सन्देश प्रवाह गरेको छ ।

९. दिइएका विवरणमा आधारित भई याङ्जी र शन्तमायाको चारित्रिक विशेषताको तुलना गर्नुहोस् :

(क) याङ्जी :

कथाको मुख्य पात्र, एकल महिला, शिक्षित, घरेलु कामदार व्यवस्थापनको कार्यालयमा जागिरे, दयालु र सहयोगी, कर्तव्यनिष्ठ, परिवर्तनकी वाहक, आफ्नो भविष्यका लागि निर्णय लिन सक्ने, सङ्घर्षशील महिला

(ख) शन्तमाया :

कथाको सहायक पात्र, एकल महिला, अशिक्षित, घरेलु कामदार, मिहिनेती, सङ्घर्षशील महिला

१०. दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

(क) 'आयाम' कथाको मुख्य विषयवस्तु के हो ?

(ख) कथामा कस्तो सामाजिक परिवेश उल्लेख गरिएको छ ?

११. व्याख्या गर्नुहोस् :

(क) आमा मेरो उत्प्रेरणाको केन्द्रबिन्दु हुनुहुन्थ्यो ।

(ख) जीवनमा सानो घटनाले पनि अथाह खुसी दिन सक्दो रहेछ ।

१२. तपाईँ यस कथाको पात्र आमा हुनुभएको भए याङ्जी प्रेममा रहेको थाहा पाएपछि कस्तो प्रतिक्रिया जनाउनुहुन्थ्यो, तर्कसहित आफ्नो विचार लेख्नुहोस् ।

१३. दिइएका प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस् :

(क) 'आयाम' कथाले नेपाली समाजको कस्तो विषयवस्तु उठान गरेको छ ? तपाईँलाई त्यो कस्तो लाग्यो, चर्चा गर्नुहोस् ।

(अ) बिना थिङ प्रसिद्ध कवि तथा कथाकार

(आ) पारिवारिक पृष्ठभूमिमा संरचित सामाजिक कथा

(इ) मायाप्रेम र सामाजिक जागरणका विषयवस्तुको उठान गरिएको

(ई) एकल महिलाले भोग्नुपरेका समस्यालाई जीवन्त रूपमा प्रस्तुत गरिएको

(उ) सासु र बुहारीको सम्बन्धलाई आमा र छोरीबिचको सम्बन्धका रूपमा देखाइएको

(ऊ) पेसा, व्यवसायविनाको सहरी जीवन झनै सङ्घर्षपूर्ण हुने

(ऋ) पात्रअनुकूलको भाषा र संवाद संयोजन गरिएको

(ख) 'आयाम' कथाका आधारमा याङ्जी र शन्तमायाले जीवनमा भोगेका सङ्घर्षको वर्णन गर्नुहोस् ।

(अ) बिना थिङ प्रसिद्ध आख्यानकार

(आ) कथावस्तु छनोट र लेखन शैली निकै आकर्षित र यथार्थपरक

(इ) सामाजिक सचेतनालाई मुख्य विषय बनाइएको सामाजिक कथा

(ई) पतिको मृत्युपछि २५ वर्षीय याङ्जीको जीवन एक्लो र निराशापूर्ण बनेको

(उ) आमाको उत्प्रेरणाले निजी कार्यालयमा कामका लागि निवेदन दिएकी

(ऊ) याङ्जीको जीवनमा निरन्तर सङ्घर्ष गर्नुपरेको

(ऋ) ज्यामी काम गर्ने गरेको, २३ वर्षकी हुँदा श्रीमान्को मृत्यु भएको तथा आर्थिक र शारीरिक दुवै रूपमा कमजोर

(ए) शन्तमायाले घरेलु कामदार भएर काम गर्न थालेकी

(ऐ) शन्तमायाको जीवन एकातिर गरिबी र अर्कातिर पतिवियोगले सङ्घर्षपूर्ण बनेको

(ओ) कथाभित्र एकल महिला र आर्थिक अभावमा अपमानको जीवन भोगिरहेका विपन्न महिलाले गरेको सङ्घर्ष एकसाथ प्रस्तुत भएको

१४. दिइएको कथांशबाट चारओटा बोध प्रश्न बनाई उत्तरसमेत लेख्नुहोस् :

एक हप्तापछि शन्तमायाले काम गर्न थालिन् । उनले काम गर्ने घर सेवानिवृत्त डाक्टर दम्पतीको थियो । घरमा दम्पती मात्रै थिए । दुई भाइ छोरा देशबाहिर गएका थिए । फराकिलो कम्पाउन्ड र बगैँचा । साढे दुईतले घर । ती दम्पतीलाई घर व्यवस्थापनमा सकस थियो । बगैँचामा चल्ने मिहिनेती हातको खाँचो थियो । भान्छामा, बाथरुममा, कौसीमा जताततै चल्ने छरिता पैतालाको आवश्यकता थियो । समग्रमा इमानदारिताका साथ काम गरिदिने कामदारको आवश्यकता थियो । हाम्रो अफिसमा दम्पती नै आएका थिए । उनीहरूले महिला कामदारलाई प्राथमिकता दिएका थिए । शन्तमायाको व्यक्तिगत विवरण हेरेर उनीहरू खुसी भएका थिए । शन्तमायाले बिहान सात बजेदेखि साँझ पाँच बजेसम्म त्यही घरमा काम गर्न थालेकी थिइन् । उनी पनि डाक्टर दम्पतीले उपलब्ध गराएको पारिश्रमिकमा खुसी थिइन् । त्यसमाथि पनि चाडबाडमा थप रकम र कपडा पाउन थालिन् शन्तमायाले ।

*उदाहरण*

(क) शन्तमायाले कसकामा काम गर्न थालिन् ?

उत्तर : शन्तमायाले सेवानिवृत्त डाक्टर दम्पतीकामा काम गर्न थालिन् ।

१५. दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

दुवै पक्ष मिलेर सँगसँगै गरिने कार्य वा गतिविधि सहकार्य हो । सहकार्यले मिलीजुली काम गर्ने संस्कारको विकास हुन्छ । यसलाई सिकाइका क्षेत्रमा प्रयोग गर्न सकिन्छ । यस प्रकारको सिकाइमा सिकारुले कुनै पनि विषयको विषयवस्तुको सिकाइ, उक्त विषयवस्तुमा प्राप्त गरेका सूचना तथा अनुभवलाई एकआपसमा आदान प्रदान गरेर सिक्छन् । सिकाइका लागि उनीहरूले एकआपसमा सहयोगपूर्ण वातावरणको निर्माण गर्छन् । जहाँ कुनै पनि विषयवस्तुको सम्बन्धमा आफूले प्राप्त गरेका सूचना तथा ज्ञानलाई एकआपसमा आदानप्रदान गर्छन् । यस्तो आदानप्रदानबाट उनीहरूले आफ्नो अनुभव र आफूमा भएको ज्ञानलाई परिमार्जन र परिष्कृत बनाउँछन् । यसरी सहकार्य शिक्षण कक्षाका विद्यार्थीको ससाना समूहमा आपसी सहयोगद्वारा गरिने शिक्षण सिकाइ प्रणाली हो । यसमा शिक्षण सिकाइ प्रक्रियालाई विद्यार्थी केन्द्रित बनाउने प्रयत्न गरिएको हुन्छ साथै विद्यार्थीले आफूले सिक्ने तरिका र सिकाइको प्रक्रिया आफैँले रोज्ने छुट दिइएको हुन्छ । यसमा शिक्षक एउटा सहयोगी मित्र तथा सिकारुको मार्गदर्शकको भूमिकामा हुन्छ । विद्यार्थीले एकआपसमा सहयोगको आदानप्रदान गर्दै सिक्ने वातावरण तयार गरिएको हुन्छ । त्यसो गर्दा विद्यार्थी एकआपसमा स्वस्थ र सहयोगीपूर्ण अन्तरक्रिया गरेर सिक्छन् । यसमा एक्लाएक्लै काम गर्नु वा अध्ययन गर्नुको सट्टा एकआपसमा मिलीजुली काम गर्ने, आफूले प्राप्त गरेका सूचना र अनुभवलाई साथीसमक्ष आदानप्रदान गरेर सिक्दा सिकाइ प्रभावकारी हुन्छ । यसमा व्यक्तिगत मूल्याङ्कनको सट्टा समूह र समूहका सदस्यको समग्र उपलब्धिको मूल्याङ्कनमा जोड दिइन्छ ।

(क) उत्तर दिनुहोस् :

(अ) सहकार्य भनेको के हो ?

(आ) सहकार्य सिकाइमा सिकारुले कसरी सिक्छन् ?

(इ) सहकार्य सिकाइका फाइदाहरू के के हुन् ?

(ई) यस विधिलाई किन प्रभावकारी मानिन्छ ?

(ख) भाषिक संरचना र वर्णविन्यास पहिचान गर्नुहोस् :

(अ) अनुच्छेदको पहिलो र दोस्रो वाक्यलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस् ।

(आ) अनुच्छेदको अन्तिम वाक्यलाई तीनओटा सरल वाक्यमा विश्लेषण गर्नुहोस् ।

(इ) 'उनीहरूले आफ्नो अनुभव र आफूमा भएको ज्ञानलाई परिमार्जन र परिष्कृत बनाउँछन् ।' यस वाक्यलाई संयुक्त वाक्य बनाउनुहोस् ।

(ई) अनुच्छेदबाट 'र' को फरक प्रयोग भेटिने दुईओटा शब्द टिपी तिनलाई अनुच्छेदको भन्दा फरक वाक्यमा प्रयोग गर्नुहोस् ।

१६. दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :

मनोजकी आमालाई मुटुसम्बन्धी रोग लागेको छ । डाक्टरले एक महिनाभित्र आमाको शल्यक्रिया गर्नुपर्ने सुझाव दिए । शल्यक्रियाका लागि तीन लाख रुपियाँ चाहिने रहेछ । उनीहरूसँग त्यत्रो रुपियाँ थिएन । मजदुरी गरेर बिहान बेलुकीको छाक टार्न धौ धौ हुन्थ्यो । मनोजलाई अब के गर्ने भन्ने समस्या पऱ्यो । उनले आफ्नो समस्या वडाध्यक्षलाई सुनाए । वडाध्यक्षले मनोजलाई पन्ध्र हजार चन्दा दिनुभयो । चन्दा सङ्कलनका लागि एउटा चिठी लेखिदिनुभयो । उहाँका साथीहरूलाई फोन गरेर चन्दा दिन अनुरोध गर्नुभयो । मनोजले एक हप्तामा तीन लाख रुपियाँ जम्मा गरे । मनोज आमालाई लिएर भोलि शल्यक्रियाका लागि अस्पताल जाँदै छन् ।

मनोजले जस्तै तपाईँले पनि अरूको सहयोग लिएर कुनै समस्या समाधान गर्नुभएको होला । स्मरण गरी साथीलाई सुनाउनुहोस् ।

## सुनाइ र बोलाइ

१. सुनाइ पाठ १६ सुन्नुहोस् र खाली ठाउँका लगि उपयुक्त शब्द भन्नुहोस् :

(क) सूर्यले आफ्नो शक्तिमा घमन्ड गऱ्यो ।

(ख) छाता हुने बटुवाले जुत्ता लगाएको थिएन ।

(ग) घामको रापले बालुवा तातेको थिएन ।

(घ) बालुवा सेलाएपछि बटुवाहरू अगाडि बढे ।

२. सुनाइ पाठ १६ सुन्नुहोस् र दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) जुत्ता फुकालेर कसले कसलाई दियो ?

(ख) छातावाला किन सङ्कटमा पऱ्यो ?

(ग) कसका कुरा सुनेर सूर्य मुसुक्क हाँस्यो ?

(घ) बालुवाको घमन्ड कसरी तोडियो ?

## भाषिक संरचना र वर्णविन्यास

१. दिइएका उदाहरण पढ्नुहोस् र बुझ्नुहोस् :

(क) सरल वाक्य

(क) मिङ्मा घर गएर लुगा फेर्छे ।

(ख) धनमान पढीलेखी ठुलो मान्छे बन्न चाहन्छन् ।

(ग) भाइ यता आएर मलाई काम सघाउँछ ।

माथिका वाक्यहरूमा 'गएर, पढीलेखी, आएर' असमापक क्रियापद भए पनि वाक्यलाई समापन गर्ने 'फेर्छे, चाहन्छन्, सघाउँछ' क्रियापद प्रत्येक वाक्यमा एउटा एउटा मात्र भएकाले यी सबै वाक्यहरू सरल वाक्य हुन् ।

(ख) मिश्र वाक्य

(क) जुन मान्छे अल्छी छ, त्यसले प्रगति गर्न सक्दैन ।

(ख) जहिले ऊ आउला, त्यसै बेला म सहयोग गरुँला ।

(ग) जसले राम्ररी मिहिनेत गर्छ, ऊ सफल हुन्छ ।

माथिका उदाहरणमा आएका 'मान्छे अल्छी छ, ऊ आउला, ऊ राम्ररी मिहिनेत गर्छ' अधीन उपवाक्य हुन् । 'प्रगति गर्न सक्दैन, म सहयोग गरुँला, ऊ सफल हुन्छ' मुख्य उपवाक्य हुन् । यी दुवै उपवाक्यलाई 'जुन - त्यसले, जहिले - त्यस बेला, जसले - ऊ' सापेक्ष संयोजकले जोडेका छन् । त्यसैले यी वाक्यहरू मिश्र वाक्य हुन् ।

(ग) संयुक्त वाक्य

(क) मैले दियालाई बोलाएँ तर ऊ आइन ।

(ख) पानी पऱ्यो त्यसैले बाटो हिलो भयो ।

(ग) तिमी आऊ अथवा भाइलाई पठाऊ ।

माथिका उदाहरणमा दुई दुईओटा मुख्य वा स्वाधीन उपवाक्य प्रयोग भएका छन् । ती उपवाक्यलाई 'तर, त्यसैले, अथवा' जस्ता निरपेक्ष संयोजकले जोडेका छन् । त्यसैले यी वाक्यहरू संयुक्त वाक्य हुन् ।

(घ) वाक्य संश्लेषण

(अ) सरल वाक्यबाट सरल वाक्यमा संश्लेषण

प्रश्न : अनन्त घर गयो । अनन्तले खाजा गयो । (वाक्य संश्लेषण)

उत्तर : अनन्त घर गएर खाजा खायो ।

सरल वाक्यलाई सरल वाक्यमै संश्लेषण गर्न सरल वाक्यमा भएका समापिका क्रियापदको धातुमा 'दै, एर, न, ई' जस्ता प्रत्यय लगाई असमापिका क्रिया बनाइन्छ । माथिको वाक्यमा 'गयो' क्रियापदलाई 'गएर' असमापिका क्रिया बनाई संश्लेषण गरिएको छ ।

(आ) सरल वाक्यबाट मिश्र वाक्यमा संश्लेषण

प्रश्न : घाम लाग्यो । न्यानो भयो । (वाक्य संश्लेषण)

उत्तर : जब घाम लाग्यो, तब न्यानो भयो ।

सरल वाक्यलाई मिश्र वाक्यमा संश्लेषण गर्न 'जब - तब, जहाँ - त्यहाँ, भने' जस्ता सापेक्ष संयोजकको प्रयोग गर्नुपर्छ । माथिका दुईओटा सरल वाक्यलाई 'जब - तब' सापेक्ष संयोजकले जोडेर संश्लेषण गरिएको छ ।

(इ) सरल वाक्यबाट संयुक्त वाक्यमा संश्लेषण

प्रश्न : माधव सोझो छ । माधव निक्कै बाठो छ । (वाक्य संश्लेषण)

उत्तर : माधव सोझो छ तर निक्कै बाठो छ ।

सरल वाक्यलाई संयुक्त वाक्यमा संश्लेषण गर्न 'तर, र, अनि, अथवा, नत्र' जस्ता निरपेक्ष संयोजकको प्रयोग गर्नुपर्छ । माथिका दुईओटा सरल वाक्यलाई 'तर' निरपेक्ष संयोजकले जोडेर संश्लेषण गरिएको छ ।

(ङ) वाक्य विश्लेषण

प्रश्न : नपढ्नाले मैले दुःख पाएँ । (वाक्य विश्लेषण)

उत्तर : मैले पढिनँ । मैले दुःख पाएँ ।

माथि प्रश्न सोधिएको वाक्यमा 'मैले' कर्ता, 'नपढ्नाले' असमापक क्रिया र 'पाएँ' समापक क्रिया प्रयोग भएको छ । यस वाक्यलाई विश्लेषण गर्दा 'मैले' कर्तालाई दोहोऱ्याइएको छ । 'नपढ्नाले' असमापक क्रियालाई 'पढिनँ' समापक क्रियापद बनाइएको छ । यसरी एउटा वाक्यलाई दुई वा दुईभन्दा बढी वाक्य बनाउनु नै वाक्य विश्लेषण हो । वाक्य विश्लेषण गर्दा आवश्यकतानुसार कर्ता दोहोऱ्याउनुपर्छ । असमापक क्रिया छ भने समापक क्रियापद बनाउनुपर्छ । एउटा मात्र समापक क्रियापद भए त्यसैलाई हरेक वाक्यको समापक क्रियापद बनाउनुपर्छ, जस्तै :

लक्ष्मीप्रसाद देवकोटाले कविता र निबन्ध रचना गरे । (वाक्य विश्लेषण)

- लक्ष्मीप्रसाद देवकोटाले कविता रचना गरे । लक्ष्मीप्रसाद देवकोटाले निबन्ध रचना गरे ।

२. उदाहरण हेरी दिइएका वाक्य सरल, मिश्र, संयुक्त के हुन्, छुट्याउनुहोस् :

(क) तिमी आयौ भने म आउँछु । - मिश्र वाक्य

(ख) रमेश सबेरै उठेर पढ्न बस्छ ।

(ग) म खाना खान्छु र विद्यालय जान्छु ।

(घ) सबै आए तर भाइ आएन ।

(ङ) रवि नपुग्ने ठाउँमा कवि पुग्छन् ।

(च) जहाँ शान्ति छ, त्यहाँ विकास हुन्छ ।

३. उदाहरण हेरी कोष्ठकमा दिइएको सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :

*उदाहरण*

सरल वाक्य : तितो औषधी हितकारी छ ।

मिश्र वाक्य : जुन औषधी तितो छ, त्यो हितकारी छ ।

संयुक्त वाक्य : औषधी तितो छ तर हितकारी छ ।

(क) आकाश गर्ज्यो र पानी पऱ्यो । (सरल वाक्य)

(ख) जहाँ काफल पाक्छ, त्यहाँ चरी नाच्छ । (संयुक्त वाक्य)

(ग) परिश्रम गर्नेले मिठो फल पाउँछ । (मिश्र वाक्य)

(घ) ओरालो लागेको मृगलाई सबैले हेप्छन् । (मिश्र वाक्य)

(ङ) तिमी घडी किन वा क्यामरा किन । (सरल वाक्य)

(च) जुन किताब तिमीलाई मन पर्छ, त्यो किन । (संयुक्त वाक्य)

(छ) सुमित्रा बजार गइन् र स्वागत मिश्रलाई भेटिन् । (सरल वाक्य)

(ज) जुन देश विकसित हुन्छ त्यो देशका जनता खुसी हुन्छन् । (सरल वाक्य)

(झ) आकाश गड्याङगुडुङ गर्छ अनि मुसलधारे पानी पर्छ । (मिश्र वाक्य)

(ञ) जसले परिश्रम गर्छ उसले सफलता पाउँछ । (सरल वाक्य)

४. उदाहरणमा देखाए जस्तै दिइएको वाक्यलाई संश्लेषण गर्नुहोस् :

| विश्लेषित वाक्य | संश्लेषित वाक्य | | |
|---|---|---|---|
| उसले मह काढ्छ ।<br>उसले हात चाट्छ । | सरल वाक्य | मिश्र वाक्य | संयुक्त वाक्य |
| | उसले मह काढेर हात चाट्छ । | जसले मह काढ्छ, उसले हात चाट्छ । | उसले मह काढ्छ र हात चाट्छ । |

(क) पानी पऱ्यो । बाली सप्रियो ।

(ख) म राम्ररी पढ्छु । म सफल हुन्छु ।

(ग) तिमी आयौ । म गएँ ।

(घ) छिरिङ परिश्रमी छन् । छिरिङ परीक्षामा प्रथम हुन्छन् ।

(ङ) लाक्पा शेर्पा रेडियो किन्छन् । उनी घर जान्छन् ।

(च) उसलाई सर्पले टोक्यो । उसले उपचार गऱ्यो ।

५. उदाहरणमा देखाए जस्तै दिइएको वाक्यलाई विश्लेषण गर्नुहोस् :

| संश्लेषित वाक्य | विश्लेषित वाक्यहरू |
|---|---|
| (क) तिमी पढेर असल नागरिक बन्ने छौ । | (क) तिमी पढ्ने छौ ।<br>(ख) तिमी असल नागरिक बन्ने छौ । |

(क) रमा घर गएर खाना खाइन् ।

(ख) उनले एकछिन किताब पढेर बैठक कोठातिर लागिन् ।

(ग) जति वेला उनी बैठक कोठामा पुगिन् त्यति वेला टुप्लुक्क रमाका मामा आउनुभयो ।

(घ) जब मामाले भान्जीलाई देख्नुभयो तब मामाले आफ्नो झोला खोतल्न थाल्नुभयो ।

(ङ) मामाले रमालाई एउटा कथाको किताब ल्याउनुभएको रहेछ अनि त्यो देखेर उनी साह्रै खुसी भइन् ।

(च) उनले मनमनै मामालाई धेरै धन्यवाद दिइन् र स्वागतमा एक गिलास फलफूलको रस टक्र्याइन् ।

६. उदाहरण हेरी दिइएका वाक्यलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस् :

*उदाहरण*

(क) सरकारले शिक्षामा प्राथमिकता दिएको छ । सरकारले स्वास्थ्यमा प्राथमिकता दिएको छ । सरकारले रोजगारीमा प्राथमिकता दिएको छ । सरकारले शान्ति सुरक्षामा प्राथमिकता दिएको छ ।

वाक्य संश्लेषण : सरकारले शिक्षा, स्वास्थ्य, रोजगारी र शान्ति सुरक्षामा प्राथमिकता दिएको छ ।

(ख) राम पढ्छ । राम उत्तीर्ण हुन्छ । राम विद्वान् बन्छ । राम देशका लागि महत्त्वपूर्ण काम गर्छ ।

(ग) पारिजात साहित्यकार हुन् । पारिजातले कथा लेखिन् । पारिजातले कविता लेखिन् । पारिजातले उपन्यास लेखिन् ।

(घ) महावीर पुन लमजुङका बासिन्दा हुन् । उनकै सक्रियतामा लमजुङ साहित्य प्रतिष्ठान खोलिएको छ । प्रतिष्ठानले प्रत्येक शनिबार साहित्यिक कार्यक्रम आयोजना गर्छ । साहित्यकार उक्त कार्यक्रममा सहभागी हुन्छन् ।

(ङ) रामेछाप जिल्ला बाग्मती प्रदेशमा पर्छ । यहाँका किसान जुनार खेती गर्छन् । उनीहरू जुनार बिक्री गर्छन् । उनीहरूले प्रशस्त आर्थिक लाभ लिन्छन् ।

(च) तिमी त्यहाँ थिएनौ । हामी गाउँमा आयौँ । हामीले विद्यालयका शिक्षकलाई भेट्यौँ । हामीले उनीहरूसँग कुराकानी गर्‍यौँ ।

७. उदाहरण हेरी दिइएका वाक्यलाई सरल वाक्यमा विश्लेषण गर्नुहोस् :

*उदाहरण*

(क) तिमी बाटामा नाच्दै, बस्ती हेर्दै अनि थकाइ मार्दै भर्खर आयौ ।

वाक्य विश्लेषण : तिमी भर्खर आयौ । तिमी बाटामा नाच्दै थियौ । तिमी बस्ती हेर्दै

| |
|---|
| थियौ । तिमी थकाइ मार्दै थियौ । |

(ख) धेरै पढेको र संसार घुमेको राम असल छ । (३ ओटा वाक्य)

(ग) जब विद्यार्थी परिश्रम गर्छन् तब उनीहरू सफल हुन्छन् अनि उनीहरूको भविष्य उज्ज्वल बन्छ । (३ ओटा वाक्य)

(घ) मानिस सामाजिक प्राणी भएकाले ऊ समाजमा बस्छ र एकअर्काको दुःखसुखमा साथ दिन्छ । (३ ओटा वाक्य)

(ङ) उनीहरू पाथीभरा गएर देवीको दर्शन गरी हाँस पोखरी झरेर चारआली फर्कन्छन् । (४ ओटा वाक्य)

(च) शिक्षण पेसामा समर्पित शिक्षक कर्मशील हुनाले प्राज्ञिक व्यक्तित्वका रूपमा स्थापित छन् । (४ ओटा वाक्य)

८. दिइएका उदाहरण पढ्नुहोस् र बुझ्नुहोस् :

(क) पूर्णविराम (।)

हामी समाजसेवा गर्छौं ।

उनीहरू सबैसित बिदा भए ।

वाक्यमा भनाइ पूर्ण भएको सङ्केत गर्न पूर्णविराम चिह्न (।) प्रयोग गरिन्छ ।

(ख) अल्पविराम (,)

जङ्गलमा बाघ, चितुवा, गैँडा आदि जनावर पाइन्छन् ।

दिदी, तपाईँ घर जानुहोस् ।

वाक्यमा थोरै समयको विश्रामका लागि अल्पविराम चिह्न (,) प्रयोग गरिन्छ । यसले पद, पदावली र उपवाक्यलाई छुट्याउने काम गर्छ ।

(ग) अर्धविराम (;)

झ्यालढोका खुला छन्; लाम्खुट्टे भित्र पस्न सक्छ ।

मैले सबैलाई चिनेको छैन; चिनेर पनि के गर्नु र ?

वाक्यमा केही लामो अडानका लागि अर्धविराम चिह्न (;) प्रयोग गरिन्छ । यसले पदावली र उपवाक्यलाई छुट्याउने काम गर्छ ।

(घ) प्रश्नवाचक (?)

तिमी कहाँ जान लाग्यौ ?

हाम्रो राष्ट्रिय पोसाक के हो ?

कुनै व्यक्तिसँग प्रश्न सोध्दा प्रश्नवाचक चिह्न (?) प्रयोग गरिन्छ ।

(ङ) उद्गार चिह्न (!)

आहा ! कति राम्रो चित्र रहेछ ।

हे भगवान् ! यस्तो पीडा कसैले भोग्नु नपरोस् ।

विस्मय भाव बुझाउँदा र सम्बोधन गर्दा उद्गार चिह्न (!) प्रयोग गरिन्छ ।

(च) कोष्ठक चिह्न ( )

रमेशलाई रतन्धो (रातमा आँखा नदेख्ने रोग) पो लागेछ ।

(हाँस्दै) आज त क्या मज्जा पो हुने भयो ।

शब्दको अर्थ स्पष्ट पार्न र अभिनय सङ्केतका लागि कोष्ठक चिह्न ( ) प्रयोग गरिन्छ ।

(छ) निर्देशक चिह्न ( : )

दिइएका शब्दको अर्थ लेख्नुहोस् : पृथ्वी, जल, विनाश ।

नामका सट्टामा आउने शब्द सर्वनाम हुन्, जस्तै : म, हामी आदि ।

वाक्यमा निर्देशन जनाउन र उदाहरण दिन निर्देशन चिह्न (:) प्रयोग गरिन्छ ।

(ज) उद्धरण चिह्न (‘’ “”)

लक्ष्मीप्रसाद देवकोटाले ‘मुनामदन’ खण्डकाव्य रचना गरे ।

सुनिताले भनिन्, “स्वास्थ्य नै धन हो ।”

वाक्यमा आएका विशेष शब्दमा एकल उद्धरण चिह्न (‘ ’) र कसैको प्रत्यक्ष भनाइमा दोहोरा उद्धरण चिह्न (“ ”)

(झ) तिर्यक् / विकल्प चिह्न ( / )

तिमी घर जान्छौ / जान्छ्यौ ।

आमा / बुबा पनि घुम्न जानुहुन्छ ।

विकल्पमा प्रयोग हुने शब्दलाई एकै ठाउँमा लेख्नुपर्‍यो भने तिर्यक् / विकल्प चिह्न (/) प्रयोग गरिन्छ ।

९. चिह्नहरू ख्याल गरेर अनुच्छेद पढ्नुहोस् र लेख्य चिह्न टिपोट गरी तिनका नामसमेत लेख्नुहोस् :

(क) डोल्माले प्रश्न गरिन्, “तपाईँलाई दुखेन ? पासाङले उत्तर दिए “दुःखेर के गर्नू? सङ्घर्षमा यस्तै हुन्छ । नानी, पराइका अगाडि झुक्नु हुँदैन ।” डोल्माले आफ्नो साना साना हातले बुबाको हात समात्दै भनिन्, “आहा ! कति साहसी हुनुहुँदोरहेछ मेरा बाबा !”

(ख) के तपाईंले विजय मल्लका बारेमा सुन्नुभएको छ ? छैन भने ल सुन्नुहोस्, “विजय मल्ल एक प्रसिद्ध कथाकार, कवि र नाटककार हुन् । उनका ‘जिउँदो लास’, ‘कोही किन बरबाद होस्’ र ‘बहुला काजीको सपना’ जस्ता नाटक तथा ‘पत्थरको कथा’, ‘दोभान’ र ‘भित्तेघडी’ जस्ता एकाङ्की प्रकाशित छन् । उनको बालमनोविज्ञानमा आधारित ‘कोही किन बरबाद होस्’ भन्ने नाटक जसले पढ्छ त्यसले आहा ! यो कति राम्रो नाटक नभनी छाड्दैन ।”

१०. पूर्णविराम, अल्पविराम, अर्धविराम र उद्धरण चिह्नको प्रयोग गरी ग्रामीण जलविद्युत्का विषयमा एउटा अनुच्छेद रचना गर्नुहोस् ।

११. उपयुक्त चिह्नहरू प्रयोग गरी अनुच्छेद पुनर्लेखन गर्नुहोस् :

प्रहरीहरूले गाउँमा आएर भने भाइ तिमीले नराम्रा काम गऱ्यौ भनेर उजुरी परेको छ तिमीलाई चौकीमा ल्याउनु भन्ने आदेश छ लौ हिँड जीवनले भन्यो प्रहरी दाइ तपाईं यो के भन्नुहुन्छ म जस्तो सोझाले पनि नराम्रो काम गरुँला त

१२. दिइएको सन्दर्भ पढी ‘र’ का विविध रूप प्रयोग भएका पद टिप्नुहोस् :

| *उदाहरण :* सूर्य ( ˚ ), पऱ्यो ( ॸ ) ट्रक ( ़ ), स्रोत ( ्र ) |
|---|

सानो छोराका लागि ऱ्याले किन्न सूर्यप्रसाद कीर्तिपुर बजार गए । बाटामा जाँदा रुद्र गन्धर्वले ऱ्याइँ ऱ्याइँ सारङ्गी बजाएर गाएको राष्ट्रिय गीत सुने ।

१३. पाठबाट ‘र’ को फरक फरक रूप प्रयोग भएका कुनै दशओटा शब्द टिपोट गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

## सिर्जना र परियोजना कार्य

१. दिइएको सन्दर्भलाई मुख्य आधार मानी एउटा कथा तयार गर्नुहोस् :

कुखुराको फुल बेच्ने अनिल ........... फुल बेच्न पसल गइरहेको ............. कल्पनामा मस्त .................. फुल बेचेर आएको पैसाले बारी किन्ने .............. बारीमा प्रशस्त तरकारी लगाउने ........... तरकारी बेचेको पैसाले घडेरी किन्ने ......... घडेरीमा ठुलो महल बनाउने .......... घरका कोठा भाडामा लगाउने ......... भाडाबाट आएको पैसाले सेयर कारोबार गर्ने .......... यतिकैमा ढुङ्गामा ठेस लाग्नु ............ पसल पुग्नुअघि नै सबै फुल फुट्नु ...... कामभन्दा अनावश्यक कल्पना गर्ने प्रवृत्ति अनुचित ....... ।

२. पुस्तकालयबाट आफूलाई मन पर्ने कुनै एउटा कथा खोजेर घरका सदस्यलाई सुनाउनुहोस् ।

## थप स्वाध्याय सामग्री

समीक्षात्मक उत्तर लेखन

परिचय

कुनै पनि प्रश्नमा केन्द्रित भएर गरिने विवेचना नै समीक्षात्मक उत्तर हो । समीक्षात्मक उत्तरलाई विवेचनात्मक, विश्लेषणात्मक, समालोचनात्मक उत्तर पनि भनिन्छ । यसमा लेखक, पाठ, पात्र आदिको परिचय दिँदै मूल विषयवस्तुलाई गुण र दोषमा आधारित भएर समीक्षा गरिन्छ । लेखनमा मौलिकता र प्रस्तुतिमा तर्कपूर्ण समीक्षा समीक्षात्मक उत्तरको विशेषता हो ।

समीक्षात्मक उत्तर लेखन संरचना/शैली

(क) परिचय खण्ड

१. लेखक भए लेखकको सङ्क्षिप्त परिचय, पाठको परिचय र पात्र भए पात्रको परिचय दिँदै उत्तर प्रारम्भ गर्नुहोस् ।

२. पाठको सन्दर्भ उल्लेख गरेर प्रश्नअनुसारको उत्तरमा प्रवेश गर्नुहोस् ।

३. परिचय खण्ड एक अनुच्छेदमा लेख्नुहोस् ।

(ख) समीक्षा / विश्लेषण खण्ड

१. प्रश्नमा केन्द्रित भएर पाठको क्रमश: विश्लेषण गर्दै जानुहोस् ।

२. जुन कुराको पुष्टिका लागि जुन ठाउँबाट भाव टिपोट गर्नुपर्ने हो, त्यसको मात्र चर्चा गर्नुहोस् ।

३. तर्कपूर्ण र विश्लेषणात्मक शैलीमा भावको समीक्षा गर्नुहोस् ।

४. सम्बन्धित पाठबाट निस्किने अनेकौँ अर्थ, प्रेरणा र सन्देशलाई प्रश्नको आशयअनुसार जोड्दै जानुहोस् ।

५. प्रश्नमा केन्द्रित भएर अनुच्छेदको समापन गर्नुहोस् ।

६. यस खण्डलाई एक अनुच्छेद वा आवश्यकतानुसार दुई वा तीन अनुच्छेदसम्म विस्तार गर्नुहोस् ।

(ग) निष्कर्ष खण्ड

१. समीक्षा/विश्लेषण खण्डमा लेखिएका मुख्य विषयवस्तु समेटिने गरी दुई वा तीन वाक्यसम्मको निष्कर्ष उल्लेख गर्नुहोस् ।

२. भाषाशैली वा प्रस्तुतीकरणको सङ्केत गर्नुहोस् । कविता विधालाई समीक्षा गर्दा छन्द वा लयसमेत उल्लेख गर्नुहोस् ।

३. प्रश्नको आशयमा केन्द्रित हुँदै आफ्नो विचारसहित उत्तरको समापन गर्नुहोस् ।

४. निष्कर्ष खण्ड एक अनुच्छेदमा लेख्नुहोस् ।

# परिशिष्ट

## सुनाइ पाठ १

### इच्छा

*- भवानी न्यौपाने भावना*

मेरा भाव र कार्य राष्ट्र हितमै लागून् यही लक्ष्य हो
ज्ञानी बुद्ध सरी सपूत म बनुँ संसार यो स्वर्ग हो ।
राम्रा कार्म गरेर बाँच्न म सकूँ यो राष्ट्र ऊँचो बनोस्
मेरो प्राण यहीँ उडोस् गगनमा नेपाल सारा चुमोस् ॥

सेवा भाव गरीब दीन जतिमा राख्दै बितोस् जीवन
वृद्धावृद्ध अशक्तमा हरपला सेवा गरूँ पावन ।
सेवाले सहयोगले मन जितूँ माया गरूँ मित्रमा
सच्चा प्रेम सकूँ म बाँढ्न सबमा छोटो जुनी भित्रमा ॥

निष्ठाले उपकारमा मन दिऊँ सद्भाव छर्दै बसूँ
मर्यादा सबको गरूँ भुवनमा यो देश मेरो भनूँ ।
नेपाली पथमा बसेर कविता लेखूँ म यै देशको
मेरो प्राण उडोस् यसै धरणिमा लागोस् यसैको धुलो ॥

मेरो आत्म सदा उडी गगनमा नेपाल मेरो कहोस्
मर्नै पर्छ भने मरूँ म जननी श्रद्धा यसैको रहोस् ।
मेरो रक्त दिऊँ अभाव छ कतै दुःखीहरूमा भने
सेवा गर्न मिलोस् अनाथ जनको सद्भाव सम्झाउने ॥

आमा बाबु म पुज्न पाऊँ र गरुँ सत्कर्मको साधना
माताजी विमला रिझाउन सकूँ पूजा गरीअर्चना ।
बाबा पूज्य पवित्र शान्त मनका आस्था उनै गौरव
यै हो तिर्थ महान यो भुवनमा अर्को कहाँ हुन्छ र ॥

## सुनाइ पाठ २

# आडम्बर

*- उषा ठाकुर*

नारी दिवसको उपलक्ष्यमा गौर, रौतहटमा नारी चेतनामूलक गोष्ठी कार्यक्रम चलिरहेको थियो । सहभागी महिलाहरूको आफ्ना कुराहरू राखिरहेका थिए । आफ्ना पीडा हृदयविदारक ढङ्गले पोखिरहेका थिए । सभाकी अध्यक्ष शारदा मल्लिकले नारी माथि बज्रिएका बिघ्न बाधा एवम् पीडा उत्पीडनहरूमा महिलालाई गरेको अमानवीय व्यवहार, शोषण र अवहेलनाबारेमा सशक्त अभिव्यक्ति दिइरहेकी थिइन् ।

कोही सासू भएर, कोही सौतेनी आमा भएर, कोही नन्द आमाज्यू, कोही जेठानी भएर आफ्नै समजातिलाई लखेटि रहेकी हुन्छिन् । तर, अब हामी चुप लागेर बस्न हुँदैन । महिला हक हितका लागि प्रत्येक घरबाट सशक्तिकरण अभियानमा लाग्नै पर्छ । आकाशै थर्किने गरि शारदाले भाषण गर्दा उपस्थित महिलाहरूले तालीले उनको समर्थन गरेका थिए ।

गोष्ठी समाप्त हुँदा बेलुकीको पाँच बज्यो । शारदा घर फर्किन् र घरमा गएर किचेनमा पसिन् । किचेनमा केही पाकेको थिएन । उनकी बुहारी उर्मिला मल्लिक १ सय ३ डिग्रीको ज्वरोले बेहोसजस्तै भएकी थिइन् । टाउको बाँधेर सुतेकी उर्मिला बिच बिचमा पिडाले छट्पटाइरहेकी थिइन् ।

खाजा नपाएपछि शारदा क्रोधले पागलजस्तै भइन् । तिम्रो यत्रो हिम्मत ! चिया नास्ता ऐलेसम्म बनाएको छैन ?" शारदा चिच्यचउँदै उर्मिलातिर पुगिन् र उनको कपाल तान्दै, घिसार्दै ढोका बाहिर निकाल्दै गोडा समाउँदै भनी, 'आमा मलाई उठ्नै नसक्ने गरी ज्वरो आएको छ ।'

'काम गर्न नसक्ने भएपछि यस घरमा तिम्रो के काम ।' मेरो छोरालाई मोटरसाइकल ऐलेसम्म तिम्रा माइतीले दिएका छैनन् । अब त मोटरसाइकल लिएर आए मात्रै घरमा प्रवेश गर्न दिन्छु, भन्दै उर्मिलालाई घोक्र्याँउदै बाहिर निकालेर जोरले ढोका बन्द गरिन् । उर्मिला बन्द ढोकालाई निर्निमेष हेरिरहेकी थिइन् ।

भोलिपल्ट समाचारपत्रमा छापिएको थियो, हिजो नारी चेतनामूलक गोष्ठी सफलतापूर्वक सम्पन्न भयो । सहभागी नारीहरूको ठुलो सक्रियता देखियो । नारी चेतनाकी सशक्त हस्ताक्षर शारदा मल्लिक नारी हितका लागि समर्पित योद्धा हुन् ।

## सुनाइ पाठ ३

# वातावरण

वातावरण खास गरी सजीव र निर्जीव दुई आधारभूत तत्त्व मिली बनेको हुन्छ । निर्जीव तत्त्व भन्नाले घाम वा ऊर्जा, हावा, पानी, माटो जस्ता जीवनलाई आवश्यक पर्ने तत्त्वहरू बुझिन्छन् । सजीव तत्त्व भन्नाले सूक्ष्म जीवाणुदेखि ठुला ठुला जनावरका साथै बोटबिरुवा जस्ता पृथ्वीका सम्पूर्ण प्राणी तथा वनस्पतिहरूलाई बुझिन्छ । सजीव र उसको वरपरको वातावरण वा निर्जीव तत्त्वहरूबिच अदृश्य वा अप्रत्यक्ष किसिमको घनिष्ट अन्तरसम्बन्ध भइरहन्छ । यही अन्तरसम्बन्धलाई पारिस्थितिक प्रणाली भनिन्छ । यस किसिमको पारिस्थितिक प्रणालीको अध्ययन गर्ने शास्त्रलाई पारिस्थितिकी शास्त्र भनिन्छ ।

वातावरणीय तत्त्वहरूको समानुपातिक संरचनाका आधारमा पृथ्वीको वातावरणलाई जल, स्थल र वायु गरी प्रमुख तीन भागमा वर्गीकरण गरिएको छ । जलीय वातावरण त्यस्तो वातावरण हो, जहाँ पानीको मात्रा बढी हुन्छ, जस्तै : ताल, पोखरी, कुवा, खोला, नदी, सागर, महासागर आदि । यस वातावरणबाट जलीय पारिस्थितिक प्रणाली पनि तयार हुन्छ । वायु वातावरण त्यस्तो वातावरण हो, जसमा हावाको मात्रा बढी हुन्छ, जस्तै : वायुमण्डल । वायु वातावरणमा चराचुरुङ्गी तथा कीटपतङ्गहरूको वातावरण पनि पर्दछ । यिनै वातावरणमा वायु पारिस्थितिक प्रणालीको पनि सिर्जना हुन्छ । त्यस्तै स्थल वातावरण हामी बसेकै ठाउँको वातावरण हो । घर, गोठ, माटो, ढुङ्गा, वन, खेतबारी, घाँसे मैदान, चउर, मरुभूमि र ठुला ठुलाबस्तीहरू नै स्थल वातावरणसँग सम्बन्धित छन् । यिनै वातावरणभित्र विभिन्न स्थलीय पारिस्थितिक प्रणाली स्वतन्त्र रूपमा सञ्चालित भएको पाइन्छ । स्थलीय पारिस्थितिक प्रणाली वन, मरुभूमि तथा घाँसे मैदानजस्ता तीनओटा स्थलीय प्रणालीहरूमा वर्गीकृत हुन्छ । मानिसले प्राकृतिक स्रोतको प्रयोग गरी कृषि वा बाली प्रणालीलगायत ताल वा पोखरी बनाएर माछा पाल्ने जस्ता कृत्रिम पारिस्थितिक प्रणालीको विकास गरेको छ ।

स्थलीय वातावरणमा सिर्जित स्थलीय पारिस्थितिक प्रणाली मौसमी र भौगोलिक तत्त्वहरूबाट प्रभावित हुन्छ । मौसमी तत्त्वहरू भन्नाले प्रकाश, तापक्रम, आद्रता, वर्षा र हावाको चाप आदि बुझिन्छ । भौगोलिक तत्त्वहरू भन्नाले अक्षांश, पानी, ढल, भिरालोपन, सामुद्रिक सतहबाट माथिको उचाइ आदिलाई बुझिन्छ । यिनै मौसमी र भौगोलिक तथ्यहरूबाट प्रभावित भई विभिन्न प्रकारका ससाना स्थलीय वातावरणहरूको सिर्जना हुन्छ । यिनै साना वातावरणभित्र साना स्थलीय पारिस्थितिक प्रणालीहरू सञ्चालित भइरहन्छन् ।

## सुनाइ पाठ ४

### रक्तदान

रक्तदानबाट बिरामीको जीवन बचाउन सकिने हुनाले यसलाई जीवनदान भनिन्छ । मानिसको शरीरमा रगत बन्ने प्रक्रिया सधैँ निरन्तर चलिरहन्छ । रक्तदान गर्दा कुनै नोक्सानी हुँदैन । कुनै पनि स्वस्थ व्यक्तिले रक्तदान गर्न सक्छ । १६ वर्षदेखि माथि ६० वर्षसम्मका व्यक्तिले रक्तदान गर्न सक्छन् । ४५ किलोग्रामभन्दा बढी तौल भएको व्यक्तिले रक्तदान गर्दा शरीरलाई कुनै पनि असर पर्दैन । एच.आई.भी., हेपटाइटिस बी जस्ता रोगहरू लागेको व्यक्तिले रक्तदान गर्नुहुँदैन । एकपल्टमा १ प्रिन्ट अर्थात् ३ सय ५० एम.एल रगत दिने गरिन्छ । हामीले दिएको रगतको पूर्ति चौबीस घण्टाभित्रमा हुने गर्दछ । प्रत्येक स्वस्थ व्यक्तिले ३ महिनामा एकपल्ट रक्तदान गर्न सक्छ । नेपालमा वि.सं. २०२३ साउन १२ गते वीर अस्पतालमा नेपाल रेडक्रस सोसाइटीले लक्ष्मी ब्लड बैङ्कको नाममा रक्तदान सेवा सुरु गरेको थियो । नेपालमा पहिलो रक्तदान गर्ने व्यक्ति दयावीरसिंह कंसाकार हुन् भने सबैभन्दा बढी रक्तदान गर्ने व्यक्ति प्रेमसागर कर्माचार्य हुन् । उनले १५० पल्टभन्दा बढी र ५५ लिटरभन्दा बढी रक्तदान गरिसकेका छन् । उनी भन्छन्, ‘रक्तदान गर्दा मान्छे कमजोर हुँदैन । बरु दिएपछि नयाँ रगत बन्छ र व्यक्ति स्वस्थ हुन्छ ।’

## सुनाइ पाठ ५

### जगदीश घिमिरे

नेपाली साहित्य र समाजसेवाको क्षेत्रमा जगदीश घिमिरेको स्थान विशिष्ट छ । उनी यस्ता मूर्धन्य व्यक्तित्व हुन् जसले जिन्दगी र मृत्युको दोसाँधमा रहँदा पनि उच्च मनोभावका साथ नेपाली साहित्यको निरन्तर सेवा गरे । जगदीश घिमिरेको जन्म वि.सं. २००२ साल चैत २८ गते इन्द्रप्रसाद घिमिरे तथा पद्मा घिमिरेका साहिँला सुपुत्रका रूपमा रामेछाप जिल्लाको सदरमुकाम मन्थलीमा भएको थियो । यिनको मृत्युचाहिँ ६८ वर्षको उमेमा २०७० साल कार्तिक १४ गते काठमाडौँमा भयो । यिनी नेपाली साहित्यमा निकै चर्चित छन् । यिनी समाजसेवाको क्षेत्रमा पनि उत्तिकै विशिष्ट व्यक्तित्व हुन् । यिनले नेपालबाट विद्यालयीय जीवन पूरा गरेपछि भारत र बेलायतबाट उच्चशिक्षा हासिल गरेका थिए । घिमिरेले समाजशास्त्रमा एम.ए र जनसङ्ख्यामा पोस्टग्राजुएट गरेका थिए ।

घिमिरेले २०२० सालदेखि साहित्ययात्रा आरम्भ गरेका हुन् । यिनी उपन्यास, कथा, निबन्ध, नाटक, कविता आदि विधामा कलम चलाउने सफल स्रष्टा हुन् । जगदीश घिमिरेले आफ्नो साहित्यिक जीवनको आरम्भ “लिलाम” उपन्यासबाट गरेका थिए । साहित्यका सबैजसो विधामा कलम चलाएका घिमिरेका ‘जगदीशका कथाहरू’ (कथासङ्ग्रह) साबिती, सकस (उपन्यास) अन्तर्मनको यात्रा ( आतमवृत्तान्त), सन्तान (नाटक), अग्निसूत्र (कविता) आदि पुस्तकहरू धेरै चर्चित छन् । यिनको अन्तर्मनको यात्रा पुस्तकलाई पदन पुरस्कार र उत्तमशान्ति पुरस्कार प्रदान गरिएको थियो । यो नेपाली साहित्यमा सर्वाधिक चर्चित पुस्तकहरूमा पर्दछ । उनको जीवनको पछिल्लो समयमा प्रकाशित कृति ‘सकस’ पाठकहरूबाट धेरै रुचाइएको कृति हो । यसमा राजतन्त्रात्मक इतिहासदेखि हालको लोकतान्त्रिक गणतन्त्रसम्मको नेपालमा नेपालीहरूले भोगेको सकसलाई उतारिएको छ ।

जगदीश घिमिरेको घरको एउटा कोठा अनि त्यहाँको एउटा दराजबाट सुरु भएको स्वास्थ्यचौकी अहिले रामेछापमा जिल्लास्तरीय आधुनिक सेवाहरू भएको एक मात्र र जिल्लाको सर्वोत्कृष्ट ‘तामाकोशी सहकारी अस्पताल’ भएको छ । बर्सेनि हजारौँ रोगीलाई सेवा प्रदान गरिरहेको वा अस्पताल तासेस र मन्थली बचत संस्था मिलेर सञ्चालन गरिरहेका छन् । यस अस्पतालमा वर्सेनि अनेक स्वास्थ्य शिविरहरू सञ्चालन हुन्छन् । रामेछाप तथा आसपासका जिल्लाका जनताहरू यसबाट धेरै लाभान्वित भएका छन् ।

## सुनाइ पाठ ६

### देवदह

देवदह अर्थात् महामानव गौतम बुद्धको मामाघर । करिब पाँच विघा क्षेत्रफलमा विस्तारित यो ठाउँ र ऐतिहासिक दृष्टिकोणले निकै महत्त्वपूर्ण भूमि रहेछ । जनकल्याण युवा समिति अहिले यो थलो संरक्षण गर्न जुटेको भेटियो । काँडे तारले यस परिसरलाई सुरक्षित राख्ने प्रयास गरिए पनि यो क्षेत्रको विनाश देख्दा मन कटक्क दुख्छ । तारबारभित्र महामायाको मन्दिर पूर्वी कुनामा र उत्तरी कुनामा लामो पाटी, त्यसकै हाराहारी पश्चिममा शिवमन्दिर र पुजारी बस्ने पराले झुप्रा रहेछन् । तारघेराबाहिरको पूर्वोत्तर भागमा पोखरी हो भनी विश्वास गरिएको गोलाकार खाडल पनि रहेछ । पातपतिङ्गरले पुरिँदै गएको सो पोखरीमा अनेक धातु र सिक्काहरू हुने इनार स्वरूपको भूबनोटमा पानी पटक्कै नअडिने कुरा त्यहाँका पूजारीले बताए ।

मन्दिर परिसरमा मूर्तिहरू निकै रहेछन् तर चोरी हुँदा हुँदा बचेका मायादेवी मन्दिरभित्रका मूर्तिहरूमा बिचमा मायादेवी र बुद्ध अनि दायाँ र बायाँ श्रीलक्ष्मी, विष्णु, गणेश, शङ्कर, महारुद्र आदिका मूर्तिहरू सुसज्जित थिए । त्यस्तै मन्दिरबाहिरको स्तम्भमा शिव, नागराज, सप्तर्षि, द्वारपाल र ब्राह्मणका मूर्तिहरू छन् भने टाउका काटिएका सात कन्याका मूर्तिहरू त्यहीँ असरल्ल र अलपत्र परिरहेका भेटिन्छन् ।

## सुनाइ पाठ ७

### बँसीतिर

*- उत्तमकृष्ण मजगैयाँ*

आज बिहानै भालेको पहिलो डाकामा उठेर हर्के घर्ती गहुँमा पानी लाउन साहुको गैरी खेततिर झरेको थियो । छक्कालसम्म सबै काम सिध्याइवरी श्रम र भोकले लखतरान परेर अब ऊ घरतिर आउँदै थियो । यत्तिकैमा ठूली छोरीले आफूलाई ठुलो स्वरले बोलाएको सुनेर उसले अलि हतारहतार पाइला चाल्न थाल्यो ।

यस वर्ष पहाडमा सुन्तला खुश फल्यो । मौसम अनुकूल भएर हो कि, थाकेका बुढा बोट पनि हाँगा भाँचिएलान् झैँ लटरम्मै फले । हर्के घर्तीका तीन वटै बोटमा यस वर्षका जति फल त कुनै वर्ष पनि लागेका थिएनन्  अघिपछि केही खटिरे, कप्टेरे र साना मझौला खालका दाना लाग्ने बोटमा पुष्ट र ठुलाठुला सुन्तला फलेको देखेर हर्केको घरमा सबै प्रसन्न थिए । बोटहरूमा फूल आएदेखि नै घरका प्रत्येक सदस्यले आआफ्नै किसिमका सपना उमारेका थिए, जुन सुन्तलाका दानासँगै हुर्केर उसको मनमा अटाइ नसक्नुभएका थिए । बूढाको साहुनको ब्याज, बुढीले देशी बङ्गुरको पाठो, ठूली छोरीले मखमली चौबन्दी चोलो र पानपाबते फुली, सानी छोरीले कालीको जस्तै फुलबुट्टा भएको रातो जम्फर, छोराले पछाडि डोको झैँ भिर्न मिल्ने स्कुली ब्याग यस्तै थिए उनीहरूले मनमनै हुर्काएका सपनाहरू । उनीहरूले पर्खनुपर्ने पनि अब थोरै दिन मात्र बाँकी थियो किनभने यी सबै सुन्तला झन्डै दुई सातापछि लाग्ने मेलामा बिक्रका लागि जाने भएका थिए । भित्रको रातो पहेँलो मिठो रस आफै तपतप चुहिएला जस्ता सुन्तला देखेर पनि घरका साना केटाकेटीले आफ्नो मन कसरी थाम्न सकेका होलान् ? आफैँ झरेका, कचिला, कट्मिराबाहेक पुष्ट सुन्तलातिर उनको हात कहिल्यै बढेन । अभावले उनलाई सानै उमेरदेखि इच्छादमनको तालिम दिएको थियो, हेरेरै तृप्ति लिन सिकाएको थियो, कुनै योगीमुनिले झैँ लोभ र तृष्णा परित्याग गर्न सक्ने क्षमता दिएको थियो । दश वर्षको कान्छो छोरासमेत पहेँलै पाकेका सुन्तला देखेर आनन्दित हुन्थ्यो, लोभिन्थ्यो ।

हर्के घर्तीले आँखैआँखाले सुन्तलाको अनुमानित सङ्ख्या निकाल्थ्यो र रुपियाँ गोटाको भाउ लाउँथ्यो । तर सम्भावित आयले सबैको माग पूरा गर्न सकिने स्थिति पटक्कै नदेखेर ऊ चिन्तित हुने गर्थ्यो । सोच्थ्यो, 'आम्दानीको केही भाग त जङ्गे साहुलाई ब्याजकै रूपमा दिन परिहाल्छ । आजभोलि राम्रो जातको बङ्गुरको पाठो एक सय घटी पाइँदैन, केटाकेटीको फर्माइसले पनि तीन चार सयको डाँडो नकाट्ने कुरै छैन । नुन पनि ल्याउनै पर्ने भाछ । अनि कसरी पुग्छ त ? तै विसेक यस वर्षको हिउँदमा ठुलो झरी बतास आएन, असिना परेन, चोरीचकारी केही भएन र दाना लटरम्म छन्, दाना केही ठुला पनि छन् त्यसैले पोहोर सालको भन्दा डेढी रकम त कतै नजा ! हर्के घर्ती ढुक्क थियो ।

## सुनाइ पाठ ८

### बिहान उठ्नेबित्तिकै

*- कालीप्रसाद रिजाल*

बिहान उठ्नेबित्तिकै हिमाल देख्न पाइयोस् ।
यी हातले सधैँ सधैँ नेपाल लेख्न पाइयोस्
नेपाल लेख्न पाइयोस् ।

नेपाली श्रम र सीपको प्रभाव दिगन्त फैलियोस्
मलाई टेकी खुड्किलो यो देश माथि उक्लियोस् ।
नेपालको म सन्तति सगर्व भन्न पाइयोस् ।
मलाई छैन चाहना मरेर स्वर्गमा पुगौँ
छ कामना यही मेरो बरु म नर्कमै परुँ
जहाँ पुगे पनि तर नेपाली भेट्न पाइयोस् ।
नेपाली भनन पाइयोस् ।

यो सूर्यचन्द्रको ध्वजा मेरै रगतले रङ्गियोस्
यहीँको जल अँजुलीभर निलेर मर्न पाइयोस्
स्वदेशको निम्ति यो शिर चढाउन पाइयोस् ।
बिहान उठ्नेबित्तिकै हिमाल देख्न पाइयोस् ।
यी हातले सधैँसधैँ नेपाल लेख्न पाइयोस्
नेपाल लेख्न पाइयोस् ।

## सुनाइ पाठ ९

### मेरो छोराले के सिकोस्

ह्वाइट हाउस, वासिङ्टन

२/४/१८८२

श्री प्रधानाध्यापकज्यू,

मेरो छोराले सबै मानिस एकै किसिमका हुँदैनन् भन्ने कुरा सिकोस् । समाजमा सज्जन मानिस हुन्छन् । दुष्ट र स्वार्थी पनि हुन्छन् । त्यस्तै निष्ठावान् राजनेता छन् भने स्वार्थी राजनीतिज्ञ पनि

छन् । त्यस्तै शत्रु पनि छन् मित्र पनि छन् । यो कुरा बुझाउन त समय लाग्ला नै तापनि उसलाई परिश्रम गरी कमाएको एक डलर सित्तैमा कमाएको पाँच डलरभन्दा मूल्यवान् हुन्छ भन्ने कुरा बताइदिनुस् । उसले विजय र पराजय भनेको के हो, राम्ररी बुझोस् । त्यस्तै ईर्ष्याले मुक्त भएको हाँसाको भित्री मर्म बुझोस् । उसलाई आकाशमा उडिरहेका चरा, घमाइलो दिनमा भुनभुनाइरहेका मौरी र पहाडी काखमा फुलेका फूलको शाश्वत् रहस्य बुझ्न केही समय दिनुहोस् । मेरो छोरो जतातिर हुल छ, त्यतैतिर लाग्ने प्रवृत्तिको नहोस् । सुनेका कुरालाई राम्ररी छुट्याउन सक्ने होओस्, दुःख र कष्टमय अवस्थामा प्रफुल्ल रहन सक्ने होस् । उसलाई कहिलेकाहीँ आँखाबाट आँसु झार्नु लाजमर्दो कुरो होइन भनिदिनुहोस् । ऊ आफ्नो बाउबल, बुद्धि र सामर्थ्यमा विश्वास गरोस् । यदि उद्देश्य उपयुक्त र सही छ भने जस्तोसुकै विरोध भए पनि जिउ ज्यानले लागिपरोस् । उसमा सत्य र न्याय प्राप्तिका लागि सङ्घर्ष गर्नसक्ने साहस र दृढ शक्तिको विकास गरिदिनुहोस् । ऊसँग नम्र त हुनुहोस् तर उसले टाउकाले टेक्नेगरी चाहिँ होइन । सम्झनुहोस्, आगाका लप्काबाटै फलाम खारिन्छ । ऊभित्र साहस र सधैँ केही गरौँ भन्ने भावना भइरहोस् । मेरो छोरो स्वयम् निर्भिक, साहसी र उत्साही बन्न प्रेरित भइरहोस् अनि मात्र ऊ मानवताप्रति परम् आस्थावान् हुनसक्छ, धन्यवाद ।

*तपाईंको अब्राहम लिन्कन*

## सुनाइ पाठ १०

### मित्रता

"कोही हुनुहुन्छ ? मलाई यो सडकपारि पुऱ्याइदिनुहोस् न ।" एक जना आँखा नदेख्ने बालकले बाटाको छेउमा पुकार गऱ्यो । विमलले पनि हरियो बत्ती बलेपछि बालकलाई हात समाई सडकपारि पुऱ्याइदियो ।  यसैबिचमा विमललाई परिचय लिन मन लाग्यो ।

"तपाईंको घर कहाँ हो साथी ?" विमलले सोध्यो । "मेरो घर त पहाडमा पर्छ । आँखा देखिदनँ । गाउँमा पढ्न नसकेर एक जनासँग सहर आएको हुँ ।"

विमलले फेरि जिज्ञासा राख्यो, "अनि पारि कहाँ जान लागेका हौ त ?"

"पारि सानो मन्दिर छ । त्यसैको छेउमा बसेर माग्छु । दिनभरि मागेपछि एकदुई सय रुपियाँ हुन्छ रे । बेलुका त्यही दाइ आएर लग्छन् । उनले नै बस्ने ठाउँको व्यवस्था मिलाइदिएका छन् ।"

"अनि तपाईंले मागेको पैसा तपाईंलाई नै खर्च गर्छन् त ?" विमलले जान्ने इच्छा व्यक्त गऱ्यो ।

"खोई, के जानौँ ! हामीले दिनको पाँचछ सय कमाए पनि ती दाइले नै लिन्छन् । उल्टै लुकाएको छ कि भनेर खोतलिरहन्छन् ।" रोहणको जबाफले विमल साह्रै दुःखी भयो । उसले आफ्ना आमाबाबासँग दिउँसो भएका सबै वार्तालाप बतायो । आफ्नो उमेरको रोहणलाई पनि पढ्ने वातावरण मिलाइदिन अनुरोध गऱ्यो ।

भोलिपल्ट विमलका बुबाले रोहणलाई विद्यालय भर्ना गरिदिए । रोहणले पनि हातले छामेर पढ्न र लेख्न सिक्दै गयो । विमल रोहणलाई असाध्यै धेरै माया गर्थ्यो । उनीहरूको मित्रता देखेर खुसी हुँदै विमलका बाबाले भन्नुभयो, "तिमीहरूको मित्रता यसरी नै सधैँभरि देख्न पाऊँ ।"

## सुनाइ पाठ ११

### सहयोग

वर्षायाम थियो । एक दिन ठुलो पानी परेकाले खोलो गाउँ थर्काएर उर्लियो । हर्क दाइको आरनमा पनि पानी पस्यो । हर्क दाइ, उनकी श्रीमती र छोरो विवेकले जसोतसो सुत्ने ठाउँ बचाए । राती भएकाले कहाँ के भयो, कसैलाई थाहा भएन ।

"गाउँमा के के भयो ? एकपटक हेरेर आउँछु है ।" श्रीमतीलाई सुनाउँदै हर्क दाइका बाबुछोरा उकालो लागे । रातभरिको भेलले बाटो खाल्डैखाल्डो बनाएछ । दातारामको घरछेउको ठुलो वरको रुख ढलेछ । ज्योतिषी दाइको आँगनमा पहिरो गएछ ।

छिमेकी गाउँका खड्गप्रसाद लोभी थिए । उनी कसैलाई आपत्‌विपत्‌मा सहयोग गर्दैनथे । गाउँ डुल्दै हर्क दाइ खड्गप्रसादकहाँ पुगे । खड्गप्रसादलाई तुलसाको मोठमा सुताइएको थियो । श्रीमती दुर्गा अचेत थिइन् । छिमेकी खड्गप्रसादका छोरालाई भन्दै थिए, "के गर्ने ? अस्पताल लान कसैले पैसा दिने हो कि ?"

हर्क दाइको छोराले बिचैमा बोल्यो, "कति  चाहिन्छ, पैसा मसँग छ । म खुत्रुके फुटाएर ल्याइदिन्छु ।" हर्क दाइले थपे, "मान्छेले मान्छेलाई सहयोग गर्नुपर्छ । आपत्‌मा सहयोग गर्नु हाम्रो धर्म हो ।"

गाउँलेहरूले खड्गप्रसाद र उनकी श्रीमतीलाई अस्पताल लाने व्यवस्था मिलाए । एक हप्तापछि उनीहरू अस्पतालबाट घर फर्किए भन्ने सुनियो ।

## सुनाइ पाठ १२

### गायिका कोइलीदेवी

कोइलीदेवी माथेमा नेपालकी प्रसिद्ध गायिका हुन् । उनको जन्म वि.सं. १९८७ भदौमा मकवानपुरको चिसापानी गढीमा भएको थियो । उनको न्वारानको नाम राधा बस्नेत थियो । उनी एक वर्षकी हुँदा आमाको मृत्यु भएकाले उनकी फुपू मानप्रियाले छोरी झैँ कोइलीदेवीलाई हुर्काइन् । उनी एघार वर्षकी हुँदा सिंह शरशेर जबराको दरबारमा गएर गीत गाइन् । उनको स्वरबाट मुग्ध भएर सिंह शमशेरले 'कस्तो कोइलीको जस्तो मिठो स्वर' भनेपछि त्यस दिनदेखि उनको नाम कोइलीदेवी भएको हो । उनले राणाको दरबारमा एक दशक लामो समय गायिका तथा नायिका भएर नृत्य तथा नाटकमा भाग लिइन् ।

उनी नेपालकी पहिलो महिला सङ्गीतकार हुन् । वि.सं. २००७ मा रेडियो नेपालको स्थापना भएपछि उनले आफ्नै रचना र सङ्गीतमा गीत गाइन् । उनको आधुनिक, लोक, राष्ट्रिय र भजन गरी चार हजारभन्दा बढी गीत रेकर्डिङ भएको छ । उनका सेवा र समर्पण नामक गीति एल्बम रहेका छन् । उनले रेडियो नेपालमा चौवालिस वर्ष काम गरिन् ।

नेपालको गीत, सङ्गीतका क्षेत्रमा कोइलीदेवीको अमूल्य योगदान थियो । उनलाई गोरखापत्र रत्न श्री, सर्वोत्तम सङ्गीतकार जस्ता पुरस्कारबाट सम्मान गरिएको थियो । उनी वि.सं. २०६४ मा यस धर्तीबाट बिदा लिइन् ।

## सुनाइ पाठ १३

# कृषिमल

बालीनालीमा उत्पादन बढाउन प्रयोग गरिने मल कृषिमल हो । खेतबारीमा बालीनालीलाई हुर्काउन र धेरै उत्पादन लिन कृषिमलको उपयोग गरिन्छ । यसको उचित प्रयोगबाट बोटबिरुवा सप्रन्छन् । कति जमिनमा, कुन बालीमा, कति मात्रामा मल प्रयोग गर्ने भन्ने ज्ञान किसानलाई हुनुपर्छ । माटो, पानी र मल सबै कुरा मिलेको जमिनमा बढी उब्जनी हुन्छ । यसका लागि उन्नत बिउ, मलजल, गोडमेल, उर्वर माटो, घामपानी आदिको आवश्यकता पर्छ । मानिसलाई पौष्टिक आहाराको आवश्यकता परे जस्तै बोटबिरुवालाई मलको खाँचो पर्छ । प्राङ्गारिक र रासायनिक गरी कृषिमल दुई प्रकारका हुन्छन् । गाईवस्तुको मलमूत्रबाट घरमा नै बनाइने मल प्राङ्गारिक मल हो । प्राङ्गारिक मल पातपतिङ्गर तथा सडेगलेका फोहोर कुहाएर पनि बनाउन सकिन्छ । यस मलको प्रयोगबाट माटाको उर्वराशक्ति बढ्नुका साथै उब्जनी पनि बढ्छ । यो मलको प्रयोगबाट उत्पादन भएका कृषिबाली स्वास्थ्यका हिसाबले स्वस्थकर मानिन्छ । विभिन्न रसायनको प्रयोग गरी कलकारखानाबाट उत्पादन गरिने मल रासायनिक मल हो । उत्पादन बढी लिन रासायनिक मलको प्रयोग गरिन्छ । यस मलको बढी प्रयोगले माटाको उर्वराशक्ति घटाउँछ । त्यसकारण हामीले रासायनिक मलको तुलनामा प्राङ्गारिक मलको प्रयोगमा जोड दिनुपर्छ ।

## सुनाइ पाठ १४

# उपहार

*- किशन थापा 'अधीर'*

कक्षाको एक कुनामा सौगात बसिरहेको छ । ऊ घोप्टिएर बसिरहेको देखिन्छ । उसको नजिक पुगेर शिक्षक सोध्नुहुन्छ,"किन तिमी बसिरहेको ? खाजा खाने समय भयो त ।"

सौगात केही बोल्दैन ।

"किन ? तिमीले आज खाजा ल्याएनौ ?" शिक्षक फेरि सोध्नुहुन्छ ।

"हैन सर ।"

"अनि किन तिमी बसिरहेका छौ ?"

सौगात दुखी हुँदै भन्छ, "सर ! भोलि मेरो आमाको जन्मदिन हो । मसित उहाँलाई दिन केही छैन । साथीहरूले त के के दिँदा रहेछन् ।"

"किन बाबू ? किन छैन ?"

"मेरो बाबा ज्यामी काम गर्नुहुन्छ । उहाँसित धेरै पैसा त छैन । मैले कोसित माग्ने उपहार किन्न ?"

"लौ किन छैन । तिमीसित धेरै कुरा छ ।" त्यसपछि शिक्षक केही कुरा सिकाउनुहुन्छ । उहाँको कुरा सुनेपछि सौगात खुसी हुन्छ । अघिसम्म रुन्चे सौगात अब हाँस्छ ।

त्यसपछि ऊ कक्षामा राम्रोसित पढ्न थाल्छ । खुसी हुँदै ऊ घर जान्छ ।

भोलिपल्ट बिहानै ऊ उठ्छ । हातमुख धुन्छ । त्यसपछि आमाको अगाडि पुग्छ ।

आमा छक्क परेर हेर्नुहुन्छ । आमा सोध्नुहुन्छ,“भोक लाग्यो ?”

ऊ आमालाई नमस्ते गरेर भन्छ, “जन्मदिनको आमालाई शुभकामना ।”

आमा मुसुक्क हाँस्नुहुन्छ ।

ऊ फेरि भन्छ, “मसित उपहार पनि छ । मैले पढाइमा ध्यान दिइनँ हगि ? भनेको नमानेर दुख दिएँ हगि ? अबदेखि पढाइमा एकदम ध्यान दिन्छु । आमाले भनेको पनि मान्छु । मेरो उपहार यही भयो आमालाई ।”

आमाको आँखामा आँसु देखिन्छ ।

## सुनाइ पाठ १५

### मेरो चोक

*- भूपी शेरचन*

साँघुरो गल्लीमा मेरो चोक छ
यहाँ के छैन ?सबथोक छ ।
असङ्ख्य रोग छ
असीम शोक छ
केवल हर्ष छैन
त्यसमाथि यहाँ रोक छ
साँघुरो गल्लीमा मेरो चोक छ
यहाँ के छैन ? सबथोक छ ।

यो मेरो चोकमा
देवताले बनाएका मानिस
मानिसले बनाएका देवता
यी दुबै थरीको निवास छ
तर यहाँ यी दुबै थरी उदास छन्
दुबै थरी निराश छन् ।

मानिस उदास छन्
किनकि तिनलाई यहाँ
रात रातभरि उपियाँले टोक्छ
दिन दिनभरि रुपियाँले टोक्छ
र देवता उदास छन्
किनकि तिनलाई यहाँ न कसैले पुज्छ, नकसैले ढोग्छ ।
त्यसैले यो चोकमा
देवता र मानिसले
एकअर्कालाई धिक्कार्दै
एकसाथ पुर्पुरो ठोक्छ
साँघुरो गल्लीमा मेरो चोक छ
यहाँ के छैन ? सबथोक छ ।

## सुनाइ पाठ १६

# सूर्य र बालुवा

*- विनयकुमार कसजू*

दुई जना बटुवा बगरमाथि हिँड्दै थिए । घाम चर्कँदै थियो । एक जनाले छाता ओढ्यो । अर्कासँग छाता थिएन तर उसले जुत्ता लगाएको थियो । छाता हुनेसँग जुत्ता थिएन । केही दिनपछि घामको रापले बालुवा बेस्सरी तात्यो । छाता हुनेको पैताला भत्भती पोल्न थाल्यो । उसले आफ्नो सहयात्रीलाई भन्यो, "बालुवाले साह्रै पोल्न थाल्यो । मलाई एकछिन तिम्रो जुत्ता देऊ । म तिमीलाई मेरो छाता दिन्छु ।"

जुत्तावालाले आफ्नो जुत्ता फुकालेर साथीलाई दियो र छाता बोढेर खाली खुट्टा बालुवामाथि हिँड्न थाल्यो । पाँच दश पाइला हिँड्दा नहिँड्दै ऊ आत्तियो र भन्यो, "भो तिम्रो छाता तिमी नै ओढ, मेरो जुत्ता देऊ । जुत्ता नभई म एक पाइला पनि हिँड्न सक्दिनँ ।" बिचरा छातावाला सङ्कटमा पऱ्यो र उसले भन्यो, "कस्तो अचम्म, घाम बरु सहन सकिन्छ तर त्यही घामले तातेको बालुवा सहन सकिन्न ।"

ती दुई बटुवाको कुरा सुनिरहेको बालुवाले घमन्डले फुल्दै सूर्यलाई हेऱ्यो र चिच्यायो, "देख्यौ मेरो शक्ति ? तिमी जति कडा भए पनि मानिसलाई पोल्न सक्दैनौ । मैले मानिसको सातो लिन सक्छु ।"

यो सुनेर सूर्य मुसुक्क हाँस्यो र बादलभित्र पस्यो । बटुवाहरूले चैनको सास फेरे । केही बेरमै बालुवा सेलायो । बटुवाहरू आरामसाथ अगाडि बढे ।